जस्ता केही उदाहरण देखिए तापनि राजा मानदेवले वैष्णव मूर्तिहरू प्रतिष्ठापित गरेको, विष्णुकोलागि निर्माणादि कार्य गरेको उदाहरण-हरूनैं प्राय अभिलेखहरूमा भेटिन्छन् । यसका विपरीत तिनको रानीहरू–क्षेमसुन्दरी तथा गुणवती औ छोरी राजकुमारी विजयवती को साथै अरू दुनियांहरूले पनि केही अपवादहरू[१] वाहेक यिनको राज्यकालमा विशेषतः शैव, शाक्त, तांत्रिक एवं बौद्ध धर्मको उन्नतिको निम्ति नैं कार्य गरेका तथ्यहरूको प्राप्तिले यिनी जनतालाई धार्मिक स्वतन्त्रता प्रदान गर्ने स्वतन्त्रता प्रिय शासक रहेको विदित हुन्छ ।

१. संवत् ४०२ का टेवहालस्थित गुहमित्रको सूर्यको पादपीठको अभिलेख तथा हाडिगाउँस्थित अनुपरमको गरुडस्तम्भाभिलेखहरूलाई अपवाद भन्न सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ८

१. ... ... शास्त्रविहिते यो निग्रहे (सं) रतः
शुद्धात्मा प्रकृतेः पितेव दयते श्रीमानदेवो (नृपः)
२. स्वप्राणै ... ... युक्तात्मना
... ... जितवता द्मां रक्षता सर्व्वदा
३. (तेने) दं श्रु तिधर्म्मशास्त्रविहितां धर्मक्रियाङ्कुर्व्वता
लोकानां सुखकाम्यया सुविमलम्पानीयमानाय्य-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–८

प्राप्तिस्थान– काठमाण्डू केलटोल तःखाछेंको चोकभित्र इनारको दायांपट्टि पर्खालको भित्तामा रहेको अभिलेख

मिति–×

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–श्रीमानदेव

प्रशासनिक पद–×

अड्डा–×

शिलापत्र राख्नाको उद्देश्य–दुनियांहरूको सुख सुविधाको इच्छा गरी

शिलापत्र राख्नेको नाम–श्रीमानदेव

महानात्माहरूको समेत देवताहरूको नाम–×

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–सकामकर्म

कुनमा प्रकाशित–"पूर्णिमा" ९ पूर्णाङ्क, प्रकाशकः संशोधन मण्डल; धनवज्र वज्राचार्य लिखित "लिच्छविकालका इतिहास" १७ संख्या

शिलापत्रको शीर्षचिह्न–×

लिपि–ब्राह्मी

स्थान–×

संक्षिप्त विवरण– दुनियांलाई बाबुले जस्तै माया गर्ने औ श्रुति, धर्मशास्त्रमा उल्लिखित विधान वमोजिम धर्मगर्ने श्रीमानदेवले दुनियांहरूको सुखको कामनागरी सफा पानी ल्याउन लाएको वर्णन प्रस्तुत शिलाभिलेखमा गरिएको छ ।

कैफियत– प्राचीन आदर्श अनुसार राजा दुनियांको पिता समान् छन् ।[१] तिनले दुनियांसित आफ्नै सन्तान सरी व्यवहार गर्नु पर्दछ । यसै आदर्शको परिपालन गर्दै सम्राट् अशोकले जनतालाई आफ्नै छोरा छोरी समान ठानी सन्तानको हेरचाहकोलागि सुसारेहरु नियुक्त गरी पिताले आनन्दको श्वास फेरेझैं जनताको भलोकालागि राजुकहरू नियुक्त गरी सन्तोष

१ "स्याच्चाम्नायपरो लोके वर्त्तेत पितृवन्नृपु ।।" (मनु, ७ अध्याय, ८० श्लोक); "स्याद्राजा भृत्यवर्गेषु प्रजासु च यथा पिता ।" (याज्ञवल्क्य, १ अध्याय ३३४ नं.)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानेको कुरा आफ्नो चौठो स्तम्भलेखमा व्यक्त गरेका थिए ।[१] प्रस्तुत शिलालेखमा राजा मानदेवले पनि "शुद्धात्मा प्रकृतेःपितेव दयते श्रीमानदेवो (नृपः)" भनी यहाँ उल्लेख गरेको कुराबाट आदर्शलाई खालि आदर्शमैं मात्र सीमित नगरी त्यसलाई कार्यान्वयन गर्न खोज्ने राजा उनी भएको स्पष्ट हुन्छ ।

श्रुति र धर्मशास्त्रको विधान वमोजिम धर्मगर्ने राजाको रूपमा यिनी चित्रित भएकोले यिनी हिन्दु धर्मावलम्वी राजा भएको प्रमाणित हुन्छ । प्रस्तुत अभिलेखमा "लोकानां सुखकाम्यया सुविमलम्पानीयमानाय्य–" भनेको कुराबाट राजा मानदेवले लोकहितका निर्माण विषयक कार्यहरू पनि गरेका थिए भन्ने कुरा जानिन्छ ।

---

१ "हेर्नोस्- डि.चि. सरकार कृत "सेलेक्ट इन्स्क्रिप्सन्स्", कलकत्ता विश्वविद्यालय, १९६५, पृ. ५७-५८; डा. भगवत शरण उपाध्यायकृत "प्राचीन भारतका इतिहास," १९५७, पृ. १५६,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ६

१ ... ... स्त्वत्कृतेनेह यस्मात्
त्वत्तस्तस्माज्जगदविहतञ्जायते लीयते च
भक्तिप्राणैरमलमतिभिस्त्वम्मुनीन्द्रैरनिन्द्यैः
देवैस्सेन्द्रैरपि च भगवन्स्तूयसे वन्द्यसे च १
२ ... ... कुमतिग्रस्तघोरान्धकारे
नानाकारे प्रचुरनरकप्रेततिर्य्यक्प्रतिष्ठे
ये सेवन्ते न खलु भगवंस्त्वां जना भक्तियुक्ताः
ते सेवन्ते जननमरणव्याधिदुःखान्यभीक्ष्णम् २
३ (श्रीमानदेव) नृपतिः प्रणतो जगाद
त्वत्स्थापनाजनितमस्ति यदत्र पुण्यम्
तत्सर्व्वलोकसहितस्य विवृद्धमूलम्
दुःखक्षयाय भगवन्मम सर्व्वथास्तु ३
४ (संवत् ३) ६६ प्रथमाषाढे शुक्लदिव १२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.– ९

प्राप्तिस्थान–बुढानीलकण्ठ भन्दा पर विष्णुपादुका डाँडोको फेदीस्थित शिवलिङ्गको अभिलेख

मिति– (संवत् ३) ९६ प्रथमाषाढे शुक्लदिव १२

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत– (श्रीमानदेव) नृपतिः

प्रशासनिक पद–×

अड्डा–×

शिलापत्र राख्नाको उद्देश्य– संपूर्ण लोकको कल्याणका निमित्त

शिलापत्र राख्नेको नाम– (श्रीमानदेव) नृपतिः

महानात्माहरूको समेत देवताहरूको नाम–(१)इन्द्र(२)मुनीन्द्र(३)प्रेत

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–शैव धर्म, सकाम कर्म

कुनमा प्रकाशित–"पूर्णिमा–" १५ पूर्णाङ्क, प्रकाशकः संशोधन मण्डल

शिलापत्रको शीर्षचिह्न–×

लिपि–ब्राह्मी

स्थान–नरक

संक्षिप्त विवरण–सबै लोकको कल्याणको लागि तथा सबैको दुःख पनि नाश होस् भनी (श्रीमानदेव) राजाले नम्रता पूर्वक भगवान्संग प्रार्थना गरेको प्रस्तुत शिलालेखमा वर्णन गरिएको छ ।

कैफियत– प्रस्तुत शिलाभिलेखमा

"(श्रीमानदेव) नृपतिः प्रणतो जगाद
त्वत्स्थापनाजनितमस्ति यदत्र पुण्यम्
तत्सर्व्वलोकसहितस्य विवृद्धमूलम्
दुःखक्षयाय भगवन्मम सर्व्वथास्तु"

भनी वर्णन गरिएबाट राजा मानदेव प्रजाका सच्चा हितैषी भएको बुझिन्छ । काठमाण्डू केलटोलस्थित शिलाभिलेखमा दुनियांलाई पिताले जस्तै माया गर्ने भनी यिनलाई भनिएको छ । यो वाहेक यिनले दुनियांको सुखको कामना गरी सफा पानी ल्याउन लाएका कुराको वर्णनबाट पनि उक्त तथ्यको यथार्थता ज्ञात हुन्छ ।

यो शिलालेखमा राजा मानदेवले शिवलिङ्ग प्रतिष्ठापन गरेको वर्णनले यिनी केवल आफुले मानेको धर्ममा मात्र कट्टर नभै धर्मको विषयमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सबै दुनियांलाई पूर्ण स्वतन्त्रता होस् भनी इच्छा गर्ने स्वतन्त्रताप्रिय शासक भएको विदित हुन्छ। यिनले विशेषतः वैष्णव मूर्तिहरुकै प्रतिष्ठापन गर्ने कार्यहरु गरेको अभिलेखहरूबाट देखिए तापनि उक्त शिवलिङ्ग स्थापन गरेका उदाहरणबाट यिनी धर्ममा स्वतन्त्रताको नीति अख्तियार गर्ने राजा भएको बुझिन्छ।

यो शिलालेख राजा मानदेव स्वयंलेनैं राखेको हुंदा यिनको कवित्त्व शक्तिको विषयमा अन्यत्र नपाइने महत्वपूर्ण सामग्रीको रूपमा यो रहेको छ। संवत् ४२७ को चाङ्गु अभिलेखमा यिनलाई एक विद्वान् राजा भनी वर्णन गरिएबाट पनि यिनको काव्य प्रतिभामा शंका गर्ने कुनै स्थान छैन।

यहाँ प्रेत, नरक आदिको वर्णन भएबाट यस समय समाजमा मानिसहरूको विश्वास यो कुरातिर पनि रहेको वोध हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १०

१. देव्याः कर्तव्यताबुद्ध्या श्रीपादै ..... ग्रज्रः
शैलस्तम्भक्रियारम्भे केदुम्बाटो नियोजितः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १०
प्राप्तिस्थान–बुढानीलकण्ठ भन्दा पर बिष्णुपादुका डाँडोको फेदीस्थित अभिलेख
मिति– ×
राजा, दूतक वा कुर्वेको नाम प्रशस्ति समेत–केदुम्बाट
प्रशासनिक पद– ×
अड्डा– ×
शिलापत्र राख्नाको उद्देश्य–देवीको इच्छा पूर्तिका निमित्त
शिलापत्र राख्नेको नाम– ×
महानात्माहरूको समेत देवताहरूको नाम– ×
विहार, मन्दिरको नाम– ×
धर्म, धार्मिक कार्य– ×
कुनमा प्रकाशित–"पूर्णिमा"–१५ पूर्णाङ्क, प्रकाशकः संशोधन मण्डल
शिलापत्रको शीर्षचिह्न–×
लिपि– ब्राह्मी
स्थान– ×
संक्षिप्त विवरण–यसमा देवीको इच्छामा शिलास्तम्भ निर्माणार्थ राजाबाट केदुम्बाटलाई खटाइएको भन्ने भाव झल्किन्छ ।
कैफियत– अहिलेसम्म प्राप्त शिलाभिलेखहरूमा सर्वप्रथम प्रस्तुत अभिलेखमैं केदुम्बाट जस्ता असंस्कृत शब्दको प्रयोग भएको छ । सम्भवतः यो शब्द नेवारी भाषाको रहेको छ । किनभने उत्तरप्राचीनकालीन अभिलेखहरूमा यस्ता असंस्कृत नेवारी भाषाका शब्दहरूको प्राचुर्य्य देखिएको छ । उदाहरणार्थ–हारागुङ, गुंविहार, हामो, कुह्मुं, जरें, खिं आदि–आदि शब्दहरूलाई लिन सकिन्छ । यसरी पुरातात्त्विक आधारमा पाँचौं शताब्दी ई. देखिनैं नेवारी भाषा यहाँ फस्टाउन लागेको बुझिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ११

१. संवत् ३६६ ज्येष्ठमासे शुक्लदिव २

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ११

प्राप्तिस्थान– काठमाडौं विशालनगरस्थित टुंडालदेवीको मन्दिरमा रहेको अभिलेख

मिति– संवत् ३९९ ज्येष्ठमासे शुक्लदिव २

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत– ×

प्रशासनिक पद– ×

अड्डा– ×

शिलापत्र राख्नाको उद्देश्य– ×

शिलापत्र राख्नेको नाम– ×

महानात्माहरूको समेत देवताहरूको नाम– ×

विहार, मन्दिरको नाम– ×

धर्म, धार्मिक कार्य– ×

कुनमा प्रकाशित- आर. नोलीद्वारा V संख्या;

शिलापत्रको शीर्षचिन्ह– ×

लिपि-ब्राह्मी

स्थान– ×

संक्षिप्त विवरण– ×

कैफियत– प्रस्तुत शिलाभिलेखमा साल मिति बाहेक अरू केही कुराको उल्लेख छैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १२

संवत् ३८९ आषाढमासे शुक्लदिवा १०

महेन्द्रसमवीर्य्यस्य कन्दर्प्पसदृशद्युतेः
राज्ञः श्रीमानदेवस्य सम्य [क्पा] लयतः प्रजाः
तत्पादभक्त्या विधिवद्रत्नसङ्घेन सर्व्वदा
रत्नेश्वरः प्रयत्नेन स्थापितोयं सुरोत्तमः

भगवते रत्नेश्वराय रत्नसङ्घेन दत्तं क्षेत्रं यथा दुंलङ्ग्रामप्रदेशे पञ्चानां शतानाम्भूमिः ५०० खोपृङ्ग्रामप्रदेशे षण्णां शतानाम्भूमिः ६०० दुंप्रङ्ग्रामप्रदेशे शतस्य भूमिः १०० ह्मस्प्रिङ्ग्रामप्रदेशे द्व्यर्द्धस्य शतस्य भूमिः २५० विलिविक्षप्रदेशे अर्द्धतृतीयस्य भूमिः २५० वाग्वती-पारप्रदेशे शतद्वयस्य भूमिः २०० बेम्मायामशीत्युत्तरस्य भूमिः १८० खैनष्पुप्रदेशे नवत्या भूमिः ९० वल-लप्रदेशे शतद्वयस्य भूमिः २०० यूपग्रामक्षेत्रप्रदेशे शतद्वयस्य भूमिः २००

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १२

प्राप्तिस्थान–देवपाटन पाताटोलस्थित शिवलिङ्गको अभिलेख

मिति–संवत् ३९९ आषाढमासे शुक्लदिवा १०

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) राजा श्रीमानदेव (२) रत्नसङ्घः

प्रशासनिक पद–×

अड्डा–×

शिलापत्र राख्नाको उद्देश्य–भगवान् रत्नेश्वरकोलागि भूमि प्रदान गरेको

शिलापत्र राख्नेको नाम–रत्नसङ्घः

महानात्माहरूको समेत देवताहरूको नाम–(१) रत्नेश्वरः (२) महेन्द्र (३) कन्दर्प्प

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य– शैव धर्म, निष्काम कर्म

कुनमा प्रकाशित–आर. नोलीद्वारा vi संख्या; "इतिहास—संशोधनको 'प्रमाण-प्रमेय" पहिलो भागबाट

शिलापत्रको शीर्षचिह्न–×

लिपि–ब्राह्मी

स्थान–(१) दुंलङग्रामप्रदेश (२) खोपृङग्रामप्रदेश (३) दुंप्रङग्रामप्रदेश (४) ह्मस्प्रिङग्रामप्रदेश (५) विलिविक्षप्रदेश (६) वाग्वतीपारप्रदेश (७) वेम्मायामशी (८) खैनष्पुप्रदेश (९) वल–लप्रदेश (१०) यूपग्रामक्षेत्रप्रदेश

संक्षिप्त विवरण–वीरहरूमा महेन्द्र औ देवताहरूमा कन्दर्प्प समानका राजा श्रीमानदेवको पाउमा सधैं विधिवद् भक्तिराख्ने रत्नसङ्घले देवताहरूमा सबभन्दा ठूलो रत्नेश्वरको संस्थापन गरी भगवान् रत्नेश्वरकोलागि विभिन्न ग्रामको भूमि प्रदान गरेको वर्णन प्रस्तुत शिलाभिलेखमा गरिएको छ ।

कैफियत– प्रस्तुत शिलाभिलेखबाट राजा मानदेवको चरित्रको वर्णन वाहेक देव प्रतिमा स्थापन गरी त्यसको खर्चको लागि भूमि प्रदान गर्ने चलन यस समयमा यहाँ विद्यमान भएको बोध हुन्छ ।

दुंलङ, खोपृङ, दुंप्रङ आदि–आदि असंस्कृत नेवारी भाषाका शब्दहरूको प्राचुर्य्य यसमा देखिएबाट पनि यो भाषाको प्राचीनतालाई प्रमाणित गरेको छ । डा. डि. आर. रेग्मीले [१] पनि उक्त शब्दहरूलाई नेवारी

१. हेर्नोस्–डा. डि. आर. रेग्मी रचित "अनशण्ट नेपाल" १९६०, पृष्ठ २१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाषाका हुन् भनी स्वीकार गरेको छ ।

खोपृङ्ग्राम औ यूपग्रामको रूपमा भक्तपुर तथा ललितपुरको नाम सर्वप्रथम प्रस्तुत शिलाभिलेखमैं उत्कीर्ण भएको देखिएको छ । तर काठमाण्डूको नाम दक्षिणकोलिग्राम सवभन्दा पहिले संवत् ४५२ को ल.पु. खपिछेंको शिलाभिलेखमा मात्र प्रयुक्त भएको देखिन्छ । यसरी पुरातात्त्विक आधारमा भक्तपुर एवं ललितपुरको प्राचीनता थाहा पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १३

१. [संवत्] ४०२ ज्येष्ठमास शुक्लपक्षदिव १३
श्रीमानदेवनृपतेश्चरणप्रसादात् यः सार्थवाह उरुधीः किल रत्नसङ्घः
२. ... ... मिनः प्रभुसङ्घनाम्नः लिङ्गाश्रिताकृतिरियञ्जगतो हिताय
प्रभुकेश्वरस्य क्षेत्राभिलेख्यं यथा प्रङ्प्रिङ्प्रदेशे शतस्य भूमि १००
पिण्डक मानि [का...]
३... ...(प्र) देशे (प) ञ्चाशतो भूमि ५० पिण्डकं मानिका. २२ मैशिङ्-
प्रदेशे चत्वारिंशतो भूमि४० पिण्डकं मानिकाः २० वोतवोरुषोप्रदेशे
षष्टेर्भूमि (६०...)
४... ...न्प्रदेशे त्रिंशतो भूमि ३० पिण्डकं मानिकाः १८ सीताटीजोल्प्रि-
प्रदेशे चत्वारिंशतो भूमि ४० पिण्डकं मानिकाः २५ प्रथिट्टिखाप्रदेशे
त्रिंश (दु) त्तरस्य शतस्य (भूमि१३०)
५. पिण्डकं मानि ७२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १३
प्राप्तिस्थान—देवपाटन स्थित घरको आंगनमा रहेको शिवलिङ्गको अभिलेख
मिति—संवत् ४०२ ज्येष्ठमास शुक्लपक्षदिव १३
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत—
(१) श्रीमानदेव नृपति (२) रत्नसंघः (३) प्रभुसंघ
प्रशासनिक पद—×
अड्डा—×
शिलापत्र राख्नाको उद्देश्य—जगत्को हित होस्
शिलापत्र राख्नेको नाम—(१) रत्नसंघ (२) प्रभुसंघ
महानात्माहरूको समेत देवताहरूको नाम—प्रभुकेश्वर
विहार, मन्दिरको नाम—×
धर्म, धार्मिक कार्य—शैव धर्म, सकाम कर्म
कुनमा प्रकाशित—आर. नोलीद्वारा × संख्या; धनवज्र वज्राचार्य लिखित "लिच्छविकालका अभिलेख" ११ संख्या ।
शिलापत्रको शीर्षचिह्न—×
लिपि—ब्राह्मी
स्थान— (१) प्रङप्रिङ प्रदेश (२) मैशिङ प्रदेश (३) वोतवोरुषो प्रदेश (४) सीताटीजोलिप्रम् प्रदेश (५) प्रयिट्टिखा प्रदेश
संक्षिप्त विवरण—जगतको हितको लागि रत्नसंघ प्रभुसंघले प्रभुकेश्वर नामले प्रख्यात भएको लिङ्ग प्रतिष्ठापन गरी तिनको लागि खेत प्रदान गरेको वर्णन प्रस्तुत शिलालेखमा गरिएको छ ।
कैफियत—"वसुधैव कुटुम्वकम्" भन्ने भावना यस समयका मानिसहरूमा विद्यमान रहेको खालि आफ्नो देशको भलाई तिर मात्र नसोची विश्वका मानव मात्रको कल्याणको लागि तिनीहरूले गरेको प्रस्तुत धार्मिक कार्यबाट थाहा पाउन सकिन्छ ।

जगत्को हितको लागि लिङ्ग स्थापन गरेको वर्णनले विश्व शान्ति या मानव कल्याणको निम्ति संसारका विभिन्न भागहरुमा हिजो आज संचालित थरी थरीका अभियानहरूको स्मरण हुन्छ । अल्फ्रेड नोवलले विश्व शान्तिमा महत्वपूर्ण भूमिका अदा गर्ने व्यक्तिहरूलाई नोवल शान्ति पुरस्कार दिने परम्परा चलाए त सोभियत रूसले स्तालिन शान्ति पुरस्कार (जसलाई अहिले लेनिन पुरस्कार भनिन्छ)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रदान गर्ने··· ··· । पं. जवाहरलाल नेहरूको मृत्यु पछि तिनको आदर्श अनुरूप अन्तरराष्ट्रिय समझदारीको वृद्धिमा योगदान दिने कुनै पनि देशका महापुरुषहरूलाई नेहरू पुरस्कार दिने परम्परा भारतमा पनि चल्यो । फेरि १९६५ ई. मा तत्कालीन भारतका राष्ट्रपति डा. राधाकृष्णनद्वारा राजगिरिमा शिलान्यास गरिएको विश्व शान्ति स्तूपको समुद्‌घाटन भारतका राष्ट्रपति डा. भि. भि. गिरिले गरेका थिए ! यसरी प्रस्तुत अभिलेखको प्राप्तिले विश्व शान्ति या मानव कल्याणको लागि संचालित आजका विभिन्न अभियानहरूको ऐतिहासिकता थाहा दिनुको साथै नेपालको यस दिशातिर प्राचीन काल देखिनैं अभिरुचि रहेको यथार्थता सुस्पष्ट गरेको छ ।

प्रस्तुत अभिलेखमैं सार्थवाह सम्बन्धमा पहिलो उल्लेख भेट्टिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १४

१. (संव)त् ४०२ राज्ञः श्रीमानदेवस्य सम्यक्पालयतो महीम्
आषाढशुक्लस्य तिथौ पञ्चदश्यां शुभार्त्थिना
२. वणिजां सार्त्थवाहेन गुहमित्रेन (ण) भक्तितः संस्थापितोत्र
भगवानिन्द्रो नाम दिवाकरः क्षेत्रं यथा गुम्पद्वृम्प्रदेशे
३. शतस्य भूमिः पिण्डकमानिका चु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १४

प्राप्तिस्थान– काठमाण्डू टेबहालस्थित सूर्यको पादपीठको अभिलेख

मिति–संवत् ४०२ आषाढशुक्लस्य तिथौ पञ्चदश्याम्

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) राजा श्रीमानदेव (२) गुहमित्र

प्रशासनिक पद– ×

अड्डा– ×

शिलापत्र राख्नाको उद्देश्य–देवताकोलागि भूमि प्रदान गरेको

शिलापत्र राख्नेको नाम–गुहमित्र

महानात्माहरूको समेत देवताहरूको नाम–इन्द्रो नाम दिवाकरः

विहार, मन्दिरको नाम– ×

धर्म, धार्मिक कार्य–वैदिक धर्म, निष्काम कर्म

कुनमा प्रकाशित– सिल्वां लेवी द्वारा ३ संख्या; "संस्कृत–सन्देशः" प्रथमवर्ष, नवम अंक; आर. नोलीद्वारा VII संख्या

शिलापत्रको शीर्षचिह्न– ×

लिपि– ब्राह्मी

स्थान– गुम्पद्वृं प्रदेश

संक्षिप्त विवरण– राजा मानदेवको कल्याण चिताउने व्यापारीहरूका नायक गुहमित्रले इन्द्र नामक भगवान् सूर्यलाई स्थापन गरी तिनको लागि गुम्पद्वृं प्रदेशको जग्गा प्रदान गरेको कुरा प्रस्तुत शिलाभिलेखमा वर्णित छ ।

कैफियत– प्रस्तुत अभिलेखमा वणिजां सार्थवाहेन भनी गुहमित्रलाई भनिएबाट गुप्तकालीन भारतमा जस्तै उत्तरप्राचीनकालमा यहाँ व्यापारीहरूका संस्थाहरू रहेको थाहा पाइन्छ । गुप्तसम्राट् स्कन्दगुप्तका समयको गुप्त संवत् १४६ को इन्दोर ताम्रपत्रमा एकजना ब्राह्मणले इन्द्रपुरमा दुईजना क्षत्रियहरूद्वारा निर्मित सूर्य मन्दिरमा बत्ति बाल्ने व्यवस्थाको लागि तैलको व्यवसाय गर्नेहरूको श्रेणीलाई अक्षयनीवीको रुपमा केही धन प्रदान गरेको वर्णन गरिएको छ ।[१] अक्षयनीवी त्यस मूल

१. हेर्नोस्– भगवत शरण उपाध्याय कृत "प्राचीन भारतका इतिहास", प्रकाशकः ग्रन्थमाला कार्यालय, पटना, १९५७, पृष्ठ २६१; डि. सि. सरकार कृत "सेलेक्ट इन्स्क्रिप्सन्स", कलकत्ता विश्वविद्यालय, १९६५, पृ. ३१६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धनलाई भनिन्छ जसको व्याजमात्र खर्च गरिन्छ। यसरी यसलाई आधुनिक बैंक व्यवसायको पूर्व रूप मान्न सकिन्छ। उक्त संवत् ४०२ को शिलालेखमा पनि व्यापारीहरूका नायक गुहमित्रले सूर्यको स्थापन गरी तिनको लागि जग्गा प्रदान गरेको उल्लेखले मानदेवकालीन लिच्छवि नेपालमा व्यापारीहरूका संस्थाहरूको अस्तित्व जानिनुको साथै उक्त आशयकै व्यवस्था कायम रहेको स्पष्ट रूपले देख्न सकिन्छ।

यसमा इन्द्रो नाम दिवाकरः भनी उल्लेख भएकोले इन्द्र र सूर्य दुइ भिन्ना भिन्नै देवता नभै एउटै भएको ऋग्वैदिक परम्परालाई द्योतन गर्छ। "अहल्या जार इति इन्द्रः" अर्थात् "इन्द्र (सूर्य)ले नजोतिएको भूमिलाई सुकाउँछ" ऋग्वैदिक कथनमा उक्त तथ्यको स्पष्ट झल्को देख्न सकिन्छ। अग्नि, इन्द्र र सूर्य एउटै सत्यको विभिन्न नाम स्वरूप रहेको तथ्यको निश्चित जानकारी सामवेदका निम्न पंक्तिहरूबाट पनि हुन्छ।

"अग्निर् ज्योतिर् ज्योतिर् अग्निर्
इन्द्रो ज्योतिर् ज्योतिर् इन्द्रः।
सूर्यो ज्योतिर् ज्योतिः सूर्यः॥"[२]
सा. १८३१

२. हेर्नोस्- ए. सि. बोस कृत "द काल अव द वेदज", भारतीय विद्या भवन, १९६०, पृष्ठ १७८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १५

१. संवत् ४१० ... ...

२. माघपौर्ण्णमास्याम् तस्य सुतः शैश (व ... ...) ... स ... ...

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १५
प्राप्तिस्थान–पशुपति पञ्चदेवलको अभिलेख
मिति–संवत् ४१० माघपौर्णमास्याम्
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–×
प्रशासनिक पद–×
अड्डा–×
शिलापत्र राख्नाको उद्देश्य–×
शिलापत्र राख्नेको नाम–×
महानात्माहरूको समेत देवताहरूको नाम–×
विहार, मन्दिरको नाम–×
धर्म, धार्मिक कार्य–शैव धर्म
कुनमा प्रकाशित "अभिलेख संग्रह" भाग १, प्रकाशक: संशोधन मण्डल
शिलापत्रको शीर्षचिन्ह–×
लिपि–ब्राह्मी
स्थान–×
संक्षिप्त विवरण--अभिलेखको वेहोराले बालक छोरालाई लिई शिवलिङ्ग (?) संस्थापन गरेको भन्ने कुरो झल्किन्छ ।
कैफियत–शिलालेखका अक्षर साह्रै नै विग्रेको हुनाले अर्थ राम्ररी खुल्न सकेको छैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १६

संवत ४१३ श्रीमानदेवनृपतेश्चरणप्रसादात्
भक्त्या विशुद्धमतिना जयलम्भनाम्ना
लिङ्गञ्जयेश्वरमिति प्रथितं नृलोके
संस्थापितं सनृपतेर्ज्जगतो हिताय १
भगवतोस्य लिङ्गस्य कारणपूजायाः सम्यक्प्रवर्त्तनाय स्वपुण्याप्यायनार्थन्दत्तमक्षयणीयम् भूमिः ४५० पिण्डकं मा २०० ज्यैष्ठशुक्लदिवा ११

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १६

प्राप्तिस्थान—पशुपतिस्थित शिवलिङ्गको अभिलेख

मिति– संवत् ४१३ ज्यैष्ठशुक्लदिवा ११

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत- (१) श्रीमानदेवनृपति (२) जयलम्भ

प्रशासनिक पद– ×

अड्डा– ×

शिलापत्र राख्नाको उद्देश्य–राजा लगायत सम्पूर्ण जनताको हितका निमित्त

शिलापत्र राख्नेको नाम– जयलम्भ

महानात्माहरूको समेत देवताहरूको नाम– जयेश्वर

विहार, मन्दिरको नाम– ×

धर्म, धार्मिक कार्य– शैव धर्म सकाम कर्म

कुनमा प्रकाशित– भगवानलाल इन्द्रजीद्वारा २ संख्या; "संस्कृत–संदेशः" प्रथम वर्ष, नवम अंक; आर नोलीद्वारा viii संख्या; "इतिहास–संशोधनको प्रमाण–प्रमेय" पहिलो भागबाट

शिलापत्रको शीर्षचिन्ह– ×

लिपि–ब्राह्मी

स्थान– ×

संक्षिप्त विवरण– राजा समेत सारा दुनियांको मङ्गल कामना गर्दै जयलम्भले जयेश्वर नामले प्रख्यात भएको लिङ्ग प्रतिष्ठापन गर्नुको साथै आफ्नो पुण्य वढोस् भनी तिनको कारणपूजाको लागि अक्षय भूमि ४५० पिण्डक (तिरो) २०० मानिका तिर्ने गरेर प्रदान गरेको कुरा प्रस्तुत शिलालेखमा वर्णित छ ।

कैफियत– यो समयका मानिसहरू धार्मिक कार्यहरू गर्दा खालि आफ्नो मात्र पुण्य बढोस् भन्ने तिर नलागी सम्पूर्ण दुनियांकै मङ्गल कामना गर्थे भन्ने कुरा प्रस्तुत शिलालेखबाट बिदित हुन्छ ।

मानिकाको रूपमा नापोवाचक शब्द प्रयुक्त भएबाट पाँचौं शताब्दी ई. मा नेपालमा नाप तौलको उचित व्यवस्था भएर उत्तरप्राचीनकालमा व्यापारको राम्रो समुन्नति भएको बुझिन्छ । संवत् ४०२ को टेवहाल स्थित अभिलेखले व्यापारिक संस्थाहरू यहाँ स्थापित भएको कुरा दर्शाएबाट पनि यो तथ्यको पुष्टि हुन्छ ।

पिण्डक शब्दको प्रयोगले तत्कालीन खेतको तिरो व्यवस्थाको संकेत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मिल्छ । भट्टारक महाराज ध्रुवदेवकालीन काठमाण्डू मीननारायण स्थानको अभिलेखमा दस खण्डको एक खण्ड कूत लिने भन्ने उल्लेख भएबाट उत्तरप्राचीनकालीन तिरो व्यवस्थाको यथार्थता जानिन्छ ।

प्रस्तुत शिलालेखमा लिङ्ग स्थापन गरी तिनको लागि कारणपूजाको व्यवस्था भएको कुराबाट उत्तरप्राचीनकालमा तान्त्रिक धर्मको प्रवलता रहेको बुझिन्छ। कारणपूजा तान्त्रिक धर्मको दुई मुख्य सम्प्रदाय-वाम एवं दक्षिण मध्ये प्रथममा मद्य, मांस, मत्स्य, मुद्रा र मैथुन नामक पंच मकारको सामग्रीले पूजा गरिने पूजाको नाम रहेको छ । यसै पद्धति अनुसार प्रत्येक महिनाको पूर्णिमामा पशुपति मन्दिरको दायाँस्थित कीर्तिमुख भैरव र उन्मत्त भैरबमा पूजा गरिन्छ । कीर्ति मुख भैरबमा भोगदिदा सो भैरबदेखिनै पञ्चसूत्र (पसूका) बाँधेर पशुपतिनाथको दक्षिण मुख सम्मन् पुऱ्याइन्छ । यसरी कारणपूजा विधि पशुपतिनाथमा अद्यापि गरिने चलनले नेपालमा तान्त्रिक वाम मार्गीहरूको व्यापक प्रभाव उत्तरप्राचीनकालदेखिनै स्थापित भएको तथा अझ त्यो कायमै रहेको विदित हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १७

१. ... ... त्रैलोक्यनाथ ... ...

२. ... ... पूर्व्वं वातवाहनस्य दक्षिणेन क्षेत्रन्दत्तम्भूमि ३५० पिण्डकमा २५५ ... ...

३. ... ... १६ काष्ठमूल्यम्पणमेकैकम्प्रतिदिवसं मा ... ... श्चैत्रकृष्णपञ्चमी ... ...

४. ... ... पुराणाः १५ ज्येष्ठशुक्लत्रयोदश्यां राज्यवर्द्धनदेवस्य स्नपनमङ्गपूजा ... ...

५. त्थम्भूते दानवस्तुनि तृष्णाभिभूतमनसां पापबुद्धिर्म्मभूदिति कृत्वा मया स ... ...

६. मस्य पूर्व्वेण क्षेत्रन्दत्तम्भूमि २३० पिण्डकमा ११० पणाका— तैलघट १ राज्ञा राज्यवर्द्धनस्नपनादीनां भूमि–मा ६० इत्थमिह

७. व्ययः मा ५० उभयत्र तैलघट १ भवितारो मदूर्द्ध्वं ये नृपाः कुर्य्यु रिहान्यथा ... ... स्तर्हि वयं ... ...

८. त्मना लेखितोयं क्रियाकारः स्ववंश्यानतुरक्तता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.— १७
प्राप्तिस्थान—पशुपति छत्रचण्डेश्वरको अभिलेख
मिति — ×
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत— ×
प्रशासनिक पद— ×
अड्डा— ×
शिलापत्र राख्नाको उद्देश्य—राज्यवर्द्धनदेवको स्नान र अङ्गपूजाको लागि
शिलापत्र राख्नेको नाम ×
महानात्माहरूको समेत देवताहरूको नाम—(१) त्रैलोक्यनाथ
(२) राज्यवर्द्धनदेव
विहार, मन्दिरको नाम — ×
धर्म, धार्मिक कार्य— ×
कुनमा प्रकाशिक —'अभिलेख संग्रह" भाग ५ प्रकाशक: संशोधन मण्डल
शिलापत्रको शीर्षचिह्न — ×
लिपि - ब्राह्मी
स्थान—वातवाहन
संक्षिप्त विवरण–प्रस्तुत शिलालेखमा ज्येष्ठ शुक्ल त्रयोदशीको दिनमा राज्यवर्द्धनदेवको स्नान र अङ्ग पूजाको लागि राजाद्वारा भूमि, तेल, आदि प्रदान गरेको र तिनीहरूको खर्च गर्ने रिति पनि वर्णन गरिएको छ।

कैफियत– प्रस्तुत शिलालेखको अक्षर साह्रै नै खिइ सकेको हुनाले अर्थ राम्ररी ठम्म्याउन सकिएको छैन. । तर यसमा पढ्न सकिने गरी बाँकिरहेका केही शब्दहरूबाट हाल नेपालमा प्रचलित बुङमलोकेश्वरको ह्ववों गर्ने औ पशुपतिनाथको महास्नान गर्ने जस्ता देवताको स्नान र अङ्ग-पूजाको परिपाटी उत्तरप्राचीनकालमा यहाँ विद्यमान रही पछि कार्तिक शुक्ल प्रतिपदाको दिन नेवारहरूको ह्मपूजा गर्ने परम्पराको शुभारम्भमा यसको अप्रत्यक्षरूपले विशेष प्रभाव परेको आभास पाइन्छ ।

यस अभिलेखमा काठको मोल प्रतिदिन एक–एक पण भनी उल्लेख भएबाट अनुसन्धानकर्ताहरूको लागि एक विचारणीय कुरो हुन आएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रस्तुत अभिलेखमा पण, पुराण मुद्राहरूको वर्णन छ । उत्तर प्राचीनकालमा प्रचलित यि मुद्राहरूको वारे संवत् ५१२ को अभिलेखमा उल्लेख गरिने छ ।

फेरि, तैलघट शब्द प्रयुक्त भएको हुनाले यहाँ तत्समय तैल उद्योगको राम्रो उन्नति रहेको कुरा थाहा हुनुको अतिरिक्त यहाँको सामाजिक एवं धार्मिक जन-जीवनमा तेलको राम्रो व्यवहार रहेको बुझाउँछ ।

खेतको तिरो स्वरूप तत्समय अन्नको अतिरिक्त तेल, नगद आदि पनि उठाइने चलन रहेको कुरा यस अभिलेखको अध्ययनबाट जानिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १८

संवत् ४१६ ज्येष्ठशुक्लदिवा १३, अस्यान्दिवसपूर्व्वायाम्
भर्त्तुः श्रीमानदेवस्य प्रसादोपचितश्रिया ।
[भ] क्तया स्थापितं लिग [ङ्ग] ङ् गुणवत्या शुभेच्छया ॥
शैवन्देवालयस्थस्य पितुः किन्नरवर्म्मणः ।
लिङ्गं संस्थाप्य यत्पुण्यधनञ्चात्तय्यमस्त्विति ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं—१८

प्राप्तिस्थान—लाजिम्पात टुकुचा पारि बारीभित्रको शिवलिङ्गको अभिलेख

मिति—संवत् ४१९ ज्येष्ठशुक्लदिवा १३

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत—(१) श्रीमानदेव (२) गुणवती (३) किन्नरवर्म्मा

प्रशासनिक पद—×

अड्डा—×

शिलापत्र राख्नाको उद्देश्य— लिङ्ग स्थापन गरेर पाइएको पुण्यरूपी धन स्वर्गे भएका आपना पिता किन्नरवर्म्माको अक्षय्य भई रहोस्

शिलापत्र राख्नेको नाम— गुणवती

महात्माहरूको समेत देवताहरूको नाम- शिव

विहार, मन्दिरको नाम- ×

धर्म, धार्मिक कार्य-शैव धर्म, सकाम कर्म

कुनमा प्रकाशित-इतिहास-संशोधनको प्रमाण प्रमेय- भाग १

शिलापत्रको शीर्षचिन्ह- ×

लिपि-ब्राह्मी

स्थान- ×

संक्षिप्त विवरण-लिङ्ग स्थापन गरेर पाइएको पुण्यरूपी धन स्वर्गे हुनु भएका आफ्ना पिता किन्नरवर्म्माको अक्षय्य भैरहोस् भन्नाको लागि आफ्ना पति मानदेवको निगाहले सत्कर्ममा मनलाएकी गुणवतीले शिवलिङ्ग प्रतिष्ठापन गरेको वर्णन प्रस्तुत शिलाभिलेखमा गरिएको छ ।

कैफियत- प्रस्तुत शिलालेखबाट किन्नरवर्म्माकी छोरी गुणवती लिच्छवि राजा मानदेवकी एक रानी रहेको बुझिन्छ । राजा मानदेव लिच्छविवंशी भएको कुरा संवत् ४२७ को पशुपति सूर्यघाटस्थित शिलाभिलेखमा राजकुमारी विजयवतीले तिनलाई लिच्छविकुलाम्बरपूर्णचन्द्र भनी उल्लेख गरेबाट पनि विदित हुन्छ । वर्म्मन्‌हरू क्षत्रिय हुने कुरो पारस्कर ग्रन्थले स्पष्ट गरेको छ ।[१] यसरी यो वैवाहिक सम्बन्धले

१. "ब्राह्मणको नामको अन्तमा शर्म्मन् हुनु पर्दछ, क्षत्रियको नामको अन्तमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि लिच्छविहरू क्षत्रिय हुनामा कुनै शंका नरहेको स्पष्ट छ । युआन च्वाङ्को यात्रा वृत्तान्तबाट पनि लिच्छविहरूको क्षत्रियोचित जातित्व सिद्ध हुन्छ ।[१]

लिङ्ग स्थापन गरेर पाइएको पुण्यरूपी धन स्वर्ग हुनु भएका आफ्ना पिताको अक्षय्य भैं रहोस् भन्ने वर्णन यस लौकिक जगतमा गरिने आफ्ना सन्ततिको पुण्य कार्यमा दिवङ्गत भैसकेका माता-पिताको सुख सन्निहित रहने तत्कालीन जन विश्वासको द्योतक स्वरूप छ ।

शिलाभिलेखको आधारमा नेपालमा अहिलेसम्म प्राप्त शिवलिङ्ग-हरूमा शिवको मुख (अनुहार) उत्कीर्ण गरिएको यहीनैं पहिलो शिवलिङ्ग छ । यो समयको अभिलेखविहीन अर्को एक भव्य चतुर्मुख लिङ्ग काठमाण्डू हाडिगाउँस्थित सत्यनारायण मन्दिरको समीपमा छ । यसैले प्रस्तुत मूर्तिको प्राप्तिले शैव मूर्तिकलाको अध्ययन एवं अनुसन्धानमा ठूलो मद्दत पुग्नेछ, यसमा कुनै शंका छैन ।

वर्म्मन् औ वैश्यको नामको अन्तमा गुप्त ।'' [पारस्कर १,१७,४], हेर्नोस्-रमेशचन्द्रदत्त कृत ''प्राचीन भारतकी सभ्यताका इतिहास'', १९६६, पृ.२३२; ''शर्मा देवश्च विप्रस्य वर्मा त्राता च भूभुजः । भूतिर्दत्तश्च वैश्यस्य दासः शूद्रस्य कारयेत् ।'', हेर्नोस्-वि. एस. आप्टे कृत ''संस्कृत-इङ्गलीश डिक्सनरी'', १९६८, पृ. १८९.

१. हेर्नोस्-हरिरामजोशी कृत ''प्राचीन नेपाल'', नेपाल संवत् १०८६.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.१६

संवत् ४२५ माघशुक्लपौर्ण्णमास्याम् अस्यान्दिवसपूर्व्वायां भट्टारकमहाराज श्रीमानदेवस्य साग्रं वर्षशतमाज्ञापयतः सम्राड्गृह-पतेस्पत्न्या विजयस्वामिन्या प्रतिष्ठापिता देवी भगवती विजयेश्वरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–१९

प्राप्तिस्थान–पलाञ्चोक भगवती विजयेश्वरी दुर्गाको मन्दिरस्थित अभिलेख

मिति–संवत् ४२५ माघशुक्लपौर्णमास्याम्

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) भट्टारकमहाराजश्रीमानदेव
(२) विजयस्वामिनी

प्रशासनिक पद–×

अड्डा–×

शिलापत्र राख्नाको उद्देश्य–देवी भगवती विजयेश्वरी स्थापना गरेको उपलक्षमा

शिलापत्र राख्नेको नाम–विजयस्वामिनी

महानात्माहरूको समेत देवताहरूको नाम–देवी भगवती विजयेश्वरी

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–शाक्त,निष्काम कर्म

कुनमा प्रकाशित–"हिमवत्संस्कृति" विजयादशमी २०१६; "इतिहास संशोधनको प्रमाण–प्रमेय" पहिलो भाग; धनवज्रवज्राचार्य लिखित "लिच्छविकालका अभिलेख" १६ संख्या ।

शिलापत्रको शीर्षचिन्ह–×

लिपि–ब्राह्मी

स्थान–×

संक्षिप्त विवरण–प्रस्तुत अभिलेखमा भट्टारकमहाराज श्रीमानदेवले सय् वर्ष सम्मन् राज्य गरिरहेको बेलामा सम्राड् गृहपतिकी पत्नी विजयस्वामिनीले देवी भगवती विजयेश्वरी प्रतिष्ठा गरेको कुरा वर्णित छ ।

कैफियत–पूर्व पलाञ्चोकस्थित हालको विजयेश्वरी दुर्गाको मूर्ति अध्ययन गरेको खण्डमा सो मूर्ति उत्तरप्राचीनकालीन नभै मध्यकालीन भएको स्पष्ट छ । यसबाट विजयस्वामिनीद्वारा प्रतिष्ठापित दुर्गाको मूर्ति कुनै कारणवश बिग्रेर गएको हुनाले त्यसको स्थानमा अर्को मूर्ति बनाई मध्यकालमा पुनः प्रतिष्ठापन गरेको अनुमान हुन्छ ।

प्रस्तुत अभिलेखमा विजयस्वामिनीलाई सम्राड्गृहपतेस्पत्न्या भनिएबाट तिनी भट्टारकमहाराज मानदेवकी रानी रहेको अवश्य आभास हुन्छ । तर, भट्टारक महाराज, नृपति, राजा आदि–आदि शब्दहरु बाहेक कुनै पनि शिलाभिलेखमा मानदेवको प्रशस्ति स्वरूप

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्राट् शब्द व्यवहृत भएको छैन । यहाँ पनि राजा मानदेवको नाममा खालि भट्टारकमहाराजनैं प्रयुक्त गरी विजयस्वामिनीलाई सम्राड् गृहपतिकी पत्नी भनिएको छ । सम्राड् गृहपति भन्दा कुनै राजालाई निर्दिष्ट गरिएको प्रतीत हुन्छ तापनि उनी राजा मानदेवनैं हुन् भन्ने उक्त शिलालेखको पंक्तिबाट सिद्ध हुंदैन । प्रथमतः प्रस्तुत शिलालेखमा मानदेवको प्रशस्तिस्वरूप भट्टारकमहाराज बाहेक सम्राट् शब्द प्रयुक्त गरिएको छैन । दोश्रो, राजाहरूको नामसितमात्र व्यवहृत गरिने शब्दहरू अरू व्यक्तिहरूको नाम सित प्रयोग गरिएका उदाहरणहरू इतिहासमा पाइन्छ । भट्टारक शब्द विशेषतः गद्दीनशीन अर्थको द्योतक छ । तर संवत् ८३,१०३,१०९ का महाराज नरेन्द्रदेव औ शिवदेवका ल. पु. गैह्लीधारा, पशुपति वज्रधर तथा बलम्बूका अभिलेखहरूमा दूतकको नाममा भट्टारक शब्द उपयोग गरिएका छन् । फेरि, राजाहरूको नाममा मात्र व्यवहृत गरिने परमदैवत शब्द संवत् ४८७ को महाराज गणदेवको पशुपतिस्थित पादपीठलेखमा भौमगुप्तको नामसित पनि प्रयोग गरिएका छन् । उक्त शब्द महाराज वसन्तदेवको प्रशस्तिस्वरूप प्रयुक्त गरिएको संवत् ४३५ को जैसीदेवलको शिलालेखमा पनि पाइन्छ[१] । भौमगुप्त उत्तरप्राचीनकालमा यहाँ राजा भएको कुनैपनि भरपर्दो सामग्रीबाट सिद्ध हुंदैन । यसरी राजालाई बुझाउने शब्दको प्रयुक्तिलेनैं राजा हो भन्ने कुरा थाहा नहुने हुंदा प्रस्तुत शिलालेखबाट विजयस्वामिनी राजा मानदेवकी रानीनैं हुन् भन्ने कुरा ठोकुवा गर्न सकिंदैन ।

---

[१] गुप्त संवत् ११३ तथा १२४ का घनैदह एवं दामोदरपुरका ताम्राभिलेखहरूमा गुप्तसम्राट् कुमारगुप्तलाई परमदैवत उपाधीले भूषित गरिएको छ ।-हेर्नोस्- डि. सि. सरकार कृत ''सेलेक्ट इन्स्क्रिप्सन्स'', १९६५, पृ. २८७,२९०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १०

१. यस्येच्छया जगदिदम्पृथु विश्वरूपम्
सर्गस्थितिव्ययजराव्यसनादियोगैः
संयुज्यते वत तथा प्रतिमुच्यते च
तस्मै नमः सततमस्तु महेश्वराय १

२. सततसरलकान्तस्वाङ्गशोभासमृद्धः
अनुपहतयशोधीविक्क्रम श्रीप्रभावः
सुनयविदनुरक्तस्फीतस (द्) वृत्तलोकः
नृपतिरिह हतारिर्म्मानदेवो बभूव २

३. तस्यानवद्यगुणरत्ननिधानभूता
भूतानुकम्पचतुरा विनयप्रवीणा
वीणानिनादमधुरस्वरवल्गुवाक्या
श्रीभोगिनीति कथितास्य बभूव देवी ३

४. तस्यां स लिच्छविकुलाम्बरपूर्णचन्द्रः
चन्द्रः प्रभामिव शरन्निशि निर्म्मलायाम्
स्फीतौजसं दुहितरं जनयाम्बभूव
आत्मानुरूपविविधामलसद्गुणाढ्याम् ४

५ नाम्ना सा विजयवतीति राजपुत्री
प्रख्याता विविधकलाविचक्षणत्वात्
या पत्यौ हर इव वार्त्त देवलाभे
भक्तत्वात्तदनुनयैकपेशलाभूत् ५

६. तीव्रप्रसादजलधौतमनः कलङ्का
पुण्यक्रियापरिचयैकरसानुरक्ता
लिङ्गन्तदत्र विजयेश्वरमक्षयाय
सातिष्ठिपज्जनमनोनयनाभिरामम् ६

७. संवत् ४२७ आषाढशुक्लदिव १

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. २०
प्राप्तिस्थान–पशुपति सूर्यधाटको अभिलेख
मिति–संवत् ४२७ आषाढशुक्लदिवा १
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१)मानदेव (२)श्रीभोगिनी (३)विजयवती (४)वार्त्त देवलाभ
प्रशासनिक पद–×
अड्डा–×
शिलापत्र राख्नाको उद्देश्य–मोक्ष प्राप्तिका निमित्त
शिलापत्र राख्नेको नाम–विजयवती
महानात्माहरूको समेत देवताहरूको नाम– (१)महेश्वर (२)चन्द्र (३)विजयेश्वर (४)हर (५)श्री
विहार, मन्दिरको नाम–×
धर्म, धार्मिक कार्य–शैव धर्म, सकाम कर्म
कुनमा प्रकाशित–"अभिलेख संग्रह" भाग १, प्रकाशकः संशोधन मण्डल
शिलापत्रको शीर्षचिह्न–×
लिपि–ब्राह्मी
स्थान–अम्बर
संक्षिप्त विवरण–श्रीभोगिनीतिर जन्मेकी मानदेवकी छोरी विजयवती विभिन्न कलामा प्रख्यात छन् । महादेवमा जस्तै आफ्ना पति वार्त्त देवलाभमा उहाँ भक्ति राख्नु हुन्छ । उक्त सबै गुणले युक्त भएर सफा चित्त भएकी राजकुमारी विजयवतीले मोक्ष प्राप्तिको इच्छा राखी विजयेश्वर लिङ्ग स्थापन गरेको वर्णन प्रस्तुत शिलालेखमा गरिएको छ ।

कैफियत– प्रस्तुत शिलालेखमा महेश्वरलाई सृष्टि, स्थिति औ क्षयको कारण मानिएबाट यस समय शैवधर्मको चरमोत्कर्ष बुझाउँछ । फेरि यश, बुद्धि, पराक्रमले शत्रुहरुलाई नाश गरेका मानदेव राजा भनी उल्लेख गरेको हुनाले यिनी एक ज्यादै ठूलो विजेता राजा भएको संवत् ३८६ को चाङगुको स्तम्भलेख पछि यसले दर्शाएको छ ।

विजयवती राजा मानदेवकी भोगिनीतरफकी छोरी भनिएबाट श्रीमानाङ्क मुद्रामा अंकित श्री भोगिनी राजा मानदेवकै रानी हुन् भन्ने कुरा स्पष्ट भएको छ । यसरी यो शिलालेखले राजा मानदेवका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राज्यकालमा मुद्रामा रानीको पनि नाम अङ्कित गर्ने गुप्तकालीन परम्परा[१] यहाँ प्रचलित भै "काय् मस्तय् माया कलायाके" भन्ने कथनको पुष्ट्याईं भएको लागेको छ त अर्कोतिर अर्द्धनारीश्वरको भावनाले अनुशासनमा पनि तत्समय काम गरेको बोध हुन्छ ।

राजकुमारी विजयवतीलाई यस शिलालेखमा "प्रख्याता विविधकलाविचक्षणत्वात्" भनी उल्लेख गरिएबाट उत्तरप्राचीन कालीन नेपालमा स्त्री शिक्षाको राम्रो प्रचार भएको तथा ६४ कला विषयको ज्ञान भएको विदित हुन्छ । गीत, नृत्य आदि गरी कला मुख्यतया चौंसट्ठी छन् । वात्स्यायन कामसूत्रको अध्ययनमा यस तथ्यको स्पष्ट जानकारी मिल्छ । प्रथम शताब्दी ई. पू. को हाथिगुम्फा अभिलेखमा चतुषष्ठी कला विषय उल्लेख आएको छ ।[२]

प्रस्तुत शिलालेखको "लिच्छविकुलाम्बरपूर्णचन्द्रः" भन्ने उल्लेखले राजा मानदेवको लिच्छविवंश प्रमाणित हुन्छ ।

---

[१] भारतका गुप्तसम्राट चन्द्रगुप्त प्रथमको एक मुद्रा प्राप्तभएको छ जसमा मुद्राको अग्रभागमा राजाको मूर्ति र तिनकी रानी कुमारदेवीको चित्र अंकित छ । त्यहीं राजाको नाम चन्द्रगुप्तः र श्रीकुमारदेवी. लेखेको छ । पृष्ठमागमा लिच्छवयः बाहेक सिंहवाहिनी लक्ष्मीको आकृति अंकित छ ।-हेर्नोस्-वासुदेव उपाध्यायकृत "भारतीय सिक्के," प्रथम संस्करण, संवत् २००५, पृष्ठ १४६

[२] "मु [खि] य-कल-वोछिन च चोय [ठि]-अग संतिक [ं] तुरियं उपादयति (I)"-हेर्नोस्-डि. सि. सरकार कृत "सेलेक्ट इन्स्क्रिप्सन्स" कलकत्ता विश्वविद्यालय, १९६५, पृष्ठ २१८,२२१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. २१

संवत् ४२७ कार्तिके शुक्लदिवा १३
दातर्य्यतीव विदुषि प्रथितप्रभावे
श्रीमानदेवनृपतौ जगतीम्भुनक्ति
तस्यैव शुद्धयशसश्चरणप्रसादात्
पित्रोः कृताकृतिरियन्निरपेक्षनाम्ना
कृत्वा च तां विधिवदत्र यदस्ति पुण्यम्
पुण्येन तेन पितृदैवतभागिनो मे
पित्रोः प्रवासगतयोद्ध्रुवमस्तु योगः
अन्यत्र जन्मनि विशुद्धवतीति कृत्वा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.– २१

प्राप्तिस्थान—चाङ्गुनारायण मन्दिरको प्रवेशद्वारको दायांतिरको एक प्रतिमाको पादपीठको अभिलेख

मिति—संवत् ४२७ कार्तिके शुक्लदिवा १३

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१)श्रीमानदेवनृपतौ (२)निरपेक्ष

प्रशासनिक पद–×

अड्डा–×

शिलापत्र राख्नाको उद्देश्य–स्वर्ग भएका आमा वावुको मीलन होस्

शिलापत्र राख्नेको नाम–निरपेक्ष

महानात्माहरूको समेत देवताहरूको नाम–पितृदैवत

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–सकाम कर्म

कुनमा प्रकाशित–आर. नोलीद्वारा।×संख्या; "इतिहास-संशोधनको प्रमाण-प्रमेय" पहिलो भाग

शिलापत्रको शीर्षचिह्न–×

लिपी–ब्राह्मी

स्थान–प्रवास

संक्षिप्त विवरण–अत्यन्त विद्वान् श्रीमानदेव राजाको शुद्ध यशको पाउको निगाहबाट माता–पिताको कीर्ति स्थापित गरी त्यसको पुण्यले पितृदेवताको भक्त वन्ने कामना गर्दै स्वर्ग भएका आमावावुको भेट होस् भन्ने इच्छा राखी निरपेक्षले प्रस्तुत शिलालेख राखेको कुरा यसमा वर्णित छ।

कैफियत–प्रस्तुत शिलाभिलेखमा पितृदैवत भनी उल्लेख आएबाट पितृलाई अरु देवताहरु जस्तै पूजागर्ने ऋग्वैदिक परम्पराको प्रभाव यस समय यहाँ कायम भएको स्पष्टरूपले देख्न सकिन्छ। "कव्य (पितृको लागि पूजा–द्रव्य)को साथ मातली (इन्द्रको सारथी), पुरोहितहरुको साथ यम, ऋचाहरुको साथ वृहस्पति वढ्छ–जसलाई देवताहरुले वढाए औ जसले देवताहरुलाई। कुनै (देवता) स्वाहाले औ कुनै (पितृ) स्वधाले प्रसन्न हुन्छन्।[१]" यसरी प्रस्तुत अभिलेखबाट

१ मातली कव्यैर्यमो अंगिरोभिर्बृहस्पतिर्ऋक्वभिर्वावृधानः।
यांश्च देवा वावृधुर्ये च देवान्त्स्वाहान्ये स्वधयान्ये मदन्ति ॥३॥
—ऋग्वेद [१०।१४।३]

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पितृलाई देवता सरी मान्ने प्रचलनको ऐतिहासिकता स्पष्टतया जानिन्छ ।

यस समय मानिसहरुमा मृत्योपरान्त पनि पुण्यको कारणस्वरूप उनै स्त्री पुरुषको बीच मीलन हुने हुन्छ भन्ने कुरामा विश्वास रहेको यस शिलालेखमा "कृत्वा च तां विधिवदत्र यदस्ति युण्यम् पुण्येन तेन पितृदैवतभागिनो मे पित्रोः प्रवासगतयोर्द्ध्र्वमस्तु योगः अन्यत्र जन्मनि विशुद्धवतीति कृत्वा" भनी उल्लेख आएबाट विदित हुन्छ ।

यस अभिलेखमा राजा मानदेवलाई विदुषि भनिएबाट यिनी एक विद्वान् राजा रहेको थाहा हुन्छ । संवत् ३९६ को बुढानीलकण्ठ स्थित प्रौढ संस्कृतमा लेखिएको यिनको शिलाभिलेखको प्राप्तिले पनि उक्त तथ्यकै यथार्थता चरितार्थ गर्नुको साथै उत्तरप्राचीनकालीन साहित्यिक महारथीहरुमा यिनको गणना सहजै गराउँछ ।

-हेर्नोस्-राहुल सांकृत्यायनकृत "ऋग्वेदिक आर्य", १९५७, पृष्ठ ५०२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. २२

१ दुर्द्धरैरिन्द्रियैः कृत्स्ना वाह्यते यैरियम्प्रजा
दासवत्तानि सन्धार्य्य कृपयापरिपीड्य ता (:) दानशील...
२ सम्प्राप्यानुत्तरं ज्ञानं प्रजा दुःखात्प्रमोचिता
प्रमोच्य सर्व्वदुःखेभ्यो योसौ शान्तम्पदङ्गतः
३ सङ्घिद्य सुचिरङ्कालम्भवनम्भवविच्छिदः
किन्नरीजातकाकीर्ण्णन्नानाचित्रविराजितम्
४ चत्वारिंशत्सपञ्चेह यत्र धान्यस्य मानिकाः
वर्षे वर्षेथ जायन्ते क्षेत्रन्तत्तादृशन्ददौ
५ भूयः सङ्घस्य भक्तार्थं पूजार्थञ्च महामुनेः
क्षेत्रन्दत्तन्तया यत्र ह्यष्टाविंशतिमानिकाः
६ विचित्रं देयधर्म्मम्मे कारयित्वेह यच्छुभम्
स्त्रीभावं हि विराग्याहं पुरुषत्वमवाप्य च शोककाममया...
७ माघवर्षे काले आषाढशुदिव १० अस्यान्दिवसपूर्व्वाया-
म्भट्टारकमहाराजश्री...

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.— २२
प्राप्तिस्थान—चावहिल बुद्धचैत्य अगाडिको अभिलेख
मिति—माघवर्षे काले आषाढशुदिव १०
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत— ×
प्रशासनिक पद — ×
धर्म, धार्मिक कार्य—बौद्ध धर्म
शिलापत्र राख्नाको उद्देश्य—संघका भक्तहरू र महामुनिको पूजाको निमित्त खेत प्रदान गरेको उपलक्षमा
शिलापत्र राख्नेको नाम — ×
महानात्माहरूको समेत देवताहरूको नाम—(१) महामुनि (२) किन्नरी
विहार, मन्दिरको नाम — ×
अड्डा — ×
कुनमा प्रकाशित —"अभिलेख संग्रह" भाग ९, प्रकाशकः संशोधन मण्डल
शिलापत्रको शीर्षचिह्न — ×
लिपि —ब्राह्मी
स्थान — ×
संक्षिप्त विवरण—जुन दुष्ट इन्द्रियहरूले सबै मानिसलाई वाधा पुऱ्याउँछन् तिनीहरूलाई दास सरी कृपापूर्वक वशिभूत गरेर उत्तम ज्ञान प्राप्त गरी सकल जनलाई सबै दुःखबाट मुक्त गराएर जो शान्त पदमा प्राप्त भए उनैको लागि तिनीले धेरै कालसम्म रही रहने, किन्नरी जातकहरू उत्कीर्ण हुनुको साथै अनेक चित्रहरूले सुसज्जित भवन बनाएर त्यसको हेरचाहको लागि प्रति वर्ष ४५ मानिका धान आउने खेत प्रदान गर्नुको अतिरिक्त संघका भक्तहरू तथा महामुनिको पूजाको लागि पनि २८ मानिका धान आउने खेत प्रदान गरियो। यस्तो जुन कल्याणकारक दान धर्म गराएर मलाई स्त्रीभावबाट छुटाएर पुरुषत्त्वमा प्राप्त गराए।
कैफियत—प्रस्तुत अभिलेखमा राजाको नामको अक्षर खिई सकेको औ "भट्टारक महाराज श्री ..." भनी खालि राजाको प्रशस्ति मात्र उत्कीर्ण भएको पाइन्छ। यसैले यो अभिलेखमा उत्कीर्ण राजाको बारे यथार्थ ज्ञान थाहा पाउन गाह्रो हुन गएको हो। तर, यसरी भन्दैमा यो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेखको काल निश्चितनैं गर्न सकिदैंन भन्ने त्यो होइन । उत्तर-प्राचीनकालीन नेपालका अभिलेखहरूमा सर्वप्रथम शक संवत् ४२५ को पलाञ्चोकस्थित अभिलेखमा लिच्छवि राजा मानदेवको प्रशस्तिस्वरूप भट्टारकमहाराज शब्दको प्रयोग गरिएको पाइन्छ । त्यसभन्दा अगाडिका कुनै पनि संवत् वा राजाको नाम भएका अभिलेखहरूमा उक्त प्रशस्ति व्यवहृत गरिएको अहिलेसम्म भेट्टिएको छैन । यसैले त्यो अभिलेखलाई लिच्छवि राजा मानदेव भन्दा अघिको हो भनी मान्नु गाह्रै पर्दछ । किनभने राजा मानदेवका बाबु या बाजेको समयमैं यहाँ उक्त प्रशस्तिको प्रयोग चलतीमा आइसकेको भए त्यसको करीब–करीब पचासौं वर्ष पछिमात्र आई अर्थात् राजा मानदेवका अन्तिम समय तिरका अभिलेखमा मात्र सो प्रशस्ति उत्कीर्ण नभएर राजा मानदेवका प्रारम्भिक समय देखिकै अभिलेखहरूमा राजा मानदेवको नामको अगाडि त्यसको प्रयोग भएको देखिनु पर्ने हो । तर, त्यस्तो भएको देखिएको छैन । वरु त्यसको विपरित माथि उल्लिखित शक संवत् ४२५ को अभिलेख पछिका प्रायजसो अभिलेखहरूमा त्यस प्रशस्तिको प्रयोग गरिएको पाइएका छन् । जसले उक्त अभिलेख राजा मानदेवको अन्तिम राजत्त्वकाल तिर प्रतिष्ठापन गरिएको हो भनी सजिलैसंग भन्न सकिन्छ ।

फेरि, यसमा माघवर्षेकाले भनी उल्लेख गरिएको छ जुन यो अभिलेखको एक मुख्य विशेषता छ । माघवर्षको उल्लेख यो भन्दा अघिका नेपाल एवं भारतका कुनैपनि अभिलेखहरूमा गरिएको अहिलेसम्म प्रकाशमा आएको छैन । साँच्चै भन्ने हो भने यो वर्षको नाम नेपालको इतिहासमा त यसको अनन्तर पनि कहिं उत्कीर्ण गरिएको देखिंदैन । जसको कारण यो वर्षको आधारमा प्रस्तुत अभिलेखको सयस निरूपण गर्न नमिल्ने कुरा स्पष्ट छ ।

प्रस्तुत शिलालेखमा

"दुर्द्धरैरिन्द्रियैः कृत्स्ना वाह्यते यैरियम्प्रजा
दासवत्तानि सन्धार्य्य कृपयापरिपीड्य ता(:) दानशील
सम्प्राप्यानुत्तरं ज्ञानं प्रजा दुःखात्प्रमोचिता
प्रमोच्य सर्व्वदुःखेभ्यो योसौ शान्तम्पदङ्गतः"

भनी निर्वाणको वास्तविक स्वरूप चित्रित गरिएको वर्णनबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निर्व्वाण के हो भन्ने कुरा यसले स्पष्टसंग दर्शाएको छ ।

इन्द्रियहरूलाई दाससरी कृपापूर्वक वशिभूत गरेको उल्लेखले बुद्धको मानवीय हृदयको परिचय पाइन्छ । यिनी यथार्थतः व्यवहारवादी भएको कुरा सिद्ध हुन्छ ।

यसमा "दुर्द्धरैरिन्द्रियैः कृत्स्ना वाह्यते यैरियम्प्रजा दासवत्तानि सन्धार्य्य कृपयापरिपीड्य ता (:)" अर्थात्, प्रजाहरूलाई दुःख दिने इन्द्रियहरूलाई दाससरी कृपापूर्वक वशिभूत गरेको वर्णनले बुद्ध दास प्रथाका पूर्णतया विरोधी नभएको संकेत दिन्छ । यस तथ्यको पुष्टि बौद्धग्रन्थ "महावग्ग" बाट पनि हुन्छ । "ऋणीलाई प्रव्रज्या नदिनू" [महावग्ग, १,३,४,८] । "दासलाई संन्यास नदिनू" [त्यही,१,३,-४,८] । "राजसैनिकलाई संन्यास नदिनू" [त्यही १,३,४,२] । [१] महापण्डित राहुल सांकृत्यायन कृत "वोलगा से गंगा", तृतीय संस्करणको पृष्ठ २१२ मा पनि यस तथ्यको स्पष्ट उल्लेख भएको छ ।

यस समय बौद्ध जातक एवं किन्नरीहरूको विषय यहाँको समाजमा व्यापक प्रचलित भएको प्रस्तुत शिलालेखबाट स्पष्टसंग बुझिन्छ ।

उत्तरप्राचीनकालमा पनि पुरुषहरू समाजमा विशेष आदरणीय रहेर नारी जीवन एक प्रकारले हीन सम्झने प्रवृत्ति स्वयं नारीहरूमैं पनि देखिएको प्रस्तुत अभिलेखको "विचित्रं देयधर्म्मम्मे कारयित्वेह यच्छुभम् स्त्रीभावं हि विराग्याहं पुरुषत्वमवाप्य च" भन्ने उल्लेखले स्पष्टतया देखाएको छ ।

उत्तरप्राचीनकालमा बौद्ध विहारहरूमा भिक्षु तथा भिक्षुणीहरूका संघ हुन्थे । तिनीहरू आफ्ना जीविकाको लागि कुनै काम गर्दैनथे औ तिनीहरूको भोजन एवं महामुनिको पूजाको लागि अरुहरुबाटै प्रबन्ध गरिने कुरा यस शिलालेखबाट खुलस्तसंग थाहा पाउन सकिन्छ ।

यहाँ धानको पनि उल्लेख भएको छ ।

यस अभिलेखमा "सद्विद्य सुचिरङ्कालम्भवनम्भवविच्छिदः किन्नरी जातकाकीर्ण्णन्नानाचित्रविराजितम्" भन्ने उल्लेख आएबाट गुप्तकालीन भारतमा जस्तै पाँचौं, छैठौं शताब्दी ई. मैं नेपालमा भित्ति

१. हेर्नोस्–राहुल सांकृत्यायन कृत "महामानव बुद्ध", प्रकाशकः बुद्ध विहार, लखनऊ, प्रथम संस्करण, पृ. ५०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चित्रकलाको राम्रो उन्नति रहेको जानिन्छ । अजन्ता गुफामा चित्रित भित्ति चित्रहरू विश्व प्रसिद्ध मानिएका छन् । ती चित्रहरूमा बुद्धजीवन अथवा मुनिहरूका कथाहरू पनि चित्रित गरिएका छन् । त्यस्तै यहाँ पनि किन्नरी जातकका कथाहरूसित सम्वद्ध अनेक चित्रहरूद्वारा सुसज्जित तुल्याइएको भवन निर्माणको वर्णनले उत्तरप्राचीनकालीन चित्रकलाको उच्चताको नापो प्राप्त हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. २३

१ ... ... ष यतात्मने
२ ... ... धियैष ते नमः
३ ... ... प्रतिदेहनिर्वृ (तः)
४ ... ... त्रिकीर्ण्णभानुना
५ ... ... त सर्व्वमात्मनि
६ ... ... (श) शिनीव कान्तता
७ ... ... येन तेजसा
८ ... ... (स) वितेव भासते
९ ... ... पथेन सौगताः
१० ... ... (गि) राम्पतिर्भवेः
११ ... ... त्रयी त्वया
१२ ... ... (धा) र्य्यते
१३ ... ... न वारणेन
१४ ... ... त्वयावरुग्नम्
१५ ... ... (मिद) मप्रबुद्ध्य
१६ ... ... ताम्व्रजेयुः
१७ ... ... (भवा) र्ण्णवं ज-रवि-दा-भङ्गत्
१८ ... ... तयेव संस्थमुद्वीक्ष्य ... मित्थम्
१९ ... ... करणाद्दतेन नित्यम्पृथुमति ...
२० ... ... किमिदमस्ति वाच्यशेष ... प्रकथित ... (ध) र्म्मविद्या
२१ (नरैः) परान्नास्तिकताम्प्रपन्नैस्त्रयीविरोधेन निवार्य्यमाणः
२२ (धर्मो) व्य (व) स्थास्यत नाद्य लोके धर्त्ता त्वमस्या यदि (ना) भविष्यः
२३ ... ... वेदम्प्रविकीर्ण्णवाक्त्वादनादिनिष्ठं (वचसा त्व) यां च

.Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२४ ... कथं वेद इह्याभविष्यत्त्वं भारतादिं यदि ना (तनि) ष्वः
२५ (प्र) माणाशुद्धया विदितात्र्थतत्त्वः प्रकम्प्यमाणम् ... ष्ठै
२६ ... ... (ध)र्म्ममित्थं जगतो हितैषी न प्रातनिष्यद् यदि ... यः
२७ (स्वमौ) र्ख्यमात्राश्रयणादभीक्ष्णं कुतार्क्कितकैस्त (द्विनिवार्य्यमा)णम्
२८ ... ...व्यचैषीन्न पृथक्प्रमाणं कथन्तदस्थातुमिद ... ...पः
२९ ... ...पि च प्राणवियोगहेतुर्न्न प्रत्यवायो (यदि नान्य) थैषा
३० ... ...त्वमेव प्रतिवेत्सि सम्यङ् न वेदितान्यो भुवि कश्चि (दस्ति)
३१ ...स्तुतिः स्यादनुवादतो वा स्तुत्येषु वाचां द्वितय (म्प्रवृत्तम्)
३२ (स्तु) तिर्गुणानां विधिना न सत्वान्न चानुवादस्त्वयि ...
३३ ... न धर्म्मं सकलं न्यहिंसीत् त्वन्नैव रागादिरयं न्य (भान्सी)
३४ (स्वर्गैषि) णीं वैषयिकीञ्च तृष्णां विधूय शुद्धस्त्वमि (ति प्रसिद्धः)
३५ ... ...कामाद्यविविक्तरूपं यदि व्यवारिष्यत (सर्व्ववा) द (:)
३६ ...(दूरात्) स्मृतीनामगतेः श्रुतीनां तदद्य लोके नियतं व्य (नश्यत्)
३७ (वि) पाट्य मोहानमृतं व्यसृक्षत् स्वयञ्च धर्म्मादि जगत्यतिष्ठथाः
३८ (त्र) यी त्वयागाज्जगति प्रतिष्ठान्त्वमेव धर्म्मं विविधानतिष्ठिपः
३९ ...वन्दुष्प्रतिपादमेतत्स्वर्गादिशब्दोपनिबन्धमा (त्रम्)
४० ...दस्तीति जनोग्रहीष्यद् भवानिहैवं यदि न व्यनेक्ष्य (त्)
४१ (निराकृ) ता कुमतिभिरंहसावृतैः कुतार्क्किकैः कथमपि सौगता (दिभिः)
४२ (त्रयी) त्वयि प्रथितगिरि प्रभावियम्पयोनिधौ सरिदिव विन्दति स्थितिम्
४३ ...द् विनियतपदार्त्थाद्यनुगमात्तव श्रुत्वा काव्यं सपदि मनसा गम्यपद-
४४ ...(र्त्थत्वादवन) परमार्त्थानुसरणे दधात्युच्चैर्म्मोहं सपदि गतवि- द्येष्वनि (यतं)
४५ ...शास्त्रे मनुयमबृहस्पत्युशनसां विधानं कृत्यानामसुगमपदं लोक (निभृतं)
४६ ...नैवं प्रतिविषयमाधूय निपुणम्फलेनैवाशेषन्त्वमिदमम ..
४७ ...न्नृपचरितानुवादिभावात्पादादेः प्रतिनियतं स्वतश्च काव्यम्
४८ ...रनुकथनादपीह शास्त्रं त्वं शक्तेरिदमपि भारताद्यकार्षीः (:)
४९ ...भवजलधौ विवर्त्तमानान् रागादिप्रपतधियः प्रगाढमोहान्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५० ...स्यास्त्वमिति विधाय मुक्तिमार्ग्गं साचीनाम्भुवि पुरुषाङ्क्करोषि मन्त्रे
५१ सु(खिना) विविक्तवचसा त्वया सता कृपया परार्थविनिवे-शिबुद्धिना
५२ ज(ग)तो हिताय सुकृते ह भारते भुवि वाङ्मयं सकलमेव दर्शितम्
५३ विदितविविधधर्म्मो वेदिता वाङ्मयानान्निरवधिकममिथ्या शान्तरागादिदोषम्
५४ ...नव परार्थस्तद्भवान्मोहजालन्तिमिरमिव विवस्वानंशुभिः प्रक्षिणोति
५५ प्रतिविषयनियोगात्पालकत्वाच्च तासान्निपुणतदवबोधात्तद्विवेका-ददोषात्
५६ जगति तदुपदेशात्त्वम्मिथस्तद्विभागादुपहित इव मूर्त्तिस्त्र्यात्मना मन्त्रवाचाम्
५७ सौक्ष्म्याद्दुर्ब्बोधमीशं स्थितमपि सकलं लोकमावृत्य तन्वा वाग्बुद्ध्योरप्यतीता
५८ (कृति)मपि मुनिभिः स्वागमाद्ध्याततत्त्वम् विद्यारूपं विशुद्धे पदमनतिशय्य
५९ क्षीणसंसारबन्धम् स्यादात्मानन्न जातु त्वमिव कथयिता कश्चिदन्यो द्वितीयः
६० प्रत्याधारस्थितत्वात्पृथगपि न पृथक् तत्स्वरूपाविशेषात् नित्यं धर्म्मैरयोगा-
६१ त् पुनरपि न तथा सर्व्वकालाप्रतीतेः नाशोत्पादाद्ययोगात्स्थितमपि
६२ जगतः सर्व्वगं व्यापिभावात् चैतन्यं रूपपक्षस्थितमपि कथये-
६३ त्को नु लोके त्वदन्यः निरंहसन्दुरितभिदं विवेकिनन्तमोमुषं शमि-
६४ तभवं विपश्चितं गिराम्पतिं सुधियमसङ्गिचेतसं मयोदि-
६५ तं वचनमपैतु ते सदा शमितभवभयेन क्षायिणाज्ञानराशेः
६६ स्वयमुपहितधाम्ना वेद्यपारङ्गतेन जगदपरजसेदन्तत्त्व-
६७ या सर्व्वमाराद्वियदिव तिमिराणां क्षायकेना (णा) वभाति
६८ गुणपुरुषविवेकज्ञानसंभिन्नजन्मा व्यतियुतविषयाणां त्व-
६९ ङ्गिरां संविवेकी जगति घनविरूढव्यापिसम्मोहभेदी च्युतजग-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७० दृनिरोधः खे शशीव चकाः सि तदहमिति नुनूषद्भिन्नसंसार-
७१ बन्धं वितमसमरजस्कं त्वाङ्गरीयांसमाद्यम् कथमपि पर-
७२ लध्वीं स्वान्निबघ्नामि वाचं तदिह पितरि मे त्वं संपदस्संविधत्स्व
७३ भगवतो द्वैपायनस्य स्तोत्रङ्कृतमनुपरमेण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं–२३

प्राप्तिस्थान–हाडिगाउँस्थित सत्यनारायण मन्दिरको गरुडध्वजको अभिलेख

मिति–×

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–×

प्रशासनिक पद–×

अड्डा–×

शिलापत्र राख्नाको उद्देश्य–वैदिक मतको प्रचारार्थ औ आफ्ना माता-पिताको उद्धार होस्

शिलापत्र राख्नेको नाम–अनुपरम

महानात्माहरूको समेत देवताहरूको नाम–(१) विवस्वान् (सूर्य) (२) शशी (३) शुक्र (४) सौगत (५) मनु (६) यम (७) वृहस्पति (८) द्वैपायन

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–वैदिक, सकाम कर्म

कुनमा प्रकाशित–सिल्वां लेवीद्वारा ४ संख्या; "संस्कृत-संदेशः" विजयादशमी २०११; आर, नोलीद्वारा XI संख्या; "पूर्णिमा" १४ पूर्णाङ्क

शिलापत्रको शीर्षचिह्न–×

लिपि–ब्राह्मी

स्थान–×

संक्षिप्त विवरण–प्रस्तुत शिलालेखमा अनुपरमको द्वैपायन व्यासको स्तुति वर्णित छ। यिनी वेद विरोधीहरूका शत्रु तथा वैदिक मतका अनुयायी थिए। यसैले यिनले वैदिक धर्मको प्रचारार्थ बौद्धमार्गीहरूको विरोध गर्दै गरुड़स्तम्भ खडा गरे। यस भक्तिलेखमा बौद्धहरूलाई कुमति, अंहसावृतः तथा कुतार्किक-कको संज्ञा दिँदै वैदिक धर्मको प्रधानता दर्शाइएको छ औ आफ्ना माता–पिताको उद्धार होस् भन्ने कामना पनि व्यक्त गरिएको छ।

कैफियत–नेपालको इतिहासमा धार्मिक असहिष्णुता औ विरोधी धर्मप्रति विद्वेषको भावनाले परिपूर्ण पहिलो-पहिलो तथा सर्वप्रमुख उदाहरण यस अभिलेखलाई लिन सकिन्छ।

मनु, यम, बृहस्पति, शुक्र आदिका विधानहरूको उल्लेख भएबाट तिनीहरूको तिथि निर्धारणमा पनि यसको खास महत्व रहन गएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ । यस समयको अनुशासनमा ती विधानहरूको विशेष प्रभाव स्थापित भएका कुरामा पनि यसले संकेत गरेको छ ।

यस समय वैदिक सकाम दर्शन प्रति समाजमा केही अनास्था पनि फिंजिन लागेको स्वर्गको मात्र ईच्छा राख्ने विषय तृष्णालाई हटाएर रहने शुद्ध स्वरूप भएकाहरूमा तपाईं ज्यादै प्रसिद्ध हुनु हुन्छ भनी यहाँ द्वैपायन व्यासको स्तुति गरिएबाट ज्ञात हुन्छ। ऋग्वेदमा तृष्णाको वाहुल्य छ, अनि केही कुरा प्राप्तिको उत्कट अभिलाषा ।

"न तस्य विद्म तदुषु प्र वोचत युवा ह यद्युवत्याः क्षेति योनिषु ।
प्रियोस्त्रियस्य वृषभस्य रेतिनो गृहं गमेमाश्विना तदुश्मसि ।।११।।"

—घोषा, १०।४०

अर्थात् "युवक र युवती घरमा कसरी वस्छन् भन्ने कुराको ज्ञान मलाई नभएको हुनाले तपाईंले त्यस विषयमा केही भनि दिनु होस् । म स्त्री–प्रिय सुपुष्ट पराक्रमी तरूणको घरमा जान चाहन्छु, हे अश्विन्, मेरो यस कामनालाई पूरा गरी दिनु हवस् ।।११।।[१]

–ऋग्वेद, १०।४०।

वेदलाई कर्म र ज्ञान दुइ काण्डमा विभाजन नगरेको भए स्वर्गादिको प्राप्तिलाई मात्र लक्ष गर्ने विषय तृष्णालाई वढाउने यो वेदशास्त्र काम लाग्ने रहेनछ भन्ने धारणा मानिसहरूले लिन्थे भनेको कुरा-बाट यसप्रति मानिसहरूमा अनास्था हुन लागेको कुराको पुष्टि हुन्छ ।

यस अभिलेखमा अनुपरमले द्वैपायन व्यासको निष्काम कर्मको सहनी गर्दै आफ्ना पिताको उद्धारको कामना गरेको उल्लेखले हिजो आजका धेरै जसो पण्डितहरूको "कथामा पो हुँदैन भनेको यहाँ त हुन्छ नि" भन्ने आचरणको सम्झना हुन्छ ।

नैयायिक पद्धतिको प्रारम्भ ऋग्वैदिक समयमैं भैसकेको भए तापनि त्यसको राम्रो प्रस्फूटन उपनिषद्कालदेखि भएको थाहा हुन्छ । उपनिषद्कालमा त नियमानुसार परिषद्हरू थिए जहाँ ठूला-ठूला विद्वानहरू शास्त्रार्थ गर्दथे । विदेह (तिर्हुत)को परिषद्मा विद्वानहरूको शास्त्रार्थको क्रममा याज्ञवल्क्यलाई विजयी भएको हामी

१. हेर्नोस्–राहुल सांकृत्यायन कृत "ऋग्वेदिक आर्य," १९५७, पृष्ठ ५४०-४१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाउँछौं । यसरी प्राचीन न्यायशास्त्रको विकासमा तिर्हुतको खास स्थान रहेको छ भन्न सकिन्छ । बौद्ध न्यायशास्त्रको जन्म एवं विकास को भूमिको रूपमा मगधको ख्याति रहे जस्तै हिन्दु न्यायशास्त्रको बारेमा त्यो श्रेय तिर्हुतलाई प्राप्त हुन्छ ! जेहोस्, ऋग्वैदिक समय देखि प्रारम्भ भएको नैयायिक पद्धति विचार स्वातन्त्र्यको कारण झन्–झन उन्नति गर्दै गएको थियो । खिष्टाव्द पछि ठूला-ठूला हिन्दु, बौद्ध नैयायिकहरू देखिन लागेका थिए । त्रिलोचन, वाचस्पति मिश्र गंगेश उपाध्याय आदि हिन्दु नैयायिकहरूको अतिरिक्त नागार्जुन (२००ई.), वसुबन्धु (४००ई.), दिङ्नाग (४२५ई.), तथा धर्म-कीर्ति (६००ई.) आदि जस्ता ठूला–ठूला बौद्ध नैयायिकहरूको उद्भव खिष्टाव्दको अनन्तरनैं भएको थियो । ती बौद्ध नैयायिकहरूले वैदिक दर्शन, एवं धर्ममाथि सांघातिक प्रहार गर्न लागेका थिए । सातौं शताव्दी ई. का बौद्ध नैयायिक धर्मकीर्तिका कथन यसको लागि उदाहरण स्वरूप छ ।

"वेदप्रामाण्यं कस्यचित्वर्तृवादः स्नाने धर्मेच्छा जातिवादावलेपः ।
संतापारंभः पापहानाय चेति ध्वस्तप्रज्ञानां पंच लिंगानि जाडये ।"[१]

बौद्ध नैयायिकहरूका उक्त प्रकारको कथनको प्रतिक्रिया स्वरूप हिन्दु नैयायिकहरूले पनि तिनीहरूको तर्कको खण्डन गर्नमा कुनै प्रकारको कसर बाँकी राखेनन् । प्रस्तुत अभिलेख यसको लागि उदाहरण स्वरूप लिन सकिन्छ । यस लेखमा बौद्धहरूलाई कुमति, अंहसावृतः तथा कुतार्किकको संज्ञा दिइएबाट नेपालको प्राचीन नैयायिक पद्धतिको संकेत मिल्छ । जसले तत्समय यहाँ पूर्णरूपले विचार स्वातन्त्र्य रहेको कुरा दर्शाउँछ ।

यहाँ गरुड़स्तम्भ खडा गरी त्यसमा द्वैपायन व्यासको स्तुति उत्कीर्ण गरिएबाट यिनी तत्समय वैष्णवमार्गी देवताको रूपमा पूजित रहेको जानिन्छ । द्वैपायन व्यास विष्णुका दश अवतार एवं द्वाविंशति अवतारहरूमध्ये एक मानिएको कुरा मत्स्य, वायु तथा

१. हेर्नोस्–राहुल सांकृत्यायन कृत "महामानव बुद्ध" १९५६ ई. पृ. १२८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भागवत पुराणहरूको अध्ययनमा स्पष्ट रूपले विदित हुन्छ।[१] सो शिलास्तम्भ सत्यनारायण मन्दिरको ठीक अगाडि खडा गरिएबाट पनि उक्त तथ्यकै पुष्टि हुन्छ ।

---

१. विष्णुका दश अवतार नाम–

१.नारायण २. नरसिंह ३. वामन ४. दत्तात्रेय ५.मान्धातृ ६. परशुराम ७. राम ८. वेदव्यास ९. बुद्ध १०. कल्कि

–मत्स्य पुराण

१. नारायण २. नरसिंह ३. वामन ४. दत्तात्रेय ५.मान्धातृ ६. परशुराम ७. राम ८. वेदव्यास ९. कृष्ण १०. कल्कि

–वायु पुराण

हेर्नोस्–आर. सि. मजुमदारद्वारा संपादित "द क्लासिकल एज"१९६२ई. पृ.४२१

बिष्णुका २२ अवतार नाम–

१. पुरुष २. वराह ३. नारद ४. नर ५. नारायण ६. कपिल ७. दत्तात्रेय ८. यज्ञ ९. ऋषभ १०. पृथु ११. मत्स्य १२. कूर्म १३. धन्वन्तरि १४. नरसिंह १५. वामन १६. परशुराम १७. वेदव्यास १८. राम १९. बलराम २०. कृष्ण २१. बुद्ध २२. कल्कि

–भागवत पुराण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. २४

१. ॐ स्वस्ति मानगृहा (त्परमदैवतबप्प) भट्टा-
२. रकमहाराजश्रीपादा (नुध्यातः श्रतनय) दया-
३. दानदाक्षिण्यपुण्यप्र (तापविकसितसित) कीर्ति-
४. र्भट्टारकमहाराजश्री (वसन्तदेवः कु)शली
५. जयपल्लिकाग्रामे (निवासोपग) तान् ब्राह्मणपुरस्स-
६. रान्त्र ङ्ग्र शुल्मु तेपुल... ...प्रधानान्ग्रामकुटुम्बिनः
७. साष्टादशप्रकृतीन्कुश (लं पृ)ष्ट्वा समाज्ञापयति
८. विदितं वोस्तु यथा (स्माभि) रायुष्मत्यै प्रियभगिन्यै
९. (ज) यसुन्दर्यै स्वसन्तानानुक्रमेण सुस्थितकोट्ट-
१०. (म) र्य्यादः अचाटभटप्रवेश्योयं ग्रामोतिसृष्टोस्य
११. -स्य सीमा शीताटीगुल्मकस्य पश्चाद् या नदी ततः पर्व्व-
१२ (त)- श्चिमेन यावत्पर्व्वतचूडिका दक्षिणतोपि तत एव नद्या
१३ -स्य पश्चिमेन...पजु यावद्धस्तिमार्गं सम्प्राप्तेति
१४ ततोपि च हस्तिमार्ग्ग...(प)श्चिमतो यावत्पर्व्वतचूडिका
१५ पश्चिमतः पर्व्वताग्रस्य... ति प्रागापः स्यन्दन्ते पश्चिमोत्तरे-
१६ णापि शिवकदेवकुलस्य दक्षिणतः पानीयमार्ग्गावधिः उत्तरेणा-
१७ पि थेञ्चो ग्रामस्य दक्षिणतः यावन्महापथः प्रागुत्तरेणापि नव-
१८ ग्रामस्य दक्षिणतो मार्ग्ग एवावधिर्य्यावत्पूर्व्वेण नदीम्प्रविष्टाः इति
१९ तदेतस्मिन्ग्रामे ये प्रविष्टाः प्रविविक्तवश्च ब्राह्मणप्रधानाः सा-
२० ष्टादशप्रकृतयस्तेषामत्र प्रतिवसतान्न केनचिदस्मत्पादोप-
२१ जीविना स्वल्पाप्याबाधा कर्तव्या यश्चे मामाज्ञामुल्लंघ्यान्यथाकु-
र्य्यात्कार-
२२ येद्वा तस्याहं दृढन्न मर्षयिष्यामि तदेवम्विदित्वात्रभवद्भिर्न्निर्वृ तविश्व-
२३ स्तैरकुतोभयैः स्वकर्म्मावस्थायिभिः परस्परेणाश्वासयद्भिश्च समुचि-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२४ तभागभोगकरपिण्डकदानादिभिरुपकुर्व्वद्भिरनया प्रतिपाल्यमानै-
२५ राज्ञाश्रवणविधेयैः सुखं प्रतिवस्तव्यमिति समाज्ञापना येप्यागामि-
२६ नो राजानोस्मद्वंश्या भविष्यन्ति तेप्येनामस्मद्दत्ताम्भूमिमनुमो-
दितुम-
२७ (र्ह) न्ति यत्कारणं बहुभिर्व्वसुधा भुक्ता राजभिः सगरादिभिर्यस्य यस्य
२८ यदा भूमिस्तस्य तस्य तदा फलम् स्वदत्तां परदत्तां वा यो हरेत वसुन्ध-
२९ राम् स विष्टायां क्रमिर्भूत्वा नरकेषु प्रपद्यत इति दूतको याज्ञिक-
३० विरोचनगुप्तः संवत् ४२८ मार्ग्गशीर्षशुक्लदिव १.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–२४

प्राप्तिस्थान–थानकोट आदिनारायणस्थानको अभिलेख

मिति–संवत् ४२८ मार्ग्गशीर्षशुक्लदिव १

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत– (१) ॐ स्वस्ति मानगृहा (त्पर-मदैवतबप्प) भट्टारकमहाराज श्री-पादा(नुध्यातः श्रुतनय) दया-दानदाक्षिण्यपुण्यप्र (तापविकसित-सित) कीर्तिर्भट्टारकमहाराज श्री (वसन्तदेवः)

(२) आयुष्मत्यै प्रियभगिन्यै (ज) यसुन्दर्यै

(३) दूतको याज्ञिकविरोचनगुप्तः

प्रशासनिक पद–दूतक

धर्म, धार्मिक कार्य–×

शिलापत्र राख्नाको उद्देश्य–आयुष्मती प्रियभगिनी जयसुन्दरीलाई ग्राम प्रदान गरी राजाज्ञा जारी गरेको

शिलापत्र राख्नेको नाम–भट्टारकमहाराज श्री (वसन्तदेवः)

महानात्माहरूको समेत देवताहरूको नाम–सगर

विहार, मन्दिरको नाम–×

अड्डा–×

कुनमा प्रकाशित– आर. नोलीद्वारा XII संख्या; "पूर्णिमा" १४ पूर्णाङ्क

शिलापत्रको शीर्षचिह्न–×

लिपि–ब्राह्मी

स्थान–(१) जयपल्लिकाग्राम (२) थेञ्चोग्राम (३) नवग्राम (४) शीताटीगुल्मक (५) हस्तिमार्ग (६) वसुन्धरा (७) वसुधा (८) नरक

संक्षिप्त विवरण–प्रस्तुत शिलालेखमा भट्टारकमहाराज श्रीवसन्तदेवले आफ्नी बहिनी राजकुमारी जयसुन्दरीलाई तिनीका सन्तान दर सन्तानले खान पाउने गरी चाट भटको प्रवेश निषेध पूर्वक चार किल्ला खोली ग्राम प्रदान गरेको वर्णन गरिएको छ। उक्त ग्राममा बसेका र पछि बस्ने ब्राहणलगायत अठाह्रै जातका मानिसहरूलाई हाम्रो पाउको आशा गरेर बस्ने कसैले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि कुनै प्रकारको मर्का नपार्नु तथा पारेमा त्यसलाई नसहने आदि–आदि कुरा यहाँ वर्णित छन् ।

कैफियत– प्रस्तुत अभिलेख उत्तरप्राचीनकालीन जातपातबारे थाहा लिन महत्त्वपूर्ण सामग्रीको रूपमा रहेको छ । यसमा "जयपल्लिकाग्रामे [नि वासोपग] तान् ब्राह्मणपुरस्सरान्ब्रं ङब्रं शुल्मुंतेपुल ··· ··· प्रधानान्ग्राम कुटुम्बिनः साष्टादशप्रकृतीन्कुश [लंपृ] ष्ट्वा समाज्ञापयति ··· ··· ··· ···" भनी राजाज्ञा जारि गरिएको छ जसले तत्समय यहाँ अठार जातका मानिसहरूको बसोबास रहेको कुराको पत्तो हुन्छ । अनुमानित चारौं शताब्दी ई. को हिरहडगल्ली ताम्रलेखले पनि मानिसहरूको अठार जातको अस्तित्त्वतिरै औंल्याएको छ ।

"··· ··· अ–हरितक–साक–पुरू–गहणं एवमादीकेहि अठ्ठारस-जाति–परिहारेहि विसयवासीहि अपिट्टी–वासीहि चिल्लेरेककोडुंक-वासीहि च परिहरितवं हरिहापेतव्व च त्ति (।)"[१]

–हिरहड्गल्ली ताम्रलेख, अनुमानित चारौं शताब्दी ई.

यसको अतिरिक्त कुमाउँका राजा ललितशूरको अभिलेखमा पनि अष्टादश प्रकृति (जाति विशेष) वारे वर्णन गरिएको छ ।

"··· ··· अष्टादशप्रकृत्यधिष्ठानीयान् खशकिरातद्रविड़कलिङ्गगौड़ हूणोड्रमेदान्ध्रचाण्डालपर्यन्तान् सर्व्वसम्बासान् समस्तजानपदान् ··· ··· ··· समाज्ञापयति"[२]

–ललितशूरका ताम्रलेख, दशौं शताब्दी ई.

यसरी उत्तरप्राचीनकालीन नेपालमा अठार जातका मानिसहरूको वसोवास रहेको कुरा निर्णित हुन्छ ।

१. हेर्नोस्– डि. सि. सरकार द्वारा संपादित "सेलेक्ट इन्स्क्रिप्सन्स" कलकत्ता विश्वविद्यालय, १९६५ ई. पृ. ४६४

२. हेर्नोस्–श्रीराहुल सांकृत्यायनकृत "कुमाऊँ", वि.सं.२०१५,पृ.४०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. २५

१ ... ...
२ ... ... श्रीबप्पभट्टारकपादानुध्यातो ..
३ ... (म) हाराज श्रीवसन्तदेवः कुशली ..
४ ... यथाप्रधानङ्ग्रामकुटुम्बिनः (कुशल)
५ ... (मभि) धाय समाज्ञापयति विदितमस्तु ...
६ ... परमदैवत श्रीबप्पभट्टारकपा (दैः) ..
७ ... युष्मदीयग्रामः पूर्व्वेण तो ..
८ ... तशिखरात् दक्षिणपश्चिमदेश ..
९ ... मार्ग्गात् पश्चिमेन राजभूमे ...
१० ... रमुत्तरेणापि हारागुङ् शिखर ...
११ ... ... रपूर्व्वमेव ...
१२ ... ... (आयुष्म)त्या प्रियभगिन्या
१३ ... जयसुन्दर्या .. .. परमदैव(त) ...
१४ ... बप्पभ(ट्टारकपादा) नामात्मनश्च श्रे(यसे) ...
१५ ... पश्चि (म) . (प्रणा)ल्याः खण्डफुट्ट
१६ ... प्रतिसंस्कार .. दुलुसिङ ..
१७ ... पञ्च ... दत्तो दूतकश्चात्र
१८ ... सर्वदण्डनायक महाप्रतिहार ...
१९ ... (व्य) वहरति संवत् ४००, ३० ...

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं–२५

प्राप्तिस्थान–सीतापाइलाको अभिलेख

मिति–संवत् ४३०

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) श्रीबप्पभट्टारकपादानुध्यातो
… … महाराज श्रीवसन्तदेवः
(२) (आयुष्म)त्या प्रियभगिन्या
जयसुन्दरी
(३) परमदैवत श्रीबप्पभट्टारक

प्रशासनिक पद–(१) दूतक (२) सर्व्वदण्डनायक (३) महाप्रतिहार

अड्डा–×

शिलापत्र राख्नाको उद्देश्य–धारा आदिको वन्दोवस्तको लागि जग्गा प्रदान गरेको

शिलापत्र राख्नेको नाम–महाराज श्रीवसन्तदेवः

महानात्माहरूको समेत देवताहरुको नाम–×

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–×

कुनमा प्रकाशित–"पूर्णिमा" ९ पूर्णाङ्क, प्रकाशकः संशोधन मण्डल,

शिलापत्रको शीर्षचिह्न–×

लिपि–ब्राह्मी

स्थान–(१) राजभूमि (२) हारागुङ शिखर

संक्षिप्त विवरण–प्रस्तुत शिलालेखमा महाराज श्रीवसन्तदेवले आफ्नी प्यारी वहिनी जयसुन्दरीद्वारा भट्टारक श्रीबुवाको र आफ्नो कल्याणको लागि निर्माण गरेको प्रणाली आदिको वन्दोवस्तको लागि भूमि प्रदान गरेको कुरा वर्णित छ ।

कैफियत–प्रस्तुत शिलालेखमा परमदैवत भट्टारक श्रीबुवाद्वारा प्रदत्त तिमी-हरुको ग्राम भनी उल्लेख आएकोले यस समय एक जात अर्थात् समान पेशाका मानिसहरुको भिन्ना भिन्नै वस्तिहरू वसेर त्यसैको अनुरूप ग्रामहरु वस्न लागेको अनुमान हुन्छ ।

महाराज श्रीवसन्तदेवको यस शिलालेखमा आयुष्मत्याः प्रिय भगिन्या जयसुन्दर्या भनी स्पष्ट वर्णन गरिएकोले संवत् ४२८ को थानकोट आदिनारायणस्थानको राजाज्ञानैं जारी गरिएको अभिलेखमा राजाको नाम मेटी सकेको भएतापनि आयुष्मत्यै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रियभगिन्यै जयसुन्दर्य्यै भनेर उल्लेख भएकोले उक्त अभिलेखको राजा वसन्तदेवनै रहेको प्रमाणित भएको छ ।

राजतन्त्रात्मक शासन व्यवस्थामा राजाहरू आफन्तजनहरूको कार्यकलापमा विशेष अभिरुचि राख्ने भएर तिनीहरूको लागि विशेष सहायता पुर्याउन पनि चुक्तैनन् भन्ने कुरा महाराज श्रीवसन्तदेवले आफ्नी वहिनीद्वारा निर्मित प्रणालीको व्यवस्थाको लागि जग्गा प्रदान गरेको कुराबाट बिदित हुन्छ ।

प्रस्तुत शिलालेखमा चारकिल्ला खुलाउँदा एकातिरकोलाई राजभूमि भनी स्पष्ट उल्लेख भएबाट यस समय राजभूमिहरूको अस्तित्व कायम हुनुको अतिरिक्त भूमिमा रैती दुनियांको स्वामित्व पनि स्थापित भैसकेको सिद्ध छ ।

"हारागुङ" शव्द नेवारी भाषाको रहेको छ । नेवारी भाषाका शव्दहरू पाँचौं शताव्दी ई. देखिनैं देखिन लागेको थियो औ यहाँ यस शव्दको प्राप्तिले नेवारी भाषाको क्रमिक रूपले प्रस्फुटन हुंदै आएको तथ्यलाई चरितार्थ गरेको छ । किनभने शव्दमैं भाषाको अस्तित्व जानिन्छ । तर यहाँनेर यस तथ्यलाई उल्लेख गर्दा कुनै अत्युक्ति होला जस्तो लाग्दैन कि उत्तरप्राचीनकालका अनेक यस्ता असंस्कृत शव्दहरूलाई हिजो आजका धेरैजसो विद्वानहरू नेवारी भाषाका शव्द भन्नुको वदला किरात, आभीर आदि जातिका भाषाहरूको शव्द भनी स्वीकार गर्दछन्, यथार्थ सत्यलाई तोड़फोड़ गर्छन् ।

यो निश्चय छ कि उत्तरप्राचीनकालमा शिलालेखहरू राख्ता खालि संस्कृत भाषाकै प्रयोग गरिन्थ्यो जसको कारण त्यस समयका अरू भाषाका अभिलेखहरू देख्न पाइएको छैन । नेवारी भाषाको पहिलो अभिलेख अहिलेसम्मको अन्वेषणको आधारमा नेपाल संवत् १२५ को रहेको छ ।[१] त्यस समयसम्म संस्कृतका

---

१ "ॐ श्रेयोस्तु: संवत् अ.थ.ह.(१००+२०+५) चैत्र शुक्ल त्रियोदस्याम् ॥..
महाराजाधिराज श्रीनिर्भयदेव विजयराजः ॥ श्री ख पु ... ...
शिवग्वलोत्तर घेनक वास्तव्य जय चतुपाकन श्रिया थवङ वक परक ... ...
देवस्थानार्थं द्वादश मानि धानि प्रज्ञा तप तिलक मरा ... ... "
—भ. पु. तौमधि टोलको शिलाभिलेख, ने. सं. १२५ (=१००५ ई.)
हेर्नोस्- डा.डि.आर. रेग्मी लिखित "मेदिएवल नेपाल" भाग ३,१९६६ई,पृ २-३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अतिरिक्त अरु-अरु भाषाहरूको पनि प्रयोग यहाँ गरिन लागेको थियो । जेहोस्, संस्कृतनैं त्यस समय पनि मुख्य भाषाको रूपमा विद्यमान थियो । किनभने प्रायजसो अभिलेखहरू यसै भाषामा राखिएका छन् । यसबाट पनि नेवारी भाषामा अभिलेखहरू नदेखिदैमा उत्तरप्राचीनकालमा यसको अस्तित्त्व छैन भन्न सकिन्न। तर यहाँ यो विचारणीय छ कि किरात आदि भाषाका अभिलेखहरू २० औं शताव्दी ई. भन्दा अघिका कुनै अहिलेसम्म देखिएको छैन । प्रत्युत माथि उल्लिखित सरीका अनेक उत्तरप्राचीन कालीन शव्दहरूलाई आफुमैं ग्रहण गर्ने नेवारी भाषाका अभिलेखहरू एघार्हौं शताव्दी ई. देखिनैं देखिन लागेको हामी पाउँछौं। यसबाट माथि वर्जित भए अनुसार पाँचौं शताव्दी ई. देखिनैं नेवारी भाषा यहाँ फस्ताउन लागेको विदित हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. २६

१. (स्व) स्ति नैपालेभ्यः परमदैवतश्रीबप्प (भट्टारक)-
२. (पादानु) ध्यातभट्टारकमहाराज श्रीवसन्तदे (वः)
३. (कुशली) ङ्ग्रामे निवासोपगतान् प्रधान (पुर-)
४. (स्सरान्कुटुम्बि) नः कुशलमभिधाय समाज्ञापयति
५. (विदि) तमस्तु वो यथा ... ...
... ...
१०. ... ... सर्व्वदण्डनाय (क)
... ...
१५. संवत् ४३४ ... ...

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. २६
प्राप्तिस्थान–टिस्टुङ्ग ग्रामको शिलाभिलेख
मिति–संवत् ४३४
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–परमदैवतश्रीबप्प(भट्टारक) (पा-
दानु) ध्यात भट्टारकमहाराज
श्रीवसन्तदे(वः)
प्रशासनिक पद–सर्व्वदण्डनाय (क)
धर्म, धार्मिक कार्य–×
शिलापत्र राख्नाको उद्देश्य–राजाज्ञा जारी गरेको
शिलापत्र राख्नेको नाम–भट्टारकमहाराज श्रीवसन्तदेवः
महानात्माहरूको समेत देवताहरूको नाम–×
विहार, मन्दिरको नाम–×
अड्डा–×
कुनमा प्रकाशित–श्रीहेमराज शाक्यद्वारा संपादित "अभिलेख प्रकाश" करुणा
प्रकाशन, १९६९ ई, पृ. ७;
"टिस्टुङ्ग–चितलाङ भेकको ऐतिहासिक सामग्री"
शिलापत्रको शीर्षचिह्न–यसको शिरोभागको वीचमा चक्र अंकित छ । त्यसको
दायां वायां शंख अंकित छन् ।
लिपि–ब्राह्मी
स्थान–(तेस्तु)ङ्गग्राम
संक्षिप्त विवरण–नेपालवासीहरूको कल्याणको कामनासाथ तेस्तुङ्गग्रामवासी-
हरूको नाममा राजाज्ञा जारी गरिएको छ ।
कैफियत–प्रस्तुत शिलालेख राजाज्ञा जारी गरी राखिएको छ । यस अभिलेखको
प्रारम्भमा स्वस्ति नैपालेभ्यः भनी उत्कीर्ण गरिएको छ जुन यसको
खास वैशिष्ट्य स्वरूप छ । किनभने नेपाल खाल्डो भित्र
अहिलेसम्म पाइएका जत्ति पनि उत्तर प्राचीन कालीन शिलाभिलेखहरू
छन् तिनीहरू कुनैमा पनि उक्त शब्दको प्रयोग भएको देखिएको
छैन । वरू त्यसको विपरित नेपाल खाल्डो वाहिरका अभिलेखहरूमा
उक्त शव्दको प्रयोग प्रायशः भेट्टिएका छन् । यसैले लिच्छविहरूको
नेपाल खाल्डो भन्दा वाहिर साम्राज्य प्रसारको संग संगै तिनीहरूमा आफ्ना
यहाँका मूल निवासीहरू प्रति आत्मीय भाव अत्यधिक मात्रामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जागृत भएको अनुमान हुन्छ । अनि सहृदयी व्यक्ति टाढा रहंदा घर मात्र सम्झने हुनजाने प्रकृति हुंदा त्यहीनें स्वाभाविकतालाई यहाँ राजाहरुले आफ्ना अभिलेखहरुमा दर्शाउन खोजेको हो भन्ने लाग्दछ । जसको फलस्वरूप यो खाल्डोका सम्पूर्ण बासिन्दाहरु एउटै जातीय समुदायभित्र सम्झिने प्रवृत्ति जागृत भै अन्ततः नेपाल देशको नामले यिनीहरुको सामुहिक नामरूप नेपालवासी = नेपामी = नेवा भनिन लागेको अनुमान हुन्छ ।

अर्को, नेपाल खाल्डोमा प्राप्त उत्तरप्राचीनकालका कुनैपनि अभिलेखहरुमा स्वस्ति नैपालेभ्यः भनी वर्णन गरिएको अहिलेसम्म देखिएको छैन । यसको विपरित नेपालखाल्डो भन्दा बाहिर टिस्टुङ्ग-चितलाङ भेकका अभिलेखहरुमा उक्त प्रकारका वाक्यको प्रयोग पाइन्छ । यसले ती इलाका नेपालराज्यान्तर्गत पछिमात्र पर्न आएको हो भन्ने कुराको सूचन गर्दछ । जसको कारण तिनीहरूमा नेपालीत्वको भावना जागृत गराउने हेतुले पनि यो भेकका अभिलेख-हरुमा "स्वस्ति नैपालेभ्यः" अर्थात् "नेपालवासीहरुका कल्याण होस्" भन्ने वाक्य प्रयोग गरिएको देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ९७

१. ॐ स्वस्ति मानगृहात्परमदैवतबप्पभ-
२. ट्टारकमहाराज श्रीपादानुध्यातः श्र्‌ तन-
३. नदयादानदाक्षिण्यपुण्यप्रतापविकसितसि-
४ तकीर्त्तिर्भट्टारकमहाराजश्रीवसन्त-
५. देवः कुशली ... ...ष्वधिकरणेषु धर्म्म-
६. स्था[न] ... ... णेकांश्च कुश-
७. [लमाभाष्य समाज्ञापयति] विदितमस्तु वो मया
८. ... ... [शु] लिङ्गल
९. ... ... कूथेर
१०. ... ... [क] रणाय
११. ... ... [भ] ट्टारक-
१२. ... ... शप्येत्तोषान्त्र-
१३. ... ... दिकार्य्येषु सद्वि-
१४. ... ... मयापि तेषां
१५. ... ... मोदित ...
१६. ... ...
१७. ...[अस्म] त्पादोपजीविभिरि [यमाज्ञा सम्यगनु]
१८. [पालनीया] यश्चे मामाज्ञामुल्लंघ्या [न्यथा कुर्यात्कार]
१९. [ये]द्वा तस्याहं दृढं मर्यादाभङ्गकारिणो न मर्षयिष्या
२०. [मी] ति समाज्ञापना संवत् ४३५ [आश्व]
२१. युजि शुक्ल दिवा १ दूतकः सर्व्वदण्डना-
२२. यकमहाप्रतिहाररविगुप्तः इति ॥
२३. ब्राह्म कि च महीशीले व्यवहरतीति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.—२७
प्राप्तिस्थान–काठमाण्डू जैसीदेवलस्थित छत्रचण्डेश्वरको मूर्त्तिसित अडेसलाएको शिलामा उत्कीर्ण अभिलेख
मिति–संवत् ४३५ [आश्व]युजि शुक्ल दिवा १
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१)ॐ स्वस्ति मानगृहात्परमदैवतबप्पभट्टारकमहाराजश्रीपादानुध्यातः श्रुतनयदया दानदाक्षिण्यपुण्यप्रतापविकसितसितकीर्त्तिर्भट्टारक महाराजश्रीवसन्तदेवः
(२) दूतकः सर्व्वदण्डनायकमहाप्रतिहाररविगुप्त
(३) ब्रह्मुङि महीशील
प्रशासनिक पद–(१) दूतक (२)सर्व्वदण्डनायक(३)महाप्रतिहार (४)ब्रह्मुङ
धर्म, धार्मिक कार्य–×
शिलापत्र राखनाको उद्देश्य–राजाज्ञा जारी गरेको
शिलापत्र राख्नेको नाम–भट्टाकरमहाराजश्रीवसन्तदेवः
महानात्माहरुको समेत देवताहरुको नाम–×
विहार, मन्दिरको नाम–×
अड्डा–(१) लिङ्खल (२) कूथेर
कुनमा प्रकाशित–भगवानलाल इन्द्रजीद्वारा ३ संख्या, आर. नोलीद्वारा XIII संख्या, "संस्कृत–सन्देशः" २०१० प्रथम वर्ष, नवम अंक
शिलापत्रको शीर्षचिह्न–शिरो भागमा वीचमा चक्र र दुइतिर शङ्ख अंकित छन् ।
लिपि –ब्राह्मी
स्थान—×
संक्षिप्त विवरण–भट्टारकमहाराजश्रीवसन्तदेवले अधिकरणहरुमा धर्मासनमा रहेकाहरुलाई आज्ञा दिंदै जसले त्यसको अन्यथा गर्ला कदापि सहने छैन भन्ने राजाज्ञा प्रस्तुत शिलालेखमा अङ्कित छ ।
कैफियत–प्रस्तुत शिलालेखका अक्षर साह्रै नै विग्री सकेको हुनाले यसमा कुन–कुन कुरा स्पष्ट रुपले वर्णित छन् भन्ने कुरा थाहा हुन सकेको छैन । तर, यसका भावहरुले उत्तरप्राचीनकालीन अभिलेखहरुमा यसको खास आफ्नै स्थान रहेको कुरा विदित हुन्छ । किनभने यसले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तत्कालीन लिच्छविशासनको प्रजातान्त्रिक मनोभावनाको पहिलो परिचय प्रस्तुत गरेको छ। लिच्छवि शासन व्यवस्था राजतन्त्रात्मक रहेतापनि तिनीहरुमा प्राचीन गणतान्त्रिक मनोभावनाको छाप विद्यमानतैं रहेको हुंदा राजाज्ञाद्वारा तिनीहरुले केन्द्रियस्तरमा नभएतापनि स्थानीय इकाईहरुमा स्वायतशासनव्यवस्थालाई प्रोत्साहन दिन लागेको कुरा यसमा स्पष्ट झल्किएको छ। स्थानीय एवं विजित इलाकाहरुको धर्म, चरित्र एवं व्यवहारलाई अक्षुण्ण राख्नुपर्ने आवश्यकता माथि हाम्रा प्राचीन धर्मशास्त्र तथा अर्थ शास्त्रहरुले विशेष जोर दिएका छन्। जसको प्रभावस्वरूप पनि उत्तरप्राचीनकालीन शासकहरुमा उपरोक्त प्रवृत्ति जागृत भएको देखिन्छ। शक संवत् ३८६ का चाङगु अभिलेखको अनुशीलनबाट राजा मानदेवले गण्डकी पारिका मल्लहरुलाई हराई तिनीहरु माथि आफ्नो आधिपत्य मात्र स्थापित गरी तिनीहरुको राज्य व्यवहारमा तिनीहरुलाई पूर्ण स्वतन्त्रता प्रदान गरेका थिए भन्ने कुरा जानिन्छ। कौटिल्य अर्थशास्त्रमा बार–बार यस कुरामाथि जोर दिइएको छ कि जनपद, नगर र ग्रामहरुका धर्म, चरित्र एवं व्यवहारलाई अक्षुण्ण राखिनु पर्दछ। प्राचीन आचार्यहरुले स्वधर्मको सिद्धान्तमाथि ज्यादै जोर दिएका छन्। जस्तो प्रत्येक मनुष्यलाई स्वधर्मको पालना आवश्यक छ, त्यस्तै साम्राज्यका प्रत्येक अंग–ग्राम, कुल, गण र जनपदलाई पनि स्वधर्ममा अवलम्वित रहनु जरुरी छ। आफ्ना–आफ्ना व्यवहार, रीति–रिवाज र कानूनलाई कसैले पनि उल्लङ्घन गर्नु हुँदैन। यदि कसैले तिनीहरुको उल्लङ्घन गरेमा तिनीहरुलाई दण्ड दिनु औ स्वधर्ममा दृढ रहनुमा वाध्य गराउनु राजाका प्रमुख कर्तव्य मानिन्छ। संक्षिप्त शक संवत् २९ का बुङ्गमतीका अभिलेखमा अंशुवर्माले धर्मसंकर सम्वन्धी कुरामा राज्याशनबाटै विचार गरिने कुरा उल्लेखेकोलाई यहाँ प्राचीन आचार्यहरुका उपरोक्त आह्वानकै समुचित प्रतिक्रियास्वरूप लिन सकिन्छ।

यस अभिलेखका वचेका पंक्तिहरुबाट यसमा भट्टारकमहाराज श्रीवसन्तदेवले अहिलेसम्मन् प्राप्त ऐतिहासिक सामग्रीहरुको आधारमा सर्वप्रथम राजाज्ञाद्वारा स्थानीय शासनका विभिन्न महलूहरुमा सरकारी अधिकरणहरुको प्रवेशलाई रोकेर स्थानीय स्वायत्तशासनका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यवस्थाद्वारा दुनियांको मनोभावनालाई उच्चतर, दृढतर तथा आस्थावान् गराउने सराहनीय कार्य गरेको कुरा बुझिन्छ। भट्टारक महाराज वसन्तदेवका अन्य अभिलेखहरुले पनि यसै तथ्यतिर निर्दिष्ट गरेका छन्। यसरी वसन्तदेवको समयदेखि स्थानीय स्वायत्त शासनको परिपाटी शुभारम्भ भएको अनन्तर उत्तरप्राचीनकालीन नेपालमा ग्राम पाञ्चाली एवं धार्मिक संघ, संस्थाहरुको स्थानीय प्रशासनिक कार्यमा हात दृढतर हुंदै गएको कुरा तत्कालीन विभिन्न अभिलेख-हरुको अध्ययनमा स्पष्ट रूपले अवलोकन हुन्छ।

फेरि, प्रस्तुत अभिलेखमा "र्व्वधिकरणेषु धर्म्मस्था ... ..." भनी वर्णित भएबाट उत्तरप्राचीनकालीन नेपालमा सम्भवतः सबै दुनियांको लागि न्याय सुलभ होस् भन्ने हेतुले न्याय निसाफको लागि भिन्नै अधिकरणहरु स्थापना नभएर अन्य विभिन्न उद्देश्य लिई प्रतिष्ठापित अधिकरणहरु अन्तर्गत नैं ती ती अधिकरण-हरुका क्रियाकलापमा कसैको चित्त नबुझेमा न्यायको लागि अरु छुट्टै अधिकरणमा धाउनु नपर्ने गरी न्याय प्रदान गर्ने अधिकृतहरु नियुक्त गरिएका थिए भन्ने कुरा जानिन्छ। तर, यो निश्चय छ कि यसले त्यस समय न्यायपालिका स्वतन्त्र थियो थिएन भन्ने कुरा शंकाको विषय गराएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. २८

१. ॐ स्वस्ति मा (नगृहात्) … … … … … …
२. महाराज श्रीपादा … … … … … … —(वस)
३. न्तदेवः कुशली … … … … … … …
४. धिकृतान्प्रे षणे … … … … … … … …
५. त … स्त … … … … … … … …
६. … … … … … … … …
७. — … … … … … … तद् … …
८. न … … … … … … … चेत्र … …
९. ई त्त … … … … — (प्रदे)शे चत्वारिम्शतो भूमिः
१०. तत्रै … … … — (प्रदे)शे दशनाम्भूमिः ह्लीम्-
११. को प्रदेशे विम्शतेर्भूमिः गुडन्दुलुत्तरप्रदेशे (ष) एणाम्भू—
१२. मिः तदासां पिण्डकं १४२ तदेवं विदिता (त्थैंन्न क) थ—
१३. श्चिद्युष्माभिरस्मत्पादोपजीविभिरियमाज्ञा विलङ्घ—
१४. यितव्या यश्चे मामाज्ञामुल्लङ्घ्य स्मरयेत्स्मारयेद्वा त—
१५. स्याहं यथोचितं मर्य्यादाबन्धमनुष्ठास्यामीति समाज्ञा—
१६. पना, दूतकोत्र सर्व्वदण्डनायकमहाप्रतिहाररवि—
१७. गुप्त इति, संवत् ४३५ द्वितीय पौषे शुक्लदिव ५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं–२८

प्राप्तिस्थान– ल. पु. बाहालुखाको अभिलेख

मिति– संवत् ७३५ द्वितीयपौषे शुक्लदिव ५

राजा दूतक वा कुनैको नाम प्रशस्ति समेत– (१) ॐ स्वस्ति मा [नगृहात्]
··· महाराज श्री पादा ··· ··· [वस]
न्तदेवः (२) दूतकोत्र सर्व्वदण्ड-
नायकमहाप्रतिहाररविगुप्त

प्रशासनिक पद– (१) दूतक (२)सर्व्वदण्डनायक (३) महाप्रतिहार

अड्डा–×

शिलापत्र राखनाको उद्देश्य–राजाज्ञा जारी गरेको

महानात्माहरुको समेत देवताहरुको नाम–×

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–×

कुनमा प्रकाशित–"अभिलेख संग्रह" भाग ५, प्रकाशकः संशोधन मण्डल

शिलापत्रको शीर्षचिन्ह–×

लिपि–ब्राम्ही

स्थान–(१) गुडन्दुलुत्तर प्रदेश (२) ह्लीमको प्रदेश

संक्षिप्त विवरण–हामीबाट जीविका चलाउनेहरुले यो आज्ञा राम्ररी पालना गरुन् । जसले यो आज्ञाको अवहेलना गरी स्थिति वन्धेजलाई वास्ता राख्तैन तिनलाई म पक्का सहने छैन भन्ने राजाज्ञा प्रस्तुत शिलालेखमा वर्णित छ ।

कैफियत–प्रस्तुत शिलालेखको अक्षर साह्रै नै खिइएकोले यसको अर्थ राम्ररी खुल्न सकेको छैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. २९

... ...

१. धिकरणेन पीडाल्पा करणीया कूथेर
२. ... ... करणमात्रं ... ...
३. प्रतिमुक्ता इत्येवञ्चावेत्य यूयमद्याग्रे ण–
४. मुचितकरं ददन्तः सर्व्वकृत्येष्वाज्ञाविधेयाः
५. सन्तो निरुद्विग्नमनसो यथासुखं प्रतिव (सतेति)
६. दूतकश्चात्र सर्व्वदण्डनायकमहाप्रतिहार–
७. रविगुप्त इति संवत् ४४६ प्रथमाषा (ढ)
८. शुक्लदशम्याम् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं–२९
प्राप्तिस्थान–किसिपिडि ग्रामस्थित अभिलेख
मिति–संवत् ४४९ प्रथमाषाढ शुक्ल दशम्याम्
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–दूतकश्चात्र सर्व्वदण्डनायकमहा-
प्रतिहाररविगुप्त
प्रशासनिक पद–(१) दूतक (२) सर्व्वदण्डनायक (३) महाप्रतिहार
अड्डा–कूथेर
शिलापत्र राख्नाको उद्देश्य–राजाज्ञा जारी गरेको
शिलापत्र राख्नेको नाम–×
महानात्माहरुको समेत देवताहरुको नाम–×
विहार, मन्दिरको नाम–×
धर्म, धार्मिक कार्य–×
कुनमा प्रकाशित–सिल्वां लेवीद्वारा ६ संख्या; आर. नोलीद्वारा XIV संख्या
शिलापत्रको शीर्षचिह्न–×
लिपि–ब्राह्मी
स्थान–×
संक्षिप्त विवरण–नियम अनुरूप तिर्नु पर्ने कर तिरेर तिमीहरु सबै आनन्दपूर्वक
रहनु ··· ··· आदि–आदि कुराहरु प्रस्तुत शिलालेखमा वर्णित
छन् ।
कैफियत–प्रस्तुत शिलालेखमा अक्षर साह्रै नें विग्रेकोले अर्थ राम्ररी खुल्न
सकेको छैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ३०

१. ॐ संवत् ४५२ ... ... सर्व्वदण्डनायकपादानुध्यातो (ध्यातेन) ब्राह्मणपुण्यगोमिना स्वपुण्याप्यायनाय पार्त्थिवशिला स्थापिता धान्यपिण्डक मा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं–३०
प्राप्तिस्थान–पशुपति आर्यघाटस्थित सूर्यमण्डलको चारैतिर कुँदिएको अभिलेख
मिति–संवत् ४५२
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–ब्राह्मणपुण्यगोमी
प्रशासनिक पद–सर्व्वदण्डनायक
धर्म, धार्मिक कार्य–सौरमत, सकाम कर्म
शिलापत्र राख्नाको उद्देश्य–आपनो पुण्य प्राप्तिको लागि
शिलापत्र राख्नेको नाम–ब्राह्मणपुण्यगोमी
महानात्माहरूको समेत देवताहरूको नाम, –पार्तिथवशिला
विहार, मन्दिरको नाम–×
अड्डा–×
कुनमा प्रकाशित–आर. नोलीद्वारा LXXXVII संख्या; "पूर्णिमा" २० पूर्णाङ्क, प्रकाशकः संशोधन मण्डल
शिलापत्रको शीर्षचिह्न–×
लिपि–ब्राह्मी
स्थान–×

संक्षिप्त विवरण–सर्व्वदण्डनायकका पाउको अनुग्रह पाएका ब्राह्मण पुण्यगोमीले आपनो पुण्यको लागि पार्तिथवशिला स्थापना गरी कुतको व्यवस्था गरेको कुरा वर्णित छ ।

कैफियत–प्रस्तुत अभिलेखमा ब्राह्मण पुण्यगोमीले राजाको कुनै उल्लेख नगरी आफुलाई सर्व्वदण्डनायकको पाउको अनुग्रह पाएका भनी उल्लेखेको छ जसले तत्समय सम्ममा उत्तरप्राचीनकालीन नेपालको राजनैतिक क्षितिजमा सूक्ष्म परिवर्तनको सूचन गर्दछ ।

फेरि, यहाँ "ब्राह्मणपुण्यगोमिना" भनी उल्लेख गरिएकोले गोमीहरु ब्राह्मण जातका पनि थिए भन्ने कुरा जानिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ३१

१. ॐ स्वस्ति महर्षौ वैशम्पायने श्रद्धे ये ... [संवत्] ४५२ पौषशुक्ल-तिथौ तृतीयस्याम्भट्टारकमहाराजश्रीवसन्तदेवे सम्यग्राज्य-म्प्रशासति

२. याज्ञिकविप्रसेनेन वेदकृताम्ना (स्था) य भगवते कारणपूजार्थ-म्ब्राह्मणध्रुवसेनेन दत्तन्दक्षिणकोलिग्रामे भूशतद्वयम्पिण्डकब्रि (व्री) हिकस्य मानि-

३. कया १५० ब्राह्मणवृद्धिषेणेन पिकङ्कूलकप्रदेशे मालार्थं पिण्डक-मानि ७ याज्ञिकवेदभट्टेन दत्तं दुंलम्ग्रामे भू ३० पिण्डक १२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–३१
प्राप्तिस्थान–ललितपुर खपिंछेंस्थित जलह्लदको अभिलेख
मिति–[संवत्] ४५२ पौषशुक्लतिथौ तृतीयस्याम्
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) भट्टारकमहाराज श्रीवसन्तदेव
(२) याज्ञिकविप्रसेन
(३) ब्राह्मणध्रुवसेन
(४) ब्राह्मणवृद्धिषेण
(५) याज्ञिकवेदभट्ट
प्रशासनिक पद–×
अड्डा–×
शिलापत्र राख्नाको उद्देश्य–भगवान्को कारण पूजाको लागि भूमि प्रदान गरेको
शिलापत्र राखनेको नाम–(१) याज्ञिक विप्रसेन (२) ब्राह्मण ध्रुवसेन
(३) ब्राह्मण वृद्धिषेण (४) याज्ञिक वेदभट्ट
महानात्माहरुको समेत देवताहरुको नाम–महर्षि वैशम्पायन
विहार, मन्दिरको नाम–×
धर्म, धार्मिक कार्य–वैदिक धर्म
कुनमा प्रकाशित–"अभिलेख संग्रह" भाग १, प्रकाशकः संशोधन मण्डल
शिलापत्रको शीर्षचिह्न–×
लिपि–ब्राह्मी
स्थान–(१) दक्षिणकोलिग्राम (२) पिकङ्कूलक प्रदेश (३) दुंलम्ग्राम
संक्षिप्त विवरण–महर्षि वैशम्पायनमा (श्रद्धा राखी) महाराज श्रीवसन्तदेवको सुशासनमा... ...याज्ञिक विप्रसेनले वेदको अभ्यास गरेका भगवान् (उहाँ वैशम्पायन) को कारणपूजा चलाउनाको लागि ब्राह्मण ध्रुवसेनले दक्षिणकोलीग्राममा १५० मानिका धान पिण्डक (कूत) आउने दुइ सय भूमि दिए। ब्राह्मण वृद्धिषेणले मालाका निमित्त पिकङ्कूलक भन्ने ठाउँको ७ मानिका कूत दिए। याज्ञिक वेदभट्टले दुंलम्ग्राम भन्ने ठाउँमा १२ मानिका कूत आउने ३७ भूमि दिए।
कैफियत–यजुर्वेदका दुइ शाखा छन्–(१) कृष्ण यजुर्वेद, र (२) शुक्ल यजुर्वेद। कृष्ण यजुर्वेदको प्रणेता महर्षि वैशम्पायन रहेको छ त शुक्ल यजुर्वेदको याज्ञवल्क्य। भारतमा पाँचौं शताब्दी ई. देखि अहिले सम्म

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशेषतः कृष्ण यजुर्वेदको वढ्ता प्रचार रहेको छ[१] जबकि नेपालमा आज शुक्ल यजुर्वेदीहरुको अधिकता देखिएको छ। तर अहिलेको उक्त धार्मिकस्वरूपनैं उत्तरप्राचीनकालदेखिको भनी मान्न सकिंदैन। किनभने प्रस्तुत शिलालेखमा महर्षि वैशम्पायनप्रति श्रद्धान्वित हुनुको साथै तिनलाई भगवान् भनी मानेर तिनको कारणपूजा तथा मालाको लागि भनेर भूमि प्रदान गरेको उल्लेखले यस समय यहां एकातिर कृष्ण यजुर्वेद सम्प्रदाय उन्नतावस्थामा रहेको बोध हुन्छ त अर्कोतिर कुनै पनि लौकिक व्यक्ति आफ्नो सच्चरित्र एवं विद्वत्ता द्वारा ईश्वर मानिने कुरा सिद्ध छ। शिवदेव तृतीयको अनुमानित समयको नक्साल नारायणचौरको अभिलेखमा "तैत्तिरी शाखा गोष्ठि भूमि" भनेर उल्लेख गरिएबाट पनि उक्त तथ्यको पुष्टयाइं हुन्छ। तैत्तिरी शाखा कृष्ण यजुर्वेदको एक शाखा रहेको छ। याज्ञवल्क्यले आफ्नो गुरु वैशम्पायन संग झोक्किएर तिनीबाट प्राप्त विद्या जम्मै ओकल्दा ब्राह्मणहरुले तित्रा बनेर आई त्यसलाई ग्रहण गरेको हुंदा कृष्ण यजुर्वेदको तैत्तिरी शाखा भनेर त्यसको नामकरण गरिएको थियो। पछिल्लो अभिलेखको उक्त तैत्तिरी शाखा गोष्ठि भूमि भन्ने उल्लेखले उत्तरप्राचीनकालीन नेपालमा तैत्तिरी विद्याको व्यापक प्रचारको अर्थ औपनिषदिक राजाहरुको दरवारमा गरिने दर्शन विषयक छलफलहरु सरी आध्यात्मिक छलफलहरु गर्न गोष्ठी कायम गरिएको थाहा दिन्छ। यसरी नेपालमा आजकल शुक्ल यजुर्वेदका समर्थकहरुको प्राचुर्य्य उत्तरप्राचीनकाल पछि मात्र सुस्तरी–सुस्तरी अभिवृद्धि हुंदै भएको अनुमान हुन्छ।

यस समय देवताहरुको लागि फूलको माला गाँस्ने चलन विद्यमान रहेको तथ्य मालाको निमित्त प्रस्तुत अभिलेखमा तिरो प्रदान गरेको उल्लेखले थाहा दिन्छ। यसरी फूलको माला गाँस्ने परम्पराको

१. पाँचौं शताब्दी ई.को भारतमा कृष्ण यजुर्वेदको प्रचार रहेको तथ्य प्रभावती गुप्ताको रिथपुर ताम्राभिलेखबाट जानिन्छ। "ऐहिकामुत्रिकमस्मिन्नगरे स्वपुण्याप्यायनार्थ पराशरसगोत्राणा (ं) तैत्तिरीयब्राह्मणानामध्य (त्र) पुत्रापुत्राणा (ं)… … …शासनेनो सतिबद्धं (।)"
हेर्नोस्–डि. सि. सरकार कृत "सेलेक्ट इन्स्क्रिप्सन्स", कलकत्ता विश्वविद्यालय, १९६५, पृ. ४४०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिकता ज्ञात हुन्छ ।

प्रस्तुत शिलालेखले यस समय नेपालमा सेनहरुको अस्तित्व प्रमाणित गरेको छ । यी सेनहरु ब्राह्मण रहेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ३२

१. … … … … … … …
२. … … …महाराजश्रीवसन्तदेवः … …
३. … … … … … … …
४. … (समाज्ञा) पयति विदितमस्तु भवतां यथेयम्पञ्चा
५. … माणां कूथेराधिकरणस्य … … …
६. … … … ¨ दिति विज्ञापितेन म(या)
७. सर्व्वदण्डनायकमहाप्रतिहाररविगुप्तमहाराजमहा
८. (सामन्त) श्रीक्रमलीलाभ्यां साकं समवाय्य तथेति प्रसादः (कृ)
९. तस्तदित्थम्भूते यदि कश्चिदस्मत्पादोपजीवी वान्यश्चे मा
१०. माज्ञामुत्क्रम्याभिलेख्यं प्रवेशयेद्यश्च शोल्लं पञ्चापराधेन
११. स्मारयेत्तावहमत्यर्थन्न मर्षयिष्याम्येवं विदितार्त्था (यू)
१२. (यं) निर्वृतविश्वस्तास्सुखम्प्रतिवसतेति ततो ग्रामीणैर
१३. पि मा राजकोशस्यापचितं भूदिति तत्प्रतिमोचनाय स्वे
१४. स्वे ग्रामेधिकरणयोरुभयोः क्षेत्रं दत्तं ग्रामस्य दक्षि
१५. णोद्देशे भूमि ४ पिण्डकं शोल्लस्य मा १ कुथेरस्य मा
१६. —दूतकोत्र सर्व्वदण्डनायकमहाप्रतिहाररविगु
१७. प्तः । ब्रह्मुंडे च प्रतिहारभवगुप्ते व्यवहरतीति
१८. संवत् ४५४ ज्येष्ठकृष्णदिव छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं–३२
प्राप्तिस्थान–बलम्बु पासिख्योको अभिलेख
मिति–संवत् ४५४ ज्येष्ठकृष्णदिव ६
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) महाराज श्रीवसन्तदेवः (२) महाराजमहा (सामन्त) श्रीक्रमलील (३) दूतकोत्र सर्व्वदण्डनायकमहाप्रतिहाररविगुप्तः (४) ब्रम्हुंङे च प्रतिहारभवगुप्त
प्रशासनिक पद–(१) महाराजमहासामन्त (२) दूतक (३) सर्व्वदण्डनायक (४) महाप्रतिहार (५) ब्रम्हुङ (६) प्रतिहार
अड्डा– (१) कुथेर (२) शोल्ल
शिलापत्र राख्नाको उद्देश्य–राजाज्ञा जारी गरेको
शिलापत्र राख्नेको नाम–महाराजश्रीवसन्तदेव
महानात्माहरुको समेत देवताहरुको नाम--×
विहार, मन्दिरको नाम–×
धर्म, धार्मिक कार्य --×
कुनमा प्रकाशित--"अभिलेख संग्रह" भाग ५, प्रकाशक:संशोधन मण्डल
शिलापत्रको शीर्षचिह्न--×
लिपि--ब्राह्मी
स्थान--×
संक्षिप्त विवरण--हामीबाट जीविका चलाउनेहरु वा अरु कसैले यस आज्ञालाई उल्लङ्घन गरी कुनै लेखत भित्त्राएमा वा पञ्चापराध[१]द्वारा शोल्ल अधिकरणलाई प्रवेश गराएमा म तिनलाई एकजात सहने छैन। यसलाई जानी तिमीहरु आनन्दसंग रहू । दुनियांहरुले पनि अनि राष्ट्रको ढुकुटी खति नहोस् भनेर ग्रामका अधिकरणहरुको लागि खेत प्रदान गरे । प्रस्तुत शिलालेखमा मुख्यतया माथिका कुराहरु बर्णित छन् ।

१. हिन्दु स्मृतिकारहरुले पञ्चापराधको रूपमा निम्नलाई लिएका छन्–
"ब्रह्महत्या सुरापानं स्तेयं गुर्वङ्गनागमः ।।
महान्ति पातकान्याहुः संसर्गश्चापि तैः सह ।"।'
— मनु. ११.५५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कैफियत–स्थानीय शासनकोलागि खर्च राजकोशबाट हैन स्थानीय जनताबा वेहोर्ने चलन उत्तरप्राचीनकालीन नेपालमा चलेको कुरा य अभिलेखबाट थाहा पाइन्छ । तर दुनियांलाई सहुलियत प्रदान अत्यावश्यक शर्त थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ३३

१. ॐ स्वस्ति मानगृहात्सम्यक्प्रजापालन … … …
२. भट्टारकमहाराज श्रीवसन्तदेवः कुशली … … [ब्राह्मण] …
३. पुरःसरान्ग्रामकुतुम्बि [नः] कुशलं पृष्ट्वा [समाज्ञा] पयति …
४. यथा मयै … … ब्व. … ए. ई. … … … क्र …
५. राधिकरणाभिलेख्यकैश्च पञ्चापराध … … सर्व्वदण्डना-
६. यक महाप्रतिहार रविगुप्तेन विज्ञापिते [न]-त्त्रैव सर्व्वदण्डनायक-
७. महाप्रतिहार रविगुप्तेन महाराजमहासामन्त श्रीक्रमलीलेन च साकं स-
८. मवाप्य तथेति प्रसादः कृतस्तदित्थम्प्रति यदि कश्चिदस्मत्पादो-पजी [व्यो]—
९. ऽन्यो वेमामाज्ञामुत्क्रम्याभिलेख्यं प्रवेशयेद् यो च पञ्चापराधेन स्मरेत्स्मार-
१०. येद्वा तानहं दृढं न मर्षयिष्याम्येवंविदितार्था यूयं निर्वृतविश्वस्ताः
११. सुखम्प्रतिवसतेति ततो ग्रामीणैरपि मा भूद् राजकोशस्याप-हानिरिति
१२. तत्प्रतिमोचनाय स्वे स्वे ग्रामेऽधिकरणयोरुभयो क्षेत्रं दत्तं पश्चि-
१३. मोद्देशे भूमि ७ पिण्डकं शोल्लाधिकरणस्य मा २ कूथेराधिक-रणस्य
१४. मा १ दूतकश्चात्र सर्व्वदण्डनायकमहाप्रविहार रविगुप्तः ब्रह्मु ङि च
१५. प्रतिहार भवगुप्ते व्यवहरतीति संवत् ४५४ ज्यैष्ठशुक्लदिवा ६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं–३३

प्राप्तिस्थान–बलम्बु चौकिटारको अभिलेख

मिति–संवत् ४५४ ज्यैष्ठशुक्लदिवा ६

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) ॐ स्वस्ति मानगृहात्सम्यक
जापालन ··· ··· ··· ··· भट्टारकमहा
राजश्रीवसन्तदेवः
(२) दूतकश्चात्र सर्व्वदण्डनायक
महाप्रतिहाररविगुप्तः
(३) महाराजमहासामन्त श्रीक्रमलं
(४) ब्रह्मुडि च प्रतिहार भवगुप

प्रशासनिक पद– (१) महाराजमहासामन्त (२) दूतक (३) सर्व्वदण्डनायक
(४) महाप्रतिहार (५) प्रतिहार (६) ब्रह्मुड

धर्म, धार्मिक कार्य–×

शिलापत्र राखनाको उद्देश्य–राजाज्ञा जारी गरेको

शिलापत्र राखनेको नाम–भट्टारकमहाराज श्रीवसन्तदेवः

महानात्माहरुको समेत देवताहरुको नाम–×

विहार, मन्दिरको नाम–×

अड्डा– (१) कुथेर (२) शोल्ल

कुनमा प्रकाशित– आर. नोलीद्वारा XV संख्या

शिलापत्रको शीर्षचिन्ह–शिरोभागमा बीचमा एउटा चक्र र दुइतिर शङ्ख
अङ्कित छन्

लिपि–ब्राह्मी

स्थान– ×

संक्षिप्त विवरण–कुथेर, शोल्ल आदि बिभिन्न सरकारी अधिकरणहरुले लेख्यदान
र पञ्चापराध आदिको लागि पनि प्रवेश नपाउने गरी
ग्रामीण जनताहरुलाई निगाह गरेको कुरा प्रस्तुत अभिलेखमा
वर्णित छ ।

कैफियत–प्रस्तुत अभिलेखको अध्ययनमा यो निश्चय छ कि भट्टारकमहाराज

---

१. जग्गाको स्वामित्त्व परिवर्तन तथा जग्गाको आयस्ता निर्धारित गर्दा सरकारबाट दिइने प्रमाणपत्र विशेषको नाम लेख्य रहेको कुरा याज्ञवल्क्य स्मृतिको आचाराध्याय ३१८ श्लोकमा उल्लेख गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीवसन्तदेवले ग्रामवासीहरुलाई निगाह गर्दा सर्व्वदण्डनायकमहाप्रतिहार रविगुप्त तथा महाराजमहासामन्त श्रीक्रमलील सित मिलेर गरेको भन्ने कुरा वर्णित छ। यसैलाई लिई केही इतिहासकारहरु यस समय नेपालमा द्वैध शासन रहेको कुरा लेख्तछन्। जुन सत्यप्रद लाग्दैन। किनभने प्राचीन परम्परानुसार मन्त्री भारदारहरुको सल्लाह अनुसार कार्य गर्नु राजाको लागि अत्यावश्यक थियो। कौटिल्यको अनुसार राजवृत्ति तीन प्रकारका छन्– प्रत्यक्ष, परोक्ष र अनुमेय। सबै काम एक साथ हुंदैन। राजकर्म धेरै भएर धेरै ठाउँमा हुन्छन्। यसर्थ राजाले मात्र सम्पूर्ण राजकर्म एक्लै चलाउन सक्तैन। जसको कारण अमात्य, मन्त्रीहरुको नियुक्ति अत्यावश्यक हुन्छ जसले परोक्ष र अनुमेय राजकर्महरुको सम्बन्धमा खासतवरले राजालाई परामर्श दिंदै रहन्छन्। राज्यकार्य सहायताको विना सिद्ध हुन सक्तैन। यसैले राजाले सचिवहरु नियुक्त गरी तिनीहरुको रायलाई सुन्नु जरुरी छ।[२] सम्राट् अशोकका शिलालेखहरुमा उत्कीर्ण "परिषा" शव्दले राज्यकार्यमा राजालाई परामर्श दिने मन्त्रीपरिषद्को स्मरण गराउँदछ।[३] तामिल साहित्यमा राजकार्यमा राजाको साथ दिने मन्त्रीहरुको नाम पनि दिइएको छ। मुदुरैक्कञ्जि नामक तामिल ग्रन्थमा पुरोहित, सेनापति, मन्त्री, राजदूत र प्रणिधि समेत गरो राजालाई राजकार्यमा साथ दिने महान् पञ्च समूहको नाम प्रकाशित छ।[४] भारतमा शक शासकहरुले राजकार्यमा मति सचिव र कर्म सचिवहरुका सहयोगले शासन गर्ने गरेको कुरा रुद्रदामन प्रथमका जुनागढ अभिलेखबाट जानिन्छ।[५] यादव रिकार्डमा

२. हेर्नोस्–सत्यकेतु विद्यालंकार लिखित "भारतीय संस्कृति और उसका इतिहास" १९६८ ई, पृ. २४९–२५०

३. हेर्नोस्–सत्यकेतु विद्यालंकार लिखित "भारतीय संस्कृति और उसका इतिहास" १९६८ ई., पृ. २५१

४. हेर्नोस्–अ. स. अल्टेकर लिखित "स्टेट अण्ड गवर्नमेण्ट इन अनशण्ट इण्डिया" मोतिलाल बनारसीदास, १९५८ ई., पृ. ३४१–३४२

५. हेर्नोस्–अ. स. अल्टेकर लिखित "स्टेट अण्ड गवर्नमेण्ट इन अनशण्ट इण्डिया" मोतिलाल वनारसीदास, १९५८ ई, पृ. १६४; "[अस्मि] न्नर्थे [च] महा [च] त्रप [स्य] मतिसचिव-कर्मसचिवैरमात्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजाले मन्त्री सितको पूर्व सल्लाहको अनन्तर मात्र कार्य गरेको कुरा उत्कीर्ण छ। "श्रीसेउणारव्येन नृपेण प्रधानयुक्तेन विचार्य हट्टद्वयं दत्तम्।"[६] भारतको चोल राज्यमा कुनै पनि राजाज्ञा मन्त्रीको हस्ताक्षर विना जारी हुन सक्दैनथ्यो। यसबाट यही निष्कर्ष निस्कन्छ कि मन्त्री सितको परामर्श राजाको लागि अत्यावश्यक थियो औ प्रत्येक राजाज्ञाको अन्तिम उत्तरदायित्व राजाको अतिरिक्त त्यसका मन्त्री माथि पनि रहन्थ्यो।[७] दक्षिण भारतको रिकार्ड अनुसार मन्त्री र सामन्तको स्तर समान मानिएर मन्त्रीहरुलाई महासामन्त र महामण्डलेश्वर दर्जा पनि दिइएको छ।[८] उपरोक्त विभिन्न आधारहरुबाट राजाले मन्त्रीको सल्लाह लिई अर्थात् उनीहरुसित एकमतो भई शासन गर्नु प्राचीन परम्पराको अनुकूलनै भन्न सकिन्छ, अननुकूल ह्वैन। यसै तथ्यको अनुसरणमा उत्तरप्राचीन कालीन नेपालका प्रारम्भिक राजाहरुले भारदारहरुको सहयोगले शासन गर्ने गरेका थिए। मानदेव प्रथमका बाजे शङ्करदेवले राजकार्य चलाउँदा तहमा रहेका भारदारहरुद्वारा पृथ्वीको रक्षा गरेको भन्ने

-गुण-समुद्युक्तै रप्यतिमहत्वाद्भे दस्यानुत्साह-विमुख-मतिभि [:] प्रत्याख्यातारंभ [ ] पुनः-सेतुबन्ध-नैराश्याद्हाहाभूतासु प्रजासु इहाधिष्ठाने पौरजानपदजनानुग्रहार्थं पार्थिवेन कृत्स्नानामानर्त्त-सुराष्ट्रानां पालनार्थनियुक्तेन पल्हवेन कुलैप-पुत्रेणामात्येनसुविशाखेन यथावदर्थ-धर्म-व्यवहार दर्शनैरनुरागमभिवर्द्धयता शक्तेन दान्तेनाचपलेनाविस्मितेनार्य्येणाहार्य्येण स्वधितिष्ठता धर्म-कीर्त्ति-यशांसि भर्तुरभिवर्द्धयतानुष्ठित [मि] ति।"

— जुनागढ चट्टानाभिलेख, शक वर्ष ७२ (= १५० ई.)

हेर्नोस्–डि. सि. सर्कारद्वारा संपादित "सेलेक्ट इन्स्क्रिप्पन्स" कलकत्ता विश्वविद्यालय, १९६५ ई., पृ. १८०

६. हेर्नोस्–अ. स. अल्टेकर लिखित "स्टेट अण्ड गवर्नमेण्ट इन अनशण्ट इण्डिया" मोतिलाल बनारसीदास, १९५८ ई., पृ. १६४-१६५

७. हेर्नोस्–सत्यकेतु विद्यालंकार लिखित "भारतीय संस्कृति और उसका इतिहास" १९६८ ई., पृ. ४२४

८. हेर्नोस्–अ. स. अल्टेकर लिखित "स्टेट अण्ड गवर्नमेण्ट इन अनशण्ट इण्डिया," मोतिलाल वनारसीदास, १९५८ ई, पृ. १६५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुरा मानदेवको चाङ्गु अभिलेखमा स्पष्ट वर्णित छ जसको झझल्को स्वयं शङ्करदेवकै स्वयम्भू अभिलेखका विनीत भृत्य शब्दमा स्पष्टतः भेटिन्छ । यसरी माथि वर्णित शक संवत् ४५४ का चौकिटारको अभिलेखका अंशहरुबाट तत्समय नेपालमा द्वैध शासन थियो भनी मान्नु नसकिने कुरा सिद्ध छ ।

उत्तरप्राचीनकालीन नेपालको इतिहासलाई केलाउँदा तत्समय नेपालमा कुनै समय पनि द्वैध शासन स्थापित भए जस्तो लाग्दैन । माथिको अभिलेखको अनुरूप भट्टारक महाराज शिवदेवका प्रायजसो अभिलेखहरुमा महासामन्त अंशुवर्माले भने मुताविक निगाह गरेको भन्ने कुरा परेका छन् । त्यस्तै फेरि दुनियांलाई निगाह गरी राजाज्ञा जारी गरिएका भट्टारकहाराज श्रीभीमार्जुनदेवका अभिलेखहरुमा भट्टारकमहाराज श्रीभीमार्जुनदेव र उहाँका अघिसरा भई काम गर्ने भनी उल्लेखी श्री जिष्णुगुप्तका नाम उत्कीर्ण छन् । यि आधारहरुबाट पनि कुनै–कुनै इतिहासविद्हरु तत् तत् समय यहाँ द्वैध शासनको अस्तित्व भएकोतिर औंल्याउँछन् । जुन सत्यप्रद लाग्दैन । मन्त्रीको सल्लाहले शासन गर्नु पर्ने कुरा प्राचीन राजनीतिशास्त्रको नियमनै रहेको कुरा माथि व्यक्त गरी सकेको छु । यसैले यसबारे यहाँ धेरै गन्थन गरी रहनु परोइन । श्री जिष्णुगुप्तलाई गद्दीनशीन राजा भीमार्जुनदेवको अघिसराभई काम गर्ने भनिएकोको हकमा निश्चय पनि राजामै राज्यको सर्वोच्च सत्ता निहीत रहेको भएतापनि राजकार्यको दैनन्दिन क्रियाकलापमा मन्त्रीको भूमिकाको आधिक्य रहने हुंदा पनि त्यस्तो वर्णन गरिएको हो । भारतको चोल राज्यमा मन्त्रीको हस्ताक्षर विना कुनै पनि राजाज्ञा जारी गर्न नसकिने माथिको वर्णन यहाँ उदाहरणको रूपमा लिन सकिन्छ । यसरी उत्तरप्राचीनकालीन नेपालमा द्वैध शासन कुनै बेला पनि भएनन् भन्ने कुरा सिद्ध हुन्छ । यो निश्चय छ कि राजा वा मन्त्री मध्ये जसको व्यक्तित्व महान हुने हुन्छ त्यसै अनुरूप त्यस शासनको स्वरूप चित्रित हुने हुन्छ । अनि दुनियांले पनि त्यसै अनुरूप तिनीहरुको आदर या अनादर गर्ने हुन्छन् । यसै सिद्धान्तको अनुरूप उत्तरप्राचीनकालीन अभिलेखहरुमा राजाहरुको उपस्थितिमै पनि मन्त्री–भारदारहरुको अनुग्रहको लागि दुनियांहरु लालायित रहेका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उदाहरणहरु यथेष्ट मात्रामा भेट्टिएका छन्, जुन युक्तिसंगत पनि लाग्दछ ।

प्रस्तुत अभिलेखको अध्ययनमा स्थानीय जनतालाई प्रशासनिक कार्यमा संलग्न गराउने हेतुले भट्टारकमहाराजश्रीवसन्तदेवले कुथेर, शोल्ल आदि अधिकरणहरुले गर्दै आएका लेख्यदान, पञ्चापराध आदि जस्ता कार्यहरुको सम्पादन काम उक्त अधिकरणहरुको अधिकारबाट झिकेर स्थानीय जनताकै हातमा सुम्पेको कुरा स्पष्टतः दृष्टिगत हुन्छ । जसले तत्समयको स्थानीय स्वायत्त शासन व्यवस्थाको झ्झल्को दिएको छ । यसको अतिरिक्त प्रस्तुत अभिलेखमा ग्रामवासीहरुले राजकोशको लागि खेत प्रदान गरेको वर्णनले स्थानीय स्वायत्त शासन व्यवस्थामा स्थानीय आम्दानीको केही अंश केन्द्रिय सरकारलाई पनि बुझाउनु पर्ने अत्यावश्यकताको स्पष्टतः जानकारी दिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ३७

प्राप्तिस्थान–पशुपति भस्मेश्वरको अभिलेख

मिति–संवत् ४५५ चैत्रशुक्लदिवा १०

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–प्रतीहार ध्रुवसङ्घवार्त्त

प्रशासनिक पद–प्रतीहार

अड्डा ×

शिलापत्र राख्नाको उद्देश्य–देवताको पूजाको लागि भूमि प्रदान गरेको

शिलापत्र राख्नेको नाम–प्रतीहार ध्रुवसङ्घवार्त्त

महानात्माहरुको समेत देवताहरुको नाम–(१) भद्रेश्वर (२) नाथेश्वर (३) शुभ-श्वर (४) स्थितेश्वर (५) रवीश्वर (६) भगवान् पशुपति

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–शैव धर्म, सकाम कर्म

कुनमा प्रकाशित–"अभिलेख संग्रह" भाग १, प्रकाशक: संशोधन मण्डल

शिलापत्रको शीर्षचिह्न–×

लिपि–ब्राह्मी

स्थान– (१) यूपग्राम (२) भगवतः पशुपपेः क्षेत्रे

संक्षिप्त विवरण–भगवान् पशुपति क्षेत्रमा आफैंले प्रतिष्ठापन गरेका भद्रेश्वर नाथेश्वर, शुभेश्वर, स्वितेश्वर, रवीश्वर आदि पाँच ईश्वरह्हरुको कारण पूजाको लागि, टूट फूट भएमा प्रतिसंस्कारको लागि पनि प्रतिहार ध्रुवसङ्घवार्तले आफ्नो र आपना माता–पिताको पुण्य प्राप्तिको तथा सवैको भलाईको लागि आफन्तहरूद्वारा निर्मित्त गोष्ठीको अधीन गरी भूमि खेत प्रदान गरेको वर्णन यहाँ गरिएको छ ।

कैफियत–भगवतः पशुपतेः क्षेत्रे भनी प्रस्तुत शिलालेखमा उल्लेख गरिएको हुंदा नेपालका अभिलेखहरुमा पशुपतिको नाम सर्व प्रथम यसैमा प्रयुक्त भएको ज्ञात हुन्छ । भद्रेश्वर, नाथेश्वर आदि देवताहरुको कारण पूजा वाहेक बिग्रे भत्केमा प्रतिसंस्कारको लागि पनि आफु–आफुहरुमात्र मिली बनाएको गोष्ठीको अधीन गरी भूमि प्रदान गरेको कुरा वर्णित भएवाट नेवार जातिमा अद्यापि प्रचलित रहेका गुठीहरुको सम्झना हुन्छ । यसरी नेपालको इतिहासमा गोष्ठी (गुठी)को प्रारूप

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसै समय देखि भएको प्रतीत हुन्छ ।

प्रस्तुत अभिलेखमा भगवतः पशुपतेः क्षेत्त्रे भनिएबाट देवपाटनको संज्ञा दिइनु भन्दा पहिले पशुपति इलाका भगवान् पशुपति क्षेत्र नामले विख्यात रहेको स्पष्ट जानिन्छ । देवग्राम नामको सर्व प्रथम प्रयुक्ति संवत् ४६९ को पशुपतिस्थित शिर्वालङ्गको पादपीठमा भएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ३८

१. ॐ स्वस्ति संवत् ४६० ज्येष्ठशुक्लदिव अष्टम्याम् भट्टारकमहाराज श्रीवामनदेवस्य [साग्रं वर्षशतं]
२. समाज्ञापयतः भगवतो वामनस्वामिनः चेत्त्रं लेंदुप्रदेशे भूमि १०० पिण्डक मा ५० ... ...
३. सुब्रंकोप्रदेशे भूमि ४० पिण्डक मा २६ शट्टम्मि भूमि १० पिण्डक मा ४ ... ...
४. गम्मे भूमि १० पिण्डक मा ४ [मिङ्को भू ६० पि मा ५० भूमि ५ पि मा ३]

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.— ३८

प्राप्तिस्थान–साँखु दुगाहिटीस्थित नारायणको पादपीठको अभिलेख

मिति–संवत् ४६० ज्येष्ठशुक्लदिव अष्टम्याम्

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–भट्टारकमहाराजश्रीवामनदेव

प्रशासनिक पद– ×

अड्डा– ×

शिलापत्र राख्नाको उद्देश्य–भगवान् वामनस्वामीको लागि भूमि प्रदान गरेको

शिलापत्र राख्नेको नाम–भट्टाकरमहाराजश्रीवामनदेव

महानात्माहरुको समेत देवताहरुको नाम–वामनस्वामी

विहार, मन्दिरको नाम– ×

धर्म, धार्मिक कार्य–वैष्णवधर्म, निष्काम कर्म

कुनमा प्रकाशित–"अभिलेख संग्रह" भाग १, प्रकाशक: संशोधन मण्डल

शिलापत्रको शीर्षचिह्न– ×

लिपि —ब्राह्मी

स्थान—(१)लेंदु प्रदेश (२) सुब्रंको प्रदेश

संक्षिप्त विवरण–प्रस्तुत शिलालेखमा भगवान् वामन्त्रस्वामीको लागि भट्टारक-महाराज श्रीवामनदेवको राज्यकालमा लेंदु प्रदेश तथा सुब्रंको प्रदेशका भूमि प्रदान गरेको वर्णन गरिएको छ ।

कैफियत–हुनत विष्णुको वामन अवतारको कल्पना मानदेवकालमै पुष्ट भै सकेको तिनको पशुपति तिलगङ्गा तथा लाजिम्पाटका विष्णु विक्रान्त मूर्तिहरुद्वारा सिद्ध हुन्छ । तर तिनीहरुमा स्थित अभिलेखले विष्णु विक्रान्त मूर्ति भनेर मात्र उल्लेखी वामन मूर्ति भनी कतै उल्लेख गरिएको छैन ।·नेपालको इतिहासमा सर्वप्रथम वामनस्वामिनः भनी विष्णुको यस अवतारको यहाँ नामांकन गरिएको छ । यसरी यो अभि-खलेको यहाँ खास महत्व रहेको स्पष्ट छ ।

अभिलेखको बेहोराबाट यो अभिलेख तत्कालीन राजाको नाम सिबाय आफ्नो नाम उल्लेख नगरी एक साधारण दुनियांले राखेको हो भन्ने कुरा निश्चित छ । तर, यसमा देवमूर्ति प्रतिष्ठापन गर्दा राजाको नामसित सामञ्जस्यता राख्ने विष्णुका विभिन्न अवतार-हरु मध्ये[१] एक–वामनस्वामीको मूर्ति स्थापना गरिएको उल्लेख

१. विष्णुका भिन्न–भिन्न अवतारहरुका नाम विभिन्न पुराणहरुमा विभिन्न किसि-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खास विशेषतायुक्त रहेको छ। किनभने मूर्ति स्थापन गर्ने व्यक्तिले विशेषतः आफ्नै या आफन्तहरुका नामबाट देवमूर्तिको प्रतिष्ठापन गर्ने चलन त्यसबेला चलेको थियो ।

मले दिइएका छन् । तर, हिजो आज व्यापक रूपले प्रचलित विष्णुका दश अवतार नाम मामलापुरमको अनुमानित आठौं शताब्दी ई. को एक अभिलेखमा आएको छ–

१. मत्स्य २. कूर्म ३. वराह ४. नरसिंह ५. वामन ६. राम भार्गव ७. राम ८. बलराम ९. बुद्ध १०. कल्की

हेर्नोस्–आर. सि. मजुमदारद्वारा संपादित "द क्लासिकल एज" १९६२ई., पृ. ४२१

जयदेवको गीतगोविन्दमा पनि दश अवतार नाम दिइएको छ–

"वेदानुद्धरते जगन्निवहतेभूगोलमुद्विभ्रते । दैत्यं दारयते बलिं छलयते चत्रत्त्वयं कुर्वते ॥
पौलस्त्यं जयते हलं कलयते कारुण्यमातन्वते । म्लेच्छान्मूर्च्छयते दशाकृतिकृते कृष्णाय तुभ्यं नमः ॥
मत्स्यः कूर्मो वराहश्च नरसिंहोथ वामनः । रामो रामश्च कृष्णश्च बुद्धः कल्की च ते दश ॥"

–गीतगोविन्द (१२०० ई.)

हेर्नोस्–वि. एस. एसे लिखित "संस्कृत इङ्गलीश डिक्सनरी" १९६८ई. पृ. ५९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ३६

"श्रीभट्टारकमहाराजमनुदेवे राज्यम्प्रशासति..."
"येराज्व शिद्धमनुजे मनुदेवनाम्नः"

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं–३९

प्राप्तिस्थान–वुढानीलकण्ठ नारायण भन्दा अलिकता उत्तरतिर पर्ने गैह्री गाउँको अभिलेख

मिति–×

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–श्रीभट्टारकमहाराजमनुदेव

प्रशासनिक पद–×

अड्डा–×

शिलापत्र राख्नाको उद्देश्य–×

शिलापत्र राख्नेको नाम–×

महानात्माहरुको समेत देवताहरुको नाम–×

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–×

कुनमा प्रकाशित–"पूर्णिमा" १६ पूर्णाङ्क, प्रकाशकः संशोधन मण्डल

शिलापत्रको शीर्षचिह्न–×

लिपि–ब्राह्मी

स्थान–×

संक्षिप्त विवरण–प्रस्तुत शिलालेखमा "श्रीभट्टारकमहाराज मनुदेवले राज्य गरिरहनु भएको वेलामा," "मनुदेवको असल प्रजा भएको राज्यमा" आदि कुरा वर्णित छन्।

कैफियत–प्रस्तुत शिलालेख अहिलेसम्म सम्पूर्ण पढ्न सकिएको छैन। तैपनि यो अभिलेखको विशेष महत्व रहेको छ। कारण यसको प्राप्तिले लिच्छवि वंशक्रममा आजतक अज्ञात रहेको एक राजाको पत्तो पाइएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ४०

१. ॐ आभीरी ख्यातगुणा भार्य्या परमाभिमानिनः सूनोः पुण्यविवृद्धये भर्त्तुर्देवत्वमितः प्रयातस्य १ पुण्येहनि धननिचयैर्द्विजजनमभिपूज्य दानमानाभ्याम

२ पुत्रेणानुज्ञाता चकार संस्थापनं शम्भोः २ दत्वा चाक्षयनीवीं वस्त्र परिच्छदविभूषादीन् अनुपरमेश्वरसंज्ञाञ्च (ज्ञस्य) शम्भो (र्भु) वन महितस्यास्य ३

३. भगवते देवदेवायास्मै स्वयम्प्रतिष्ठापितायानुपरमेश्वरसँज्ञिताया भ्यङ्गस्नपनार्च्चनगन्धधूपबलिनिवेदनादिप्रवर्त्तनार्त्थं खण्डफुट्ट प्रतिसं-

४. स्कारार्त्थञ्च पतिदेवभ ... वीरि (त्तयाभीरीभिषि) न्यापतये त्रिदिवस्थाय पुण्याप्यायनार्त्थमायुष्मतादा (म) पत्यानाम्भौमगुप्तादीनाम्भोगारोग्यायुरानन्त्यावाप्तये

५ वेण्ढण्टग्रामे स्वयपुपारे पितनदीक्षेत्रखण्डद्वयं दत्तमिति संवत् ४६२ जे (ज्यै) ष्ठमासे तिथौ द्वितीय (या)याम्-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं-४०

प्राप्तिस्थान-पशुपतिनाथको दक्षिण चौसट्ठीलिङ्ग मुनि खरीको रुख संगै शिव लिङ्गको पादपीठको लेख

मिति-संवत् ४६२ ज्यैष्ठमासे तिथौ द्वितीयायाम्

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत-(१) परमाभिमानीको छोराकी पत्नी आभीरी (२) भौमगुप्त

प्रशासनिक पद-×

अड्डा-×

शिलापत्र राख्नाको उद्देश्य- स्वर्गमा रहेका आफ्ना पतिको पुण्य वृद्धि होस् तथा चिरञ्जिवी भौमगुप्त आदि सन्तानहरुको सुखभोग आरोग्य आयु धेरै होओस् ।

शिलापत्र राख्नेको नाम-परमाभिमानीको छोराकी पत्नी आभीरी

महानात्माहरुको समेत देवताहरुको नाम, -(१) अनुपरमेश्वर (२) शम्भु

विहार, मन्दिरको नाम-×

धर्म, धार्मिक कार्य-शैव धर्म, ब्राह्मणपूजा, सकाम कर्म

कुनमा प्रकाशित-"संस्कृत-संदेशः" २०११ विजयादशमी; आर. नोलीद्वारा XVI संख्या

शिलापत्रको शीर्षचिह्न-×

लिपि-ब्राह्मी

स्थान- (१) वेण्ढण्ट ग्राम (२) स्वयपुपार (३) पितनदीक्षेत्र

संक्षिप्त विवरण- परमाभिमानीका छोराकी पत्नी आभीरीले स्वर्ग भएका आफ्ना पतिको पुण्य बढोस् भनी ब्राह्मणहरुलाई पूजा गरी महादेवको निमित्त कहिल्यै नाश नहुने मूलधन तथा खेत, सामान, गहनाहरु चढाएर अनुपरमेश्वर महादेवको संस्थापन गरिन् । उक्त महादेवलाई तेल घस्नु, नुहाउनु, पूजा गर्नु, चन्दन धूप नैवेद्य चढाउनु आदि र टूट फूट भएमा प्रतिसंस्कारको लागि तथा स्वर्ग भएका पतिको पुण्य बढी बढाउ होओस् औ चिरञ्जिवी भौमगुप्त आदि सन्तानहरुको सुखभोग आरोग्य आयु धेरै होओस् भन्ना निमित्त उनले खेत प्रदान गरिन् । इनै कुराहरु मुख्यरूपले प्रस्तुत शिलालेखमा वर्णित छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कैफियत– यस समय समाजमा ब्राह्मणहरु देवताहरु सरी पूजित हुन्थे भन्ने कुरा प्रस्तुत शिलालेखले स्पष्टसंग दर्शाएको छ । यसरी तत्कालीन नेपालमा ब्राह्मणहरुको दवदवा यथेष्ट मात्रामा कायम रही ब्राह्मण धर्मको वोलवाला स्थापित भएको बोध हुन्छ ।

देवताहरुलाई तेल घस्ने, नुहाउने, पूजागर्ने, चन्दन धूप नैवेद्य गहना चढाउने जस्ता आधुनिक परिपाटीको ऐतिहासिकता प्रस्तुत शिलालेखबाट जानिनु वाहेक उक्त देवतालाई गर्नु पर्ने पूजाविधि पछि सम्म यथावत् चलिरहोस् औ टूट फूट भएमा देवताको प्रतिसंस्कारको लागि पनि खेत आदि अक्षय धन प्रदान गर्ने परम्परा त्यस समय नेपालमा भएको विदित हुन्छ ।

संवत् ४७९–५१२ सम्म तीन उल्लेखयोग्य लिच्छवि राजाहरुको राज्यकालमा शक्तिशाली व्यक्तित्व रही नेपाल (लिच्छवि) राज्यको हर्ताकर्त्ता बनेका भौमगुप्तको सर्वप्रथम उल्लेख प्रस्तुत शिलालेखमै भएर तिनी आभीरवंशी भएको कुरा प्रमाणित भएको छ ।

उत्तरप्राचीनकालीन नेपालमा मानिसहरु देवमूर्तिहरु स्थापना गर्दा विशेष गरी आफ्नो या आफन्तजनहरुको नामबाट स्थापना गर्दथे । जसको कारण प्रस्तुत अभिलेखमा उल्लिखित अनुपरमेश्वर महादेव विधवी आभीरीले आफ्ना दिवंगत नैयायिक पति अनुपरमको नामबाट प्रतिष्ठापन गरेको हो भन्ने कुराको अनुमान हुन्छ । अनुपरमको - अनुमानित मानदेव प्रथमकालीन प्रख्यात गरुड़स्तम्भलेख हाडिगाउँमा प्राप्त भएको छ जसवारे वर्णन अघि गरिसकेको छ । अहिले यस अभिलेखको प्राप्तिले अनुपरम आभीरवंशी रहेको कुरा थाल पाइनुको अतिरिक्त उत्तरप्राचीनकालीन नेपालको राजनीतिका शक्तिशाली व्यक्तित्त्व रहेका भौमगुप्त उपरोक्त प्रख्यात नैयायिक अनुपरमका छोरा रहेको कुरा निर्णित भएको लाग्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ४१

१. ॐ स्वस्ति संवत् ४६७ वैशाखे शुक्ल दिव पौर्णमास्यां भट्टारक-
महाराज–
२. श्री रामदेवस्य साग्रं वर्षशतं समाज्ञापयति महाराजमहासामन्त–
३. श्रीक्रमलीलः कुशलीः भगवतः नाथेश्वराय मानमत्या दत्तं देव–
४. ग्रामोदेशे शालगंबीन्त्रेत्रं पिण्डक मा २८ तत्र देशे खुड्डस्वामिनः
५. दत्तम् मा २

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–४१

प्राप्तिस्थान–आर्यघाटको माथिल्लो पुलबाट मृगस्थली जाँदा पाटीमाथि दायाँतिर शिवलिङ्गका पादपीठको अभिलेख

मिति–संवत् ४६७ वैशाखे शुक्ल दिव पौर्णमास्यां

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) भट्टारकमहाराजश्रीरामदेव
(२) महाराजमहासामन्त श्रीक्रमलीलः
(३) मानमती

प्रशासनिक पद–महाराजमहासामन्त

अड्डा–×

शिलापत्र राख्नाको उद्देश्य–भगवान्‌को लागि खेत प्रदान गरेको

शिलापत्र राख्नेको नाम–मानमती

महान्आत्माहरुको समेत देवताहरुको नाम–(१) नाथेश्वर (२) खुड्डस्वामी

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–शैव धर्म, निष्काम कर्म

कुनमा प्रकाशित–"संस्कृत–संदेशः" २०११ विजयादशमी; आर. नोलीद्वारा XVII संख्या

शिलापत्रको शीर्षचिह्न–×

लिपि–ब्राह्मी

स्थान–(१) देवग्राम (२) शालगंबीक्षेत्र

संक्षिप्त विवरण–प्रस्तुत शिलालेखमा भट्टारकमहाराजश्रीरामदेवले राज्य गरिरहनु भएको वेलामा भगवान् नाथेश्वर एवं खुड्डस्वामी-लाई मानमतीले खेत प्रदान गरेको कुरा वर्णन गरिएको छ।

कैफियत–प्रस्तुत शिलालेखबाट यस समयदेखि संवत् ४५५ को पशुपति भस्मेश्वरको अभिलेखमा वर्णित पशुपतिक्षेत्रलाई देवग्राम भनिन लागेको कुरा जानिन्छ। उक्त नामको परिवर्त्तित रूपनै अहिलेको देवपाटन रहेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ४२

१. ॐ स्व[स्ति] — — —भट्टारक म [हाराज] [राम] देवस्य साग्रं वर्षशतं समाज्ञा [पयति]
२. सर्व्वसत्त्वहितसुखार्थाय भगवत् आर्य्या[व]लोकितेश्वरनाथ प्रतिष्ठापितः देयधर्म्मोयं परमोपासकमणिगुप्तस्य
३. भार्यया महेन्द्रमत्या सह यदत्र पुण्य तद्भ [व] तु मातापितृपूर्व्वङ्गमं कृत्वा सर्व्वसत्वाना सर्व्वाकारवरोपेत-
४. [तथागतस] र्व्वज्ञज्ञानावप्तये

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ४२

प्राप्तिस्थान–काठमाण्डू लगन टोलस्थित आर्य्यावलोकितेश्वरनाथको पादपीठ अभिलेख

मिति–×

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) भट्टारक म[हाराज राम] देव
(२) परमोपासक मणिगुप्त
(३) महेन्द्रमती

प्रशासनिक पद–×

धर्म, धार्मिक कार्य–बौद्ध धर्म, सकाम कर्म

शिलापत्र राख्नाको उद्देश्य–आफ्नो साथै माता–पिताको पुण्य प्राप्तिको लागि

शिलापत्र राख्नेको नाम–(१) मणिगुप्त (२) महेन्द्रमती

महानात्माहरुको समेत देवताहरुको नाम–(१) आर्य्यावलोकितेश्वरना
(२) [तथागत]

विहार, मन्दिरको नाम–×

अड्डा–×

कुनमा प्रकाशित–"संस्कृत–सन्देशः" २०१० प्रथम वर्ष, नवम अंक; आ नोली द्वारा XVIII संख्या

शिलापत्रको शीर्षचिन्ह–×

लिपि–ब्राह्मी

स्थान–×

संक्षिप्त विवरण–भट्टारकमहाराज रामदेवले सय्भन्दा बढी वर्ष सम्म रा गरि रहेको बेला सम्पूर्ण प्राणीको सुख, हितको लागि परमो सक मणिगुप्तले आफ्नी भार्य्या महेन्द्रमतीसंग मिली माता पिताको साथै आफ्नो पनि तथागतको जस्तै सर्व्वज्ञता प्राप्ति लागि भगवान् आर्य्यावलोकितेश्वरनाथ प्रतिष्ठापित गरे कुरा प्रस्तुत शिलालेखमा वर्णन गरिएको छ।

कैफियत–अभिलेखको आधारमा आर्य्यावलोकितेश्वरनाथको सर्वप्रथम उल्ले प्रस्तुत शिलालेखमा भएको विशेष ऐतिहासिक महत्त्वको छ। यद्य राहुल सांकृत्यायनले १९३५ ई. को लुम्बिनी उत्खननमा प्रा अनुमानित प्रथम शताब्दी ई. को ६,७ अंगुलको अवलोकितेश्वर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एक सुन्दर पत्थरको मूर्तिको उल्लेख गरेको छ । यहाँ यस कुरालाई उल्लेख गर्दा कुनै अत्युक्ति होवैन कि बौद्ध मन्त्र शास्त्रको विकाश क्रममा सूत्र रूपमा मन्त्र [ई. पू. ४००–१००], धारणी मन्त्र [ई. पू.१००–४०० ई.], मन्त्र–मन्त्र [ई. ४००–७०० ई.] यी तीन युग मध्ये धारणी युगमा अलौकिक बुद्धको सहायकको रूपमा मञ्जुश्री, अवलोकितेश्वर आदि अलौकिक बोधिसत्त्वहरुको कल्पना गरिन लागेको थियो । बोधिसत्त्व बुद्धत्त्व प्राप्तिको अधिकारी भै सकेर पनि उपनिषद्को सार सन्निहित रहेको गीताको शिक्षानुरूप प्राणीमात्रको उद्धार नगरी उक्त आसनलाई ग्रहण नगर्ने प्रणशील महात्मा थिए । भगवद्गीताको "नत्वहं कामये राज्यं न स्वर्गं ना पुनर्भवम् कामये दुःख तप्तानां प्राणिनामार्त्ति नाशनम् ।।" पंक्तिमा उपरोक्त शिक्षाको स्पष्ट चित्रण भेट्टिन्छ । भागवतमा वर्णित राजा रन्तिदेवको उद्‌गारमा पनि यही नै भाव अभिव्यक्त भएको छ ।

"न कामयेऽहं गतिमीश्वरात् परां अष्टर्द्धियुक्तामपुनर्भवं वा ।
आर्तिं प्रपद्येऽखिलदेह भाजां अन्तःस्थितो येन भवत्यदुःखाः ।।"

–भागवत

अजन्ता गुफामा चित्रित पद्मपाणि अवलोकितेश्वर गुप्तकालीन भारतको एक सुन्दर चित्रकला मानिन्छ । त्यसमा चित्रकार बोधिसत्त्व अवलोकितेश्वरको वास्तविक आदर्श–संसार प्राणीको दुःख एवं झै झगडामा उदासीन भै रहन सक्तैन–को चित्रण चित्रमा अभिव्यक्त गर्न सफल भएका छन् ।

अर्को, ॐ मणि पद्मे हूं को रूपमा महायान बौद्ध जगत्को सुप्रसिद्ध षडक्षर मन्त्रका प्रणेता आर्यावलोकितेश्वर रहेका छन् । ॐ मणि पद्मे हूं को रूपमा षडक्षरी मन्त्रले एक नयाँ अध्यायको सूत्रपात गरेर भगवान् नवद्वारयुत मनुष्यशरीररूपी कमलमा अवस्थित हुने वैदिक सिद्धान्तको अनुमोदन गरेको छ ।

"पुण्डरीकं नवद्वारं त्रिभिर् गुणेभिर् आवृतम्
तस्मिन् यद् यक्षम् आतमन्वत् तद् वै ब्रह्मविदो विदुः ।।"

–अ १०।८।४३

कमल हिलोमैं फुल्छ । त्यस्तै शरीरमा भगवान् रहने सत्यको उपरोक्त षडक्षरी मन्त्रले खुलासा गरेको छ । षडक्षरी मन्त्रको शाब्दिक एवं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शास्वत अर्थ पद्ममैं ॐ मणि अर्थात् ईश्वर (भगवान्) रहने हो। पद्मलाई यहाँ हृदयको रूपमा लिइएर भगवान मनुष्य हृद रहने सत्यलाई दर्शाएको छ। अनि भगवान्को खोजी बाहिर-बा मात्र नगरेर मनुष्यले वास्तविक निर्वाण प्राप्तिको हेतु आ हृदयको अन्तस्तल भित्र गर्नु जरुरी छ। यहीनैं उक्त षडक्षरी मन्त्र वास्तविक आशय हो, सत्य पनि त्यहीनैं हो। उपनिषद् ग्रन्थहरुले यस सत्यको मुक्त कण्ठले वकालत गरेका छन्।

"अतः समुद्रा गिरयश्च सर्वेऽस्मात्स्यन्दन्ते सिन्धवः सर्वरू अतश्च सर्वा ओषधयो रसाश्चयेनैष भूतैस्तिष्ठते ह्यन्तरात्मा ॥ पुरुषए वेदं विश्वं कर्म तपो ब्रह्म परामृतम्। एतद्यो वेद निहितं गुहा सोऽविद्याग्रन्थि विकिरतीह सौम्य ॥१०॥"

—मुण्डकोपनिषद्

"एष देवो विश्वकर्मा महात्मा सदा जनानां हृदये संनिविष्टः।
हृदा मनीषी मनसाऽभिक्लृप्तो य एतद्विदुरमृतास्ते भवन्ति ॥"

—स्वेतास्वतरोपनिषद्

वेद एवं उपनिषद्का उपरोक्त पंक्तिहरुबाट षडक्षरी मन्त्रले दर्शा खोजेको जुन महान् आदर्श छ त्यसको प्राचीनतालाई स्पष्टपाए छ। सम्पूर्ण प्राणीको कल्याणको लागि प्राणीमात्रको हृदयासन अवस्थित ईस्सरीय, धम्म, यस, सिरी, काम, पयतन आदि षद्गुण भगवान्को दर्शन मात्रले प्राणीको अमरत्व प्राप्त हुने हुँदा आ वलोकितेश्वर बोधिसत्त्व षडक्षरी मन्त्रको माध्यम प्राणीमात्र स्वयंलाई चिन्ने प्रेरणा गर्नु हुन्छ। भगवान् बुद्धको आत्मवि गर्ने व्यक्ति कसैबाट पनि अपराजेय हुने शिक्षामा पनि उक्त तथ्य रूफुलको भेट्टिन्छ।

"नेव देवो न गन्धब्बो न मारो सह ब्रह्मुना।
जितं अपजितं कयिरा तथारूपस्स जन्तुनो ॥६॥

—धम्मपद

उपरोक्त सबै आधारहरुवाट षडक्षरी मन्त्रको महत्ता स्पष्टरू प्रदर्शित हुन्छ। प्रस्तुत मन्त्रका प्रणेता आर्य्यावलोकितेश्वर बोधिस नेपालका हिन्दु-बौद्ध दुवै सम्प्रदायमा समान रूपले पूजनीय ए नेपालीमात्रको एकताको प्रतीक रहेका छन्। उही एक भगव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विभिन्न सम्प्रदायले विभिन्न स्त्री-पुरुष नामले पूजिने हुँदा उनीलाई साक्षात् ब्रह्मस्वरूप मानी नेपाल संवत् ७९२ मा राजा श्रीनिवासमल्लले बुंगमतीमा एउटा अभिलेख प्रतिष्ठापन गरेका छन् ।

"श्रीलोकेश्वराय नमः
मत्स्येन्द्रं योगिनां मुख्याः शाक्ताः शक्ति वदन्ति यम् ।
बौद्धा लोकेश्वरं तस्मै नमो ब्रह्मस्वरूपिणे ।।१।।
नेपालाब्दे लोचनच्छिद्रसप्ते (३)
श्रीपञ्चम्यां श्रीनिवासेन राज्ञा
स्वर्णद्वारं स्थापितं तोरणेन
सार्द्धं श्रीमल्लोकनाथस्य गेहे"
—बुंगमतीको अभिलेख, ने. सं. ७९२ (=१६७२ई.)

स्त्री-पुरुष सबै देवताहरु एउटै देवतासित तादात्म्य राख्ने भएर सत्नैं अद्वैत ब्रह्म मानिन्छन् । वैदिक दर्शन एवं धर्मको निचोड यहीनैं छ ।

"त्वम् अग्ने अदितिर् देव दाशुषे त्वं होत्रा भारती वर्धसे गिरा ।
त्वम् इला शतहिमासि दक्षसे त्वं वृत्रहा वसुपते सरस्वती ।।"
—ऋ. २।१।११

"इन्द्रं मित्रं वरुणम् अग्निम् आहुर् ... ...
एकं सद् विप्रा बहुधा वदन्ति ।
—ऋ. १।१६४।४६

आर्यावलोकितेश्वर मत्स्येन्द्रनाथ, करुणामय, बुङ्ग्द्यो अदि नामले नेपालमा विख्यात रहनुको साथै तिनको केटीहरुको जस्तै इहि (बेल विवाह) गर्ने तथा वासुदेव कृष्णको जस्तै तरुणीहरुसित रसिक जीवनमा भूल्ने परम्परा तथा अनुश्रुतिमा उनी अद्वैत ब्रह्मरूप मानिनु उपयुक्तनैं लाग्दछ । अनि ती ब्रह्मस्वरूप भगवान् प्राणीमात्रको वन्दनीय रहेर नेपाल राष्ट्रको द्योतकस्वरूप छन् भौ नेपालीमात्रको एकताको प्रतिमूर्ति छन् । यसरी उत्तरप्राचीनकालदेखिनैं अविच्छिन्न रूपले नेपालको जनजीवनमा अद्वैत दर्शनको अमीट छाप पर्दै आएको छ भन्न सजिलै संग सकिन्छ ।

फेरि, आफ्नी स्त्री महेन्द्रमती संग मिली परमोपासक मणिगुप्तले अवलोकितेश्वर प्रतिष्ठापन गरेको कुराको वर्णनले अद्वैत भावनाले अनुप्राणित हिन्दु धार्मिक परम्पराको स्मरण हुन्छ । प्रत्येक हिन्दु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धार्मिक क्रियाकलापमा पुरुषसंगै स्त्रीको पनि उपस्थिति अनिवार्य छ। जीवित सीताको अनुपस्थितिमा रामले तिनको प्रतिमा राखी अश्वमेध यज्ञ सम्पन्न गरेको औ आपनी पत्नी सावित्री ठीक समयमा यज्ञ मण्डपमा नआइ पुगेकी हुनाले ब्रह्माले पत्नीको रूपमा गायत्रीलाई संगै राखी याज्ञिक विधि पूर्ण गरेका वर्णनलाई यहाँ उदाहरणस्वरूप प्रस्तुत गर्न सकिन्छ । उत्तरप्राचीनकालीन अर्द्धनारीश्वरका मूर्तिहरुको प्राप्तिले पनि यसै तथ्यको पुरातात्विक आधार प्रस्तुत हुन्छ । किनभने अर्द्धनारीश्वरको कल्पना अद्वैतवादको जबर्दस्त उदाहरण मानिनुको अतिरिक्त सांख्यको पुरुष प्रकृतिको सम्मिलन विना पूर्णत्व प्राप्त नहुने कुराको ठोस आधारका रूपमा लिइन्छ। अनुमानित छैठौं, सातौं शताब्दी ई. को एक सुन्दर शिव-शक्तिको अर्द्धनारीश्वर मूर्ति राजसभाका सदस्य सम्माननीय श्री बालकृष्ण समज्यूको संग्रहमा राखिएको छ । अर्द्धनारीश्वरको मूर्तिबाट ब्रह्मा र विष्णुको उद्भव देखाइएको एक प्राचीन मूर्ति पनि सम्माननीय श्री समज्यूको संग्रहमा रहेको छ । शिव-शक्तिको सम्मिलन विना पूर्णता नहुने कुरा निम्न श्लोकबाट स्पष्टतया जानिन्छ ।

"ईश्वरोऽहं महादेवि ! केवलं शक्तियोगतः ।
शक्ति विना महेशानि ! सदाऽहं शवरूपकः ।।
शक्तियुक्तो महादेवि ! शिवोऽहं सर्वकामदः ।"

फेरि, शिवलिङ्गमें पार्वतीको आकृति पनि उत्कीर्ण गरिएको एक प्राचीन मूर्ति पशुपति राजराजेश्वरी घाटमा पाइएको छ। जसले पनि उक्त तथ्यकै पुष्टि गर्दछ । अर्को, तीन धारा पाकशालाबाट लगेर काठमाण्डू नाचघर भित्र प्रतिष्ठापित अनुमानित छैठौं, सातौं शताब्दी ई. का चतुर्व्यूह मूर्तिमा तीनतिर ब्रह्मा, विष्णु, महेशका भिन्ना-भिन्नै उभिरहेका मूर्तिहरु राखेर बाँकी एकातिर एक गौरी मूर्ति कुँदिएको छ । प्रस्तुत चतुर्व्यूह मूर्तिमा शक्तिको रूपमा गौरीको मूर्तिमात्र कुँदिएकोले आद्या शक्ति खालि गौरीनै मानिएर त्र्यक्षर (त्रिमूर्ति) अन्ततः ॐ स्वरूप एकाक्षर ब्रह्मनै रहेको कुरालाई स्पष्टयाएको छ । यस मूर्तिले पनि शिव-शक्ति भनौं या पुरुष प्रकृतिको मान्यतानुरूप उपरोक्त तर्कको समर्थन गरेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सहायक ग्रन्थ

१. राहुल सांकृत्यायन कृत "मेरी जीवन–यात्रा (२)" १९५० ई.

२. " " "पुरातत्त्व निवन्धावली" १९५८ ई.

३. ए. एल. बाशम लिखित "अद्भुत भारत" १९६७ ई.

४. अविनाश चन्द्र बोस लिखित "द काल अव द वेदज" १९६० ई.

५. "कल्याण, शक्त्याङ्क"

६. "धम्मपद"

७. जे. एच. देश लिखित "इम्मोर्टल इण्डिया", भोल १

८. " " " , " ४

९. चक्रवर्त्ती राजगोपालाचारी लिखित "उपनिषद्स" १९६३ ई.

१०. "इण्डियन एण्टिक्वेरी" भोल IX -१८८० ई.

११. डि. सि. सरकारद्वारा सम्पादित "सेलेक्ट इन्स्क्रिप्सन्स" १९६५ई.

१२. "Himalayan Art"

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस तथ्यलाई उल्लेख गर्दा कुनै अत्युक्ति होला जस्तो लाग्दैन कि भारविको उक्त पाँचौं शताब्दी ई. को काल निर्णयको ऐतिह्यलाई धेरै जसो विद्वानहरुले स्वीकार नगरी छैठौं शताब्दी ई. कै भानेका छन्। जेहोस् यसरी भारविको काल निर्णय एउटा महत्वपूर्ण अनुसन्धानको विजय भएको छ ।

भारविको ऐतिहासिकताको परिचय गराउने पुरातात्त्विक सामग्रीहरु नेपालमा पनि प्राप्त भएका छन् । हाडिगाउँस्थित संवत् ४७२ तदनुसार ५५० ई.(छैठौं शताब्दी ई.)को अभिलेख राजा मानदेवकी छोरीको छोरा भारविको थियो । तिनको प्रस्तुत शिलालेख प्रौढ संस्कृतमा लेखिएर भारवेरर्थगौरवम् भन्ने लोकोक्तिलाई पुष्ट गर्दछ । यसै अभिलेखको आधारमा नेपालका विद्वान्हरुले किराता-र्जुनीय महाकाव्यका लेखक भारवि यिनैं रहेकोतिर औंल्याउंदै भारवि नेपालको भनी स्वीकार गरेका छन् । खैर, हाडिगाउँको शिलालेखबाट भारवि नेपालकै हुन् भन्ने कुरा प्रमाणित हुंदैन । किनभने त्यसमा मानदेवकी छोरीको विवाह को सित भएको थियो औ तिनी कहाँका थिए केही उल्लेख गरिएको छैन । तर प्रस्तुत अभिलेखका प्रतिष्ठापक भारवि र शक संवत् ४९२ को मंगलवजार गंह्लीधाराको अभिलेखका भारवि दुवैको क्रियाकलापमा सामञ्जस्यता देखिएको औ कीर्ति राख्ने कार्यमैं आनन्दित हुने मनोवृत्तिको अतिरिक्त ती दुवै अभिलेख प्रौढ संस्कृत काव्यको नमूना स्वरूप हुंदा तिनीहरु दुवै एउटै हुन् भन्ने कुरा स्पष्ट हुन्छ । यहाँनेर यस तथ्यलाई विर्सनु हुंदैन कि पहिलो अभिलेखको अननुरूप संवत् ४९२ को अभिलेख सम्मन् पुग्दा भारविमा वैराग्य भावनाको आधिक्य देखिन लागेको थियो जसको फलस्वरूप अन्ततः उनी श्रमण हुन पुगेको अनुमान हुन्छ । शिवदेव कालीन चाङगुनारायणस्थानको अभिलेखमा "भारविश्रम-णस्थानस्यपूर्व्वतो" भनी चारकिल्ला खुलाउँदा उल्लेख आएबाट यिनी मानदेवकी छोरीको छोरानैं हुनु धेरै सम्भव भएर उक्त भारवि नेपालकै रही बौद्ध धर्मावलम्वी रहेको स्पष्ट हुन्छ । यदि माथि चाङ-गुको अभिलेखमा वर्णित भारवि एकजना साधारण संन्यासी मात्र भै कुनै राजखान्दानसित सम्बद्ध वा विद्वान् नभएको भए यिनको नाम यसरी यहाँ वर्णित गरिने थिएन । यसले पनि यिनी मानदेवको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नातिनैं भएको तिर औंल्याएको छ। अव यहाँ किरातार्जुनीयका लेखक भारवि यिनैं हुन् या अरुनैं कोही हुन् भन्ने कुराको विचार गर्नु परेको छ। किरातार्जुनीयका रचयिता भारवि हिन्दु धर्मावलम्बी थिए जवकि मानदेवका नाती भारवि-बौद्ध श्रमण। यसले ती दुवैलाई एउटै मान्नु इतिहास सम्मत नलाग्नु स्वाभाविक छ। तर, प्रस्तुत भारवि पनि छैठौं शताव्दी ई. कै रहेको औ विद्वान् तथा अर्थ गौरवपूर्ण शैलीको हुंदा यिनी बौद्ध श्रमण हुनु भन्दा पहिले हिन्दु धर्मावलम्बी भएकोले यिनले उक्त किरातार्जुनीय महाकाव्य रचेको हुनु धेरै सम्भव छ। अर्कोत, भारविलाई पाँचौं शताव्दी ई. को स्वीकार गर्ने श्री रमेन्द्र मोहन बोसजीले आफ्नो तर्कको पुष्ट्याईंस्वरूप कुनै प्रमाण पेशगर्न सकेको छैन। यसरी अर्को कुनै ठोस प्रमाण प्राप्त नभए सम्म किरातार्जुनीय महाकाव्यका लेखक यिनैं मानदेवका नाति भारविलाई स्वीकार गर्नु तथा यिनी नेपालकै हुन् भनी विचार्नु युक्ति संगतनैं लाग्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ४४

... यकारिभिर्ज्ञेय ...
नेन महाप्रतिहारसर्व्वदण्डनायक (भौम)
गुप्ते न विज्ञापितेन मया तामेव ...
करणार्थमेवो .. ... र्म्मवर्गीय प्रसाद (शिला)
(प)ट्टकशासन ...
केनचिदप्य ...
स्तामाज्ञामप्रमाणीकृत्यान्यथा कुर्यात्कारये(द्वा)
... तमहमतितरान्न मर्षयाम्यस्मिंश्च ..
... राज्ये ये मदूर्ध्वं राजानो भवितारस्तै-
रपि .. .. कृतप्रसादानुवर्त्तिभिरिय ...
... ... यत्यस्मिंश्च प्रसाद-
... .. (महा) प्रतिहारमहासर्व्वदण्डनाय (क)
(भौ)मगुप्तः संवत् ४७६ वैशाखमासकृ
ष्णपक्षे तिथौ द्वादश्याम् ॥०॥ अर्द्धे ...
-पन्नदी अर्द्धा भूय बुन्लुनदी दक्षि (णे) अर्द्धे ...
-क्षिणेन मिंदिचो भूय खाह्निचो भूय ...
भूय .. .. भूय तेग्गवङ्गतो दक्षि-
.. पश्चिमेन केखा भूय ...
... .. भूय अर्द्धचो भूय ब्रेम्गुंचो पश्चि
... मन्तरेण मोगुंचो भू ...
... भूय पश्चिमेन ...
... मकमिति ...

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ४४
प्राप्तिस्थान–फर्पिङ कोटालटोलस्थित अभिलेख
मिति–संवत् ४७९ वैशाखमासकृष्णपक्षे तिथौ द्वादश्याम्
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–महाप्रतिहारमहासर्व्वदण्डनायकः
भौमगुप्तः
प्रशासनिक पद– (१) महाप्रतिहार (२) महासर्व्वदण्डनायक
अड्डा–×
शिलापत्र राख्नाको उद्देश्य–राजाज्ञा जारी गरेको
शिलापत्र राख्नेको नाम–×
महानात्माहरुको समेत देवताहरुको नाम–×
विहार, मन्दिरको नाम–×
धर्म, धार्मिक कार्य–×
कुनमा प्रकाशित–"अभिलेख संग्रह" भाग ९, प्रकाशकः संशोधन मण्डल.
शिलापत्रको शीर्षचिन्ह–×
लिपि–ब्राह्मी
स्थान–(१) बुन्लुनदी (२) मिंदिचो (३) खाह्निचो (४) तेग्वङ्ग (५) फेखा (६) ब्रेम्गुंचो (७) मोगुंचो
संक्षिप्त विवरण–महाप्रतिहार महासर्व्वदण्डनायक भौमगुप्तले विन्ति चढाए अनुसार शिलापत्र शासन गर्ने काम भएको छ। कसैले पनि यस आज्ञालाई उल्लङ्घन नगरे, गरेमा म त्यसलाई कदापि सहने छैन आदि-आदि कुराहरुको उल्लेख प्रस्तुत शिलालेखमा गरिएको छ।
कैफियत–प्रस्तुत अभिलेखको अक्षर साह्रै नै बिग्रेको हुनाले अर्थ राम्ररी ठम्याउन नसकिने भएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ४६

१. ॐ स्व ज्ञा न कि र ण मा स्त स क ल क्ले श सं ह ति मु
बु द्धः स्या मि वि व न्दे ह मि म भक्त्या ~

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ४६

प्राप्तिस्थान–ल.पु. पुल्चोक रक्षेश्वरी महाविहारस्थित मूल देवताको द्वार अगाडिको प्रस्तरमय मण्डलाभिलेख

मिति– ×

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत– ×

प्रशासनिक पद– ×

अड्डा– ×

शिलापत्र राख्नाको उद्देश्य– ×

शिलापत्र राख्नेको नाम– ×

महानात्माहरुको समेत देवताहरुको नाम–बुद्ध

विहार, मन्दिरको नाम– ×

धर्म, धार्मिक कार्य–बौद्ध धर्म

कुनमा प्रकाशित– श्री हेमराज शाक्यद्वारा संपादित "अभिलेख प्रकाश", करुणा प्रकाशन, १९६९

शिलापत्रको शीर्षचिह्न– ×

लिपि–ब्राह्मी

स्थान– ×

संक्षिप्त विवरण– आत्मज्ञानको किरणले सबै क्लेशको समूहलाई हटाउने यस्ता बुद्धलाई म भक्तिले नमस्कार गर्दछु ।

कैफियत–प्रस्तुत शिलाभिलेखमा "ॐ स्व ज्ञा न कि र ण मा स्त स क ल क्ले श सं ह ति म् बु द्धः स्या मि ति व न्दे ह मि म भक्त्या ..." भनी उल्लेख गरिएबाट निर्वाण प्राप्तिको अवस्था स्पष्ट रूपले जानिन्छ । माघ वर्षे काले आषाढ शुदि व १० को चावहिल बुद्ध चैत्य अगाडिको अभिलेखमा उल्लिखित "दुर्द्धरैरिन्द्रियैः कृत्स्ना वाह्यते यैरियम्प्रजा दासवत्तानि सन्धार्य्य कृपयापरिपीड्य ता (:) सम्प्राप्यानुत्तरं ज्ञानं प्रजा दुःखात्प्रमोचिता प्रमोच्य सर्व्वदुःखेभ्यो योसौ शान्तम्पदङ्गतः" वर्णनले पनि त्यही नै भाव स्पष्ट पाएको छ । क्लेशको मुख्य उद्गमनै इन्द्रिय हुंदा इन्द्रिय वशीभूत निर्वाणको अवस्था मानिएको हो । यसरी उक्त चावहिल अभिलेखको अतिरिक्त प्रस्तुत शिलालेख पनि निर्वाणको यथार्थ स्वरूप थाहा लिन ठूलो सहायक सिद्ध भएको छ । यहाँ आफ्नो ज्ञानरूपी किरणले समस्त क्लेशलाई हटाएका भनी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बुद्धलाई भनिएबाट बुद्धत्व प्राप्ति खालि आफ्नै ज्ञानको उन्न-मा सम्भव हुने यथार्थताको पत्तो हुन्छ । "आत्म दीपो भवः' बुद्ध यस महान् वाणीको स्पष्ट प्रभाव यस समय यहाँ कायम रहे दृष्टिगत हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ४७

१. ॐ स्वस्ति मानगृहाद् बप्पपादानुध्यातो भट्टारकम-
२. हाराजश्रीगणदेवः कुशली शीताटिकातले तेग्वल् [ग्रा]-
३ मे यथाप्रधानब्राह्मणपुरस्सरान्सर्व्वानेव कु-
४. टुम्बिन कुशलम्पृष्ट्वा मानयति पूर्व्वराजभिर्यु-
५. ष्माकं कुथेरशुल्यऽधिकरणाभ्यान्न प्रवेष्टव्यमित्य-
६. ऽनुग्रहः कृतकोऽधुना मया सर्व्वदण्डनायक-
७. महाप्रतिहारश्रीभौमगुप्तानुज्ञापितेन लिङ्ग्वल-
८. माप्चोकाधिकरणाभ्यां पञ्चापराधद्वारेण च-
९. तुर्भिरप्यऽधिकरणैर्न्न प्रवेष्टव्यमिति स्थितिपट्ट-
१०. केन प्रसादः कृतस्तद् यूयमेवंविदित्वा यथै-
११. व पूर्व्वमाज्ञाश्रवणविधेयास्तथैवावलगनप-
१२. रा भूत्वा निर्वृ तविश्वस्ताः सुखम्प्रतिवत्स्यथ ये चा-
१३. स्मद्वंश्या राजानो भवितारस्तैरपि धर्म्मगुरुभि-
१४. र्गु रुकृतप्रसादानुवर्त्तिभिरियमाज्ञा प्रति-
१५. पालनीयेति दूतकश्चात्र बभ्रु वर्म्मा ब्रह्म
१६. प्रसादगुप्तवार्त्ते व्यवहरतीति संवत्
१७. ४८२ श्रावणशुक्लप्रतिपदि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–४७

प्राप्तिस्थान–बलम्बु चौकिटारको अभिलेख

मिति–संवत् ४८२ श्रावणशुक्लप्रतिपदि

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) ॐ स्वस्ति मानगृहात् बप्पपादानुध्यातो भट्टारकमहाराज श्रीगणदेवः (२) सर्व्वदण्डनायक महाप्रतिहार श्रीभौमगुप्त (३) दूतकश्चात्र बब्भ्रुवर्मा (४) ब्रह्मुङ प्रसादगुप्तवार्त्त

प्रशासनिक पद–(१) सर्व्वदण्डनायक (२) महाप्रतिहार (३) दूतक (४) ब्रह्मु

धर्म, धार्मिक कार्य–×

शिलापत्र राख्नाको उद्देश्य–राजाज्ञा जारी गरेको

शिलापत्र राख्नेको नाम–भट्टारकमहाराज श्रीगणदेवः

महानात्माहरुको समेत देवताहरुको नाम–×

विहार, मन्दिरको नाम–×

अड्डा–(१) कुथेर (२) शुल्य (३) लिङ्ग्वल (४) माप्चोक

कुनमा प्रकाशित–आर. नोलीद्वारा XIX संख्या;

शिलापत्रको शीर्षचिह्न–शिरोभागमा बीचमा चक्र र दुइतिर शङ्ख अङ्कित छन्।

लिपि–ब्राह्मी

स्थान–(१) शीताटिकातल (२) टेग्वल् ग्राम

संक्षिप्त विवरण–भट्टारकमहाराज श्रीगणदेवले शीताटिकातलस्थित टेग्वल् ग्रामका वासिन्दाहरुसंग कुशलक्षेम सोधेर पहिलेका राजाबाट कुथेर, शुल्य अधिकरणहरुले तिनीहरु कहाँ प्रवेश गर्न नपाउने गरी निगाह गरेकोमा अब लिङ्ग्वल, माप्चोक अधिकरणहरुले समेत पञ्चापराधको राहले पनि पस्न नपाउने गरी निगाह गरेको कुरा प्रस्तुत शिलालेखमा वर्णित छ ।

कैफियत–उत्तरप्राचीनकालीन लिच्छवी राजाहरु प्रशासनिक कार्यमा दुनियांको हात दृढतर गराउन चाहने ज्यादै उदार तथा प्रजाहितैषी शासक रहेको कुराको यथार्थता पञ्चापराधको कारणबाट पनि सरकारी अधिकरणहरुको प्रवेशलाई रोकेर ग्रामका वासिन्दाहरुलाई निगाह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरेको कुरा प्रस्तुत शिलालेखमा वर्णित भएबाट पनि थाहा पाउन सकिन्छ । यसरी त्यस समय नेपालमा स्थानीय स्वायत्त शासनको व्यवस्था फलिभूत भएको कुराको पत्तो हुन्छ ।

फेरि, उत्तरप्राचीनकालीन अभिलेखहरुमा अक्सर देखिएका तल-को उल्लेख प्रस्तुत अभिलेखमा पनि आएको छ । यसैले यो तलको बारे केही बुझनु आवश्यक भएको छ । तलको शताब्दिक अर्थ र यहाँका अभिलेखहरुमा प्रयोग गरिएका यसको अर्थमा ठीक–ठीक सामञ्जस्य नभएर यो तल शब्द यहाँ प्रशासनिक सुविधाको दृष्टिले निर्मित एक खास इलाका विशेषको नामको रूपमा प्रयोग गरिएको छ । उही एक स्थल भिन्न-भिन्न समय भिन्न-भिन्न नामले पुकारिएका उदाहरणहरु उत्तरप्राचीनकालीन अभिलेखहरुको अध्ययन क्रममा देखिएबाट पनि उक्त तर्कको पुष्ठि हुन्छ । शक संवत् ४२८ को वसन्तदेवको अभिलेखमा शीताटिलाई खालि गुल्मको संज्ञा दिइएको थियो । तर, प्रस्तुत अभिलेखमा शीताटि तलको रूपमा उत्कीर्ण छ औ यसको अनन्तर संक्षिप्त शक संवत् १२९ को बलम्बुको अभिलेख-मा यसलाई द्रङ्गको संज्ञा मिलेको छ । यसरी तल प्रशासनिक सुबिधाको दृष्टिले निर्मित एक खास इलाका विशेषको नाम रहेको कुरा जानिन्छ । यस कुराको अझबढि पुष्टिको लागि उत्तरप्राचीन-कालीन अभिलेखहरुमा पाइएका द्रङ्ग शब्दको बारे पनि विचार गरिनु आवश्यक भएकोछ । किनभने तत्समयका अधिकांश अभिलेख-हरुमा तल, द्रङ्ग, ग्रामका नाम संगसंगै प्रयोग गरिएका छन् । जसको कारण द्रङ्ग विषय यथार्थ कुराको निरूपण भएमा तल सम्बन्धी विवाद पनि सुल्झिने कुरा निश्चित छ ।

एघारौं शताब्दी ई. तिर रचित कल्हणकृत राजतरङ्गिनीको अध्ययनमा द्रङ्गले किल्ला, भन्सारचोको आदिलाई बुझाइ आएको कुराको जानकारी हुन्छ ।[१] सम्भवतः राजतरङ्गिनीको यसै वर्णनबाट प्रेरित भएर भारतका प्रख्यात अभिलेखविद् एवं विद्वान इतिहासकार डि. सि. सरकारले ५०२ ई. को भमोद्र मोहोता ताम्रपत्रमा उत्कीर्ण "महत्तर द्राङ्गिक"को वदला महत्तरौद्रङ्गिक गरेर पढिनु पर्दछ भनी

१. हेर्नोस्–डि. सि. सरकारद्वारा संपादित "सेलेक्ट इन्स्क्रिप्सन्स" कलकत्ता विश्वविद्यालय, १९६५, पृ. ४२७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लेखेको छ।[२] द्रङ्ग शब्द स्पष्टरूपले उत्कीर्ण गरिएका अभिलेखहरु भारतमा नगण्य रूपमा मात्र पाइएकाछन्। वरु त्यसको विपरित उद्रङ्ग शब्दको प्रयोग पाइन्छ जसको कारण पनि श्री सरकारले उक्त मनशाय व्यक्त गरेको अनुमान हुन्छ। तर, यो निश्चय छ कि श्री सरकारले संकुचित मनोभावनालाई त्यागेर समकालीन नेपालका अभिलेखहरुको पनि राम्रो अध्ययन गरेको भए उक्त किसिमको विचार अवश्य लिने थिएन भन्ने लाग्दछ। किनभने उत्तरप्राचीन कालीन नेपालका अभिलेखहरुमा द्रङ्ग शब्दको प्रचूर मात्रामा प्रयोग भएको पाइन्छ। छैठौं शताब्दी ई. को अन्तिम समय देखिका अभिलेखहरुमा द्रङ्गको उल्लेख आएका छन्। ती अभिलेखहरुको अध्ययनमा द्रङ्गले प्रशासनिक सुविधाको दृष्टिले निर्मित इलाकाको रूपमा अर्थ बुझाएको छ भन्ने कुरामा कुनै शंका छैन। शक संवत् ५१२ को अभिलेख थंतुरी द्रङ्गका निवासी ग्रामीण जनताहरुलाई सम्बोधन गरी राखिएको राजाज्ञाछ। यसबाट द्रङ्गको एक निश्चित क्षेत्र हुन्थ्यो भन्ने कुराको जानकारी मिलछ। अनन्तलिङ्गेश्वरको अभिलेखमा द्रङ्गको सीमा उत्कीर्ण छ। यि आधारहरुबाट भारतमा पाइएको उपरोक्त गुप्त वलमी संवत् १८३ (=५०२ ई.) को भमोद्र मोहोता ताम्रपत्रमा[३] स्पष्ट रूपले उत्कीर्ण महत्तर द्राङ्गिक अभिल्दो छैन औ त्यसले पनि द्रङ्ग शब्दले एक निश्चित् प्रदेशनै बुझाउने यथार्थतालाई स्पष्टचाएको छ भन्न सकिन्छ। उक्त महत्तर द्राङ्गिक शब्दले यस तथ्यलाई पनि स्पष्ट पारेको छ कि द्रङ्ग शब्दले एक सानो इलाकामा मात्र सीमित

२. हेर्नोस्–डि. सि. सरकारद्वारा संपादित "सेलेक्ट इन्स्क्रिप्सन्स" कलकत्ता विश्वविद्यालय, १९६५ ई., पृ. ४२७

३. "ॐ स्वस्ति (।।) वलभीतः परमभट्टारक–पादानुध्यातो महाराज द्रोणसिंह × कुशली स्व-विषय सर्व्वानेवास्मत्सन्तका–युक्तक–विनियुक्तक–महत्तर–द्राङ्गिक–ध्रुवस्थानाधिकरण्य चाट–भटादी (ं) श्च समाज्ञापयत्यस्तु ... ..."

–भमोद्र मोहोता ताम्रपत्र, गुप्त वलभी संवत् १८३ (=५०२ ई.)

हेर्नोस्–डि. सि. सरकारद्वारा संपादित "सेलेक्ट इन्स्क्रिप्सन्स" कलकत्ता विश्वविद्यालय, १९६५ ई., पृ. ४२७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्षेत्रलाई नबुझाई विस्तृत क्षेत्रमा फैलिएको इलाकालाई बुझाउँदछ। यस तथ्यलाई वाचस्पत्यले पनि समर्थन गरेको छ। वाचस्पत्यको अनुसार कर्वट भन्दा तल्लो औ पत्तन भन्दा माथिल्लो स्तरको बस्ती विशेषको नाम द्रङ्ग हो। उत्तरप्राचीनकालीन नेपालका अभिलेखहरुले पनि यस तथ्यतिर स्पष्ट निर्देश गरेका छन्। शीताटि इलाका पहिले एक गुल्मको रूपमा मात्र रहेको भएतापनि पछि गएर क्रमशः त्यसले तल, द्रङ्गको संज्ञा पाएको कुरा माथि उल्लेख भैसकेको छ जसले पनि उक्त तथ्यको पुष्टि हुन्छ। अर्को, शिताटि क्षेत्रका भट्टारकमहाराजश्रीगणदेवका अभिलेखहरुको अध्ययनमा एक तलका अन्तर्गत अनेक ग्रामहरु हुने कुरा प्रकटित हुन्छ। त्यस्तै द्रङ्गको अन्तर्गत अनेक तलहरु हुने कुरा मङ्गल बजार सुनध्याल चोकभित्र प्रतिष्ठापित संक्षिप्त शक संवत् ६७ का "यूपग्रामद्रङ्गस्यसर्वतलसहितस्य" पंक्तिबाट विदित हुन्छ। यि आधारहरुबाट पनि उत्तरप्राचीनकालीन नेपालमा ग्राम राष्ट्रको सबैभन्दा सानो प्रशानिक इकाई मानिएको औ सो भन्दा माथि तल, तल भन्दा माथि द्रङ्ग रहेको कुरा सिद्ध हुन्छ।

उपरोक्त वर्णनहरुले तल वास्तवमा के हो ? भन्ने बारे यथार्थ जानकारी प्रस्तुत गरेका छन्। माथिको उल्लेख अनुसार तल प्रशासनिक सुविधाको दृष्टिले निर्मित एक खास इलाका विशेषको नाम रहेको छ। शक संवत ५२० को खोपाशीको अभिलेखले तलको रेखदेख तलस्वामीले गर्ने कुरातिर इङ्गित गरेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ४८

१. (ॐ स्वस्ति मानगृहाद् बप्पपादानुध्यातो भट्टारकम
२. हाराजश्रीगणदेवः कुशली शीताटिकातले ... ग्रा —
३ मे यथाप्रधानब्राह्मणपुरस्सरान् सर्व्वानेव कु-
४. टुम्बिनः कुशलं पृष्ट्वा मानयति पूर्व्वर जभिरर्युष्माकं)
५. कुथेर्शौल्याधिकरणाभ्यां न प्रवेष्ट (व्यमित्य)
६. नुग्रहः कृतकोधुना मया सर्व्वदण्ड (नाय
७. कमहाप्रतिहार श्री भौमगुप्तविज्ञा (पिते)
८. न लिङ्ग्वल्माप्चोकाधिकरणाम्पञ्चा (पराध)
९. द्वारेण चतुर्भिरप्यधिकरणैर्न्न प्र (वेष्टव्य)
१०. मिति स्थितिपट्टकेन प्रसादः कृत (स्तद्यूय)
११ मेवम्विदित्वा यथैव पूर्व्वमाज्ञाश्रवण(विधेया)
१२ स्तथैवावलगनपरा भूत्वा निर्वृतविश्व (स्ताः)
१३. (सुखं) प्रतिवत्स्यथ ये चास्मद्वंश्या राजा (नो भविता)
१४ (रस्तै) रपि धर्म्मगुरुभिर्गुरुकृतप्र(सादा)
१५. (नुव) र्त्तिभिरियमाज्ञा प्रतिपालनी (येति दूतक)
१६. (श्चा) त्र बभ्रुवर्म्मा ब्रह्मं प्रसाद (गुप्तवार्त्ते)
१७. (व्यवहर) तीति श्रावणशुक्लप्रतिपदि (सं. ४८२)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ४८
प्राप्तिस्थान–बलम्बु हिटिगाको अभिलेख
मिति–श्रावणशुक्लप्रतिपदि (सं. ४८२)
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) (ॐ स्वस्ति मानगृहाद् बप्प–
पादानुध्यातो भट्टारकमहाराज
श्रीगणदेवः) (२) सर्व्वदण्ड (नाय)
कमहाप्रतिहारश्रीभौमगुप्त (३)
(दूतकश्चा) त्र बभ्रुवर्म्मा (४)
ब्रह्मु प्रसाद (गुप्तवार्त्त)
प्रशासनिक पद–(१) सर्व्वदण्डनायक (२) महाप्रतिहार (३) दूतक (४)
ब्रह्मु
धर्म, धार्मिक कार्य–×
शिलापत्र राखनाको उद्देश्य- राजाज्ञा जारी गरेको
शिलापत्र राखनेको नाम–भट्टारकमहाराज श्रीगणदेवः
महानात्माहरुको समेत देवताहरुको नाम–×
विहार, मन्दिरको नाम–×
अड्डा–(१) कुथेर (२) शौल्य (३) लिङ्गवल (४) मापचोक
कुनमा प्रकाशित–"पूर्णिमा" पूर्णाङ्क १०;
शिलापत्रको शीर्ष चिन्ह–×
लिपि–ब्राह्मी
स्थान–शीताटिकातल
संक्षिप्त विवरण–भट्टारकमहाराज श्रीगणदेवले ग्रामकावासिन्दाहरुलाई तिनी–हरुका ग्राममा सरकारी अधिकरणहरुले प्रवेश गर्न नपाउने गरी निगाह गरेको कुरा प्रस्तुत शिलालेखमा वर्णित छ ।
कैफियत–बलम्बु चौकिटारको संवत् ४८२ को अभिलेखकै बेहोराका यो अभिलेख हुंदा यहाँ पनि त्यहीनैं कुरा दोहऱ्याई रहनु अनावश्यक सम्झेको छुं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ४९

१. ॐ स्वस्ति मानगृहाद्बप्पपादानुध्यातो भट्टा (रकमहाराज)
२. श्रीगणदेवः कुशली शीताटिकातले बु ङ्ग्रामे
३ यथाप्रधानब्राह्मणपुरस्सरान्सर्व्वानेव (कुटुम्बिनः)
४. कुशलम्पृष्ट्वा मानयति पूर्व्वराजभिर्य्यु (ष्माकं कुथेरशुल्य)
५. धिकरणाभ्यां न प्रवेष्टव्यमित्यनुग्रहः (कृतोधुना म)
६. या सर्व्वदण्डनाकमहाप्रतिहार श्रीभौमगुप्तविज्ञा-
७. लिङ्ग्वल्माप्चोकाधिरकरणा भ्याम्प (ञ्चापराधद्वारेण ...
८. तुभिरप्यधिकरणैन्न प्रवेष्टव्यमिति स्थितिपट्टकेन प्रसादः
९. कृतस्तद्यूयमेवं विदित्वा यथैव पूर्व्वमाज्ञा श्रवन विधेया
१०. स्तथैवावलगनपरा भूत्वा निर्व्वृ विश्वस्ताः सुखम्प्रतिवत्स्य (थ)
११. ये चास्मद्वंश्या राजानो भवितारस्तैरपि धर्म्मगुरुभिर्गु (रु)
१२. कृतप्रसादानुवर्त्तिभिरियमाज्ञा प्रतिपालनीयेति, दूतक-
१३. श्चात्र बभ्रुवर्मा ब्रह्म ङ् प्रसादगुप्तवार्त्ते व्यवहरतीति
१४. श्रावणशुक्लप्रतिपदि १ संवत् ४८२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.— ४९

प्राप्तिस्थान–बलम्बु लुकुमहाद्यको अभिलेख

मिति–श्रावणशुक्ल प्रतिपदि १ संवत् ४८२

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) ॐ स्वस्ति मानगृहाद्बप्पपादानुध्यातो भट्टा(रकमहाराज) श्रीगणदेवः (२) सर्व्वदण्डनायकमहाप्रतिहार श्रीभौमगुप्त (३) दूतकश्चात्र बब्भ्रुवर्मा (४) ब्रह्मु ङ् प्रसादगुप्तवार्त्त

प्रशासनिक पद–(१)सर्व्वदण्डनायक (२) महाप्रतिहार (३) दूतक (४) ब्रह्मु ङ्

धर्म, धार्मिक कार्य–×

शिलापत्र राख्नाको उद्देश्य–राजाज्ञा जारी गरेको

शिलापत्र राख्नेको नाम–भट्टारकमहाराज श्रीगणदेवः

महानात्माहरुको समेत देवताहरूको नाम–×

विहार, मन्दिरको नाम–×

अड्डा–(१) कुथेर (२) शुल्य (३) लिङ्ग्वल (४) माप्चोक

कुनमा प्रकाशित–मित्रवर श्री हेमराज शाक्यको सौजन्यवाट ।

शिलापत्रको शीर्षचिह्न–×

लिपि - ब्राह्मी

स्थान–शीताटिकातल

संक्षिप्त विवरण–भट्टारकमहाराज श्रीगणदेवले ग्रामका वासिन्दाहरुलाई तिनीहरुका ग्राममा सरकारी अधिकरणहरुले प्रवेश गर्न नपाउने गरी निगाह गरेको कुरा प्रस्तुत शिलालेखमा वर्णित छ ।

कैफियत–बलम्बु चौकिटारको संवत् ४८२ को अभिलेखकै वेहोराका यो अभिलेख हुंदा यहाँ पनि त्यहीनैं कुरा दोहऱ्याई रहनु अनावश्यक सम्झेको छुँ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ५०

१. (ॐ) स्वस्ति मानगृहाद्बप्पपादानु(ध्या)तो भट्टारक-
२. महाराज श्रीगणदेवः कुशली शीताटिका-
३. तले किचप्रिचिङ्ग्रामे यथा(प्र)धानब्राह्मण-
४. पुरस्सरान्सर्व्वानेव कुटुम्बिनः कुशलम्पृष्ट्वा
५. मानयति पूर्व्वराजभिर्य्युष्मा(कं कुथेरशुल्य)धिकर-
६. णाभ्यान्न प्रवेष्टव्यमित्यनुग्रहः कृतोधुना मया
७. सर्व्वदण्डनायकमहाप्रतिहारश्रीभौ (म)गुप्तविज्ञा-
८. पितेन लिङ्ग्वल्माप्चोकाधिकरणाभ्या (म्पञ्चापराधद्वा)
९. रेण चतुर्भिरप्यधिकरणैर्न्न प्रवेष्टव्यमिति (स्थितिप)
१०. ट्टकेन प्रसादः कृतस्तद्यूयमेवं (विदित्वा यथैव पूर्व्वमाज्ञा)
११. श्रवणविधेयास्तथैवावलग्न (परा भूत्वा निर्वृ तविश्वस्ताः)
१२. सुखम्प्रतिवत्स्यथ ये चास्मद्वंश्या (राजानो) भवितारस्तै-
१३. रपि धर्म्मगुरुभिर्गुरुकृतप्रसादानुवर्त्तिभिरियमा
१४. ज्ञा प्रतिपालनीयेति दूतकश्चात्र बभ्रुवर्म्मा ब्रह्मुङ्
१५. प्रसादगुप्तवार्त्ते व्यवहरतीति ॥ संवत् ४८२
१६. श्रावणशुक्लप्रतिपदि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ५०

प्राप्तिस्थान–किसिपिडीको अभिलेख

मिति–संवत् ४८२ श्रावणशुक्लप्रतिपदि १

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) ॐ स्वस्ति मानगृहाद्बप्प-
पादानु(ध्या)तो भट्टारकमहाराज
श्रीगणदेवः (२) सर्व्वदण्डनायक
महाप्रतिहार श्रीभौ(म)गुप्त (३)
दूतकश्चात्र बन्ध्रुवर्म्मा (४)
ब्रह्युङप्रसादगुप्तवार्त्त

प्रशासनिक पद–(१) सर्व्वदण्डनायक (२) महाप्रतिहार (३) दूतक (४)
ब्रह्युङ

धर्म, धार्मिक कार्य–×

शिलापत्र राखनाको उद्देश्य–राजाज्ञा जारी गरेको

शिलापत्र राख्नेको नाम–भट्टारकमहाराज श्रीगणदेवः

महानात्माहरुको समेत देवताहरुको नाम–×

विहार, मन्दिरको नाम–×

अड्डा–(१) कुथेर (२) शुल्य (३) लिङ्ग्वल (४) माप्चोक

कुनमा प्रकाशित–सिल्वांलेवीद्वारा ७ संख्या

शिलापत्रको शीर्षचिन्ह–×

लिपि–ब्राह्मी

स्थान–(१) शीताटिकातल (२) किचप्रिचिङग्राम

संक्षिप्त विवरण–भट्टारकमहाराज श्रीगणदेवले ग्रामका वासिन्दाहरुलाई तिनी-हरुका ग्राममा सरकारी अधिकरणहरुले प्रवेश गर्न नपाउने गरी निगाह गरेको कुरा प्रस्तुत शिलालेखमा वर्णित छ ।

कैफियत–बलम्बु चौकिटारको संवत् ४८२ को अभिलेखकै वेहोराका यो अभिलेख हुंदा यहाँ पनि त्यहीनै कुरा दोहऱ्याई रहनु अनावश्यक सम्झेको छुँ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ५१

१. (ॐ स्व)स्ति मानगृहाद्बप्पपादानुध्यातो भट्टारकमहाराज-
२. (श्रीग)णदेवः कु(शली शीता) टिकातले किचप्रिचिङ्ग्रामे य-
३. (था) प्रधानव्रा (ह्मणपुर) स्सरान्सर्व्वानेव कुटुम्बिनः (कु)-
४. (श) लम्पृष्ट्वा मानयति पूर्व्वराजभिर्य्युष्माकं कुथेर्शुल्य-
५. (धिकर) णाभ्यान्न प्रवेष्टव्यमि (त्य) नुग्रहः कृतकोधुना म-
६. या सर्व्वदण्डनायकम (हा) प्रतिहार श्रीभौमगुप्त-
७ विज्ञापितेन (लिङ्ग्वल्माप्चोका) धिकरणाभ्याम्पश्चापरा-
८. धद्वारेण (चतु) र्भिरप्यधिकरणैर्न्न प्रवेष्टव्यमिति
९. स्थितिपट्टकेन प्रसादः कृतस्तद्यूयमेवम्विदित्वा
१०. यथैव पूर्व्वमाज्ञाश्रवणविधेयास्तथैवावलगन-
११. परा भूत्वा निर्वृ तविश्वस्ताः सुखम्प्रतिवत्स्यथ ये चा-
१२ स्मद्वंश्या राजानो भवितारस्तैरपि धर्म्मगुरुभिर्गु-
१३. रुकृतप्रसादानुवर्त्तिभिरियमाज्ञा प्रतिपालनी-
१४. यादूतकश्चात्र बम्भ्रु वर्म्मा ब्रह्म ुं प्रसादगुप्त-
१५. वार्त्तं व्यवहरतीति संवत् ४८२ श्रावणशुक्लप्रतिपदि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.-५१
प्राप्तिस्थान-किसिपिंडी कुलांछेटोलको अभिलेख
मिति-संवत् ४८२ श्रावणशुक्लप्रतिपदि
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत-(१) (ॐ स्व)स्ति मानगृहाद्बप्प-पादानुध्यातो भट्टारकमहाराज (श्रीग)णदेवः (२) सर्वदण्डनाय-कम(हा) प्रतिहार श्रीभौमगुप्त (३) दूतकश्चात्र बभ्रु वर्म्मा (४) ब्रह्म प्रसादगुप्त वार्त्त
प्रशासनिक पद-(१) सर्व्वदण्डनायक (२) महाप्रतिहार (३) दूतक (४)ब्रह्म
धर्म, धार्मिक कार्य-×
शिलापत्र राख्नाको उद्देश्य-राजाज्ञा जारी गरेको
शिलापत्र राख्नेको नाम-भट्टारकमहाराज श्रीगणदेवः
महानात्माहरुको समेत देवताहरुको नाम-×
विहार, मन्दिरको नाम-×
अड्डा-(१) कुथेर (२ शुल्य (३) लिङ्ग्वल (४) माप्चोक
कुनमा प्रकाशित-मित्रवर श्री हेमराज शाक्यको सौजन्यबाट
शिलापत्रको शीर्षचिह्न-×
लिपि-ब्राह्मी
स्थान-(१) शीताटिकातल (२) किचप्रिचिङ्ग्राम
संक्षिप्त विवरण-भट्टारकमहाराज श्रीगणदेवले ग्रामका वासिन्दाहरुलाई तिनीहरुका ग्राममा सरकारी अधिकरणहरुले प्रवेश गर्न नपाउने गरी निगाह गरेको कुरा प्रस्तुत शिलालेखमा वर्णित छ।
कैफियत-बलम्बु चौकिटारको संवत ४८२ को अभिलेखकै बेहोराका यो अभि-लेख हुँदा यहाँ पनि त्यहीनैं कुरा दोहऱ्याई रहनु अनावश्यक ठानेको छुँ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ५३

१. ॐ पत्योर्नौ पश्य हे श्रीर्य्युगलममिथुनं शूलभृच्छार्ङ्गपाण्योरे-
कैकस्यात्र किन्तन्न सुकरमनयोस्तौ यदेकत्र पृक्तौ । मूर्त्ति [मु]त
[क्त्वेव]

२. नूनं सखि मदनरिपोरेवमुक्त्वा भवान्या यो दृष्टो जातु तस्मै
सततमिह नमोस्त्वर्द्ध शौरीश्वराय ॥ संवत् ४८७ प्रथमाषाढ-

३. शुक्लद्वितीयायाम्भट्टारकमहाराजश्रीगणदेवे कालमपरिमितं समा-
ज्ञापयति परमदैवतश्रीभौमगुप्तपादानुध्यातो विदि

४. तविनयः शश्वत्कुशलकर्म्मण्युपहितपरमानुग्रहः प्रकृष्टकुलजन्मा
दिवमुपगतयोर्म्मातापित्रोरात्मनश्च पुण्योपचितये

५. स्वामिवार्त्तः सकलभुवनसम्भवस्थितिप्रलयकारणमनादिनिधनं
भगवन्तमिह शङ्करनारायणस्वामिनं प्रतिष्ठापितवानपि च

६. योऽसौ सर्व्वत्रिभुवनगुरु श्रेयसाञ्चाधिवासो यस्मिन्बद्धा नियमित-
फलाः सम्पदः पुण्यभाजाम् नानारूपं भुवनमखिलं

७. धार्य्यते येन चेदं तस्मिन्भक्तिर्न भवति वृथा शुद्धचित्ताशयानाम् ।
भिन्ने पुंसां जगति च तथा देवताभक्तिभावे पक्षग्राहभ्रमित-

८ मनसाम्पक्षविच्छित्तिहेतोः इत्यर्द्धाभ्यां समुपरचितं यन्मुरारी-
श्वराभ्यामेकं रूपं शरदिजघनश्यामगौरं तदव्यात् ॥ पुण्यानि ये

९ प्युभयलोकसुखावहानि कुर्व्वन्ति हि प्रतिदिनं विगताभिमानाः
कृत्वापि तेत्र विधिवद्विषयोप भोगं स्वैः कर्म्मभिः सुकृतिनो दिव-

१०. मावसन्ति ॥ पुंसां पापकृतामधः सुकृतिनामुद्र्ध्वङ्गतिर्द्धीमता-
मित्येवं प्रविचिन्त्य निश्चितमतिः सम्प्रज्ञया प्रज्ञया दृष्टादृष्ट-

११. विधिप्रयोगनिपुणो वार्त्तः स्वपुण्याप्तये मूर्त्तिङ्केशवशङ्कराद्धर-
चितामस्थापेयद्भक्तितः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–५३

प्राप्तिस्थान–पशुपतिस्थित हरि शंकरको पादपीठको अभिलेख

मिति–संवत् ४८७ प्रथमाषाढशुक्लद्वितीया

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) भट्टारकमहाराजश्रीगणदेव
(२) परमदैवतश्रीभौमगुप्त
(३) स्वामिवार्त्त

प्रशासनिक पद–×

धर्म, धार्मिक कार्य–अद्वैत दर्शन, सकाम कर्म

शिलापत्र राखनाको उद्देश्य–आमा बाबुको साथै आफ्नो पनि पुण्य बढोस्

शिलापत्र राख्नेको नाम स्वामिवार्त्त

महानात्माहरुको समेत देवताहरुको नाम–(१) श्री (२) भवानी (३) अर्द्धशौ-
रीश्वर (४) शङ्करनारायणस्वामी
(५) मुरारि (६) ईश्वर (७) केशव
(८) शङ्कर

विहार, मन्दिरको नाम–×

अड्डा–×

कुनमा प्रकाशित–"संस्कृत–सन्देशः" २०१० प्रथम वर्ष, अष्टम अंक, आर.
नोलीद्वारा × × संख्या

शिलापत्रको शीर्षचिन्ह–×

लिपि–ब्राह्मी

स्थान–×

संक्षिप्त विवरण भट्टारकमहाराज श्रीगणदेवको राज्यकालमा परमदैवत श्री भौमगुप्तबाट अनुग्रह पाएका एकजना वार्त्तले आफ्ना माता पिताको र आफ्नो पनि पुण्य वृद्धिको लागि विभिन्न सम्प्रदाय-हरुमा कलह नहोस् औ मेलमिलाप भै रहोस् भन्ने अभिप्रायले भगवान्ले शिव र केशव दुबैको एउटै रूप लिएकोको प्रतीकस्व-रूप शङ्कर र केशवको आधा–आधा शरीरबाट बनेको मूर्ति प्रतिष्ठापन गरेको वर्णन प्रस्तुत शिलालेखमा गरिएकोछ।

कैफियत–उत्तरप्राचीनकालमा यहाँ राष्ट्रिय धर्मको रूपमा कुनै एक धर्मलाई मान्यता नदिइएर धर्मनिरपेक्ष राज्यको रूपमा यो देश रहेको थियो। यसैले यहाँ उक्त समयमा विभिन्न धर्महरु स्वतन्त्ररूपले विकसित भएका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थिए। तर, यहाँ यस कुरोलाई उल्लेख गर्दा कुनै अत्युक्ति हुँदैन कि तिनीहरुमा वैदिक अद्वैत दर्शनको प्रभाव यथेष्ट मात्रामा परेको थियो। यस तथ्यको समर्थन प्रस्तुत अभिलेख एवं मूर्तिको अतिरिक्त साहित्यिक, पुरातात्त्विक दुवै आधारबाट हुन्छ। ऋग्वेदमा "एकं सद्विप्रा बहुधा वदन्ति"को रूपमा एक सुप्रसिद्ध मन्त्र रहेको छ जसले वैदिक दर्शनमा अनेकता देखिएर पनि गूढतामा त्यो अद्वैतवादतिर बढ्ता आकृष्ट भएको छ भन्ने लाग्दछ। यसको समर्थन पुराणले पनि गरेको छ भन्ने कुरा स्कन्दपुराणान्तर्गत नेपालमहात्म्यमा हरि र हरमा भेद गर्ने व्यक्ति वेद विरोधी भनिएबाट हुन्छ।

"यो हरिं हररूपेण हरं च हरिरूपिणम्।
यः पश्यति स एवं स्याद्वैष्णवः शैव एव च॥
हरौ हरे च ये भेदं कुर्वन्ति मनुजाधमाः।
पाखण्डिनो वेदवाह्यास्ते वै निरयगामिनः॥"

–नेपालमहात्म्य, अध्याय ११ श्लोक ५२,५३

त्यस्तै शिवसङ्गम तन्त्रमा बौद्ध पञ्चध्यानी बुद्धहरुमध्ये एक–अक्षोभ्य र शिव पर्यायवाची छन्। अक्षोभ्य बुद्धको चिह्न वज्र रहेको छ, जबकि इन्द्र र शिवको एक प्रहरण पनि वज्रनै मानिन्छ। इन्द्रको एक नाम वज्रपाणि पनि छ। जसले वज्र इन्द्रको एक आयुधको रूपमा रहेको कुरा स्पष्ट छ। रघुवंशमा इन्द्रलाई वज्रपाणिको संज्ञा दिइएको छ। "वज्रं मुमुक्षन्निव वज्रपाणिः।"–रघुवंश २,४२। फेरि, श्रीतत्त्वनिधि ग्रन्थमा वर्णन गरिए अनुसार महादेवले आफ्नो शरभेशावतारमा वज्र पनि समातेको पाइन्छ। बौद्ध अनुश्रुति अनुसार बुद्धले एक पटक हिन्दु देवतालाई हराई तिनका वज्रलाई जयचिह्नको रूपमा खोसेका थिए। यसैले वज्रलाई बौद्धमार्गीहरु ज्यादै पवित्र र माननीय सम्झन्छन्। फेरि वंशीचूड अमिताभ बुद्ध विष्णुका अवतार मानिन्छन्। यसरी प्राचीनकालदेखिनै यहाँ अनेकतामा एकता देख्ने परम्परा प्रचलित रहेको कुरा साहित्यिक आधारबाट जानिन्छ।

पुरातात्त्विक आधारबाट पनि उपरोक्त तथ्यको समर्थन हुन्छ। अनुमानित छैठौं शताब्दी ई. को अनुपरमकृत हाडिगाउँको स्तम्भलेखमा वेदविरोधीहरुको विरोध गर्दै वैदिक मतको खुला समर्थन उत्कीर्ण छ। यसै सन्दर्भमा प्रस्तुत पादपीठलेखलाई लिन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सकिन्छ। यसमा विभिन्न धर्महरुका बीच भेदभाव नहोस् भन्ना खातीर शंकर र केशवको आधा-आधा शरीरबाट बनेको अर्द्ध-शौरीश्वर मूर्ति निर्मित गरिएको कुरा उल्लेख छ जसले माथि वर्णित तर्कको समर्थन गर्दछ।

"भिन्ने पुंसां जगति च तथा देवता भक्तिभावे
पक्षग्राहभ्रमितमनसाम्पक्षविच्छित्ति हेतोः
इत्यर्द्धाभ्यां समुपरचितं यन्मुरारीश्वराभ्या–
मेकं रूपं शरदिजघनश्यामगौरं तदब्यात्।"

–हरिशंकरको पादपीठ लेख, शक संवत् ४८७ (= ५६५ ई.)

अर्द्धनारीश्वरको कल्पना अद्वैतवादको एक जवर्दस्त उदाहरण मानिन्छ। अनुमानित छैठौं, सातौं शताब्दी ई. को एक सुन्दर शिव शक्तिको अर्द्धनारीश्वर मूर्ति राजसभाका सदश्य सम्माननीय श्रीबालकृष्ण समज्यूको संग्रहमा राखिएको छ। अर्द्धनारीश्वरको मूर्तिबाट ब्रह्मा र विष्णुको उद्भव देखाइएको एक प्राचीन मूर्ति पनि सम्माननीय श्री समज्यूको संग्रहमा छ। जसले तत्कालीन अद्वैत भावनाको अझ बढी राम्रो प्रतिविम्ब गरेको छ। शिव–शक्तिको सम्मिलन विना पूर्णता नहुने कुरा निम्न श्लोकबाट स्पष्टतया जानिन्छ।

"ईश्वरोऽहं महादेवि ! केवलं शक्तियोगतः।
शक्ति विना महेशानि ! सदाऽहं शवरूपकः॥
शक्तियुक्तो महादेवि ! शिवोऽहं सर्वकामदः।"

फेरि, शिवलिङ्गमें पार्वतीको आकृति पनि उत्कीर्ण गरिएको अनुमानित छैठौं शताब्दी ई.को एक मूर्ति पशुपति राजराजेश्वरी घाटमा पाइएको छ जसले पनि उक्त तथ्यकै पुष्टि गर्दछ। अर्को, तीनधारा पाकशालाबाट लगेर काठमाण्डू नाचघर भित्र प्रतिष्ठापित अनुमानित छैठौं, सातौं शताब्दी ई. का चतुर्व्यूह मूर्तिमा तीनतिर ब्रह्मा, विष्णु, महेशका भिन्ना भिन्नै उभिरहेका मूर्तिहरु राखेर बाँकी एकातिर एक गौरी मूर्ति कुँडिएको छ। प्रस्तुत चतुर्व्यूह मूर्तिमा शक्तिको रूपमा गौरीको मूर्ति मात्र कुँडिएकोले आद्या शक्ति खालि गौरी नै मानिएर त्र्यक्षर (त्रिमूर्ति) अन्ततः ॐ स्वरूप एकाक्षर ब्रह्मनै रहेको कुरालाई स्पष्टयाएको छ। प्रस्तुत मूर्तिले शिव–शक्तिको मान्यतानुरूप उपरोक्त तर्कको अझ बढी राम्रो संग स्पष्ट पारेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

—स्कन्दपुराणान्तर्गत सूतसंहिता ४।२६।२६-२८, १
अर्थात्–"शिवयात्रामा बांधक हुनेहरुमाथि बाधा पुन्याउनु शिवभक्ति हो ।
शिवप्रति अपराध गर्नेहरुलाई नष्ट गर्नु शिवभक्ति नै हो ।
भस्म लगाउनुमा निष्ठा राख्नेहरु प्रति क्रूर व्यवहार गर्नेहरुका शि
काट्नु साक्षात् शिवभक्ति नै मानिन्छ"
(हेर्नोस्–डा. मंगलदेव शास्त्री लिखित "भारतीय संस्कृतिका विका
औपनिषदधारा" १९६६ ई., पृ. २६४–२६५)

प्राचीनकालमा यहाँ धार्मिक असहिष्णुता विद्यमान रहेको कु यहांका धार्मिक अनुश्रुतिहरुको अध्ययनमा स्पष्टतया झल्किन्छ गुरुले "ॐ नमः शिवाय" मन्त्र भनी जत्तिसुकै पढाए तापनि प्रह्लादले "ॐ नमः भगवते वासुदेवाय:" भनेरै मात्र रट्नु औ विष्णु प्रह्लादको पक्षलिई तिनका पिता हिरण्यकशिपुलाई मारेको औ त्यस अनन्तर अनि शिवले नृसिहरूपधारी विष्णुको शेखीलाई शरभेश अवतार ग्रहण गरी धूलोमा मिलाएको कुराको उपाख्यानमा शैव ए वैष्णव धर्मको वीच धार्मिक असहिष्णुताको पूट स्पष्ट रूपले भेटिन्छ भारतको त्रिभुवनम्मा शिवको एक शरभेश प्रतिमा प्राप्त भएको छ त्यसमा तिनले अगाडिका खुट्टाहरुले नृसिहलाई दबाइ राखे देखाइएको छ । तिनका आधा शरीर सिंहका औ आधा पंछी छन् । "काशिकागम"को अनुसार अष्टपाद तथा किरीटधारी शर सुवर्ण वर्णका पंछी जस्तो छ । तिनका दुई पखेटा छन् । नेत्र र वर्णका छन् । "श्री तत्त्वनिधि" ग्रन्थमा शरभेशका ३२ भुजाहरु उल्लि खित छन् । "उत्तरकारणागम"को अनुसार "शरभेशका तीन ने सूर्य, चन्द्र तथा अग्नि हुन् । बडवानलनै जिह्वा हो । काली एवं दु दुवै पंखा हुन् । इन्द्र नङ हुन् । कालाग्नि उदर, काल तथा मृ दुवै तिघ्रा औ महावायु शक्ति हुन् । यस्ता शरभेशको उपासनाद्वा सवकुछ प्राप्त हुन्छ ।"

फेरि, शिवको नीलकण्ठ स्वरूपलाई लिइ विभिन्न अनुश्रुति भेटिन्छन् । समुद्रमथनको अवसरमा सागरबाट निस्केको कालक विष पिएकोले तिनको कण्ठ नीलो भएको भन्ने सर्वप्रसि अनुश्रुति छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"नीलं येन ममाङ्गं तु रसाक्तं, लोहितं त्विषा ।
नीललोहित इत्येव ततोऽहं परिकीर्तितः ।।"

यसको अतिरिक्त यसबारे अन्य उपाख्यानहरु पनि छन् । जसको अध्ययनमा अस्तित्त्वको लागि विभिन्न सम्प्रदायहरुका वीच संघर्ष भएको कुरा स्पष्ट परिलक्षित हुन्छ । एक उपाख्यान अनुसार इन्द्रको वज्र प्रहारले शिवको घाँटी नीलो भएको थियो ।

"दत्तः प्रहारः कुलिशेन पूर्वं तवेशान सुरराज्ञातिवीर्यः ।
कण्ठे नैलं तेन ते यत्प्रवृत्तं तस्मात् ख्यातस्त्वं नीलकण्ठेति कल्प्यः ।।"

शिवको विष्णुसित मुठभेड हुंदा विष्णुले घाँटीमा अँठ्याइ दिएकोले शिवको घाँटी नीलो भएको कुरा अर्को उपाख्यानमा उल्लिखित छ ।

"ततः प्रसभमाप्लुत्य रुद्रं विष्णुः सनातनः ।
जग्राह कण्ठे भगवान् नीलकण्ठस्ततोऽभूत् ।।"

यसरी प्राचीनकालमा विभिन्न धार्मिक सम्प्रदायहरुका वीच संघर्ष भएको कुरा थाहा हुन्छ ।

आठौं शताव्दी ई. को अन्ततिर भारतको सुदूर दक्षिणमा जन्मने शङ्कराचार्यले भारतीय उपमहाद्वीपबाट बौद्धधर्मलाई उच्छेदन गर्ने हेतु दिग्विजय यात्रा गरेको कुरा शङ्कर–दिग्विजय नामक ग्रन्थबाट स्पष्टतया थाहा पाउन सकिन्छ । नेपालमा प्रचलित जनश्रुति अनुसार शङ्कराचार्य भारतबाट बौद्धहरुलाई परास्त गर्दै नेपालमा पनि आएका थिए । तर, नेपालमा तिनले साँखु वज्रजोगिनी स्थानमा पुगेर वज्रजोगिनीलाई माहेश्वरीको रूपमें सही वन्दना गरेको स्तोत्र अद्यापि नेपाल एवं भारतमा देव्यापराधक्षमापनस्तोत्रम् नामले व्याप्ति प्रचार हुनुको अतिरिक्त शङ्कराचार्यद्वारा भगवान् बुद्धको स्तुति गरिएको स्तोत्र पाइएबाट तिनले बौद्धहरुलाई समूल नष्ट गर्न नसकेको कुरा थाहा पाइन्छ । वरु तिनले कतिपय बौद्ध सिद्धान्त-हरुलाई आफ्नोमा ग्रहण गरेका थिए । जसले गर्दा कट्टर हिन्दुहरु तिनलाई प्रच्छन्न बौद्धको पनि संज्ञा दिन्छन् । यसरी आठौं शताव्दी ई. तिर नेपाल एवं भारतमा धार्मिक असहिष्णुता व्यापक रूपले फैलिएको कुरा थाहा हुन्छ ।

नेपाल एवं भारतमा पूर्वप्राचीनकालमैं धार्मिक असहिष्णुता विद्यमान रहेको थियो । कोशल नरेश विरुढकले पाँचौं, छैठौं शताव्दी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सांचो मानेमा शुरु भयो ।

सहायक ग्रन्थ एवं पत्रपत्रिका

१. महाकवि कालिदास विरचित "रघुवंश"
२. अमरसिंह विरचित "अमरकोश"
३. कल्याण–शक्त्यङ्क
४. रमेन्द्र मोहन बोसद्वारा संपादित "अभिज्ञानशकुन्तलम्" १९५३ ई.
५. डा. मंगलदेव शास्त्री लिखित "भारतीय संस्कृतिका विकास-औपनिषद धारा" १९६६ ई.
६. हरिनन्दन ठाकुर लिखित "नेपाल–देश और संस्कृति" १९६९ ई.
७. राहुल सांकृत्यायन लिखित "ऋग्वेदिक आर्य" १९५७ ई.
८. राहुल सांकृत्यायन लिखित "कुमाऊँ" वि. सं. २०१५
९. अविनाश चन्द्र बोस लिखित "द काल अव द वेदज" १९६० ई.
१०. डि. सि. सरकारद्वारा संपादित "सेलेक्ट इन्स्क्रिप्सन्स" १९६५ ई.
११. डा. वासुदेव उपाध्याय लिखित "प्राचीन भारतीय अभिलेखोंका अध्ययन" १९६१ ई.
१२. सत्यकेतु विद्यालंकार लिखित "भारतीय संस्कृति और उसका इतिहास" १९६८ ई.
१३. बलदेव प्रसाद मिश्रकृतः "नैपालका इतिहास" शक संवत् १८५१
१४. डा. भगवत शरण उपाध्याय लिखित "प्राचीन भारतका इतिहास" १९५७ ई.
१५. डा. आर. सि. मजुमदारद्वारा संपादित "द एज अव इम्पेरियल युनिटी" १९५३ ई.
१६. वाराणसीबाट प्रकाशित हुने "आज" सायं समाचार, साप्ताहिक विशेषांक ३ मार्च १९७३
१७. "धर्मयुग" २५ फरवरी १९७३
१८. जे. एच. देम लिखित "इम्मोर्टल इण्डिया" भोल २, १९५९ ई.
१९. गोपिनाथ राव लिखित "इलेमेण्ट्स अव हिन्दु आईकनोग्राफी" भोल १ भाग १, १९६८ ई.
२०. "संस्कृत–सन्देशः" प्रथम वर्ष, १०–११–१२ संयुक्ताङ्क, २०१० वि. सं.
२१. हरिराम जोशी लिखित "प्राचीन नेपाल" १०८६ नेपालाब्द

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ५४

१. स्वस्ति मानगृहाद्‌बप्पपादानुध्यातो भट्टा-
२. रकमहाराजश्रीगङ्गादेवः कुशली तुन्नत्
३. चतुग्रामनिवासिनो ब्राह्मण ... ...
४. . ... कुशलम्पृष्ट्वा
५. समाज्ञापयति विदितमस्तु वो यथा
६. सर्व्वदण्डनायकमहाप्रजिहार श्रीभौ-
७. मगुप्तविज्ञापितेन मया शिलापट्ट-
८. केन प्रसादः कृत ... ... कु
९. टुम्बिनो ... ... मा
१०. ... ...
११. ... ... प्रतिमुक्त
१२. ... ...
१३. – – करणीयमेव मा भूदेतञ्च वृत्तिभुजां
१४. मापहानिरिति ... ...चेत्रं
१५. दत्तं ... ...
१६. अशीति ... करणीय ...
१७. ... न प्रवि ... ...
१८. चिदपि ... ...त्येवं विदित्वाद्या-
१९. ग्रे ण न केनचिदन्यथा करणीयं यश्चेद-
२०. मन्यथा कुर्य्यात्कारयेद्वा तस्याहमक्षत्यका-
२१. रिणो वाढन्न मर्षयिष्यामीति भट्टारक-
२२. पादीयोप्यत्र दूतको वृषवर्म्मा ॥ संवत्
२३. ४८९ श्रावणशुक्लदिवाद्वादश्याम्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ५४

प्राप्तिस्थान–चपलीगाउँको अभिलेख

मिति–संवत् ४८९ श्रावणशुक्लदिवाद्वादश्याम्

राजा, दूतक बा कुनैको नाम प्रशस्ति समेत–(१) स्वस्ति मानगृहाद्बप्पपादानु-
ध्यातो भट्टारकमहाराजश्रीगङ्गादेवः
(२) सर्व्वदण्डनायकमहाप्रतिहार-
श्रीभौमगुप्त (३) भट्टारकपादीयो-
प्यत्र दूतको वृषवर्म्मा

प्रशासनिक पद–(१) सर्व्वदण्डनायक (२) महाप्रतिहार (३) दूतक

धर्म, धार्मिक कार्य–×

शिलापत्र राख्नाको उद्देश्य–राजाज्ञा जारी गरेको

शिलापत्र राख्नेको नाम–भट्टारकमहाराजश्रीगङ्गादेवः

महानात्माहरुको समेत देवताहरुको नाम–×

विहार, मन्दिरको नाम–×

अड्डा–×

कुनमा प्रकाशित–सिल्वांलेवीद्वारा ८ संख्या; आर. नोलीद्वारा XXI संख्या

शिलापत्रको शीर्षचिह्न–शिरोभागमा बीचमा चक्र र दुइतिर शङ्ख अङ्कित छन्।

लिपि–ब्राह्मी

स्थान–तुञ्चत् चतुग्राम

संक्षिप्त विवरण–भट्टारकमहाराज श्रीगङ्गादेवले तुञ्चत् चतुग्राममा सरकारी अधिकरणहरुको प्रवेशलाई रोकेर स्थानीय जनतालाई निगाह गरेको कुरा प्रस्तुत शिलालेखमा वर्णित छ ।

कैफियत–प्रस्तुत अभिलेखको प्राप्तिले उत्तरप्राचीनकालीन नेपालका एक नयाँ लिच्छवि शासकको बारे जानकारी प्रदान गरेको छ ।

तुञ्चत् चतुग्राममा सरकारी अधिकरणहरुलाई पस्न नपाउने गरी स्थानीय जनतालाई निगाह गरेको वर्णनले यस क्षेत्रमा पनि स्वायत्त शासनको व्यवस्था थियो भन्ने कुरा थाहा हुन्छ । अर्को, यस अभिलेखका बचेका अक्षरहरूको अनुशीलनबाट स्थानीय आम्दानीको केही अंश स्थानीय इलाकाहरुले केन्द्रीय सरकारको खर्चको लागि पनि दिनु आवश्यक थियो ।

फेरि, यहाँ भट्टारकपादीयोप्यत्र दूतक भनी उल्लेख गरिएबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दूतक राजाको निजी स्टाफमा नियुक्त पदाधिकारीको रूपमा रहेको कुरा जानिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ५५

१. ··· ··· प्रलयसम्भवकारणस्य स्तम्भाकृतेस्तरुण ... ...
२. स्याति··· न गतो··· म प्रयानी··· भत्रो दिशतु सन्ततमिष्टमी (शः)
३. नित्यं ख्यातगुणप्रभावचरिते वंशेपि लब्धास्पदे
४. जातस्यात्र जनस्य जन्म विफलं कीर्त्त्या विना जीवतः
५. दृष्टं सौख्यवताम्परत्त्र च सुखं प्रा··· कीर्त्त्या यया
६. तां कर्त्तुं न समुत्सुकः प्रयतते को नाम मूढः स्वय (म्)
७. कीर्त्तेः फलं स किल भारविरित्यवेद्य मानुष्यकं त्वगिकमर्त्थवताञ्च··· ···
८. मातापितृस्वकृतपुण्यविवर्द्धनार्त्थ-मेतां भिषग्-··· ··· चकार की (र्त्तिम्)
९. अक्षयणीयार्त्थञ्च यूपग्रामस्य दक्षिणपश्चिमेन
१०. क्षेत्रं दत्तं यस्य पिण्डकं विंशिकया मानिकाः पञ्चाशदिति
११. संवत् ४६२ वैशाखशुक्लदिवा १३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ५५

प्राप्तिस्थान–ल.पु. मङ्गलबजारस्थित भीमसेन मन्दिर अगाडि ढुङ्गेधाराको पानी जम्ने खाल्टोको भित्तामा जडेको अभिलेख

मिति–संवत् ४९२ वैशाखशुक्लदिवा १३

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–भारवि

प्रशासनिक पद–×

धर्म, धार्मिक कार्य–शैव धर्म, सकाम कर्म

शिलापत्र राख्नाको उद्देश्य–आमा बाबु र आफ्नो पुण्य बढोस्

शिलापत्र राख्नेको नाम–भारवि

देवताहरुको नाम महात्माहरुको पनि–ईशः

विहार, मन्दिरको नाम–×

अड्डा–×

कुनमा प्रकाशित– श्री हेमराज शाक्यद्वारा संपादित "अभिलेख प्रकाश", करुणा प्रकाशन, १९६९ ई., अभिलेख नं. ३

शिलापत्रको शीर्षचिह्न–×

लिपि–ब्राह्मी

स्थान–यूपग्राम

संक्षिप्त विवरण–कीर्तिमै मनुष्य जीवन परजन्ममा पनि सुखमय हुने कुरामा विश्वस्त भारविले मनुष्य जीवन क्षणिक छ भनी विचारेर आमा बाबु र आफ्नो पनि पुण्यको लागि कुनै कीर्ति राखेको (सम्भवतः धारो निर्माण गरेको) कुरा प्रस्तुत शिलालेखमा वर्णित छ ।

कैफियत–हुनतः प्रस्तुत लेखको प्रारम्भमा महादेवको स्तुति गरिएको छ । तर यसमा मनुष्य जीवनलाई अनित्य ठान्ने प्रवृत्तिमा उत्तरप्राचीनकालीन बौद्ध दर्शनको स्पष्ट झल्को देख्न सकिन्छ । सब्वं अनिच्चं बौद्ध दर्शनको आधारशिला थियो । बुद्धको सम्पूर्ण शिक्षा वास्तविक रूपमा त्यसैमा केन्द्रित छ । यसरी यससमय सम्म शक संवत् ४७२ को हाडिगाउँको अभिलेखमा वर्णित राजा मानदेवका छोरीका छोरा भारवि शैव धर्मावलम्बी नै देखिए तापनी उनीमा बौद्ध दर्शनको छाप स्पष्ट दृष्टिगत हुन लागेको थियो । भारवि अन्ततः बौद्ध श्रमण हुन पुगेको कुरा शिवदेवकालीन बाङ्गु अभिलेखबाट बिदित हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फेरि, प्रस्तुत अभिलेख उक्त ढुङ्गे धाराको पानी निस्कने निकासमा पानी युनी भित्तामा ठड्याइ राखेको हुंदा अक्षरहरू साह्रै नैं बिग्री सकेका हुनाले सो अभिलेखमा त्यस धाराको विषयमा कुनै उल्लेख अहिले नपाइए तापनि आमा बाबु र आफ्नो पुण्य वृद्धिको लागि सम्भवतः सोही ढुङ्गे धारा निर्माण गरेर त्यसका चिरस्थायित्वको निमित्त खेत प्रदान गरेको देखिन्छ। यसरी यस अभिलेखमा उक्त ढुङ्गे धाराको प्राचीनताको पनि अनुमान हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ५६

१. ॐ बहिर्द्देशाद्दक्षिणस्यां राजपुत्त्रवज्ररथनाम्नो ... ...

२. आसीत्तद्गोत्त्रजेनैकेन च याश्च वाग्वत्या मणिमत्याश्च संधिदेशे...

३. मातरः स्थापिता आसन् मृन्मया (मृण्मय्य) स्ताः कालक्रमेण चिरन्तनतयातित्रिशीर्ण्णभग्नपतितपाणिपादा जाता इत्थम्भूताश्च-ता अवलोक्य ...

४. नेन च पश्चात्परमधार्म्मिकेन (ण) बभ्रुवर्म्मनाम्नासामेव मातृ-णाम्प्रतिसंस्कारक्रिया चिन्तितासीदसम्भाव्यैव ताङ् क्रियां स कालधर्म्मंत्र [श] ..

५ फलो [प] भुक्तये दिवन्नीतवां (र) तदधुना तद्भ्रातुष्पुत्रस्य नित्य-धर्म्माभिरतचेतस्कस्य परमभागवतस्य देशवर्म्मनाम्नो मात्रा पतिव्रतया ...

६. धर्म्मिष्ठया देशभट्टारिकया तस्यैव कालगतस्य बभ्रुवर्म्मणः स्वर्ग्गानन्त्याय मातापित्रोर्भर्त्तुश्चात्मनश्च पुण्याभिवृद्धये पुनरन्यथा

७. देव्यो मातरस्ताः शैल्य (:) कारिता इति संवद्वर्षशत ४६५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ५६

प्राप्तिस्थान–शङ्खमूल सिफवहीस्थित मातृकाको पादपीठको अभिलेख

मिति–संवद्वर्षशत ४९५

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) राजपुत्र वज्ररथ
(२) परमधार्म्मिक बभ्रुवर्म्मा
(३) परमभागवत देशवर्म्मा
(४) पतिव्रता धर्मिष्ठा देश-भट्टारिका

प्रशासनिक पद–×

अड्डा–×

शिलापत्र राख्नाको उद्देश्य–स्वर्गवासी बभ्रुवर्म्माको अनन्तकालसम्म स्वर्गमा वास होस् तथा आमा–बाबु, पति र आफ्नो समेत पुण्य बढोस् ।

शिलापत्र राख्नेको नाम–पतिव्रता, धर्मात्मा देशभट्टारिका

महानात्माहरुको समेत देवताहरुको नाम–मातरः (मातृका)

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–शक्ति पूजा, सकाम कर्म

कुनमा प्रकाशित–"पूर्णिमा" १७ पूर्णाङ्क, प्रकाशक: संशोधन मण्डल

शिलापत्रको शीर्षचिन्ह–×

लिपि–ब्राह्मी

स्थान–(१) वाग्वती (२) मणिमती

संक्षिप्त विवरण–राजपुत्र वज्ररथका गोतिया कुनै एक व्यक्तिले वाग्वती र मणिमतीको संगम भएको स्थानमा प्रतिष्ठापन गरिएका माटाका मृण्मूर्तिहरु कालक्रमले विग्रेको हुनाले परमधार्म्मिक श्रीबभ्रुवर्म्मले ती मातृकाहरुको प्रतिसंस्कार गर्ने विचार गरेका थिए । तर सो पूरा हुन नपाउँदै यिनको मृत्यु हुन गएकोले यिनका भतिजा परमभागवत श्रीदेशवर्म्माकी आमा देशभट्टारिकाले स्वर्गवासी बभ्रुवर्म्मा, माता-पिता, पति तथा आफ्नो पनि पुण्यको अभिवृद्धि होस् भनी मृण्मूर्तिहरुको सट्टा फेरि अर्कै किसिमसंग ढुंगे मातृका देवीहरु निर्माण गरिएको कुरा प्रस्तुत शिलालेखमा वर्णित छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कैफियत–प्रस्तुत शिलालेखमा परमभागवत देशवर्म्मा भनी उल्लेख गरेबाट उक्त समय भागवत धर्म उन्नतावस्थामा भएको कुरा बोध हुन्छ ।

अहिले सम्म प्राप्त उमा महेश्वरका मूर्तिहरुमा संवत्को आधारमा सर्वप्राचीन यहीनैं प्रतीत हुन्छ । तर यसमा उमा महेश्वर भनी कही उल्लेख गरिएको छैन । तैपनि मूर्तिको राम्रो अध्ययन गरेका खण्डमा यसलाई उमा महेश्वरको मूर्ति भनी भन्नु करैं लाग्दछ । उक्त मूर्ति समेत ढुङ्गाका देवताहरु यहाँ आठवटा भएको हुंदा प्रस्तुत लेखमा मातृकाहरु भनी उल्लेखेको ठीकैं लाग्छ । नवदुर्गामा भैरब समेत गणना गर्नु औ यसमा उमा महेश्वर संलग्न गर्नुमा अमिल्दो भन्न सकिन्न । तर यहाँ मातृका हरु भनेर मात्र उल्लेख गरी अष्ट मातृकाको नाम नदिइनु विचारणीय रहेको छ ।

हिन्दु धर्मका सुप्रसिद्ध पञ्च सम्प्रदायहरु मध्ये एक शाक्त सम्प्रदाय पनि रहेको छ । पुराण एवं शिलाभिलेख यसको साक्षी स्वरूप छ ।

"सौराश्च शैवगाणेशा वैष्णवाः शक्तिपूजकाः ।
मामेव ते प्रपद्यन्ते वर्षाम्भः सागरं यथा ।।
एकोऽहं पञ्चधा भिन्नः क्रीडार्थं भुवनेऽखिले ।।"

–पद्मपुराण

"शैवाः शम्भुधिया गणेशपथगा विघ्नेशबुद्ध्या पुनः,
सौराः सूर्य्यधिया च वैष्णवगणा गोविन्दबुद्ध्यापि च ।
शाक्ताः (शक्तिधिया भजन्ति स) ततं यं सर्वदेवेश्वरं,
स श्रीमान् श्रियमातनोतु भजतां सर्व्वातिरिक्तो हरिः ।।७।।"

–चाङ्गुको शिलालेख, ने. सं. ८१४ (=१६९४ ई.)

सृष्टिको सबभन्दा अद्भुत र रहस्यमयी शक्ति त्यो हो जसले उत्पादन या प्रजनन गर्दछ । यही नैं आदि मातृशक्तिको उपासनाको लागि शाक्तहरुले अनेकौं गुह्य साधनाहरुको प्रतिपादन गरे । तर, शाक्त सम्प्रदायका सबै अनुयायीहरु नैतिकताको विपरीत जाने गुह्य क्रियाहरुको अनुष्ठानहरुको अनुसरणमा विश्वास गर्दैनथे ।

शाक्तमतको दर्शन प्रत्यभिज्ञा दर्शन जस्तै अद्वैतवादी अवश्य छ, तर मायावादी छैन । यस मतमा ३६ पदार्थहरुको कल्पना गरिएको छ र यसको अतिरिक्त तत्वातीत पदार्थहरुलाई पनि स्वीकृत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरिएको छ जो विश्व व्यापक भएर पनि विश्ववाट अलग छ। जुन तत्त्वको यो विश्व उन्मेष मात्र हो त्यो तत्त्व खालि शिवसित मीलित शक्ति नैं हो। शक्तिनै बहिर्मुख एवं अन्तर्मुख दुवै अवस्थामा शिव हो र शिव एवं शक्ति दुई नभै एक नैं हो। यसैले तिनीहरूलाई एक दोस्रोवाट अलग्याउन सकिंदैन।

"न शिवेन विना देवी न देव्या च विना शिवः।
नानयोरन्तरं किञ्चित् चन्द्रचन्द्रिकयोरिव॥"

यसरी शक्ति स्त्रीत्व एवं पुरुषत्व दुवैवाट रहित छ भन्ने कुरा जानिन्छ। श्रुति ग्रन्थहरूको अध्ययनमा एउटै देवतालाई विभिन्न पुरुष एवं स्त्री देवताको नामले पुकारेको पाइएबाट पनि उक्त तथ्यको समर्थन हुन्छ।

"त्वम् अग्न इन्द्रो वृषभः सताम् असि
त्वं विष्णुर् उरुगायो नमस्यः।
त्वं ब्रह्मा रयिविद् ब्रह्मणस्पते
त्वं विधर्तः सचसे पुरन्ध्या ॥३॥ ऋ. २।१
त्वम् अग्ने राजा वरुणो धृतव्रतस्
त्वम् मित्रो भवसि दस्म ईड्यः।
त्वम् अर्यमा सत्पतिर् यस्य संभुजं
त्वम् अंशो विदथे देव भाजयुः ॥४॥ ऋ. २।१
त्वम् अग्ने अदितिर् देव दाशुषे
त्वं होत्रा भारती वर्धसे गिरा।
त्वम् इला शतहिमासि दक्षसे
त्वं वृत्रहा वसुपते सरस्वती ॥ ऋ. २।१।११

शङ्कराचार्यले पनि शिव र शक्तिको सम्वन्धलाई आत्मा र शरीर सित तुलना गर्दै ती दुवै नैं अन्योन्याश्रित रहेको कुरा देखाएका छन्।

"शरीरं त्वं शम्भोः शशिमिहिरवक्षोरुहयुगं
तवात्मानं मन्ये भगवति तवात्मानमनघम्।
अतः शेषः शेषीत्ययमुभयसाधारणतया
स्थितः सम्वन्धो वां समरसपरानन्दपरयोः॥"

—सौन्दर्यलहरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तिनको अनुसार यो जगत् शिव र शक्तिको विलास मात्र हो ।

"शिवः शक्त्या युक्तो यदि भवति शक्तः प्रभवितुं
न चेदेवं देवो न खलु कुशलः स्पन्दितुमपि ।
अतस्त्वामाराध्यां हरिहरविरिञ्च्यादिभिरपि
प्रणन्तुं स्तोतुं वा कथमकृतपुण्यः प्रभवति ॥"

—सौन्दर्यलहरी

आफ्नो "देव्यापराधक्षमापनस्तोत्र"मा तिनले शक्तिसित सम्बन्धित भएकै हुंदा मात्र पशुपति जगदीश्वर हुन सकेको कुरा लेखेको छ ।

"चिताभस्मालेपो गरलमशनं दिक्पटधरो
जटाधारी कण्ठे भुजगपतिहारी पशुपतिः ।
कपाली भूतेशो भजति जगदीशैकपदवीं
भवानि त्वत्पाणिग्रहणपरिपाटीफलमिदम् ॥"

—देव्यापराधक्षमापनस्तोत्र

शिव शक्ति विना शव समान हुन्छ । जब तिनमा शक्ति अवस्थित रहन्छिन् तबै त्यो शिव बन्छ । यस कथनमा शक्तिको महत्ता स्पष्टतः प्रदर्शित हुन्छ ।

मातृ शक्तिको पूजाको प्रारम्भ सैन्धव सभ्यतामैं भैसकेको कुरा जानिन्छ । सिन्धुघाँटीको उत्खननमा प्राप्त विभिन्न मृण्मय मूर्तिहरु यस कुराको ज्ञानको लागि सहायक स्वरूप छन् । सैन्धव सभ्यताका प्रायः प्रत्येक घरमा मृण्मय मातृदेवीका मूर्तिहरु पाइएका छन् जसमा मातृदेवीपूजाको स्वरूप स्पष्ट रूपले देखिन्छ । राधा कुमुद मुखर्जीले सिन्धु सभ्यताका धार्मिक पक्षको वर्णन गर्दै सिन्धु सभ्यताका मानिसहरुको पूजामा मातृशक्तिको स्थान प्रधान रहेको कुरा दर्शाएको छ । तर, डा. राधाकृष्णन्ले आफ्नो प्रसिद्ध पुस्तक "भारतीय दर्शन" खण्ड–१ मा शक्ति पूजनको आरंभ वैदिक समयदेखि भएको मानेको छ । निश्चयै शक्ति पूजाको इतिहासमा अप्रत्यक्ष रूपले वैदिक धर्मको काफी योगदान रहेको छ । हुनत ऋग्वैदिक देवताहरुमा देवीहरुको ज्यादै नैं महत्वपूर्ण स्थान छैन । तर, देवताहरुका पत्नीहरुका तिनीहरुका पतिका साथ थोरबहुत वर्णन आएका छन् । माताका रूपमा चित्रित अदिति, उषा, सरस्वती, रात्री

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वाक्, गायत्री आदि प्रमुख छन् । ऋग्वेदका उषा सूक्त, गायत्री सूक्त एवं नदी सूक्त मातृदेवीको आराधनाका उदाहरण स्वरूप छन् । फेरि ऋग्वेदमा मातृशक्तिलाई पृथ्वीलाई धारण गर्ने सर्वोच्च शक्तिको रूपमा मानिएको छ । यसमैं साँचो मानेमा माताको स्वरूप निहीत रहेको छ । माताको स्वाभाविक गुणनैं बच्चालाई स्तनपान गराउने र पालन पोषण गर्ने हो ।

"जननी जन्मकाले च स्नेहकाले च कन्यका
भार्या भोगाय सम्पृक्त्वा अन्तकाले च कालिका ।।
एकैव कालिका देवी विहरन्ति जगत्रये ।"

उनी संसारलाई जलरूप दूध नैं खुवाउँछिन् । यही नैं तिनको अमृत वर्षा हो । ऋग्वेदमा पनि गौरी रूपमा जगत्लाई जल दुग्धको पान गराउने भनी प्रार्थना गरिएको छ । "गौरी मियाय सलिलानि तक्षती ।।"-ऋग्वेद २।३।२२ अर्थात्-"गौरी रूपले नैं प्राणी मात्रलाई दुग्ध रूपी जलपान गराउने ती आमा ! जगन्माता ।" यी नैं विशेषतया कारणहरु छन् जसले अलौकिकतत्वकोबाद सर्व प्रथम आमालाईनैं देववत् पूजिने यथार्थताको घोषणा औपनिषदिक ऋषिहरुबाट गराएका थिए ।

"देवपितृकार्याभ्यां नप्रमदितव्यम् । मातृदेवो भव । पितृदेवो भव । आचार्यदेवो भव । अतिथिदेवो भव ।"

–तैत्तिरीयोपनिषद्

ऋग्वेदमा अलौकिक देवीलाई माताको रूपमा सर्वप्रथम मान्यता प्रदान गरिनुको साथै पौराणिक दुर्गाको झल्कको प्रथमतः यसमैं दृष्टिगत हुन्छ ।

"उच्छन्ती या कृणोषि मंहना महि प्रख्यै देवि स्वर् दृशे ।
तस्यास्ते रत्नभाज ईमहे वयं स्याम मातुर् न सूनवः ।।"

–ऋ. ७।८१।४

"इयं या नीच्यर्किणी रूपा रोहिण्या कृता ।
चित्रेव प्रत्यदर्शायत्य १ तर दशसु बाहुषु ।।"

–ऋ. ८।१०१।१३

तर, यहाँ यस तथ्यलाई बिर्सनु हुंदैन कि ऋग्वैदिक समय देखिनैं मातृकाहरुको अनेकता देखिन लागेको थियो । "अन्या वत्सं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भरति क्षेति माता ।।" कथनमा दुई माताको अस्तित्व जानिनुको अतिरिक्त विभिन्न मातृकाहरुको नामकरण आमाको वास्तविक रूपले विभिन्न कार्यको अनुरूपनै रहेको विदित हुन्छ । कुमारलाई षण्मातुरःको संज्ञा दिइनुको साथै श्रीमार्कण्डेयपुराणान्तर्गत देवी महात्म्य दशमोऽध्यायमा वर्णित विभिन्न मातृकाहरुको अध्ययनमा पनि सोही आशय स्पष्टरूपले झल्किन्छ । मातृदेवीको महत्त्व वैदिक औपनिषदिक समय यहाँ यथेष्ट मात्रामा रहेको तथ्यको पत्तो केनो-पनिषद्मा उमा हैमवतीले इन्द्रादि देवताहरुलाई ब्रह्मको यथार्थ ज्ञान दिएकोबाट हुन्छ ।

महाभारत कालमा शक्ति पूजनको विस्तार देखिन्छ । त्यसमा शक्तिलाई कृष्णकी बहिनीको रूपमा बताइएको छ । ब्रह्माण्ड पुराणमा शक्तिलाई तीनैं लोकका जननी भनिएको छ । अन्यत्र तिनलाई पापघ्नीको संज्ञा प्राप्त छ । मत्स्य पुराणका अनुसार तिनका नामको स्मरण मात्रले मनुष्य पापबाट मुक्त भै त्रिविधलोक मध्येको शिवलोकमा प्राप्त हुन्छ । विष्णु पुराणको अनुसार तिनी प्रशन्न हुंदा सबै कामनाहरुलाई पूरा गर्दछिन् । महाभारतको अनुसार प्रातः कालमा शक्तिको स्तोत्र गर्ने व्यक्ति संग्राममा विजयी हुनुको अतिरिक्त तिनले लक्ष्मीलाई प्राप्त गर्छन् । मार्कण्डेय पुराणमा त शक्तिका नाम, पूजनविधि, महत्त्व आदिका वृहद् वर्णन पाइन्छ । मार्कण्डेय पुराणमा आधारित प्रसिद्ध पुस्तक दुर्गा सप्तशतीको पाठ नवरात्रको अवसरमा आजसम्म पनि मुख्यरूपले गरिन्छ । दुर्गा सप्त-शतीमा शक्तिलाई क्रमशः शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कूष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्रि, महागौरी तथा सिद्धिदात्री आदि नवदुर्गाको रूपमा वर्णित छन् । आगम अनुसार नव दुर्गाका नाम क्रमशः नीलकण्ठी क्षेमङ्करी, हरसिद्धि, रुद्रांश-दुर्गा, वन-दुर्गा,अग्नि दुर्गा, जप दुर्गा, विन्ध्यवासिनीदुर्गा, रूपमारी-दुर्गा आदि छन् । बंगालको एक अभिलेखमा नव दुर्गाको वर्णन छ जसको पूजा तथा मन्दिरको संस्कारको लागि अग्रहार दान दिइएको थियो । नवदुर्गा जस्तै गौरी पनि नौनैं मानिन्छन् । नव गौरीका नाम यी हुन्-मुख निर्मालिका, ज्येष्ठा, सौभाग्य, शृङ्गार, विशालाक्षी, ललिता, भवानी, मंगला, महालक्ष्मी । "मन्त्रमहोदधि"मा दुई देखि नौ बर्षसम्मका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुमारी बालिकाहरुको पूजनको विधान दिइएको छ। जुन नामले कुमारीपूजन सम्पन्न गर्ने विधान छ त्यो यस प्रकार छ–कुमारी, त्रिमूर्ति, कल्याणी, रोहिणी, कालिका, शाम्भवी, दुर्गा, चण्डिका, सुभद्रा (दुई देखि नौ वर्ष सम्मका कुमारीहरुका क्रमिकनाम)। रुद्रयामल तन्त्र–उत्तर खण्ड, ६ पटलमा एक वर्ष देखि १६ वर्ष सम्मका कुमारीहरुका नाम, यसेर दिइएको छ।

१. सन्ध्या (कुमारी)	—	१ वर्षकी कन्या
२. सरस्वती	—	२ वर्षकी कन्या
३. त्रिधामूर्ति	—	३ वर्षकी कन्या
४. कालिका	—	४ वर्षकी कन्या
५. सुभगा	—	५ वर्षकी कन्या
६. उमा	—	६ वर्षकी कन्या
७. मालिनी	—	७ वर्षकी कन्या
८. कुब्जा	—	८ वर्षकी कन्या
९. काल–सन्दर्भा	—	९ वर्षकी कन्या
१०. अपराजिता	—	१० वर्षकी कन्या
११. रुद्राणी	—	११ वर्षकी कन्या
१२. भैरवी	—	१२ वर्षकी कन्या
१३. महालक्ष्मी	—	१३ वर्षकी कन्या
१४. पीठनायिका	—	१४ वर्षकी कन्या
१५. क्षेत्रजा	—	१५ वर्षकी कन्या
१६. अम्बिका	—	१६ वर्षकी कन्या।

यसरी जुन बेलासम्म ऋतुको उद्गम हुँदैन, त्यस बेलासम्म क्रमशः संग्रह गर्दै प्रतिपदादेखि लिएर पूर्णिमासम्म बृद्धिभेदले कुमारीपूजन गरिनु पर्दछ।

कुमारीपूजनमा जातिभेद वर्जितछ। सम्भवतः यसै कारण चतुर्वर्णका आधारमानैं अलग अलग जातिका कन्याहरुका पूजनका पनि अलग–अलग फल बताइएकाछन्–सम्पूर्ण मनोरथसिद्धिको लागि ब्राह्मणकुमारी, यश प्राप्तिकालागि क्षत्रियकुमारी, धनका लागि वैश्य एवं पुत्रेच्छा गर्नेहरुकालागि शूद्रकुमारीका पूजनका विधान बताइएको छ। कुनै पनि प्रकारका संशय, घृणा अथवा भेदाभेद दृष्टि साधन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मार्गको लागि अश्रेयस्कर छ ।

शक्तिका स्थूल र सूक्ष्म गरी दुई रूप छन् । शक्ति आफुलाई पाँच क्रियाहरुबाट प्रदर्शित गर्दछिन–आभास, शक्ति, विमर्श, बीजावस्थान, विलापनता । शक्ति आफुमा प्रकृतिलाई धारण गर्छिन् । औ प्रकृति समस्त संसारलाई प्रकृति या माया शक्तिलाई धारण गर्ने शक्तिनै हुन् । यसर्थ मायाको वशीभूत रहेसम्म कुनै पनि व्यक्ति अन्धकारमैं रहन्छ औ आफुलाई सबकुछ सम्झन्छ । जसै तिनलाई शक्तिको ज्ञान हुन्छ त्यो प्रकाशमा आउँछ र सांसारिकबन्धनहरुबाट मुक्त हुन्छ । किनभने ब्रह्मकै अपरिमित रूप शिव हो र परिमित रूप शक्ति हुन् । शुद्ध आनन्दको स्थितिमा शिव र शक्तिमा कुनै अन्तर थाहा हुँदैन । सृष्टिको समय शिव र शक्तिको संयोग हुन्छ र सृष्टि, स्थिति र विनाशकार्य शक्तिकै आदेशानुसार हुन्छन् ।

नेपाल एवं भारतमा शक्तिपूजनको व्यापक विस्तार हुनाका अनेकौं कारणहरु छन् । तिनीहरुमा मुख्यतः रुद्र–अग्निको एकता, सरस्वती वाक्‌को एकता तथा सांख्य, वेदान्त आदि दर्शनहरुको व्यापक प्रभावलाइ लिईएका छन् । वृहज्जावालोपनिषद्‌का "अग्नीषो-मात्मकं विश्वम्" पंक्तिमा शिव–अग्निको एकात्म्य प्रकटित हुन्छ । अग्नि एक भिन्नै देवता नरही तिनी शिव–रुद्रनै रहेका तथ्यको पत्तो कठ संहिताबाट स्पष्ट रूपले जानिन्छ । "अग्निर्वै रुद्रः"–कठ संहिता । ऋग्वेदले अग्निलाई महोदेव (४–५८–३) र शम्भु (७–३५–१०) भनेको छ औ रुद्रलाई अग्निसित अभिन्न मान्दै (२–१–६) अग्निमा निहीत गुणहरु रुद्रका नाममा प्रयोग गरिएका छन् । शिवका ताण्डव नृत्य मूर्तिमा शिवका चार हात मध्ये वायाँ माथिल्लो हातमा अग्निज्वाला स्पष्ट रूपले अवलोकित हुन्छ । अनुश्रुति अनुसार विष्णु र ब्रह्माको बीच को ठूलो भन्ने बारे विवाद उठ्दा शिवले अग्नि स्तम्भको रूपमा प्रकट भै तिनीहरुको परीक्षा गरेका थिए । श्री तत्त्वनिधि ग्रन्थमा शिवका अवतारहरुमध्ये शरभेशका ३२ भुजाहरुका उल्लेख छन् । ती भुजाहरुले धनुष, वाण, कमल, अग्नि आदि समातेका छन् । यसको अतिरिक्त शिवका त्रिनेत्रमा अग्नि पनि एक मानिन्छन् । चम्पास्थित अभिलेख यसको लागि उदाहरण स्वरूप छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"यो दीप ब्रह्म रूपस्त्वमन्धकार निवारक :"

यसै ज्योतिका सन्देशवाहक पर्व दीपावली महोत्सव हो जसलाई प्राचीनकालदेखिनैं मान्दै आएका छन् । अन्धकार माथि विजय प्राप्त गर्ने कामना गर्दै ज्ञानका प्रतिमूर्ति गणेश संगै आद्याशक्ति श्रीमहालक्ष्मीको आराधना यस महोत्सवमा गरिन्छ । मार्कण्डेयपुराण अनुसार आद्याशक्तिका महाकाली, महालक्ष्मी, महासरस्वती त्रिरूप छन् ।

दीपावली वैश्यहरुको मुख्य त्यौहार हो र वैश्य त्यही हो जो वाणिज्य निपुण छ । कृषि गोरक्ष वाणिज्यम् वैश्यहरुको मुख्य कर्तव्य थियो। औ वैश्यवर्ग आद्याशक्ति लक्ष्मीका उपासक थिए। दुर्गासप्तशतीका "समाधि वैश्य" यसको ज्वलन्त उदाहरण हो। स्पूनरले वसाढबाट प्राप्त मुहर नं ९२ को उल्लेख गरेको छ । जसमा एक अग्लो पीठिका माथि उभिरहेकी देवी वायाँ हात कटिमा राखेर दायाँ हात उठाइ राखेकी छिन् । देवीको चारैतिर मालवाहक जहाजहरुको अंकन भएको छ । जसको आधारमा स्पूनरले यिनलाई लक्ष्मीको रूपमा मानेको छ । "वाणिज्ये वसते लक्ष्मी" कथनले पनि यसको समर्थन गरेको छ ।

ज्योतिपर्व दीपावलीको अवसरमा महालक्ष्मीको आह्वान गर्दै ऋग्वेदका मनीषीहरुले "श्री" को उपासनाको राम्रो वर्णन गरेका छन् ।

"हिरण्यवर्णास् हरिणींसुवर्ण–रजतस्रजाम्, चन्द्राम् हिरण्मयीम् लक्ष्मीम् जातवेदः ममावह ॥"

अर्थात्– "हे जातवेदस् हिरण्य (सुवर्ण) को जस्तो कांति भएकी सुन चांदी दिने महालक्ष्मीको ममा अधिष्ठान गर्नु होस् ।" मार्कण्डेय पुराणोक्त श्रीदुर्गासप्तशतीमा पनि आद्याशक्ति देवी महालक्ष्मीको आराधना गरिएको छ ।

"सा श्रीः स्वयं सुकृतीनाम् भवनेस्वलक्ष्मीःपापात्मनां कृतधियां हृदयेषु वुद्धिः ।"

सांख्यको पुरुष–प्रकृति विषयक दर्शनले पनि शक्तिको महत्ता माथि बढ्ता प्रभाव पारेको थियो । सांख्यको अनुसार पुरुष स्वभावतः अक्रियाशील छ जबकि प्रकृति क्रियाशील । वेदान्त दर्शन अनुसार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्म सृष्टिकर्ता तबै बन्छ जब त्यसको मायासित संसर्ग हुन्छ। जुन माया ब्रह्मको नित्या शक्तिको रूपमा मानिन्छ। सांख्य एवं वेदान्तका यी दार्शनिक अभिव्यक्तिहरुको कारण पनि शक्तिपूजनको व्यापक विस्तारमा ठूलो सघाऊ पुऱ्याएको थियो। शक्ति विना शिव शव समान मानिने सिद्धान्तमा शक्तिको उच्चतम महत्ता स्थापित भएको कुरा जानिन्छ। अर्द्धनारीश्वरको कल्पनालाई यसै परिप्रेक्षमा पनि लिन सकिन्छ। फेरि, पुरुष-प्रकृतिको सम्मिलन विना पूर्णता नहुने कुरो शिवको प्रतीक पूजामा स्पष्टतया देखिन्छ। लिङ्ग शिव पुरुष एवं जलहरी योनी प्रकृतिको रूपमा लिइन्छ। शिव-लिङ्गमै पार्वतीको आकृति पनि उत्कीर्ण गरिएको अनुमानित छैठौं शताब्दी ई. को एक मूर्ति पशुपति राजराजेश्वरीघाटमा पाइएको छ जसले पनि उक्त तथ्यकै पुष्टि गर्दछ। अर्को, तीन धारा पाकशाला-बाट लगेर काठमाण्डू नाचघर भित्र प्रतिष्ठापित अनुमानित छैठौं, सातौं शताब्दी ई. का चतुर्व्यूह मूर्तिमा तीन तिर ब्रह्मा, विष्णु, महेशका भिन्ना-भिन्नै उभिरहेका मूर्तिहरु राखेर बाँको एकातिर एक गौरी मूर्ति कुँदिएको छ। प्रस्तुत चतुर्व्यूह मूर्तिमा ॐ स्वरूप त्र्यक्षर (त्रिमूर्ति)को साथ गौरी मूर्ति कुँदिएकोले आद्याशक्ति अर्थात् प्रकृति विना शक्तिमान् (पुरुष) शक्तिशून्य हुने कुरालाई स्पष्ट दर्शाएको छ।

शक्तिउपासना खालि हिन्दुधर्ममै मात्र सीमित थिएन। बौद्ध धर्ममा पनि शक्ति उपासनाको व्याप्ति प्रसार पाइन्छ। प्रत्येक ध्यानी या मानव बुद्धहरुका स्त्री शक्तिहरुका पनि वर्णन आएका छन्।[३] जसले

---

३. पञ्च या षष्ठ-ध्यानी बुद्ध, तिनकी शक्ति तथा पुत्ररत्नस्वरूप बोधिसत्त्वका नाम-

बुद्धनाम	शक्ति	बोधिसत्त्व
१. वैरोचन	वज्रधातीश्वरी	समन्तभद्र
२. अक्षोभ्य	लोचना	वज्रपाणि
३. रत्नसम्भव	मामकी	रत्नपाणि
४. अमिताभ	पाण्डरा	पद्मपाणि
५. अमोघसिद्ध	तारा	विश्वपाणि
६. वज्रसत्त्व	वज्रसत्त्वात्मिका	घण्टापाणि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उक्त तथ्यको समर्थन गर्दछ । पूर्व १ नं. वनेपा स्थित एक चैत्यमा हिन्दुदेवमूर्तिहरुका अनुरूप शक्ति काखमा राखेका बोधिसत्वका मूर्तिहरु प्रतिष्ठापित छन् । प्राचीन बौद्ध ग्रन्थहरुमा पञ्चध्यानी बुद्धको मात्र उल्लेख आएका छन् । तर, तांत्रिक धर्मावलम्वी बौद्धहरु वज्रसत्त्वको रूपमा छैठौं ध्यानी बुद्धको अस्तित्वलाई पनि स्वीकार गर्दछन् । यिनीहरुका अनुसार वज्रसत्त्वलेनैं तन्त्रमत तथा शक्ति साधनाको प्रचार गरेका थिए । जसको कारण यिनलाई योगाम्वर भनिन्छ । वज्रसत्त्वको मूर्ति नाङ्गो भएकोले यिनलाई दिगम्वर पनि भनिन्छ । बौद्धधर्मको वज्रयान रूपमा शक्ति उपासनाको व्यापक प्रभाव स्पष्ट अवलोकन हुन्छ । वज्रयानका त्रिरत्नमा वेश्यारत्नलाई पहिलो स्थान दिएबाट उक्त तथ्यको स्पष्ट जानकारी हुन्छ ।

"वेश्यारत्नं सुरारत्नं रत्नं देवो मनोभवः ।
एतद्रत्नत्रयं वन्दे अन्यत् काचमणित्रयम् ।।"

—नीलपट दर्शन

पुरातात्त्विक आधारमा सैन्धवसभ्यताको वाद तृतीय शताब्दी ई. को नागार्जुनकोण्डा अभिलेख, विक्रम संवत् ४८० को गंगधर शिलाभिलेख तथा गुप्तकालीन विहार पाषाण स्तम्भलेख आदिमा मातृका विषयक उल्लेखहरु आएका छन् ।

"पंणगाम–वथवानं दीघ–मझिम–पंद–म[ा] तुक–देस[क–वा] चकानं अ(च)रयान अयिरहघान अंतेवासिकेन दीघ–म(झिम)–निग·

सत या नव मानव बुद्ध, तिनकी शक्ति (तारा) श्रो बोधिसत्व नाम–

बुद्धनाम	शक्ति	बोधिसत्त्व
१. विपश्वी	विपश्यन्ती	महामति
२. शिखी	शिखामालिनी	रत्नधर
३. विश्वभू	विश्वधारा	आकाशगञ्ज
४. ककुच्छन्द	ककुद्मती	शकमगल
५. कनकमुनि	कंठमालिनी	कनकराज
६. कश्यप	महीधरा	धर्मधर
७. शाक्यसिंह	यशोधरा	आनन्द
८. दीपशंकर बुद्ध		
९. रत्नगर्भ बुद्ध		

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

य–धरेन भदंतानं–देन निठपित [ं] इम [ं] नवकम [ं] महाचेतियं खंभा च ठपिता ति (।) रञो सरिविरिपुरिसदतस संव ६ वा प ६ दिव १० (।।)"

–नागार्जुनकोण्डा अभिलेख, तृतीय शताब्दी ई.

"मातृणाञ्च [प्रमु] दित–घनात्यर्थ–निह्लादिनीनाम् ।।"

–गंगधर शिलालेख, वि. सं. ४८०

"स्कन्द—प्रधानैर्भुवि मातृभिश्च लोकान्स सुष्ठ (?)–––(।।)९"

–विहार पाषाण स्तम्भलेख

नागार्जुनकोण्डा अभिलेखमा पञ्च मातृकाको रूपमा पाँच बौद्ध निकाय ग्रन्थहरुलाई लिइएको छ । बौद्ध त्रिपीटकहरुमध्ये सुत्तपीटकका पाँच निकाय ग्रन्थहरुका नाम निम्न छन्–

१. दीघ–निकाय २. मज्झिम–निकाय ३. संयुत्त–निकाय ४. अङ्गुत्तर–निकाय ५. खुद्दक–निकाय

तर, नेपालको पुरातात्त्विक इतिहासमा स्पष्ट रूपले मातृकाको उल्लेख प्रस्तुत अभिलेखसँ भेट्टिएको छ । यद्यपि ऋग्वेदमा दुई माताको अस्तित्वको स्पष्ट प्रतिविम्बन भएदेखि मातृकाहरुका प्रकार एवं संख्यामा अभिवृद्धि भएको थियो। तर मातृकाहरुको संख्या साधारणतः सात या आठ रहेको तथ्यको बढ्ता प्रचार रहेको छ । यहाँ पनि उमा-महेश्वरका मूर्ति समेत पाषाण देवताहरु आठवटा भएको हुंदा पुरातात्त्विक आधारमा अष्टमातृकाको प्रचार त्यस समय देखिनैं यहाँ भैसकेको विदित हुन्छ । भारतको एलोरा गुहामा पनि आठौं शताब्दी ई. का सप्त मातृकाका मूर्तिहरु छन् जसले तत्कालीन भारतमा सप्त मातृकाको प्रचार रहेको जानिन्छ । मातृका शब्दको स्पष्ट उल्लेख नभएतापनि संवत् ३८६ का चाङ्गु अभिलेखमा वसुमती, लक्ष्मी, आदि देवीहरुका नाम व्यवहृत गरिएको देखिनुको अतिरिक्त पूर्व १ नं. पलाञ्चोकमा देवी विजयश्रीको संस्थापन संवत् ४२५ मैं भैसकेको तत्समयको शिलालेखको प्राप्तिले थाहा दिंदै मातृदेवीको वन्दना प्रस्तुत अभिखेखको पूर्व नैं यहाँ भैसकेको थाहा हुन्छ । त्रिविक्रम विष्णुको ढाँचामा बनाइएको अनुमानित छैठौं शताब्दी ई. का शिवको शक्ति स्वरूपिणी दुर्गाको एक मूर्ति पूर्व १ नं. नालास्थित प्रख्यात ४ तल्ले छत्रशैलीको मन्दिरमा प्रतिष्ठापित गरिएको छ। यसको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अतिरिक्त ल. पु. सुवाहाहिटीस्थित हारिती यक्षिणी, प्र. पुं. चित्र संग्रहालयको सरस्वती, बालाजुस्थित हारिती औ ल. पु. हौगः वाहा स्थित हारितीमाताको मूर्ति अनुमानित छैठौं, सातौं, आठौं तथा आठौं शताव्दी ई. का रहेका छन् । पूर्व १ नं. नालास्थित भगवती मन्दिरको अगाडि गँह्ली धाराको सिरानमा राखेको पार्वतीको मूर्ति सम्भवतः आठौं शताव्दी ई. को छ । यी मूर्तिहरुको प्राप्तिले यहां मातृदेवीको पूजाको प्राचीनता जानिन्छ । यसको अतिरिक्त सातौं शताव्दी ई. तिरको अर्द्धनारीश्वरको मूर्तिको प्राप्तिले त त्यस समय मातृदेवीको महत्ताको अझ बढी कदर हुन लागेको कुरा थाहा हुन्छ । पुरुष र स्त्रीको समता, पूर्णता औ सृष्टि, स्थिति, एवं क्षयको समान दायित्वको प्रतीकस्वरूप नैं उक्त मूर्ति रहेको छ । त्यस समय स्त्रीहरु पुरुषहरु सरह विद्याध्ययनको साथै सार्वजनीक कार्यहरुमा पनि भाग लिने तथ्यको पत्तो तत्कालीन अभिलेखहरुको अध्ययनमा हुन्छ । तर, यो निश्चय छ कि त्यस समय समाजमा स्त्रीहरुको दशा खस्किन लागेको यथार्थता चावहिल शिलालेखको "विचित्रं देयधर्म्ममे कारयित्वेह यच्छुभम् स्त्रीभावं हि विराग्याहं पुरुषत्वमवाप्य च ॥" वर्णनमा स्पष्ट दृष्टिगत हुन्छ ।

प्रस्तुत अभिलेखको अनन्तर नेपालमा मातृशक्तिको आराधना प्रचुर मात्रामा हुन लागेको थियो । शक्तिको उपासनाले यहाँका मानिसहरुको दैनन्दिन जीवनमा पनि राम्रो प्रभाव पारेको कुरा यहाँका नेवारहरुको भोज एवं तिनीहरुले लाउने चोला र दौराहरुमा स्पष्टतया अवलोकित हुन्छ । नेवारहरुको भोजमा पात वनाउंदा बीचमा तीनवटा पात राखी चारैतिर घेरामा अष्टमातृकाको प्रतीक स्वरुप १३ पात गाँस्ने चलन देखिनुको साथै भोजका परिकारहरुमा पनि अष्टमातृकाको प्रतीकस्वरूप विभिन्न परिकारहरु निश्चित स्थानहरुमा राख्ने चलन अद्यापि देख्न सकिन्छ । यसको अतिरिक्त यस भौतिक देहलाई अष्टमातृकाले सुरक्षित तुल्याइएको प्रतीकमा स्त्रीहरुको चोलो औ पुरुषहरुको दौरामा बाँध्ने तुनाको संख्या आठ राखिएको छ । फेरि, सम्पूर्ण देशलाई कुनै पनि वाह्य खतरावाट सुरक्षित तुल्याइनुको अर्थ देशको चतुर्दिशामै अष्टमातृकाहरु प्रतिष्ठापित गरिएको देखिन्छ । प्रस्तुत पादपीठलेखमें पनि मातृकाहरु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्थापना गरिएको कुरा वर्णन भएकोले उक्त अष्टमातृकाहरु प्रतिष्ठापन गर्ने परम्पराको ऐतिहासिक जानकारीको लागि यसको खास महत्त्व छ भन्न सकिन्छ ।

यस अभिलेखमा वाग्मती र मणिमतीको संगममा मातृकाहरुको प्रतिष्ठापन गरेको कुराको वर्णनले स्कन्दपुराणान्तर्गत नेपाल महात्म्यमा उपरोक्त संगममा आई चन्द्रमाले तपस्या गरेको भन्ने उल्लेखेको सम्झना हुन्छ जसले त्यस थलोको ऐतिहासिक, धार्मिक महत्त्व स्पष्टतया प्रदर्शित हुन्छ ।

अर्को, ललितपुर दरबार स्क्वायरको नाम मङ्गल रहेको औ मध्यकालीन ललितपुरको दरबारलाई मणिगलको संज्ञा दिइएको पुरातात्त्विक आधारबाट जानिएकोले इतिहासकारहरुको लागि एक प्रकारको जिज्ञासाको विषय भएको छ । मणि शब्द सित सम्वन्ध राख्ने यी नामहरुको अतिरिक्त मणिकुण्ड, मणिगणेश आदिहरु पनि मङ्गलबजारमा अद्यापि पाइएका छन् । यी तथ्यहरुको आधारमा ललितपुरका जनजीवन एवं राजनैतिक, क्रियाकलापमा वाग्मती र मणिमती मध्ये मणिमतीले खास प्रभाव पारेको छ भन्ने लाग्दछ । वाग्मती र मणिमतीको स्थलमा वाग्मतीको दाँजोमा मणिमतीको धार अत्यधिक ठूलो रहेको हुंदा पनि वाग्मती भन्दा मणिमती प्रति ललितपुरका मानिसहरुको बढ्ता आस्था रहन गएको देखिन्छ । फेरि, ॐ मणि पद्मे हूं को सिद्धान्तको व्यापक प्रभावले गर्दा पनि पाटनमा मणि शब्द सित सम्बन्धित विभिन्न उक्त नामहरुको प्रचार भएको प्रतीत हुन्छ ।

फेरि, यो अभिलेखले उत्तरप्राचीनकालमा माटाका मूर्ति हरु पनि यहाँ विद्यमान भएको कुरा दर्शाएको छ ।

सहायक ग्रन्थहरु

१. हरिनन्दन ठाकुर लिखित "नेपाल–देश और संस्कृति" १९६९ ई.
२. अविनाश चन्द्र बोस लिखित "द काल अव द वेदज" १९६० ई.
३. राहुल सांकृत्यायन लिखित "ऋग्वेदिक आर्य"
४. डि. सि. सरकारद्वारा संपादित "सेलेक्ट इन्स्क्रिप्सन्स" १९६५ ई.
५. मदनजोतसिंह लिखित "हिमालयन आर्ट" मैकमिलन १९७१ ई.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६. आर. सि. मजुमदारद्वारा संपादित "द क्लासिकल एज" १९६२ ई.
७. वाराणसीबाट प्रकाशित हुने "आज" दैनिक
८. जे. एच. देभ लिखित "इम्मोर्टल इण्डिया" भाग ३, १९६० ई.
९. "इण्डियन एण्टिक्वेरी" भोल ९
१०. "धर्मयुग" साप्ताहिक
११. जे. एच. देभ लिखित "इम्मोर्टल इण्डिया" भोल २
१२. पं. श्रीराम शर्मा आचार्य लिखित "तन्त्र महाविज्ञान" (द्वितीय खण्ड) १९७१ ई.
१३. "कल्याण"–शक्त्यङ्क १९९१ ई.
१४. "नेपाल सन्देश" साप्ताहिक
१५. "संस्कृत सन्देशः" प्रथम वर्ष, षष्ठोऽङ्कः २०१० वि. सं.
१६. गोपिनाथराव लिखित "हिन्दु आईफनोग्राफी" भोल २ पार्ट २, १९६८ ई.
१७. वि. एस. एप्ते कृत "संस्कृत ईङ्गलीश डिक्सनरी" १९६८ ई.
१८. राहुल सांकृत्यायन लिखित "पुरातत्व निवन्धावली"
१९. डा. राधाकृष्णन् लिखित "भारतीय दर्शन" खण्ड १
२०. बलदेवप्रसाद मिश्रकृत "नैपालका इतिहास"
२१. डा. बासुदेव उपाध्याय लिखित 'प्राचीन भारतीय अभिलेखोंका अध्ययन"

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ५७

१. ... ...

२. ... लाकुलाङ्ग ... ...

३. ... ... म्मीजनितकर ... ...

४. -र्ला-ब्जाविलासैरलसमृदुगतिर्व्वासुदेवः स पातु (१)

५. विद्यातमरूपम्भवभयशमनङ्कोटिसंसर्ग्गमाद्यम्

६. (स) र्व्वाकारं दृढन्तम्पुनरगुणमनघं सर्व्वकल्पव्यतीतम्

७. ... त्तीर्णं ... ... दमितरजसो वेधसः संश्रयी (यः)

८. ... रामतेजाः स जयति सततं विश्वधामा स्मरारिः (२)

९. (स्वस्ति मा) नगृहाद्बप्पपादानुध्यातस्सततमुपचीयमान

१०. .. ... किरणामलयशः प्रतानो लिच्छविकुलकेतु

११. (र्भट्टारकमहा) राजश्रीशिवदेव कुशली थंतुंरीद्रङ्गे

१२. (प्रधानपुरस्) सरान्ग्रामकुटुम्बिनः कुशलमाभाष्य समा-

१३. (ज्ञापयति वि) दितमस्तु वो यदेतत्पूर्व्वराजैरस्य द्रङ्गा

१४. पकर्म्मपरितुष्टेन सल्लकरकरणीयङ्कार्षा

१५. (पणा) दूर्द्ध्वं न ग्रहीतव्यमिति प्रसादः कृत ...

१६. प्रसादस्य दृढीकरणार्थं सर्व्वदण्डनायकमहाप्रतिहा-

१७. रभौमगुप्तविज्ञापितेन मया शिलापट्टकेन प्रसादः

१८. कृत इति समाज्ञापना दूतकश्चात्र महाबलाद्ध्यक्ष

१९. कुलप्रवीर इति ॥ संवत् ५१२ ज्येष्ठशुक्लदशम्याम्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–५७

प्राप्तिस्थान–विष्णुपादुका फेदीको अभिलेख

मिति–संवत् ५१२ ज्येष्ठशुक्लदशम्याम्

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) (स्वस्ति मा) नगृहाद् बप्पपादानुध्यातस्सततमुपचीयमान (शशाङ्क) किरणामलयशः प्रतानो लिच्छविकुलकेतु (र्भट्टारकमहा) राजश्रीशिवदेवः
(२) सर्व्वदण्डनायकमहाप्रतिहार भौमगुप्त
(३) दूतकश्चात्र महाबलाद्ध्यक्ष कुलप्रवीर

प्रशासनिक पद–(१)सर्व्वदण्डनायक(२)महाप्रतिहार (३)दूतक (४)महाबलाद्ध्यक्ष

धर्म, धार्मिक कार्य—×

शिलापत्र राख्नाको उद्देश्य–राजाज्ञा जारी गरेको

शिलापत्र राख्नेको नाम–भट्टारकमहाराजश्रीशिवदेवः

महानात्माहरुको समेत देवताहरुको नाम–(१ लाकुल (२) वासुदेवः (३) स्मरारिः (४, वेधस्

विहार, मन्दिरको नाम ×

अड्डा –×

कुनमा प्रकाशित–"पूर्णिमा" १५ पुर्णाङ्क, प्रकाशकः संशोधन मण्डल

शिलापत्रको शीर्षचिह्न—×

लिपि–ब्राह्मी

स्थान–थंतुंरीद्रङ्ग

संक्षिप्त विवरण–मल्लकर बारे १ कार्षापण भन्दा बढ्ता नलिने गरी पहिलेका राजाबाट थंतुंरीद्रङ्गका वासिन्दाहरुलाई निगाह गरिएकोमा सो व्यवस्थालाई पुनः कायम नैं गरी भट्टारक महाराज श्रीशिवदेवले निगाह गरेको कुरा प्रस्तुत अभिलेखमा वर्णित छ ।

कैफियत–उत्तरप्राचीनकालीन नेपालको लिच्छवि शासनमा शक संवत् ४७१ देखि आरम्भ भएको भौमगुप्तको आधिपत्य कहिलेसम्म रह्यो औ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अंशुवर्माको उदय कहिले तिर भयो भन्ने विषयमा यसबाट बढ्ता थाहा पाइन्छ । यसले अंशुवर्माको सहायताले भट्टारकमहाराज श्रीशिवदेवले लिच्छवि राजगद्दी पुनः प्राप्त गरेका हुन् भन्ने तर्कलाई निराकरण गरेको छ ।

उत्तरप्राचीनकालीन नेपालका अहिलेसम्म प्राप्त भएका अभिलेखहरुमा सर्वप्रथम विष्णुपादुकाको प्रस्तुत अभिलेखमैं मल्लकरकोबारे उल्लेख आएको छ । यसमा मल्लकर एक कार्षापण भन्दा बढ्ता नलिनु भन्ने कुराको राजाज्ञा उत्कीर्ण छ । यसैले यहाँ अब यो मल्लकर कुन कुरोको निमित्त लिइने कर हो भन्ने बारे विचार गरिनु आवश्यक भएको छ । मल्लकर बारे उल्लेख उत्तरप्राचीनकालका अन्य अभिलेखहरुमा पनि आएको छ । शक संवत् ५२६ को भट्टारकमहाराज श्रीशिवदेवको लेलेको अभिलेखमा मल्लयुद्धगोष्ठीको लागि केही रकमहरु छुटचाइएका छन् । उक्त मल्लयुद्धगोष्ठीको उल्लेखले उत्तरप्राचीनकालमा पहलमानी कुस्ती लडाइ मनोरञ्जन लिने चलन रहेको जानिनुको अतिरिक्त त्यसको समुचित व्यवस्थाको लागि गोष्ठी समेत बनाइएको थियो भन्ने कुराको चाल पाइन्छ । यसरी लेलेको अभिलेखले मल्ल शब्दको अर्थ पहलमान्‌को रूपमा स्पष्टयाएको छ । तर, उत्तरप्राचीनकालका सबै अभिलेखहरुमा मल्ल शब्दले सोही अर्थ मात्र बुझाएको छैन ! त्यस समयका अन्य अभिलेखहरुको अध्ययनमा त्यसले भिन्नै अर्थ पनि बुझाएको छ भन्ने लाग्दछ । किनभने अन्य कतिपय अभिलेखहरुमा पालुवा प्राणीहरुको नामक्रममैं मल्लपोतकको उल्लेख पनि आएको छ । कुनै पनि कुरोको वर्णन गर्ने क्रममा भनौं या त्यसलाई सिलसिलाबद्ध गरी मिलाउँदै लैजाने कार्यमा समान जातका वस्तुहरुलाई संगसंगै राखेर वर्गीकृत गर्दै लैजाने प्राचीनकालदेखि चल्दै आएको वर्गीकरणको सिद्धान्त नैं छ । देवताहरुको नाम क्रममा विशेषतः मनुष्यलाई राखिदैन । यी आधारमा उक्त मल्लपोतक शब्दले पहलमानको बच्चा भन्ने कुरा नबुझाई कुनै एक प्राणीकै बच्चा भन्ने तिर लक्ष गर्दछ । तर, त्यो कुन जातको प्राणी हो निश्चित् हुन सकेको छैन । यसरी मल्लकर कुनै एक निश्चित् पालुवा प्राणी माथि लिइने कर हो कि भन्ने पनि लाग्दछ । फेरि उत्तरप्राचीनकालमा मनोरञ्जनको लागि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लडाइने कुस्तीको राम्रो सञ्चालन एवं व्यवस्थाको लागि मल्ल युद्धगोष्ठीको पनि स्थापना भएको कुरा माथि वर्णन भै सकेको छ। यसैले यो कर मल्ल युद्धको लागि मनोरञ्जन करको रूपमा पनि लिइ आएको तथ्यतिर इङ्गित हुन्छ । उत्तरप्राचीनकालका विभिन्न पालुवा प्राणीहरुका नाम उत्कीर्ण अभिलेखहरुमा ती नामहरुको क्रममा मल्लपोतक सिवाय मल्लमात्र वर्णन गरिएका अभिलेखहरु पाइएका छैनन् । यसको अतिरिक्त उक्त मल्ल (पालुवा प्राणी ?) माथि लिइने कर मल्लकर भनेर कतै उल्लेख छैन । अर्को, माथि वर्णित मल्लपोत माथि लिइने कर मल्लकर होइन भन्ने कुराको संकेत काठमाण्डू वटुको अभिलेखमा "...ब्रंशामल्लपोतसूकरकराणां ... ..." भनेर मात्र उल्लेखी मल्लकर भनेर स्पष्ट नउल्लेखेबाट हुन्छ । यङ्गालहिटीको भीमार्जुनदेव–जिष्णुगुप्तकालीन अभिलेखमा "विदितम्भवतु भवतां यो युष्माकम्मल्लकरः पूर्व (राजभि) श्चतुर्भिस्तास्त्रिकपणैः प्रतिभुक्तोऽभूदस्माभि... ... ... (प) णाः प्रतिमुक्ता मल्लपोतकानामपि मर्यादा... ... . लङ्कृत्य यन्निष्क्रमणन्तदपि प्रतिमुक्तम्भट्टाधिकरण .. ..." पंक्तिमा मल्लकरमा केही माफी गरिएको र मल्लपोतमा पनि व्यवस्था भन्ने उल्लेखमा मल्लकर र मल्लपोतको बीच कुनै सम्बन्ध नभएको जानिन्छ । यी आधारहरुले मल्लपोत माथि लिइने कर र मल्लकरमा भिन्नता देखिएको हुंदा मल्लकर पालुवा प्राणीमा लिइने कर नभएर मनोरञ्जन करको रूपमा मात्र लिन सकिन्छ भन्ने लाग्दछ ।

प्रस्तुत शिलालेखमा लाकुल नामको उल्लेख भएबाट शैव पाशुपत धर्मको उत्पत्ति विषयमा महत्त्वपूर्ण सामग्री उपलब्ध हुनुको अतिरिक्त छैठौं शताब्दी ई. को अन्तिम समयतिरै लाकुलीश मतको यहाँ प्रचार भैसकेको विदित हुन्छ । लाकुल शैवधर्मका प्रवर्तक आचार्य मानिन्छन् । पौराणिक एवं पुरातात्त्विक आधारहरुले लाकुललाई शिवको अवतारको रूपमा मानेका छन् । ई. सन् ९७१ को नाथ मन्दिरको अभिलेखमा लकुल हातमा लिएका मानिसको रूपमा शिवको भृगुकच्छमा अवतरण भएको कुरा वर्णित छ ।[१] गुजरातको एक

१. हेनोंस्–आर. सि. मजुमदारद्वारा संपादित "द एज अव इम्पेरियल यूनिटी" भारतीय विद्या भवन, १९५३ ई., पृ. ४५४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेखमा शिव लकुलीशको रूपमा अवतरित भएको कुरा उत्कीर्ण छ।

"भट्टारक श्री लकुलीश मूर्त्या तपः क्रिया कांड फल प्रदाता
अवातरेद्विश्वमनुग्रहीतुं देवः स्वयं बाल मृगांक मौलिः"[२]

लकुलीशले जुन ग्रन्थ लेखेका थिए त्यसलाई पंचाध्यायी अथवा पंचार्थविद्या भनिन्छ। लकुलीशबारे थाहा लिने पहिलो पुरातात्त्विक सामग्री कुशान सम्राट् हुविष्कको मुद्रा रहेको छ। हुविष्कका मुद्रामा हातमा दण्ड लिएका लकुलीशको आकृति उत्कीर्ण छ।[३] यसले कमसेकम यस तथ्यलाई स्पष्ट पारिदिएको छ कि लकुलीश पाशुपत मतको अभ्युदय पुरातात्त्विक आधारमा दोश्रो शताब्दी ई. मा भैसकेको थियो।

वायु एवं लिङ्ग पुराणको अनुसार लकुलीन्का कुशिक, गर्ग, मित्र, कौरुष्य नामक चार चेलाहरु थिए। चिन्त्र प्रशस्तिले कुशिक, गर्ग्य, कौरुष्य तथा मैत्रेयलाई पाशुपत सम्प्रदायका चार शाखाहरुका प्रवर्तकहरुमा गणना गरेको छ।[४] माथि उल्लिखित तेह्रौं शताब्दी ई. को गुजरातको अभिलेखले पनि भट्टारकश्रीलकुलीशको रूपमा शिवको अवतरण भएको कुरा उल्लेख गर्नुको अतिरिक्त तिनका कौशिक, गार्ग्य, कौरुष्य तथा मैत्रेय नामक चारजना चेलाहरु पाशुपत मतका चार शाखाका प्रवर्तक बनेका कुरा वर्णन गरेको छ।[५] गुप्त संवत् ६१ (=३८० ई.) को मथुरा स्तम्भाभिलेखमा लकुलीनका चेला कुशिकको नाम सर्वप्रथम उत्कीर्ण गरिएको पाइएको छ।[६] यसरी

२. हेर्नोस्– डा. बासुदेव उपाध्याय लिखित "प्राचीन भारतीय अभिलेखोंका अध्ययन" १९६१ ई. पृ. १३२

३. हेर्नोस्– डा. बासुदेव उपाध्याय लिखित "प्राचीन भारतीय अभिलेखोंका अध्ययन" १९६१ ई. पृ. १३२

४. हेर्नोस्– डि. सि. सरकारद्वारा संपादित "सेलेक्ट इन्स्क्रिप्सन्स" १९६५ ई., पृ. २७८

५. हेर्नोस्– आर. सि. मजुमदारद्वारा संपादित "द एज अव इम्पेरियल यूनिटी" १९५३ ई, पृ. ४५४

६. हेर्नोस्– डि. सि. सरकारद्वारा संपादित "सेलेक्ट इन्स्क्रिप्सन्स" १९६५ ई., पृ. २७८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भागवत धर्मावलम्बीहरुले (वासुदेव कृष्णका अनुयायीहरु) विष्णुलाई आफ्नो उपास्य देव मानेर कृष्ण सित तिनको अभिन्नता स्थापित गरे जस्तै शैवहरुले रुद्र, शिव या पशुपतिलाई आफ्ना उपास्य देव मानेर लाकुलसित तिनको अभिन्नता स्थापित गरे । आरम्भमा शैवधर्म शिवभागवत, लाकुल, पाशुपत र माहेश्वर नामले नै जानिन्थ्यो ।[७] पछि गएर त्यसमा अनेक सम्प्रदायहरुको विकास भयो । उत्तरप्राचीनकालीन अभिलेखहरुको अध्ययनमा त्यस समय नेपालमा पाशुपत सम्प्रदायका अनेकौं शाखाहरुको अभ्युदय भएको जानिन्छ ।

फेरि, यस अभिलेखमा वाशुदेव नामको सर्वप्रथम प्रयोग भएको छ । यसले कम्रसँकम प्राप्त ऐतिहासिक सामग्रीहरुको आधारमा पाँचौं शताब्दी ई. पू. देखि फैलिन लागेको वाशुदेव धर्म (भागवत धर्म) को प्रचार छैठौं शताब्दी ई. को अन्तिम समयदेखि नेपालमा पनि देखिन लागेको कुरा प्रमाणित हुन्छ । शक संवत् ४९५ को ल. पु. शिकुबहिको उमामहेश्वर मूर्तिको पादपीठ लेखमा "परमभागवतस्य देशवर्म्मनाम्नो ... ..." भनी उल्लेख गरिएबाट यस तथ्यको प्रमाणीकरणमा अझ बढो सहायक सिद्ध भएको छ । पाँचौं शताब्दी ई.पू.को पाणीनीकृत अष्टाध्यायी ग्रन्थमा वाशुदेवक:शब्दको प्रयोग पाइन्छ औ चारौं शताब्दी ई.पू.का यवन राजदूत मेगस्थनोजले मथुराबासीहरुले हेराक्लेज(वाशुदेव कृष्ण)को पूजा गर्ने कुरा उल्लेखेको छ ।[८] तर,वाशुदेव धर्मको व्याप्ति प्रचार सम्राट् अशोकको मृत्युको अनन्तर मात्र ब्राह्मण धर्मको पुनरभ्युदय संगै भएको थियो । फेरि, बौद्ध र जैन धर्महरुका प्रभावले पनि वाशुदेव धर्मको लोकप्रियता बढ्न लागेको थियो । सनातन आर्यधर्मावलम्बीहरु पनि उपरोक्त धर्महरुको प्रभावले गर्दा लोकोत्तर सर्वज्ञ पुरुषहरुमा ईश्वरीय शक्तिको आभास पाउन उद्यत थिए । निःसन्देह कृष्ण लोकोत्तर पुरुष थिए । यिनको जीवन आदर्शमय हुनुको अतिरिक्त यिनका शिक्षाहरु अपूर्व थिए । कृष्णलाई बुद्ध र महावीरका समकक्ष राख्न सकिन्थ्यो । बुद्ध र महावीरको रूपमा

७. हेर्नोस्- सत्यकेतु विद्यालंकार लिखित "भारतीय संस्कृति और उसका इतिहास" १९६८ ई., पृ. २९८

८. हेर्नोस्- आर. सि. मजुमदारद्वारा संपादित "द एज अव इम्पेरियल यूनिटी" १९५३ ई., पृ. ४३२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जुन किसिमका महापुरुषहरुको भक्तिमा जनता सयौं वर्षदेखि अभ्यस्त हुंदै आइरहेका थिए, कृष्णको यस युगको रूप त्यसैका अनुकूल थियो ।[९] यसरी वाशुदेव धर्मको व्यापक प्रचार हुन लागेको थियो । हेलियोडोरस नामक एकजना यवन नागरिकले द्वितीय शताब्दी ई. पू. मा वाशुदेवको नाममा गरुडध्वज स्थापना गरेको कुरा वेशनगर अभिलेखमा उत्कीर्ण छ ।[१०] प्रथम शताब्दी ई. पू. को नानाघाट गुहाभिलेखमा सङ्कर्षण र वाशुदेवको प्रार्थना गरिएको छ ।[११] प्रथम शताब्दी ई. पू. कै घोशुण्डी अभिलेखमा भागवतको पदवीले विभूषित राजालाई अश्वमेधकर्ता भनिनुको अतिरिक्त संकर्षण–वासुदेवको पूजा निमित्त पूजा – शिला – प्राकारको उल्लेख छ ।[१२] यसरी प्रथम शताब्दी ई. पू. देखि भागवत धर्मको व्यूह सिद्धान्तको पनि प्रचार भैसकेको कुरा विदित हुन्छ । भारतका प्रख्यात गुप्त सम्राट्हरु वैष्णव मार्गी थिए । भारतमा यसरी भागवत धर्मको व्याप्ति प्रचार हुंदै आउँदा नेपालमा पनि त्यसको प्रवाह फैलिनु स्वाभाविक छ जसको फलस्वरूप पुरातात्त्विक नेपालको प्रारम्भदेखिनै नेपालमा वैष्णव धर्मको व्यापक प्रचार रहेर वाशुदेव धर्मको अभ्युदय कमसेकम छैठौं शताब्दी ई. देखि यहाँ भएको कुरा अवश्य सिद्ध हुन्छ ।

यो अभिलेखको आरम्भमा महादेव र वाशुदेवको स्तुति गरिए-बाट ती दुई सम्प्रदायको बीच धार्मिक समन्वय यस समय यहाँ रहेको ज्ञात हुनुको साथै वैदिक अद्वैत दर्शनको प्रभाव पनि स्थापित भएको बोध हुन्छ । यस कुरालाई शक संवत् ४८७ को पशुपति क्षेत्रस्थित शंकर–नारायणको पादपीठलेखले अझ खुलस्त गरेको छ ।

यस अभिलेखमा कार्षापण शब्दको उल्लेख छ । उत्तरप्राचीन

---

९. हेर्नोस्– सत्यकेतु विद्यालंकार लिखित "भारतीय संस्कृति और उसका इतिहास" १९६८ ई., पृ. २९६

१०. हेर्नोस्–डि. सि. सरकारद्वारा संपादित "सेलेक्ट इन्स्क्रिप्सन्स" १९६५ ई., पृ. ८८–८९

११. हेर्नोस्–डि. सि. सरकारद्वारा संपादित "सेलेक्ट इन्स्क्रिप्सन्स" १९६५ ई., पृ. १९२

१२. हेर्नोस्–डा. वाशुदेव उपाध्याय लिखित "प्राचीन भारतीय अभिलेखोंका अध्ययन" १९६१ ई., पृ. २४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कालीन पण, पुराण, ताम्रिकपण, हिरण्य आदि विभिन्न प्रकारका मुद्राहरु मध्ये यो पनि एक मानिन्छ । ती मुद्राहरुको उल्लेख उत्तरप्राचीनकालीन अभिलेखहरुमा वर्णन गरिएको देखिनुको अतिरिक्त तत्समयका विभिन्न राजाहरुद्वारा प्रचारित ताम्रमुद्राहरुको अत्यधिक प्राप्तिले तत्समय यहाँ ताम्रमुद्राको प्राचुर्य्य देखिन्छ। चीनीयाँ यात्री युआनच्वाङ्गले पनि आफ्नो यात्रा वृत्तान्तमा नेपालको मुद्रा तामाको रहेको कुरा उल्लेखेको छ । यसो भन्दैमा उत्तरप्राचीनकालीन नेपालमा रजत एवं स्वर्णमुद्रा छँदै छैन भन्ने त्यो होइन। रजत र स्वर्णमुद्राहरु अहिले सम्म कुनै नपाइए तापनि ती मुद्राहरुको उल्लेख उत्तरप्राचीनकालीन अभिलेखहरुमा भेट्टिएबाट उक्त मुद्राको अस्तित्त्व प्रमाणित भएको छ । अनुमानित छैठौं शताब्दी ई. को पशुपति छत्रचण्डेश्वरको अभिलेख तथा संक्षिप्त शक संवत् ३२ को हाडिगाउँ अभिलेखमा पुराण, पण आदि मुद्राको नाम उत्कीर्ण हुनुको साथै प्रस्तुत अभिलेखको अतिरिक्त संक्षिप्त शक संवत् ५९ को थानकोट अभिलेखमा कार्षापण मुद्राबारे उल्लेख आएका छन्। अमरकोश अनुसार कार्षापण रजतमुद्रा रहेको छ जबकि पण-ताम्रमुद्रा । "कार्षापणः कार्षिकः स्यात्कार्षिके ताम्रिके पणः।" यस तथ्यलाई भारतको द्वितीय शताब्दी ई. को नासिक गुहाभिलेखका "भगवता [·] देवानं ब्राह्मणानं च कार्षापण-सहस्रानि सतरि ७००००प[·]चत्रि[·] शक सुवण कृता दिन सुवर्ण-सहस्रणं मूल्य[·] (॥)"[१३] उल्लेखले अझ स्पष्ट गरेको छ । भारतका पुरातत्त्व अभिलेखविद् डि. सि. सरकारले पुराण र कार्षापणलाई रजतमुद्रा मानेको छ ।[१४] माथि वर्णित संवत् ५९ को थानकोट अभिलेखमा सिकर स्वरूप थेञ्चो ग्रामवासीहरुमध्ये १ कार्षापण बुझाउनु पर्नेले ८ पण मात्र बुझाउने औ ८ पण बुझाउनेले ४ पण मात्र बुझाउनु भनी दुनियांलाई निगाह गरेको वर्णनले पनि उक्त कथनलाई पुष्ट्याई गर्दै १६ तामाको मुद्राको १ रजतमुद्रा हुने कुरा थाहा हुन आएको छ।

१३. हेर्नोस्–डि. सि. सरकारद्वारा संपादित "सेलेक्ट इन्स्क्रिप्सन्स" १९६५ ई., पृ. १६६

१४. हेर्नोस्–डि. सि. सरकारद्वारा संपादित "सेलेक्ट इन्स्क्रिप्सन्स" १९६५ ई., पृ. १५२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फेरि, भारतको गुप्त संवत् १२८ को वैग्राम ताम्राभिलेखको आधारमा श्री डि. सि. सरकारले १६ रजतमुद्राको १ स्वर्णमुद्रा भनी हिसाब निकाल्नु भएको छ।[१५] यसरी १६ ताम्रमुद्राको १ रजतमुद्रा औ १६ रजतमुद्राको १ स्वर्णमुद्रा भन्ने कुरा प्रमाणित भएको छ। उपर्युक्त वर्णनबाट उत्तरप्राचीनकालमा यहाँ रजतमुद्राको प्रचलन रहेको निर्णित हुन्छ।

संक्षिप्त शक संवत् ११९ को लगन विष्णुमन्दिरको शिलाभिलेखमा वैद्य ग्रामका वासिन्दाहरुलाई तिनीहरुले सरकारलाई तिर्दै आएको भाग, भोग, कर, हिरण्य आदि राजकीय आम्दानी आइन्दा वश पाशुपत सम्प्रदायका आचार्यहरुलाई तिर्ने गर्नु भनी राजाज्ञा वर्णित भएबाट त्यस समय हिरण्यको रूपमा स्वर्णमुद्रा यहाँ प्रचलित रहेको जानिन्छ। गुप्त संवत् १९३ को खोह ताम्रलेखमा पनि "तै यूयमेषां समुचित--भाग–भोग–कर–हिरण्यादि प्रत्यायोपनय (·) करिष्यथाज्ञा–श्रवण–विधेयाश्च भविष्यथ (।)"[१६] भनी उल्लेख आएको छ। डि. सि. सरकारको अनुसार हिरण्य तिरोको रूपमा बुझाइने दामलाई भनिन्छ।[१७] तर, हिरण्य शब्दले साधारण कुनै पनि धातुद्वारा मुद्रित मुद्रालाई मात्र बुझाउँदैन। बरु यसले स्वर्णमुद्रातिरै संकेत गर्छ।

ज्ञानेश्वर, अनन्तलिङ्गेश्वर तथा नक्साल नारायणचौरका लिच्छवि शिलाभिलेखहरुमा देखिएका पणपुराण शब्दलाई पण र पुराण मुद्राहरुको अतिरिक्त एक भिन्नै मुद्राको संज्ञा श्री डि. सि. सरकारले दिएको छ।[१८] तर श्रीसरकारज्यूको राय यहाँ उपयुक्त भए जस्तो लाग्दैन। पणपुराण शब्दले पण र पुराण भन्ने दर्शाउनुको

१५. हेर्नोस्–डि. सि. सरकारद्वारा संपादित "सेलेक्ट इन्स्क्रिप्सन्स" १९६५ ई., पृ. ३५७

१६. हेर्नोस्–डि. सि. सरकारद्वारा संपादित "सेलेक्ट इन्स्क्रिप्सन्स" १९६५ ई., पृ. ३९२

१७. हेर्नोस्–डि. सि. सरकारद्वारा संपादित "सेलेक्ट इन्स्क्रिप्सन्स" १९६५ ई., पृ. ३९२

१८. हेर्नोस्–जगदीशचन्द्र रेग्मी लिखित "लिच्छवि–संस्कृति" २०२६ वि. सं., पृ. २२१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साथै फुटकर पैसाहरुको पनि रुपैयाँ बनिने जस्तै पणहरुले बनेको पुराण भन्ने बुकाउँछ। अनन्तलिङ्गेश्वरको शिलालेखमा पणानां पुराणं भन्ने उल्लेख आएकोले पनि उक्त तथ्यको पुष्टि हुन्छ।

उत्तर प्राचीनकालका अहिले पाइएका मुद्राहरुमा मुख्यतः श्रीमानाङ्क, वैश्रवण, श्र्यंशु, जिष्णु, श्रीगुणाङ्क, पशुपति, वृष आदि अभिलेख अंकित गरिएका छन्। उत्तरप्राचीनकालीन मुद्राहरुको बारे यो लेखकको एक भिन्नै पुस्तक प्रकाशनको मार्गमा तयार रहेको हुंदा अहिले यहाँ तिनीहरुको बारे विशद विवेचन गरिरहनु अनावश्यक सम्झेको छुँ। संक्षिप्त रूपले भन्ने हो भने मानदेव प्रथम, शिवदेव प्रथम, अंशुवर्मा, जिष्णुगुप्त तथा नरेन्द्रदेवले क्रमैसंग श्रीमानाङ्क, वैश्रवण, श्र्यंशु, जिष्णु, श्रीगुणाङ्क अंकित मुद्राहरु प्रचलनमा ल्याएका थिए। पशुपति, शिव, वृष अभिलेख अंकित मुद्राहरु शिवदेव द्वितीय, जयदेव द्वितीय, आदि लिच्छवि राजाहरुले प्रचारमा ल्याएका थिए।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ५८

१. स्वस्ति मानगृहाद् अपरिमितयशा[बप्पपादानुध्यातो लिच्छविकुल]-
२. केतुर्भट्टारकमहाराजश्रीशिवदेवः [कुशली] – – – – –[नि]-
३. वासिनः प्रधानपुरस्सरान्कुटुम्बिनः कुशलमा [भाष्य समाज्ञाप]-
४. यति विदितम्भवतु भवतां यथेह – – द – – – – –
५. मत्स्योपक्रयङ्कृत्वा प्रतिनिवर्त्तमानानामेकस्य पु — — —
६. शुल्कापहरासेन काष्ठिकामत्स्यभारक एकस्मिंश्च त– –[ताम्रि]-
७. कपणत्रयङ्च भुक्कुण्डिकामत्स्यभारके दश भुक्कु — — —
८. त्रिपणाः राजग्रीवके दश राजग्रीत्रमत्स्याः पणत्र [य] — – –
९. ईमत्स्यभारके – –ए – – त्रिपणा मुक्ता मत्स्यभा [रके]– –
१०. य – – – – त्त्रमशुल्कन तदस्य – – –
११. केतु – – – – कल्प्य प्राङ्नृपतिभि – –
१२. – – – – – व्यापियश – – –
१३. – – – – – – मस्मिन प्रसादे – – – –
१४. – – – – – कोवेकै – य – – –
१५. – – – – [चिरकाल]स्थितये चास्य प्र [सा]-
१६. [दस्य] – – – – –नमिदन्दत्त – – –
१७. – – – – – – –र्भाविभिश्चायम्
१८. [प्रसाद] – – – – – [भूप]तिभिर्द्धर्म्मगु-
१९. रुभिर्गुरु [कृतप्रसादानुवर्त्तिभिरियमाज्ञा सम्यक्पालनीये] ति
समाज्ञापना –
२०. दूतकश्चात्र – – – – – वैशाखशुक्लपञ्चम्याम्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ५८

प्राप्तिस्थान–वज्रवाराही समीपस्थ चम्पापुरको अभिलेख

मिति–... ... ... वैशाखशुक्लपञ्चम्याम्

राज दूतक वा कुनैको नाम प्रशस्ति समेत–स्वस्ति मानगृहाद् अपरिमितयशा बप्पपादानुध्यातो लिच्छविकुलकेतु भट्टारकमहाराजश्रीशिवदेवः

प्रशासनिक पद–दूतक

अड्डा–×

शिलापत्र राख्नाको उद्देश्य–राजाज्ञा जारी गरेको

शिलापत्र राख्नेको नाम–भट्टारकमहाराजश्रीशिवदेवः

महात्माहरुको समेत देवताहरुको नाम–×

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–×

कुनमा प्रकाशित–आर. नोलीद्वारा XXXII संख्या

शिलापत्रको शीर्षचिह्न–×

लिपि–ब्राह्मी

स्थान–×

संक्षिप्त विवरण–भट्टारकमहाराज श्रीशिवदेवले मुखिया लगायत रैती दुनियांहरूलाई कुशलक्षेम सोधेर आज्ञा दिनु हुंदै विभिन्न किसिमका माछाहरु पक्रेर जीविका चलाउनेहरुसंग लिइने भिन्न-भिन्न प्रकारका करहरुबाट तिनीहरुलाई मोचन गरिएको कुरा प्रस्तुत शिलालेखमा वर्णित छ।

कैफियत–अभिलेखहरुको आधारमा संवत् ४७९–५१२सम्म अर्थात् २ उल्लेखयोग्य लिच्छवि राजाहरुको राज्यकालमा भौमगुप्त लिच्छवि राजनीतिको शक्तिशाली पुरुष रहेका थिए। संवत् ५१२ को शिलालेखमा महाराज शिवदेवको साथै भौमगुप्तको नाम प्रयुक्त भएको छ। तर, यसको वाद् शिवदेव र अंशुवर्म्माको नाम उत्कीर्ण गरिएको संवत् ५१६ उल्लिखित शिलालेख पाइएकोले सम्भवतः संवत् ५१२ पछि महाराज शिवदेवले भौमगुप्तलाई शासनबाट हटाएर तत्कालीन राजनीतिको शक्तिशाली पुरुषको प्रभावबाट आफुलाई स्वतन्त्र तुल्याएका थिए। भौमगुप्तले ३ उल्लेखयोग्य लिच्छवि राजाहरुको राज्यकालमा शक्तिशाली

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यक्तित्व रही एक लामो अवधिसम्म शासनमा आफ्नो प्रभाव स्थापित गरेको तर्कलाई वंशावलीकारले भ्रमवश मात्र ३ आभीर राजाहरुको शासन कायम भएको भनीं उल्लेखेको प्रतीत हुन्छ।किनकि ती दुवै कथन-मा नजीकको साम्यतानैं देखिन्छ । हाम्रो यस तर्कमा तत्कालीन अभि-लेखहरुले पनि पुष्टयाइँ गरेर त्यसताका आभीरहरुलाई यहाँ ३ पुस्ता सम्म अविच्छिन्न रूपले राज्य गर्ने अवसरनैं नमिलेको सिद्ध छ । अनि भौमगुप्तलाई पन्छाउने अभियानमा शिवदेवलाई अंशुवर्माको सहयोग मिलेको अनुमान हुन्छ । आफ्ना शिलालेखहरुमा शिवदेवले अंशुवर्मालाई दिगन्तर सम्म कीर्ति फैलिएको तथा शत्रुलाई नाश गर्ने भनी उल्लेख गरेबाट पनि यसको पुष्टयाइँ हुन्छ । यसरी प्रस्तुत शिलालेख भौमगुप्त-को पतनको लगत्तै पछि राखिएको हुनु धेरै सम्भव छ जसको कारण यसमा भौमगुप्त औ अंशुवर्मा दुवैको नाम नरही खालि शिवदेवकै नाम प्रयुक्त भएको छ । तर, अंशुवर्माको सहयोगले आफ्नो शक्ति सुदृढ तुल्याउन सकेको हुंदा पछि गएर संवत् ५१६ देखि लिच्छवि शासनमा अंशुवर्माको नाम शक्तिशाली पुरुषको रूपमा मानिएर शिवदेवको प्रत्येक शिलालेखमा तिनको नाम पनि अभिन्न रूपले लिइन लागेको थियो ।

माछाहरु पक्रेर जीविका चलाउनेहरुसंग लिइने कर मोचन गरिएको उल्लेखले त्यस समय माछाको व्यापारमा पनि कर लिईने चलन रहेको बोध हुन्छ ।

ताम्रिकपण भनिएबाट उत्तरप्राचीनकालीन पण (पैसा) तामाको रहेछ भन्ने कुरो प्रमाणित हुन्छ ।

विभिन्न प्रकारका माछाहरु पक्रेर जीविका चलाउनेहरुसंग लिइने भिन्न-भिन्न प्रकारका करहरुबाट तिनीहरुलाई मोचन गरिएको कुरा प्रस्तुत शिलालेखमा वर्णित भएबाट भट्टारकमहाराजश्रीशिवदेव स्वयं एक उदार एवं प्रजाहितैषी राजा रहेको विदित हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ५६

१. — — — — कुर्यात्कारयेद्वा — — -
२. — — — — धर्म्मगुरुभि — — -
३. — — — — य — हस्तिन — — -
४. — — — — — मत — — -
५. — — — सम प्रासाद — रिषत तदा तदा — -
६. — — — स्वर्ग्गनिरास्थो नि — सन्मनस्वी — -
७. — — — तावच्चिरनरकदुःखभाक ष्यात् — -
८. — — — म महीभुजाम् हि अपहरेत छल — -
९. — — — पश्य सो ज्ञो । जायेत् पश्चात् निरयेषु स्थि-
१०. — — — न गोमीति संवत् ५१५ फाल्गुनशुक्लदिव पं

[चम्याम्]

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ५९
प्राप्तिस्थान–ललितपुर च्यासलटोलको अभिलेख
मिति–संवत् ५१५ फाल्गुणशुक्लदिव पंचम्याम्
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–×
प्रशासनिक पद–×
अड्डा–×
शिलापत्र राख्नाको उद्देश्य–×
शिलापत्र राख्नेको नाम–×
महानारमाहरुको समेत देवताहरुको नाम–×
विहार, मन्दिरको नाम–×
धर्म, धार्मिक कार्य–×
कुनमा प्रकाशित–आर. नोलीद्वारा XXII संख्या
शिलापत्रको शीर्षचिह्न–×
लिपि–ब्राह्मी
स्थान–×
संक्षिप्त विवरण–×
कैफियत–प्रस्तुत शिलालेखको अक्षर साह्रै नै बिग्रेको हुनाले अर्थ राम्ररी लाउन सकिएको छैन । यसमा हात्तिको विषयमा पनि उल्लेख आएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ६०

१. — — — — — — — — — — — —
२. —लिच्छविकुलकेतु — — — — — — — —
३. —(कु) शली माखोदुलुं — — — — — — —
४. —णोत्तरतरंफुथुल्व — — — — — — —
५. —मार्गस्य हेली तिलं — — — — — — —
६. —उत्तरतः वि—यखोट्ट सुल्पमार्ग — — — — —
७. —सङ्कोसन्जरासम्पातनद्याः प्रणालीश्वर — — — —
८. — वृह (त्) पथस्यः दट्टणदल्पसपूर्वोत्तर— लमस्य — —
९. लदेवीमार्गे — सीमापरिसि — — —
१०. प्रधानपुरस्सरान् — कुशल — — —
११. प्रश्नपूर्व्वं — — — — — भवतु(भ)
१२. (व) तां यथा — — नय — —
१३. व — — — — — —
१४. — — — — —
१५. — — — — —
१६. — — — — —
१७. प्रसाद — — — प्रवे —
१८. व्यदान — — — तिप्रसा —
१९. त — दे — — पजीवि —
२०. त — दे — — — —

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–६०

प्राप्तिस्थान–भक्तपुर कुह्मालेटोलको अभिलेख

मिति–×

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–... ... लिच्छविकुलकेतु ... ...

प्रशासनिक पद–×

अड्डा–×

शिलापत्र राख्नाको उद्देश्य–राजाज्ञा जारी गरेको

शिलापत्र राख्नेको नाम–×

महानात्माहरुको समेत देवताहरुको नाम–×

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–×

कुनमा प्रकाशित–"अभिलेख संग्रह" भाग ५; प्रकाशक: संशोधन मण्डल

शिलापत्रको शीर्षचिह्न–×

लिपि–ब्राह्मी

स्थान–(१) माखोदुलुं (२) फुथुल्व (३) दट्टणदल्प

संक्षिप्त विवरण–कुनै एक लिच्छवि राजाले ग्रामीण जनताहरुलाई कुशलक्षेम सोधेर राजाज्ञा जारी गरेको प्रस्तुत शिलालेखमा वर्णित छ ।

कैफियत– प्रणालीश्वर शब्दको उल्लेखले धारालाई ईश्वरको संज्ञा दिइएको स्पष्ट छ । तर, यहाँ धारालाई ईश्वरी नभनी ईश्वर भनेर पुलिङ्गमा उल्लेख गरेको कुरा विचारणीय छ । यसले ऋग्वैदिक परम्परानुकूल अद्वैत भावनाको स्पष्ट छाप त्यस समय यहाँ विद्यमान भएको विदित हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ६१

१. स्वस्ति मानगृहात्प्रशस्तानेकगुणगणाधारो लिच्छविकुलकेतुर्भट्टा-
रकमहा-
२. राजश्रीशिवदेवः कुशली गुङ्दिमक ग्रामनिवासिनः प्रधानपुर-
स्सरान् ग्रामकु-
३. टुम्बिनः कुशलपरिप्रश्नपूर्व्वं समाज्ञापयति विदितम्भवतु भवतां
यथाने-
४. नस्वयशोमरीचिविस्तरव्याप्ताशेषदिङ्मण्डलेन प्रणतसामन्तशि-
रोमणि-
५. मयूखविच्छुरितचरणारविन्दद्युतिना श्रीसामन्तांशुवर्म्मणा
विज्ञापितेन
६. मयैतद्बहुमानाद् युष्मदनुकम्पया चानेनैव साकं समवाप्य
पूर्व्वं भृ-
७. त्यक – थसजादाद्वतैर्य्यथाज्ञामनुतिष्ठद्भिर्य्युष्मत्पूर्व्वकैराराधितै-
रस्मद्गुरु-
८. भिः कृतसीमनिर्णयो योयं सर्व्वकोट्टमर्य्यादोपपन्नत्वादचाटभट-
प्रवेश्यो
९. वसतये कृषिकर्म्मणे च कोट्टो वः प्रतिपादितासीदस्योत्तरपूर्व्वतो
धस्ताद् दक्षिण-
१०. राजकुल मुण्ड् राजकुलयोर्भूमिक्षेत्रैः परिवर्त्य प्रीतमनसा मयापि
पूर्व्वलब्धेन सहैकीकृत्य शि-
११. लापट्टकशासनमिदं वो दत्तमङ्गारञ्च चक्रासरलकाष्ठ ... ...य
प्रसादश्च यथा
१२. प्राग ... स्त ... श्रो वोपरिखभोङ्खा — वाग्वत्या ... त्य ...
ङ्ग्रामसहातु—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१३. द्यो ... ...रन ...हः पुरो युष्मद् ... सैश्च कैश्चिदविक्रे याश् चिलकश्च कश्चिदप्यशेष-
१४. मविक्रे यं यथा प्रतिषिद्धवस्तुद्वयमाज्ञानादथर्थङ्ग द्धिक ... ...
१५. कृताङ्गारश्चलकात्क्षेपो सौ भवद्भ्यो मुच्यत स्ववनादाहृत्य ... ...
१६ चत्वारिंशदधः सरलकाष्ठं विक्रीणतां वो वस्कराधिकृतैर ...
१७. स्मद्गोत्रजा ये कोट्टाद्बहिरन्यत्र निवसेयुस्तेषाङ् कार्य्यप्रयोजने स्वकोट्टा .. ..
१८. ... वद्धारङ्कोट्टसीमा च ग्रामस्य पश्चिमतो दक्षिणताश्चे दोलाशिख-राटवीपर्य्य-
१९. न्तस्तत उदल्मलक सेतु शातुन्तीदुल चिलागृहखिलभूमि बुर्दुम्त्र-दुल नदीसङ्ग .. ...
२०. न्श उत्तरतो मणिमतीम्पुरोनुसृत्य भारविश्रमणस्थानस्य पूर्व्वतो .. ई ष्ट ...
२१. पानीयस्त्रोतस्ततो रिप्शिङ्को सेतुवटसिङ् प्रोञ्जम्बू प्रोङ्निप्रङ-प्रोङ्प्रोवां संक्रमेण तत[:]
२२. पर्व्वतमूलन्ततो नदीपूर्व्वतो विहलङ्खा स्रोतः पर्व्वतस्योपरि विह-लङ् मार्ग्गदक्षिणेन
२३. पानीयपातस्ततो मार्ग्गशिलां सेतुसरलवृक्षप्लक्षमूलानि यथाक्रमंन तदे—
२४. तत्सीमपरिक्षिप्तेस्मिन् कोट्टे न कैश्चिदस्मत्पादप्रसादोपजीविभि-रन्यैर्व्वा सूक्ष्मा-
२५. पि पीडा कार्य्या यस्त्वेतामाज्ञां विलङ्घ्यान्यथा कुर्य्यात्कारयेद्वा तमहन्न मर्षयि-
२६. ष्यामि ये पि मदूर्ध्वंम भूभुजो भवितारस्तैरपि धर्म्मगुरुभिर्गुरु-कृतप्रसादा-
२७. नुवर्त्तिभिरियमाज्ञा सम्यक्प्रतिपालनीया यत्कारणं बहुभिर्व्वसुधा दत्ता राजभि-
२८ स्सगरादिभिः (।) यस्य यस्य यदा भूमिस्तस्य तस्य तदा फलम् (।।) षष्ठिवर्षसहस्राणि
२९. स्वर्ग्गे मोदति भूमिदः ( ) आक्षेप्ता चानुमन्ता च तावन्ति नरके वसेत् (।।) [स्वद] त्ताम् [प] रद-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३०. त्तां वा [य]ो [हरेत वसुन्धराम् । स विष्ठायां कृमिर्भूत्वा पितृभि
सह पच्यते] ॥ संवत्

३१. — — — — — — वार्त्त इति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं- ६१
प्राप्तिस्थान– मानदेवको स्तम्भ अगाडि चाङ्गुनारायणको मन्दिरको अभिलेख
मिति– ×
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत– (१) स्वस्ति मानगृहात्प्रशस्तानेकगुणगणाधारो लिच्छविकुलकेतुर्भट्टारकमहाराज श्री शिवदेवः
(२) स्वयशोमरीचिविस्तरव्याप्ताशेषदिङमण्डलेन प्रणतसामन्तशिरोमणिमयूखविच्छुरितचरणारविन्दद्युतिना श्री सामन्तांशुवर्म्मणा
प्रशासनिक पद– सामन्त
अड्डा– ×
शिलापत्र राख्नाको उद्देश्य– राजाज्ञा जारी गरेको
शिलापत्र राख्नेको नाम– भट्टारकमहाराजश्रीशिवदेवः
महात्माहरुको समेत देवताहरुको नाम–सगर
विहार, मन्दिरको नाम– ×
धर्म, धार्मिक कार्य– ×
कुनमा प्रकाशित– आर. नोलीद्वारा XXXIV संख्या
शिलापत्रको शीर्षचिह्न– शिलाको शीर्ष फूलहरुको आकार प्रकारले सिंगारिएको छ।
लिपि–ब्राह्मी
स्थान–(१) गुर्ह्रदिमक ग्राम (२) दक्षिणराजकुलमुन्द्रि (३) दोलाशिखर (४) उदलमलक सेतु (५) शातुन्तीदुल (६) बुरदुम्ब्रदुल नदी (७) मणिमती (८) भारविश्रमणस्थान (९) रिपुशिङको सेतु (१०) विह्लङ्खा स्रोतः (११) वाग्वती
संक्षिप्त विवरण– तिमीहरुका पुरुषाहरुले हाम्रा बाबु बाजेहरुलाई रिझाए वापत बसोवास र खेतीपातीकोलागि सीमा निर्धारित गरेर जो भूमि तिमीहरुलाई हाम्रा बाबु बाजेहरुले दिएका थिए त्यसलाई कायम गर्नुको साथै तिमीहरुले अझ बढी खुशी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गराएकोले अरु भूमि पहिलेको दानमा थप गरेर तिमीहरुलाई दिई अहिले यो शिलापत्र राखिएको छ ।

फेरि, तिमीहरुको जीवन निर्वाहकोलागि गोल बनाउन र घर निर्माण गर्न प्रत्येक घरको लागि सल्लाको रुख गोटा ४० सम्म ल्याउन दिन वन फुक्का गरी दिएको छ। वनको रुख काटेर वेच् विखन गर्न मनाहीं छ । नजानिकन कसैले काठ र गोलको हिनामिना गरेमा केही हदसम्म माफी दिइने छ ।

उपर्युक्त किल्ला वाहिर रहने हाम्रा सगोत्रीहरुलाई पनि तिमीहरुलाई दिइएको सुविधा प्रदान गरिएको हुंदा तिमीहरुले त्यसमा कुनै प्रकारको वाधा नहाल्नु आदि-आदि कुरा भएको राजाज्ञा प्रस्तुत शिलालेखमा वर्णित छ ।

कैफियत– प्रस्तुत शिलालेखमा वसोवास तथा खेतीपातीको लागि राजाबाट भूमि प्रदान गरेका कुराको उल्लेखले त्यस समय यहाँ जनसंख्याको वृद्धि हुंदै गएको कारण पर्त्ती भूमि वस्तियोग्य तुल्याउन लागेको बुझिन्छ । खालि वसोवासको लागि जग्गा प्राप्तिले मानिसहरुको जीवन निर्वाहको निम्ति अरु अत्यावश्यक कुराहरुको पूर्ति हुंदैन । घर निर्माणार्थ तथा गोलको लागि काठको आवश्यकता पर्ने हुनाले यहाँ राजाज्ञाद्वारा प्रत्येकको लागि ४० गोटा सल्लाको रुख घर बनाउन तथा गोल बनाउनका निम्ति मात्र प्रदान गरी वेचविखन गर्ने कार्यलाई निषेध गरेको कुराले त्यस समय जङ्गलको सुरक्षातिर सरकार विशेष सचेष्ट रहेको विदित हुन्छ । तर काठ तथा गोल हिनामिना गर्नेहरुलाई केही माफी दिइने उल्लेखले उत्तरप्राचीनकालीन दण्ड व्यवस्था पनि भारतका गुप्तहरुको जरतै काफी नरम रहेको बोध हुन्छ ।

घर तथा गोल बनाउनको लागि सल्लाको रुखको प्रयोग उस समयमा पनि गरिने कुरा प्रस्तुत शिलालेखबाट जानिएकोले नेपालमा सल्लाको रुखको प्राचुर्य उत्तरप्राचीनवकालदेखिनै रहेर घर निर्माणार्थ यस काठको प्रयोग आजसम्म पनि यहाँ गर्दै आएको स्पष्ट छ । यहाँ गोल बनाउने व्यवस्थाको उल्लेखले त्यस समय सुन, चाँदी, तामा, फलाम आदि धातुको गहना, औजार आदि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निर्माण गर्ने साना-साना उद्योगहरु उन्नत स्तरमा रहेको विदित हुन्छ । किनभने गोल बनाउने उद्योगले यसतिर औंल्याएको छ ।

काठको वेचविखन कार्यमा रोक्का गरिएको वर्णनले उत्तर - प्राचीनकालमा काठको वेचविखन कार्य प्रचलित भै सहरहरुको राम्रो विकास हुन लागेको कुरा थाहा पाइन्छ । यदि त्यस समय नगरसभ्यता विकसित स्तरमा नपुगेको भए विशेषगरी ग्रामीण जनजीवनमा काठ एवं झारपात सबैको लागि सुलभ हुने हुँदा तिनीहरुको लागि त्यसको किनवेच आवश्यक हुने थिएन ।

प्रस्तुत शिलालेखमा राजाले आफ्ना सगोत्रीहरुलाई पनि किल्ला बाहिर रहेको भएतापनि स्थानीय वासिन्दाहरुकै सरह अधिकार प्रदान गरेका कुराबाट राजतन्त्र व्यवस्थाको विशेषतानुरूप त्यस समय राजाहरु आफन्तजनहरुलाई विशेष सुविधा प्रदान गर्दथे भन्ने कुरा थाहा हुन्छ ।

अन्ततः यस अभिलेखमा "भारविश्रमणस्थानस्य" भन्ने कुरा चार किल्ला खुलाउँदा प्रयुक्त भएबाट संवत् ४७२को हाडीगाउँको शिलाभिलेखमा वर्णित भारविको धर्म तथा जातीयता थाहा लिनुको अतिरिक्त किरातार्जुनीय महाकाव्यका रचयिता भारवि यिनै रहेको तथ्यलाई पुष्टि गर्नुमा ठूलो सहायता मिलेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ६२

१. [स्व]स्ति मानगृहादनवगीत— — — —
२. –ताहितप्रतापधन्या— — - [बप्पपादानुद्‌ध्यातो लिच्छविकुल केतुर्भट्टारक]—
३. [म]हाराजश्रीशिवदेवः कु[शली]— — — — —[कु]
४. [टु]म्बिनः कुशलमाभाष्य [समाज्ञापयति विदितम्भवतु भवता यथानेन]
५. — —कविद्यामयपरिज्ञान— — — –
६. विशेषवादेन दिगन्तरविसारियशः— —सामन्त नश · –
७. — शेष — सन्ममण्डलेन म[हाराजा]धिराजश्रीसामन्त [शुवर्म्मणा] - —
८. — —म्प्रधार्य्य तद— —क्लेशापहारि – –
९. — [दोला]शिखरस्वामिना — —प्रावेश्य को— — –
१०. — —ग्रामः कृतोस्य चोतर — -- — —[मा]र्ग स्तमनुसृत्य— – —
११. [देव] कुलं ततः पूर्व्वदक्षि[णेन]- — —[नु] स्त्व स्मशानवृहत्- — —
१२. पूर्व्वेण तेखुं दुल्स्रोतस्त.— —मार्ग्गगोटनक्षेत्र — — - -
१३. —पर्व्वतमूलम्दक्षिणेन— — —ततः पश्चिमेन— — –
१४. — —दक्षिणेन घेलन्ती नदीस— —पश्चिमे चन्द्रेश्वर— –
१५. — — —ङ्ग्रामस्तत उत्तरेण दक्षिणेश्वरस्ततः पर्व्वतमूलम् पूर्व्व— — —
१६. पानीयमार्ग्गं इत्येतत्सीमपरिक्षिप्तस्तस्यात्र चिरका [लस्थितये]
१७. शिलापट्टकशासनन्तेभ्यो दत्तमिति कैश्चिदस्मत्पादप्रसादो [पजीवि]

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१८ [भि]रन्यैर्व्वा नात्र सूक्ष्मापि पीडा कार्य्या ये [त्वि] मामाज्ञाम्— — — —

१९ [न्य] था कुर्युः कारयेयुर्वा - — — —

२०. — — - लिच्छवि[व]ङ्शक्रमागत— — — — — [धर्म्मगु] —

२१. [रुभि] र्ग्गुरुकृतप्रसादानुवर्त्तिभिरियमा [ज्ञा सम्यक्प्रतिपालनी]-

२२ [येति समाज्ञापना दूतक]श्चात्र - -- — — —गोमी [संवत्] — —

२३. श्रावणमासे — — — — — — — —

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ६२

प्राप्तिस्थान–वनेपाको अभिलेख

मिति–... ... ... श्रावणमासे

राजा दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) [स्व]स्ति मानगृहात्सम्यक् गीत... ताहितप्रतापधन्या... ... [वप्पपादानुद्ध्यातो लिच्छविकुलकेतुर्भट्टारक] महाराजश्रीशिवदेवः (२) म[हाराजा]धिराज श्रीमा-मत्तां [शुवर्म्मणा] (३) [दूतक] श्चात्र ...गोमी

प्रशासनिक पद–(१) सामन्त (२) दूतक

अड्डा-×

शिलापत्र राख्नाको उद्देश्य–राजाज्ञा जारी गरेको

शिलापत्र राख्नेको नाम-भट्टारकमहाराजश्रीशिवदेवः

महानात्माहरुको समेत देवताहरुको नाम–(१ [दोला] शिखरस्वामी (२) पश्चिमेचन्द्रेश्वर (३) दक्षिणेश्वर

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–×

कुनमा प्रकाशित–आर. नोलीद्वारा XXXIII संख्या

शिलापत्रको शीर्षचिन्ह–शिलाको टुप्पा एउटा चक्र तथा दुईवटा शंखका आकृतिले भूषित छ ।

लिपि–ब्राह्मी

स्थान–(१) स्मशान (२) तेखुंदुल् (३) गोटन क्षेत्र (४) धेलन्ती नदी

संक्षिप्त विवरण--प्रस्तुत शिलालेखमा स्थिति वन्धेजको उल्लेख गरी राजाज्ञा जारी गरिएको छ ।

कैफियत–प्रस्तुत शिलालेखको अक्षर साह्रै विग्रेकोले अर्थ राम्ररी खुल्न सकेको छैन । तर, यहाँ शिवदेवलाई केवल महाराजको संज्ञा तथा अंशुवर्मालाई महाराजाधिराजको उपाधिले भूषित गरिएको कुराबाट त्यस समयसम्म अंशुवर्म्माको शक्ति लिच्छवि राजनीतिमा शिखरमा पुगेको प्रतीत हुन्छ । साँचो मानेमा अंशुवर्म्मानैं लिच्छवि राजनीतिको कर्णधार भएको जानिन्छ । तैपनि प्रस्तुत अभिलेखको आधारमा यत्ति त अवश्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वीकार गर्नु पर्दछ कि त्यस समयमा नेपालको वास्तविक राजा महाराज शिवदेव थिए, न कि महाराजाधिराजको उपाधिले भूषित अंशुवर्म्मा । यसरी प्रशस्तिमं साधारणतः वास्तविकता हुन्छ भन्ने कुरा मान्य नहुने स्पष्ट छ । यस तथ्यलाई "युक्तिकल्पतरु" ग्रन्थका नीतिकारले पनि स्वीकार गरेको लागेको छ । उक्त नीतिकारले राजा शब्दको प्रयोग चक्रवर्ती सम्राट्को साथै कुनै एक ग्राम या जागीरका स्वामीका नाममा पनि प्रयुक्त हुन सकिने कुरा लेखेको छ । जसको कारण पनि उत्तरप्राचीनकालीन नेपालमा राजा एवं त्यसका सामन्तको नाममा पनि उही समान् किसिमका प्रशस्तिहरु प्रयोग गरिन लागेको ठीक जँचतछ । भट्टारकमहाराजश्रीवसन्तदेवको संवत् ४५४ को चौकिटारको अभिलेखमा क्रमलीलको नाममा महाराजमहासामन्त प्रशस्तिको प्रयोग गरिएको देखिनु औ प्रस्तुत अभिलेखमा अंशुवर्माको नाममा महाराजाधिराजश्रीसामन्त प्रशस्तिस्वरूप व्यवहृत गरिनुलाई उक्त परिप्रेक्षमं देख्न सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ६३

१. (ॐ स्वस्ति मानगृहात्) ··चीयमानकल्याणो निरुपमगुण-
२. ... ...(भ) ट्टारकमहाराजश्रीशिवदेवः कुशली
३. ··· ... ...(निवासि) नः प्रधानपुरस्सरान् ग्रामकुटुम्बिनः कु-
४. (शलमाभाष्य) समाज्ञापयति विदितम्भवतु भवतां यथाने-
५. (न) प्रगत ··· चरणयुगलेन प्रख्याता-
६. (मलवि)पुल (यशसा) श्रीसामन्तांशुवर्म्मणा विज्ञापितेन मयैतद्-
गौरवाद् (युष्म)
७. (दनुकम्पया च) कुथेर्वृत्यधिकृतानां समुचितस्त्रिकरमात्रसाधना(यै)
८. (वप्रवेशो) स्मिन्द्रङ्गे ·· लिङ्ग्वलशुल्लीपञ्चापराधादिनिमित्त-
न्त्वप्रवे (श)
९. (इति) प्रसादो वः कृतो लशुनपलाण्डुकराभ्यां च प्रतिमुक्तश्चिर-
स्थितये चास्य
१० (प्र) सादस्य शिलापट्टकशासनमिदन्दत्तन्तदेवंवेदिभिरस्म-
११. त्पादोपजीविभिरन्यैर्व्वा न कश्चिदयम्प्रसादोन्यथा करणीयो यस्त्वे-
१२. तामाज्ञां विलङ्घ्यान्यथा कुर्य्यात्कारयेद्वा तमहमतितरान्न मर्षयि-
१३. ष्यामि भाविभिरपि भूपतिभिर्धर्म्मगुरुभिर्गुरुकृतप्रसादानु-
१४. वर्त्तिभिरियमाज्ञा सम्यक्पालनीयेति समाज्ञापना दूतकश्चात्र
१५. रामशीलवार्त्तः संवत् ५१६ वैशाखमासे शुक्लदिवा दशम्याम्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ६३

प्राप्तिस्थान–ल. पु. मङ्गलवजारस्थित भीमसेन मन्दिर अगाडि सडकमा ढल छोपी राखेको शिलामा उत्कीर्ण

मिति–संवत् ५१६ वैशाखमासे शुक्लदिवा दशम्याम्

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत– (१) (ॐ स्वस्ति मानगृहात्) ··· चीयमानकल्याणो निरुपमगुण भट्टारकमहाराज श्रीशिवदेवः

(२) प्रख्याता (मलवि) पुल (यशसा) श्रीसामन्तांशुवर्म्मणा

(३) दूतकश्चात्र रामशीलवार्त्तः

प्रशासनिक पद (१ सामन्त (२) दूतक

अड्डा–(१) कुथेर (२) लिङ्ग्वल (३) शुल्ली

शिलापत्र राख्नाको उद्देश्य– राजाज्ञा जारी गरेको

शिलापत्र राख्नेको नाम–भट्टारकमहाराजश्रीशिवदेवः

महानात्माहरुको समेत देवताहरुको नाम–×

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–×

कुनमा प्रकाशित -"इतिहास प्रकास" अंक १,२०१०–१–१०; आर. नोलीद्वारा XXIII संख्या; "पूर्णिमा"– १८ पूर्णाङ्क, प्रकाशकः संशोधन मण्डल

शिलापत्रको शीर्षचिह्न–×

लिपि–ब्राह्मी

स्थान–×

संक्षिप्त विवरण– भट्टारकमहाराज श्रीशिवदेव ·· ··· वासीहरुलाई कुशलक्षेम सोधेर आज्ञा गर्नु हुन्छ । त्रिकरको लागि मात्र कुथेर वृत्ति-गर्नेहरुलाई त्यहाँ प्रवेश गर्ने आज्ञा दिइएको छ । पञ्चापराध आदिको लागि लिङ्ग्वल, शुल्ली अधिकरणहरुलाई पस्न दिइने छैन । लसुन, पलाण्डू (प्याज)को कर माफी दिइएको छ । यसरी विभिन्न स्थिति बन्देजहरुको उल्लेख गरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चीरकालसम्म सो व्यवस्था रही रहोस् भनी शिलापत्र शासन प्रदान गरेको कुरा प्रस्तुत शिलालेखमा वर्णित छ।

कैफियत–उत्तरप्राचीनकालमा राज्यको आमदानीको एक मुख्य स्रोत कर थियो। प्रस्तुत शिलालेखमा त्रिकरको उल्लेख हुनुको अतिरिक्त लशुन, पलाण्डू आदिमा लिइने कर माफी दिइएको वर्णनबाट उक्तकुराको पुष्टि हुन्छ। अर्को, लशुन, पलाण्डूको उल्लेखले छैठौं शताब्दी ई. देखिनै नेपालमा ती तरकारीहरु मानिसहरुलाई ज्यादै प्रिय भएको बोध हुन्छ।

लिङ्ग्वल, शुल्ली आदि विभिन्न अधिकरणहरुलाई पञ्चापराध आदिको माध्यम उक्तक्षेत्रमा प्रवेश निषेध गरिएको उल्लेखले महाराज श्री शिवदेव स्थानीय स्वायत्त शासन परिपाटीका समर्थक रही प्रजातान्त्रिक मनोवृत्ति राख्ने राजा रहेको जानिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ६४

१. स्वस्ति मानगृहादपरिमितगुणसमुदयोद्भासितयशा ब-
२. प्पपादानुदध्यातो लिच्छविकुलकेतुर्भट्टारकमहाराजश्रीशिवदे-
३. वःकुशली माखोपृंसतलद्रङ्गनिवासिनः प्रधानपुरस्सरा-
४. न्ग्रामकुटुम्बिनः कुशलपरिप्रश्नपूर्व्वं समाज्ञापयति विदि-
५. तम्भवतु भवतां यथानेन प्रख्यातामलविपुलयशसा स्वप-
६. राक्रमोपशमितामित्रपक्षप्रभावेन श्रीमहासामन्तांशुवर्म्म-
७. णा विज्ञापितेन मयैतद्गौरवाद युष्मदनुकम्पया च कुथेर्वृ-
८. त्यधिकृतानामत्र समुचितस्त्रिकरमात्रसाधनायैव प्रवे-
९. शो लेख्यदानपञ्चापराधाद्यर्थन्त्वप्रवेश इति प्रसादो वः
१०. कृतस्तदेवंवेदिभिरस्मत्पादप्रसादोपजीविभिरन्यैर्व्वा न
११. कैश्चिदयमन्यथा करणीयो यस्त्वेतामाज्ञां विलङ्घ्यान्यथा कु-
१२. र्य्यात्कारयेद्वा तमहमतितरान्न मर्षयिष्यामि येपि मदू-
१३. र्द्ध्वम्भूभुजो भवितारस्तैरपि धर्मगुरुभिर्गुरुकृतप्रसा-
१४. दानुवर्तिभिरियमाज्ञा सम्यक्प्रतिपालनीयेति समाज्ञापना
१५. दूतकश्चात्र भोगवर्म्मगोमी संवत् ५१६ ज्यैष्ठशुक्लदिवादशम्याम्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं–६४

प्राप्तिस्थान– भक्तपुर गोलमाढी टोलको अभिलेख

मिति– संवत् ५१६ ज्येष्ठशुक्लदिवादशम्याम्

राजा, दूतक वा कुनैकोनाम प्रशस्ति समेत–(१) स्वस्ति मानगृहादपरिमितगुणसमुदयोद्भासितयशा बप्पपादानुद्ध्यातो लिच्छविकुलकेतुर्भट्टारकमहाराजश्रीशिवदेवः

(२) प्रख्यातामलविपुलयशसा स्वपराक्रमोपशमितामित्रपक्षप्रभावेन श्रीमहासामन्तांशुवर्म्मणा

(३) दूतकश्चात्र भोगवर्म्मगोमी

प्रशासनिक पद–(१) महासामन्त (२) दूतक

अड्डा–कुथेर

शिलापत्र राख्नाको उद्देश्य–राजाज्ञा जारी गरेको

शिलापत्र राख्नेको नाम– भट्टारकमहाराजश्रीशिवदेवः

महानात्माहरुको समेत देवताहरुको नाम–×

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य– ×

कुनमा प्रकाशित–वेण्डालद्वारा १ संख्या; आर. नोलीद्वारा XXIV संख्या; "पूर्णिमा"– १८ पूर्णाङ्क, प्रकाशकः संशोधन मण्डल

शिलापत्रको शीर्षचिह्न–शिलाको टुप्पा एउटा चक्र र दुइटा शंखको आकृतिले सिंगारिएको छ ।

लिपि– ब्राह्मी

स्थान– माखोपृं सतलद्रङ्ग

संक्षिप्त विवरण–भट्टारकमहाराजश्रीशिवदेव तलसहितको माखोपृं सतलद्रङ्गकावासीहरुलाई कुशलक्षेम सोधेर आज्ञा गर्नु हुन्छ । त्रिकरको लागि मात्र कुथेर वृतिगर्नेहरुलाई त्यहाँ प्रवेशको आज्ञा दिइएको छ औ लेखतदिनु, पञ्चापराध आदिको लागि तिनीहरुको प्रवेश निषेध गरिएको छ । यो आज्ञालाई हाम्रो निगाहाबाट जीविका गर्नेहरु तथा अरु कसैले पनि अन्यथा नगर्नु, गरेमा सहने छैन । यी कुराहरु उल्लेख गरी प्रस्तुत शिलालेखमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजाज्ञा वर्णन गरिएको छ ।

कैफियत– लेख्यदान, पञ्चापराध आदिकोलागि कुथेर वृत्तिगर्नेहरुको प्रवेशलाई रोकेर निगाहा गरेको उल्लेखले भट्टारकमहाराजश्रीशिवदेवको प्रजाहितैषी उदार हृदयको परिचय प्राप्त हुन्छ ।

प्रस्तुत शिलालेखबाट द्रङ्गको अन्तरगत तलहरु रहने कुरा सिद्ध छ । यस कुराको पुष्टयाइँ यङ्गालहिटीस्थित संवत् ६७ को अभिलेखको "दक्षिणकोलिग्रामद्रङ्गस्य सर्वतलग्रामै सहितस्य" भन्ने वर्णनबाट पनि हुन्छ ।

बेण्डालको अनुसार प्रस्तुत शिलालेखको संवत् ३१६ छ । साँचो-मानेमा यिनको यहीनै एक भूलमा जान फ्लीटद्वारा प्रस्तुत लिच्छवि वंश तालिका उल्टिन गएको थियो । उक्त संवत्को अंकलाई गुप्त संवत् ३१६ मानेर फ्लीटले नेपालको पहिलो प्रामाणिक राजाको रूपमा शिवदेव प्रथमलाई स्वीकार गरेका थिए ।[१]

१. "In the Lichchhavi Family, the earliest name for whichwe have as yet a definite date, is that of Sivadeva I, A. D. 635."
हेर्नोस्–जॉन फेथफुल फ्लीट रचित "करपस इन्स्क्रिप्सनम् इण्डिकेरम्", भोल. III, १८८८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ६५

१. स्वस्ति मानगृहादपरिमितगुणसमुदयोद्भासि-
२. तयशा बप्पपादानुध्यातो लिच्छविकुलकेतुर्भ-
३. [ट्टा]रकमहाराजश्रीशिवदेवः कुशली खृपुङ्ग्रामे
४. आसूर्यविध्वद्‌ग्याग्रान् निवासिनः प्रधानपुरस्सरान् ग्राम-
५. कुटुम्बिनः कुशलपरिप्रश्नपूर्व्वं समाज्ञापयति विदि-
६. तम्भवतु भ[वतां यथाने]न प्रख्यातामलविपुलयशसा
७. स्वपराक्र [मोपशमि] तामित्रपक्षप्रभावेन श्रीमहा-
८. सामन्तांशु [वर्म्मणा] विज्ञापितेन मयैतद्‌गौरवाद् [युष्म]-
९. दनुकम्प [या च कूर्ये] वृ[त्त्यधिकृताना]मत्र समुचितस्त्रिक-
१०. रसात्त्रसाधनायैव प्रवेशो लेख्यदानपञ्चापराधा-
११. द्यर्थन्त्वप्रवेश इति प्रसादो वः कृतस्तदेवंवेदिभि-
१२. रस्मत्पादप्रसादोपजीविभिरन्यैर्व्वा नकैश्चिदयमन्य-
१३. था करणीयो यस्त्वेतामाज्ञां विलङ्घ्यान्यथा कुर्य्यात्कारये-
१४. द्वा तमहमतितरान्न सर्षयिष्यामि येपि मदूर्ध्वम्भू-
१५. भुजो भवितारस्तैरपि धर्म्मगुरुभि[र्गुरुकृ]तप्रसादा-
१६. नुवर्त्तिभिरियमाज्ञा सम्[यक् प]रिपालनीयेति समा-
१७. ज्ञापना [दूतकश्चात्र भो]गवर्म्मगोमी संवत्
१८. ५१६ - - - [शु]क्लदिवा[प]ञ्चम्याम्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–६५
प्राप्तिस्थान–भक्तपुर तुलाच्छेटोलको शिलालेख
मिति–संवत् ५१६ – – – [शु]क्लदिवा [प]ञ्चम्याम्
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) स्वस्ति मानगृहादपरिमित-
गुणसमुदयोद्भासितयशा बप्पपादा-
नुध्यातो लिच्छविकुलकेतुर्भट्टारक-
महाराजश्रीशिवदेवः (२) प्रख्या-
तामलविपुलयशसा स्वपराक्र
[मोपशमि] तामित्त्रपक्षप्रभावेन
श्रीमहासामन्तांशु [वर्म्मणा] (३)
[दूतकश्चात्र भो] गवर्म्मगोमीं

प्रशासनिक पद (१) महासामन्त (२) दूतक
अड्डा–कूथेर
शिलापत्र राखनाको उद्देश्य–राजाज्ञा जारी गरेको
शिलापत्र राखनेको नाम–भट्टारकमहाराजश्रीशिवदेवः
महानात्माहरुको समेत देवताहरुको नाम–×
विहार, मन्दिरको नाम–×
धर्म, धार्मिक कार्य–×
कुनमा प्रकाशित–सिल्वां लेवीद्वारा ९ संख्या; आर. नोलीद्वारा XXV
संख्या; ज्ञानमणि नेपाल रचित "नेपालको प्राचीन इतिहासमा
नयाँ प्रकाश", वि. सं. २०१९, पृष्ठ ६६
शिलापत्रको शीर्षचिह्न–शिलाको टुप्पा फूलहरुद्वारा सिंगारिएका एउटा चक्र र
दुइटा शंखको आकृतिले भूषित छ ।
लिपि–ब्राह्मी
स्थान–खृपुङग्राम
संक्षिप्त विवरण–त्रिकरको लागि मात्र कूथेरवृत्ति गर्नेहरु त्यस ग्राममा पस्न
पाउने औ लेखत दिन, पञ्चापराध आदिको लागि प्रवेश निषेध
पूर्वक निगाहा गरेको कुरा प्रस्तुत शिलालेखमा वर्णित छ ।
कैफियत–प्रस्तुत शिलालेखबाट पनि भट्टारकमहाराजश्रीशिवदेव प्रजाको हितको
विचार गर्ने राजा भएको विदित हुन्छ । प्रस्तुत शिलालेखमा वर्णित
खृपुङ शब्द नेवारी भाषाको रहेको छ । यस कुराको उल्लेख डि.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आर. रेग्मीको "अनशण्ट नेपाल" मा पनि भएको छ।

संवत् ३९९ को देवपाटनस्थित शिवलिङ्गको अभिलेखमा वर्णित खोपृङ औ यस खुपुङ नामले उत्तरप्राचीनकालीन भक्तपुरको नामांकन प्रस्तुत गरेको छ। जस्तो अघिल्लो अभिलेखमा उल्लिखित यूपग्राम तथा संवत् ४५२ को ल. पु. खर्पछेंस्थित अभिलेखको दक्षिणकोलि-ग्राम नामले ललितपुर र कान्तिपुरको सर्वाधिक प्राचीन पुरातात्त्विक नामलाई अगाडि ल्याएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ६६

१. स्वस्ति मानगृहात्प्रथितामलविपुलयशा निरुपमगुणगणो १
२. (लि)च्छविकुलकेतुर्भट्टारकमहाराज श्रीशिवदेवः कुशली –द्रु...
३. ग्ग्रामनिवासिन· प्रधानपुरस्सरान्ग्रामकुटुम्बिन कुशल
४. (प)रिप्रश्नपूर्व्वं समाज्ञापयति विदितम्भवतु भवतां यथानेन
५. –पनमितानेकक्षितिपतिशिरोविभूषणमणिरुचा (वभासित)चर-
६. णयुगलेन सम्यक्प्रजापालनपरिश्रमोपार्जितदिगन्तव्याप्तप-
७. (रा)क्रम श्रीमहासान्तांशुवर्म्म णा युष्मदनुग्रहाय ...
८. कूथेरवृत्त्यधिकृतानामिह समुचितस्त्रिकरमात्रसाधनायैव (प्रवे)
९. शो(ले)ख्यदानपञ्चापराधादिनिमित्तन्त्वप्रवेश इति प्रसादो
व:कृतस्त (दे)
१०. वं वेदिभिरस्मच्चरणोपजीविभिरन्यैर्व्वा न कैश्चिदयं प्रसादो-
न्यथा(क)
११. रणीयो यस्त्वेतामाज्ञामुल्लङ्घ्यान्यथा कुर्य्यात्कारयेद्वा तमहमति-
१२. (त)रान्न मर्षयिष्यामि येपि मदूर्ध्वम्भूभुजो भवितारस्तैरपि धर्म्मगु-
१३. रुभिर्गुरुकृतप्रसादानुवर्तिभिरयमाज्ञा सम्यक्प्रतिपालनीया
१४. दूतकश्चात्र विप्रवर्म्मगोमी संवत् ५१७ प्रथमाषा-
१५. ढशुक्लदिवाद्वादश्याम्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ६६
प्राप्तिस्थान–धर्मस्थलीको अभिलेख
मिति–संवत् ५१७ प्रथमाषाढशुक्लदिवाद्वादश्याम्
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) स्वस्ति मानगृहात्प्रथितामल·
विपुलयशा निरुपमगुणगणो लिच्छ·
विकुलकेतुर्भट्टारकमहाराज श्रीशिव·
देवः (२) अनेकक्षितिपतिशिरो·
विभूषणमणिरुचा (वभासित)
चरणयुगलेन सम्यक्प्रजापालनपरि·
श्रमोपार्जितदिगन्तव्याप्तपराक्रमश्री·
महासामन्तांशुवर्म्मणा (३) दूतक·
श्चात्र विप्रवर्म्मगोमी
प्रशासनिक पद–(१) महासामन्त (२) दूतक
अड्डा–कूथेर
शिलापत्र राख्नाको उद्देश्य–राजाज्ञा जारी गरेको
शिलापत्र राख्नेको नाम–भट्टारकमहाराजश्रीशिवदेवः
महानात्माहरुको समेत देवताहरुको नाम–×
विहार, मन्दिरको नाम–×
धर्म, धार्मिक कार्य–×
कुनमा प्रकाशित–आर. नोलीद्वारा XXVI संख्या; "पूर्णिमा"–१८ पूर्णाङ्क
प्रकाशकः संशोधन मण्डल
शिलापत्रको शीर्षचिह्न–शिलाको टुप्पा एउटा चक्र र दुइटा शंखको आकृतिले सिंगारिएको छ ।
लिपि–ब्राह्मी
स्थान–×
संक्षिप्त विवरण–त्रिकरको लागि मात्र कूथेरवृत्तिगर्नेहरुले त्यहाँ पस्न पाउने औ लेखत दिन, पञ्चापराध आदिको लागि प्रवेश नपाउने गरी निगाहा गरेको कुरा प्रस्तुत शिलालेखमा वर्णित छ ।
कैफियत–प्रस्तुत शिलालेखबाट भट्टारकमहाराजश्रीशिवदेवको लोकहित गर्ने मनोवृत्ति स्पष्ट झल्कन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri .

अभिलेख नं. ६७

१. ॐ स्वस्ति मानगृहाच्छ्रतनयविनयगाम्भीर्य्यधैर्य्यवीर्य्याद्यशेष-
२. सद्गुणगणाधारो लिच्छविकुलकेतुर्भट्टारकमहाराजश्रीशि-
३. वदेवः कुशली आङ्लाबकसपितानरसिंहोभयपाञ्चाली-
४. निवासिनो यथाप्रधानङ्ग्रामकुटुम्बिनः कुशलमाभाष्य
५. समाज्ञापयति विदितम्भवतु भवतां यथानेन पृथुस-
६. मरसम्पातनिर्जयाधिगतशौर्य्यप्रतापोपहतसक-
७ लशत्रुपक्षप्रभावेन सम्यक्प्रजापालनपरिश्रमोपार्ज्जि-
८. तशुभ्रयशोभिव्याप्तदिङ्मण्डलेन श्रीमहासामन्तांशुवर्म्म-
९. णा युष्मद्धितविधानाय विज्ञापितेन मयैतद्गौरवा-
१०. (द्युष्मदनुकम्प) या च कूथेर्वृत्त्यधिकृतानां समुचितस्त्रि-
११. करमात्रसाधनायैवात्र प्रवेशो (लेख्यदान-)
१२. पञ्चापराधादिनिमित्तन्त्वप्रवेश इति प्रसादो वः कृ-
१३. तस्तदेवंवेदिभिरस्मच्चरणतलोपजीविभिरन्यैर्व्वा
१४. न कैश्चिदयम्प्रसादोन्यथा करणीयो यस्त्वेतामाज्ञां विल-
१५ ङ्घ्यान्यथा कुर्य्यात्कारयेद्वा तमहमतितरान्न मर्षयिष्या-
१६. मि भाविभिरपि भूपतिभिर्द्धर्म्मगुरुभिर्गुरुकृतप्रसा-
१७. दानुवर्त्तिभिरियमाज्ञा सम्यक्प्रतिपालनीया दूतकश्चात्र
१८. विप्रवर्म्मगोमी संवत् ५१७ प्रथमाषाढशुक्लद्वादश्याम्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं:–६७

प्राप्तिस्थान–शिवपुरी डाँडोस्थित बूढानीलकण्ठमा घण्टासंगै परखालमा राखेको अभिलेख

मिति–संवत् ५१७ प्रथमाषाढशुक्लद्वादश्याम्

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) ॐ स्वस्ति मानगृहाच्छ्र्‌तनय- विनयगाम्भीर्य्यधैर्य्यवीर्य्याद्यशेषसद्‌गुणगणाधारो लिच्छवि-कुलकेतुर्भट्टारकमहाराज श्री-शिवदेव:

(२ पृथुसमरसम्पातनिर्जयाधिगत-शौर्य्यप्रतापोपहतसकलशत्रुपक्ष प्रभावेन सम्यक्प्रजापालनपरिश्रमोपार्जितशुभ्रयशोभिव्याप्तदिङ्मण्डलेन श्रीमहासामन्तांशुवर्म्मणा

(३) दूतकश्चात्र विप्रवर्म्मगोमी

प्रशासनिक पद–(१) महासामन्त (२) दूतक

अड्डा–कूथेर

शिलापत्र राख्नाको उद्देश्य–राजाज्ञा जारी गरेको

शिलापत्र राख्नेको नाम–भट्टारकमहाराजश्रीशिवदेवः

महानात्माहरुको समेत देवताहरुको नाम–×

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–×

कुनमा प्रकाशित–भगवानलालद्वारा ५ संख्या; आर. नोलीद्वारा XXVII संख्या; "पूर्णिमा"–१८ पूर्णाङ्क, प्रकाशक: संशोधन मण्डल

शिलापत्रको शीर्षचिह्न--शिलाको सीर फूलहरुको आकृतिले सिंगारिएको छ।

लिपि–ब्राह्मी

स्थान–आङलावकसपितानरसिंहोभयपाञ्चाली

संक्षिप्त विवरण–त्रिकरवाहेक लेखत दिन, पञ्चापराध आदिको लागि कूथेर-वृत्तिगणर्नेहरुले पाञ्चाली क्षेत्रभित्र पस्न नपाउने गरी निगाहा गरेको कुरा प्रस्तुत शिलालेखमा वर्णित छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कैंफियत–प्रस्तुत शिलालेखबाट भट्टारकमहाराजश्रीशिवदेवको उदारता झल्कन्छ।

पाञ्चाली शब्दको सर्वप्रथम प्रयोग प्रस्तुत शिलालेखमा भएबाट नेपालको इतिहासमा पाञ्चालीको प्रारूप यसै समयदेखि भएको विदित हुन्छ। यद्यपि, गुप्त संवत् ९३ तदनुसार ४१२ ई.को चन्द्रगुप्त द्वितीयको साँचीको शिलाभिलेखमा पञ्च-मण्डल्यां शब्दको प्रयोगले पंचायत वारेको ज्ञान पुरातात्विक आधारमा यस समयदेखि नैं भै सकेको सिद्ध छ। "उन्दान–पुत्राम्रकार्द्दवो मजशरभङ्गाम्रात-राजकुल -मूल्य कीत–[म] ..., ... ईश्वरवासकं पञ्च–मण्डल्या [ ] प्रणिपत्य ददाति पञ्चविंशतिश्च दीनारान् (।।)"[१]

यस अभिलेखले विष्णुको नरसिंह अवतारको कल्पना उत्तरप्राचीनकालमा यहाँ विकसित भै सकेको "आङ्लाबकसपितानरसिंहोभयपाञ्चाली" नामको उल्लेखले स्पष्ट थाहा दिएको छ।

[१] हेर्नोस्–डि. सि. सरकार कृत "सेलेक्ट इन्स्क्रिप्सन्स", १९६५, पृ. २८०–८१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ६८

१. [ॐ स्वस्ति मानगृहादपरिमित] गुणसमुद [योद्भासितयशा बप्प]—
२. [पादानुध्याती लि] च्छविकुलकेतुर्भट्टारकमहा [राज श्री]—
३. [शिवदेवः कुशली] कादुङ्ग्रामनिवासिनः प्रधानपु [रस्स]—
४. [रान् ग्रामकुटुम्बि] नः कुशलमाभाष्य समाज्ञापय [ति वि]—
५. [दितम्भवतु भव] ताम् यथानेन शरदघनशशाङ्कमु [खेन]
६. शत्रुसंख्याप्रमितबलपराक्रमेण श्रीमहासा [म]—
७. न्तां [शुवर्म्म] णा विज्ञापितेन सता मयैतद्गौरवाद् [यु]—
८. [ष्मदनु] कम्पया च शिलापट्टकशासनेऽभिलिख्य
९. प्र[सादो] यम् वः कृतो युष्मद्ग्रामनिवासिनामितः
१०. तो[र]णसुपुत्राहरणाय सर्व्वत्र वनभूमि —
११. ङ्गच्छतान् तदादायागच्छताञ्चाध्वनि फेरङ्कोट्टनि —
१२. वासिभिरन्यैश्च न कैश्चिद्दात्रकट्टारककुठार—
१३. काष्ठादयाक्षेपो विधारणा वा कार्य्या यस्त्वेतामा —
१४. ज्ञामविगणय्यान्यथा कुर्य्यात्कारयेद्वा स नि—
१५. [य] तन्नृपाज्ञातिक्रमनियमनमवाप्स्यति भ—
१६. [विष्य] द्भिरपि भूपतिभिर्द्धर्म्मगुरुभिर्गुरुकृत—
१७. [प्रसा] दानुवर्त्तिभिरयम् प्रसादोऽनुपालनीय
१८. [इति स] माज्ञापना दूतकश्चात्र वार्त्त पुत्र गुणचन्द्रः
१९. [संवत्] ५१९ प्रथमपौषशुक्लदिवा द्वादश्याम् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ६८
प्राप्तिस्थान–शतुङ्गल ग्रामको अभिलेख
मिति–[संवत्] ५१९ प्रथमपौषशुक्लदिवा द्वादश्याम्
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत– (१) [ॐ स्वस्ति मानगृहादपरिमित] गुणसमुद[योद्भासित-यशा बप्पपादानुध्यातो लि]च्छविकुलकेतुर्भट्टारकमहा—[राजश्रीशिवदेवः]
(२) शरदघनशशाङ्कमु [खेन] शत्रुसंख्याप्रमितबलपराक्रमेण श्रीमहासा[म]न्तां [शुव–र्म्मणा]
(३) दूतकश्चात्र वार्त्तपुत्र गुणचन्द्रः
प्रशासनिक पद–(१) महासामन्त (२) दूतक
अड्डा–×
शिलापत्र राखनाको उद्देश्य–राजाज्ञा जारी गरेको
शिलापत्र राखनेको नाम–भट्टारकमहाराजश्रीशिवदेवः
महानात्माहरुको समेत देवताहरुको नाम–×
विहार, मन्दिरको नाम–×
धर्म, धार्मिक कार्य–×
कुनमा प्रकाशित–आर. नोलीद्वारा XXVIII संख्या
शिलापत्रको शीर्षचिह्न–शिलाको टुप्पा एउटा चक्र र दुइटा शंखका आकृतिहरुले भूषित छन् ।
लिपि–ब्राह्मी
स्थान–(१) काढुङग्राम (२) फेरङकोट्ट
संक्षिप्त विवरण–भट्टारकमहाराजश्रीशिवदेवले काढुङग्राम निवासी मुखिया लगायत रैती दुनियाँहरुलाई कुशलक्षेम सोधेर आज्ञा गर्छन् । शरदको मेघमा रहेका चन्द्रमा जस्तो मुख भएका, असंख्य शत्रुहरुलाई नाश गर्न सक्ने सामर्थ्य भएका श्रीमहासामन्तांशुवर्म्मलि हाम्रा हजुरमा विन्ति चढाएकोले तिनको वचन राख्नुको अतिरिक्त तिमीहरुप्रतिको हाम्रो स्नेहले पनि तोरण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र असल-असल पातहरु ल्याउनाके सम्पूर्ण वन्य प्रदेशमा आउने जानेहरुलाई बाटामा फेरङ्कोट्टवासीहरु र अरुहरु कसैले पनि तिमीहरुको हँसिया, कटारी, बञ्चरो, दाउरा खोस्ने र खोल-खाल गर्न नपाउने गरी तिमीहरुलाई निगाह गरिएको छ भनी उल्लेख गरी प्रस्तुत शिलापत्र राखिएको वर्णन यहाँ गरिन्छ।

कैफियत– प्रस्तुत शिलालेखबाट त्यस समय असल-असल पातहरु (वर, पीपल?) उनेर तोरण बनाइ देवपूजाहरुमा झुण्ड्याउने चलन रहेको विदित हुन्छ।

हँसिया, कटारी, बञ्चरो आदि ज्यावल हतियारहरु तत्कालीन मानिसहरुको दैनिक जीवनमा व्यवहृत थिए औ आजसम्म पनि तिनीहरु नेपालको जनजीवनको अभिन्न अङ्ग भै रहेका छन्। यसरी प्रस्तुत शिलालेखले ती ज्यावल हतियारहरुको ऐतिहासिकतालाई स्वीकार गरेर वास्तविक रूपले तिनीहरुको राष्ट्रियतालाई चरितार्थ गरेको छ। तिनीहरुमध्ये एक– हँसियाले त अन्तर्राष्ट्रिय मान्यता प्राप्त गरी विश्व सर्वहारा आन्दोलनको एक महत्त्वपूर्ण प्रतीक वन्ने सौभाग्य प्राप्त गरेको छ।

× × ×

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ६६

७. – – – – – — – यथे – – – – – – – –
८. – – – – — – ल्म – – – – – – – –
९. – – – – – — – सङ्गमस्ततस्त – – – – –
१०. – – – – — – – – सेतु–ङ्ग – – – –
११. – – – – – — परि – – स्ततो मार्ग्गमनुसृत्य – –
१२. – – – – – — – लवृत्तस्तस्य चाधस्ति – – – –
१३. – – – – – — [अनु] सृत्य वसे–तस्मादुत्तर – – –
१४. – – – – — रे उदकपानीयपातस्तस्मादुत्त [र]
१५. – – – – – — पञ्चकश्च ततो दक्षिणानुसारतो – –
१६ – – – – – — तो तस्यैव–रि–मनुसृत्य रिन् – –
१७. – – – – – — स्य दक्षिणतो ज्ञातिखृन्नदी त – –
१८. – – – – – — — स्तदेव — — परिक्षिप्त – –
१९. — — [न कैश्चिदस्मत्पादप्रसादोपजीविभि] रन्यैर्व्वा सूक्ष्मापि पीडा कार्य्या
२०. [यस्त्वेतामाज्ञां विलङ्घ्यान्यथा कुर्य्यात्कार] येद्वा तमहन्न मर्षयिष्यामि ये [पि]
२१. [मदूर्ध्वम् भूभुजो भवितारस्तैरपि धर्म्म] गुरुभिर्ग्गुरुकृतप्रसादानुव [र्त्ति]–
२२. [भिरियमाज्ञा सम्यक्प्रतिपालनीया]– – –यतो–प– –ह–
२३. — — — एड. त. ई–माज्जित–नैर्ह
२४. — — — सत्तोयावलीयं खलाय
२५. — — — तदा तस्य। फलं दत्तं — — प्यानानि
२६. — — — दा. य.–वन्य. प्रजा — — दत्तामुपहरन्
२७. — — — न — — घेन् न कर्त्तव्यम् भू – – पहरेत
२८. — — — ॥ दूतकश्चात्र विप्रवर्म्मगोमी संवत् ५१६
२९. — — शुक्लदिवा दशमी॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–६९

प्राप्तिस्थान–धर्मस्थली समीपस्थ टोखाको अभिलेख

मिति–संवत् ५१९ – – शुक्लदिवा दशम्याम्

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–दूतकश्चात्र विप्रवर्म्मगोमी

प्रशासनिक पद–दूतक

अड्डा–×

शिलापत्र राख्नाको उद्देश्य–राजाज्ञा जारी गरेको

शिलापत्र राख्नेको नाम–×

महानात्माहरूको समेत देवताहरूको नाम–×

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–×

कुनमा प्रकाशित–सिल्वां लेवीद्वारा १० संख्या; आर. नोलीद्वारा XXIX संख्या

शिलापत्रको शीर्षचिह्न–शिलाको टुप्पा एउटा चक्र र दुइवटा शंखको आकृतिले सिंगारिएको छ।

लिपि–ब्राह्मी

स्थान–जातिखुन्नदी (नदी)

संक्षिप्त विवरण–हाम्रो निगाहबाट जीविका गर्नेहरु तथा अरुहरुले पनि कुनै पीडा नगर्नु, गरेमा म कदापि सहने छैन आदि–आदि भनी प्रस्तुत शिलालेखमा वर्णन गरिएको छ।

कैफियत–प्रस्तुत शिलालेखको अक्षर ज्यादैनै खिइसकेको हुनाले अर्थ राम्रो खुल्न सकेको छैन। यसको माथिल्लो ६ पंक्ति पढ्नै नसकिने गरी खिइसकेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ७०

१. ... ...
२. ... ...
३. ... ... निवासिनः
४. (प्र)धानपुरस्सरान् ग्रामकुटुम्बिनः कुश(ल)—
५. (प्र)श्नपूर्व्वं समाज्ञापयति विदितम्भवतु भ (वतां)
६ (य)थायङ्ग्रामः पूर्व्वराजकृतप्रसादा... ...
७. (चा)टभटाप्रवेश्यः सर्व्वकोट्टमर्य्यादोपपन्न ...
८. ... सी ... ...
९. सि ... ...
१०. .. ..
११. .. ..
१२. ... ...
१३. ...श्वर ...
१४. ... तेभ्यश्च मल्लकर ... ...
१५. (स)मुचितताम्रपण चतुष्टयादूर्द्ध्व (न्न ग्रा)
१६ ह्यमित्ति प्रसादद्वयं समधिकन्दत्तं तदे-
१७. वंवेदिभिर्न्न कैश्चिदिदमप्रमाणङ्कार्य्यं
१८. येप्यस्मदूर्द्ध्वम्भूभुजो भवितारस्तैर-
१९. पि धर्म्मगुरुभिर्ग्गुरुकृतप्रसादानु-
२०. रोधिभिरेव भाव्यमिति समाज्ञापना
२१. दूतकश्चात्र वार्त्तभोगचन्द्रः संवत्
२२. ५२० माघशुक्लद्वादश्याम्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–७०
प्राप्तिस्थान–धर्मपुर ग्रामको अभिलेख
मिति–संवत् ५२० माघशुक्लद्वादश्याम्
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–दूतकश्चात्र वार्त्त भोगचन्द्रः
प्रशासनिक पद–दूतक
अड्डा–×
शिलापत्र राख्नाको उद्देश्य–राजाज्ञा जारी गरेको
शिलापत्र राख्नेको नाम–×
महानात्माहरुको समेत देवताहरुको नाम–×
विहार, मन्दिरको नाम–×
धर्म, धार्मिक कार्य–×
कुनमा प्रकाशित–सिल्वां लेवी द्वारा ११ संख्या; आर. नोलीद्वारा XXX संख्या; "पूर्णिमा"–१८ पूर्णाङ्क, प्रकाशक: संशोधन मण्डल
शिलापत्रको शीर्षचिह्न–×
लिपि–ब्राह्मी
स्थान–×
संक्षिप्त विवरण–ग्रामका मुखिया लगायत प्रजाहरुलाई कुशलक्षेम सोधेर पूर्व राजाहरुले गरे अनुसार त्यहां चाट भटले प्रवेश गर्न नपाउने गरी किल्लाको सबै स्थिति बन्धेज गरेर शिलापत्र राखेको वर्णन प्रस्तुत शिलालेखमा गरिएको छ। अर्को त त्यहां मल्लकरको रूपमा चार तामाको पणभन्दा बढी उठाउन नपाउने राजाज्ञा पनि प्रस्तुत शिलालेखमैं गरिएको छ।
कैफियत–प्रस्तुत शिलालेखबाट मल्लकर लिच्छविहरुद्वारा दुनियांहरुसित लिइने कर रहेछ भन्ने कुरा थाहा हुनुको साथै मल्लकरको रूपमा चार तामाको पण उठाइन्थ्यो भन्ने कुरा विदित हुन्छ। स्मरण रहोस् कि संवत् ५१२ को शिलालेखमा मल्लकर एक पण भन्दा बढ्ता नउठाउनु भनी राजाज्ञा जारी गरिएको थियो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ७१

१. स्वस्ति मानगृहादपरिमितगुणसम्पल्लिच्छविकुलानन्दकरो
२. [भ]ट्टारकमहाराजश्रीशिवदेवः कुशली कुर्प्पासीग्रामनिवा-
३. सिनः प्रधानपुरस्सरान्कुटुम्बिनः कुशलमभिधाय समाज्ञा-
४. [प]यति विदितमस्तु वो यथानेन स्वगुणमणिमयूखालोक-
५. [ध्व]स्ताज्ञानतिमिरेण भगवद्भवपादपङ्कजप्रणामानुष्ठा-
६. नतात्पर्य्योपायात्तायतिहितश्रेयसा स्वभुजयुगबलोत्खाता-
७. [खि]लवैरिवर्ग्गेण श्रीमहासामन्तांशुवर्म्मणा मां विज्ञाप्य मदनु-
८. [ज्ञा]तेन सता युष्माकं सर्व्वाधिकरणाप्रवेशेन प्रसादः कृतः
९. [स]मुपस्थितविचारणीयकार्य्येषु स्वतलस्वामिनैव यूयं विचा-
१०. रणीयाः सर्व्वकार्य्येषु चैकमेव वो द्वारं द्वारोद्घाटमकैलास-
११. [कूट]यात्रयोश्च भवद्भिः प्रत्येकं पञ्चाशज्जातिशुक्लमृत्तिका देया-
१२. [श्चिर]स्थितये चास्य प्रसादस्य शिलापट्टकेन प्रसादः कृतस्त-
१३. देवंवेदिभिरस्मत्पादप्रसादोपजीविभिरन्यैर्व्वा नायं प्रसादो
१४. न्यथा करणीयो यस्त्वेतामाज्ञामुत्क्रम्यान्यथा कुर्य्यात्कारयेद्वा त-
१५. महं मर्य्यादाभङ्गकारिणमतितरान्न मर्षयिष्यामि भाविभिर-
१६. पि भूपतिभिर्द्धर्म्मगुरुभिर्गुरुकृतप्रसादानुवर्त्तिभिरिय-
१७. माज्ञा सम्यगनुपालनीयेति समाज्ञापना ॥ दूतकश्चात्र
१८. देशवर्म्मगोमी संवत् ५२० चैत्रकृष्णपक्षे तिथौ पञ्चम्याम्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं–७१

प्राप्तिस्थान– खोपासीको अभिलेख

मिति– संवत् ५२० चैत्रकृष्णपक्षे तिथौ पञ्चम्याम्

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) स्वस्ति मानगृहादपरिमित-गुणसम्पल्लिच्छविकुलानन्द-करो (भ) ट्टारकमहाराज-श्रीशिवदेवः .
(२) स्वगुणमणिमयूखालोक(ध्व)स्ताज्ञानतिमिरेण भगवद्भव-पादपङ्कजप्रणामानुष्ठानतात्पर्योपायात्तायतिहितश्रेयसा स्वभुजयुगबलोत्खाता (खि)लवैरिवर्ग्गेण श्रीमहासामन्तांशुवर्म्मणा
(३) दूतकश्चात्र देशवर्म्मगोमी

प्रशासनिक पद– (१) महासामन्त (२) दूतक

धर्म, धार्मिक कार्य–×

शिलापत्र राख्नाको उद्देश्य–राजाज्ञा जारी गरेको

शिलापत्र राख्नेको नाम–भट्टारकमहाराजश्रीशिवदेवः

महानात्माहरुको समेत देवताहरुको नाम–भगवद्भव

विहार, मन्दिरको नाम–×

अड्डा–×

कुनमा प्रकाशित– सिल्वांलेवीद्वारा १२ संख्या; आर. नोलीद्वारा XXXI संख्या

शिलापत्रको शीर्षचिह्न–×

लिपि–ब्राह्मी

स्थान–कुर्प्पासीग्राम

संक्षिप्त विवरण–कुर्प्पासीग्राममा सबै अधिकरणहरुको प्रवेशलाई निषेधपूर्वक निगाहा गर्नुको अतिरिक्त द्वारोद्घाटन कैलास (कूट) यात्रामा प्रत्येक व्यक्तिले ५० कमेरो माटो दिनुपर्ने नियम साथ प्रस्तुत अभिलेखमा राजाज्ञा वर्णन गरिएको छ ।

कैफियत–लिच्छवि राजाहरु ज्यादै उदार थिए । तिनीहरुको शासन पद्धति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजतन्त्रात्मक भएतापनि तिनीहरु रैती दुनियाँहरुलाई प्रशासनकार्यमा भागलिने अवसर प्रदान गर्न लालायित रहेको कुरा प्रस्तुत शिलालेखमा सरकारी अधिकरणहरुको प्रवेशलाई रोकेर तलस्वामीका जिम्मा स्थानीय शासनको सम्पूर्ण अभिभारा सुम्पेर निगाह गरेको कुराको उल्लेखबाट स्पष्ट रूपले थाहा पाउन सकिन्छ ।

प्रस्तुत अभिलेखमा द्वारोद्‌घाटन कैलासयात्राको लागि प्रत्येक व्यक्तिले पचास कमेरो माटो बुझाउनु पर्ने नियम गरी राजाज्ञा जारी गरिएबाट उक्त यात्रा कुन कुरोको सन्दर्भमा चलाइएको हो भन्नेबारे बिचार गर्नुपर्ने आवश्यकता हुन आएको छ । भट्टारकमहाराज शिवदेव प्रथमको समयमा कैलासकूट भवनको निर्माण भएको औ सोही समय अर्थात् प्रस्तुत अभिलेखमा द्वारोद्‌घाटन कैलास...यात्राको लागि नियमहरु राजाज्ञाबाट जारी गरिएको आधारमा यी यात्रा कैलासकूट भवनको निर्माण एवं द्वारोद्‌घाटनको संस्मरणमा चलाइएको हो भन्ने कुरा सिद्ध हुन्छ । अर्को, कुनैपनि धार्मिक कार्यहरुको देवता एवं देव प्रासादसित विशेष गरी सम्बन्ध रहने हुन्छ । यस आधारबाट पनि कैलासकूट प्रासादको निर्माण एवं द्वारोद्‌घाटनको संस्मरणमा उक्त यात्राको प्रचलन गरिएको हुनुमा सम्भावनाकै आधिक्य छ । अमरकोश अनुसार प्रासाद शब्दले देव मन्दिर र राजदरवारलाई पनि बुझाउँछ ।[१] उत्तरप्राचीनकालमा राजा मनुष्यको रूपमा देवताको अवतार मानिन्थ्यो । गुप्त सम्राट् समुद्रगुप्तको प्रयाग स्तम्भाभिलेखको अध्ययनमा यस तथ्यको स्पष्ट झल्को भेट्टिन्छ ।[२] उत्तरप्राचीनकालका नेपालका अभिलेखहरुमा राजाहरुको प्रशस्तिस्वरूप भट्टारक शब्दको प्रयोग पाइन्छ । भट्टारक शब्दको स्रोतबारे विचार गर्दा यो शब्दको सम्बन्ध भटार नामक देवतासित रहेको कुराको अनुमान हुन्छ । नेपाल एवं भारतको सांस्कृतिक प्रभाव अन्तर्गत रहेको जावामा सर्वसाधारण जनतामा ज्यादै पूजित एक देवता विशेषको नाम भटार रहेको छ । सम्भवतः यो शब्द

१. ''प्रासादो देवभूभुजाम्''–अमरकोशः द्वितीयंकाण्डम् पुरवर्गः, श्लोक ९ हेर्नोस्–''अमरकोशः'', नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०२६ वि. सं., पृ. ७७

२. ''लोक–धाम्नो देवस्य''–प्रयाग स्तम्भाभिलेख, चारौं शताब्दी ई. हेर्नोस्–डि. सि, सरकारद्वारा संपादित ''सेलेक्ट इन्स्क्रिप्सन्स'' १९६५ ई. पृ. २६७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भट्टारकको अपभ्रंश स्वरूप छ। उक्त भटार देवतालाई जावाका मानिसहरु भिन्न-भिन्न देवताको नामले पुकार्छन्। कसैले यिनलाई ब्रह्मा, कसैले ऋषि अगस्त्य औ कसैले शिव रूप मान्छन्।[२] यसरी भटार शब्दले देवतालाई बुझाउने कुरा जानिएर उत्तरप्राचीन-कालमा राजालाई देवताको रूपमा मानिने कुरा निश्चित प्राय देखिन्छ। उत्तरप्राचीनकालका अभिलेखहरुमा राजाको प्रशस्ति स्वरूप परमदैवत शब्दको प्रयोग देखिएकोले पनि उक्त कुराको पुष्टि हुन्छ। यसरी राजप्रासादलाई पनि त्यस समय देव मन्दिर सरी नैं पावन मानिने परम्परा देखिएर उपरोक्त कैलासकूट भवनको निर्माण एवं द्वारोद्घाटनको संस्मरणमा यात्राहरु चलाएको हुनामा सम्भावनाको अधिकता अवश्य रहेको छ।

फेरि, प्रस्तुत अभिलेखमा "द्वारोद्घाटन कैलास ... ..." शब्दको बाद दुई अक्षर जत्ति खिइएको औ त्यसको अनन्तर "यात्रयोश्च भवद्भिः प्रत्येकं पञ्चाशज्जातिर्मुक्लमृत्तिका देया ! ..." भनी उत्कीर्ण गरिएको देखिएकोले सो खिइएको अक्षर कूट हुन सक्ने धेरै सम्भावना रहेर सो यात्राको नाम द्वारोद्घाटन कैलासकूट रहेको कुरा स्पष्ट देखिन्छ। जसको कारण पनि सो यात्राको घनिष्टतम सम्बन्ध कैलासकूट भवनको निर्माण एवं उद्घाटनसित रहेको कुरा निश्चय प्रतीत हुन्छ।

द्वारोद्घाटन कैलासकूट यात्राको सम्बन्ध भट्टारकमहाराज श्री शिवदेव प्रथमद्वारा निर्माण गराउन लगाएको कैलासकूट राजप्रासाद सित छ भन्ने कुराको यथार्थता उत्तरप्राचीनकालीन मौद्रिक आधारबाट पनि अनुमान गर्न सकिन्छ। उत्तरप्राचीनकालको एक प्रकारको ताम्रमुद्रामा वैश्रवण अभिलेख अंकित गरिनुको साथै तिनको आकृतिपनि उत्कीर्ण गरिएको छ। यो मुद्रा प्रचलनमा ल्याउने राजा को हुन् भन्ने बारे इतिहासकारहरुका बिभिन्न मत छन्। तर, अहिले सम्म प्राप्त तथ्यहरुको आधारमा यो मुद्रा भट्टारकमहाराज श्रीशिवदेव प्रथमले चलाएको हो भन्ने कुरा देखिन्छ। वैश्रवण अर्थात् कुबेर शिवका हितैषी मित्र रहेका छन्। हाम्रा प्राचीन

२. हेर्नोस्-वाराणसीबाट प्रकाशित हुने "आज" दैनिक (प्रातः संस्करण) २४ फरवरी १९७२, पृ. ३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साहित्यिक एवं पुरातात्त्विक आधारहरुबाट यस तथ्यको पुष्टि हुन्छ।[४] अनि राजा शिवदेवले आफ्नो नाम पनि शिवबाट उच्चारित भएको हुंदा शिवका परम मित्र धनपति कुवेर–वैश्रवणको नाम साथै आकृति पनि कैलासनाथ वैश्रवण पनि मानिने हुंदा[५] आफुले निर्माण गरेको कैलासकूट भवनको संस्मरण स्वरूप प्रचलनमा ल्याएको मुद्रामा उत्कीर्ण गराउन लगाएको ठीकै प्रतीत हुन्छ। यसै तथ्यको परिप्रेक्ष्यमा भट्टारकमहाराज श्रीशिवदेव प्रथमले वैश्रवण भनौं या शिवका मुलुक कैलासको नामबाट निर्मित कैलासकूट राजप्रासादको यादलाई सधैं ताजा गराइ राख्ने हेतुले उक्त यात्रालाई प्रचलनमा ल्याउनुको अतिरिक्त त्यसको स्थायित्वको लागि जन सहयोगकै अपेक्षा राखेको कुरालाई लिन सकिन्छ। शिवदेव वैश्रवणका भक्त थिए त अंशुवर्मा शिवका...। अनि ती दुबैलाई विरोध नहुने गरी तिनीहरुका आवासीय भूमि कैलासको नामबाट कैलासकूट राजप्रासाद महासामन्त अंशुवर्माको आवासको लागि निर्माण गरिएको थियो भट्टारकमहाराज श्रीशिवदेवको राज्यकालमा। यसरी उक्त प्रासादको निर्माण एवं उद्घाटनको संस्मरणमा सम्भवतः तत्कालीन राजनीतिका शक्तिशाली व्यक्तित्व भएका अंशुवर्माको जन्मभूमि पूर्व १ नं. खोपासी हुंदा त्यहाँ द्वारोद्घाटन कैलासकूट यात्रा चलाएको हुनामा कुनै शंका छैन।

---

४. "महेश्वरसखस्येदं कुवेरस्य धनाकरं।
प्रकाशधर्म्मनृपतिः पूजास्थानमकल्पयत्॥
एकाक्षपिङ्गलेत्येष देव्यादर्शनदूषित:।
सम्वर्द्धयत्वीशधनं पायाच्चाहिततस्सदा॥"
–प्रकाशधर्म्मको माईसोन पाठपीदलेख (चम्पा), सातौं शताब्दी ई.
हेर्नोस्–आर. सि. मजुमदार लिखित "चम्पा", द पंजाब संस्कृत बुक डिपोट लाहोर, १९२७ ई., पृ. २७

५. "कैलासनाथं तरसा जिगीषुः॥२८॥"–रघुवंशम्, पञ्चमः सर्गः
हेर्नोस्–कालिदास विरचित "रघुवंशम्", टीकाकार–मल्लीनाथ, पृ. १८८
कैलासपर्वतका नाम कुवेराद्रिः, कुवेराचलः पनि रहेको छ।
हेर्नोस्–वि. एस. एप्टे लिखित "संस्कृत इङ्गलीश डिक्सनरी" मोतिलाल बनारसीदास, १९६८ ई., पृ. १५३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन त शक संवत् ४५५ भन्दा धेरै अगाडि देखिनैं पशुपतिनाथ नेपालको आराध्यदेवता रहंदै आएको कुरा उक्त संवत्को पशुपति भशनेश्वरको अभिलेखमा त्यस इलाकालाई पशुपति क्षेत्र भनी वर्णन गरिएबाट थाहा हुन आएको थियो । प्रस्तुत अभिलेखमा फेरि अंशुवर्माको प्रशस्तिस्वरूप "भगवद्भवपाद ..." भनी उल्लेख गरिएको छ जसले त्यस समयसम्म यहाँ महादेवका अष्टमूर्तिको कल्पना भै सकेको कुरा सिद्ध हुन्छ । महादेवका अष्टमूर्तिका नामक्रममा पशुपति, भव पनि रहेको कुरा साहित्यिक एवं पुरातात्त्विक आधारहरुबाट स्पष्टतया जानिन्छ । [६]अनुमानित सातौं शताब्दी ई. को

६. "शर्वो भवस्तथा रुद्र, उग्रो भीमः पशोः पतिः ।
ईशानश्च महादेवो, मूर्तयश्चाष्ट विश्रुताः ॥
भूम्यम्भोऽग्निमरुद्व्योम-क्षेत्रज्ञाऽर्क निशाकराः
अधिष्ठिताश्च सर्वाद्यैरष्टरूपैः शिवस्य हि ।।"
–शिवपुराणको शतरुद्रसंहिता

हेर्नोस्–वाराणसीवाट प्रकाशित हुने "आज" सायंसमाचार–साप्ताहिक विशेषांक, ३ मार्च १९७३, पृ. ६
१. भव २. शर्व ३. ईशान ४. शिव ५. पशुपति ६. भीम ७. उग्र ८. महादेव
–पद्मपुराण

हेर्नोस गोपिनाथराव लिखित "हिन्दु आइकनोग्राफी" भोल २ पार्ट २, मोतिलाल बनारसीदास, १९६८ ई., पृ. ३७५
१. सूर्य २. जल ३. अग्नि ४. पृथ्वी ५. वायु ६. आकाश ७. दीक्षित ब्राह्मण ८. सोम
–विष्णुपुराण

हेर्नोस्–वाराणसीवाट प्रकाशित हुने "आज" सायं समाचार–साप्ताहिक विशेषांक, ३ मार्च १९७३, पृ. ७
"भवः शर्वो रुद्रः, पशुपतिरथोग्रः सह महां-
स्तथा भीमेशानाविति, यदभिधानाष्टकमिदम् ।
अमुष्मिन् प्रत्येकं, प्रविचरति देव ! श्रुतिरपि
प्रियायास्मै धाम्ने, प्रणिहितनमस्योऽस्मि भवते ।"
–महिम्नस्तोत्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चम्पास्थित अभिलेखमा महादेवका अष्टमूर्तिका नाम उत्कीर्ण छन् जुन निम्न छन् ।[७]

१. शर्व २. भव ३. पशुपति ४. इशान ५. भीम ६ रुद्र ७. महादेव ८. उग्र

आठौं शताब्दी ई. को पशुपतिस्थित जयदेव द्वितीयको अभिलेख मा पनि महादेवका अष्टमूर्तिको उल्लेख आएको छ । भारतको मध्यप्रदेशमा अष्टमूर्तिको प्रतीकस्वरूप शिवका अष्टमुखी प्रतिमा प्राप्त भएको छ ।[८] यसरी महादेवका अष्टमूर्तिको कल्पना पौराणिक कालदेखि यहाँ गरिंदै आएको कुरा जानिनुको साथै नेपालको पुरातात्त्विक इतिहासमा सर्वप्रथम यसै समयदेखि यसको व्यापक प्रचार हुन लागेको कुरा जानिन्छ ।

फेरि उत्तरप्राचीनकालीन नेपालका अभिलेखहरुको अध्ययनमा तत्समय अनेकौं पाञ्चालीहरुको अस्तित्त्व यहाँ विद्यमान भएको कुरा जानिन्छ । ग्राम परिषद्हरुका नाम कहीं पाञ्चाली (पञ्चमण्डली) औ कहीं जानपदको रूपमा वर्णित छन् । शक संवत् ५१७ को बुढानीलकण्ठको अभिलेखमा सर्वप्रथम आङलावक-सपितानरसिंहोभयपाञ्चाली नामक पाञ्चालीको उल्लेख आएदेखि पाञ्चाली विषयक वर्णन प्रचूर मात्रामा तत्समयका अभिलेखहरुमा उत्कीर्ण गरिएको पाइएका छन् । जसको आधारमा तत्कालीन पाञ्चाली (पञ्चायत) व्यवस्थाको बारे धेरै कुरो अनुमान गर्न सकिन्छ ।

सर्वप्रथम त्यस समय ग्राम पाञ्चाली दुई प्रकारका रहेको कुराको अनुमान हुन्छ । यसको पुष्टि विभिन्न देशी एवं विदेशी सामग्रीहरुबाट हुन्छ । संक्षिप्त शक संवत् ३२ को हाडिगाउँको अभिलेखमा महाराजाधिराज अंशुवर्मावाट विभिन्न देवप्रसाद,

हेर्नोस्–वाराणसीबाट प्रकाशित हुने "आज" सायं समाचार–साप्ताहिक विशेषांक, ३ मार्च १९७३, पृ. २३

७. हेर्नोस्–आर. सि. मजुमदार लिखित "चम्पा" द पंजाब संस्कृत बुक दिपोट, लाहोर, १९२७ ई. पृ. ३२–३३

८. हेर्नोस्–वाराणसीबाट प्रकाशित हुने "आज" सायं समाचार–साप्ताहिक विशेषांक, ३ मार्च १९७३, पृ. १६.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजप्रासाद, विहार, गोष्ठी, राजपुरुष आदिलाई अनुदान दिने विषयक नियम प्रदान गर्ने सिलसिलामा यहाँका पाञ्चालीहरुलाई पनि अनुदानस्वरूप केही रकम प्रदान गरिने कुरा उत्कीर्ण छन् । त्यस अभिलेखमा सपेला पाञ्चालीलाई ६ पुराण २ पण औ सामान्य पाञ्चालीलाई ३ पुराण १ पण प्रदान गरिने कुराको उल्लेखले तत्समय पाञ्चालीहरु दुई प्रकारका छन् भन्ने देखिन्छ । यसरी दक्षिण भारतको चोलराज्यमा सामान्य जनताहरुको अत्यधिक वस्ती भएका ग्रामको परिषद्‌लाई उर् औ ब्राह्मण (विद्वज्जन, हरुको अत्यधिक वहुतायत भएको ग्रामस्थित परिषद् सभा भनिएर ग्राम परिषद्‌हरु दुइ प्रकारका पाइए[९]अनुसार उत्तरप्राचीनकालीन नेपालमा पनि उपरोक्त अभिलेखको प्राप्तिले अग्रहार भूमिका पाञ्चाली सपेला नामले विख्यात रही अन्य ग्राम पाञ्चालीहरु सामान्य पाञ्चाली भनिन लागेको कुराको अनुमान हुन्छ । महाराजाधिराज नरेन्द्रदेव तथा शिवदेव द्वितीयका संक्षिप्त शक संवत् १०३ तथा ११९ का ल. पु. यागवहाल र काठमाण्डू लगनटोलका अभिलेखहरुमा बौद्धभिक्षुसंघ तथा शैव वश-पाशुपतहरुको संघलाई अग्रहार भूमि प्रदान गरिएका कुरा वर्णित छन् जसले तत्समय अग्रहार भूमिको अस्तित्व रहेको जानिनुको साथै अग्रहार भूमिको पाञ्चाली सपेला नामको भएको कुराको उपरोक्त अनुमान ठीक जँच्तछ । कहिलेकाहिं उक्त दुवै पाञ्चाली एउटै ग्राममा कार्यरत रहेको पनि अनुमान हुन्छ जस्तो भारतको चोलराज्यमा देखिएको थियो ।[१०] संक्षिप्त शक संवत् ४५ को चितलाङ्गको महाराजाधिराज उदयदेवको अभिलेखमा महाराजाधिराज उदयदेवले ग्राम पाञ्चालीलाई अग्रहार भूमि प्रदान गरेको कुरा वर्णित छ जसले उक्त अनुमानमा सघाउ पुऱ्याएको छ । यो निश्चित छ ।

माथि अन्य अभिलेखहरुको अध्ययन क्रममा उल्लेख भै सकेको

९. हेर्नोस्–ए. एस. अल्टेकर लिखित "स्टेट एण्ड गवर्नमेण्ट इन अनशयण्ट इण्डिया" १९५८ ई.; डा. भगवत शरण उपाध्याय लिखित "प्राचीन भारतका इतिहास" १९५७ ई.

१०. हेर्नोस्–ए. एस. अल्टेकर लिखित "स्टेट एण्ड गवर्नमेण्ट इन अनशयण्ट इण्डिया" १९५८ ई,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ कि उत्तरप्राचीनकालीन नेपालमा शासनको इकाई ग्राम थियो जुन साना–साना राज्यहरुको सदृश आफ्नो इलाकाको शासन आफैं गर्दथे। त्यस समय नेपालमा स्थानीय स्वायत्तशासनव्यवस्था प्रचलित थियो। कतिपय ग्रामहरु मिलेर एक समूहको निर्माण गरिन्थ्यो जसलाई तल भनिन्छ औ तलहरुको समूह 'द्रङ्ग', अनि द्रङ्गहरुको समूह राष्ट्र (?) पुकारिन्थ्यो। ग्रामहरुको शासनको लागि ग्राम परिषद् (पाञ्चाली)हरु स्थापना गरिए जस्तै तल, द्रङ्ग औ राष्ट्रको लागि पनि परिषद्हरु तत्समय प्रतिष्ठापन गरिन्थ्यो भन्ने कुराको अनुमान हुन्छ। ग्रामपाञ्चालीको माथि तलपाञ्चाली रहेको औ ग्रामपाञ्चाली अन्तर्गत कुनै महत्वपूर्ण कार्य सम्पादन गर्नु पर्दा तलपाञ्चालीले गर्ने परम्परा रहेको कुराको संकेत प्रस्तुत अभिलेखमा सरकारी अधिकरणहरुको प्रवेष निषेध-पूर्वक ग्रामीण जनताहरुलाई निगाह गर्दै तिनीहरुको सम्मुख आइपरेका विचारणीय समस्याहरुको समाधान आइन्दा तलस्वामीले गर्ने भन्ने राजाज्ञा उत्कीर्ण गरिएबाट जानिन्छ। संभवतः तल-पाञ्चालीका सदस्यहरु तल अन्तर्गतका विभिन्न ग्रामहरुका प्रतिनिधि-हरु थिए। प्रस्तुत अभिलेखमा तिमीहरुको आफ्नै तलस्वामीद्वारा भनी राजाज्ञा उत्कीर्ण गरिएबाट यसबारे अनुमान गर्ने यथेष्ट ठाउँ रहन गएको छ। यसरी ग्रामपाञ्चालीको माथि तलपाञ्चाली रहेको संकेतले उत्तरप्राचीनकालीन नेपालमा पञ्चायतका विभिन्न तहहरु विद्यमान भएको जानिएर तत्समय वर्तमान राष्ट्रिय पञ्चायतको सरह राष्ट्रिय स्तरमा व्याप्त पञ्चायत विद्यमान भएको कुरा अनुमान हुन्छ। फेरि, कुनै पनि जाति या व्यक्तिको जीवनमा तिनी-हरुको प्राचीन सांस्कृतिक परम्पराको छाप सदियौं वर्षसम्मन् रही रहने प्रकृति हुंदा उत्तरप्राचीनकालीन लिच्छविहरुको शासन राज-तन्त्रात्मक भएतापनि तिनीहरुको नशामा प्राचीनताको प्रवाह थियो, वर्दलिदो वाह्याकृतिमा उही अन्तरात्मा विद्यमान थियो।[११] जसको कारण तिनीहरु पूर्वप्राचीनकालमा अर्थात् छैठौं शताव्दी ई. पू. तिर संघ पद्धतिमा हुर्केको हुनाले उत्तरप्राचीनकालीन नेपालमा तिनीहरुले त्यही परम्पराको अनुसरणस्वरूप राजालाई शासनकार्यमा

११, हेर्नोस्–हरिराम जोशी लिखित "प्राचीन नेपाल" १०८६ नेपालाब्द

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परामर्श दिने संस्थाको रूपमैं सही माथि वर्णन गरिए अनुसार राष्ट्रिय स्तरमा व्याप्त पञ्चायतको संस्थापन गरेको अनुमान ठीक्कै जँच्तछ।

दक्षिण भारतको चोलराज्यमा विभिन्न ग्राम, नाडु आदिका सभाहरुको संघट्टन कसरी गरिन्थ्यो भन्ने बारे थाहालिने अनेकौं शिलालेखहरु विद्यमान रहे जस्तै उत्तरप्राचीनकालीन नेपालका पाञ्चालीहरुको संघट्टन विषय थाहालिनुको लागि सामग्रीहरुको ज्यादै न्यूनता रहेको छ। यो निश्चय छ कि त्यस समय पाञ्चाली विषयक नियमहरु पनि थिए। यसको सुईंको संक्षिप्त शक संवत् ७१ को देवपाटन कसाईं टोलको अभिलेखमा पाइन्छ। ताम्रशासनमा व्यवस्था गरिए अनुसार वृज्जिकरथ्या निवासी मधुसूदत स्वामीलाई पाञ्चालीको सदस्य तुल्याइएको भनी उक्त अभिलेखमा वर्णित भएबाट उपरोक्त तथ्यको पत्तो हुन्छ। अर्को, उक्त अभिलेखमा ताम्रशासनमा वर्णित भए अनुसार राजाबाट वृज्जिकरथ्या निवासी मधुसूदनस्वामीलाई पाञ्चालीको सदस्य तुल्याइएको वर्णनले पाञ्चालीको सदस्यतामा नियुक्ति अन्ततः राजाबाट प्रदान गरिने तत्कालीन नियमको पत्तो हुन्छ। उत्तरप्राचीनकालीन अभिलेखहरुको अध्ययनमा ग्राम पाञ्चालीका प्रमुखलाई प्रधान औ तलपाञ्चालीका प्रमुख तलस्वामीको नामले पुकारिने तथ्यको जानकारी मिलछ।

त्यस समयका अभिलेखहरुको अध्ययनमा त्यस समय पाञ्चालीका कार्यहरु के के हुन् भन्ने कुराको जानकारी मिलछ। भारतको चोल राज्यका ग्राम परिषद्हरुका कार्य औ उत्तरप्राचीनकालीन नेपालका पाञ्चालीहरुका कार्यको अध्ययन गर्दा थेरथोर तिनीहरुको बीच भिन्नता देखिएता पनि गूढतामा तिनीहरुको कार्य सादृश्यकै पत्तो हुन्छ। चोल राज्यका अभिलेखहरुको आधारमा त्यहाँका ग्राम परिषदहरुका कार्य मुख्यतया निम्न छन्।[१२]

१) ग्राम संस्थाका आफ्ना संपत्ति वेच्ने र अमानत राखी रूपैयाँ प्राप्त गर्ने,

२) ग्राम क्षेत्रमा उत्पन्न विभिन्न प्रकारका झगडा र अभियोगहरुको

१२. हेर्नोस्–सत्यकेतु विद्यालङ्कार लिखित "भारतीय संस्कृति और उसका इतिहास" १९६८ ई.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुद्दा हेरी फैसला गर्ने,
३) मण्डी र बजारको प्रबन्ध गर्ने,
४) टैक्स–असूल गर्ने,
५) ग्रामको लाभको लागि नयाँ कर लगाउने,
६) ग्रामवासीहरुबाट ग्रामको हितको लागि काम लिने,
७) जलाशय, उद्यान, खेत, चरागाह र मैदानहरुको देखरेख गर्ने तथा मार्गहरुलाई ठीक हालतमा राख्ने,
८) यदि कुनै व्यक्तिले कुनै विशेष उद्देश्यले केही धन जम्मा गराउन चाहेमा त्यसले ग्रामसभामा जम्मा गराउन सक्तथ्यो,
९) दान पुण्यका रकम प्रायः ग्रामसभाहरुमानै जम्मा हुन्थे ।

उत्तरप्राचीनकालीन नेपालका अभिलेखहरुमा वर्णन गरिए अनुसार तत्कालीन पाञ्चालीहरुका काम मुख्यतया निम्न रहेका छन् –

१) आफ्नो इलाकामा उत्पन्न मुद्दामामिलाहरु हेरी फैसला गर्ने,
२) अपराधीलाई दण्ड गर्ने,
३) बुझाउनु पर्ने रकम नबुझाउने व्यक्ति उपर कारवाही गर्ने,
४) जनहितको ख्याल राखी कुलो पानीको बन्दोवस्त गर्ने,
५) धर्मशाला, देवस्थल निर्माण एवं हेरचाह गर्ने,

देवपाटन कसाइं टोलको संक्षिप्त शक संवत् ७१ को अभिलेख, ज्ञानेश्वरको अभिलेख तथा नक्साल नारायणचौरको अभिलेखमा स्थानीय इलाकाहरुमा उत्पन्न झगडाहरुको फैसला गर्ने, अपराधीलाई दण्ड गर्ने, बुझाउनुपर्ने रकम नबुझाउने व्यक्ति उपर कारवाई गर्ने आदि–आदि अधिकार स्थानीय पाञ्चालीमा निहीत रहेको कुरा उत्कीर्ण छ। नक्साल नारायणचौरको अभिलेखवाट पाञ्चालिकहरुको आम्दानीका विभिन्न स्रोतहरुमध्ये मुद्दा मामिला छिन्दा आएको ६ खण्डको १ खण्ड रकम पनि रहेको कुरा जानिन्छ। पाञ्चालीका विभिन्न तहले छिनेको मुद्दामा चित्त नबुझ्ने मानिसहरुले क्रमैसंग माथिल्लो तहको पाञ्चालीमा उजूरी गर्दै अन्तमा अन्तरासन सम्म उजूरी गर्न पाउँदथे। तर, तह नाघेर सीधा अन्तरासनमा उजूरी गर्न नमिल्ने कुरा प्रस्तुत खोपासीको अभिलेखमा विचारणीय समस्याहरु आएमा तिमीहरुका आफ्नै तलस्वामीद्वारा हेरविचार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं· ७२

प्राप्तिस्थान–धापासीस्थित अभिलेख

मिति–संवत् ५२६ वैशाखशुक्लदिवापञ्चम्याम्

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत– (१) (स्व)स्ति मानगृहादखण्ड-
मण्डलेन्दुकिरणावदातयशोवि-
तानस्थगि(ताखि)लदिङ्-
मण्डलो लिच्छविकुलकेतु-
र्भट्टारकमहाराजश्रीशिवदे-
(व:)
(२) पृथुसमरसम्पातनिर्जयाधिगत-
पराक्रमोपनमिताऽन्य(क्षि)ति
पतिशिरोमणिप्रभाप्रासितच-
रणारविन्दयुगलेनाशेष(सा)
मन्ताव(गा)हन ... ...कृत ...
न्दूच्चक्षुषा श्रीसहस्रामलां-
शुवर्म्मणा
(३) दूतकश्चात्र लच्छा गोमी

प्रशासनिक पद–(१) सामन्त (२) महासामन्त (३) दूतक

अड्डा–(१) कुथेर (२) लिङ्ग्वल

शिलापत्र राखनाको उद्देश्य–राजाज्ञा जारी गरेको

शिलापत्र राखनेको नाम–भट्टारकमहाराजश्रीशिवदेव:

महानात्माहरुको समेत देवताहरुको नाम–इन्दु

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–×

कुनमा प्रकाशित–"पूर्णिमा"–११ पूर्णाङ्क, प्रकाशक: संशोधन मण्डल

शिलापत्रको शीर्षचिह्न–×

लिपि–ब्राह्मी

स्थान–प्रणालीदिमक ग्राम

संक्षिप्त विवरण–ठुलो लडाइँ हुंदा जीतवाजीबाट भएको पराक्रमले नुहाइएका, अरु राजाहरुका श्रीपेचका मणिका किरणले दुवै पाउ शोभित भएका, सबै सामन्तहरुलाई हेर्दा ... ...आँखा भएका श्रीमहा-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुनेछ भनी कुर्पासी ग्रामका निवासीहरुलाई निगाहा गरिएबाट सहजै अनुमान गर्न सकिन्छ । मुद्दा मामिला छिन्ने कार्यको अतिरिक्त पाञ्चालीले लेख्यदानको पनि अधिकार पाएका थिए । फेरि, उक्त कार्यहरुको अतिरिक्त पाञ्चालीलाई जनहितको ख्याल राखी कुलो पानीको बन्दोवस्त गर्ने, धर्मशाला, देवस्थल निर्माण गर्ने तथा हेरचाह गर्ने जस्ता अनेकौं कार्यहरु पनि सम्पन्न गर्ने अधिकार रहेको थियो । संक्षिप्त शक संवत् ३९ को पशुपति गणेशस्थान, काठमाण्डू वटु, काठमाण्डू मीननारायणस्थान, संक्षिप्त शक संवत् ३४ को ललितपुर सुनधारा, संक्षिप्त शक संवत् ५५ को बलम्बु, संक्षिप्त शक संवत् ४९ को मालटार आदि स्थानहरुका अभिलेखहरुको अध्ययनमा उक्त तथ्यको स्पष्ट जानकारी मिल्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ७२

१. (स्व)स्ति मानगृहादखण्डमण्डलेन्दुकिरणावदातयशोवितानस्थगि(ता
२. खि)लदिङ्मण्डलो लिच्छविकुलकेतुर्भट्टारकमहाराजश्रीशिवदे
(व:कु-)
३. (श)ली प्रणालीदिमक्रग्रामनिवासिनः प्रधानपुरस्सरान्कुटु (म्बिन:)
४. कुशलमाभाष्य समाज्ञापयति विदितं भवतु भवतां यथाने (न)
५. पृथुसमरसम्पातनिर्जयाधिगतपराक्रमोपनमितान्य (त्रि)—
६. विपतिशिरोमणिप्रभाभासितचरणारविन्दयुगलेनाशेष (सा)—
७. मन्तावगाहनि... कृत ... न्दच्चक्षुषा श्रीमहासामन्तांशुवर्म्मणा
८. मां विज्ञाप्य मदनुज्ञातेन सता कुथेर्लिङ्ग्वलपञ्चापराधमात्राप्र—
९. वेशेन वः प्रसादः कृतः समुचितकरमावसाधनाय तु तद—
१०. धिकृतैः प्रवेष्टव्यमेव चिरस्थितये चास्य शिलापट्टकशासन—
११. मिदन्दत्तं तदेवंवेदिभिरस्मत्पादप्रसादोपजीविभिरन्यै—
१२. र्व्वा न कैश्चिदिदमप्रमाणङ्कार्य्यं यस्त्वेतामाज्ञां विलङ्घ्यान्यथा
१३. कुर्य्यात्कारयेद्वा तमहमन्यायकारिणन्न मर्षयिष्यामि भा (वि-)
१४. रभिपि भूपतिभिर्द्धर्म्मगुरुभिर्ग्गुरुकृतप्रसादानुवर्तिभिरि—
१५. यमाज्ञा सम्यक्प्रतिपालनीयेति समाज्ञापना दूतकश्चात्र
१६. लच्छा गोमी, संवत् ५२६ वैशाखशुक्लदिवापञ्चम्याम्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सामन्तांशुवर्म्मले हाम्रो आज्ञा लिई तिमीहरुको ग्राममा पञ्चखत सम्बन्धी कुरामा कुथेर, लिङ्गवल नामक सरकारी अधिकरणहरुले पस्न नपाउने गरी दिएको छ। उचित कर लिनालाई चाहिं अधिकारीहरु पस्न पाउँछन्। यस कुरालाई जानेर हाम्रो निगाहाबाट जीविका चलाउनेहरु वा अरु कसैले यस आज्ञाको उल्लंघन नगर्नु, गरेमा सहने छैन आदि-आदि कुराहरु मानगृह राजप्रासादबाट पूर्णिमाको जून जस्तो सफा कीर्तिको प्रसारले सबै दिशा ढाकेका लिच्छविकुलका झण्डा जस्ता भएका भट्टारकमहाराजश्रीशिवदेवले स्थितिबन्धेज स्थायी पार्न उत्कीर्ण गराइ प्रस्तुत शिलापत्र राखेको छ।

कैफियत–प्रस्तुत शिलालेखमा उल्लिखित महाराज श्रीशिवदेव तथा अंशुवर्माका प्रशस्तिहरुको राम्रो अध्ययन गरेका खेण्डमा त्यस समय सम्म लिच्छवि शासनमा अंशुवर्माको शक्ति यथेष्ट मात्रामा बढेको थाहा हुन्छ। तर यो निश्चय छ कि तिनी अर्झै भट्टारकमहाराजश्रीशिवदेवको अधीनस्थ एक महासामन्तनै छन्। लिच्छवि शासनबाट पृथक् तिनको कुनै स्वतन्त्र अस्तित्व छैन। तिनले कुनै पनि कार्य भट्टारकमहाराज-श्रीशिवदेवका आज्ञानुसार गर्नु पर्छ। यसरी त्यस समय यहाँ द्वैध शासन नभएको स्पष्ट छ। द्वैध शासनले कुनै एक देशको शासनमा दुई स्वतन्त्र शक्तिहरुको सत्ता स्थापित भएको बुझाउँछ जसमा एकले दोस्रोको अधीनता स्वीकार्नु नपर्ने स्पष्ट छ।[१] पञ्चखत सम्बन्धी कार्यहरुको लागि सरकारी अधिकरणहरुले पस्न नपाउने औ कर उठाउनको निम्ति चाहिं प्रवेश पाउने गरी प्रस्तुत शिलालेखमा राजाज्ञा जारी गरिएबाट त्यस समय कर राष्ट्रिय आम्दानीको मुख्य स्रोत रही त्यसको अभावमा राष्ट्रको आयब्ययमै आँच आउने हुनाले केही अपवाद स्वरूप उदाहरणहरु बाहेक त्यसलाई विशेषतः केन्द्रीय सरकार आफ्नै अधीनमा राखी छोड्न चाहन्थ्यो। यो कुरा प्रस्तुत शिलालेखमा कर उठाउनको लागि सरकारी अधिकरणहरुको प्रवेशको अधिकार कायम राखेबाट स्पष्ट थाहा पाइन्छ।

---

[१] हेर्नोस्–हरि राम जोशी कृत "प्राचीन नेपाल" १०८६ नेपालाब्द, पृ. ६२–६४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ७३

१. स्वस्ति मानगृहादपरिमितगुणसमुदयोद्भासितयशा बप्पपादानुद्-
ध्यातो लिच्छविकुलकेतु—
२. र्भट्टारकमहाराजश्रीशिवदेवः कुशली लेम्बटीद्रङ्गनिवासिनः प्रधान-
पुरस्सरान्कुटुम्बिनः कुश —
३. लप्रश्नपूर्व्वं समाज्ञापयति विदितम्भवतु भवतां यथैतस्यां युष्मद्-
ग्रामसीमाभ्यन्तरभू —
४. मौ पूर्व्वराजभिरन्यैश्च साधुभिः श्रेयोभिवृद्धये क्षेत्त्राण्यतिसृष्ट-
कान्यासंस्तेषामेव कैश्चि —
५. दप्यनाक्षेपाय चिरस्थितिनिमित्तमनुपरतपुण्यसन्तानोपचीयमान-
विशदकीर्त्तिमालामो—
६. दितदिगन्तरः श्रीमहासामन्तांशुवर्म्मास्मदनुमोदनया शिलापट्ट-
शासनमिदन्दत्तवान् क्षेत्र —
७. परिमाणं सिंहमण्डपे भगवद्वासुदेवब्राह्मणगौष्ठिकानाम्मा २०
आरोग्यशालायाः मा २००
८. माद्ध्यवशालाया मा ७५ प्रदीपगौष्ठिकानाम्मा ६० पश्चिम-
शालायाः मा ६० पानीयगौष्ठिकानाम्
९. मा ४० विश्वेश्वरस्य मा १० ब्राह्मणगौ (ष्ठिकानाम्मा) १० प्रदीप-
गौष्ठिकानाम्मा १० पौलम्पानीयगौष्ठिका—
१०. नाम्मा १० मल्लयुद्धगौष्ठिकानाम्मा ६८ धूपगौष्ठिकानाम्मा २
इन्द्रगौष्ठिकानाम्मा ४ उत्तरशाला—
११. याः मा १२ वादित्रगौष्ठिकानाम्मा १० ⋯ ⋯रस्य मा ४० प्रदीप-
गौष्ठिकानाम्मा ८ चर्चागौष्ठिकानाम्
१२. मा २ ध्वजगौष्ठिकानाम्मा १७ प्र⋯ गौष्ठिकानाम्मा २० प्रणाली-
गौष्ठिकानाम्मा ८ ब्राह्मणसा—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१३. नात्थ्यगौष्ठिकानाम्मा १० हिङ्ग्मिशालाया मा… प्रदीपगौष्ठिका-
नाम्मा ८ प्रवहणगौ—
१४. ष्ठिकानाम्मा २० उत्तरशालायाः मा ३० पूर्व्वशालाया मा १०
ध्वजगौष्ठिकानाम्मा ११ भूयो ध्वजगौ—
१५. ष्ठिकानाम्मा १० मल्लयुद्धगौष्ठिकानाम्मा ३ अर्च्चनीयगौष्ठिका-
नाम्मा ४ इन्द्रगौष्ठिकानाम्मा ६
१६. पूर्व्वशालायाः मा १० भगवतश्चूडिकेश्वरस्य पाञ्चालिकै… मानङ्-
ग्रामस्य पूर्व्वतः मा ४० पश्चिमतश्च
१७. मा ४० तदेतेषां क्षेत्राणान्न केनचिदाक्षेपः पीडा वा कार्य्यो यस्त्वे-
तामाज्ञामतिक्रम्यान्यथा प्रवर्त्ति—
१८. ष्यते तमहन्न मर्षयितास्मि दूतकश्चात्र प्रतिहार लच्छागोमी संवत
५२६ आश्वयुजशुक्लदिवा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–७३

प्राप्तिस्थान–लेलेको शिलालेख

मिति–संवत् ५२६ आश्वयुजशुक्लदिवा

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–

(१) स्वस्ति मानगृहादपरिमितगुणसमुदयोद्भासितय बप्पपादानुद्ध्यातो लिच्छविकुलकेतुर्भट्टारकमहा राजश्रीशिवदेवः

(२) अनुपरतपुण्यसन्तानोपचीयमानविशदकीर्त्तिमाला-मोदितदिगन्तरः श्रीमहासामन्तांशुवर्म्मा

(३) दूतकश्चात्र प्रतिहारलच्छागोमी

प्रशासनिक पद–(१) महासामन्त (२) दूतक (३) प्रतिहार

अड्डा–×

शिलापत्र राख्नाको उद्देश्य–राजाज्ञा जारी गरेको

शिलापत्र राख्नेको नाम–भट्टारकमहाराजश्रीशिवदेवः

महानात्माहरुको समेत देवताहरुको नाम– (१) भगवद्वासुदेव (२) विश्वेश्वर (३) इन्द्र (४) भगवतश्चूडिकेश्वर

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–×

कुनमा प्रकाशित–"अभिलेख संग्रह" भाग १, प्रकाशकः संशोधन मण्डल

शिलापत्रको शीर्षचिन्ह–शिरोभाग अर्द्ध चन्द्राकार भएर ठूलो चक्र अंकित छ।

लिपि–ब्राह्मी

स्थान–(१) लेम्वटीद्रङ्ग (२) सिंहमण्डप (३) मानङ्ग्राम (४) आरोग्यशाला (५) माद्ध्यवशाला (६) पश्चिमशाला (७) उत्तरशाला (८) हिङ्गिम-शाला (९) पूर्व्वशाला (१०) पानीयगौष्ठिक (११) भगवद्वासुदेव-ब्राह्मणगौष्ठिक (१२) प्रदीपगौष्ठिक (१३) इन्द्रगौष्ठिक (१४) पौलम्पानीयगौष्ठिक (१५) मल्लयुद्धगौष्ठिक (१६) धूपगौष्ठिक (१७) वादित्रगौष्ठिक (१८) अर्च्चागौष्ठिक (१९) ध्वजगौष्ठिक (२०) प्रणालीगौष्ठिक (२१) ब्राह्मणसानात्थ्यगौष्ठिक (२२) प्रव-हणगौष्ठिक (२३) अर्च्चनीयगौष्ठिक (२४) भगवतश्चूडिकेश्वरस्य पाश्चालिक

संक्षिप्त विवरण–भट्टारकमहाराजश्रीशिवदेवले लेम्वटीद्रङ्ग निवासी कुटुम्बी-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हरुलाई कुशलक्षेम सोधेर आज्ञा गर्नु भएको छ । पहिलेका राजाहरु र साधुहरुले कल्याणको निम्ति राखेर गएका दत्त अरु कसैबाट आक्षेप नभएर चीरकाल सम्म उक्त कीर्ति रही रहोस् भन्ने हेतुले दिगन्तर सम्म कीर्ति फिजिएका श्रीमहा-सामन्तांशुवर्माले हाम्रो स्वीकृतिले विभिन्न गौष्ठिका, पाञ्चाली आदिहरुको लागि भूमि प्रदान गरेको कुरा उल्लेखी यो शिलापत्र राख्ने काम गरेको छ ।

कैफियत– उत्तरप्राचीनकालीन नेपालमा लौकिक जीवनसित सम्बन्धित विभिन्न सामाजिक, सांस्कृतिक, शैक्षिक, आर्थिक तथा धार्मिक आदि विषयहरुको उन्नति एवं राम्रो सम्वर्द्धनद्वारा देशको सर्वाङ्गीन विकासको लागि वर्तमानकालमा स्थापना गरिएका भिन्न–भिन्न विषयसित सम्वन्ध राख्ने संघ, संस्थाहरुको अनुरूप पनि तत्समय गोष्ठीहरु स्थापना गरिएका थिए । प्रस्तुत अभिलेखमा अर्च्चागोष्ठी, वादित्त्रगोष्ठी, प्रवहणगोष्ठी, मल्लयुद्धगोष्ठी तथा आरोग्यशाला आदि विभिन्न गोष्ठीहरुको उल्लेख आएकोलाई यहाँ उदाहरणको रूपमा लिन सकिन्छ । अर्च्चा शब्दले विभिन्न अर्थलाई बुझाएको छ । कहिं यो शब्द पूजाको अर्थमा प्रयोग भएको छ त कहिं मूर्तिको अर्थमा । महाभाष्य अनुसार अर्चा शब्दले पूजायोग्य मूर्तिलाई बुझाएको छ ।

"मौर्य्यैर्हरण्यार्थिभिरर्चाः प्रकल्पिताः"

—महाभाष्य

यसरी अर्च्चागोष्ठीको उल्लेखले तत्समय नेपालमा उच्चकोटीका मूर्ति निर्माण कार्यको विकासको लागि त्यस विषयका कलाकारहरुको संघस्वरुप गोष्ठी कायम भएको देखिन्छ । उत्तरप्राचीनकालीन नेपालका उच्चकोटीका मूर्तिहरुको प्राप्तिले पनि यसको पुष्टि गरेका छन् । वादित्र एवं नात्थ्य गोष्ठीको उल्लेखले तत्समय वाद्य, संगीत तथा नृत्यकलाको उन्नतिकोलागि गोष्ठीको माध्यम प्रयास गरिएको बुझिन्छ । प्रवहणगोष्ठीले यातायातको विकासद्वारा देशको चतुर्दिक् उन्नतिमा सहायता पुर्‍याउने प्रयास भएको लागेको छ । फेरि, दुनियांलाई मनोरञ्जन प्रदान गर्नुको लागि मल्लयुद्धगोष्ठीको स्थापना गरिएको थियो । अर्को, आरोग्यशालाको उल्लेखले तत्समय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुनियाँको स्वास्थ्योपचारको लागि स्वास्थ्यसेवाकेन्द्रहरु पनि स्थान-स्थानमा स्थापना भएकोतिर इङ्गित गरेका छन् ।

प्रस्तुत अभिलेखमा विभिन्न विषयसित सम्बन्धित गोष्ठीहरुको उल्लेख प्रचूर मात्रामा आएका छन् । हिजोआज ज्यादातर प्रचलित गुठी शब्द गोष्ठीकै अपभ्रंश स्वरूप थियो । गोष्ठीको विकासको लागि साधारण दुनियांको अतिरिक्त तत्समय राजाहरु पनि ज्यादै लालायित रहन्थे । यस शिलालेखमा राजाज्ञाद्वारा विभिन्न विषयका गोष्ठीहरुको लागि खेत प्रदान गरेको कुरा वर्णित भएबाट यो कुरोको पत्तो हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ७४

१. स्वस्ति कैलासकूटभवनाद्भगवत्पशुपतिभट्टारकपादा—
२. नुगृहीतो बप्पपादानुध्यातः श्रीमहासामन्तांशुवर्म्मा कुशली
३. बुगायूमीग्रा[म]निवासोपगता[न्]कुटुम्बिनो यथाप्रधानङ्कुश—
४. लमाभाष्य [समा]ज्ञापयति विदितम्भवतु भवताङ्कुक्कुटसू—
५. कराणां मल्लपो ...— नां मत्स्यानाञ्चावाधनेन परितुष्टैरस्माभि—
६. र्भ —धिकरणाप्रवेशेन वः प्रसादः[कृ]तो युष्माभिरप्ये—
७. — — — — यदा च पुनर्धर्मसङ्कराणि
८. — — समुत्पद्यन्ते [त]दा राजकुलं स्वयम्प्रविचार—
९. — — तदेवमधिगतार्थैर्न कैश्चिदयं प्रसादोस्मत्र—
१०. — — न्यथा कार्यो यस्त्वेतामाज्ञां विलङ्घ्यान्यथा
११. — — — — नो नियतम्पुष्कला मर्यादाब—
१२. — — — — भिः पूर्व्वराजकृतप्रसादा—
१३. — — — — दूतकश्चात्र महासर्व—
१४. — मायकविक्र — संवत् २६ ज्येष्ठशुक्लदशम्याम्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ७४

प्राप्तिस्थान–बुङ्गमतीको अभिलेख

मिति–संवत् २९ ज्येष्ठशुक्लदशम्याम्

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) स्वस्ति कैलासकूटभवनाद्भगव-
त्पशुपतिभट्टारकपादानुगृहीतो
बप्पपादानुध्यातः श्रीमहासाम-
न्तांशुवर्म्मा

(२) दूतकश्चात्र महासर्व...नायक विक्र...

प्रशासनिक पद–(१) महासामन्त (२) दूतक (३) महासर्व ... नायक

धर्म, धार्मिक कार्य–×

शिलापत्र राख्नाको उद्देश्य–राजाज्ञा जारी गरेको

शिलापत्र राख्नेको नाम–श्रीमहासामन्तांशुवर्मा

महानात्माहरुको समेत देवताहरुको नाम–भगवत्पशुपति

विहार, मन्दिरको नाम–×

अड्डा–×

कुनमा प्रकाशित–भगवानलाल इन्द्रजीद्वारा ६ संख्या; आर. नोलीद्वारा XX-
XIX संख्या

शिलापत्रको शीर्षचिह्न–शिरोभागमा दुइटा मृगको बीच रथचक्र अंकित छ।

लिपि–ब्राह्मी

स्थान–बुगायूमीग्राम

संक्षिप्त विवरण– कुखुरा, सुंगुर, माछा आदिलाई दुःख नदिए बापत खुशी भएर श्रीमहासामन्तांशुवर्मालि अधिकरणहरुको प्रवेश निषेध गरेर बुगायूमी ग्रामका बासिन्दाहरुलाई निग्रह गरेको कुरा प्रस्तुत अभिलेखमा वर्णन गरिएको छ।

कैफियत– प्रस्तुत शिलाभिलेखबाट अंशुवर्मा एक ठूलो अहिंसावादी शासक भएको बोध हुन्छ। सम्राट् अशोक सरी यिनको स्नेहको सीमा खालि मनुष्यमैं मात्र सीमित थिएन, बल्कि प्राणी मात्रमा व्याप्त थियो। सम्राट् अशोकले रन्धनागारमा प्राणीहिंसा पूर्णरूपले भने जस्तो बन्द गराउनुको अतिरिक्त मनुष्य संगसंगै प्राणीको लागि पनि चिकित्सालयहरु खोली प्राणीमात्रको कल्याणको अभियान चलाएका थिए भने सुंगुर, कुखुरा, माछा आदि प्राणीहरुलाई दुःख नदिएबापत उक्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उल्लिखित ग्राममा अधिकरणहरुको प्रवेश रोकेर यिनले प्रसाद गरेका थिए। यसरी यिनी प्राणीमात्र प्रति सहृदयता राख्ने राजा भएको विदित हुन्छ।

राजा मानदेवको अतिरिक्त अंशुवर्मा पनि धर्मशास्त्रमा वर्णित विधान अनुसार शासन गर्दथे। धर्मशास्त्र अनुसार राजाको एक प्रमुख कर्तव्य धर्मशास्त्र एवं प्रचलित आचारद्वारा निर्दिष्ट चतुर्वर्णका आ-आफ्ना स्वधर्मलाई लागू गराउने रहेको छ। वशिष्ठ धर्मसूत्र एवं मनुस्मृतिले यसतिर स्पष्ट इङ्गित गरेका छन्। [१]यसै तथ्यको परिप्रेक्षमा प्रस्तुत बुङ्गमतीको शिलालेखलाई लिन सकिन्छ। यस अभिलेखमा धर्मसङ्कर सम्बन्धी कार्य चाहिं राजकुलबाटै विचार गरिने औ त्यसदेखि बाहेक अन्य सबै अधिकरणहरुले गर्ने कार्य स्थानीय जनताको हातमा सुम्पेको कुरा वर्णित छ। धर्मसङ्कर सम्बन्धी कार्य राजकुलबाटै गरिने कुराको उल्लेखले उत्तरप्राचीनकालीन नेपालमा यो समस्यालाई राष्ट्रिय महत्त्वको मानिने कुरा सिद्ध छ। जसको कारण धर्मसङ्कर यहाँ यथार्थतः के हो ? भन्ने बारे विचार गरिनु जरुरी भएको छ।

प्राचीन धर्मशास्त्र अनुसार मानिसहरुलाई तिनीहरुका वर्णानुरूप आचरण गर्नु पर्ने विधान नियत गरिएको छ। उक्त विधान अनुसार आचरण नगरिनुलाई धर्मसङ्करको संज्ञा दिइन्छ। किनभने त्यसले समाज एवं धार्मिक क्षेत्रमा भ्रष्टता उत्पन्न गराई अन्ततः लोककै विनाश गराउने हुन्छ। कौटिल्य अर्थशास्त्रको अध्ययनमा यस तथ्यको स्पष्ट जानकारी मिल्दछ। [२] बौद्ध ग्रन्थ मज्झिम निकाय, एसुकारि-

---

१. "देशजातिकुलधर्मान् सर्वानेवैताननुप्रविश्य राजा चतुरो वर्णान्स्वधर्मे प्रतिष्ठापयेत्।"

—वशिष्ठ धर्मसूत्र १९.४

"जातिजानपदान्धर्मान् श्रेणीधर्मांश्च धर्मवित्। समीक्ष्य कुलधर्मांश्च स्वधर्मं प्रतिपादयेत्।।"

—मनुस्मृति ८.४१

हेर्नोस्-डा. अ. स. अल्टेकर लिखित "स्टेट अगड गवर्नमेन्ट इन अनशन्ट इण्डिया" १९५८ ई., पृ. १५६

२: "एष त्रयीधर्मश्चतुर्णां वर्णानामाश्रमाणां च स्वधर्मस्थापनादौपकारिकः।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुत्तमा पनि चतुर्वर्णले पालना गर्नुपर्ने चार विभिन्न प्रकारका धर्महरु (स्वधन) को वर्णन गरिएका छन्।

१. भिक्षाचर्या–ब्राह्मणका स्वधन २. धनुकलाप–क्षत्रियका स्वधन ३. कृषि, गोरक्ष्य (गोपालन)–वैश्यका स्वधन ४. असितव्याभंगि–शूद्रका स्वधन। आ–आफ्ना स्वधनको अतिक्रमण गर्ने व्यक्ति पापकारी मानिने कुरा पनि त्यसमा वर्णित छ जसले उपरोक्त धर्मसङ्कर तिर इङ्गित गरेको कुरा स्पष्ट छ।[२] फेरि श्रीमद्भगवद्गीताको "स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः" श्लोक धर्मसङ्करको परिस्थिति सिर्जना नहोस् भन्नेतिर पनि लक्ष गरिएको छ भन्न सकिन्छ।

उपरोक्त सबै आधारहरुबाट धर्मसङ्कर यथार्थतः के हो ? भन्ने कुरा स्पष्ट भएको छ। यसले अनि राष्ट्रको सामु एक विकट संकट सिर्जना गराउने हुंदा धर्मशास्त्रकारहरुले धर्मशास्त्र एवं प्रचलित आचारद्वारा निर्दिष्ट चतुर्वर्णका आ–आफ्ना स्वधर्मलाई लागू गराउनु राजाका प्रमुख कर्तव्य मध्येका रहेको कुरा उल्लेख गरेका हुन्। राजा अंशुवर्मा पनि वर्ण व्यवस्थाका समर्थक हुंदा उनी वर्णाश्रम धर्ममा आधारित समाज संगठनमा कुनै किसिमको आँच पार्न नदिने कुरामा सदा सजग रहन्थे भन्ने कुराको यकीन जानकारी प्रस्तुत अभिलेखबाट मिल्दछ। धर्मसङ्कर सम्बन्धी कार्य राजकुलबाट विचार गरिने भनी उल्लेख गरी जारी गरिएको प्रस्तुत राजाज्ञा यहाँ उदाहरणको रुपमा प्रस्तुत गर्न सकिन्छ।

प्रस्तुत अभिलेखमा सर्वप्रथम कैलासकूट भवनबाट राजाज्ञा जारी गरिएको कुरा उत्कीर्ण छ। यो भवन भट्टारकमहाराज

स्वधर्मो ब्राह्मणस्याध्ययनमध्यापनं यजनं याजनं दानं प्रतिग्रहश्चेति। क्षत्रियस्याध्ययनं यजनं दानं शस्त्राजीवो भूतरक्षणं च। वैश्यस्याध्ययनं यजनं दानं कृषिपाशुपाल्ये वाणिज्या च। शूद्रस्य द्विजातिशुश्रूषा वार्ता कारुकुशीलवकर्म च। ... स्वधर्मः स्वर्गायानन्त्याय च। तस्यातिक्रमे लोकः सङ्करादुच्छिद्येत।"

—कौटिल्य अर्थशास्त्र, विनयाधिकरण, त्रयीस्थापना

२. हेर्नोस्–राहुल सांकृत्यायनद्वारा अनुदित "मज्झिम निकाय", महाबोधि सभा, सारनाथ, १९६४ ई., पृ. ४०४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवदेवको राज्यकालमा निर्मित भएको हो भन्ने कुरा माथि वर्णन गरी सकेको छुं । यसैले यसबारे यहाँ फेरि दोहऱ्याई रहनु अनावश्यक सम्झेको छु । तर यहाँ यत्ति त अवस्य सम्झन सकिन्छ कि नगराज हिमालयस्थित पाँचसय नदी तथा चौरासी हजार कूट (चुचुरा)हरुमध्ये सप्त महासरोवर तथा पञ्चकूट[४] प्रसिद्ध छन् । ती कूटहरुमध्ये कैलासकूट पनि एक रहेको छ । यसरी कैलाशकूटको महत्त्व प्राचीन कालदेखिनै यहाँ स्थापित भएको कुरा निश्चय प्रतीत हुन्छ । जसको कारण कैलाशकूट शिव एवं वैश्रवणका वासस्थल पनि भएको हुँदा उत्तरप्राचीनकालीन नेपालमा सो नामले राजप्रासादको निर्माण गरी यात्रा चलाएको मा सम्भावनाको आधिक्य अवश्य रहेको छ ।

४. पञ्चकूट नाम–
(१) सुदर्शन-कूट (२) चित्र-कूट (३) काल-कूट (४) गन्धमादन-कूट
(५) कैलाश-कूट
—अट्ठकथा
हेर्नोस्–राहुल सांकृत्यायनद्वारा अनुदित "मज्झिम निकाय" १९६४ ई. पृ., २१६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ७५

१. [स्वस्ति कैलासकू]ट भवनात्परहितनिरतप्रवृत्तितयाकृतयुग -
२. ... ...कारानुकारी भगवत्पशुपतिभट्टारकपादानुध्यातो
३. [ब]प्पपादपरिगृहीतः श्रीमहासामन्तांशुवर्मा कुशली करिष्यमा-
४. णप्रसादांस्तन्मर्यादापणग्रहणाधिकृतांश्च वर्तमानान् भवि-
५. ष्यतश्च समाज्ञापयति विदितम्भवतु भवतां सर्वत्र राजप्रसा-
६. देषु कृतप्रसादैर्मर्यादानिमित्तं यावन्तः पणा देयास्तेषाम-
७. यथोचितदानेन मा भूदुभयेषां सा— — ई – मया पूर्वराजानुवृ-
८. त्त्या यथोचितप्रदानाय — — — — लिखितो यत्र
९. श्रीदेव्याः पु ३ प १ अरोः पु ३ प १ श्रीकुलदेवस्य — — [पु] ३ प १ षष्ठोदे-
१०. वकुलस्य पु ३ प १ श्रीभट्टारकपादानम्प्रत्येकं पु २० ५ महावला-ध्यक्ष-
११. स्य पु २० ५ प्रसादाधिकृतस्य पु २० ५ अभिषेकहस्ति [नः] पु ३ प १ अभिषे-
१२. काश्वस्य पु ३ प १ धावकगेच्छिढाकस्य पु ३ प १ भाण्डभा[रक] स्य पु २ प २
१३. चामरधारस्य पु २ प २ ध्वजमनुष्यस्य पु २ प २ दे — — आनां पु २
१४. प २ पानीयकर्मान्तिकस्य पु २ प २ पीठाध्यक्षस्य पु १ — — णां पु २
१५. प २ पुष्पसवाकवाहस्य पु २ प २ नन्दीशङ्खवादयोः पु- - -भट-
१६. नायकस्य पु २ प २ अश्वस्यार्घे पु ७ प २ दक्षिणद्वारस्य पु १ प ४
१७. -स्य पु १ प ४ प्रतोल्याः पु १ प ४ पश्चिमद्वारस्य पु १ प ४ आ-स्य पु--

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१८. प ४ मानगृहद्वारस्य पु १ प ४ मध्यमद्वारस्य पु १ प ४ उत्तर-
द्वारस्य पु १ प ४
१९. सम्मार्जयित्र्याः पु १ प ४ यदि यत्रायां विश्वासिकनायकयोः
पु २०
२०. २० तदेवंवेदिभिरस्मत्पादप्रसादप्रतिवद्धजीवनैरन्यैर्वा न कैश्चि-
२१. दयम्प्रसादोन्यथा करणीयो भविष्यद्भिरपि भूपतिभिर्गुरुकृत-
२२. प्रसादानुवर्तिभिरेव भाव्यमिति स्वयमाज्ञा संवत् ३० ज्येष्ठ-
शुक्लषष्ठयाम्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं-७५

प्राप्तिस्थान–हाडिगाउँस्थित अभिलेख

मिति–संवत् ३० ज्येष्ठशुक्लषष्ठचाम्

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–[स्वस्ति कैलासकू]टभवनात्परहित निरतप्रवृत्तितया कृतयुग ---- कारानुकारी भगवत्पशुपतिभट्टारक-पादानुध्यातो [ब]प्पपादपरिगृहीतः श्रीमहासामन्तांशुवर्मा

प्रशासनिक पद–(१) महासामन्त (२) महाबलाध्यक्ष (३) प्रसादाधिकृत (४) धावकगेच्छिजाक (५) भाण्डनायक (६) चामरधार (७) ध्वजमनुष्य (८) पानीयकर्मान्तिक (९) पीठाध्यक्ष (१०) पुष्पभुवाकवाह (११) नान्दीशङ्खवादक (१२) भट-नायक (१३) सम्मार्जयित्री (१४) यात्रायां विश्वसिकनायक

धर्म, धार्मिक कार्य–×

शिलापत्र राख्नाको उद्देश्य–राजाज्ञा जारी गरेको

शिलापत्र राख्नेको नाम–श्रीमहासामन्तांशुवर्मा

महानात्माहरुको समेत देवताहरुको नाम–(१) श्रीदेवी (२) अग्नि (३) श्री कुलदेव (४) षष्ठी (५) भगवत्पशुपति

विहार, मन्दिरको नाम–षष्ठोदेवकुल

अड्डा–×

कुनमा प्रकाशित–सिल्वाँ लेवीद्वारा १३; संख्या आर. नोलीद्वारा XXXV संख्या

शिलापत्रको शीर्षचिह्न–शिरोभागको दायाँतिर एउटा शङ्ख औ बायाँ एउटा चक्र अङ्कित छ ।

लिपि–ब्राह्मी

स्थान–×

संक्षिप्त विवरण– श्रीमहासामन्तांशुवर्माले राजप्रासादहरुमा पहिलेका राजाहरुले दिए अनुसार खर्चको लागि पणपुराणहरुको जति आवश्यकता पर्छ त्यसको स्थिति बन्धेज गरिकन प्रस्तुत शिलापत्र राखेको वर्णन यहाँ गरिएको छ ।

कैफियत– नेपाल एवं भारताकाशमा वैदिककालदेखिनैं राज्याभिषेकको परम्परा प्रारम्भ भैसकेको थियो। त्यसबेला जनताको तरफबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजालाई वरण गर्ने व्यक्ति राजकृतः भनिथ्यो जो पछि ब्राह्मण-कालमा आई रत्नीको नामले प्रख्यात भयो । राज्याभिषेकको अवसरमा ती राजकृतः राजालाई राजत्वको चिह्न स्वरूप एक पर्णमणि (पलाश वृक्षको शाखा) प्रदान गर्दथे । राजकृतःको अतिरिक्त सूत, ग्रामणी, रथकार, कर्मार आदिहरु पनि जनताका प्रतिनिधि स्वरूप भएर राज्याभिषेकको अवसरमा राजालाई वरण गर्दथे । राजाले अनि त्यस समय जनतालाई धर्मपूर्वक शासन गरी प्रजापालन गर्ने प्रतिज्ञा गर्नु पर्दथ्यो । जसलाई राजाले सदा पालन गर्नु अत्यावश्यक थियो । वैदिक संहिताहरुमा राजाको दैविक अधिकार बारे कुनै खास उल्लेख छैन । जनता खालि शासन कार्यको लागि राजालाई वरण गर्दथे । अनि, वरण गरिएको व्यक्तिको ध्रुवत्वको कामना सम्पूर्ण जनता गर्दछन् । ऋग्वेदका पंक्ति यहाँ उदाहरणस्वरूप लिन सकिन्छ ।

"आ त्वा हार्षमन्तरेधि ध्रुवस्तिष्ठाविचाचलिः । विशस्त्वा सर्वा वांछन्तु मा त्वद्राष्ट्रमधि भ्रशत ॥१॥
इहैवेधि माप च्योष्ठाः पर्वत इवा विचाचलिः । इन्द्र इवेह ध्रुवस्तिष्ठेह राष्ट्रमु धारय ॥२॥
इमसिन्द्रो अदीधरद् ध्रुवं ध्रुवेण हविषा । तस्मै सोमो अधि ब्रवत्तस्मा उ ब्रह्मणस्पतिः ॥३॥
ध्रुवा द्यौर्ध्रुवा पृथिवी ध्रुवासःपर्वता इमे । ध्रुवं विश्वमिदं जगद् ध्रुवो राजा विशामयं ॥४॥
ध्रुवं ते राजा वरुणो ध्रुवं देवो बृहस्पतिःच ध्रुवं त इन्द्रश्वाग्निश्च राष्ट्र धारयतां ध्रुवं ॥५॥
ध्रुवं ध्रुवेण हविषाभि सोमं मृशामसि । अथो त इन्द्रः केवलीर्विशो वलिहृतस्करत् ॥६॥

—ऋग्वेद, १०।१७३

अथर्ववेदमा पनि उक्त कुरोकै वर्णन गरिएको छ । अथर्ववेद भन्दछ– "आकास र पृथ्वी सव ध्रुव छन् । यो सारा विश्व ध्रुव छ, यी पर्वतहरु ध्रुव छन् । यस्तै नैं जनताका यी राजा पनि ध्रुव रहुन् ।"

राज्याभिषेकको बारे विशद् विवेचना ब्राम्हण ग्रन्थहरुमा गरिएको छ । यस समय सम्म राजाका दैविक अधिकारहरुको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अत्यधिक मात्रामा अभिवृद्धि भैसकेको थियो । ती ग्रन्थहरुको अध्ययनमा राज्याभिषेक समारोहका तीन चरण रहेको कुरा जानिन्छ। –(१) प्राथमिक धार्मिक क्रियाकलाप [२] राज्याभिषेक (३) राज्याभिषेक अनन्तरको समारोह । राज्याभिषेक कार्य सम्पन्न गरिनु भन्दा पहिले राज्यासनमा अवस्थित हुने व्यक्ति रत्नीहरुका घर-घरमा गएर तिनीहरुलाई हवि प्रदान गर्दथे या तिनीहरुको पूजा गर्दथे। रत्नीहरु मुख्यतया निम्न हुन्—

१) सेनानी २) पुरोहित ३) राजन्य ४) राजमहिषी ५) सूत-राज्यविषयक इतिवृत्तका संकलन गर्ने ६) ग्रामणी–राज्यका अन्तर्गत विविध ग्रामहरुका ग्रामणीहरुका प्रमुख ७) क्षत्ता–राजकीय कुटुम्बका प्रवन्धकर्त्ता ८) संगृहीता–राज्यकोषका नियन्ता ९) भागदुघ्-राज्यकरलाई वसूल गर्ने प्रधान अधिकारी १०)अक्षवाप–आय-व्ययको हिसाब राख्ने प्रधान अधिकारी ११) गोविकर्त्ता–जंगल विभागका प्रधान १२) पालागल–राजकीय सन्देशहरुलाई पुऱ्याउने ।

उच्चपदस्थ व्यक्तिहरुका घर–घरमा गएर तिनीहरुलाई हवि प्रदान गर्ने परम्पराले शासीवर्ग या शासिका परिषद्द्वारा राजाको राज्याभिषेक माथि स्वीकृति लिइनु पर्ने अत्यावश्यकतालाई सूचन गर्दछ। अर्को, यस कार्यले नयाँ राजाप्रति तिनीहरुको भक्ति एवं आत्मीयताको वातावरण सिर्जना गर्नुमा पनि महत्त्वपूर्ण टेवा दिन्छ ।

दोश्रो दिन राज्याभिषेक कार्य सम्पन्न गरिन्छ । राज्याभिषेकका लागि अत्यावश्यक कुरोहरुको नाम नामासी मुख्यरूपले निम्न छन्–

१) तीर्थजल २) १०८ जरीबुटीहरु ३) सिंहासन ४) एक यस्तो पृथ्वीमण्डलको चित्र जसमा सप्तद्वीप, सप्तपर्वत, सप्तसमुद्रका चित्र चित्रित गरिएको होस् ५)व्याघ्रचर्म ६)सुवर्णकलश ७)दीपक ८)वाद्य ९)दर्पण आदि माङ्गलिक वस्तु १०)उत्तम चारणहरुका स्तुति पाठ ११)वेदभाव १२) युवतीहरुका गीत १३) प्रधान महिषी १४) राजा स्वयम् । यी सबै कुरोहरुका भिन्ना–भिन्नै प्रतीकात्मक अर्थ छन् जसलाई यहाँ विशद वर्णन गरिरहनु अनावश्यक सम्झेको छु । यो दिन स्नान कार्यको पश्चाद् वाघको छालाले ढाकेका सिंहासनमा राजा आसीन हुन्छ । राजालाई अनि विभिन्न तीर्थहरुको जलले अभिषेक गरिन्छ । जसले राजामा आनन्दमय वातावरण सिर्जना गराउनुको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अतिरिक्त विपत्तिहरुको पनि पूर्वसूचन गराउने हुन्छ ।

"यदैव राज्ये क्रियते ऽभिषेकस्तदैव बुद्धिर्व्यसनेषु योज्या ।
घटा हि राज्ञामभिषेककाले सहाम्भसैवापदमुद्गिरन्ति ।।२५६।।"
–पञ्चतन्त्रेकाकोलूकीयम्,

राज्याभिषेकमा राजाले बाघको छालामा तीन पाइला राख्ने विधान छ जो दैत्यराज बलिद्वारा त्रिलोकको उद्धार गर्नको लागि विष्णुले तीन पाइला चाली त्रिभुवनको महान् उपकार गरेको कुराको प्रतीक स्वरूप छ । यसले ब्राह्मणकालदेखि राजाका दैविक अधिकारहरुको अत्यधिक मात्रामा अभिबृद्धि हुन लागेको कुरा दर्शाउँछ । तर, धर्मशास्त्रहरुले राजाका पावन कर्तव्यको रूपमा धर्म, कानूनको रक्षा गर्नुलाई लिएका छन् । राज्याभिषेकको समय गरिने दुई कुरोहरुको यहाँ वर्णन गरिनु अतिशयोक्ति नहोला ।

(१) राजाले एक प्रतिज्ञा गर्नु पर्दथ्यो जसको आशय मुख्य रूपले यो रहेको छ ।–यदि मैले जनतालाई कुनै पनि प्रकारको अत्याचार गरें भने मेरा ती सबै इष्टापूर्त (शुभ कर्म) नष्ट भएर जाओस् । राजा धृतव्रत तथा सत्यधर्मा हुनु जरुरी छ ।

(२) शपथकार्य सम्पन्न भएपछि राजाको पीठमा दण्डले अलि-अलि पिटेको जस्तो गरिन्छ । जसको मनसाय यो थियो कि राजाले आफुलाई दण्ड (व्यवस्था या कानून) भन्दा माथि नसम्झुन् ।

राजाको राज्याभिषेक कार्यमा ब्राह्मण, क्षेत्री, वैश्य, शूद्र चारै वर्णले भागलिनु पर्दथ्यो । किनभने त्यसवेला समाज मुख्यतया चार वर्णमा विभक्त थियो । अनि उक्त अभिषेकमा चार वर्णका मानिसहरुले भाग ग्रहण गर्ने कार्यले जनसमूहद्वारा नयाँ राजा प्रतिको स्वीकृतिलाई जनाउँछ ।

राज्याभिषेक कार्य सम्पन्न भैसकेपछि रथ या हात्ती माथि चढेर राजाको राजकीय यात्रा शुरु हुन्छ । राजकीय यात्राबाट फर्कि सकेपछि राजदरवारमा एक ठूलो दरवार बस्तछ जहाँ विभिन्न वर्गका प्रतिनिधिहरुले राजालाई शुभेच्छा टक्र्याउँछन् । यसको अनन्तर जुवा एवं रथधावनकार्य जस्ता मनोरञ्जन कार्यहरु सम्पन्न हुन्छन् ।

उपरोक्त वर्णनहरुको आधारमा वैदिक समय देखिनै राज्याभिषेक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्ने परम्परा यहाँ चल्दै आएको हो भन्ने कुरा जानिन्छ। छैटौं शताब्दी ई. पू. पनि अभिषेक गर्ने परम्परा प्रचलित रहेको कुरा वैशालीस्थित गणराजकुलको अभिषेक पोखरिणीको उल्लेख जातक कथामा गरिएबाट विदित हुन्छ।

"वैशालीनगरे गणराजकुलानां अभिषेकमंगलपोखरिणी"

–जातक ४. १४८

तर, पुरातात्त्विक आधारमा राज्याभिषेक गर्ने परम्परा सम्राट अशोक (तृतीय शताब्दी ई. पू.) देखि चलेको कुरा निश्चित छ। लुम्बिनी स्तम्भलेखको अध्ययनमा सम्राट् अशोकको लुम्बिनी आगमन तिनको राज्याभिषेकको बीस वर्ष पछि भएको भन्ने कुरा सिद्ध हुन्छ।

"देवानपियेन पियदसिन लाजिन वीसति–वसाभिसितेन
अतन आगाच महीयिते हिद बुधे जाते सक्य–मुनी ति (।)
सिला–विगड–भीचा कालापित सिला–थभे च उसपापिते (।)
हिद भगवं जाते ति लुंमिनि–गामे उबलिके कटे
अठ–भागिये च (।।)"

–लुम्बिनी शिलास्तम्भलेख

अर्थात्–"देवताहरुका प्रिय प्रियदर्शी राजाले राज्याभिषेकको बीस वर्ष पछि स्वयं आएर यस स्थानको पूजा गरे। यहाँ शाक्यमुनि बुद्धको जन्म भएको थियो। यसकारण यहाँ पत्थरको एक विशाल स्तम्भ र एक वृहत् दीवार खडा गरियो। यहाँ भगवान्को जन्म भएको थियो, यसकारण लुम्बिनी ग्रामको धार्मिक कर माफि गरियो औ (भूमिकरको रूपमा केवल) आठौं भाग लिने निश्चित गरियो।"

–लुम्बिनी स्तम्भलेख

प्रथम शताब्दी ई. पू. को हाथिगुम्फा अभिलेखले कलिङ्गराज श्री खारवेलको राज्याभिषेक २४ वर्षको उमेरमा गरेको भन्ने कुरा वर्णन गरेको छ।

"नमो अरहंतानं (।) नमो सव–सिधानं (।।) ऐरेण महाराजेन महामेघ-वाहनेन चेति–राज–व [·] सवधनेन पसथ–सुभ–लखनेन चतुरंतलुठ [ण]–गुण–उपितेन कलिंगाधिपतिना सिरि–खारवेलेन [पं] दरस-वसानि सीरि–[कडार]-सरीर-वता कीडिता कुमार-कीडिका (।) ततो लेख-रूप-गणना-ववहार-विधि-विसारदेन सव-विजावदातेन नव-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वसानि योवरज [प]सासितं (।।) संपुंण-चतुवीसति-वसो तदानि वधमानसेसयो-वेनाभिविजयो ततिये कलिंग-राज-वसे (स)-पुरिस-युगे महाराजाभिसेचनं पापुनाति (।।)"

—खारवेलका हाथिगुम्फा गुहाभिलेख, प्रथम शताब्दी ई. पू.

तर, नेपालमा पुरातात्त्विक आधारमा राज्याभिषेक गर्ने परम्परा पाँचौं शताब्दी ई. देखि प्रारम्भ भएको थियो। जसवारे माथि शक संवत् ३८९ (=४६७ ई) को त्रिगङ्गास्थित त्रिविक्रम विष्णु मूर्तिको पादपीठलेखको वर्णन क्रममा उल्लेख गरी सकेको छुँ। यहाँ यस तथ्यबारे उल्लेख गर्दा कुनै अत्युक्ति हुंदैन कि उक्त पादपीठ लेखमा अभिषेक शब्दकै सर्वथा अभाव छ। जसको पूर्ति प्रस्तुत अभिलेखले गरेको छ। यस लेखमा अभिषेक हस्ती, अभिषेकाश्व आदि शब्दहरुको प्रयोग पाइन्छ जसले तत्कालीन राज्याभिषेक वारे थाहा लिने अत्यधिक सामग्री प्रस्तुत गरेको छ, राज्याभिषेकको लागि अत्यावश्यक कुरोहरु मध्ये हात्ती, घोडा पनि रहेको यथार्थतालाई स्पष्टघ्याउनुको अतिरिक्त राज्याभिषेकको तेश्रो दिन गरिने राजकीय यात्राको ऐतिहासिकता एवं भव्यतामाथि स्पष्ट प्रकाश पारेको छ। अर्को, यसमा राजप्रासादको व्यवस्थाको लागि पहिलेका राजाहरुले दिए अनुसार भनी उल्लेखी खर्चको व्यवस्था साथ राजाज्ञा जारी गरिएको औ राजप्रासादमा खर्च गरिने विभिन्न विषयहरु मध्ये अभिषेक हस्ती, अभिषेकाश्व पनि भएकोले राज्याभिषेकको परम्परा यहाँ धेरै पहिले देखितै चल्दै आएको देखिएर माथि वर्णन गरिए मुताजिक पाँचौं शताब्दी ई. देखिनै यसको प्रचलन यहाँ भैसकेको कुरा प्रमाणित हुन आउँछ।

फेरि, यस अभिलेखमा श्रीदेवी, अग्नि, श्रीकुलदेव, षष्ठीदेवी आदि देव देवीहरुको पूजाको लागि खर्च नियत गरिएको छ। जसले ती देव देवीहरु तत्समय राजप्रासादमा मुख्य रूपले पूजिने रहेको कुरा जानिन्छ। ढुकुटी बलियो नभएमा राज्यको अस्तित्त्व शंकास्पद हुने हुंदा यहाँ सर्वप्रथम श्रीदेवी भनी उल्लेखी सम्पत्तिका मालिक लक्ष्मीको पूजाको लागि खर्च नियत गरिएको देखिन्छ। श्री देवी लक्ष्मी हो भन्ने कुरा समुद्रगुप्तको प्रयाग स्तम्भाभिलेखमा वर्णित "सत्काव्य श्री विरोधान्" पंक्तिबाट जानिन्छ। अमरकोशले लक्ष्मीका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विभिन्न नाम मध्ये एक श्री लाई पनि मानेबाट उक्त तथ्यको पुष्टि हुन्छ । अग्निको लागि खर्च नियत गरिएको उल्लेखले तत्समय यहाँ अग्निशालाको अस्तित्व भएको तिर संकेत गर्नु को अतिरिक्त उत्तर प्राचीनकालीन नेपालको याज्ञिक कर्मकाण्डको राम्रो प्रस्फुटन तिर स्पष्ट इङ्गित गर्दछ । उत्तरप्राचीनकालीन नेपालका सर्वप्राचीन स्वयम्भू अभिलेखमा पनि याज्ञिक कर्मकाण्डको उल्लेख भएबाट उक्त तथ्यको पुष्टि हुन्छ । अर्को, यहाँ श्रीकुलदेवको लागि खर्च नियत गरिएको छ । कुनै पनि कुल या घरको आफ आफ्नै संरक्षक देवताहरु हुन्छन् जसलाई कुल देवता भनिन्छ । कुल देवताको उल्लेख महाकवि कालिदासले कुमारसम्भव महाकाव्यमा गरेको छ ।

"तार्मचिताभ्यः कुलदेवताभ्यः कुलप्रतिष्ठां प्रणमय्य माता ।
अकारयत्कारयितव्यदक्षा क्रमेण पादग्रहणं सतीनाम् ।।२७।।

–कुमारसम्भवं सप्तमः सर्गः

यसले कमसेकम चारौं शताव्दी ई. मैं भारत एवं नेपालमा कुलदेवताको पूजा प्रचलनमा आइ सकेको कुरा विदित हुन्छ । यहाँ षष्ठीदेवीको उल्लेख आएबाट उत्तर प्राचीनकालका संस्कार पद्धतिमा समाजमा बच्चाहरुको छैठी गर्ने चलन पनि भएको स्पष्ट बुझिन्छ। किनभने षष्ठीदेवी षोड्श मातृकाहरु मध्ये एक हुनुको अतिरिक्त छैठीको दिन पूजिने मुख्य देवी हुन् ।

प्रस्तुत अभिलेखमा पीठाध्यक्षको वर्णन आएकोले उत्तरप्राचीन कालमा राजप्रासादको हेरचाहको लागि एक भिन्नै व्यक्तिको नियुक्ति गरिएको थियो भन्ने कुरा विदित हुन्छ । अमरकोश अनुसार पीठ शब्दले आसन भन्ने पनि बुझाउँछ ।

"गेन्दुकः कन्दुको दीपः प्रदीपः पीठमासनम् ।।१३८।।

–अमरकोशः, द्वितीयं काण्डम्, मनुष्यवर्गः

अमरकोशको उक्त पंक्तिले पीठाध्यक्ष यथार्थतः राजप्रासादको हेरचाहको लागि नियुक्त अधिकारी रहेको कुरालाई स्पष्टयाएको छ।

प्रस्तुत अभिलेखमा उत्कीर्ण स्थिति बन्धेजमा भट्टारकपादानाम् प्रत्येकम् औ मानगृहद्वार भनी उल्लेख भएको तथा कैलासकूट एवं भद्राधिवास आदि राजप्रासादहरुको कुनै वर्णन नभएको कुराबाट यो समय सम्म पनि मुख्य राजप्रासाद मानगृहनै भएको ज्ञात हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसमा कृतयुग शब्दको उल्लेख गरिएको छ जसले तत्समय यहाँ चतुर्युग विषयक ज्ञान भै सकेको कुराको जानकारी दिएको छ ।

सहायक ग्रन्थ

१. राहुल सांकृत्यायन लिखित "ऋग्वेदिक आर्य"
२. सत्यकेतु विद्यालंकार लिखित "भारतीय संस्कृति और उसका इतिहास" १९६८ ई.
३. अ. स. अल्टेकर लिखित "स्टेट एण्ड गवर्नमेण्ट इन अनशण्ट इण्डिया"
४. "पञ्चतन्त्र"
५. ए. एल. बाशम लिखित "अद्‌भुत भारत" १९६७ ई.
६. डि. सि. सरकारद्वारा सम्पादित "सेलेक्ट इन्स्क्रप्सन्स" १९६५ ई.
७. अमरसिंह विरचित "अमरकोश"
८. महाकवि कालिदास विरचित "कुमारसम्भव"
९. वि. एस. एप्ते लिखित 'संस्कृत इङ्गलीश डिक्सनरी" १९६८ ई.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ७६

१. स्वस्ति नैपालेभ्यः सकलजगद्विसारिकीर्त्तिरन—
२. तिवृत्तार्य्यादासेतुर्भगवत्पशुपतिभट्टा—
३. रकपादानुगृहीतो बप्पपादानुदूध्यातः श्रीमहासा—
४. मन्तांशुवर्मा कुशली कुण्डशुल्कतापनाधिकृता—
५. न्पुरतः कृत्वा पश्चिमद्वार प्रतिबद्धविषयप—
६. तितदायुक्तकशौल्किकगौल्मिकाडीङकुशलमाभाष्य
७. समाज्ञापयति विदितम्भवतु भवतां यथास्सा—
८. भिरेषां तेस्तुङ्ग्रामीणानाम् लोहचामरमृग—
९. रोमकस्तूरिकाकृततताम्रभाण्डन्यनिर्हार्य्याण्यवास्य
१०. तदन्यद्रव्याण्यादायोपक्रयार्त्थमितो१ निर्ग्गच्छता—
११. म्प्रसाद्ध्योपक्र (य)ञ्चान्तः प्रतिशतां शुल्कतापनादियथा—
१२. देयम्प्रतिमुक्तमेवंवेदिभिरस्मत्प्रतिबद्धजीवनै—
१३. रन्यैर्व्वा न कैश्चिदण्ययम्प्रसादोन्यथा कार्य्यो यस्त्वे—
१४. तामाज्ञामतिवर्त्त्यान्यथा प्रवर्तिष्यते तमहन्नरप—
१५. (ति) कृतमर्य्यादाभेदिनं न मर्षयिष्यामि भविष्यद्भि—
१६. (रपि भू) पतिभिः सुकृतविपाकोपनत...
१७. ... ...

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–७६
प्राप्तिस्थान–टिस्टुङ्ग्रामस्थित अभिलेख
मिति–×
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–स्वस्ति मैपालेभ्यः सकलजगद्दिसारि-
कीर्त्तिरनतिवृत्ताय्र्यमर्य्यादासेतुर्भगव-
त्पशुपतिभट्टारकपादानुगृहीतो बप्प-
पादानुद्ध्यातः श्रीमहासामन्तांशुवर्मा
प्रशासनिक पद–(१) श्रीमहासामन्त (२) विषयपति (३) शौल्किक
(४) गौल्मिक
धर्म, धार्मिक कार्य–×
शिलापत्र राखनाको उद्देश्य–राजाज्ञा जारी गरेको
शिलापत्र राखनेको नाम–श्रीमहासान्तांशुवर्मा
महानात्माहरुको समेत देवताहरुको नाम–भगवत्पशुपति
विहार, मन्दिरको नाम–×
अड्डा–×
कुनमा प्रकाशित–श्री हेमराज शाक्यद्वारा संकलित एवं संपादित "अभिलेख
प्रकाश" करुणा प्रकाशन, १९६९; "टिस्टुङ्ग चितलाङ्ग भेकको
ऐतिहासिक सामग्री"
शिलापत्रको शीर्षचिह्न–शिरोभागको बीचमा कलश र दायाँ बायाँ चक्र र शङ्ख
अंकित छन् ।
लिपि–ब्राह्मी
स्थान–(१) नेपाल (२) तेस्तुङ्ग ग्राम
संक्षिप्त विवरण–फलाम, चमर, ऊन, कस्तूरी र तामाका भाँडाकुँडाहरु बाहेक
अन्य वस्तुहरु लिई बाहिर गएर बिक्री सिद्ध्याई फर्केका
टिष्टुङ्ग वासीहरुलाई तिनीहरुले बुझाउनुपर्ने कुण्डशुल्कतापन
आदि दस्तूर माफी गरिएको कुरा प्रस्तुत अभिलेखमा वर्णित
छ ।
कैफियत–प्रस्तुत अभिलेखको अध्ययनबाट उत्तरप्राचीनकालीन नेपालको प्रशासन
सम्बन्धी केही कुराको जानकारी प्राप्त हुन्छ । त्यस समय नेपाल
देश विभिन्न विषय–जिल्लाहरुमा विभक्त गरिएको थियो औ गुप्त-
कालीन भारतको अनुरूप विषयका शासक विषयपति रहेका थिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषयका मुख्य प्रशासक हुंदा जिल्लाको प्रशासनमा तिनको विशेष भूमिका हुने कुरा स्वतः सिद्ध छ। तिनीमा आफ्नो अन्तर्गत अन्य कर्मचारीहरु पनि नियुक्त गर्ने अधिकार निहीत रहेको कुरा "…… कुण्डशुल्कतापनाधिकृतान्तपुरतः कृत्वा पश्चिमद्वारप्रतिबद्ध विषय पतितदायुक्तकशौल्लिककगौल्मिकाडीङ कुशलमाभाष्य समाज्ञापयति ……" पंक्तिबाट विदित हुन आएबाट उक्त भूमिकाको सहजै अनुमान गर्न सकिन्छ।

फेरि, फलाम, मृगचर्म, कस्तूरी, तामाका भाँडा आदि अनिर्हार्य वाहेक अन्य व्यापारीक वस्तुहरुको निर्यातमा कर छोडिएको कुराको उल्लेख यहाँ गरिएबाट उत्तरप्राचीनकालीन व्यापारको समुन्नति जानिनुको साथै तत्समय यहाँका शासकहरु नेपालको बाह्य व्यापारको अभिवृद्धि चाहन्थे भन्ने कुराको पत्तो हुन्छ। यसको अतिरिक्त यहाँ वस्तुहरुको निर्यातमा कर छोडिएको कुराको उल्लेखले उत्तरप्राचीन-कालीन नेपालमा व्यापारिक वस्तुहरुको आयात निर्यातमा पनि करको रूपमा भंसार लिइने व्यवस्था प्रचलित रहेको कुरा विदित हुन्छ। यहाँ विभिन्न वस्तुहरु माथि लाग्ने कर छोडेको कुराको उल्लेख हुनुको साथै कुण्डशुल्कतापनका कर्मचारीहरु भनी वर्णन गरिएबाट उत्तरप्राचीनकालीन करको विविधता थाहा पाइन्छ औ त्यस समय कुण्डशुल्कको रूपमा धार्मिक कर पनि लिइन्थ्यो भन्ने कुरा ज्ञात हुन्छ।

टिस्टुङ्ग ग्राममा आयात निर्यातका वस्तुहरुमा भंसार छोडिएको प्रस्तुत शिलालेखमा उल्लेख गरिएको कुराबाट उत्तरप्राचीनकालमा नेपालको बाह्य व्यापार टिस्टुङ्गको मार्ग भै हुन्थ्यो भन्ने कुराको संकेत पाइन्छ। यसमा कुनै शंका छैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ७७

१. स्वस्ति नैपालेभ्यः सकलजगद्विसारिकीर्त्तिरनतिवृत्तार्य्यमर्य्या-
२. दासेतुर्भगवत्पशुपतिभट्टारकपादानुगृहीतो बप्पपादानु—
३. ध्यातः श्रीमहासामन्तांशुवर्म्मा कुशली कुण्डशुल्कतापनाधिकृता-
४. न्पुरतः कृत्वाः पश्चिमद्वारप्रतिबद्धविषयपतितदायुक्तकशौल्किक-
५. गौल्मिकादीङ्कुशलमाभाष्य समाज्ञापयति विदितम्भवतु भव-
६. तां यथास्माभिरेषा ··· नग्रामीणानां लोहचामरमृगरो—
७. मकस्तूरिकाकृतताम्रभाण्डन्यनिर्हार्य्याण्यवास्य तदन्यद्रव्याण्या—
८. दायोपक्रयार्त्थमितो निर्गच्छताम्प्रसाद्धयोपक्रयश्चान्तः प्रविश—
९. तां शुल्कतापनादियथादेयम्प्रतिमुक्तमेवंवेदिभिरस्मत्प्र-
१०. तिबद्धजीवनैरन्यैर्वा न कैश्चिदण्ययम्प्रसादोन्यथा कार्य्यो
११. यस्त्वेतामाज्ञामतिवर्त्यान्यथा प्रवर्तिष्यते तमहन्नरपतिकृत—
१२. मर्य्यादाभेदिनन्न मर्षयिष्यामि भविष्यद्भिरपि भूपतिभिः
१३. सुकृतविपाकोपनत··· ···मिच्छद्भिर्गुरुकृतप्रसादा-
१४. नुयायिभिरेव भवितव्यमिति समाज्ञापना दूतकोत्र महाराज
१५. विप्रवर्म्मा संवत् ३१ प्रथम (पौष) ··· पञ्चम्याम्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–७७

प्राप्तिस्थान–तिस्टुङ्ग भट्टवालको अभिलेख

मिति–संवत् ३१ प्रथम ···पञ्चम्याम्

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) स्वस्ति नैपालेभ्यः सकलजगद्विसारिकीर्त्तिरनतिवृत्तार्य्यमर्य्यादासेतुर्भगवत्पशुपतिभट्टारकपादानुगृहीतो बप्पपादानुध्यातः श्रीमहासामन्तांशुवर्म्मा (२) दूतकोत्र महाराज विप्रवर्म्मा

प्रशासनिक पद–१) श्रीमहासामन्त २) विषयपति ३) शौल्किक ४) गौल्मिक ५) दूतक ६) महाराज

धर्म, धार्मिक कार्य–×

शिलापत्र राखनाको उद्देश्त–राजाज्ञा जारी गरेको

शिलापत्र राखनेको नाम–श्रीमहासामन्तांशुवर्म्मा

महानात्माहरुको समेत देवताहरुको नाम–भगवत्पशुपति

विहार, मन्दिरको नाम–×

अड्डा–×

कुनमा प्रकाशित–श्री हेमराम शाक्य द्वारा संकलित एवं संपादित "अभिलेख प्रकाश" करुणा प्रकाशन, १९६९; "तिष्टुङ्ग चितलाङ भेकको ऐतिहासिक सामग्री"

शिलापत्रको शीर्षचिह्न–शिरोभागमा बीचमा चक्र र दुइतिर फूलबुट्टायुत शङ्ख अङ्कित छन्।

लिपि–ब्राह्मी

स्थान–१) नैपाल २) ··· ···न ग्राम

संक्षिप्त विवरण–फलाम, चमर, ऊन, कस्तूरी र तामाका भाँडाकुंडाहरु बाहेक अन्य वस्तुहरु लिई वाहिर गएर बिक्री सिद्धचाई फर्केका ग्रामवासीहरुलाई तिनीहरुले बुझाउनु पर्ने कुण्ड शुल्क तापन आदि दस्तुर माफी गरिएको कुरा प्रस्तुत अभिलेखमा वर्णित छ।

कैफियत–तिष्टुङ्ग र प्रस्तुत अभिलेखका वेहोर। एउटै भएकोले तिष्टुङ्गको अभिलेखको वर्णनक्रममै गैसकेका कुराहरुलाई यहाँ फेरि दोहऱ्याई रहनु अनावश्यक देखिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ७८

१. ॐ एकत्रिंशत्तमे वर्षे वर्तमाने स्वसंस्थया
माघशुक्लत्रयोदश्याम्पुष्येण सवितुर्दिने १
२. ... ... शीर्णमवलोक्य ... ... माद्यं
हैमं हरेर्भगवत: कवचं सताद्‌र्यम्
३. ... ... मवाप्य जगद्धितार्थं
सञ्चस्कृवान्नरपतिः पुनरंशुवर्मा . २

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–७८

प्राप्तिस्थान–चांगुनारायणको सुनको कवचको मनि रहेको सुवर्णपत्रमा उत्कीर्ण अभिलेख

मिति–संवत् ३१ माघशुक्लत्रयोदशी आदित्यवार पुष्यनक्षत्र

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–नरपति अंशुवर्मा

प्रशासनिक पद–×

धर्म, धार्मिक कार्य–वैष्णव धर्म, सकाम कर्म

सुवर्णपत्र राख्नाको उद्देश्य–जगत्को हितका निमित्त

सुवर्णपत्र राख्नेको नाम–राजा अंशुवर्मा

महानात्माहरुको समेत देवताहरुको नाम–१. भगवतः हरि २. तार्क्ष्यः (गरुड) ३. सविता

विहार, मन्दिरको नाम–×

अड्डा–×

कुनमा प्रकाशित–श्रद्धेय गुरु टंक प्रसाद शर्मा ढकालज्यूको सौजन्यबाट

सुवर्णपत्रको शीर्षचिह्न–×

लिपि–ब्राह्मी

स्थान–×

संक्षिप्त विवरण–जगत्को हितका निमित्त राजा अंशुवर्माले भगवान् नारायणको पहिलेको सुनको कवच र गरुड कालक्रमले जीर्ण भएको हुंदा पुरानै बमोजिम सम्पूर्ण जिर्णोद्धार गरेको कुरा प्रस्तुत अभिलेखमा वर्णित छ ।

कैफियत–प्रस्तुत सुवर्णपत्राभिलेख उत्तरप्राचीनकालीन नेपालका अभिलेखहरुमा महत्वपूर्ण विशेखताहरुले युत छ । तत्समयका आजसम्मन् जत्तिपनि अभिलेखहरु पाइएका छन् ती सबै शिलामैं उत्कीर्ण छन् । जबकि भारतीय अभिलेख स्थापन परम्परामा शिलाको अतिरिक्त धातुमा उत्कीर्ण अभिलेखहरुपनि यथेष्टमात्रामा देखिएका छन् । यो निश्चय छ कि संक्षिप्त शक संवत् ७१ को देवपाटन कसाईं टोलको अभिलेखको अध्ययनमा तत्समय तामापत्र प्रतिष्ठापन गर्ने चलन पनि रहेको कुरा विदित हुन आएको थियो । तर, तत्समयका धातुमा उत्कीर्ण अभिलेखहरु अहिलेसम्मन् कुनै प्राप्त हुन नआएकोले इतिहासप्रेमी व्यक्तिहरुको लागि ज्यादै खट्किने कुरो भैरहेको थियो जुन यो सुवर्ण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पत्राभिलेखको प्राप्तिले अभाव पूर्तिमात्र नगरी तिनीहरुको हृदयलाई आनन्दित पनि गराएको छ। किनभने माथि वर्णन गरिए अनुसार यो अभिलेख अनेकौं विशेषताहरुले युक्त छ।

भारतको इतिहासमा सर्वप्रथम गुप्त संवत् १६५ (४८४ ई.) को एरण अभिलेखमा वार समेत उत्कीर्ण गरिएको थियो।[१] तर, अहिले सम्मन प्राप्त उत्तरप्रचीनकालीन कुनै पनि अभिलेखहरुमा वारको नाम देखिएको थिएन। जसले तत्समयको नेपालमा प्रचलित संवत्को गणनाद्वारा यथार्थता निरूपण गर्ने कार्यमा असुविधा पारि राखेको थियो। यो अभिलेखमा संवत्, नक्षत्र, महिना आदिको अतिरिक्त बारको पनि उल्लेख छ। यसले भारतमा उपरोक्त अभिलेखको विशेष महत्व रहे सरी प्रस्तुत अभिलेखले नेपालको इतिहासमा आफ्नै स्थान ओगटेको छ।

प्रथम शताब्दी ई. को आरम्भ देखिनै भारतमा अक्षरले संवत् लेख्ने रीतिको प्रयोग देखिए[२]तापनि नेपालमा प्रस्तुत अभिलेखमा मात्र आई उक्त प्रकारले संवत् लेख्ने रीतिको सर्वप्रथम प्रयोग देखिएको छ। अक्षरले संवत् लेख्ने रीतिमा उल्टो गणना गर्ने चलन देखिएर ब्राह्मी र खरोष्ठि लिपिको स्रोत एउटै होकि? भन्ने बारे सत्यासत्यको निरूपणमा यो पनि सहायक बन्न सक्ने कुरा निश्चितनै लाग्दछ।

प्रस्तुत अभिलेख छोटो भएर पनि नेपालको धार्मिक एवं कलात्मक इतिहास थाहा लिने दिशामा ठोस उपलब्धि मान्न सकिन्छ।

---

१. "जयति विभुश्चतुर्भुजश्चतुरर्णव-विपुल-सलिल-पर्य्यङ्कः [।]
जगतः स्थित्युत्पत्ति-न्य[यादि]हेतुर्गरुड-केतुः(॥) १
शते पञ्चषष्ठ्यधिके वर्षाणां भूपतौ च बुधगुप्ते।
आषाढ-मास-[शुक्ल]द्वादश्यां सुरगुरोर्द्दिवसे।[।]२"
—एरण शिलास्तम्भलेख, गु. सं. १६५ (४८४ ई.)
हेर्नोस्-डि. सि. सरकारद्वारा संपादित "सेलेक्ट इन्स्क्रिप्सन्स", कलकत्ता विश्वविद्यालय, १९६५ ई., पृ. ३३५

२. "[संवत्स] रये अठसततिमए ... ... पंचमे"
—तक्षशिला ताम्रपत्राभिलेख, २१ई.
हेर्नोस्- डि.सि. सरकारद्वारा संपादित "सेलेक्ट इन्स्क्रिप्सन्स", कलकत्ता विश्वविद्यालय, १९६५ ई., पृ. १२४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किनभने यसमा चाङ्गुनारायणको कालक्रमले जीर्ण भएको पुरानो कवच र गरुड पहिलेकै जस्तो गरी राजा अंशुवर्मालि जीर्णोद्धार गरेको कुरा वर्णित छ । यसले चाङ्गुनारायण बारे अध्ययन गर्ने महत्वपूर्ण सामग्री प्रस्तुत गरेको छ । यो सुवर्णपत्राभिलेख नारायण मूर्तिको सुनको कवचमैं जडिएको हुनाले चाङ्गुनारायणको आजको मूर्तिको ऐतिह्य थाहा पाउने ठोस आधार स्वरूप छ । चाङ्गुनारायणको संस्थापन कार्य अनुमानतः तृतीय, चतुर्थ शताब्दी ई. मैं भैसकेको कुरा शक संवत् ३८६ (४६४ ई.) को चाङ्गु स्तम्भाभिलेखमा राजा मानदेवले नारायणको पूजासाथ गरुडध्वज चढाएको कुरा वर्णित भएबाट थाहा हुन आएको थियो । अंशुवर्माको प्रस्तुत अभिलेख पनि यसबारे यथार्थ ज्ञानको लागि सहायक स्वरूप छ । यसमा कुनै शंका छैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ७९

१. स्वस्ति कैलासकूटभवनाद ... ...
२. नो भगवत्पशुपतिभट्टारक (पादानुगृहीतो बप्पपादानुध्या)
३. तः श्रीमहासामन्तांशुवर्मा कु(शली)... ... ...
४. गृहिक्षेत्रिकादिकुटुम्बिनो य(थार्हम्प्रतिमा) न्यानु (दर्शयति वि)
५. दितम्भवतु भवताङ् गृहक्षेत्रादिश्रावणिकादान ... ...
६. भिरयम्मर्यादाबन्धः कृत एतेन भवद्भिर्व्यवहर्तव्यं यत्र (भगव)
७. तः पशुपतेः पु ६ प २ दोलाशिखरस्वामिनः पु ६ प २...
८. गुं विहारस्य पु ६ प २ श्रीमानविहारस्य पु ६ प २ श्रीरा(ज)
९. विहारस्य पु ६ प २ खर्जुरिकाविहारस्य पु ६ प २ म(ध्य)
१०. मविहारस्य पु ६ प २ सामान्यविहाराणां पु ३ प १ रामेश्व-
११. रस्य पु ३ प १ हंसगृहदेवस्य पु ३ प १ मानेश्वरस्य पु ३
१२. प १ साम्बपुरस्य पु ३ प १ वाग्वतीपारदेवस्य पु ३ प १ धारा
१३. मानेश्वरस्य पु ३ प १ पर्वतेश्वरदेवस्य पु ३ प १ नरसिंह
१४. देवस्य पु ३ प १ कैलासेश्वरस्य पु ३ प १ भुम्भुक्किकाजलश
१५. यनस्य पु ३ प १ तदन्यदेवकुलानाम् पु २ प २ श्रीभट्टारक
१६. पादानाम् पु ६ प २ सपेलापाञ्चाल्याः पु ६ प २ सामान्य
१७. पाञ्चाल्याः पु ३ प १ राजकुलवस्तुना नियुक्तमनुष्यस्य
१८. पु २ प २ गौष्ठिकाणां पु २ प २ कृतप्रसादस्य पु १ ब्राह्मणा (नां)
१९. पु १ सामान्यमनुष्याणाम्पु ... ... यं व्यवहार प
२०. न चायम्मर्यादाबन्धः कैश्चि ... यो यतः
२१. प्रजाहितार्थोद्यतशुद्धचेतसां(शुवर्मणा) श्रीकलहाभिमानिना
२२. कथम्प्रजा मे सुखिता भवेदि(ति)प्रियन्व्यवस्थेयमकारि धीमता
२३. संवत् ३२ आषाढशुक्लत्रयोदश्याम् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.– ७९

प्राप्तिस्थान–हाडिगाउँको शिलालेख

मिति–संवत् ३२ आषाढशुक्लत्रयोदश्याम्

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) स्वस्ति कैलासकूटभवनाद... ... ... नो भगवत्पशुपतिभट्टारक (पादानुगृहीतो बप्पपादानुध्या-) तः श्रीमहासामन्तांशुवर्मा

प्रशासनिक पद–महासामन्त

अड्डा–×

शिलापत्र राख्नाको उद्देश्य–राजाज्ञा जारी गरेको

शिलापत्र राख्नेको नाम–श्रीमहासामन्तांशुवर्मा

महानात्माहरुको समेत देवताहरुको नाम–१) भगवतः पशुपतेः २) दोलाशिखर-स्वामी ३) रामेश्वर ४) हंसगृहदेव ५) मानेश्वर ६) साम्बपुर ७) वाग्वती-पारदेव ८) धारामानेश्वर ९) पर्वते-श्वरदेव १०) नरसिंहदेव ११) कैलासे-श्वर १२) भुम्भुक्किकाजलशयन

विहार, मन्दिरको नाम–१)... गुंविहार २) श्रीमानविहार ३) श्रीरा(ज)विहार ४) खर्जूरिकाविहार ५) म(ध्य)मविहार (६) सामा-न्यविहार

धर्म, धार्मिक कार्य–×

कुनमा प्रकाशित–आर. नोलीद्वारा XXXVI संख्या; सिल्वांलेवीद्वारा १४ संख्या; "पूर्णिमा" १४ पूर्णाङ्क, प्रकाशकः संशोधनमण्डल

शिलापत्रको शीर्षचिन्ह–शिरोभागमा एउटा चक्र र दुइवटा शंख अङ्कित छन्।

लिपि–ब्राह्मी

स्थान—......

संक्षिप्त विवरण—खेतीवाल, गृहस्थी आदिका घर, खेत इत्यादिमा लाग्ने श्रावणिका सम्बन्धी स्थिति बन्धेज बाँधी प्रस्तुत शिलालेखमा राजाज्ञा उत्कीर्ण गरिएको छ।

कैफियत– प्रस्तुत अभिलेखमा श्रावणिका दानको उल्लेखले हिजो आज श्रावण महिनामा हुने राखी पूर्णिमा पर्वको प्राचीनता बारे थाहा लिने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महत्त्वपूर्ण सामग्री प्रस्तुत गरेको छ । धर्मसूत्रकालमा श्रावणी पूर्णिमाको उत्सव विशेषतः दुःष्टताको प्रतीक सर्पको संतुष्टिको लागि गरिन्थ्यो । हिजो आज यहाँ प्रचलित श्रावणी पर्व धर्मसूत्र-कालीन श्रावणीकै दोस्रो रूप हो । जुन राखी यो पर्वमा मित्रहरु एक दोस्रोलाई बाँध्छन्, बहिनीहरु प्रेमले आपना भाइहरूलाई बाँध्छिन् औ ब्राह्मणहरु अन्य वर्णका मानिसहरुलाई बाँध्दछन्, त्यो यथार्थतः सर्प अर्थात् दुःष्ट जनहरुबाट त्राण पाउनको लागि तिनी-हरुको प्रेम एवं स्नेहमा आबद्ध आपसी एकताको प्रतीक स्वरूप प्रण थियो । पुराण अनुसार राखी अर्थात् रक्षाबन्धन पर्वको पृष्ठ–भूमि पनि त्यहीनै छ । रक्षादेवीको आराधना विष्णुले छलले बलिको दमन गरी धर्मको रक्षा गरेको उपाख्यान मैं सर्व प्रथम दृष्टिगत हुन्छ । पुराणमा वर्णित रक्षादेवीको स्तुति यसको लागि उदाहरणस्वरूप छ ।

"येन बद्धो बली राजा दानवेन्द्रो महाबलः ।
तेन त्वां प्रतिबध्नामि रक्षे ! माचल माचल ॥"

पुराणको उक्त उपाख्यानसित मिल्दो जुल्दो एक कथाको उल्लेख जैन हरिवंश पुराण तथा उत्तराध्ययन सूत्रमा पनि आएको छ । जसमा ऋद्धिधारी मुनि विष्णुकुमारले वामन रूप लिई छल-द्वारा बलिलाई वचनबद्ध पारेर मुनिसंघको दुःख मोचन गरी धर्मको रक्षा गरेको कुरा वर्णित छ । उपरोक्त कारणहरुले यो श्रावणी पर्व-मा दान दिनु अर्थात् एक दोस्रोको कल्याणको लागि त्यागको भावना राख्नु ठूलो पुण्य मानिन्छ । प्रस्तुत अभिलेखमा श्रावणिकादानको लागि व्यवस्था बाँधी राजाज्ञा उत्कीर्ण गरिएबाट उत्तरप्राचीन कालीन नेपालमा श्रावणी पर्वको लोकप्रियता यथेष्ट मात्रामा रहेको कुरा सिद्ध हुन्छ ।

यस अभिलेखमा उल्लिखित उत्तरप्राचीनकालीन विभिन्न देवता, विहार, पाञ्चाली आदिका लागि नियत गरिएका अनुदान रकममा विभिन्नता देखिएकोले त्यस समय तिनीहरु एउटै समूहमा पनि विभिन्न स्तरका मानिएका कुराको पत्तो हुन्छ । तत्कालीन देव समूहमा पशुपति र चाङ्गुनारायणलाई सबभन्दा बढि रकम नियत गरिएको उल्लेखले त्यसबेला नेपालका आराध्य देवताका रूपमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ती दुवैलाई मानिएको कुरा सिद्ध छ ।

प्रस्तुत लेखमा उल्लिखित वर्णन अनुसार मध्यकाल एवं वर्तमान कालमा बहाल र बही गरी विहारका दुई किसिम प्रतिष्ठापित भएको देखिए जस्तै उत्तरप्राचीनकालमा पनि यहाँ विहारहरु दुई प्रकारका रहेको कुरा श्रीमानविहार, खर्जुरिकाविहार आदिलाई ६ पुराण २ पण औ सामान्य विहार नामले अरु विहारहरुलाई ३ पुराण १ पण मात्र प्रदान गर्ने नियम यसमा उत्कीर्ण गरिएबाट स्पष्ट रूपले देखिन्छ।

फेरि, यस अभिलेखमा विहारहरुको नामक्रममा मध्यम विहार नामक विहारको उल्लेख आएको छ जुन खास विशेषतायुत छ। भगवान् बुद्धद्वारा उपदिष्ट मार्ग नैं मध्यम मार्ग हो जुन बौद्ध धर्मको शिलाभित्ति रहेको छ । मृगदावमा भगवान् बुद्धले जुन धर्मोपदेश गरेका थिए त्यसमा उक्त तथ्यको स्पष्ट चित्रण भएको छ । बुद्धले भने—"भिक्षुहरु हो, मार्ग दुई छन्–एक अत्यन्त तपको, दोस्रो अत्यन्त विलासको–दुवैनं अश्रेयस्कर छन् । भिक्षुहरु हो, एक तेस्रो मार्ग छ-तथागतले देखेको-बीचको-मज्झिम पटिपदा (मध्यम प्रतिपदा-मार्ग)-न अत्यन्त तपको, न अत्यन्त विलासको–कल्याणकारी ।"[१] यसरी प्रस्तुत अभिलेखमा उल्लिखित एक विहारको नामनै मध्यम विहार रहेकोको वास्तविक आशय भगवान् बुद्धद्वारा पुनरुद्धार गरिएको सनातन आर्य धर्मरूपी मार्गको नामनैं मध्यम मार्ग हुंदा भएको हो भन्ने स्पष्ट छ ।

अर्को, यस अभिलेखमा सपेला पाञ्चाली, सामान्य पाञ्चाली आदि भनी उल्लेख गरिएबाट त्यस समय यहाँ पाञ्चालीहरु दुई

---

१. मध्यम मार्गको प्रतिपादन विषय एक रोचक एव सत्यप्रद कथा छ जुन निम्न प्रकार छ।–

बोधगयाको निकट उरुवेलामा सिद्धार्थ गौतम कठिन तपमा तल्लीन रहेको समय उरुवेलाका नर्तकीहरु त्यही बाटो गीत गाउँदै नाच्दै आए। तिनीहरुको गीतको आशय थियो–"वीणाका तारलाई ज्यादै खुकुलो नगर, होइन भने त्यो बज्दैन । वीणाका तारलाई ज्यादै नतन्काऊ, होइन भने त्यो चुँड्ने छ ।" सिद्धार्थले नर्तकीहरुका उक्त गीतबाटै सर्वप्रथम मध्यम मार्गको ज्ञान आर्जन गरेका थिए। जुन तिनीद्वारा उपदिष्ट धर्मको पछि गएर शिलाभित्ति हुन गयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकारका छन् भन्ने कुरा देखिन्छ। पाञ्चाली विषयक वर्णन संवत् ५२० को खोपासीको अभिलेखको वर्णनक्रममा गै सकेको हुंदा यहाँ फेरि त्यसलाई दोहऱ्याई रहनु अनावश्यक सम्झेको छुं।

प्रस्तुत अभिलेखमा श्रावणिकादानको उल्लेखले उत्तरप्राचीन कालीन नेपालमा धार्मिक कर लिने चलन रहेको कुरा स्पष्ट छ।

फेरि, यस लेखमा "कथम्प्रजा मे सुखिता भवेदि (ति) प्रियव्यवस्थेयमकारि धीमता" भनी उल्लेख गरिएबाट अंशुवर्मा दुनियांको हितमा दत्तचित्त रहने औ दुनियांको कल्याणलाइनै सर्वोपरि विचार्ने महान् मानवी हृदय भएको राजा प्रमाणित हुन्छ।

सहायक ग्रन्थ

१. आर. सि. दत्त लिखित "प्राचीन भारतकी सभ्यताका इतिहास" १९६६ ई.
२. सत्यकेतु विद्यालङ्कार लिखित "भारतीय संस्कृति और उसका इतिहास" १९६८ ई.
३. डा. भगवतशरण उपाध्याय लिखित "प्राचीन भारतका इतिहास" १९५७ ई.
४. ज्योति प्रशाद जैन लिखित "हस्तिनापुर"

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ८०

१. कर्णालङ्काररौद्रश्वस दहिपवनव्यस्तपर्यस्त (के)शं
२. प्रत्य ग्रच्छेदतापा (न्वि)तरुधिर शिरोमालभा — — —(।)
३. उच्चैर्मुक्ताट्टहासम्परिविगलद सृङ्नागचर्मोत्तरी (यं)
४. पायात्तद्रूपमैशं हिमगिरितनयाभीतभीतेक्षितं वः (।।)
५. स्वस्ति क्षितितलतिलकभूतात्कुतूहलिजनतानिमेष-
६. नयनावलोक्यमानात्कैलासकूटभवनात्प्रजाहित-
७. समाधानतत्परो भगवत्पशुपतिभट्टारकपादा-
८. नुगृहीतो बप्पपादानुध्यातः श्रीमहासामन्तांशुवर्मा
९. कुशली शङ्गाग्रामनिवासिनः कुटुम्बिनः प्रधानपु-
१०. रस्सरान् कुशलमाभाष्य समाज्ञापयति विदितम्भव-
११. तु भवतामस्माभिः हाह्मुं वस्तु द्वादश तैलघटाः कूह्नं
१२. वस्तु च पञ्च भवताम्पीडाकरमित्यवगम्य युष्मत्पी-
१३ डापनोदार्थमद्याग्रेण प्रतिमुक्तास्तदेवमवसाय
१४. नातः परेणैतद्वस्तु तैलङ्कस्यचिद देयं भविष्यद्भिरपि
१५. भूपतिभिः पूर्वराजकृतप्रसादानुवर्त्तिभिरेव भवि-
१६. तव्यमिति स्वयमाज्ञा दूतकश्चात्र सर्वदण्डनायको
१७. राजपुत्रविक्रमसेनः संवत् ३२ भाद्रपदशुक्लदिवा
१८. तैल्यशालासु करणीयं — — — धिकरणविवर्जि-
१९. तानि ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ८०
प्राप्तिस्थान–सांगाको शिलालेख
मिति–संवत् ३२ भाद्रपदशुक्लदिवा १
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) स्वस्ति क्षितितलतिलकभूता-
त्कुतूहलिजनतानिमेषनयनावलो-
क्यमानात्कैलासकूटभवनात्प्रजा -
हितसमाधानतत्परो भगवत्पशु-
पतिभट्टारकपादानुगृहीतो बप्पपा-
दानुध्यातः श्रीमहासामन्तांशुवर्मा
(२) दूतकश्चात्र सर्वदण्डनायको
राजपुत्रविक्रमसेनः

प्रशासनिक पद–(१) महासामन्त (२) दूतक (३) सर्वदण्डनायक
अड्डा–×
शिलापत्र राख्नुको उद्देश्य–राजाज्ञा जारी गरेको
शिलापत्र राख्नेको नाम–श्रीमहासामन्तांशुवर्मा
महात्माहरुको समेत देवताहरुको नाम–(१) हिमगिरितनया (पार्वती) (२)
रुद्र (३) ईश (४) भगवत्पशुपति

विहार, मन्दिरको नाम–×
धर्म, धार्मिक कार्य–शैवधर्म
कुनमा प्रकाशित–सिल्वाँलेवीद्वारा १५ संख्या; आर. नोलीद्वारा XXXVII
संख्या; "पूर्णिमा" ७ पूर्णाङ्क, प्रकाशकः संशोधन मण्डल
शिलापत्रको शीर्षचिन्ह–शिरोभागमा दुइटा चक्र अङ्कित छन् ।
लिपि–ब्राह्मी
स्थान–(१)शङ्गाग्राम (२) हिमगिरि
संक्षिप्त विवरण– महासामन्त अंशुवर्माले शङ्गाग्रामवासीहरुलाई कुशलमङ्गल
सोधेर तिनीहरुको दुःखलाई महसूस गर्दै तिनीहरुले करको
रूपमा सरकारलाई बुझाउँदै आएका हाह्मुं, कुह्मु, तथा
तेलका बाह्र घडा आइन्दा बुझाउनु नपर्ने गरी निगाह
गरेको कुरा प्रस्तुत अभिलेखमा वर्णित छ ।
कैफियत– प्रस्तुत अभिलेखको प्रारम्भमा महादेवको रौद्ररूपको वर्णन संक्षिप्त
रूपले प्रौढ संस्कृत कवितामा गरिएको छ । वैदिक र पौराणिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वाङ्मयमा महादेवका संहारक एवं कल्याणकारी दुवै रूपका वर्णन छन् । जब शिव दुःष्टहरुको दमन र सृष्टिको प्रलय गर्दछन् त रुद्र रूप धारण गर्दछन् । जब त्यही देव प्रसन्नभै सृष्टिको पालन रूप धारण गर्दछन् त शिव र शंकर भनिन्छ । वैदिक वाङ्मयमा रुद्रको सत्ता स्पष्ट छ । रुद्र; जो कि एक भयानक देवता छ, मरुत्सका पिता छन् । रुद्रले कोलाहल गराउँदछन् जस्तो कि तिनको नामले नै प्रकट हुन्छ । यास्क र सायन भाष्यकारहरुले तिनको रूप अग्नि मानेका छन् । ऋग्वेदले अग्नि र रुद्रलाई एउटै मानेर अग्निलाई महोदेव र शम्भु भनी वर्णन गर्नुको अतिरिक्त रुद्र र अग्निको समीकरण गर्दै अग्निमा निहीत अरुष, अषल्ह, उग्र, तथा सहमन जस्ता गुणहरु रुद्रको नाममा प्रयोग गरिएका छन् । हेर्नुस्–ऋ ४-५८-३; ७-३५-१०; २-१-६) ब्राह्मण ग्रन्थहरुमा पनि अग्निलाई नै रुद्रका स्वरूप मानेका छन् ।

"यो वै रुद्रः सोऽग्निः"

–श. ५।२।४।१३

"पशूनांपती रुद्रोऽग्निरिति"

–श. ११७।३८

अग्निका दुई रूप छन्– घोर र अघोर । अग्निका घोर रूपले रुद्रको प्रतीक हो; रुद्र साँचो मानेमा प्रलयका देवता हुन् । तर, संहार पनि सृष्टिको समान एक आवश्यकता छ । संहार विना नूतन सृष्टिमा शिवत्त्व प्रदान गर्न सकिदैंन । घोर रूप विना शिवको प्राप्ति सम्भव छैन । यहीन कारण छ विश्व कल्याणको लागि महादेवको प्रलयंकारी भयावह रूपको प्रार्थना मानिसहरु गर्दछन् ।

"स्पष्टव्याकृष्टदंष्ट्रा विकटमुखतटोत्तालदंष्ट्रान्तराल
न्यस्तब्रह्माण्डखण्डग्रसनघनढणात्कारकोलाहलिन्यः
चण्डीनाथस्य युष्मानविरलविसर्ज्जत्रलालाटनेत्र–
ज्वाला हेलानिपीतप्रलयजलधयः पान्तु कल्पान्तलीलाः"

यसै सन्दर्भमा प्रस्तुत अभिलेखको रुद्रस्तुतिलाई लिन सकिन्छ । यसमा महादेवको रौद्र रूपको वर्णन गर्दै सम्पूर्ण मानवताको कल्याण कामना गरिएको छ । तर, महादेवमा उक्त प्रार्थना पुग्छ, पुग्दैन भन्ने कुरामा शंका छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"दोषाकरः शिरसि हन्त गले द्विजिह्वः
पाषाणजा सहचरी पशुरन्तरङ्गः ।
दुःखं निवेदयात को मम दीनबन्धो !
त्वंचेत्रिलोचन! निमीलित लोचनोऽसि ॥"

फेरि, प्रस्तुत अभिलेखका "क्षितितलतिलकभूतात्कुतूहलिजनतानिमेषनयनावलोक्यमानात्कैलासकूटभवनात्" पंक्तिले कैलाशकूट भवनको दर्शनीय भव्यतामाथि राम्रो प्रकाश पारेको छ ।

हाह्मं, कुह्मं, शङ्गा आदि शब्दहरुको प्रयोगले त्यस समय नेवारी भाषाका शब्दहरुको व्यापक प्रचार रहेर नेवारी भाषा जनसमुदायको आफ्नो भाषा रहेको कुरा विदित हुन्छ ।

यहाँ तैल्यशालाको उल्लेख भएबाट उत्तरप्राचीनकालीन नेपालमा तेलको व्यवसायको लागि शङ्गा ग्राम प्रख्यात रहेको कुरा थाहा हुन्छ । फेरि, हाह्मं, कुह्मं, तेलका घडाहरु आइन्दा बुझाउनु पर्दैन भनी वर्णन गरिएबाट त्यस समय ती वस्तुहरु माथि कर लिइने परिपाटी रहेको कुरा जानिन्छ ।

यस अभिलेखमा अहि, नाग (हात्ती) जस्ता सरिसृप तथा पशुहरुका उल्लेख आएका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ८१

१. स्वस्ति कैलासकूटभवनाद्भगवत्पशुपति [भट्टारकपादा]-
२. नुगृ[हीतो]बप्पपादानुध्यातः श्री [महासामन्तांशुवर्मा]
३. कुशली वर्तमान भविष्यतो मा — — — - [कु]-
४. शलमाभाष्य समाज्ञापयति विदितम्भवतु भवतां [यथास्माभि]-
५ र्माटिन्देवकुलमर्धविनिपतितेष्टकापंक्तिविवरप्रविष्ट-
६. नकुलकुलाकुलितमूषिकासार्थदूरविघटितनिरव-
७ शेषद्वारकवाटवातायनादिजीर्णदारुसङ्गातं यत्नतः
८. प्रतिसंस्कार्य तस्य दी[र्घ]तरपश्चात्कालसौस्थित्यनिमित्तं
९. तदक्षयनीविप्रतिबद्धमेवं मातिङ्ग्रामस्य दक्षिणतो राज-
१०. भोग्यतामापन्नं विंशतिकया चतुःषष्टिमानिकापिण्डकां क्षे-
११ त्रम् दक्षिणपश्चिमतश्च षण्मानिकाविण्डकं माटिङ्ग्रामपा-
१२. ञ्चालिकेभ्यः प्रतिपादितमेवंवेदिभिर्न कैश्चिदस्मत्पाद-
१३. प्रतिबद्धजीवनैरन्यैर्वायन धर्माधिकारोन्यथा करणीयो
१४. यस्त्वेतामाज्ञामुल्लङ्घ्यान्यथा कुर्यात्कारयेद्वा तं वयन्न म-
१५ र्षयिष्यामो भविष्यद्भिरपि भूपतिभिर्धर्मगुरुभिर्धर्माधि-
१६. कारप्रतिपालनादृतैर्भवितव्यम् संवत् ३४ प्रथमपौष-
१७. शुक्लद्वितीयायाम् दूतकोत्र महाबलाध्यक्ष विन्दुस्वामी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.-८१
प्राप्तिस्थान-ललितपुर सुनधारास्थित अभिलेख
मिति-संवत् ३४ प्रथमपौषशुक्लद्वितीयायाम्
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत-(१) स्वस्ति कैलासकूटभवनाद् भगवत्पशुपतिभट्टारकपादानुगृहीतो बप्पपादानुध्यातः श्री ... ...
(२) दूतकोत्र महाबलाध्यक्ष विन्दु-स्वामी
प्रशासनिक पद-(१) दूतक (२) महाबलाध्यक्ष
अड्डा-×
शिलापन राख्नाको उद्देश्य-राजाज्ञा जारी गरेको
शिलापत्र राख्नेको नाम-×
महानात्माहरुको समेत देवताहरुको नाम-(१) माटिन्देव (२) भगवत्पशुपति
विहार, मन्दिरको नाम-माटिन्देवकुल (मन्दिर)
धर्म, धार्मिक कार्य-×
कुनमा प्रकाशित-आर. नोलीद्वारा XXXVIII संख्या; वेण्डालद्वारा २ संख्या
शिलापत्रको शीर्षचिह्न-×
लिपि-ब्राह्मी
स्थान-(१) माटिङग्राम (२) माटिङग्राम पाञ्चाली
संक्षिप्त विवरण-माटिङग्रामस्थित देवमन्दिरलाई न्याउरी मूसाहरुले मूसा मार्नको लागि त्यसको ढोका, झ्यालहरुको गारो, काठ आदिका स्थान-स्थानमा खनेर प्वालहरु पारेबाट जीर्ण भएको राम्रोसंग जिर्णोद्धार गरेर त्यो पछिसम्म असल अवस्थामा रहिरहोस् भनी पाञ्चालीलाई खेत सुम्पेको कुरा प्रस्तुत शिलालेखमा वर्णन गरिएको छ ।
कैफियत-उत्तरप्राचीनकालमा मन्दिर, विहार आदिको जिर्णोद्धारको काम विशेषतः सरकार स्वयंले गर्ने नभै पाञ्चाली, गोष्ठी वा व्यक्तिहरुद्वारा सम्पादित हुन्थ्यो भन्ने कुरा उत्तरप्राचीनकालीन अभिलेखहरुले दर्शाएका छन् । प्रस्तुत शिलालेखमा पनि देवमन्दिरहरुको जीर्णोद्धारको निम्ति राजाज्ञाद्वारा पाञ्चालीलाई भूमि प्रदान गरेबाट उक्त तर्कको पुष्टचाइँ हुन्छ । यसरी सार्वजनिक स्थल, मन्दिर, विहार आदिको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हेरचाह र प्रतिसंस्कारादिको काम स्थानीय संस्था–पाञ्चाली, गोष्ठि आदिहरुलेनैं विशेष गरी हेर्ने परिपाटी उत्तरप्राचीनकालमा रहेको विदित हुन्छ ।

यहाँ न्याउरी मूसा तथा मूसाहरुको बारेमा पनि उल्लेख परेको छ ।

यहाँ फेरि "विंशतिकया चतुःषष्टियानिकापिण्डकां क्षेत्रम्" भनी उल्लेख गरिएबाट बीस–बीसको हिसाबले गिन्ती गर्ने चलनको ऐतिहासिकता अवश्य थाहा हुन्छ । यस चलनको पहिलो उल्लेख शक संवत् ४९२ को ल. पु. मङ्गलबजारको अभिलेखमा आएको थियो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ८२

१. स्वस्ति (कैलासकूटभवना) द्भगवत्पशुपतिभट्टारकपा(दा)
२. नु(ध्यातो) ब(प्पपादानुगृहीतः) श्रीमहासामन्तांशुवर्मा (कु)
३ (शली)शु ... ... (ग्राम) निवासोपगतान् (कुटुम्बि)
४. (नो य)थाप्र(धान)ङ्कु (शलमाभाष्य) समा(ज्ञाप)यति (विदि-
तम्भवतु)
५. (भ)वतां कर्मलीतीशङ्करनारायणस्य ... ...
६. म सम्यक्प्रतिपालनात्पश्चिमा ... ...
७. तकम्प्रतिमुच्य ... ... मधिक ...
८. श्यङ्कृत्वा प्रतिसंस्कृत्य मया वः ... ...
९. म्प्रसादः कृतस्तदेवमधिगतार्थैर्न (कैश्चिदल्पापि)
१०. पीडा विधेया यस्त्वेतामाज्ञां ...
११. न्न मर्षयिष्यामि भविष्यद्भिर(पि भूपतिभिः पूर्व्वराज)
१२. कृतधर्माधिकारपालनादृतै(र्भवितव्यं दूतकोत्र)
१३. महासामन्त भोगवर्मा ॥ संवत् ... ...

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–८२

प्राप्तिस्थान–नेपाल म्यूजियममा राखेको नबहिलको अभिलेख

मिति–×

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) स्वस्ति [कैलासकूट भवना]
द्भगवत्पशुपतिभट्टारकपा [दा]
[ध्यातो] ब [प्पपादानुगृहीतः]
श्रीमहासामन्तांशुवर्मा (२) महा-
सामन्त भोगवर्मा

प्रशासनिक पद–महासामन्त

अड्डा–×

शिलापत्र राख्नाको उद्देश्य–राजाज्ञा जारी गरेको

शिलापत्र राख्नेको नाम–श्रीमहासामन्तांशुवर्मा

महानात्माहरुको समेत देवताहरुको नाम–१. भगवत्पशुपति २. शङ्करनारायण

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–×

कुनमा प्रकाशित–"अभिलेख संग्रह" भाग ५, प्रकाशकः संशोधन मण्डल

शिलापत्रको शीर्षचिह्न–×

लिपि–ब्राह्मी

स्थान–×

संक्षिप्त विवरण–शङ्करनारायण देवताकोलागि चाहिने हेरचाह राम्रो गरिएको हुनाले अघिको रीति थितिमा संशोधन गरी तिमीहरुलाई निगाह गरिएको छ आदि-आदि कुराहरुको उल्लेख गरी श्रीमहासामन्तांशुवर्मले ग्रामीण जनतालाई कुशलक्षेम सोधेर राजाज्ञा जारी गरी प्रस्तुत शिलापत्र राखिएको छ।

कैफियत–संवत् ४८७ को अभिलेख समेत कुंदिएको हरिशंकरको मूर्तिको उल्लेख माथि गै सकेको छ। प्रस्तुत शिलालेखमा पनि शंकरनारायण देवताको उल्लेख भएको हुनाले यो समय वैदिक अद्वैत दर्शनको प्रभाव समाजमा विद्यमानन रहेको थाहा हुन्छ।

भोगवर्मा अंशुवर्माको भाञ्जा रहेको तथ्य संवत् ३९ को पशुपति क्षेत्र स्थित अभिलेखले प्रकाशमा ल्याएको छ। प्रस्तुत शिलालेखमा भोगवर्मालाई महासामन्त भनिएबाट मानदेवको समय देखि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्ना नातादारहरुलाई ठूला–ठूला पदमा आसीन गराउने परम्परा यस समय पनि कायम रही राजाहरु आफन्तहरुलाई ठूला पदहरुमा वहाल गर्दथे भन्ने कुरा सिद्ध हुन्छ ।

यहाँ भोगवर्मालाई महासामन्त भनिएकाको कारण यिनी श्र्यंशुवर्माको भाञ्जा मानिएर मौखरीवंशी राजा नभएको स्पष्ट छ । यद्यपि, भोगवर्मा नामक मौखरीवंशी राजा पनि भएको कुरा जयदेव द्वितीयको संवत् १५९ को पशुपतिको शिलालेखले उल्लेख गरेर लिच्छवि राजा जयदेव स्वयम्नैं उक्त मौखरी भोगवर्माको नाति हुन् भनी भनिएको छ । अंशुवर्माको भाञ्जा भोगवर्मा मौखरी-वंशी नभएको तथ्य यसबाट पनि हुन्छ कि यदि यिनी साँच्चिकै अंशुवर्माको भाञ्जा भएको भए आफ्नी आमालाई मौखरी राजा भोगवर्माकी छोरी मगधका वडा राजा आदित्यसेनकी छोरीको छोरी भनेर गर्वसाथ उल्लेख गर्ने महाराज जयदेवले महाराजाधिराज अंशुवर्माकी बहिनीको छोराको छोरी भनेर पनि उल्लेख गर्न कहिल्यै चुक्ने थिएनन् । यसरी प्रस्तुत शिलालेखमा वर्णित भोगवर्मा अंशुव-र्माको भाञ्जा रहेर यिनी नेपालकै रहेको सिद्ध छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ८३

१. — — [शिव] देव — — —
२. — — ण पुण्यो — — —
३. — — यं वः प्रसादीकृ (तः) — —
४. — — नुङ्गः फुथूल् क्षेत्रं पूर्व — —
५. — मङ्गलस्य क्षेत्रम् ततो भरतश्रा — —
६. — तुल क्षेत्रम् ततस्तेग्वल प्रा — —
७. — आदित्यगुप्तस्य क्षेत्रम् पूर्वद — —
८. —ट्टाक्षेत्रम् ततस्तेग्वलनारायणे — —
९. स्तेग्वल प्रदीपगौष्ठिकानाम् तस्या भूमेर्दक्षिण — —
१०. — दक्षिणराजकुलस्य दक्षिणपश्चिमेन — —
११. पश्चालिकानाम् पश्चिमेन पर्वत — — —
१२. पश्चिमोत्तरेण पर्वतभूमिर्दक्षिण — —
१३. — परिक्षिप्तेयं भूमिरित्यवगम्य न कैश्चिदस्म-
१४. त्पादोपजीविभिरयं प्रसादोन्यथा करणीयो य (स्त्वेता)-
१५. माज्ञामनादृत्यान्यथा कुर्यात्कारयेद्वा तमहमुत्पथ (गा)-
१६. मिनं नियतमनुशासितास्मि भविष्यद्भिरपि भूप(तिभिर्गु)-
१७ रुकृत प्रसादानुवर्तिभिरेव भवितव्यमिति दूत(कश्चा)-
१८. त्र राजपुत्र विक्रमसेनः संवत् ५३५ श्रा(वण) —
१९. शुक्लदिवा सप्तम्याम् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–८३
प्राप्तिस्थान–काठमाण्डू ज्याबहालको अभिलेख
मिति–संवत् ५३५ श्रा(वण)शुक्लदिवासप्तम्याम्
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१)[शिव]देव (२) आदित्यगुप्त
(३) दूतकश्चात्र राजपुत्रविक्रमसेनः
प्रशासनिक पद–दूतक
अड्डा–×
शिलापत्र राख्नाको उद्देश्य–राजाज्ञा जारी गरेको
शिलापत्र राख्नेको नाम–[शिव]देव
महानात्माहरुको समेत देवताहरुको नाम–तेग्वलनारायण
विहार, मन्दिरको नाम–×
धर्म, धार्मिक कार्य–×
कुनमा प्रकाशित–भगवानलालद्वारा ४ संख्या; आर. नोलीद्वारा XL संख्या
शिलापत्रको शीर्षचिह्न–×
लिपि–ब्राह्मी
स्थान–(१)फृथूल्क्षेत्र(२)तेग्वलप्रदीपगोष्ठी
संक्षिप्त विवरण–[भट्टारकमहाराज श्रीशिव]देवबाट चार किल्ला खोलेर जग्गा प्रदान गरेको कुरा प्रस्तुत अभिलेखमा वर्णित छ।
कैफियत–प्रस्तुत अभिलेखका अक्षर साह्रै नै बिग्रेको हुनाले अर्थ राम्ररी खुल्न सकेको छैन। तर, यसका बचेका अक्षरहरुले यसको महत्ता अझै दर्शाई रहेका छन्। संवत् ५२६ को लेलेको अभिलेखको बाद् भट्टारकमहाराज श्री शिवदेव उत्तरप्राचीनकालीन नेपालको राज्यासनबाट विलुप्त भएर अंशुबर्मानै नेपालको राजसिंहासनका अधिष्ठाता बनेका थिए। उक्त संवत्को लगत्तै पछिका अभिलेखहरुमा अंशुवर्माले पहिलेको संवत् लेखन प्रक्रियालाई त्यागेर भिन्नै प्रकारले संवत् लेख्ने तरीका निकालेका थिए जुन तिनका बुङ्गमतीको अभिलेख देखिका सबै अभिलेखहरुमा स्पष्टरूपले पाइन्छ। अर्को, उपरोक्त लेलेको अभिलेखको बाद जारी गरिएका राजाज्ञाहरुमा भट्टारकमहाराज श्रीशिवदेवको नाम सर्बथा लोप भएर महासामन्त अंशुवर्माको नाम मात्र उत्कीर्ण गरिन लागेका थिए। यी आधारहरुले माथि वर्णन गरिए अनुरूप संवत् ५२६ को बाद उत्तरप्राचीनकालीन नेपालको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राज्यासनमा अंशुवर्मानैं आरूढ भएका थिए भन्ने कुरा निश्चित हुन्छ। तर, प्रस्तुत अभिलेखमा अंशुवर्माका अभिलेखहरुमा देखिएका संवत्को अननुरूप मानदेवको प्रख्यात चांगु स्तम्भलेखमा उत्कीर्ण संवत्को परम्पराका संवत् अंकित गरिनु औ यस अभिलेखको पहिलो पंक्तिको बीचमा देव शब्द उत्कीर्ण देखिएबाट यो अभिलेख लिच्छविवंशी भट्टारकमहाराज श्रीशिवदेवद्वारा प्रतिष्ठापन गरिएको हो भन्ने कुरा स्पष्टतः अनुमान हुन्छ। यसरी यो अभिलेखको प्राप्तिले लिच्छवि राजा शिवदेवले आफुलाई पन्छाई लिच्छवि राजगद्दी हत्याउने अंशुवर्मालाई हटाएर पुनः लिच्छवि राजगद्दी प्राप्त गरी शासन चलाएका थिए भन्ने कुरा सिद्ध हुन्छ। यस अभिलेखमा भट्टारकमहाराज शिवदेवले अंशुवर्माको नाम सम्म पनि उल्लेख नगरेबाट महासामन्त अंशुवर्माले महाराज शिवदेवलाई सिंहासनबाट च्युत गरी लिच्छवि राजगद्दी हस्तगत गरेको कुरा निश्चित हुनुको साथै महाराज शिवदेवले यो समय तिनलाई हटाएर मात्र लिच्छवि राजगद्दी पुनः प्राप्त गरेको हुंदा तिनका पूर्व अभिलेखहरुको अननुरूप तिनको यस अभिलेखमा अंशुवर्माको नामको अभाव हुन गएको कुरा स्पष्ट हुन्छ। फेरि, यहां महाराज शिवदेवले आपना पहिलेका अभिलेखहरुमा उल्लेख गर्ने परम्पराको अननुरूप आपनो आज्ञाको उल्लङ्घन गर्नेलाई नसहने भनेर मात्र उल्लेख नगरी अनुशासनको कारवाई गर्ने भनी उत्कीर्ण गराएबाट अंशुवर्मा त्यस समय यिनलाई पुनः सिंहासनबाट च्युत गर्ने कार्यमा तल्लीन थिए भन्ने कुरा जानिन्छ। जसको कारण महाराज शिवदेवले सरकारी कर्मचारीहरुको नाममा उक्त प्रकारको आज्ञा जारी गरेका थिए। उता अंशुवर्मा वीर, कूटनीतिज्ञ तथा दुनियाका हृदयलाई चोर्न सक्ने महत्वाकांक्षी योग्य शासक थिए। यसर्थ यिनले त्यस विकट समय कूटनीतिको सहारा लिए। यिनले भट्टारकमहाराज श्री शिवदेवका छोरा युवराज उदयदेवलाई हातमा लिई आभीर (?) हरुको सहयोगले यिनको विरुद्ध गरिएको शिवदेवको राज्यप्राप्तिको प्रयासलाई पानीको बुड-बुडा समानतै गराई दिए। प्रस्तुत अभिलेखको लगत्तै पछि अर्थात् संवत् ३७ को टिस्टुङ्ग तौखेलको अभिलेखमा महाराज शिवदेवको छोरा उदयदेवलाई युवराजको उपाधिसाथ दूतकको रुपमा उत्कीर्ण गरिएबाट पनि उपरोक्त अनुमानमा सघाउ पुग्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गएको छ। युवराज उदयदेवले अंशुवर्माको साथ दिएको हुँदा नैं सम्भवतः आभीरहरुले पनि यिनको विरुद्ध ध्रुवदेवलाई साथ दिई यिनलाई तत्कालीन नेपालको राज्यासनबाट भगाई पठाएका थिए।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ८४

१. ॐ स्वस्ति कैलासकूटभवनादनिशमशेषसत्वसुखस —
२. मुदयोपपादनाहितचित्तसन्ततिर्भगवत्पशुपतिभट्टा —
३. रकपादानुगृहीतो बप्पपादानुध्यातः श्रीमहासामन्तांशुवर्मा
५. कुशली चुस्तुङ्ग्रामकुटुम्बिनः प्रधानपुरस्सरान्कुशलमाभा—
५. ष्य समाज्ञापयति बिदितम्भवतु भवतां युष्मदीयग्रामभू—
६. मौ महती महिषीपीडेत्यतस्तत्पीडापरिजिहीर्षया परिव—
७. र्तनिमित्तमस्माभिरियम्भूमिः पूर्वेण चुस्तुन्नदी दक्षिणेन
८. खातकः पश्चिमेन पर्वतचूडामुत्तरेण चुप्रिङ्नदीत्येतत्सीम—
९. मध्योपनिपातिनी भवताङ्ग्रामसन्निवेशार्थम्प्रसादीकृता भ—
१०. वद्भिरपि तेस्तु शुल्ह्यु ङ्ब्रह्यु ङाङ्करणीयञ्जङ्गशतत्रयन्देय—
११. न्तदेवंविदितार्थैरस्मत्पादप्रसादोपजीविभिरन्यैर्वा न कैश्चि—
१२. दयम्प्रसादोन्यथा करणीयो यस्त्वेतामाज्ञां विलङ्घ्यान्यथा
१३. कुर्यात्कारयेद्वा तं वयन्न मर्षयिष्यामो भविष्यद्भिरपि भूप—
१४. तिभिर्धर्मगुरुतया पूर्वराजकृतप्रसादानुपालनावहितमा—
१५. नसैर्भवितव्यमिति स्वयमाज्ञापना दूतकश्चात्र युवरा—
१६. जोदयदेवः संवत् ३७ फाल्गुनशुक्लदिवापञ्चम्याम् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–८४
प्राप्तिस्थान–टिस्टुङ्ग तौखेलको शिलालेख
मिति–संवत् ३७ फाल्गुनशुक्लदिवापञ्चम्याम्
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) ॐ स्वस्ति कैलासकूटभवना-
दनिशमशेषसत्वसुखसमुदयोपपादना-
हितचित्तसन्ततिर्भगवत्पशुपतिभट्टार-
कपादानुगृहीतो बप्पपादानुध्यातः
श्रीमहासामन्तांशुवर्मा
(२) दूतकश्चात्र युवराजोदयदेवः
प्रशासनिक पद–(१) महासामन्त (२) दूतक
धर्म, धार्मिक कार्य–×
शिलापत्र राख्नाको उद्देश्य–राजाज्ञा जारी गरेको
शिलापत्र राख्नेको नाम–श्रीमहासामन्तांशुवर्मा
महानात्माहरुको समेत देवताहरुको नाम–भगवत्पशुपति
विहार, मन्दिरको नाम–×
अड्डा–×
कुनमा प्रकाशित–टिस्टुङ्ग चित्लाङ्ग भेकको ऐतिहासिक सामग्री
शिलापत्रको शीर्षचिह्न–शिरोभागमा बीचमा चक्र र दुइतिर शङ्ख अंकित छन् ।
लिपि–ब्राह्मी ।
स्थान–(१) चुस्तुङ ग्राम (२) चुस्तुङ नदी (३) चुप्रिङ नदी
संक्षिप्त विवरण–चुस्तुङ ग्रामका बासिन्दाहरुलाई भैंसी सम्बन्धी ठूलो कष्ट परि राखेकोमा सो हटाउन तिनीहरुको गाउँ सार्नाको लागि चार किल्ला खोली राजाज्ञाद्वारा जग्गा निगाह गरिएको कुरा प्रस्तुत शिलालेखमा वर्णित छ ।
कैफियत–नेपालको पुरातात्त्विक इतिहासमा भैंसी सम्बन्धी पहिलो उल्लेख यस लेखमैं भएको छ । अंशुवर्माले कुनै कारणवश स्थानीय जनताको भैंसी पालन व्यवसायमा आई परेको दुःख हटाउन गाउँ सार्नाको लागि स्थानीय जनतालाई जग्गा निगाह गरिएका कार्यबाट पशुपालन व्यवसायलाई फलीभूत गरी देशको आर्थिक उन्नतिमा टेवा दिने महा-सामन्त अंशुवर्माको इच्छा रहेको कुरा प्रकटित हुन्छ ।

प्रस्तुत अभिलेखमा दूतकको रूपमा युवराज उदयदेवको नाम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वप्रथम उल्लेख गरिएको छ। चिनियाँ वृत्तान्त अनुसार नरेन्द्रदेवका पितालाई तिनका भाइले सिंहासनबाट हटाएपछि नरेन्द्रदेबले तिब्बतमा शरण लिन गएका थिए । संक्षिप्त शक संवत् १५९ को पशुपतिको अभिलेखले उदयदेवलाई लिच्छवि राजाहरुको वंशक्रममा राख्नुको अतिरिक्त तिनलाई नरेन्द्रदेवका पिताका रूपमा वर्णन गरेको छ। जसको कारण यिनी लिच्छवि राजा शिवदेव प्रथमका ज्येष्ठ पुत्र थिए भन्ने कुरामा विश्वास गर्न सकिन्छ । तर, तिनले आफ्ना पिताको उत्तराधिकारी भएर पनि पिताको लगत्तै पछि सिंहासनमा आसीन हुने सौभाग्य पाएनन्, वरु यिनको उपस्थिति मैं पनि सम्भवतः भट्टारकमहाराज शिवदेवलाई हटाई महासामन्त अंशुवर्मा स्वयम्ले लिच्छवि सिंहासन हस्तगत गरेका थिए । तर, उत्तरप्राचीनकालका नेपालवासीहरु आफ्ना परम्परागत राजवंशप्रति निष्ठावान् रहेका थिए। जसको कारण अंशुवर्माका अनेकौं लोकहित कार्यहरूका वावजूद पनि तिनको शासन समयमैं आभीरहरुको सहयोगले भट्टारकमहाराज श्रीशिवदेवले अल्पावधिकै लागि भए तापनि तिनलाई हटाई लिच्छविशासन पुनः हस्तगत गर्न सकेका थिए। फेरि, अंशुवर्माको मृत्युको लगत्तै पछि भने जस्तै यिनको शेषपछि उदयदेव सिंहासनमा बसेको भए तापनि अल्पावधिमैं यिनी धपिनु परेको औ आभीर जिष्णुगुप्तको प्रभाव मुनि लिच्छवि राजा ध्रुवदेव राजा भएका थिए । यसरी भौमगुप्तको बाद शिथिल भएका आभीरहरुले जन असन्तोषबाट फायदा उठाई आफ्ना दवदवा फेरि बढाउन लागेको हामी पाउँछौं । तर, अंशुवर्मा पनि यसबारे अनभिज्ञ थिएनन्, किनभने तिनको प्रशासनयन्त्रमा गुप्तचर विभाग ज्यादै मजबूत भएर कुनै पनि स्थानमा तिनीहरु पुग्न सक्तथे भन्ने कुराको फल्कको दक्षिणकाली जाने बाटोबाट ल्याई ल. पु. भण्डारखालमा राखेको अभिलेखले गरेको छ । यसैले कतै जन असन्तोषले नराम्रो रूप नलेओस् भन्ने हेतुले यिनले पहिले आफुले आफाली सकेका लिच्छवि सिंहासनका उत्तराधिकारी उदयदेवलाई युवराज घोषित गर्नुको अतिरिक्त तिनैलाई दूतक गराई जन समर्थन प्राप्त गरी शिवदेवलाई हटाएर लिच्छविशासन आफ्नो हातमा फेरि फर्काउन सकेका थिए । आभीर जिष्णुगुप्तले आफ्ना छोरा विष्णुगुप्तलाई युवराज घोषित गरेर जन आक्रोशलाई निम्त्याए

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भने अंशुवर्माले लिच्छवि राजकुमार उदयदेवलाई युवराज घोषित गरेर लोकप्रियता प्राप्त गरे । यसरी अंशुवर्माको महान् कूटनीति प्रकटित हुन्छ । प्रस्तुत अभिलेखमा दूतकको रूपमा युवराज उदयदेवको नाम उत्कीर्ण गरिएको घटनालाई यसै परिप्रेक्ष्यमा लिन सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ८५

१. ॐ स्ववनुवसुशिरः करादिदानैरुपकृतमर्थिजनस्य येन सकल ......
२. सन्तप्तस्य कलीश्वरैरतिशठैर्नित्यङ्गणद्वेषिभिर्लोकस्यास्य सुखावहो म ...
३. स श्रीमान्कलहाभिमानिनृपतिः सर्वज्ञतामाप्नुयात् ।। येनैकेन कलावपि स्थिरधि (या)
४. तेनेयं स्वयशोमरीचिविमलस्फीताम्भुवि स्यन्दिनीं राज्ञा श्रीकलहाभिमानि ..
५. प्रविष्टा पातालम्पुनरपि परावृत्य तरसा द्रवीभूता कीर्तिः प्रचुरय-
६. आर्यावासस्य भूषा प्रणिधिविरहिता नित्यमन्यार्थवृत्ति-
७. कुर्वाणेवोपमानङ्क्षितितलशशिनस्तस्य राज्ञः कृपाया (ः)
८. सकलजगदुदन्याशान्तये शीततोयामिह यतित्ररवासे पातयित्वा प्रणालीम्

—०—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–८५

प्राप्तिस्थान–दक्षिणकाली जानेबाटोबाट ल्याई ललितपुर भण्डारखालमा राखेको अभिलेख

मिति–×

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–श्रीमान्कलहाभिमानिनृपतिः

प्रशासनिक पद–प्रणिधि (गुप्तचर)

अड्डा–×

शिलापत्र राख्नाको उद्देश्य–प्रजालाई सुख, शान्ति मिलोस्

शिलापत्र राख्नेको नाम– श्रीमान्कलहाभिमानि नृपतिः

महात्माहरुको समेत देवताहरुको नाम– शशी

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–बौद्धधर्म, सकाम कर्म

कुनमा प्रकाशित–"अभिलेख संग्रह" भाग ९, प्रकाशक: संशोधन मण्डल

शिलापत्रको शीर्षचिह्न–×

लिपि–ब्राह्मी

स्थान–×

संक्षिप्त विवरण–अत्यन्त स्वाँठ, सधैं गुणको द्वेष गर्ने भएका कलीश्वरहरुबाट संतप्त लोकलाई राजा श्रीकलहाभिमानीले आफ्नो निर्मल कीर्ति पृथ्वीमा फिंजाउनको निमित्त गुप्तचरहरुको आक्षेप नहुने बौद्ध सन्यासीहरुको वासस्थानमा सबै जगत्को तिर्खा मेटन चिसो जल भएको धारा निर्माण गरेको कुरा प्रस्तुत शिलालेखमा वर्णित छ।

कैफियत–भगवान् बुद्धद्वारा प्रतिपादित बौद्ध धर्मको व्यापक प्रसारको परिणाम स्वरूप एउटै धर्ममा विभिन्न सम्प्रदायहरुको प्रादुर्भाव हुन लाग्यो। किनभने कुनै नयाँ धर्ममा दीक्षित हुँदैमा विभिन्न मानिस, जाति, एवं समाजमा बद्धमूल भै बसेका आचार–विचार, विश्वास र संस्कार मेटेर जाँदैन। भगवान् बुद्धको मृत्युको एक शताब्दी पश्चात् वैशालीमा संपन्न भएको बौद्धहरुको द्वितीय संगीतिमें पारस्परिक मतभेदको कारण तिनीहरु महासांघिक र स्थविरवाद (थेरवाद) नामक दुइ सम्प्रदायमा विभक्त भएका थिए। चारौं पाचौं शताब्दी ई. पू. मैं अलौकिक बुद्धको कल्पना हुन लागेको थियो। दीघ निकाय ३२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुत्तमा यक्ष र देवताहरुको संवाद बुद्धसित भएको वर्णन गरिएको छ। जसले पनि महायान बौद्ध धर्मको पूर्व रूप उपरोक्त शताब्दी ई. पू. मैं देखिन लागेको कुरा प्रमाणित हुन्छ। महासांधिक सम्प्रदाय-बाटै महायानको उदय भएको थियो। महासांधिक सम्प्रदायका अनुयायी बुद्धका लोकोत्तर स्वरूपमा विश्वास गर्दथे। बुद्धका लौकिक रूपको तिनीहरुका सिद्धान्तमा कुनै स्थान थिएन। तिनीहरूको विश्वास अनुसार बुद्ध सर्वज्ञ हुनुको साथै मानव कमजोरीहरुबाट सर्वथा विमुक्त थिए। तिनीहरुले दार्शनिक सिद्धान्तहरुको विकास गर्दै यो सिद्धान्त प्रतिपादन गरे कि मूलविज्ञान एक यस्तो तत्त्व हो जो प्राणीरूपले पुनर्जन्म लिन्छन्। महासांधिक सम्प्रदायका प्रवर्तक महाकास्यप मानिन्छन् जस्तो स्थविरवादको प्रवर्तन महाकच्छपायनले गरेका थिए जो उज्जैन निवासी थिए।

वैशालीमा सम्पन्न भएको बौद्धहरुको द्वितीय संगीतिको सवा सौ वर्ष पछि तृतीय शताब्दी ई. पू. मा बौद्धहरुको तृतीय संगीति पाटली पुत्रमा भएको बेलासम्मन् उपरोक्त दुइ सम्प्रदायहरुका शाखा प्रशाखा को रूपमा अठार निकायहरुको विकास भैसकेको थियो। महासांधिक र त्यससित सम्बद्ध निकायहरु भगवान् बुद्धलाई अलौकिक र अमानव रूपदिने प्रयत्नमा थिए जबकि स्थाविरवादी र त्यससित सम्बद्ध निकायहरु बुद्धका मानव रूपको रक्षामा प्रयत्नशील थिए। महासांधिक सम्प्रदायसित सम्बद्ध विभिन्न निकायहरु मध्ये एक वैपुल्यवाद थियो। कथावत्युको अनुसार वैपुल्यवादीहरु लौकिक बुद्धको अस्तित्वलाई इन्कार गर्दथे। "(१) बौद्ध-संघ न दान ग्रहण गर्दछ, न त्यसलाई परिशुद्ध गर्दछ तथा उपभोग गर्दछ, न संघलाई दिनुमा महाफलनै छ। (२) बुद्धलाई दान दिनुमा न महाफल छ, न बुद्ध लोकमा आए औ न बुद्धले धर्मोपदेश गरे। (३) खास मतलवले मैथुनको सेवन गर्न सकिन्छ।" वैपुल्यवादको केन्द्र श्रीधान्यकटकको प्रदेश थियो औ त्यहींबाट प्रथम शताब्दी ई. पू. मैं त्यसको प्रचार सिंहलद्वीपमा भैसकेको थियो। आचार्य नागार्जुन यस वैपुल्यवादका सबभन्दा महत्वपूर्ण प्रचारक थिए औ तिनका प्रयत्नले वैपुल्यवादको महत्व ज्यादै बढ्न गयो। अनि महासांधिक औ वैपुल्यवादको सम्मिलित रूपको नाम महायान हुंदा महायान धर्मको प्रचार कमसेकम प्रथम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शताब्दी ई. पू. देखि राम्ररी भएको देखिन्छ ।

महायानको अनुसार मनुष्य जीवनको उद्देश्य बोधिसत्त्वको आदर्श प्राप्त गर्नु हो । महायानले जीवनको एक यस्तो उच्च आदर्श जनताको सम्मुख राखे जस अनुसार संसारमा कुनै त्यस्तो कुरो छैन जुन प्राणी मात्रको हितको लागि अदेय होस् । यस चरम साधनाकोलागि महायानले बोधिसत्त्व जीवनको शिक्षा दिए । बोधिसत्त्व त्यो हो जो अरुहरुको कल्याणको लागि आफ्नो सबकुछ न्योछावर गर्दछ औ प्राणिमात्रको भलाइको लागि कुनै पनि दुःख सहन गर्नमा तत्पर रहन्छ । प्रस्तुत अभिलेखको आरम्भमा आफ्नो शरीरकै आहुती दिई प्राणीको उपकार गर्ने भनी उल्लेखी बोधिसत्त्व-को आदर्श चित्रण गरिएकोलाई यहाँ उक्त परिप्रेक्षमैं लिन सकिन्छ । महायानले मनुष्य जीवनको उद्देश्य बोधिसत्त्वको आदर्शलाई प्राप्त गर्ने कुरो उपदेश गर्दै बोधिसत्त्वको पद कुनै पनि व्यक्तिको लागि प्राप्य रहेको कुरा उल्लेखेका थिए । दान, शील, क्षान्ति, वीर्य, ध्यान, प्रज्ञा, उपायकौशल्य, प्रणिधान, बल र ज्ञान आदि दश पारमिताको अविकलरूपले पालनाद्वारा बोधिसत्त्वको पद प्राप्त गर्न सकिन्छ । महायानको अनुसार बोधिसत्त्व नभै बुद्ध हुन सकिँदैन । यसैले बौद्ध मन्त्रशास्त्रको विकास क्रममा १०० ई. पू. देखि ४०० ई. सम्मको धारणी मन्त्रकालमा ई.पू. को चारौं, पाँचौं शताब्दी मैं कल्पना गरिन लागेका शाक्यमुनि बुद्धको अतिरिक्त अन्य अलौकिक बुद्धहरुका [1]सहायक मञ्जुश्री, आर्य्यावलोकितेश्वर आदि अलौकिक

1. ई.पू. को चारौं, पाँचौं शताब्दीमैं शाक्यमुनि बुद्धको अतिरिक्त अन्य बुद्धहरुका पनि कल्पना गरिन लागेका थिए । मज्झिम निकाय ग्रन्थमा ककुच्छन्द, काश्यप आदि बुद्धहरुका पनि वर्णन आउनुको साथै तृतीय शताब्दी ई.पु.मा सम्राट अशोकद्वारा प्रतिष्ठापित निग्लिहवा स्तम्भलेखमा कोणागमन बुद्धको उल्लेख गरिएबाट उक्त तथ्यको पुष्टि हुन्छ । निग्लिहवा स्तम्भलेख निम्न छ-

"देवानंपियेन पियदसिन लाजिन चोदस-वसा [भिसितेन]
बुधस कोनाकमनस थुबे दुतियं वढिते ()
[वीसति-व] साभिसितेन च अतन आगाच महीयिते
[सिला-थभे] [च] [उस] पापिते (।।)"

–निग्लिहवा स्तम्भलेख, तृतीय शताब्दी ई. पू.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बोधिसत्त्वहरुको सृष्टि हुन लागेको थियो । ई. सन् ७९ को तक्षशिला रजताभिलेखमा बोधिसत्त्वको उल्लेख आएको छ । राहुल यात्रावली भाग २ अनुसार लुम्बिनी उत्खनन्मा अनुमानित प्रथम शताब्दी ई. को बोधिसत्त्व अवलोकितेश्वरको एक सुन्दर मूर्ति प्राप्त भएको थियो । उत्तरप्राचीनकालीन नेपालमा महायान बौद्ध धर्मको व्यापक प्रचार रहेको तथ्य तत्समयका बुद्ध एवं बोधिसत्त्व सम्बन्धी अनेकौं अभिलेख एवं मूर्तिहरुको प्राप्तिले थाहा हुन्छ । यसै सन्दर्भमा प्रस्तुत अभिलेखलाई लिन सकिन्छ । यसमा बोधिसत्त्वको आदर्शको सुन्दर चित्रण गरिएको छ संक्षिप्त रूपले– प्राणीमात्रको कल्याणको लागि आत्माहुति तक गर्न तत्पर रहने भनी ।

प्रस्तुत शिलालेखमा कलीश्वर शब्द प्रयुक्त भएबाट उत्तरप्राचीनकालमा मानिसहरुलाई कलियुगको ज्ञान रहनुको साथै आजसम्म पनि नेवारहरुमा प्रचलित चोरलाई द्यौता मान्ने परम्पराको श्रीगणेश उक्त समयमैं भै सकेको ज्ञात हुन्छ ।

अर्को, सबै जगतको प्यास बुझाउनाका लागि भनेर बौद्ध संन्यासीहरुको वासस्थानमा धारा निर्माण गरेको उल्लेखले त्यस समय बौद्ध धर्मले काफी लोकप्रियता हासील गरेको कुरा थाहा हुनुको अतिरिक्त आफु भगवान् पशुपतिका परमभक्त हुंदाहुंदै श्रीकलहाभिमानी राजाको बौद्धधर्ममा पनि खास झुकाव रहेको कुरा सुस्पष्ट हुन्छ ।

प्रस्तुत शिलालेखमा "आर्यावासस्य भूषा प्रणिधिविरहिता नित्यमन्यार्यवृत्ति… …" भनी उल्लेख गरिएबाट तत्समय धर्म तथा धार्मिक स्थलहरुमा सरकारको कुनै आक्षेप नहुने भएर धर्ममा मानिसहरुलाई पूर्ण स्वतन्त्रता मिलेको विदित हुन्छ ।

सहायक ग्रन्थ–

१. राहुल सांकृत्यायनद्वारा अनुदित "मज्झिम निकाय" महाबोधि सभा, सारनाथ, २५०८ बुद्धाब्द
२. डि. सि. सरकारद्वारा संपादित "सेलेक्ट इन्स्क्रिप्सन्स" कलकत्ता विश्वविद्यालय, १९६५ ई.
३. राहुल सांकृत्यायन लिखित "पुरातत्त्व निबन्धावली" १९५८ ई.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४. राहुल सांकृत्यायन लिखित "मेरी जीवन-यात्रा (२)" किताब महल, इलाहाबाद १९५० ई.
५. सत्यकेतु विद्यालंकार लिखित "भारतीय संस्कृति और उसका इतिहास" १९६८ ई.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ८६

[उत्तर पाटामा]

१. ॐ अक्षोभ्यमक्षोभ्यशिताग्रमूर्तिन्तथागतं स्तौम्यभितोभिरम्यम्
२. समन्तभद्रम्भुवि भद्रकारिण न्तथैव सन्निर्मलकीर्तिमालिनम्

[पश्चिम पाटामा]

३. याव··· ··· ··· ···म्भक्त्याद्य तन्नमत शाक्यमुनिम्मु(नीशम्)
४. मैत्र्याद्र्द ··· ··· ···ङ्गुह्याधिपं विमलवज्रधरं सहाब्जम्

[दक्षिण पाटामा]

५. सद्धर्मरत्नकुसुमस्तवकाचिताङ्ग म्बुद्धं समन्तकुसुमन्नमताब्जवत्याम्
६. मञ्जुश्रियम्परमधर्मविदङ्कुमारन्नित्यञ्च सुस्थितमतिङ्करुणैकतानम्

[पूर्व पाटामा]

७. महाप्रज्ञालोकक्षतभवमहामोहतिमिरं सुखावत्यां वन्दे सततममिताभज्ञिनरविम्
८. सलोकेशं लोकोद्भवभयहरम्पङ्कजधर म्महास्थामप्र ..पा स्निग्धमन (सम्)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.– ८६
प्राप्तिस्थान– ल. पु. त्यागल टोल स्थित एक सानो चैत्यको अभिलेख
मिति– ×
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत– ×
प्रशासनिक पद– ×
मुद्रा– ×
शिलापत्र राख्नाको उद्देश्य– ×
शिलापत्र राख्नेको नाम– ×
महानात्माहरुको समेत देवताहरुको नाम– (१) अक्षोभ्य (२) शाक्यमुनि (३) समन्तभद्र (४) बुद्ध (५) मञ्जुश्री (६) अमिताभ (७) रवि (८) लोकेश (९) पङ्कजधर (पद्मपाणि)
विहार, मन्दिरको नाम– ×
धर्म, धार्मिक कार्य– बौद्ध धर्म
कुनमा प्रकाशित– "पूर्णिमा" ५ पूर्णाङ्क, प्रकाशकः संशोधन मण्डल
शिलापत्रको शीर्षचिह्न– ×
लिपि– ब्राह्मी
स्थान– सुखावती
संक्षिप्त विवरण– अक्षोभ्य, अमिताभ, शाक्यमुनि, मञ्जुश्री आदिको ध्यानात्मक स्तुति प्रौढ संस्कृत कविताको रूपमा प्रस्तुत शिलालेखमा वर्णन गरिएको छ ।
कैफियत– आदिबुद्ध र आदिप्रज्ञाको प्रसूत पाँच ध्यानी बुद्ध औ अनेक बोधिसत्त्वहरुको कल्पना एवं पूजा महायानीहरुले गर्न लागेका थिए । साच्चै भन्ने हो भने बौद्ध मन्त्रशास्त्रको विकासक्रमको धारणीयुग (१०० ई. पू.–४०० ई.) देखि उक्त अलौकिक बुद्ध एवं तिनका सहायक बोधिसत्त्वहरुको सृष्टि भएको थियो । तर मानवीय विभिन्न बुद्धहरुको बारे शान तृतीय शताब्दी ई. पू. देखिनैं नेपाल एवं भारतमा भैसकेको सम्राट् अशोकको निग्लिहवा स्तम्भलेखमा "बुधस कोनाकमनस थुवे दुतियं वढिते" भनी उल्लेख गरिएबाट विदित हुन्छ । २१ ई. को तक्षशिला ताम्राभिलेखमा "संघरमं च सर्व–बुधन पुयए" भनी वर्णित कथनमा पनि उक्त तथ्यहरुको पुष्टि भएको लागेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रस्तुत अभिलेखमा पनि अक्षोभ्य, अमिताभ, मञ्जुश्री, लोकेश आदि विभिन्न ध्यानी बुद्ध औ बोधिसत्त्वहरुको उल्लेख भएबाट उत्तर-प्राचीनकालमा यहाँ अलौकिक बुद्ध तथा बोधिसत्त्वहरुको पूजा यथेष्ट मात्रामा प्रचलित रहेर तिनीहरुको ध्यानात्मक स्तुतिहरुको पनि वर्णन गरिन लागेको जानिन्छ। यस अभिलेखमा अलौकिक, लौकिक बुद्ध एवं बोधिसत्त्वहरुको वारे निम्न किसिमले वर्णन गरिएको छ।

१. अक्षोभ्य सेतो वर्णका छन्।

२. अमिताभ सुखावतीमा रही ठूलो बुद्धिको प्रकाशले संसारको घना अज्ञानरूपी अन्धकारलाई नाश गर्ने भै जिनहरुमा सूर्य समान छन्।

३. सद्धर्म रत्नरुपी फूलहरुको गुच्छाले सिंगारिएर सर्वाङ्ग सुन्दर रहेको शाक्यमुनि बुद्धको मूर्ति छ।

४. पृथ्वीमा कल्याण गर्ने औ असल निर्मल कीर्ति भएका समन्तभद्र छन्।

५. मञ्जुश्री नुहेको कमलमा वसेका, ठूला धर्मका विद्वान्, कुमार, स्थिर बुद्धि र सबैको भलाईमा ध्यान दिने रहेको छ।

६. पद्मपाणि लोकेश कमल हातमा लिएर संसारमा उत्पन्न हुने डरहरुलाई विनष्ट गर्दछ।

अर्को, अभिलेख समेत कुंदिएको प्रस्तुत चैत्यको प्राप्तिले उत्तरप्राचीनकालीन चैत्यको नमूना प्रकाशमा आएको छ। यसरी उपर्युक्त आधारहरुद्वारा उत्तरप्राचीनकालमा यहाँ बौद्ध धर्मको यथेष्ट मात्रामा उन्नति भएको विदित हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ८७

१ [ॐ स्वस्ति कैलासकूटभवनात्] — — — —
२. — दिङ्म[ए]ड[लो] भगवत्पशुपतिभट्टारकपादा[नुध्यातो]
३. [बप्पपा]दपरिगृहीत : श्रीमहासामन्तांशुवर्मा कु[शली] — —
४. —[पा]ञ्चालिकान्यथाप्रधानङ्कुशलमाभाष्य समाज्ञापयति
५ - - शालाप्रणालीकर्मपरितोषितैरस्माभिर् — — —
६.- - - - -ल— म् —व्रंशामल्लपोतसूकरकरा — — —
७ — —चाक - - डम्मुक्त्वा पञ्चापराधेनास्य — — —
८ — — —एडनि - - एडानि तथैव कर्तु इ — — —
९. — — —क - - - स्वहिंरनतिवाह्यवि - - -
१०. [व] कृ[तस्तदे] वंवेदिभि [रस्म]त्पादप्रतिबद्धजीवनैर[न्यैर्वा न]
११ [कैश्चि]द [यम्प्र]सादोन्यथा [करणीयो] यस्त्वेतामाज्ञामुल्लङ्घ्या [न्यथा]
१२. [कु]र्यात्कारय्ये [द्वा] — — — नियतम्पुष्कला म —
१३. - - - - -भविष्य[द्भिरपि भूप] तिभिर्गुरुकृतप्रसादा [नुव]—
१४ [तिभिरे]व[भ]वितव्यमिति स्वयमाज्ञा दूतकश्चात्र यु[वराज]
१५. - - - - - - - आषाढशुक्लदिवा पञ्चम्याम्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं–८७
प्राप्तिस्थान– काठमाडौं, वटु गुच्चाटोलको अभिलेख
मिति–... ... ...आषाढ शुक्ल दिवा पञ्चम्याम्
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत– (१) भगवत्पशुपतिभट्टारक पादानुध्यातो बप्पपादपरिगृहीतः श्रीमहासामन्तांशुवर्म्मा
(२) युवराजोदयदेव
प्रशासनिक पद– महासामन्त (२) दूतक
अड्डा–×
शिलापत्र राख्नाको उद्देश्य– राजाज्ञा जारी गरेको
शिलापत्र राख्नेको नाम– अंशुवर्म्मा
महानात्माहरुको समेत देवताहरुको नाम– भगवत्पशुपति
विहार, मन्दिरको नाम–×
धर्म, धार्मिक कार्य– ×
कुनमा प्रकाशित– आर. नोलीद्वारा XIIII संख्या; "संस्कृत–सन्देशः" २०१० प्रथम वर्ष, अष्टम अङ्क
शिलापत्रको शीर्षचिह्न–×
लिपि–ब्राह्मी
स्थान–×
संक्षिप्त विवरण–श्रीमहासामन्त अंशुवर्मा कुशलक्षेम सोधेर आज्ञा गर्नु हुन्छ। धारो बनाउने कामले खुशी भएका हामीबाट मल्लपोतकु र सुंगुर सम्बन्धी कर छोड्नुको अतिरिक्त पञ्चापराधद्वारा त्यहाँ पस्न नपाउने गरी त्यस स्थानका निवासीहरुलाई निगाह गरिएकोमा कसैले त्यसको अन्यथा गरेमा दण्डित हुने कुरा प्रस्तुत शिलालेखमा वर्णित छ।
कैफियत– यस अभिलेखमा "मृद्भाण्डानि" शब्दको प्रयोग देखिएकोले काठमाडौं वटु इलाका उत्तरप्राचीनकालीन नेपालमा माटाको भाँडा निर्मित गर्ने व्यवसायको लागि प्रख्यात रहेको कुरा जानिन्छ।

यहाँ फेरि, "ब्रं शामल्लपोतसूकरकराणां" शब्दको उल्लेख आएबाट त्यस समय मल्लपोत र सुंगुर माथि पनि कर लिइने चलन चलेको कुरा थाहा हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ८८

१. ॐ स्वस्ति कैलासकूटभवनादनन्यनरपतिसुकरानति (स)-
२. रपुण्याधिकारस्थितिनिबन्धनोन्नीयमानमनस्समाधानो(भ)-
३. गवत्पशुपतिभट्टारकपादानुगृहीतो बप्पपादानुध्यातः
४. श्रीमहासामन्तांशुवर्मा कुशली जोङ्जोन्दिङ्ग्रामनिवासिनः प्रधा-
५. नपुरस्सरान्कुटुम्बिनः कुशलमाभाष्य समाज्ञापयति विदि-
६. तम्भवतु भवतान्न लीशालाप्रणालीकर्मपरितोषितैरस्माभिः
७. लिङ्ग्वलषण्ढाश्विकवाहिकागन्त्रीबलीवर्दानामप्रवेशेन वः प्र(सा)
८. दः कृतस्तदेवमधिगतार्थैर्न कैश्चिदेष प्रसादोन्यथा कर-
९. णीयो यस्त्वेतामाज्ञां विलङ्घ्यान्यथा कुर्यात्कारयेद्वा तं वयं न
१०. मर्षयिष्यामो भविष्यद्भिरपि (भूपतिभिः पू)र्वराजकृतप्र-
११. सादानुवर्तिभिर् (एव भवितव्यं चिरस्थितये चास्य प्र)सादस्य
१२. शिलापट्टकशासने (न प्रसादः कृत इति स्वयमाज्ञा दू)तकश्चात्र
१३. युवराजोदयदेवः (संवत्) - - - - - श्राष्टम्याम्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं–८८
प्राप्तिस्थान– नक्साल भन्सारहिटीको अभिलेख
मिति– ... ... अष्टमी
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) ॐ स्वस्ति कैलासकूटभवना-
दनन्यनरपतिसकरानतिपरपुण्या-
धिकारस्थितिनिबन्धनोन्नीय-
मानमनस्समाधानो भगवत्पशु-
पतिभट्टारकपादानुगृहीतो बप्प-
पादानुध्यातः श्रीमहासामन्तां-
शुवर्मा
(२) दूतकश्चात्र युवराजोदयदेवः
प्रशासनिक पद– (२) महासामन्त (२) दूतक
धर्म, धार्मिक कार्य–×
शिलापत्र राख्नाको उद्देश्य– राजाज्ञा जारी गरेको
शिलापत्र राख्नेको नाम– अंशुवर्मा
महानात्माहरुको समेत देवताहरुको नाम– भगवत्पशुपति
विहार, मन्दिरको नाम–×
अड्डा– लिङ्ग्वल
कुनमा प्रकाशित–आर. नोलीद्वारा XLII संख्या; "संस्कृत–सन्देशः" प्रथम
वर्ष, नवम अङ्क
शिलापत्रको शीर्षचिह्न–शिरोभागमा बसिरहेको साँढेको आकृति अंकित छ ।
लिपि–ब्राह्मी
स्थान– १) जोञ्जोन्दिङग्राम २) नीलीशाला
संक्षिप्त विवरण–नीलीशाला धारो बनाउने कामले खुशी भएर लिङ्ग्वल अधि-
करणले प्रवेश नपाउने गर्नुको अतिरिक्त नसुमरिएका सांढे,
बग्गी, गाडा गोरुको आवत जावतलाई रोकेर निगाह गरेको
कुरा प्रस्तुत अभिलेखमा वर्णित छ ।
कैफियत– नेपाल त्यस समय एक स्वतन्त्र मुलुक रहेको छ भन्ने कुरा यसमा
अंशुवर्माले आफुलाई अरु राजाहरुको अगाडि शीर नझुकाउने भनी
वर्णन गरेबाट विदित हुन्छ । तिब्बतमा स्त्रोङत्चेन गेम्पो तथा भारतमा
हर्षवर्द्धनको बढ्दो साम्राज्य प्रसारको समय पनि आफ्नो नामको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशस्तिमा कसैको साम्मु शीर नझुकाउने भनी उत्कीर्ण गरेर यिनले यस तथ्यलाई स्पष्ट दर्शाई दिएका थिए कि यिनी न केवल कुशल प्रशासकनै छन् वल्कि सफल कूटनीतिज्ञ पनि रहेका छन् । साँच्चै भन्ने हो भने यिनको सफल कूटनीतिकै परिणामस्वरूप एक विकट स्थितिमा पनि नेपालको स्वतन्त्र एवं सार्वभौमसत्ता सुरक्षित रहन सकेको थियो ।

प्रस्तुत शिलालेखबाट उत्तरप्राचीनकालमा यातायातको साधनको रूपमा बग्गी, गाडा प्रचलित भै कृषि कार्यको लागि गोरुद्वारा हलो जोत्ने चलन पनि रहेको थाहा हुन्छ ।

यस अभिलेखले नसुमरिएका साँढे छाड्ने परिपाटी उक्त समयमानै विद्यमान भएको हुनाले यताबाट पशुपति वा अन्यत्र देवताको लागि साँढे छाड्ने चलनको ऐतिह्य थाहा पाउनामा ठूलो सहायता हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ८९

१. ॐ स्वस्ति कैलासकूटभवनादनिशि निशि चानेकशा—
२. स्त्रार्थविमर्शावसादितासद्दर्शनतया धर्माधिका—
३. रस्थितिकारणमेवोत्सवमनतिशयम्मन्यमा—
४. नो भगवत्पशुपतिभट्टारकपादानुगृहीतो बप्प—
५. पादानुध्यातः श्रयंशुवर्मा कुशली पश्चिमाधिक—
६. रणवृत्तिभुजो वर्तमानान्भविष्यतश्च यथार्ह—
७. कु शलमाभाष्य समाज्ञापयति विदितम्भव—
८. तु भवताम्पशुपतौ भगवाञ्छूरभोगेश्वरोस्मद्भ—
९. गिन्या श्रीभोगवर्म्मजनन्या भोगदेव्या स्वभर्तू राज—
१०. पुत्रशूरसेनस्य पुण्योपचयाय प्रतिष्ठापितो
११. यश्च तद्दुहित्रास्मद्भागिनेय्या भाग्यदेव्या प्रतिष्ठा—
१२. पितो लडितमहेश्वरो यश्चैतत्पूर्व्वजैः प्रतिष्ठापि—
१३. तो दक्षिणेश्वरस्तेषामधःशालापाञ्चालिकेभ्यः प्रतिपा—
१४. लनायातिसृष्टानामस्माभिः पश्चिमाधिकरणस्याप्र—
१५. वेशेन प्रसादः कृतो यदा च पाञ्चालिकानां यत्किञ्चन
१६. कार्यमेतद्गतमुत्पत्स्यते यथाकालं वा नियमितं ब—
१७. स्तु परिहापयिष्यन्ति तदा स्वयमेव राजभिरन्तरा—
१८. सनेन विचारः करणीयो यस्त्वेतामाज्ञामतिक्रम्यान्यथा
१९. प्रवर्त्तिष्यते तं वयन्न मर्षयिष्यामो भाविभिरपि भूप—
२०. तिभिर्धर्म्मगुरुतया पूर्व्वराजकृतप्रसादानुवर्त्तिभि—
२१. रेव भवितव्यमिति स्वयमाज्ञा दूतकश्चात्र युवरा—
२२. जोदयदेवः संवत् ३९ वैशाखशुक्लदिवा दशम्यां

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.—५१

प्राप्तिस्थान—देवपाटनस्थित गणेशको मन्दिर समीप रहेको अभिलेख

मिति—संवत् ३९ वैशाखशुक्लदिवा दशम्याम्

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत—(१) ॐ स्वस्ति कैलासकूटभवनाद निशि निशि चानेकशास्त्रार्थ विमर्शावसादिता सद्दर्शनतया धर्म्माधिकारस्थितिकारणमेवोत्सवमनतिशयम्मन्यमानो भगवत्पशुप (ति भट्टार)क पादानुगृहीतो बप्पपादानुध्यातः श्यं शुवर्म्मा

(२) दूतकश्चात्र युवराजोदयदेवः

(३) श्रीभोगवर्मा

(४) भोगदेवी

(५) राजपुत्र शूरसेन

(६) भाग्यदेवी

प्रशासनिक पद—दूतक

अड्डा—पश्चिमाधिकरण

शिलापत्र राख्नाको उद्देश्य—राजाज्ञा जारी गरेको

शिलापत्र राख्नेको नाम- श्यं शुवर्म्मा

महात्माहरुको समेत देवताहरुको नाम—(१) शूरभोगेश्वर (२) लडितमहेश्वर (३) दक्षिणेश्वर (४) पशुपति

विहार, मन्दिरको नाम—×

धर्म, धार्मिक कार्य—×

कुनमा प्रकाशित—भगवानलालद्वारा ७ संख्या; आर. नोलीद्वारा XLI संख्या "संस्कृत—सन्देश:" विजयादशमी २०११

शिलापत्रको शीर्षचिन्ह—शिरोभागमा वसीरहेको साँढेको आकृति अंकित छ।

लिपि—ब्राह्मी

स्याब—×

संक्षिप्त विवरण—श्रीअंशुवर्माले अहिले वहाल रहेका र पछि वहाल हुने समेत पश्चिमाधिकरणका वृत्ति गर्नेहरुलाई कुशलक्षेम सोधेर आज्ञा गर्नु भएको छ। हाम्री वहिनी भोगवर्माकी मुमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भोगदेवीले आफ्ना पति राजकुमार शूरसेनको पुण्य वृद्धिको लागि पशुपतिको नजिक स्थापन गरिएको शूरभोगेश्वर, उनकी छोरी हाम्री भाञ्जी भाग्यदेवीले स्थापन गरिएका लड्ति-महेश्वर औ उनका पूर्वजहरुले प्रतिष्ठापन गरिएका दक्षिणेश्वर समेतको वरबन्दोबस्तको काम अधःशाला पाञ्चालिकहरुको हात सुम्पिएको हुनाले त्यहाँ पश्चिमाधिकरणको अधिकार छुटाएर हामीबाट निगाह गरिएको छ। जुन बेला पाञ्चालिक-हरुको यस बारेमा मुद्दा पर्ला अथवा तिनीहरुले नियमित कार्यलाई छोड्लान् त्यसबेला स्वयं राजाहरुले अन्तरासनबाट विचार गरिने छन् भन्ने कुरा तिमीहरुलाई थाहा होओस्। यस आज्ञाको परिपालन पछिका राजाहरुले पनि गरुन्।

कैफियत– प्रस्तुत शिलालेखमा रातदिन अनेक शास्त्रको विषयमा छलफल गर्दा खराब दृष्टिकोण हटिसकेका हुनाले न्याय निशाफको बन्दोबस्त मिलाउन ठूलो उत्सव संकुने भनी श्रीअंशुवर्माको प्रशस्ति स्वरूप उल्लेख गरिएबाट त्यस समय यहाँ विद्वन्मण्डल कायम रहेर राजाहरु उक्त मण्डलमा हुने छलफलहरुमा भाग लिन्थे भन्ने कुरा विदित हुनुको अतिरिक्त त्यस समय न्याय व्यवस्था सुचारु रूपले सञ्चालन गर्नको लागि ऐन कानूनको पनि तर्जुमा गरिएको थियो भन्ने कुरातिर इङ्गित हुन्छ।

अर्कोतर्फ देवमूर्ति तथा मन्दिरहरुको हेरचाह गर्ने जस्ता कार्यहरु त्यस समय विशेषतः स्थानीय सार्वजनिक औ विभिन्न संस्थाहरुको हात सुपूर्द गर्ने सामाजिक मान्यतानुरूप प्रस्तुत शिलालेखमा पनि उक्त देवताहरुको वर बन्दोबस्त गर्ने अभिभारा पश्चिम तर्फको अड्डाको अधिकारबाट छुटाएर अधःशाला पाञ्चालिकलाई सुम्पेको विदित हुन्छ। पश्चिमाधिकरणको अधिकार समाप्त गरी पाञ्चा-लिकहरुको जिम्मा लाएको भन्ने उल्लेखले उक्त प्रकारका सम्पूर्ण सार्वजनिक कार्यहरु स्थानीय संस्थाहरुकै हातमा मात्र नरही सरकारी अधिकरणहरुलाई पनि तिनीहरुको अभिभारा सुम्पने परिपाटी विद्यमान रहेको थाहा हुन्छ।

फेरि, उक्त अधःशाला पाञ्चालिकहरुको बीच मनोमालिन्य भएमा वा तिनीहरुबाट नियमित कार्यको सम्पादन नभएमा त्यसको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विचार राजाको अन्तरासनबाटै हुने कुराको उल्लेख प्रस्तुत शिला-लेखमा भएबाट राजतन्त्रात्मक व्यवस्थामा राजामैं राज्यको सर्वोच्च सत्ता निहित हुने परम्परा तिर स्पष्ट परिलक्षित हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ९०

१. [स्व]स्ति — — — — — द — — — —
२. इयानुप्राह्याभिरा,[धन] – भगवत्पशुपतिभट्टारकपादा [नुगृही]–
३. तो बप्पपादानुध्यातः [श्र्यं] शुवर्मा कुशली मिग— — –
प्रतिवद्धचिचित — —
४. —निवासिनः कुटुम्बि [नो यथा] प्रधानाङ्क ̣शलमाभाष्य समाज्ञा-
पयति
५. विदि [तम्भवतु भ] वताम् ·या — —युष्मद्ग्रामसीमा – –
— —द— —
६. अस्माभिर्युष्मद्ग्रामेऽत्र प्र [साद]— —म— —तदेवंवेदि-
भिर [स्म] —
७ त्पादोपजीविभिरन्यैर्वा न कैश्चिदयम्प्रसादो [न्यथा] कर [णी]
यो [य] स्त्वेतामा—
८ ज्ञामुल्लङ्घ्य [न्यथा कु] र्यात्कारयेद्वामर्षयितव्यो भविष्यद्भिरपि
भूप -
९. तिभिः पूर्व [राजकृतप्रसादानुव] र्तिभिरेव भाव्यम्त्रि [र] स्थि [तये]
चास्य [प्र] —
१०. सादस्य शि [लापट्टकशासन] मिदन् दत्तमि[ति स्व]यमा
[ज्ञा दू] तकश्चा
११. [त्र युवरा] ज श्री – — — — — — — –

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं- ९०
प्राप्तिस्थान–किसिपिडी लाञ्छिटोलस्थित अभिलेख
मिति-X
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–भगवत्पशुपतिभट्टारकपादानुगृहीतो
बप्पपादानुध्यातः श्यूं शुवर्म्मा
प्रशासनिक पद–दूतक
अड्डा-X
शिलापत्र राख्नाको उद्देश्य–राजाज्ञा जारी गरेको
शिलापत्र राख्नेको नाम–श्यूं शुवर्मा
महानाम्नाहरुको समेत देवताहरुको नाम– भगवत्पशुपति
विहार, मन्दिरको नाम– X
धर्म, धार्मिक कार्य– X
कुनमा प्रकाशित– आर. नोलीद्वारा XLIV संख्या
शिलापत्रको शीर्षचिह्न– शिरोभागमा वसिरहेको साँढेको आकृति अंकित छ।
लिपि–ब्राह्मी
स्थान– X
संक्षिप्त विवरण– श्रीअंशुवर्मले ग्रामीण जनताहरुलाई कुशलक्षेम सोधेर आज्ञा दिंदै तिनीहरुको ग्रामको लागि तोकिएको सीमा व्यवस्थामा कसैले अन्यथा गरेमा नसहने कुरा उल्लेख गरी राजाज्ञा जारी गरेको प्रस्तुत शिलालेखमा वर्णित छ।
कैफियत–प्रस्तुत शिलालेखको अक्षर धेरै नष्ट भै सकेको हुनाले अर्थ राम्ररी खुल्न सकेको छैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ६१

१. = = = ⏓ ⏓ = ⏓ = ⏓ ⏓ ⏓ = प्रासादपिण्डं
स्थलम् सद्धित्यामृतवर्मणा ⏓ ⏓ प = = = शिलापट्टक्।
२. [भर्तुः पुण्य] विवृद्धये भवगतिक्लेशक्षयायात्मनः भार्य्या श्री
कलहाभिमानिनृपतेर्लब्ध्वा प्रसादोदय [म्]॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–९१

प्राप्तिस्थान–पशुपति वनकालीस्थित अभिलेख

मिति–×

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत– (१) श्रीकलहाभिमान नृपतिः
(२) अमृतवर्म्मणा

प्रशासनिक पद–×

अड्डा–×

शिलापत्र राख्नाको उद्देश्य– राजाको पुण्यको अभिवृद्धि तथा सांसारिक दुःख कष्टबाट मोचन हुनाको निमित्त

शिलापत्र राख्नेको नाम–अमृत वर्म्मा

महानात्माहरुको समेत देवताहरुको नाम–×

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–सकाम कर्म

कुनमा प्रकाशित– आर. नोलीद्वारा XLVI संख्या; "पूर्णिमा" १ पूर्णाङ्क, प्रकाशक: संशोधन मण्डल

शिलापत्रको शीर्षचिह्न–×

लिपि–ब्राह्मी

स्थान–×

संक्षिप्त विवरण–राजाको पुण्यको अभिवृद्धिकोलागि, सांसारिक दुःख कष्टबाट मोचन हुनाको निमित्त पनि श्रीकलहाभिमानी राजाको पत्नीबाट अनुग्रह पाएर अमृतवर्मले असल भित्ता भएको गोलाकार प्रासाद वनाएको कुरा प्रस्तुत शिलालेखमा वर्णन गरिएको आभास हुन्छ।

कैफियत–प्रस्तुत अभिलेखमा श्यंशुवर्माको नामको साटो तिनको खालि उपनामनैं उत्कीर्ण छ। उत्तरप्राचीनकालीन नेपालका राजाहरुमा उनी पहिलो राजा मानिन्छ जसले आफ्नो नाममा उपनाम पनि जडेका थिए। आफ्नो नामको अतिरिक्त परचक्रकामको रूपमा उपनाम पनि जड्ने अर्को सुप्रसिद्ध राजा जयदेव द्वितीय रहेको छ। यस तथ्यलाई संक्षिप्त शक संवत् १५९ को पशुपतिको अभिलेखबाट स्पष्टरूपले जान्न सकिन्छ। यसरी उत्तरप्राचीनकालदेखिनैं नेपालमा आफ्नो नामको अतिरिक्त उपनाम पनि राख्ने परम्परा चलिसकेको कुरा यस

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेखबाट स्पष्ट थाहा पाइन्छ ।

कुनै पनि व्यक्तिका नाममा व्यवहृत उपनाममा त्यसमा निहीत चारित्रिक विशेषताहरुको विशेषतः प्रतिविम्वन् हुने हुन्छ । सम्राट अशोक एवं सम्राट हर्षवर्द्धनका उपनाम स्वरूप रहेका प्रियदर्शी तथा शीलादित्य शब्दहरुले तिनीहरुका चरित्रमाथि राम्रो प्रकाश पारेका छन् । यसरी भन्दैमा सबै व्यक्तिको उपनाम त्यसको चरित्रको पूर्ण प्रतिविम्व स्वरूप हुन्छ भन्ने त्यो होइन । सम्राट अशोककै सरी तिनका युद्धपिपासु बाज्ये चन्द्रगुप्त मौर्यको उपनाम पनि प्रियदर्शी रहेको छ । जुन तिनको चरित्रसित पूर्णरूपले मेल खान्छ भन्न सकिंदैन । यद्यपि यो निश्चय छ कि तिनले आफ्नो जीवनको अन्तिम समय जैन धर्ममा अवलम्बित रही व्यतित गरेका थिए । यसै तथ्यको परिप्रेक्ष्यमा प्रस्तुत अभिलेखमा उत्कीर्ण अंशुवर्माको उपनाम स्वरूप रहेको श्रीकलहाभिमानी शब्दलाई लिन सकिन्छ । श्रीकलहाभिमानी शब्दको पहिलो उल्लेख संवत् ३२ को हाडिगाउँको अभिलेखमा श्र्यंशुवर्माको नामसितै आएको थियो । जसको कारण श्र्यंशुवर्माले यो उपनाम लिच्छवि सिंहासनमा आरूढ भएदेखि ग्रहण गरेको हो भन्ने कुराको अनुमान हुन्छ ।

अंशुवर्माले आफ्नो नाममा व्यवहृत गरेको श्रीकलहाभिमानी उपनामले उनी ऐश्वर्यशालिनी (श्री) सित झगडा गर्न सदा उद्यत रहने विद्यानुरागी व्यक्ति रहेको कुरातिर स्पष्ट परिलक्षित गर्दछ । यसले तिनी ऐश्वर्यको क्षेत्रमा निर्धो भएर विद्यामा मात्र उच्चतामा पुगेको कुरा दर्शाउँछ । जुन तिनको जीवनसित पूर्णतया मेलखान्छ भन्न गाह्रै पर्दछ । यो निश्चय छ कि उनी विद्वान राजा रहेको छ । यस तथ्यलाई देशी एवं विदेशी दुवै सामग्रीबाट प्रमाणित गर्दछ । सम्वत् ३९ को देवपाटन गणेस मूर्ति संगैको अभिलेखका "अनेकशास्त्रार्थविमर्शावसादितासद्दर्शनतया धर्माधिकारस्थितिकारणमेवोत्सवमनतिशयम्मन्यमान" पंक्तिको अतिरिक्त सातौं शताव्दी ई. मा भारत भ्रमणार्थ आउने चीनीयाँ यात्री युआनच्वाङ्गले आफ्नो यात्रावृत्तान्तमा श्र्यंशुवर्माले शब्द विद्या सम्बन्धी ग्रन्थ लेखेको भन्ने कुरा उल्लेखबाट यिनी एक विद्वान् राजा रहेको कुरा सिद्ध हुन्छ । तर, प्रस्तुत तिनको उपनामले तिनी धन सम्पन्नता (ऐश्वर्य) मा निर्धो हुनु पर्ने देखिएता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि तिनको समय उत्तरप्राचीनकालीन नेपालमा सर्वाङ्गिन उन्नति भएको साहित्यिक एवं पुरातात्त्विक दुवै आधारबाट देखिएकोले यिनी विद्याको साथै ऐश्वर्यमा पनि सम्पन्न रहेको कुरा प्रकटित हुन्छ। यसरी यिनको प्रस्तुत उपनामले यिनका चारित्रिक विशेषताहरुमाथि आंशिक बाहेक पूर्णरूपले प्रकाश पार्दछ भनी मान्नु नसकिनेछ। वरु यसको विपरित गुप्तसम्राट समुद्रगुप्तका प्रयाग स्तम्भलेखका पंक्ति यिनको चरित्र सित बढ्ता मेल खान्छ।

"[स] त्काव्य-श्री-विरोधान्बुध-गुणित-गुणाज्ञाहतानेव कृत्वा
[वि]द्वल्लोके(ऽ) वि [ना] [शि] स्फुटवहु-कविता-कीर्त्ति--राज्यं
भुनक्ति (।।) [३]"

—प्रयाग स्तम्भलेख, चारौं शताब्दी ई.

यसमा दुई मत नहोला।

त्यस समय विशेषतः नातावाद, फरियावादको वोलवाला रहेको छ। यो एक ऐतिहासिक सत्य छ। श्री कलहाभिमानी राजाकी पत्नीबाट अनुग्रह पाएर अमृतवर्मालि प्रासाद निर्माण गरेको उल्लेखले उपरोक्त तर्कको पुष्टि भएको लाग्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ६२

१. ... ...
२. ... ... (व)ञ्रयान
३. ... ... पादानुगृहीत
४. ... श्र्यंशुवर्मा
५. ... ... नाङ्कुशल
६. ... ... बुद्धिभि-
७. ... ... सम्पदा
८. ... ... भूचैत्यभट्टा
९. ... ... ट्टग्राम
१०. ... ... दिवस
११. भू ... नन ... माद...
१२. ... ... रपि प्रतिवर्ष
१३. ... शुक्लपञ्चम्याम्प्रातरेव स्नातानु-
१४. ... ... गृहालङ्कारभूतो
१५. ... ...

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.– ९२
प्राप्तिस्थान–गोकर्णको अभिलेख
मिति-संवत् ... "... शुक्लपञ्चमी
राजा,दूतक वा कुनैको नाम प्रशस्ति समेत–श्र्यंशुवर्मा
प्रशासनिक पद– ×
धर्म, धार्मिक कार्य–बौद्धधर्म
शिलापत्र राख्नाको उद्देश्य–राजाज्ञा जारी गरेको
शिलापत्र राख्नेको नाम–श्र्यंशुवर्मा
महानात्माहरुको समेत देवताहरुको नाम– ×
विहार, मन्दिरको नाम– . ... भूचैत्य
अड्डा– ×
कुनमा प्रकाशित–मोहनप्रसादखनाल लिखित "नेपालका केही मल्लकालीन अभिलेख"
शिलापत्रको शीर्षचिह्न– ×
लिपि–ब्राह्मी
स्थान– ×
संक्षिप्त विवरण– ×
कैफियत–प्रस्तुत अभिलेखका अक्षर ज्यादै नैं घोटिइसकेकोले यसमा के विषय उल्लेख छ भन्ने कुरा स्पष्टरूपले थाहा हुन सकेको छैन। तर, यसका बचेका अक्षरहरुको अध्ययनले यसमा बौद्ध चैत्य सम्बन्धी व्यवस्था बाँधेको कुरा वर्णित छ भन्ने लाग्दछ।

फेरि, यसमा वज्रयान शब्द स्पष्टरूपले उत्कीर्ण गरेको देखिएकोले भारतमा त्यसको उत्पत्तिको संग संगैनैं भने जस्तो नेपालमा पनि त्यसको प्रचार हुन लागेको देखिन्छ। भारतमा वज्रयानको उत्पत्तिको माथिल्लो सीमानैं छैठौं शताब्दी ई. मात्र छ। चौधौं शताब्दी ई. को सिंहल भाषाका ग्रन्थ "निकाय संग्रह" यस तथ्यको आधारस्वरूप छ।[१] जेहोस्, प्रस्तुत अभिलेखले सातौं शताब्दी ई. मैं नेपालमा वज्रयानको प्रचार भैसकेको कुरा सिद्ध हुन्छ। संक्षिप्त शाक संवत् १२२ को गोरखाको अभिलेखमा

---

[१] हेर्नोस्–राहुल सांकृत्यायन लिखित "पुरातत्त्व–निबन्धावली" १९५८ ई., पृ. ११६,११८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उत्कीर्ण वज्रभैरवलाई यसको पुष्टयाइँको लागि सहायकस्वरूप मान्नेहरु पनि छन् । तर, वज्रभैरवले बौद्धधर्मतिरै मात्र इङ्गित गरेको छ भन्न सकिन्न । किनभने "रुद्रयामल" ग्रन्थ अनुसार चतुषष्ठी भैरवमध्ये एकको नाम वज्रहस्त रहेको छ जसले वज्रभैरवको शैवधर्मसित घनिष्टतम सम्बन्ध रहेको कुरा तिर इङ्गित गर्दछ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ६३

(१) … …
(२) (मा)त्रा जयवार्तिकया मान २ सुगृहीतनामा … …
दायतनं शासितुश्च कुमारविजयिनः लय
(३) २० मानिका प्रयच्छेत् छत्राच्छादनपुष्पसिन्दूरदीपवादित्राद्युप-
योगाय द्वादश १२ मानिकाः यच्च दीप
(४) यथाभिलिखितमासदिवसविपर्यये चासति-प-प्रत्यायेन कथञ्चन
करणीयं इति व्यजिज्ञपत् संवत् ४३ ज्येष्ठ कृष्ण …

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं– ९३

प्राप्तिस्थान– ललितपुर भण्डारखालमा राखेको फर्पिङको अभिलेख

मिति– संवत् ४३ ज्येष्ठ कृष्ण

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत– (मा) त्रा जयवार्तिका

प्रशासनिक पद– X

धर्म, धार्मिक कार्य– हिन्दूधर्म

शिलापत्र राख्नाको उद्देश्य– देवताको संस्थापन गरी तिनको पूजा आजाकोलागि व्यवस्था बाँधेको

शिलापत्र राख्नेको नाम– जयवार्तिका

महानात्माहरुको समेत देवताहरुको नाम–शासिता कुमारविजयी

विहार, मन्दिरको नाम–X

अड्डा–X

कुनमा प्रकाशित–"पूर्णिमा" ९ पूर्णाङ्क, प्रकाशकः संशोधन मण्डल

शिलापत्रको शीर्षचिह्न–X

लिपि–ब्राह्मी

स्थान–X

संक्षिप्त विवरण–आमा जयवार्तिकाले शासिता कुमारविजयीको संस्थापन गरी त्यसको पूजा आजाको लागि भूमि प्रदान गरेर व्यवस्था बाँधेको कुरा प्रस्तुत शिलालेखमा वर्णित छ ।

कैफियत- प्रस्तुत अभिलेखमा देवताको नाम स्वरूप "शासितुश्च कुमारविजयिनः" उत्कीर्ण छ । यो देवतालाई कुनै–कुनै इतिहासकारहरु बौद्ध देवताको रूपमा स्वीकार्छन् । तिनीहरुका धारणानुसार भगवान बुद्धका विभिन्न नाम मध्येको एक नाम–शास्ता उक्त शासिता शव्दकै अपभ्रंश हो औ भगवान बुद्ध मारविजयी हुंदा यहाँ उत्कीर्ण कुमारविजयी शव्दले पनि त्यसै तथ्यतिर इङ्गित गर्दछ । यसरी तिनीहरुले प्रस्तुत देवतालाई बौद्ध देवताकै रूपमा स्वीकारेका छन् । उहाँहरुको उपरोक्त तर्क साधारण तवरले हेर्दा ठीक जस्तै प्रतीत हुन्छ । तर त्यसलाई सत्यप्रद छ भनी मान्न सकिदैन । प्रथमतः शासिता र शास्ता शव्दहरु एउटै हुन् औ शास्ता शव्द शासिताको अपभ्रंश स्वरूप छ भनी मान्ने कुनै आधार छैन । दोश्रो, प्रस्तुत अभिलेखमा कुमारविजयिनः भनी उत्कीर्ण छ, न कि मारविजयिनः । कुमारले शिवपुत्र कार्तिकेयलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बुझाउँछ, जबकि मारले कामदेव औ त्यसका गण भन्ने मात्र अर्थ्याउँछ। यस्तो अवस्थामा कुमारविजयिनः लाई मारविजयिनः भनी मान्नु नसकिने कुरा सिद्ध छ। बरु त्यसको विपरीत शासितुश्च कुमारविजयिनः शब्दले कुमार कार्तिकेयलाई बुझाएको कुराको अनुमान हुन्छ। उक्त शब्दले शासन गर्ने विजयी कुमारको भन्ने अर्थ बुझाउँछ। कुमार कार्तिकेयको जन्मनैं दुःष्टको दलन औ देव समूह (सुहृत)को नेतृत्व साथ रक्षा गर्ने पावन उद्देश्यको सम्पूर्तिको लागि भएको थियो। यस तथ्यलाई पौराणिक कथाहरूको अनुशीलनबाट स्पष्टतया थाहा पाउन सकिन्छ। दुःष्ट तारकासुरको वध गरी विजयी भएको हुँदानैं यिनलाई तारकजित भनिएको हो। यी आधारबाट प्रस्तुत अभिलेखमा उत्कीर्ण शासिता कुमारविजयी देवता यथार्थतः शिवपुत्र कार्तिकेय कुमारनैं रहेको छ भन्न सजिलैसंग सकिन्छ। यसमा दुई मत नहोला।

यस शिलालेखमा शासिता कुमारविजयीको लागि छत्र, चँदुवा, फूल, सिन्दूर, बत्ती तथा बाजाको व्यवस्था बांधेको वर्णनले उत्तरप्राचीनकालीन धर्मको बारे यथेष्ट मात्रामा जानकारी प्राप्त भै त्यस समय आधुनिक धार्मिक परम्पराको अरुणोदय रहेको ज्ञात हुन्छ। बाजाको उल्लेखले त्यस समय देवमन्दिरहरुमा बाजा बजाउने चलन विद्यमान रहेको थाहा हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ६४

१. त्वोत्र संघाय—ऊ— — — — — — —

१अ. —मानादिन्निधनान— — — — — —

२. योः पूजार्थमाश्वयुजाकू— — — — — —

२अ. — — — — — तपु— रपदंपनिमित्त

३ः — डिचिचदि — दे — — — — —

३अ. — — — — — भिंध — रच्चेत्रवसा

४. — — — — — — — —

४अ. — — — — — ति — — भोज —

५. — ना — — — — — —

५अ. — — — — — — — —

६. — — — — — — — —

६अ. — — — — — — तः ४०॥

७. —कूप— — — — — — —

७अ. — — — — — — त्वाखाद्यतो

८. — भि — — — — —

८अ. — — — — —श—ज—ऊ

९. — दशमानिका— — — — —

९अ. — — — — — तोमानेभ्य

१०. — हारस — — — — —

१०अ. — —पदेश— — — — मु

११. ईखूंप्रदेशो च्चेत्र— — — — —

११अ. — — — — — — — —

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–९४

प्राप्तिस्थान–नेपाल म्यूजियममा राखेको ललितपुर भीमसेन मन्दिर अगाडि आँगनको अभिलेख

मिति–×

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–×

प्रशासनिक पद–×

अड्डा–×

शिलापत्र राख्नाको उद्देश्य–×

शिलापत्र राख्नेको नाम–×

महानात्माहरुको समेत देवताहरुको नाम–×

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–बौद्ध धर्म

कुनमा प्रकाशित–आर. नोलीद्वारा XLV संख्या

शिलापत्रको शीर्षचिह्न–अभिलेखको मध्यभागमा दुइवटा हरिण र दुइजना घुँडा टेकेर प्रार्थनामा लागेका भक्तहरुको माझमा भगवान् बुद्धको आकृति अंकित गरिएको छ ।

लिपि–ब्राह्मी

स्थान–×

संक्षिप्त विवरण–×

कैफियत–प्रस्तुत अभिलेखका अक्षरहरु साह्रैनैं विग्रिसकेको हुनाले यसमा उत्कीर्ण विषयहरुबारे राम्ररी थाहा हुन सकेको छैन । यसको मध्यभागमा दुइवटा हरिण र दुइजना घुँडा टेकेर प्रार्थनामा लागेका भक्तहरूको बीचमा भगवान् बुद्धको आकृति अंकित गरिएको छ । यसको अतिरिक्त यसमा संघ, कूप शब्दको प्रयोग भएको छ । जसले कुनै एक विहार निर्मित गरी आवश्यक वन्दोवस्त मिलाएको कुरा यहाँ वर्णित भएको अनुमान हुन्छ । लोकोत्तर विहारहरुमा स्तूप, कूप, प्रपा, आरामहरु हुने कुरा निश्चित भएकोले पनि उपरोक्त अनुमानमा सघाउ पुऱ्याएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ९५

१. मुञ्च दिशा काम्बरभ — न — — — — — —
२. एवाम् स्थितिम् यो विगण्यति — — — — —
३. सङ्किकमिव विलीनचं — — — — — —

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं –९५

प्राप्तिस्थान–ललितपुर वहिलीटोलस्थित अभिलेख

मिति– ×

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत– ×

प्रशासनिक पद– ×

अड्डा– ×

शिलापत्र राख्नाको उद्देश्य– ×

शिलापत्र राख्नेको नाम– ×

महानात्माहरुको समेत देवताहरुको नाम– ×

विहार, मन्दिरको नाम– ×

धर्म, धार्मिक कार्य– ×

कुनमा प्रकाशित–आर. नोलीद्वारा XLVII संख्या

शिलापत्रको शीर्षचिह्न– ×

लिपि–ब्राह्मी

स्थान– ×

संक्षिप्त विवरण– प्रस्तुत शिलालेखमा रीति स्थितिको विषयमा उल्लेख भएको प्रतीत हुन्छ ।

कैफियत– यस अभिलेखको अक्षर सार्है नै बिग्री सकेको हुनाले अर्थ राम्ररी खुल्न सकेको छैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–९६

१. ·· — — ·· ··· ·· कीर्ति ·· ··· ·· ···
२. ··· — ··· — ··· श्रीकलहाभिमानी नृप —
३. ··· ··· – — – पुण्य — ·· मा ·· —

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–९६
प्राप्तिस्थान–दुम्जाको अभिलेख
मिति–X
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–श्रीकलहाभिमानी नृपः
प्रशासनिक पद–X
धर्म, धार्मिक कार्य–X
शिलापत्र राख्नाको उद्देश्य–X
शिलापत्र राख्नेको नाम–X
महानात्माहरुको समेत देवताहरुको नाम–X
विहार, मन्दिरको नाम–X
अड्डा–X
कुनमा प्रकाशित–मोहन प्रसाद खनाल लिखित "अभिलेख संकलन" साझा प्रकाशन, संख्या १
शिलापत्रको शीर्षचिह्न–X
लिपि–ब्राह्मी
स्थान–X
संक्षिप्त विवरण–X
कैफियत– प्रस्तुत अभिलेखका अक्षरहरु साह्रै नै खिइसकेका हुनाले यसमा के कुराको वर्णन गरिएको छ भन्ने कुरा थाहा पाउन गाह्रो भएको छ । तर, यसमा श्रीकलहाभिमानी नृपः भनी उल्लेख गरिएकोले यो अभिलेख अंशुवर्माकालीन हो भन्ने कुरा जानिन्छ। अर्को, यस अभिलेखको प्राप्ति उपत्यका बाहिर दुम्जामा भएको हुनाले उत्तर प्राचीनकालीन नेपालको राज्यसीमा नेपाल खाल्डो मात्र नभएर यसभन्दा बाहिर पनि टाढा–टाढासम्मन् फैलिएको थियो भन्ने कुराको प्रमाणीकरणमा सहायक हुन आएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.-९७

१. संवत् ४५ (?) ज्येष्ट शुक्ल — — —
२. श्र्यंशुवर्म्म प्रसादेन पितुः पुण्यविवृद्धये
३. कारिता सत्प्रणालीयं वार्त्तेन विभुवर्मणा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–९७

प्राप्तिस्थान–रानीपोखरीबाट लैनचौर जांदा बाटोमा रहेको अभिलेख

मिति–संवत् ४५ (?) ज्येष्ट शुक्ल

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) श्र्यंशुवर्मा (२) विभुवर्मा

प्रशासनिक पद–X

अड्डा–X

शिलापत्र राख्नाको उद्देश्य–पिताको पुण्य वृद्धिको लागि

शिलापत्र राख्नेको नाम–वार्त्त विभुवर्मा

महानात्माहरुको समेत देवताहरुको नाम–X

विहार, मन्दिरको नाम–X

धर्म, धार्मिक कार्य–X

कुनमा प्रकाशित–भगवान्‌लालद्वारा ८ संख्या; आर. नोलीद्वारा XLVIII संख्या

शिलापत्रको शीर्षचिह्न–X

लिपि–ब्राह्मी

स्थान–X

संक्षिप्त विवरण–वार्त्त विभुवर्माले श्र्यंशुवर्माको निगाहाले आफ्ना पिताको पुण्यवृद्धिको लागि प्रणाली स्थापन गरेको कुरा प्रस्तुत शिलालेखमा वर्णन गरिएको छ ।

कैफियत–प्रस्तुत शिलालेख अहिले कहाँ छ, कुनै पत्तो छैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ९८

१. यना
२. मशेषनै
३. गुरोर्व्वासुदेवस्य
४. र्त्थे भूयादित्यस्मा [भि]
५ णानुस्मरणामि
६. ढ्विः सर्वैरनुसमं ए
७ स्तावदाक्रष्टव्योयं
८. वासौ न सम्पन्नातिक
९ तिक — — वान्यमानि
१०. ढ्विरपि
११. [स्व] यमाज्ञा दू [तकश्वा] त्र देवप

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.- १८
प्राप्तिस्थान-भ. पु. ठीमीको अभिलेख
मिति-×
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत-×
प्रशासनिक पद-दूतक
अड्डा-×
शिलापत्र राख्नाको उद्देश्य- राजाज्ञा जारी गरेको
शिलापत्र राख्नेको नाम-×
महानात्माहरुको समेत देवताहरुको नाम-गुरोर्वासुदेव
विहार, मन्दिरको नाम-×
धर्म, धार्मिक कार्य-वैष्णव धर्म
कुनमा प्रकाशित-सिल्वां लेवीद्वारा ५ संख्या; आर. नोलीद्वारा XLIX संख्या
शिलापत्रको शीर्षचिह्न-×
लिपि-ब्राह्मी
स्थान-×
संक्षिप्त विवरण-×
कैफियत-वासुदेव धर्म (भागवत)को प्रारूप नेपालको इतिहासमा सर्वप्रथम पुरातात्त्विक आधारमा छैठौं शताब्दी ई. को अन्तिम समयदेखि भएको कुरा माथि वर्णन भै सकेको छ । यसको अनन्तर वासुदेव धर्मको उन्नति क्रन-क्रन हुँदै गएको कुरा संवत् ५२६ को लेलेको अभिलेखमा भगवद्वासुदेवब्राह्मणगोष्ठीको उल्लेख आएबाट जानिन्छ । साँच्चै भन्ने हो भने पाँचौं शताब्दी ई. को प्रारम्भमै वासुदेवलाई अन्य सबै देवताहरुमा सर्वोच्च स्थान प्रदान गरिसकेको कुरा मालव संवत् ४६१ (=४०४ ई.)को मन्दसोर शिलालेखमा वासुदेवबाट अन्य सबै देवताहरुको प्रादुर्भाव भएको दर्शाइएबाट प्रकटित हुन्छ ।-

"मृगतृष्णाजल-स्वप्न-विद्युद्दीपशिखा-चलम् (॥) ९
जीवलोकमिमं ज्ञात्वा शरण्यं शरणङ्गतः (।)
त्रिदशोदार-फलदं स्वर्गस्त्री-चारु-पल्लवम् (॥) १०
विमानानेक-विटपं तोयदांबु-मधु-स्रवम् (।)
वासुदेवं जगद्वासमप्रमेयमजं विभुम् (॥) ११"[१]

१. हेर्नोस्-डि. सि. सरकारद्वारा संपादित "सेलेक्ट इन्स्क्रिप्सन्स" १९६५ ई., पृ.३९८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फेरि, पन्ध्रौं शताब्दी ई. का सुप्रसिद्ध वैष्णव आचार्य वल्लभाचार्यले वासुदेवकृष्णको महत्तालाई अझ स्पष्ट पारेको छ ।

"एकंशास्त्रं देवकीपुत्र गीतं
एकोदेवो देवकीपुत्र एव ।
मन्त्रोऽप्येकस्तस्य नामानि यानि
कर्माण्येकं तस्य देवस्य सेवा ॥"[२]

यसै सन्दर्भमा प्रस्तुत अभिलेखको गुरोर्वासुदेवस्य शब्दलाई लिन सकिन्छ ।यहाँ वासुदेवलाई गुरु भनिएबाट त्यस समयसम्म वासुदेव प्राणीमात्रमा ज्ञानको प्रसारद्वारा मोक्ष प्रदान गर्ने महान् आत्माको रूपमा मानिएको कुरा प्रमाणित हुन्छ । गुरु प्राणीमा ज्ञानको चक्षुप्रदान गर्ने हुँदा वैदिकयुगदेखिनै उनी आध्यात्मिक माताकोरूपमा सम्झिँदै आएको देखिनुको[३] साथै तैत्तिरीयोपनिषद्मा उनी देववत् मानिएको कुरा स्पष्ट छ ।[४] कुलशेखर अलवर लिखित मुकुन्दमाला अनुसार विष्णु (वासुदेव) प्राणीलाई भवसागरबाट तार्ने पोत स्वरूप छ।

२. हेर्नोस्–जे. एच. देभ लिखित "इम्मोर्टल इण्डिया" भोल १,१९६० ई.,पृ.६९;
स्कन्दपुराणमा पनि वासुदेवलाई सर्वश्रेष्ठ देवताकोरूपमा वर्णन गरिएको छ–

"गङ्गाद्वारसमं तीर्थं न कैलाससमो गिरिः ।
वासुदेवसमो देवो न गङ्गासदृशं परम् ॥
अस्मिन् क्षेत्रेऽर्धमासे तु शिवसन्यस्तमानसः ।
प्राप्नोति शिवसायुज्यं किमन्यैर्बहुभाषितैः ।"

–स्कन्द

हेर्नोस्–जे. एच. देभ लिखित "इम्मोर्टल इण्डिया" भोल २,१९५६ ई., पृ. ५७

३. "आचार्य उपनयमानो ब्रह्मचारिणं कृणुते गर्भम् अन्तः ।
तं रात्रीस् तिस्र उदरे बिभर्ति तं जातं द्रष्टुम् अभि संयन्ति देवाः ।"

–अथर्ववेद ११।५।३

हेर्नोस्–अबिनाश चन्द्र बोस लिखित "द काल अव द वेदज" १९६० ई., पृ. ११४–११५

४. हेर्नोस्–डा. ए. एस. अल्टेकर लिखित "एजुकेशन इन अनशएट इण्डिया" १९५७ ई., पृ. ३२३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"भवजलधिगतानां द्वन्द्ववाताहतानां
सुतदुहितृकलत्र त्राणभारार्दितानाम् ।
विषमविषयतोये मज्जतामप्लवानां
भवति शरणमेको विष्णुपोतो नराणाम् ॥"५

सिल्वाँलेवीले प्रस्तुत अभिलेखलाई भट्टारकमहाराज वसन्तदेवकालीन मानेको छ तापनि आर. नोलीले यसलाई अंशुवर्माकालीन स्वीकारेको छ ।

५. हेर्नोस्–जे. एच. देभ लिखित "इम्मोर्टल इण्डिया" भोल १,१९६० ई., पृ. १३१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ६६

१. स व...
२. स्मदनुमोदन ...
३. (सा)मन्तचन्द्रवर्मगो(मि) ...
४. चिरतरकालस्थितये द्ये ...
५. ङ्ग्रामनिवासिभ्यः खडग्रं शै ...
६. शासनन्त्वनेककालप्रवृत्त ...
७. भिर्भवद्भिर्यथोपनीयमान ...
८. नामुपनेयास्तैश्चानुपाल्यमाने ...
९. म्प्रतिवस्तव्यं सीमा चास्य पूर्वेण ...
१०. (द)क्षिणेन बद्राली दक्षिणपश्चिमेन ...
११. (उत्त)रपश्चिमेन थंसम्प्रिन्देवक्षेत्राल ...
१२. स एव राजपथःहस्विमविल्लीग्रामस्य ..
१३. त्र सीमान इत्येतत्सीमानः ... न ग्र ..
१४. पीडा कार्या ...
१५. (न म)र्षयिष्याम्रो ..
१६. मन्यथा का(र्या) ..

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ९९
प्राप्तिस्थान– बलम्बु भेल्बूको अभिलेख
मिति– ×
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत– (सा, मन्तचन्द्रवर्मगो(मि)
प्रशासनिक पद–सामन्त
अड्डा– ×
शिलापत्र राख्नाको उद्देश्य– राजाज्ञा जारी गरेको
शिलापत्र राखनेको नाम– ×
महानात्माहरुको समेत देवताहरुको नाम– ×
विहार, मन्दिरको नाम– ×
धर्म, धार्मिक कार्य– ×
कुनमा प्रकाशित– "पूर्णिमा" पूर्णाङ्क ५; प्रकाशकः संशोधन मण्डल
शिलापत्रको शीर्षचिह्न– ×
लिपि– ब्राह्मी
स्थान– (१) बद्राली (२) थंसम्प्रिन्देवक्षेत्ाली (३) हस्विमविल्लीग्राम
संक्षिप्त विवरण–सामन्त चन्द्रवर्मगोमीले विन्ति चढाएकोमा त्यसलाई अनुमोदन गरी चोरकाल सम्म स्थायित्व हुने गरी तोकिएको रकम बुझाउञ्जेल सम्म वस्नुको लागि चारकिल्ला खोलेर ग्रामीण जनताहरुलाई राजाज्ञाद्वारा जग्गा प्रदान गरेको कुरा प्रस्तुत अभिलेखमा वर्णित छ।

कैफियत– भूमिको तिरो निश्चित् परिमाणमा लिएर मानिसहरुको वस्ती वसाल्ने चलन उत्तरप्राचीनकालमा यहाँ प्रचलित रहेको कुरा प्रस्तुत शिलालेखबाट विदित हुन्छ।

प्रस्तुत अभिलेखमा सामन्तचन्द्रवर्मगोमि भनी उल्लेख आएको को कारण कुनै–कुनै इतिहासकारहरु यिनी संस्कृतका सुप्रसिद्ध वैयाकरणकार (चन्द्रव्याकरणका लेखक) चन्द्रगोमी नैं हो भन्ने कुराका पक्षपाती छन्। सामान्यरूपले हेर्दा समकालीन पनि हुंदा उक्त अनुमान ठीक जस्तो देखिन्छ। तर यथार्थता भिन्नै छ। चन्द्रव्याकरणका लेखक चन्द्रगोमी रहेकोछ, न कि चन्द्रवर्मगोमी। चन्द्रगोमी बौद्ध थिए जसको कारण यिनले आफ्नो व्याकरणमा वैदिक संस्कृतको स्पर्शतक गरेनन्। यस्तो अवस्थामा यिनी अंशुवर्मा, ध्रुवदेव, जिष्णुगुप्त आदि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जस्ता शैव, वैष्णवमार्गी राजाहरुका सामन्त भएर तत्कालीन प्रशासनमा सम्मिलित भए होलान् भनी सोच्नु नसकिने छ। अर्को, चन्द्रव्याकरणका लेखक चन्द्रगोमी चार बौद्ध दार्शनिक शाखाहरु मध्ये योगाचार शाखाका सुप्रसिद्ध विद्वान थिए। बौद्ध माध्यमिक शाखाका सुप्रसिद्ध विद्वान् चन्द्रकीर्तिको यिनीसित शास्त्रार्थ हुंदा चन्द्रकीर्तिले यिनको विलक्षण पाण्डित्यको भूरि–भूरि प्रशंसा गर्नुको अतिरिक्त यिनलाई नालन्दा विहारमा सम्मानपूर्ण स्थान प्रदान गरेका थिए। यिनले चिकित्साशास्त्र, भवननिर्माणकला, शब्दकोषरचनाकला, व्याकरण, छन्द, काव्य, तर्क आदि विषयहरुमा ग्रन्थहरु लेखेका थिए जसमध्ये यिनका चन्द्रव्याकरण सर्वप्रसिद्ध छ। यी आधारहरुले यिनी एक सुप्रसिद्ध बौद्ध विद्वान रहेको कुरा सिद्ध हुन्छ। यस्तो समय यदि यिनी साँच्चिकै नेपालकै रहेको औ अंशुवर्माको राजत्वकालमा नेपालको एक सामन्त भएको भए नेपालाधिपति अंशुवर्माले शब्दविद्या सम्बन्धी ग्रंथ लेखेका थिए भनी आफ्नो यात्रावृत्तान्तमा उल्लेख गर्ने चीनी यात्री युआन चाङ्गले यिनको बारे पनि अवश्य उल्लेख गर्नु पर्ने थियो। तर, युआन चाङ्गले अंशुवर्माको बारे मात्र उल्लेख गरी तत्कालीन बौद्ध जगतका सुप्रसिद्ध विद्वान् चन्द्रगोमीको उल्लेख नेपाली विद्वानको रूपमा कतै गरेको छैन। जसको कारण प्रस्तुत अभिलेखका चन्द्रवर्मगोमी र चन्द्रव्याकरणका लेखक चन्द्रगोमी एउटै होइन भन्ने कुरा सिद्ध छ। यद्यपि यो निश्चय छ कि नेपालवद २७६ प्रथम पौष कृष्ण ४ को चन्द्रगोमी विरचित चन्द्रव्याकरणका एक प्राचीन प्रति पनि नेपालमा प्राप्त भएको छ। यसको आधारमा पनि यिनी नेपाली नैं हुन सक्ने अनुमान गर्नेहरु पनि छन्। तर, नेपाल र भारत राजनैतिक दृष्टिले मात्र छुट्टिएर अन्य कुरोहरुमा एक समान नैं रहेको हुंदा प्राचीनकालदेखि नैं बौद्ध धर्मको पनि व्यापक प्रभाव स्थापित भएको यो नेपालमा सुप्रसिद्ध बौद्ध विद्वान् चन्द्रगोमीको रचनाको प्रचार हुनु प्रकृतिजन्यमात्र लागेकोले यसबारे यहाँ धेरै गन्थन गरिरहनु अनावश्यक लागेको छ।

सहायक ग्रन्थ

१. डि. आर. रेग्मी लिखित "मेदिएवल नेपाल" भाग १, १९६५ ई.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. सत्यकेतु विद्यालंकार लिखित "भारतीय संस्कृति और उसका इतिहास" १९६८ ई.
३. आर. सि. मजुमदार द्वारा संपादित "द क्लासिकल एज" १९६२ ई.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १००

१. × × × × × य प दं ना म ज्ञा त्वा स र्व्वं स त्वा [ना] ञ्च ञ नु
त्त र ज्ञा न वा प्त ये। सं ... ...

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–१००

प्राप्तिस्थान–का. पु. यङ्गाल टोलस्थित गणमहाविहारको पादपीठ लेख

मिति–×

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–×

प्रशासनिक पद–×

अड्डा–×

शिलापत्र राख्नाको उद्देश्य–×

शिलापत्र राख्नेको नाम -×

महानात्माहरुको समेत देवताहरुको नाम–×

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–बौद्ध धर्म

कुनमा प्रकाशित–श्रीहेमराज शाक्यद्वारा संपादित "अभिलेख प्रकाश", करुणा प्रकाशन, १९६९

शिलापत्रको शीर्षचिह्न–×

लिपि-ब्राह्मी

स्थान–×

संक्षिप्त विवरण–उत्तम पदको महत्व थाहा पाएर सवै प्राणीहरुलाई उत्तम ज्ञान प्राप्ति गराउनको निमित्त भन्ने कुरा यहाँ व्यक्त गरिएको छ ।

कैफियत– प्रस्तुत पादपीठ लेखका केही अक्षरहरु बिग्री सकेकाले यसको अर्थ राम्ररी खुल्न सकेको छैन । तैपनि यसका बाँकी अक्षरहरुबाट यसको आशय बुझ्न सकिन्छ । "× × × × × य प्रदं ना म ज्ञा त्वा स र्व्वं स त्वा [ना] ञ्च अ नु त्त र ज्ञा न वा प्त ये । सं . . . ." भनी यहाँ उल्लेख गरिएबाट उक्त पादपीठ माथि भगवान् बुद्धकै मूर्ति अवस्थित रहेको निश्चित रूपले थाहा नभए तापनि उपर्युक्त शाब्दिक प्रयोगहरुमा सो पादपीठ कुनै एक बौद्ध देवताकै रहेको विदित हुन्छ ।

प्रस्तुत शिलालेखबाट सो समय प्रेम मनुष्य मात्रमा मात्र सीमित नरही सम्पूर्ण प्राणीमा व्याप्तिएर तिनीहरुमा पनि ज्ञान आविर्भूत होस् भन्ने चाहना तत्समय मानिसहरु लिन्थे भन्ने यथार्थताको पत्तो हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १०१

१. ... ...
२. ... ... भगवत्पशुपतिभट्टारकपादानुगृहीतो ब-
३. (प्पपा) दानुध्यातो भट्टारकमहाराजाधिराजश्रीउदयदेव कु
४ (शली) निवासिन कुटुम्बिनो यथाप्रधानङ्कुशलमाभाष्य
५ (समा)ज्ञापयति विदितमस्तु वो यो युष्मदीयतलप्रतिवद्ध
६. भट्टारकमहाराजाधिराजश्र्यंशुवर्मपादै पाङ्गा-
७. लिकानामग्रहारोयं प्रसादीकृतोभूत् ... स्माभिरेष ... पाङ्गा-
८. लिकानां यथासुखम्परिभोगार्थमग्रहार प्रसादीकृत(श्चिर)
९. स्थितये चाभिलेख्य ... शासनमिदन्दत्तं सीमा चास्य ...
१०. ... ... खातक ... ... गुंशिखर-
११. या स एव खातक इत्येतत्सीमपरिच्छिन्न ...
१२. न्यैर्वा न कैश्चि (दल्पापि) पीडा विधेया य-
१३. स्त्वेतामाज्ञामतिक्रम्यान्यथा कुर्या(त्कारयेद्वा) ... ...
१४. मर्षयिष्यामो भविष्यद्भिरपि भूपतिभिरस्मत्कृतप्रसादोन्य-
१५. (था न) करणीय इति ... ... दूतकश्चात्र सर्व-
१६. ... ... संवत् ४५ ... [आ]षाढकृष्णद्वादश्याम्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–१०१

प्राप्तिस्थान–चितलाङको शिलालेख

मिति–संवत् ४५ (आ)षाढकृष्णद्वादश्याम्

राजा,दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१)भगवत्पशुपतिभट्टारकपादानुगृहीतो ब (प्पपा) दानुध्यातो भट्टारकमहाराजाधिराज श्रीउदयदेवः (२) भट्टारकमहाराजाधिराज श्यं शुवर्म(३)दूतक श्चात्र सर्व ... ...

प्रशासनिक पद–(१) दूतक (२) सर्व (दण्डनायक ?)

धर्म, धार्मिक कार्य–×

शिलापत्र राख्नाको उद्देश्य–राजाज्ञा जारी गरेको

शिलापत्र राख्नेको नाम–भट्टारकमहाराजाधिराज श्रीउदयदेवः

महानात्माहरुको समेत देवताहरुको नाम–भगवत्पशुपति

विहार, मन्दिरको नाम–×

भट्टा–×

कुनमा प्रकाशित–त्रिभूवन विश्वविद्यालयवाट प्रकाशित "टिस्टुङ्ग–चितलाङ भेकको ऐतिहासिक सामग्री"

शिलापत्रको शीर्षचिह्न–शिरोभागमा त्रिशूल अङ्कित गरिएको छ ।

लिपि–ब्राह्मी

स्थान–×

संक्षिप्त विवरण–भट्टारकमहाराजाधिराज श्रीउदयदेवले पाञ्चालिकहरुलाई आनन्दपूर्वक भोगचलन गर्न पाउने गरी चार किल्ला खोलेर अग्रहार निगाह भएको कुरा प्रस्तुत राजाज्ञामा वर्णित छ ।

कैफियत–भट्टारकमहाराजाधिराज श्रीउदयदेवको प्रस्तुत शिलाभिलेखको प्राप्तिले उत्तरप्राचीनकालीन लिच्छवि शासकहरुमध्ये यिनी पनि एक रहेको कुरा प्रमाणित हुन आएको छ । किनभने यो अभिलेख प्राप्त हुनुभन्दा पहिले सम्म उदयदेव लिच्छवि सिंहासनमा वस्न पाए, पाएनन् भन्ने कुरा विवादास्पद नैं भैराखेको थियो । संवत् १५९ को पशुपतिस्थित लिच्छवि राजाहरुको वंशतालिका उत्कीर्ण अभिलेखमा यिनको नाम पनि अवश्य आएको छ । तर, यिनको राज्यकालका कुनै अभिलेख प्राप्त नभएबाट यिनले लिच्छवि सिंहासनमा बस्न पाएको कुरामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शंकास्पद नैं भैराखेको थियो । अहिले यस अभिलेखको प्राप्तिले उपरोक्त शंकास्पद कुरोको निराकरण गर्दै उत्तरप्राचीनकालीन लिच्छवि शासकहरुमा महाराजाधिराज उपाधिले विभूषित उदयदेव पनि अंशुवर्मा पछि सिंहासनारूढ भएको कुरा प्रमाणित गर्न ल्याएको छ ।

फेरि, महाराजाधिराज उदयदेवले आफ्नो नामको प्रशस्तिमा पशुपतिभट्टारकपादानुगृहीतो भनी वर्णन गरेकोले उत्तरप्राचीन कालीन लिच्छवि शासकहरुमा सर्वप्रथम यिनले नैं उक्त प्रशस्ति ग्रहण गरेको देखिनुको अतिरिक्त लिच्छवि राजाहरुमा शैवधर्मलाई राजकीय संरक्षण प्रदान गर्ने यिनीनै पहिलो राजा रहेको कुरा विदित हुन्छ । प्रस्तुत अभिलेखको शीर्षचिह्नको रूपमा उत्तरप्राचीनकालका अभिलेखहरुमा सर्वप्रथम त्रिशूलको आकृति अंकन गरेको पाइएबाट पनि उक्त तथ्यको पुष्टि हुन्छ ।

प्रस्तुत अभिलेखमा पाञ्चालीलाई राजाज्ञाबाट अग्रहार जग्गा प्रदान गरेको कुराको उल्लेखले उत्तरप्राचीनकालीन नेपालमा पाञ्चाली-का आफ्नै अधिनस्थ भूमिहरु पनि हुन्थे भन्ने कुराको पत्तो हुन्छ ।

यसमा तलको उल्लेख आएकोले तत्समयका ग्राम, तल, द्रङ्ग आदिको व्यवस्था बारे अध्ययनको लागि एक महत्वपूर्ण सामग्रीको उपलब्धि भएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १०२

१. ॐ स्वस्ति मानगृहा . . . . दितचित्तसन्तति भट्टारकमहाराज
२. श्रीध्रुवदेवसहितो निरस्तसमात्सर्यविशुद्धबुद्धिः प्रजाहितैषी निरवद्यवृत्तः
३. पुण्यान्वयादागतराज्यसम्पत् समस्तपौरार्चितशासनो यस्स कैलासकूटभ--
४. वनाद्भगवत्पशुपतिभट्टारकपादानुगृहीतो बप्पपादानुध्यातः श्रीजिष्णुगुप्तः
५. कुशली थम्बूगाङ्शुल् मूलवाटिकाग्रामेषु निवासमुपगतान्कुटुम्बिनः कुशल--
६. माभाष्य समाज्ञापयति विदितमस्तु भवताम्भट्टारकमहाराजाधि-राजश्र्यंशु —
७. वर्मपादैर्युष्मदीयग्रामाणामुपकाराय योसौ तिलमक आनीतोभूत्प्र-
८. तिसंस्काराभावाद्विनष्टमुद्वीक्ष्य सामन्तचन्द्रवर्मविज्ञापितैरस्मा-भिस्तस्यै--
९ व प्रसादीकृतस्तेन चास्मदनुज्ञातेन युष्मद्ग्रामाणामेवोपकाराय प्र-
१०. तिसंस्कृतोस्य चोपकारस्य पारम्पर्याविच्छेदेन चिरतरकालोद्वहना-
११. य युष्माकं वाटिका अपि प्रसादीकृतास्तदेताभ्यो यथाकालम्पिण्ड-
१२. कमुपसंहृत्य भवद्भिरेव तिलमकप्रतिसंस्कारः करणीय एतद्ग्राम-
१३. त्रयव्यतिरेकेण चान्यग्रामनिवासिनान्न केषाञ्चिन्नेतुं लभ्यतेस्य च
१४. प्रसादस्य चिरस्थितये शिलापट्टकशासनमिदन्दत्तमेवंवेदिभिर्न
१५. कैश्चिदयम्प्रसादोन्यथा करणीयो यस्त्वेतामाज्ञामतिक्रम्यान्यथा तिलम--
१६. (क)मयेत्तस्यावश्यन्दण्डः पातयितव्यो भविष्यद्भिरपि भूपतिभिः पूर्वरा--

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१७. जकृतप्रसादानुवर्त्तिभिरेव भवितव्यमिति अपि चात्र वाटिकानामु-
द्देश(:)

१८. (थ)म(बू)ग्रामस्य दक्षिणोद्देशे पूर्वेणारामं विं मा २ तिलमकस्य
पश्चिमप्रदेशे मा

१९. -[दे]वकुलं पूर्वेण मा ४ मूलवाटिकाग्रामस्योत्तरतः अशिङ्कोप्रदेशे
मा ८

२०. ...प्रदेशे मा १ गाङ्शुल्ग्रामं पश्चिमेन कडम्प्रिङ्प्रदेशे मा ४ कङ्-
कुलम्प्रदेशे

२१. मा ४ स्वयमाज्ञा संवत् ४८ कार्तिक शुक्ल २ दूतको युवराज
श्रीविष्णुगुप्तः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–१०२
प्राप्तिस्थान–ललितपुर तःख्या छिन्नमस्ता देवी स्थित अभिलेख
मिति–संवत् ४८ कार्तिक शुक्ल २
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) भट्टारकमहाराज श्रीध्रुवदेव (२) कैलासकूटभवनाद्भगवत्पशुपतिभट्टारकपादानुगृहीतो बप्पपादानुध्यातः श्रीजिष्णुगुप्तः (३) भट्टारकमहाराजाधिराजश्र्यंशुवर्मा (४) सामन्तचन्द्रवर्मा (५) दूतको युवराजश्रीविष्णुगुप्तः
प्रशासनिक पद–(१) सामन्त (२) दूतक
मुद्रा–×
शिलापत्र राख्नाको उद्देश्य–राजाज्ञा जारी गरेको
शिलापत्र राख्नेको नाम–(१) भट्टारकमहाराज श्रीध्रुवदेव (२) श्रीजिष्णुगुप्तः
महानात्माहरुको समेत देवताहरुको नाम–भगवत्पशुपति
विहार, मन्दिरको नाम–×
धर्म, धार्मिक कार्य–×
कुनमा प्रकाशित–भगवान्लालद्वारा ९ संख्या; आर. नोलीद्वारा L संख्या
शिलापत्रको शीर्षचिह्न–शिरोभागमा माछाको आकृति अंकित छ ।
लिपि–ब्राह्मी
स्थान– (१) थम्वूगाङगुल्मूलवाटिका ग्राम (२) मूलवाटिका ग्राम (३) अशिङ्को प्रदेश (४) गाङगुल् ग्राम (५) कडम्प्रिङ प्रदेश (६) कडकुलं प्रदेश
संक्षिप्त विवरण–भट्टारकमहाराजश्रीध्रुवदेव लगायत प्रजाको हित चाहने, निर्दोष चरित्र भएका, धर्मपूर्वक राज्यको सम्पत्ति उपभोग गर्ने, सबै नागरिकहरुको आश्रयदाता, भगवान् पशुपतिको पाउका भक्त तथा बाबुको आज्ञाकारी, गाथमा आराम भएका श्रीजिष्णुगुप्तले कैलासकूटभवनबाट थम्वूगाङगुल्मूलवाटिका ग्रामका निवासीहरुलाई कुशलक्षेम सोधेर आज्ञा दिनु हुन्छ । तिमीहरुलाई थाहा होस् कि महाराजाधिराज श्रीअंशुवर्मले तिमीहरुको उपकारकोलागि जुन तिलमक (कुलो) ल्याई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिएका थिए त्यसको हेरचाह राम्रो नपुगेको हुनाले भत्केको कुरा सामन्त श्रीचन्द्रवर्मालि हाम्रा हजूरमा विन्ती चढाएको हुनाले तिनको वचन राख्नाको साथै तिमीहरुको भलाईको लागि पनि त्यस तिलमकलाई धेरै कालसम्म टिकाऊ राख्नाको लागि त्यसको प्रतिसंस्कार गर्नाको निमित्त तिनैलाई अभिभारा सुम्पिएको छ । भविष्यमा त्यस तिलमकको प्रतिसंस्कारको लागि चाहिने रकम तिमीहरुलाई प्रदान गरिएको वारीबाट समय–समयमा उठेको तीरोद्वारा तिमीहरुले नैं त्यस तिलमकको प्रतिसंस्कार गर्नु । यो हाम्रो निगाह तिमीहरुको तीन गाउँलाई मात्र सीमित छ ।

कैफियत–प्रस्तुत शिलालेखमा भट्टारकमहाराजाधिराजश्र्यंशुवर्मपादं युंशमदीयग्रामाणामुपकाराय योसौ तिलमक आनीतो भनी उल्लेख गरेबाट लिच्छवि राज्यासनका अपहरणकर्ता भए तापनि अंशुवर्मा तत्कालीन दुनियांमा ज्यादै प्रिय रहेको विदित हुन्छ । यदि यिनी लोकप्रिय नभएको भए दुनियांको भलाइको लागि काम गर्ने भनी यिनलाई यहाँ कदापि भनिने थिएन । किनभने त्यस समय यहाँ लिच्छविवंशका ध्रुवदेव राजा रहेका थिए त राज्यका हर्त्ताकर्त्ता श्रीजिष्णुगुप्त थिए । अनि दिवंगत अंशुवर्मालाई तारिफको सिढीमा चढाई आफुहरु जनप्रिय वन्नेनैं यिनीहरुको उक्त प्रकारको कार्यमा मुख्य आशय रहेको बुझिन्छ ।

अर्कोत, आकस्मिक रूपले प्रतिसंस्कार कार्य गर्नु पर्दा सरकारलेनैं गर्ने भए तापनि त्यस समय यथार्थतः प्रतिसंस्कारको कार्य सरकारले गर्ने नभै जनताकै हातमा सन्निहित रहेको बोध हुन्छ । सरकार केवल दुनियांलाई यस किसिमका प्रतिसंस्कारका कार्यहरुमा सुविधाहरु प्रदान गरी प्रोत्साहित गर्दथे । प्रस्तुत शिलालेखले यस तथ्यतिर स्पष्ट औंल्याएको छ ।

यस अभिलेखमा विणुगुप्तलाई युवराजको संज्ञा किन दिइयो विचारणीय रहेको छ ।

"थम्बूगाङशुलमूल" शब्द नेवारी भाषाको हो । यस तथ्यको उल्लेख डि. आर. रेग्मीले आफ्नो "अनशण्ट नेपाल" ग्रन्थमा गरेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रस्तुत अभिलेखमा "समस्तपौराँचतशासनो .... " भनी उल्लेख गरिएको पाइएबाट वैदिककालदेखि प्रचलित हुँदै आएको पौर जानपद व्यवस्थाको अस्तित्व तत्कालीन नेपालमा विद्यमान रहेको कुरा जानिन्छ । उपनिषद् ग्रन्थहरुको अध्ययनमा तत्समय जनपदहरुको अस्तित्व रहेको कुरा प्रकटित हुन्छ । राजा प्रवाहण जाबालिको पाञ्चाल जनपदस्थित समितिमा गै श्वेतकेतुले अध्यात्म विषयक छलफलमा भाग लिएको कुरा त्यसमा वर्णित छ । तर, पछि गएर विभिन्न जनपदहरुको पारस्परिक संघर्षको कारण महाजनपदहरुको विकास शुरु भयो । छैठौं शताब्दी ई. पू. तिर अर्थात् बौद्धकालमा महाजनपदहरुको संख्या सोह्र रहेको कुरा बौद्ध एवं जैन ग्रन्थहरुको अध्ययनबाट जानिन्छ । बौद्ध साहित्य अनुसार तत्कालीन सोह्र महाजनपदका नाम निम्न छन्—

१. अंग २. मगध ३. काशी ४. कोशल ५. वृजि ६. मल्ल ७. चेदि ८. वत्स ९. कुरु १०. पंचाल ११. मत्स्य १२. शूरसेन १३. अश्मक १४. अवन्ति १५. गान्धार १६. कम्बोज ।

यी सोह्र महाजनपदहरुमा वृजि मल्ल, शूरसेनमा गणतन्त्र शासन थियो । उक्त गण जनपदहरुको अतिरिक्त लिच्छवि, शाक्यहरुको जनपद पनि संघतन्त्रमैं आधारित थियो । भगवान् बुद्धको जन्म शाक्यहरुको संघराज्यमैं भएको थियो । जसको कारण तिनले आफुले स्थापना गरेको धार्मिक सम्प्रदायको नाम नै भिक्षुसंघ राखे । बौद्ध साहित्यद्वारा यसको राम्रो पुष्टि हुन्छ । मगधराज अजातशत्रुका प्रधानमन्त्री वत्सकार बुद्धकहाँ ब्रज्जिसंघराज्यमाथि आक्रमण गर्ने बारे परामर्श गर्न जाँदा बुद्धले सात अपरिहाणीय धर्मका उपदेश गरेका थिए जुन निम्न छन्—

१) हमेशा जमा भएर सामूहिक तौरले फैसला गर्ने; २) फैसलाको मुताबिक काम गर्ने; ३) कानूनको परिपालन गर्ने; ४) बूढाहरुको इज्जत गर्ने; ५) स्त्रीहरुमाथि जुल्म नगर्ने; ६) जातीय धर्मको पालन गर्ने; ७) धर्माचार्यहरुको सत्कार गर्ने ।

उक्त धर्मको पालना गरुन्जेल ब्रज्जिहरुलाई हराउनु तिनको सम्मतिमा सम्भव थिएन । वत्सकार फर्कीसकेपछि बुद्धले भिक्षुहरुलाई एकत्रित गरी उपरोक्त सात अपरिहाणीय धर्मको केही परिवर्तन साथ उपदेश

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिए जुन महापरिनिब्बान सुत्तमा वर्णित छ ।

"भिक्षुहरुहो ! तिमीहरुलाई सात अपरिहाणीय धर्महरुको उपदेश गर्दछु । त्यसलाई ध्यानले श्रवण गर ।

'भिक्षुहरुहो ! जवतक भिक्षुहरु एकसाथ एकत्रित भएर अवसर आफ्ना सभाहरु गर्दै रहन्छन्, तवतक भिक्षुहरुको वृद्धि सम्झनु, हानि होइन ।

'भिक्षुहरुहो ! जवतक भिक्षुहरु एक भएर बैठक गर्दै रहन्छन्, एक भएर उत्थान गर्दै रहन्छन् औ एक भएर संघका कार्यहरुलाई सम्पन्न गर्दै रहन्छन्, तवतक भिक्षुहरुको वृद्धि नैं सम्झनु, हानि होइन ।

'भिक्षुहरुहो ! जवसम्म भिक्षुहरु आफ्नो संघमा विहित कुरोको उल्लंघन गर्नैनन्, अविहित कुरोको अनुसरण गर्दैनन्, पहिलेदेखि चल्दै आएका पुराना भिक्षुहरुको नियमलाई पालन गर्दै रहन्छन्, त्यस बेलासम्म तिनीहरुको बृद्धिनैं सम्झनु, हानि होइन ।

'भिक्षुहरुहो ! जबसम्म भिक्षुहरु आफु भन्दा ठूला जो धर्मानुरागी, चिरप्रव्रजित, संघका पिता, संघका नायक स्थविर भिक्षु छन् तिनीहरुको सत्कार गर्दै रहन्छन्, तिनीहरुलाई ठूला सम्झेर तिनीहरुको पूजा गर्दै रहन्छन्, तिनीहरुको कुरालाई सुन्ने र ध्यान दिन योग्य सम्झन्छन्, त्यसबेला सम्म तिनीहरुको बृद्धिनै हुन्छ, हानि होइन ।

'भिक्षुहरुहो ! जवसम्म भिक्षुहरु पुनः पुनः उत्पन्न हुने तृष्णाको वशमा पर्दैनन्, त्यसवेलासम्म तिनीहरुको बृद्धिनै हुन्छ, हानि होइन ।

'भिक्षुहरुहो ! जवसम्म भिक्षुहरु वनका कुटिहरुमा निवास गर्ने इच्छा राख्ने हुन्छन्, त्यसबेलासम्म तिनीहरुको बृद्धिनै हुन्छ, हानि होइन ।

'भिक्षुहरुहो ! जवसम्म भिक्षुहरु यो स्मरण राख्तछन् कि भविष्यमा खालि ब्रम्हचारीनै संघमा सम्मिलित होउन औं सम्मिलित भएकाहरु पूर्ण ब्रम्हचर्यका साथ रहुन्, त्यसबेलासम्म भिक्षुसंघको बृद्धिनै हुन्छ, हानि होइन ।

"भिक्षुहरुहो ! जवसम्म यी सात अपरिहाणीय धर्म भिक्षुहरुमा रहन्छन, जवसम्म भिक्षुहरु यी सात अपरिहाणीय धर्ममा रहन्छन्, त्यस बेलासम्म भिक्षुसंघको बृद्धिनै हुन्छ, हानि होइन ।"

यसबाट यो स्पष्ट हुन्छ कि आफ्नो संघकोलागि भगवान बुद्धले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धुन सात अनुल्लंघनीय धर्महरूको प्रतिपादन गरेका थिए तिनीहरु प्रायः त्यहीनै हुन् जसको महत्व वृज्जिसंघमा वर्तमान थियो । यसरी छैठौं शताब्दी ई. पू. तिर संघ पद्धतिमा आधारित पौर जानपद व्यवस्था कायम रहेको कुरा जानिन्छ औ माथि वर्णित विभिन्न संघ जनपद राज्यहरुमध्ये एक- वैशालीबाट भागेर आएका लिच्छविहरुको शासन उत्तरप्राचीनकालीन नेपालमा स्थापित भएको हुंदा तिनीहरुमा विद्यमान प्राचीन गौरबमय संघ पद्धतिको नशाको कारण तिनीहरुद्वारा प्रतिष्ठापित यहाँको राजतन्त्रमा जनतन्त्रोन्मुखी पञ्चायती अर्थात् पौर जानपद व्यवस्था दृष्टिगत हुन आएको हो । जनपदको राजधनीस्वरूपा एक नगर हुन्थ्यो जसलाई पुर भनिन्छ । जनपदको शासन एक सभाद्वारा गरिन्थ्यो जसलाई जानपद भनिन्छ । त्यस्तै नगरको शासन पौर सभाद्वारा गरिन्थ्यो । यसरी प्रस्तुत अभिलेखको उपरोक्त पंक्तिले उक्त तथ्यतिर इङ्गित गरेको छ भन्न सजिलैसंग सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १०३

१. स्वस्ति मानगृहा – – – – – लिच्छवि[कु-
२. ल]केतुभट्टारकमहाराजश्रीध्रुवदेव – – -यासन्निवेशवि-
३ – – यितस् – सदतुवि – – [कैलासकूट भ]वनाद्विशुद्ध पुण्य
४. ⏓ तच्चित्तसन्ततिः पराकृतापाय ⏓ = ⏓ = ⏓ = (।) ⏓ = ⏓ धर्मस्थितिपूतशासन[:]
५. समस्त = = ⏑ ⏓ = ⏓ = ⏓ = (।।) [भगवत्पशुपति भट्टार]कपादानुगृहीतो ब-
६. प्पपादानुध्यात[: श्रीजिष्णुगुप्तः कुशली] – – वृत्तिभुजस्तदधिकृतांश्च य
७. – – – शल – – – – – भवतां माग्वल् ग्रामकुटु-
८. – – – – – पभुज्यमानमस्माभिः
९. – – – – – प – राथ पातिताम्प्रणालीम
१०. – – वः ख – – त्रि – – प्रवेशेन माग्वल् ग्रामपाञ्चा-
११. – – प्रसाद – – विदित – – वा न कैश्चिदस्मत्प्रसा-
१२. [द] – – – यो – – – स्मद[ाज्ञाम्] विलङ्घ्यान्यथात्वमापादयेत् तद
१३. – – – – – भवितारस्तैरपि पूर्व-
१४. – गुरु – – – – – नुमोदनानुपालनीया
१५. – मवश्य – – – — — न – य//संवत् ४६
१६. [मा]घकृष्णदशम्याम् दूतक- - - युवराज विष्णुगुप्त इति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १०३

प्राप्तिस्थान–थानकोट मालटारको अभिलेख

मिति–संवत् ४९ माघकृष्ण दशम्याम्

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) स्वस्ति मानगृहाद् लिच्छविकुलकेटु भट्टारकमहाराजश्रीध्रुवदेव
(२) बप्पपादानुध्यातः (श्रीजिष्णुगुप्तः)
(३) दूतक युवराज विष्णुगुप्त

प्रशासनिक पद–दूतक

अङ्को–×

शिलापत्र राख्नाको उद्देश्य–राजाज्ञा जारी गरेको

शिलापत्र राख्नेको नाम–(१) भट्टारकमहाराजश्रीध्रुवदेव
(२) (श्रीजिष्णुगुप्तः)

महानातमाहरुको समेत देवताहरुको नाम–×

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–×

कुनमा प्रकाशित–आर. नोलीद्वारा LI संख्या

शिलापत्रको शीर्षचिह्न–×

लिपि–ब्राह्मी

स्थान–माग्वल ग्रामपाञ्चालिक

संक्षिप्त विवरण–धारा बनाएको कामले प्रशन्न भएर माग्वल ग्रामपाञ्चालिकहरुलाई निगाह गरेको कुरा प्रस्तुत शिलालेखमा वर्णित भएको अनुमान हुन्छ ।

कैफियत–प्रस्तुत शिलालेखको अक्षर साह्रै नै बिग्रेको हुनाले अर्थ राम्ररी खुल्न सकेको छैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १०४

१. ॐ देवा   त्रञ्चितो ‥ ‥ त्मा पौरस्त्यं य…
२. –भिमुखहसिता लो…रादिम्, एतच्चान्यत्रिरहस्त्वयि परवश ‥
३. न्दनीया   ‥ जलैर्वः स्वकरमपहरन्त्य (ब्धि) जा सेश्वरा (श्रीः)
४. स्वस्ति मानगृ (हा) ‥ दितचित्तसन्ततिलिच्छविकुलकेतुभट्टारक (महा) –
५. राजश्रीध्र वदेवपुरस्सरः ‥ सकलजननिरुपद्रवोपायसंविधानार्पित (मा)—
६. नसः कैलासकूटभवनाद् भगवत्पशुपतिभट्टारकपादानुगृहीतो बप्प (पा—)
७. दानुध्यातः श्रीजिष्णुगुप्तः कुशली, दक्षिणकोलीग्रामे गीटापाञ्चालिका –
८. ‥ गान्कुशलेनाभाष्य समनुदर्शयति विदितम्भवतु भवताम् ‥
९. ‥ ‥ स— विधिज्ञानादुपात्तायती रूपेणानुपमो …
१०. ‥ ख्यातो भृशम्पूजितः, इत्येवम्प्रथितोपि यः प्रियहितं प्रत्या (दि)—
११. ‥ न्वितो ‥ ‥ क्षितौ बलवतः शत्रून्बभञ्ज स्वयम् इत्थम्(भू)
१२. (तेन) ‥ ‥ ‥ (ते)नास्मदनुमोदितेन तदात्वायति—
१३. ‥ ‥ व्याप्रियमाणे (न) (लो)कानुग्रहप्रवृत्तचेतसा महासा (मन्त)
१४. श्रीजीवदेवेन यथायन्तिलमको भवतामन्येषाञ्चोपकारायाभू—
१५. ‥ पिण्डकदशभागम्प्रत्याकलय्य भवद्भिरेवोपसंहर्तव्यः…
१६. ‥ लेश्वरस्वामिनः पूजा पाञ्चालीभोजनञ्च दिवसनियमेन — —
१७. — य तिलमकप्रतिसंस्कारश्च कालानतिक्रमेणैव कार्य इत्येषो
१८. स्य पुण्याधिकारो व्यवस्था चास्मत्प्रसादोपजीविभिरन्यैर्वा न कैश्चिदप्य —

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१९. न्यथा करणीया यः कश्चिदेतामाज्ञामतिलङ्घ्यान्यथा कुर्यात्कारयेद्वा
२०. तस्या (स्मदा) ज्ञातिक्रमकृतो वश्यमेव दण्डो विधातव्यो येप्यस्म (दूध्व) —
२१. (न्भू) भुजो भविष्यन्ति तैरप्यात्मीय इव पुण्याधिकारे स्मत्कृतप्र-
२२. ... स्य रक्षायामनुपालने च (सतत) मवहितैर्भवि(तव्यम्)
२३. ... स्य देव ... ...
२४. ... त्र इति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं–१०४

प्राप्तिस्थान–काठमाण्डू मीननारायणस्थानको अभिलेख

मिति–×

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) स्वस्ति मानगृ[हा]… …
… वितचित्तसन्ततिलिच्छविकुलकेतु
भट्टारकमहाराजश्रीध्रुवदेव
(२) कैलासकूटभवनाद्भगवत्पशुप-
तिभट्टारकपादानुगृहीतो बप्पपा-
दानुध्यातः श्रीजिष्णुगुप्तः

प्रशासनिक पद–महासामन्त

अड्डा–×

शिलापत्र राख्नाको उद्देश्य–राजाज्ञा जारी गरेको

शिलापत्र राख्नेको नाम–(१) भट्टारकमहाराजश्रीध्रुवदेव (२) श्रीजिष्णुगुप्तः

महानात्माहरुको समेत देवताहरुको नाम–(१) भगवत्पशुपति (२) [भगवच्छै] लेश्वरस्वामिनः

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–×

कुनमा प्रकाशित–भगवानलालद्वारा १० संख्या; आर. नोलीद्वारा LII संख्या

शिलापत्रको शीर्षचिह्न–शिरोभागमा एउटा चक्र र दुइटा शंखको आकृति अंकित छ।

लिपि–ब्राह्मी

स्थान–(१) दक्षिणकोलीग्राम (२) गीटापाञ्चालिका

संक्षिप्त विवरण–"भट्टारकमहाराज श्रीध्रुवदेव लगायत श्रीजिष्णुगुप्तले दक्षिण-कोलीग्रामस्थित गीटापाञ्चालिका सदस्यहरुलाई कुशलक्षेम सोधेर बाटो देखाउनु हुन्छ। श्रीमहासामन्तले तिमीहरु र अरुहरु सबैको उपकारको लागि निर्माण गरेको यस तिलमक(कुलो)दस खण्डको एक खण्ड कूत लिई तिमीहरुलेनै सिध्याउनु। भगवच्छै-लेश्वरस्वामीको पूजा गरी पाञ्चालीलाई भोजन गराउनु औ समय–समयमा तिलमकको मरम्मत पनि गर्दै गर्नु।" यिनै कुराहरु मुख्यतया प्रस्तुत शिलालेखमा वर्णित छन्।

कैफियत–प्रस्तुत अभिलेखको प्रारम्भमा दिनको तीन पटक सन्ध्यावन्दन गर्नुपर्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुरा वर्णन गर्दै विष्णुसहित लक्ष्मीले कल्याण गरुन् भन्ने कामना साथ स्तुती उत्कीर्ण गरिएको छ । श्रीविद्याका उपासकहरुका लागि प्रातान्ह, मध्यान्ह, सायान्ह, तथा तुरीय गरी जम्मा चतुःसन्ध्याको आवश्यकता वर्णित छन्[१] तापनि मुख्य रूपले सन्ध्या तीननैं मानिन्छ– १. प्रातान्ह २. मध्यान्ह ३. सायान्ह । उक्त तीन सन्ध्यालाई वैदिक श्रीगायत्रीका तीन–बाला, यौवना तथा बृद्धा रूप अर्थात् ब्रह्माणी, वैष्णवी एवं रुद्राणी मानेर ती अवसरमा गायत्री मन्त्रको जपना साथ वन्दना गरिन्छ ।[२] यसै तथ्यको परिप्रेक्ष्यमा प्रस्तुत अभिलेखको दिनको तीन पटक सन्ध्यावन्दन गर्ने कुरोलाई लिन सकिन्छ । तर, यस स्तुतीमा विष्णुसहित लक्ष्मी (वैष्णवी)को उल्लेख आएबाट प्रस्तुत त्रिसन्ध्या-वन्दनमा वैष्णवी प्रधान मानेको कुरा सिद्ध छ ।

अर्को, यहाँ ... ...लेश्वरस्वामीको पूजा विषयक उल्लेख आएको छ । ... ...लेश्वरको अघिल्ला अक्षरहरु नष्ट भै सकेको हुनाले त्यो कुन देवता हो भन्ने कुरा ठम्म्याउन गाह्रो भएको छ । तर, ४३६ ई. को करमण्डा अभिलेखमा पछाडितिर लेश्वरस्वामी नैं आएको महादेवको भगवच्छैलेश्वर नाम उत्कीर्ण गरिएको पाइएबाट[३] प्रस्तुत अभिलेखको उक्त देवता शिव नैं रही भगवच्छैलेश्वरस्वामी नामले जानिएको कुरा निर्णित हुन्छ । यसको अतिरिक्त यसले देवताको नाम

---

१. हेर्नोस्– "कल्याण" शक्त्यङ्क, पृ. ८

२. प्रातर्ध्यान– ॐ प्रातर्गायत्री रविमण्डलमध्यस्था रक्तवर्णा द्विभुजा अक्षसूत्रक-मण्डलुधरा हंसासनमारूढा ब्रह्माणी ब्रह्मदैवत्या कुमारी ऋग्वे-दोदाहृता ध्येया ।

मध्यान्ह ध्यान– ॐ मध्यान्हे सावित्री रविमण्डलमध्यस्था कृष्णवर्णा चतुर्भुजा त्रिनेत्रा शङ्खचक्रगदापद्महस्ता युवती गरुडारूढा वैष्णवी विष्णुदैवत्या यजुर्वेदोदाहृता ध्येया ।

सायान्ह ध्यान– ॐ सायान्ह सरस्वती रविमण्डलमध्यस्था शुक्लवर्णा चतुर्भुजा त्रिशूलडमरुपाशपात्रकरा वृषभासनमारुढा वृद्धा रुद्राणी रुद्रदेवत्या सामवेदोदाहृता ध्येया ।

हेर्नोस्– "कल्याण" शक्त्यङ्क, पृ. ३०४

३. हेर्नोस्– डि. सि. सरकारद्वारा संपादित "सेलेक्ट इन्स्क्रिप्सन्स" १९६५ ई., पृ. २९०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संगै स्वामी शब्दको प्रयोग हुंदैमा वैष्णव देवता हुंदैन भन्ने कुरा पनि सिद्ध गरेको छ । फेरि, प्रस्तुत अभिलेखको शीर्षचिह्न स्वरूप शंख, चक्र आकृति अङ्कित गरिएको हुंदा उक्त देवता विष्णु नैं हुने सम्भावना व्यक्त गर्नेहरुपनि छन् । तर, शीर्षचिह्न एक देवताको रहेतापनि अभिलेखको वेहोरा अर्कै देवतासित सम्बन्ध राख्ने पनि हुने हुन्छ । संवत् ३२ को सांगाको अभिलेख यसको लागि उदाहरण स्वरूप लिन सकिन्छ ।

प्रस्तुत शिलालेखबाट पनि त्यस समय निर्माणादिका कार्यहरुको सम्पादन स्थानीय संस्थाहरुको हातमा सुम्पने दिशातिर लिच्छवि राजाहरु लालायित रहेको तथ्य सुस्पष्ट हुन्छ । चोखो राजतन्त्रात्मक व्यवस्था भएर पनि यसो हुनाको खास कारण पनि छ । लिच्छविहरु गणतन्त्रात्मक व्यवस्थामा हुर्केका थिए । तिनीहरुको गणतन्त्रात्मक संघ पद्धतिलाई स्वयं बुद्ध भगवानले पनि भूरि–भूरि प्रशंसा गरेका थिए । कुनै पनि कुरो समूहवद्ध भएर सुल्झाउने तिनीहरुको प्राचीन परिपाटी थियो, त्यहीनैं तिनीहरुको जीवनको तौर तरिका थियो। अनि सोही संस्कृतिको छाप नेपालका लिच्छविहरुमा पनि देखिनु अस्वाभाविक भन्न सकिंदैन । किनभने व्यवस्था वदलिन सक्छ, तर संस्कृतिको प्रभाव टिकाउ भैरहन्छ धेरैं धेरै समयसम्म । यहीन कारण छ नेपालमा लिच्छविहरुले राजतन्त्रात्मक परिपाटी स्थापित गरेर पनि आफ्नो उक्त परम्परागत प्रवृत्तिलाई अक्षुण्ण राखेको ।

दस खण्डको एक खण्ड कूत लिने भन्ने उल्लेखले उत्तरप्राचीनकालीन तिरो व्यवस्थाबारे थाहा लिन ठूलो मद्दत मिलेको छ ।

फेरि ईश्वरको पूजा गरी भोज ख्वाउने चलन उत्तरप्राचीनकालमा पनि रहेछ भन्ने तथ्य "[भगवच्छै] लेश्वरस्वामिनः पूजा पाञ्चाली भोजनं च" भनी प्रस्तुत शिलालेखमा उल्लेख आएबाट स्पष्ट भएको छ । यसरी नेवारहरुको कुनै पनि देवताको पूजा गर्दा गोष्ठिलाई पनि निमन्त्रण गरी भोज ख्वाउने परम्पराको प्राचीनता निर्णित हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १०५

१.— — — — लाल— — — कुप— — —
२.— — — मी अ दृ श्य वी — — — ण — —
३.— — — — भोल्ल — — — — — —
४.— — — — — नम्र — — — — —
५. र्म न - - री - - स र - - ति त कु एठ के तु ना -रा जा-
६. प्र जा हि ता वि धा न म्प्र त्य [स] र्व त्र ता र्थी व - — —
७. - - न भि भ व तु [का ?] म प रा धी ना द् पि - मा ना-स्य-
८. — हि — — — वि ज्ञ-म - - व हु मा ना द्य—
९.— — — — प र सोल्ल लिङ्ग्वल पृ — —
१०.— — म — — व द् - - प्र वे ष्ट व्य - द व वे दि भ-
११. - — — — — श्वा — — ता मा ज्ञा म त— —
१२. — — — — म्भूभुजे — — — — —
१३. — — — — । — — — — — —
१४. — — — — — — — — — — —

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–१०५

प्राप्तिस्थान–चोभार घारघरेस्थित माटोको ढिस्को माथि पिपलको बोट मुनी ठड्याई राखेको अभिलेख

मिति–×

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–×

प्रशासनिक पद–×

अड्डा–(१) सोल्ल (२) लिङ्ग्वल

शिलापत्र राख्नाको उद्देश्य–राजाज्ञा जारी गरेको

शिलापत्र राख्नेको नाम–×

महानात्माहरुको समेत देवताहरुको नाम–×

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–×

कुनमा प्रकाशित–मित्रवर श्रीरामहरि थापाको सौजन्यबाट

शिलापत्रको शीर्षचिह्न–×

लिपि–ब्राह्मी

स्थान–×

संक्षिप्त विवरण–×

कैफियत–प्रस्तुत शिलालेखको अक्षर साह्रै नै विग्रिसकेको हुनाले यसको अर्थ राम्ररी खुल्न सकेको छैन । तैपनि यसका बाँकि अंशहरुले यसको अर्थमाथि क्षीण प्रकाश पारेका छन् । सम्भवतः ग्रामवासीहरुमाथि खुशी भएर तिनीहरुलाई केही कुराको निगाह स्वरूप तिनीहरु कसै-को अधीन बस्नु नपर्ने (उक्त ग्राममा अधिकरणहरुको प्रवेशलाई निषेध गरेको ?) तुल्याएको नियम यस राजाज्ञामा उत्कीर्ण गरिएको अनुमान हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १०६

१. स्वस्ति मानगृहादनेकदिगन्तरप्रथितपृथुपराक्रमो लिच्छविकुला-
लङ्कारभूतो भट्टार—
२. कमहाराजश्रीध्रु वदेवस्तत्पुरः सरः कैलासकूटभवनादसुलभनृपति-
गुणावभासि—
३. तसकलमहीमण्डलो भगवत्पशुपतिभट्टारकपादानुगृहीतो बप्पपा-
दानुध्यात:
४. श्रीजिष्णुगुप्त कुशली चोगु ंयूबीसामातलञ्जूग्रामेषु निवासमुपग-
तान्कुटुम्बिनः प्रधानपु—
५. रस्सरान्कुशलेना[भा]ष्य समाज्ञापयति विदितम्भवतु भवतां
राजपुत्र नन्दवर्मणा
६. स्वपितू राजपुत्र जिष्णुवर्मणो मातुर्वत्सदेव्या भ्रातृणाञ्च श्रीभीम-
वर्म प्रभृतीनां स्व—
७. र्लोकसुखोपभोगपरम्पराविच्छेदहेतोर्भगवतोनाथेश्वरस्य प्रतिष्ठानं
यद् तदस्यै—
८. व प्रदिपादनाय विज्ञप्तैरसा - - सलञ्जुग्रामेषु - - - - - दक्षिणपश्चि-
मोत्तरा—
९. णामतिसृ(ष्टे)न - - य - - - - स - खश् - को-
१०. टुङ्कृत्वा प्रति(पादि)त - - - भि - - - परिपालनीय—
११. - - त्र पा - - त्र - - - - - -
१२. प्रत - प्रतिप - - - - श्च - - त्पयैरति - -
१३. - विपाक - - - - - त्तदनुष् - - ह - ति - - यमो स्य
१४. - - - - - -(दूतक)श्चात्र युवराजश्रीविष्णुगुप्त इति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–१०६

प्राप्तिस्थान–काठमाण्डू आदेश्वरको शिलालेख

मिति–×

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) स्वस्ति मानगृहादनेकदिग-
न्तरप्रथितपृथुपराक्रमो लि-
च्छविकुलालङ्कारभूतो भट्टा-
रकमहाराजश्रीध्रुवदेव
(२) कैलासकूटभवनादसुलभन् -
पतिगुणावभासितसकलमहो
मण्डलो भगवत्पशुपतिभट्टा-
रकपादानुगृहीतो बप्पपादानु-
ध्यातः श्रीजिष्णुगुप्तः
(३) राजपुत्र नन्दवर्मणा
(४) राजपुत्र जिष्णुवर्म
(५) वत्सदेवी
(६) श्रीभीमवर्म
(७ [दूतक]श्चात्र युवराज श्री
विष्णुगुप्त

प्रशासनिक पद–दूतक

अड्डा–×

शिलापत्र राख्नाको उद्देश्य–राजाज्ञा जारी गरेको

शिलापत्र राख्नेको नाम–(१) भट्टारक महाराज श्रीध्रुवदेव (२) श्रीजिष्णुगुप्तः

महानात्माहरुको समेत देवताहरुको नाम–(१) नाथेश्वर (२) भगवत्पशुपति

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–×

कुनमा प्रकाशित–आर. नोलीद्वारा L III संख्या

शिलापत्रको शीर्षचिन्ह–शिरोभागमा बसिरहेको साँढेको आकृति अंकित छ।

लिपि–ब्राह्मी

स्थान–(१) चोगुम्प्यूबोसामातलञ्जूग्राम (२) सलञ्जुग्राम (३) स्वर्लोक

संक्षिप्त विवरण–राजपुत्र नन्दवर्माले आफ्ना बुवा जिष्णुवर्मा, माता वत्सदेवी
तथा श्रीभीमवर्मा आदि गरिएका भाइहरुको स्वर्गको अक्षय्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निरवच्छिन्न सुखभोगकोलागि भगवान नाथेश्वरको प्रतिष्ठापन-गरेकोमा त्यसको स्थिति बन्धेजको लागि चार किल्ला खोली जग्गा प्रदान गरेको कुरा प्रस्तुत राजाज्ञामा वर्णित छ ।

कैफियत–वर्मनहरुको विवाहसम्बन्ध लिच्छवि राजखान्दानसित रहेका थिए । लिच्छवि राजा मानदेवको विवाहनें किन्नरवर्माकी छोरी गुणवतीसंग भएको थियो । संवत् ४१९ को लाजिम्पात टुकुचापारिको अभिलेख यसको लागि उदाहरणस्वरूप लिन सकिन्छ । चौधौं शताब्दी ई. तिर लिखित गोपालवंशावली अनुसार श्री अंशुवर्मा लिच्छविराजा शिवदेव प्रथमका भाञ्जा रहेको छ । तर, महाराजाधिराज अंशुवर्माले लिच्छवि राजा शिवदेवलाई हटाई लिच्छवि शासन हत्याए पछि तिनीहरुको सम्बन्धमा त्यसको आँच पर्नु प्रकृति छ । जसको कारण प्रस्तुत शिलालेखमा राजपुत्र नन्दवर्माद्वारा प्रतिष्ठापित भगवान नाथेश्वरको लागि राजाज्ञाद्वारा अक्षय्य भूमि प्रदान गरेको वर्णनले एक प्रकारको राजनैतिक कौतूहल पैदा गरेको छ । किनभने यसले लिच्छविवंशी भट्टारकमहाराज ध्रुवदेवको शासन समय पनि नेपालको राजनीतिमा वर्मनहरुको जवर्दस्त प्रभाव रहेर तिनीहरुबाट लिच्छवि शासनलें खतरा महशूस गरेको अनुमान हुन्छ । अनि राजनीतिका चार मूल सिद्धान्तमध्ये एक–दानद्वारा तिनीहरुलाई तुष्ट गराउने हेतुले तिनीहरुले प्रतिष्ठापन गरेका देवताको लागि राजाज्ञाद्वारा अक्षय्य भूमि प्रदान गरेको हुनु धेरै सम्भव छ ।

प्रस्तुत अभिलेखमा छोगुं नामको उल्लेख आएको छ । यस नामले गहुंको डाँडो भन्ने बुझाउँछ । नेवारी भाषामा गहुंको अर्थमा छो औ डाँडोको अर्थमा गुं शब्दको प्रयोग अहिलेसम्म अविच्छिन्न रूपले हुँदै आइरहेको छ । जसले एकातिर उत्तरप्राचीनकालीन नेपालमा धानको खेतीको साथै गहुंको खेती पनि हुने कुराको ऐतिह्य थाहा हुनुको अतिरिक्त तत्समय नेवारी भाषाको व्यापक प्रचलन तिर इङ्गित गर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १०७

१. ॐ स्वस्ति मानगृहात्सकलसत्वानुग्रहाहितमनोनिरभिमानर-
२. मणीयचरित लिच्छविकुलकेतुर्भट्टारकमहाराज श्रीध्रुव-
३. देव पुरस्सरः प्रजाहितोद्युक्तविशुद्धमानसः प्रभाव [शौर्य] प्र-
४. णतारिमण्डलः (।) गुणैरुपेतोनुपमैरिहात्मवान् प्र. — ⏑ — —
५. मपि चन्द्रमा इव (॥) सोयमित्थम्भूतः कैलासकूट भवनाद्भगव-
६. त्पशुपतिभट्टारकपादानुगृहीतो बप्पपादानुध्यातः श्रीजिष्णु-
७. गुप्तः कुशली नुप्पुन्नद्रङ्गनिवासिनः प्रधानपुरस्सरान्कुटुम्बिनः
८. कुशलाप्रेसरं समाज्ञापयति विदितमस्तु वो भट्टारकमहारा-
९. जश्रीवसुराज श्रीमहीदेव श्रीमानदेव श्रीगणदेवास्मत्पितामह-
१०. ह श्रीभूमगुप्तैत्येतैः पूर्वराजभिरस्मद्गुरुभिः परानुग्रहप्र-
११. वृत्तितया शिलापट्टकशा [सनद्भि] तयेन वो यः प्रसादविशे [षै]-
१२. रनुग्रहः कृतो भूद्वा— — — — —निदद्वादशभागवस्तुतोया-
१३. नि प्रसादीकृतानि कै [श्चि]— —या राजभोग्यतामापादितान्य-
१४. स्माभिर्भवत्साहाय्यादिकर्मपरितुष्टैः शतद्वयन्नुप्पुन्ने भगव-
१५. न्नारायणस्वामिनो भवद्भिरेव कारणपूजादिप्रवर्तनार्थम्प्रतिपा-
१६. दितन्दशशतानि भवतामेव पूर्वराजकृतव्यवस्थया प्रतिमुच्य-
१७. दङ्खुट्टाधोदिकरणीयप्रतिमोचनार्थं लिङ्ग्वलशोल्लादीनामप्रवे-
१८. शाय पूर्वराजशासनेषु ये प्रसादास्तेषां सर्वेषामेव [युष्म]-
१९. दतिसृष्टानामनुमतिशासनमिदमस्माभिरपि प्रसादी [कृत]-
२०. मेवंवेदिभिर्भवद्भिरस्मत्प्रसादप्रतिबद्धजीवनैरन्यैर्वा [न कैश्चि]-
२१. दियमाज्ञान्यथा करणीया यस्त्वेतामाज्ञामुत्क्र [म्यन्यथा करि]-
२२. ष्यते कारयिष्यते वा तस्योत्पथ [गामिनः]— — — — —
२३. — —ण. वि— — —ये— — — — — — — —

(अभिलेखका बाँकी अंश टुक्रिएर लोप भैसकेको छ)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–१०७

प्राप्तिस्थान–पश्चिम १ नं. केवलपुरको अभिलेख

मिति–X

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) ॐ स्वस्ति मानगृहात् सकलसत्वानुग्रहाहितमनोनिरभिमानरमणीयचरित लिच्छविकुलकेतुर्भट्टारकमहाराजश्रीध्रुवदेव

(२) प्रजाहितोद्युक्तविशुद्धमानसः प्रभाव[शौर्य]प्रणतारिमण्डलः गुणैरुपेतोनुपमैरिहात्मवान्प्र——मपि चन्द्रमा इव(॥) सोयमित्थम्भूतः कैलासकूट भवनाद्भगवत्पशुपति भट्टारकपादानुगृहीतो बप्पपादानुध्यातः श्रीजिष्णुगुप्तः

(३) भट्टारकमहाराजश्रीवसुराज

(४) श्रीमहीदेव

(५) श्रीमानदेव

(६) श्रीगणदेव

(७) पितामहश्रीभूमगुप्त

प्रशासनिक पद–X

अड्डा-(१) लिंग्वल (२) शोल्ल

शिलापत्र राख्नाको उद्देश्य–स्थिति बन्धेज उल्लेखगरी राजाज्ञा जारी गरेको

शिलापत्र राख्नेको नाम–(१) भट्टारकमहाराजश्रीध्रुवदेव (२) श्रीजिष्णुगुप्तः

महानात्माहरुको समेत देवताहरुको नाम–(१) भगवन्नारायणस्वामी (२) चन्द्रमा (३) भगवत्पशुपति

विहार, मन्दिरको नाम–X

धर्म, धार्मिक कार्य–नारायणको पूजागर्ने, वैष्णव धर्मको प्रचार

कुनैमा प्रकाशित– आर. नोलोद्वारा LIV संख्या

शिलापत्रको शीर्षचिन्ह–शीर्षभागमा बसिरहेको साँढेको आकृति अंकित छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लिपि-ब्राह्मी

स्थान-तुप्पुन्नद्रङ्ग

संक्षिप्त विवरण-भट्टारकमहाराज श्रीध्रुवदेव लगायत श्रीजिष्णुगुप्तले तुप्पुन्न द्रङ्ग निवासीहरुलाई कुशल क्षेम सोधेर आज्ञा गर्नु हुन्छ। पहिलेका भट्टारकमहाराज श्रीवसुराज, श्रीमहीदेव, श्रीमानदेव श्रीगणदेव समेत हाम्रा पितामह श्री भूमगुप्तहरुले अरुलाई करुणा गर्ने प्रवृत्ति लिएर शिलापत्र राखी तिमीहरुलाई निगाह गरिदिएका थिए। हामीबाट पनि तुप्पुन्नद्रङ्ग स्थित भगवान नारायणस्वामीको कारणपूजादिको लागि पूर्व राजाहरुको व्यवस्थाको अनुकरण गरी लिग्वल, शोल्ल अधिकरणहरुको प्रवेशलाई रोकेर त्यहाँ पूजा तिमीहरुले नै चलाउनु भनी यो राजाज्ञाद्वारा तिमीहरुलाई निगाह गर्ने काम भएको छ। यो आज्ञालाई कसैले पनि अन्यथा नगर्नु।

कैफियत-उत्तरप्राचीनकालीन नेपालका राजाहरुको वंशतालिका बारे थाहा दिने महत्वपूर्ण अभिलेखहरु मध्ये प्रस्तुत अभिलेख पनि एक मानिन्छ। यसको अतिरिक्त राजा मानदेव प्रथम तथा जयदेव द्वितीयका चांगु एवं पशुपतिका अभिलेखहरु उल्लेख्य छन्। ती अभिलेखहरुको आधारमा तत्कालीन नेपालका राजाहरुको वंशतालिका बारे महत्वपूर्ण जानकारी प्राप्त हुन्छ। चांगु एवं पशुपतिका अभिलेखहरु तत्कालीन लिच्छवि राजाहरुको वंशतालिका थाहा पाउनको लागि मात्र सहाय्य छन्, जबकि प्रस्तुत अभिलेखले तत्समय लिच्छविहरुको अतिरिक्त अन्य वंशका राजाहरुको पनि अस्तित्व रहेको कुरालाई प्रकाशमा ल्याई-दिएकोछ। यहीनै यस अभिलेखको खास विशेषता मानिन्छ।

प्रस्तुत अभिलेखमा महीदेव, मानदेव, गणदेव प्रभृति लिच्छवि राजाहरुको अतिरिक्त वसुराज एवं भूमगुप्त आदि राजाहरुका नाम वर्णित छन्। यसमा राजाहरुको नाम क्रममा तलमाथि परेको कुराको अनुमान हुन्छ। मानदेवको नाम भन्दा अगाडि तिनका छोरा महीदेव-को नामको प्रयोग गरिएबाट उक्त तथ्यको पुष्टि हुन्छ। किनभने संवत् ३८६ को चांगु अभिलेखका प्रतिष्ठापक प्रख्यात लिच्छवि राजा मानदेवको अतिरिक्त अन्य कुनै मानदेव नामक राजाले महीदेवको बाद श्री भट्टारकमहाराज श्रीध्रुवदेव भन्दा अगाडि यहाँ शासन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरेको कुरा अहिले सम्मन कुनै पुरातात्त्विक आधारबाट प्रामाण्य हुन सकेको छैन। फेरि, तत्कालीन नेपालको राजनैतिक घटनावलीको राम्रो अध्ययन गरेको खण्डमा पनि प्रस्तुत अभिलेखमा वर्णित भट्टारक महाराज मानदेव प्रख्यात चांगु अभिलेखका स्थापक मानदेव प्रथमनै रहेको कुरा स्पष्ट रूपले देखिन्छ। चांगु अभिलेखको अध्ययनबाट मानदेव प्रथमको राजत्वकालमा घटित पूर्वतिरका सण्ठ रजौटाहरुको विद्रोहको अनुपातमा पश्चिम गण्डकी पारिका मल्लहरुको विद्रोह जवर्दस्त रहेको औ तिनले सो विद्रोहलाई दबाएको कुरा थाहा हुन्छ। यसैले राजा मानदेवद्वारा भविष्यमा पश्चिमका मल्लहरुबाट हुने खतरालाई महशूस गरिनु स्वाभाविक छ। जसको कारण तिनले तत्समय नेपालबाट पश्चिमतिर लाग्ने मुख्य मार्गमा अवस्थित प्रस्तुत अभिलेखमा वर्णित नुप्पुन्नद्रङ्गका वासिन्दाहरुलाई तुष्ट गराउने हेतुले तिनीहरुको लागि अनुग्रह गर्ने जस्ता कार्यहरु गरिनुमा सम्भावनाकै आधिक्य छ। यस आधारबाट पनि प्रस्तुत अभिलेखका भट्टारक महाराज मानदेव चांगु अभिलेखमा उल्लिखित मानदेव प्रथमनै रहेको कुरा सिद्ध हुन्छ।

यहाँ उल्लिखित भट्टारकमहाराज वसुराज को हुन् औ तिनले कहिलेतिर शासन चलाए भन्ने बारे थाहा लिने अन्य कुनै ठोस आधार नपाइएकोले तिनको बारे इदमित्थं यहाँ निश्चित रूपले केही भन्न सकिदैन। तर, उत्तरप्राचीनकालीन नेपालका राजाहरुमा सर्वप्रथम लिच्छवि राजा मानदेव प्रथमको अन्तिम राजत्वकाल अर्थात् संवत् ४२५ देखिमात्र भट्टारक महाराज प्रशस्ति राजाहरुका नाममा प्रयोग गरिन लागेको थियो। उक्त संवत्को पूर्व १ नं. पलाञ्चोक भगवतीस्थित अभिलेख यहाँ उदाहरणार्थ लिन सकिन्छ। फेरि, राजा मानदेवले संवत् ३८६ मा प्रतिष्ठापन गरेको आफ्नो प्रख्यात चांगु लेखमा आफ्ना पुरुखा राजाहरुको नाम उत्कीर्ण गर्ने क्रममा तिनीहरुको नाममा सो प्रशस्ति व्यवहृत नगरिएबाट पनि उक्त तथ्यको पुष्टि हुन्छ। यसैले यस अभिलेखमा राजा वसुराजको नाममा भट्टारकमहाराज प्रशस्ति व्यवहृत गरिएको देखिएको हुंदा वसुराजको उदय सम्भवतः भट्टारकमहाराज वसन्तदेवको बाद औ ध्रुवदेव भन्दा अघि कुनै समय भएको भन्ने कुराको अनुमान हुन्छ। तत्कालीन लिच्छवि राजाहरुको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नामसित तिनको नाम अमिल्दो भएको हुंदा नामको असामञ्जस्यताको कारण तिनी लिच्छवि वंशी नभएको कुरा जानिन्छ ।

भट्टारकमहाराज ध्रुवदेव र जिष्णुगुप्त दुबैका नाम उत्कीर्ण गरिराखेको प्रस्तुत राजाज्ञामा भूमगुप्तलाई हाम्रा बाज्ये भनी स्पष्ट रूपले उल्लेख गरिएको छ । जसले तत्समय लिच्छविहरुको आभीरहरुसित वैवाहिक सम्बन्ध रहेको कुरा जानिनुको अतिरिक्त लिच्छवि राजा ध्रुवदेव आभीरवंशी भौमगुप्तका नाती रहेको औ ध्रुवदेव र जिष्णुगुप्तको बीच दाज्यू भाईको साइनो परेको कुरा प्रमाणित हुन्छ । लिच्छवि र आभीरहरुको बीच यही नै पहिले देखिको वैवाहिक सम्वन्धको कारण यहांको राजनीतिमा आभीरहरुको उदयको लागि मार्ग सुगम हुन गएको थियो । जसको फलस्वरूप पनि आभीर भौमगुप्तले एक लामो अवधिसम्म लिच्छवि राजनीतिका कर्णधार रही शासन चलाउनुको साथै भट्टारकमहाराज वसन्तदेवकोवाद औ शिवदेव प्रथम भन्दा अघि केही समयसम्म तिनले नेपालको लिच्छवि शासन पनि हत्याउन समर्थ भएका थिए भन्ने कुराको अनुमान हुन्छ । प्रस्तुत अभिलेखमा पूर्व राजाहरुको नाम क्रममा भूमगुप्तलाई पनि उल्लेख गरिएको औ भट्टारकमहाराजाधिराज श्रीनरेन्द्रदेवको यङ्गाल हिटीको अभिलेखमा पहिले भूमगुप्तले दक्षिणकोलीग्रामद्रङ्गबाट भुवनेश्वर देव मन्दिरको हेरचाह र चलन चलती गर्न पाउने अधिकार हरण गरी सरकारद्वारा आफै चलाइने गराएको भन्ने वर्णनमा भौमगुप्त लिच्छविराजा शिवदेव प्रथमभन्दा अघि केही समयसम्म लिच्छवि सिंहासनमा पनि आरूढ भएको कुराको पुष्टि हुन्छ ।

राजनीतिक कार्यमा मात्र लिच्छविहरु जनतालाई अधिकार प्रदान गर्ने नभै धार्मिक कार्यमा पनि जनताको हात दृढतर गराउन चाहन्थे भन्ने कुरा प्रस्तुत अभिलेखबाट पनि स्पष्ट भएको छ ।

प्रस्तुत अभिलेखमा "शतद्वयन्त्र प्पुन्रे भगवन्नारायणस्वामिनो भवद्भिरेव कारणपूजादिप्रवर्त्तनार्थम्प्रतिपादितन्दशशतानि भवतामेव पूर्वराजकृतव्यवस्थया" भनि उल्लेख गरिएबाट उत्तरप्राचीनकालीन नेपालमा वैष्णव देवताहरुको पनि तान्त्रिक वाम सम्प्रदायमा प्रचलित कारणपूजा विधि अनुरूप पूजा गरिने चलन चलेको जानिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १०८

१. [ॐ स्वस्ति मानगृहा]———नो नयनाभिरामो
२. [लिच्छवि] कुलकेतुर्भट्टारकमहाराज श्रीश्रीभीमार्जुन-
३. [देवस्त]त्पुरस्सरः कैलासकूटभवनादभिमतपु-
४. [ण्य] ——य – लक्ष्मीपरिष्वङ्गो भगवत्पशुप-
५ तिभट्टारकपादानुगृहीतो बप्पपादानुध्यातः श्रीजि-
६. ष्णुगुप्तः कुशली गीनुङ्वृत्तिभुजो दिग्वारवृत्तिभुजश्च य-
७. थार्हम्प्रतिमान्यानुदर्शयति विदितम्भवतु भवता-
८. मस्माभिर्जोल्प्रिङ्ग्रामे स्वादुशुचिशीतलसलिलास्त्रा-
९ वजनिकीम्पातयित्वा प्रणालीमस्या एवानुपालनहेतोः गीनु[ङ्]
१०. -मास — ङ्कारयित्वा स-एडुदेवकुल दिग्वारवस्तुस-
११. हि [त] जोल्प्रिङ्ग्रामपाञ्चालिकानां तैलकरं प्रतिमुच्य प्रसादीकृतं
१२. तास्याश्च गीनुङ्वृत्ते : सीमा पश्चिमेन न्हाशुं मार्गखातकः उत्तरे-
१३. ण तै. ओस्थाणं दक्षिणखातकः । पूर्वेण नितिदुल् दक्षिणेन कंशु-
१४. शानखातकः । ततः स— — — — कैत्येतत्सीमपरिक्षि —
१५. प्तायाम्भूमावस्मत्प्रसादोप [जीविभिरन्यै] र्वा न कैश्चिदत्यल्पापि पी [डा]
१६. करणीया येत्वेताभा [ज्ञामुल्लङ्] घ्यान्यथा कुर्युः कारयेयु-
१७. र्वा तानत्यर्थमेव वयन्न मर्ष [यिष्यामो भवि] ष्यद्भिरपि भूपतिभिः
१८. पूर्वभूपतिधर्माधिकारानुपालनादृतैर्भवितव्यं चिरकालस्थित-
१९. ये चास्य धर्माधिकारस्य शिलापट्टकशासनमिदं दत्तमिति स्वयमाज्ञा
२०. दूतकश्चात्र युवराजश्रीविष्णुगुप्तः संवत् ५५ आश्वयुजशुक्ल — पञ्चम्याम्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–१०८

प्राप्तिस्थान–बलम्बु ग्रामको उत्तरतिर महालक्ष्मीपीठको खण्डहरको समीप इन्द्रमती खोलाको दायाँ किनारमा ठड्याइ राखेको अभिलेख

मिति–संवत् ५५ आश्वयुजशुक्लपञ्चम्याम्

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) [ॐ स्वस्ति मानगृहा]... ...नो नयनाभिरामो [लिच्छवि] कुल, केतुर्भट्टारकमहाराज श्रीभीमार्जुन [देव] (२) कैलासकूट भवनाद-भिमतपु[ण्य]...य..लक्ष्मीपरिष्वङ्गो भगवत्पशुपति भट्टारकपादानुगृहीतो बप्पपादानुध्यातः श्रीजिष्णुगुप्तः (३) दूतकश्चात्र युवराज श्रीविष्णुगुप्तः

प्रशासनिक पद–दूतक

अड्डा–(१) गीनुङ्ग (२) दिग्वार

शिलापत्र राख्नाको उद्देश्य–राजाज्ञा जारी गरेको

शिलापत्र राख्नेको नाम–(१) भट्टारकमहाराज श्रीभीमार्जुनदेव (२) श्रीजिष्णुगुप्तः

महानात्माहरुको समेत देवताहरुको नाम–भगवत्पशुपति

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–×

कुनमा प्रकाशित–आर. नोलीद्वारा LV संख्या

शिलापत्रको शीर्षचिह्न–×

लिपि–ब्राह्मी

स्थान–(१) जोल्प्रिङ्ग्रामपाञ्चाली (२) ह्वाशं (३) ओस्थणं (४) नितिवुल (५) कंशुशान

संक्षिप्त विवरण–भट्टारकमहाराज श्रीभीमार्जुनदेवलगायत श्रीजिष्णुगुप्तले गीनुङ्ग तथा दिग्वारका वृत्तिभुजहरुलाई मान गरेर बाटो देखाइ दिनु भएको छ। जोल्प्रिङ्ग्राममा मीठो सफा चीसो पानी आउने धारा निर्माण गरेर त्यसको हेरचाहको लागि अभिभारा जोल्प्रिङ्ग ग्राम पाञ्चालिकलाई सुम्पेर उक्त ग्रामका पाञ्चालिकहरुलाई तैलकर माफी दिएको वर्णन प्रस्तुत शिलालेखमा गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कैफियत— प्रस्तुत शिलालेखमा तैलकरको उल्लेख आएबाट त्यस समय तेलमा पनि कर लिने चलन विद्यमान रहेर उत्तरप्राचीनकालमा तेल व्यवसायको समुन्नति जनाउँछ ।

त्यस समय सार्वजनिक स्थलहरुको हेरचाहको अभिभारा स्थानीय संस्थाहरुको हात सुम्पने परिपाटी रहेको प्रस्तुत शिलालेखमा पनि धारा निर्माण गरेर त्यसको हेरचाहको काम स्थानीय पाञ्चालिकहरुलाई सुम्पेको वर्णनले पुष्टि गर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १०६

१. ॐ तर्जन्या कर्णकण्डूत्युपशमनसुखोन्मीलितार्धेक्षणस्य
२. श्रीनिः संगोपगूढस्तनकलशयुगस्पर्शरोमाञ्चितस्य
३. मायासुप्तौ स्थितस्य स्फुटजलधिजलक्षालिताङ्गस्य शौरेः
४. भूयात्पर्यस्तहस्तस्थगितमुखशशि श्रेयसे जृम्भितं वः (॥)
५. स्वस्ति मानगृहात्सिङ्घा (सिंहा) सनाध्यासिकुलकेतुभट्टारक श्री-भीमा(र्जु)
६. नदेव स्तत्पुरः सरः कैलासकूट भवनात्सोमान्वयभूषणो
७. भगवत्पशुपतिभट्टारकपादानुगृहीतो बप्पपादानुध्यातः श्री-
८ जिष्णुगुप्तदेवः कुशली थेञ्चो ग्रामनिवासिनः कुटुंविनो यथा-
९. प्रधानङ्कुशलमाभाष्य समाज्ञापयति विदितम्भवतु भवतां [य]
१०. [था] स्मज्ये (ज्ज्ये)ष्ठप्रपितामह मानगुप्तगोमिकारित पुस्कि(ष्क) रिणीमु-
११. द्दिश्य ग्रामस्योत्तरेण पर्वतभूमिश्चोख्प्रानामधेयचैलकर-
१२. स्प्रतिमुच्य दत्ता तस्याश्च कालान्तरेण शासनान्तभविमभू (भावो भू)त्त-
१३. [द] वेत्य प्रपितामहकृतज्ञतयास्माभिरिदं शिलापट्टकशास-
१४. [नञ्चि] रतरकालस्थितये दत्तं सीमा चास्य उत्तरपूर्वेण पूर्वे-
१५. ण शिखरोपर्यधोगोमिखातकमनुसृत्य पश्चापा (त्पा) नीय-
१६. पातः पूर्वदक्षिणेन येत्रंखरो दक्षिणेन थम्बिद्रुल् ततोनुसृत्य
१७. दक्षिणेनैव सुरिसिंबत्ती दक्षिणेन नदी दक्षिणपश्चिमेन श-
१८. लङ्का पश्चिमेन खातकस्ततोनुसृत्य पहञ्चो ततो लुम्बञ्चो उत्तरे-
१९. ण तत्पर्वत शिखरमूर्धनि खातकस्ततो यावत्स एवोत्तर पूर्व-
२०. खातक इति अन्यश्चास्माभिः प्रयोजनान्तराराधितैर्भवतां ग्राम-
२१. णि (नि) वासिनां कुटुम्बिनाम्प्रसादविशेषो दत्तो दक्षिणकोलिग्रामे

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२२ गोयुद्धे गोहले गोहले यद्दे यमासीत्तस्यार्धम्प्रतिमुक्तं सिं-
२३ करे च येन कार्षापणान्देयन्तो (न्ते) नाष्टौ पणा देया येनाष्टौ
२४ पणा देयं तेन पणचतुष्टयं मल्लकरे च पणचतुष्ट-
२५. यन्देयमिति यस्त्वेतामाज्ञामुल्ल (ङ्) घ्यास्मत्प्रसादोपजी- .
२६. व्यन्यो वा कश्चिदन्यथा कुर्यात्कारयेद्वा तम्ब (तं व) यन्न [म]
२७. र्षयिष्यामो भविष्यद्भिरपि भूपति (भि) पूर्वराज [कृ]
२८ तज्ञतया धर्मापेक्षया चेदं शासनं प्रतिपालनी-
२९ यं दूतकश्चात्र युवराजः श्रीविष्णुगुप्तः
३०. संवत् ५९... ... शुक्लदिवाद्वितीयायाम्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.– १०९

प्राप्तिस्थान–थानकोटग्रामस्थित अभिलेख

मिति–संवत् ५७ ... ... शुक्लदिवाद्वितीयायाम्

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) स्वस्ति मानगृहात्सिङ्घा (सिहा) सनाथ्यासिकुलकेतुभट्टारक श्रीभीमा(र्जु)नदेव
(२) कैलासकूट भवनात्सोमान्वय-भूषणोभगवत्पशुपतिभट्टारकपादानुगृहीतो वप्पपादानुध्यातः श्रीजिष्णुगुप्तदेवः
(३) (ज्ज्ये)ष्ठप्रपितामह मानगुप्तगोमि
(४) दूतकश्चात्र युवराजः श्रीविष्णुगुप्तः

प्रशासनिक पद–दूतक

अड्डा–×

शिलापत्र राख्नाको उद्देश्य–राजाज्ञा जारी गरेको

शिलापत्र राख्नेको नाम–(१)भट्टारकश्रीभीमार्जुनदेव (२) श्रीजिष्णुगुप्तदेवः

महानात्माहरुको समेत देवताहरुको नाम (१ भगवत्पशुपति (२) शौरि (३)श्री

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–×

कुनमा प्रकाशित–सिल्वां लेवीद्वारा १६ संख्या; आर. नोलीद्वारा LVI संख्या; "पूर्णिमा" ८ पूर्णाङ्क, प्रकाशकः संशोधन मण्डल

शिलापत्रको शीर्षचिह्न–शिरोभागमा एउटा चक्र औ दुइटा शंखका आकृति अंकित छन् ।

लिपि–ब्राह्मी

स्थान–(१) थेञ्चो ग्राम (२) गोमिखातक (३) येब्रंखरो (४) थम्बिवुल् (५) सुरिसिवत्ती (६) लङ्क्षा (७) पहञ्चो (८) लुम्बञ्चो (९) दक्षिणकोलिग्राम

संक्षिप्त विवरण–भट्टारकश्रीभीमार्जुनदेव सहित श्रीजिष्णुगुप्तले थेञ्चो ग्रामवासीहरुलाई आज्ञा गर्नु भएको छ । हाम्रा ज्येष्ठ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वराज्यू मानगुप्तगोमीले बनाउनु भएको पोखरीको लागि चेलकर (कपडामा लाग्ने कर विशेष) माफी गरी दिइएको थियो । पछि सो जग्गा सरकार लाग्यो । यसलाई जानेर यो कृति पछिसम्म रहि रहोस् भन्ने विचारले प्रस्तुत सनद शिलामा उत्कीर्ण गराइयो । अव हामीले तिमीहरुको गाउँमा वस्ने गृहस्थीहरुलाई अर्को निगाह गरेका छौं । दक्षिणकोलीग्राममा हुने गोयुद्ध (साँढे जुधाई मनाउने उत्सव विशेष)मा एक-एक हलो जग्गामा जो बुझाउनु पर्ने थियो त्यसको आधा माफी गरिएको छ । सिंकर नामक काठ विशेषमा लाग्ने करमा १कार्षापण बुझाउनु पर्नेले ८ पणमात्र बुझाउनु, ८ पण बुझाउनु पर्नेले ४पण मात्र बुझाउनु । मल्लकरमा पनि ४पण बुझाउनु । यो कुरा तिमीहरुलाई विदित होस् ।

कैफियत–प्रस्तुत शिलालेखको उठानमा मङ्गलाचरणको रूपमा जलशायी (?) विष्णुको स्तुती गरिएको छ । तर, यहाँ विष्णुको स्तुती गर्ने क्रममा लक्ष्मीलाई अँगाल्दा दुई स्तनको स्पर्षले शरीर रोमाञ्चित भएका भनी उल्लेखी भगवान् विष्णुको रसिक जीवन तिर लक्ष गरेको छ । जुन यसको खास विशेषता मान्न सकिन्छ । किनभने विष्णुका अवतार-हरुको बाहेक स्वयं विष्णुकै प्रमलीलाको साह्रै कम मात्र वर्णन पाइन्छ । विष्णुका वासुदेव अवतारमा वासुदेव कृष्णको प्रेममय जीवनको ज्यादातर वर्णन भेट्टिन्छ । कृष्ण र राधाको प्रेमलाई लिई बाह्रौं शताब्दी ई. का कवि जयदेवले गीतगोविन्द नामक काव्यकै रचना गरेका छन् । यसको अतिरिक्त नेपाल एवं भारतका विभिन्न साहित्य एवं कला कृतिहरुमा वासुदेव कृष्णको रसिक जीवनको सफल चित्रण गरिएको छ ।

अर्को, यस अभिलेखमा श्रीजिष्णुगुप्तको नामको अगाडि सोमान्वयभूषणो भनी उल्लेख गरिएको छ । जसले श्रीजिष्णुगुप्त (आभीर) चन्द्रवंशी रहेको कुरा प्रमाणित हुन्छ । उता उत्तर प्राचीनकालका लिच्छविहरु सूर्यवंशी रहेको तथ्य संवत् १५९ को पशुपतिको अभिलेखको अध्ययनबाट स्पष्ट रूपले जानिन्छ । त्यसमा लिच्छविहरुको वंश वर्णन भगवान् सूर्य देखि आरम्भ गरिएको छ ।

काठ विशेषमा लाग्ने करलाई सिंकर भनिएबाट त्यस समय नेवारी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भावाको निकै प्रचार भएको विदित हुन्छ ।

चैलकर, सिकर, मल्लकर, गोयुद्धको कर आदिको उल्लेखले त्यस समय कपडा औ काठ विशेषमा कर लाग्नुको अतिरिक्त मनोरञ्जन कर लिने चलन विद्यमान रहेको वोध हुन्छ । गोयुद्धमा जत्ति बुझाउनु पर्थ्यो त्यसको आधा मात्र बुझाउनु भन्ने उल्लेखले साँढे जुधाई मनाइने उत्सवका लागि कर लिने गरेको सिद्ध भै मल्लकर पनि सोही अनुरूप मल्लयुद्धको लागि लिइने गरेको ज्ञात हुन्छ । यसरी पनि मल्लकर उत्तरप्राचीनकालमा मनोरञ्जन करको रूपमा लिइन्थ्यो भन्ने सुस्पष्ट हुन्छ ।

यस अभिलेखमा १ कार्षापणको सट्टा ८ पण तथा ८ पणको सट्टा ४ पण भन्ने उल्लेखले १६ पणको १ कार्षापण भन्ने कुरा स्पष्ट बुझिएको छ ।

प्रस्तुत शिलालेखमा सर्वप्रथम श्रीजिष्णुगुप्तको नामको पछाडि देव शब्द प्रयुक्त भएबाट त्यस ताक सम्म श्रीजिष्णुगुप्तको शक्ति प्रशस्त बढि सकेको ज्ञात हुन्छ ।

यहां सिंहासनाध्यासिकुलकेतु भन्ने उल्लेखले राजा वस्ने आसनलाई सर्वप्रथम यसै समय देखि सिंहासनको संज्ञा दिन लागेको स्पष्ट छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ११०

मुच्छ्वासवातोद्भवात् मध्ये तोयनिधेः प्रचण्डपवनप्रोद्धूतचैलो ...

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–११०

प्राप्तिस्थान–नक्साल ढुंगेधारास्थित विष्णु मूर्तिको पादपीठको अभिलेख

मिति–×

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–×

प्रशासनिक पद–×

अड्डा–×

शिलापत्र राख्नाको उद्देश्य–×

शिलापत्र राख्नेको नाम–×

महानात्माहरुको समेत देवताहरुको नाम–×

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–वैष्णव धर्म

कुनमा प्रकाशित–"पूर्णिमा" ९ पूर्णाङ्क, प्रकाशक: संशोधन मण्डल

शिलापत्रको शीर्षचिह्न–×

लिपि–ब्राह्मी

स्थान–×

संक्षिप्त विवरण–उच्छ्वासको हावाबाट भएको, समुद्रको बीचमा कडा हुरीले लुगा उडाइएको...

कैफियत–प्रस्तुत शिलालेखको अक्षर सान्हैनै खिइसकेकोले यसको अर्थ अहिले राम्ररी बोधगम्य हुन सकेको छैन। तैपनि यसको बांकी पाउले यसको भाषामा प्रौढता रहेको स्पष्ट दर्शाउँछ। अर्कोत, "मुच्छ्वासवातोद्ध‌वात् मध्ये तोयनिधेः प्रचण्डपवनप्रोध्दूतचैलो ..." भनी यहाँ उल्लेखेबाट त्यो समय नेपालका मानिसहरुलाई समुद्र अथवा ठूला–ठूला नदीहरुको विषयमा थाहा रहेको निश्चित छ। आफ्नै अनुभवको कुरोको अभिव्यक्ति मानिस गहिरिएर गर्न लाग्दछ, नत्र सतहमैं दौडिन्छ भकुण्डो जसरी। अनि मानदेव प्रथमको चांगु अभिलेखमा वर्णित पूर्व सप्तकोशीदेखि पश्चिम संप्तगण्डकीसम्म फैलिएको लिच्छविहरुको एकीकृत विशाल नेपाल राज्य त्यस समय सम्म पनि विद्यमान रहेको थाहा हुन्छ।

फेरि, यस पादलेखको अतिरिक्त यसको विष्णुमूर्तिले त्यस समय यहाँ वैष्णव धर्मको प्रचार रहेर कलाको क्षेत्रमा पनि विशेष उन्नति जनाउँछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १११

१. ॐ स्वस्ति मानगृहादभिनवोदितदिवसकराधिकतर-
२. दीप्तयशोंशुमाली लिच्छविकुलतिलको भट्टारकमहाराज-
३. श्रीभीमार्जुनदेवस्तत्संहितश्च नरपतिगुणसम्पद्भूषितो-
३. भूरि = जागत ⏑ ⏑ शशिशुभ्राङ्ककीर्तिमुच्चैर्दधानः () मुदितज-
५. [न] ⏑ = नमान्य = = ⏑ राय प्रमथितरिपुपक्षो देशसौख्यैक-
६. चित्तो (॥) भगवत्पशुपतिभट्टारकपादानुगृहीतो बप्पपादानु-
७ ध्यातः श्रीजिष्णुगुप्तः कुशली दक्षिणकोलीग्रामनिवासिनो-
८. ब्राह्मणप्रधानपुरः सरान्सर्वपाञ्चालीकुटुम्बिनः कुशलमभि-
९. धाय समाज्ञापयति विदितम्भवतु भवतां यो युष्माकम्म-
१०. ल्लकरः पूर्व— — — — — — —श्चतुर्भिस्ताम्रिकपणैः प्रतिमु-
११. क्तो भूदस्माभि— — — — —[प]णाः प्रतिमुक्ता मल्लपोव-कानाम-
१२ पि मर्यादा — — — —लङ्कृत्य यन्निष्क्रमणन्तदपि प्रतिमुक्तम्-
१३. भट्टाधिक [रण] - — — — — --वस्तु -च यूयन्नानुस्मर-
१४. णीया इत्य— — — — — —प्रसादीकृतं शक्तवाटकरणीय-
१५. स्तु [चतु] र्भि [स्ताम्रिक] पणैः प्रतिमुक्तोत्पननदीदेवकुलप्रासाद-
१६. स्य—त्य— — — — — ि-पुरुष—कृ— —जातीय— —
१७. कालधर.— — यज्यते स — - ङ्किर — — —कृता — — —
१८. धनीय — — — — सादांशी — — - य. इ —प— — — —
१९. वः प्र [सादः] कृ [त] — — — — — — — — — —[द]—
२०. क्षिणकोली— — — — — — — — — — — — —
२१. ल्मते— — — — — — — — — — — — — —

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२२. त्रिमि — — — — — — — — — — — — — — —
२३. नीय — — — — — — — — — — — — — — —
२४. ति. इ — — — — — — — — — — — — — — —

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–१११
प्राप्तिस्थान–लगनटोलस्थित येङ्गाल हिटीको निकासमा राखेको अभिलेख
मिति–×
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) ॐ स्वस्ति मानगृहादभिन-
वोद्गितदिवसकरकराधिकतरदीप्त-
यशोंशुमाली लिच्छविकुलतिलको
भट्टारकमहाराज श्रीभीमार्जुनदेव
(२) भगवत्पशुपतिभट्टारकपादानु-
गृहीतो बप्पपादानुध्यातः श्रीजिष्णु-
गुप्तः
प्रशासनिक पद–×
अड्डा–×
शिलापत्र राख्नाको उद्देश्य–राजाज्ञा जारी गरेको
शिलापत्र राख्नेको नाम–(१) भट्टारकमहाराज श्रीभीमार्जुनदेव (२) श्रीजिष्णु-
गुप्तः
महानात्माहरुको समेत देवताहरुको नाम–(१) भगवत्पशुपति (२) पननदी
(३) शशि
विहार, मन्दिरको नाम–पननदी देवकुल (मन्दिर)
धर्म, धार्मिक कार्य–×
कुनमा प्रकाशित–आर. नोलीद्वारा LVIII संख्या
शिलापत्रको शीर्षचिह्न–शिरोभागमा एउटा चक्र तथा दुइटा शंखका आकृति
अंकित छन् ।
लिपि–ब्राह्मी
स्थान–दक्षिणकोलीग्राम
संक्षिप्त विवरण–दक्षिणकोलीग्राममा वस्ने ब्राह्मण, मुखिया लगायत पाञ्चाली-
भित्रका सम्पूर्ण गृहस्थीहरुलाई कुशलक्षेम सोधेर निगाह गरेको
कुरा प्रस्तुत राजाज्ञामा वर्णित छ ।
कैफियत–प्रस्तुत अभिलेखमा मल्लकरको रूपमा दुनियाँसित उठाइने चार
तामाका पण माफी गरि दिइएको कुरा वर्णन गरिएबाट मल्लकर
यथार्थतः रैतो दुनियांहरुसित मल्लयुद्धको लागि लिइने कर रहेछ
भन्ने कुरा स्पष्ट हुन आएको छ । यस तथ्यको पुष्ट्याई संवत् ५७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

को थानकोटको अभिलेखमा गोयुद्धमा आधा कर माफी गरिएको कुरा वर्णित भएबाट पनि हुन्छ । गोयुद्ध, मल्लयुद्ध आदि विभिन्न युद्धहरू उत्तरप्राचीनकालमा विशेषतः मनोरञ्जनको लागि लडाइन्छन् । अनि प्रस्तुत कर मल्लयुद्धमाथि लिइने कर रहेर त्यस समय हिजो आज जस्तै मनोरञ्जन कर लिइने चलन प्रचलित रहेको देखिन्छ ।

यहाँ "दक्षिणकोलीग्रामनिवासिनो ब्राह्मणप्रधानपुरःसरान् सर्व-पाञ्चालीकुटुम्बिनः भनी वर्णन गरिएबाट त्यस समय एउटै ग्राममा पनि अनेकन् पाञ्चालीहरुको अस्तित्त्व विद्यमान रहेको कुरा विदित हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ११२

१. सम्यग्ज्ञानादियुक्तः सक
२. (ल) गुणगणं क्षोभयित्वा प्र-
३. (धा) नम् ब्रह्मादिस्थावरान्त-
४. ज्जगदिदमखिलं यो सृज-
५. द्विश्वरूपम्। आजीव्यं सर्व्व-
६. पुंसाङ्गिरितरुगहनं यः करो-
७. त्येकरूपम् पायात्सोद्य प्रस-
८. न्नः स्मरतनुदहनश्छत्रच-
९. ण्डेश्वरो वः। स्वस्ति जिष्णुगुप्त-
१०. स्य प्रवर्द्धमानविजयराज्ये आ-
११. चार्य भगवत्प्रनर्द्दनप्राणकौ-
१२. शिकेन भगवतःश्छत्रचण्डेश्वरस्य-
१३. —कूग्रामे प्रणालिकायाश्च ख-
१४. (ण्ड) स्फुटितसमाधानार्थमुद्दि-
१५. (श्य) मुण्डशृङ्खलिकपाशुपताचा-
१६. र्यपर्षदि वाराहस्वामि उम-
१७. सोमा क्रसोमखड्डकानाञ्च अशी -
१८. (ति)-पिण्डकमानिकानां भू प्रतिपादि-
१९. ताः (ता) साम्प्रदेशा लिख्यन्ते पिखू-
२०. ग्रामे मा १० षाफनादूलके मा २०
२१. पागुमके मा ५ पोग्रामे मा २ खू-
२२. लम्प्रिङ्ग्रामे मा ६ भूयो मा १५ वि-
२३. ङ्शतिकयैते अथान्याश्चतुर्विङशतिकया-
२४. -यच्च के .. मत्र विंशतिमानिका-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२५. —मासषद्-शेषाः शृङ्खलिकपा-
२६. मा - वाराहस्वामिप्रभृतिभि-
२७. ...योक्तन्या पालनयोज्यं देश-
२८. ... कि—न स्तम्भलिखित

— — — — — — — — —

— — — — — — — — —

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं- ११२
प्राप्तिस्थान-पशुपति छत्रचण्डेश्वरको अभिलेख
मिति- ×
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत- (१) स्वस्ति श्रीजिष्णुगुप्तस्य प्रवर्द्धमानविजयराज्ये (२) आचार्य भगवत्प्रनर्द्दनप्राणकौशिक
प्रशासनिक पद- ×
अड्डा- ×
शिलापत्र राख्नाको उद्देश्य- धारो बिग्रे, भत्के निर्माणगर्नुको निमित्त
शिलापत्र राख्नेको नाम- आचार्य भगवत्प्रनर्द्दनप्राणकौशिक
महानात्माहरुको समेत देवताहरुको नाम- (१) ब्रह्मा (२) छत्रचण्डेश्वर (३) वाराहस्वामी (४) उमसोमा-कसोमखड्डुक
विहार, मन्दिरको नाम- ×
धर्म, धार्मिक कार्य- शैव धर्म
कुनमा प्रकाशित-भगवानलालद्वारा ११ संख्या; आर. नोलीद्वारा LIX संख्या; "पूर्णिमा" १४ पूर्णाङ्क, प्रकाशक: संशोधन मण्डल
शिलापत्रको शीर्षचिह्न- ×
लिपि- ब्राह्मी
स्थान- (१) ...कूग्राम (२) पिखूग्राम (३) षाफनाबूलक (४) पागुमक (५) पोग्राम (६) खूलप्रिङ्ग्राम
संक्षिप्त विवरण- श्रीजिष्णुगुप्तको विजयराज्यमा आचार्यभगवत्प्रनर्द्दनप्राण कौशिकले भगवान छत्रचण्डेश्वर र...कूग्रामस्थित धारा टूट फूट भएमा मरम्मतको लागि मुण्डश्रृङ्खलिक (मुण्डमाला र शाङ्ला लाउने) पाशुपत सम्प्रदायका आचार्यहरुको संघलाई र वाराहस्वामी, उमसोमा-कसोमखड्डुकहरुलाई समेत गरी खेत प्रदान गरेको प्रस्तुत शिलालेखमा वर्णन गरिएको छ।
फलिफ्रत-यद्यपि शैवधर्मको प्रारुप सैन्धव, त्यसको अनन्तर ऋग्वैदिक समयदेखिनै भेटिसकेको थियो। तर, शिवको महत्ता यजुर्वैदिक समयदेखि व्यापक रुपले मानिन लागेको थियो। वेदको अन्तिम लक्ष मन, वाणीको पहुँचभन्दा परस्थित सर्वोच्च ब्रह्मको प्रतिनिधित्व गर्ने ॐ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रहेको छ । ॐजस्तै शिवपदपनि वेदको सार मानिन्छ । यजुर्वेदको चौथो कांडमा पंचाक्षरको वीचमा शिवपदको उल्लेख आएको छ । यसरी ॐ र शिव दुवै समानरूपले परब्रह्मका प्रतीक छन् । यजुर्वेदमा शिवको कल्याणकारी स्वरूपको राम्रो चित्रण गरिएको छ ।

"नमः सम्भवाय च मयोभवाय च
नमः शङ्कराय च मयस्कराय च
नमः शिवाय च शिवतराय च ॥"
–य. (वा.) १६।४१

उक्त मन्त्रको अनुसार शिव आनन्दको मूलस्रोत मानिनुको अतिरिक्त आनन्ददायी, कल्याणकारी रहेको छ । फेरि, शिवलाई मोक्ष सुखका जन्मदाता औ प्रदाताको रुपमा पनि त्यसमा वर्णित छ । अथर्वशिर्ष उपनिषद् अनुसार शिवलेनैं सम्पूर्ण विश्व ब्रह्माण्डलाई लपेटेको छ, स्वर्ग र पृथ्वीको सृष्टि गरेको छ । ऋग्वेद तथा श्वेताश्वतरोपनिषद्मा पनि यहीनैं कुरो उल्लिखित छ ।

"विश्वतश्चक्षुरुत विश्वतो मुखो विश्वतो बाहुरुत विश्वतस्पात् ।
सं बाहुभ्यां धर्मात सपतत्रैर्द्यावाभूमी जनयन् देव एकः ॥"
–ऋ. १०–८१–३; श्वेतास्वतर ३–३; अथर्वशिरस–६२

श्वेतास्वतरोपनिषद्मा शिवलाई अन्य सबै वैदिक देव श्रृङखलाहरुमा सर्वोच्च स्थान प्रदान गरिएको छ । त्यसमा शिवलाई महादेवको सज्ञा दिइएको छ । त्यस्तै प्रकारको सर्वोच्च स्थान तिनकी शक्ति उमालाई केनोपनिषद्मा प्रदान गरिएको थियो । यसरी महादेवलाई वैदिककालदेखिनैं देवताहरुमा सर्वोच्च स्थान प्रदान गर्दै परब्रह्मका प्रतीक, विश्व ब्रह्माण्डका श्रृष्टिकर्ता एवं ज्ञानका प्रतिमूर्ति मानिदै आएको छ तापनि विद्वानहरुको वीच यसबारे मतैक्य भए जस्तो लाग्दैन । अपस्तम्ब गृह्यसूत्र औ कौतिल्य अर्थशास्त्रमा शिव गौण देवताहरुको श्रृङखलामा राखिएका छन् । शिवको सर्वोच्चता माथि अन्य देवताहरुद्वारा गरिएको चुनौती दक्षको यज्ञ विषयक अनुश्रुतीमा स्पष्ट अवलोकन हुन्छ । जसमा अन्य सबै देवताहरुलाई पराजित गर्नुको अतिरिक्त शिवले दक्षको शिरोच्छेदन गरी त्यसमा बोकाको टाउको मिलाई पुनः जीवन दान दिएका थिए । बोकाको टाउको युत दक्षको एक मूर्ति प्राप्त भा पाइएको छ । त्यस्तै नृसिंह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हिरण्यकशिपु तथा महादेवको शरभेश अवतरणको उपाख्यानमा पनि शैव एवं वैष्णव धर्मको बीच प्रभुताको लागि संघर्ष भएको औ शिवलाई अन्य देवताहरु देवताको रूपमा मात्र अस्वीकार गर्दथे भन्ने कुराको स्पष्ट जानकारी मिल्दछ ।

शैवधर्मको रूपमा एक भिन्नै दर्शनयुत मत, जसमा शिवलाई सर्वोच्च देवताको रूपमा मान्यता मिलेको छ, को अभ्युदय खिष्टाब्दको प्रारम्भिक समयदेखि भएको लागेको छ । यसबारे माथि वर्णन गं सकेको हुंदा यहाँ फेरि त्यही नै कुरो दोहऱ्याई रहनु अनावश्यक सम्झेको छु । तर, यहाँ यस कुरोलाई उल्लेख गर्दा कुनै अत्युक्ति हुंदैन कि शैवहरुका अनुसार तिनीहरुका कुनै पनि मतका प्रथम उपदेष्टा स्वयं शिवनै मानिन्छ । लकुललाई शिवको अवतारको रूपमा मानिएको घटनालाई यसै परिप्रेक्षमा लिन सकिन्छ । जेहोस्, आरम्भमा शैवधर्म पाशुपत, लाकुल, शिवभागवत तथा माहेश्वर नामलेनै जानिए तापनि त्यससमा पछि आएर अनेकौं सम्प्रदायहरुको विकास भएको थियो । तिनीहरुमा मुख्यतः लिंगायत (वीरशैव), शैवसिद्धान्त तथा शिवाद्वैत मुख्य छन् । वीरशैव सम्प्रदायका प्रवर्तक पांच आचार्य थिए जसका नाम मुख्यतया निम्न छन्।—रेणुक, दारुक, घण्टाकर्ण[१], धनुकर्ण, विश्वकर्ण । यिनीहरु पंचाचार्य नामले प्रसिद्ध छन् । यस सम्प्रदायका अनुयायी जहाँ शिवलिङ्गको पूजा गर्दछन्, त्यहाँ शक्तिविशिष्टाद्वैत सिद्धान्तको पनि प्रतिपादन गर्दछन् । यसको अनुसार शिवको स्वरूप सत्, चित् र आनन्द छ, शक्ति शिवबाट अभिन्न छ औ जीव शिव कै एक अंश हो । शैव सिद्धान्तका अनुयायी जगत् र

१. अनुमानित दशौं, एघारौं शताब्दी ई. को घण्टाकर्णको एक मूर्ति ललितपुर कुम्भेश्वर मन्दिरको प्राङ्गणमा पाइएको छ । यस मूर्तिको प्राप्तिले मध्यकालीन नेपालको प्रारम्भमैं यहाँ वीरशैव सम्प्रदायको अत्यधिक प्रचार रहेको मानिन्छ । नेपालका विभिन्न चाडपर्वहरु मध्येको गठेमङ्गलमा घण्टाकर्णको पूजा गरिन्छ । जसले पनि उक्त तथ्यको पुष्टि हुन्छ । तर, यस चाडमा घण्टाकर्णलाई राक्षस मनिनु तत्कालीन विभिन्न सम्प्रदायहरुको वीच आपसी मनमुटावको प्रतिफलनै मान्न सकिन्छ । पशुपति आर्यघाटस्थित विरूपाक्ष मूर्तिलाई एकजना व्यभिचारीको रूपमा मानिनु औ घण्टाकर्णलाई राक्षसको संज्ञा दिइनु उही किसिमको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जीवको पृथक सत्ता स्वीकार गर्दछन, औ शिवलाई चराचर जगतका स्वामी मान्छन् । शिवाद्वैत सम्प्रदायका अनुसार ब्रह्म जगतका न केवल निमित्त कारण छन्, अपितु उपादान कारण पनि छन् । शिवका शक्ति नैं जगतको रूपमा अभिव्यक्त हुन्छन् । ब्रह्म र शिव एउटै सर्वोपरि सत्ताका सूचक छन् ।

उपरोक्त विभिन्न शैव सम्प्रदायहरुका अतिरिक्त शैव पाशुपत सम्प्रदायका अनेकौं उप सम्प्रदायहरु पाँचौं, छैठौं शताब्दी ई. तिर निस्कन लागेका थिए । तिनीहरु सिद्धिमा विश्वास गर्ने हुंदा सिद्ध हुनुको लागि अनेक गुह्य र रहस्यमय अनुष्ठानहरुका प्रतिपादन गर्दथे । त्यस समय भारतमा कापालिक पाशुपत मतको प्रचार थियो । तिनीहरु सिद्धि प्राप्त गर्नुको लागि साधारण पाशुपतहरु भन्दा अत्यधिक उग्र र अद्‌भुत् उपायहरुको अवलम्वन गर्दथे । नर मुण्डद्वारा निर्मित कपाल पात्रमा भोजन गर्ने, शवको भस्मलाई शरीरमा लाउने, निरन्तर मदिरा पान गर्ने औ त्यसैमा प्रतिष्ठित महेश्वरको पूजागर्ने जस्ता कार्यलाई तिनीहरु गुह्य सिद्धि प्राप्तिका साधन मान्थे । भैरव र तिनकी पत्नी चण्डिका यस सम्प्रदायका प्रमुख उपास्य देव थियो ।

माथि वर्णित शिवको महत्ता एवं विभिन्न शैव सम्प्रदायको परिप्रेक्षमा प्रस्तुत अभिलेखलाई लिन सकिन्छ । यहां महादेवलाई त्रिगुणयुत सम्पूर्ण विश्व ब्रह्माण्डका सृष्टिकर्ता मानिनुको अतिरिक्त ज्ञानका प्रतिमूर्तिको रूपमा वर्णित छन् । सांख्य दर्शन अनुसार विश्व ब्रह्माण्ड विविध गुणयुत छन् । जसले उत्तरप्राचीनकालीन नेपालमा सांख्य दर्शनको राम्रो प्रचार रहेको जानिन्छ । त्यस समय शिव पनि त्रिगुण युक्तनैं मानिने परम्परा चलेको कुरा संवत् १५९ को पशुपतिको अभिलेखका

"त्र्यक्षस्त्रय्यव्ययात्मा त्रिसमयसदृशस्त्रिप्रतीतस्त्रिलोकी–
त्रातात्रेतादिहेतुस्त्रिगुणमयतया त्र्यादिभिर्वर्णितोलम्
त्रिस्रोतोधौतमूर्द्धात्रिपुरजिदजितस्त्रिर्निबन्धस्त्रिवर्गो
यस्योत्तुङ्गस्त्रिशूलस्त्रिदशपतिनुत (स्त्र्यम्बकस्त्रायतां वः)"

पंक्तिबाट स्पष्टतः जानिन्छ । यसरी त्यस समय शिव एवं विश्व ब्रह्माण्ड अन्योन्याश्रित मानिएर यो सम्पूर्ण चराचर जगतको सृष्टि,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्थिति तथा क्षयको मूल कारण शिवलाई नै स्वीकार गरिएको देखिन्छ । संवत ४२७ को पशुपति सूर्यघाटको अभिलेखमा शिवलाई सृष्टि, स्थिति तथा क्षयका कारणको रूपमा वर्णित छन् । डा. आनन्द कुमार स्वामीको अनुसार शिवको नृत्यले पञ्चक्रियाको प्रतिनिधित्व गर्दछ । पञ्च क्रियाका नाम निम्न छन्-

१. सृष्टि २. स्थिति ३. संहार ४. तिरोभव ५. अनुग्रह

मालव संवत् ५८९ (५३२ ई.) को मन्दसोर शिलालेखमा पनि शिव लाई सृष्टि, स्थिति तथा क्षयका कारणको रूपमा वर्णित छन् ।

"सिद्धम् (।।)
स जयति जगतां पतिः पिनाकी
स्मित–रव गीतिषु यस्य दन्त–कान्तिः ।
द्युतिरिव तडितां निशि स्फुरन्ती
तिरयति च स्फुटयत्यदश्च विश्वम् ।। १
स्वयम्भूर्भूतानां स्थिति–लय–[समु] त्पत्ति–विधिषु
प्रयुक्तो येनाज्ञां वहति भुवनानां विधृतये ।
पितृत्वं चानीतो जगति गरिमाणं गमयता
स शम्भुर्भूयान्सि प्रतिदिशतु भद्राणि भव [ताम्] ।।२"

—मन्दसोर अभिलेख, मालव संवत् ५८९

माथि वर्णन गै सकेको छ कि शिव र ॐ दुबै परब्रह्मका प्रतीक छन् । जसको कारण पनि शिव ॐ जस्तै ज्ञानका प्रतिमूर्तिको रूपमा मानिन्छ । भगवान् शिवको स्तुती स्वरूप लेखेको १३५० ई. का काश्मिरी विद्वान जगद्धरका "कुसुमाञ्जली" ग्रन्थका पंक्ति यहां उदाहरणार्थ प्रस्तुत गर्न सकिन्छ ।

"ओमिति स्फुरदुरस्यनाहतं गर्भगुम्फितसमस्तवाङ् मयम् ।
दन्ध्वनीति हृदि यत्परं पदं तत्सदक्षरमुपास्महे महः ।।"

फेरि, ज्ञानेश्वरी अनुसार भगवान् शिवले पार्वतीलाई जुन उप-देश दिएका थिए त्यसैलाई विष्णुले माछाको स्वरूप लिई नचिनिने भएर ग्रहण गरेका थिए । यसरी विष्णुले मत्स्येन्द्रनाथ भएर प्राणी मात्रप्रति करूणा राखी ज्ञानको प्रचार गर्न लागेका थिए । जेहोस् यसले शिव ज्ञानको अथाह सागरको रूपमा प्रकटित हुन्छ । तिनी देव र दानवका गुरु पनि रहेका छन् । यस तथ्यलाई श्रीजिष्णुगुप्तको शासन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कालमा प्रतिष्ठापित अभिलेखको अतिरिक्त सं. १५९ को पशुपतिको अभिलेखले प्रमाणित गरेका छन् । चम्पास्थित शक ८३१ को अभिलेखमा पनि शिवलाई देव र दानव दुवैका गुरुको रूपमा वर्णित छन् ।

"ए, एव भगवान् सुरासुरगुरुस्तदच्छद्मह्म
महेश्वर इतस्ततः प्रणतपादपद्मद्वयः ।
.द्वयेन रहितो महीधरसुताद्वयो योऽजितो
जितोत्तरगुणास्पदोऽभवदगोऽनुद्धोस्ता च्चिरम् ।।"

—चम्पाको अभिलेख, शक ८३१

यी तथ्यहरुको सन्दर्भमा प्रस्तुत अभिलेखमा शिवलाई सृष्टि, स्थिति तथा क्षयका कारण एवं ज्ञानको प्रतिमूर्तिको रूपमा वर्णन गरिएको कुरोलाई लिन सकिन्छ ।

अर्को, यहाँ महादेवलाई कामदेवको शरीर भस्म गर्ने भनी वर्णन गरिएको छ । तपस्यामा रत महादेवमा कामोत्तेजना जगाउनुको लागि कामदेवले आफ्ना पञ्च पुष्पायुधमध्ये सम्मोहन नामक बाण छोड्न लागेको देख्नासाथ महादेवले आफ्ना त्रिनेत्राग्निले तिनलाई भस्म तुल्याई दिएका थिए । महाकवि कालिदास विरचित महाकाव्यमा यस कुरोको राम्रो वर्णन गरिएकोछ ।

"क्रोधं प्रभो संहर संहरेति यावद्गिरः खे मरुतां चरन्ति ।
तावत्स वह्निर्भवनेत्रजन्मा भस्मावशेषं मदनं चकार ।।७२।।"

—कुमारसम्भवम् तृतीयः सर्गः

पर, पार्वतीले जसै महादेव पति प्राप्तिको लागि कठोर तपस्याद्वारा आफ्नो शरीरलाई कृश तुल्याइन्, महादेवले अनि तिनको निष्कपट प्रेमलाई महसूस गर्दै तिनीको तपद्वारा ऊ किनिएको कुरा अनायास आफ्नो मुखबाट अभिव्यक्त गरे ।

"अद्यप्रभृत्यवनताङ्गि तवास्मि दासः
क्रीतस्तपोभिरिति वादिनि चन्द्रमौलौ ।
अह्नाय सा नियमजं क्लममुत्ससर्ज
क्लेशः फलेन हि पुनर्नवतां विधत्ते ।।८६।।

—कुमारसम्भवम्, पञ्चमःसर्गः

यसरी कामदेवको तनु दहन विषयक प्रस्तुत उपाख्यानले मनुष्यको मोक्ष प्राप्तिको लागि त्रिवर्गमा काम शब्द प्रयोग गरि-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएको देखिए तापनि स्त्री पुरुष बीचको वैवाहिक सम्बन्ध कामको वशिभूत नहुनु पर्ने कुरा स्पष्ट पाएको छ ।

फेरि, प्रस्तुत अभिलेखमा मुण्डशृङ्खलिक तथा शृङ्खलिक पाशुपत सम्प्रदायहरुको बारे उल्लेख आएका छन् । ती सम्प्रदायहरुको संघ यहाँ कायम भएको कुराको उल्लेखले तत्समय पाशुपत उप-सम्प्रदायहरुको राम्रो उन्नति भएको जानिन्छ । पाशुपत मतका उक्त उपसम्प्रदायहरुको नामको आधारमा तिनीहरु कसैसंग खप्परको माला लगाउने तथा सिक्री लगाउने सिद्धान्तका पक्षपाती रहेको कुरा थाहा हुन्छ । भारतमा प्रचलित कापालिक पाशुपत सम्प्रदाय सित तिनीहरुको सैद्धान्तिक समानता देखिएको छ । जसको कारण कापालिक पाशुपत मतको सिद्धान्तको आधारमा तिनीहरुको बारे पनि विचार गर्नु पर्ने लागदछ । उत्तरप्राचीनकालीन नेपालका विभिन्न पाशुपत उपसम्प्रदायहरु–मुण्डशृङ्खलिक, शृङ्खलिक, दान, वश–को बारे थाहा लिनुको लागि साहित्यिक सामग्रीहरुको अभावमा तत्का-लीन पुरातात्विक सामग्रीहरु अत्यधिक सहायक सिद्ध भएका छन् । माथि वर्णन गै सकेको छ कि कापालिक पाशुपतहरुका उपास्य देव-देवीहरु भैरव औ चण्डिका रहेका छन् । उत्तरप्राचीनकालीन तथा मध्यकालीन नेपालका भैरव एवं चण्डिकाका मूर्तिहरु यहाँ पाइएका छन् । ती मूर्तिहरुमध्ये कुनैमा मुण्डमाला औ कुनैमा सिक्रीका माला लगाइएका छन् । यी मूर्तिहरुको प्राप्तिले तत्कालीन नेपालको जनमानसमा उपरोक्त पाशुपत उपसम्प्रदायहरुको अत्यधिक प्रभाव रहेको कुरा विदित हुन्छ ।

यहाँ वराहस्वामीको उल्लेखले त्यस समयसम्म विष्णुको वराह अवतारको पूजाको प्राचूर्य्य भैसकेको देखिन्छ । अनुमानित सातौं शताव्दी ई. को एक भव्य वराहमूर्ति विशालनगर चण्डोलमा पाइए-बाट पनि उक्त तथ्यको पुष्टि हुन्छ ।

अर्को, उत्तरप्राचीनकालमा यहाँ कौशिक गोत्रका मानिसहरु पनि रहेको कुरा प्रस्तुत अभिलेखमा आचार्यभगवत्प्रनर्दनप्राणकौशिक भनी उल्लेख आएबाट विदित हुन्छ । व्यक्तिको नामको पछाडि कौशिक शव्दको प्रयोगले पनि उक्त कौशिक शव्दले गोत्रलाई नै बुझा-एको प्रतीत हुन्छ । भगवान बुद्धलाई सिद्धार्थ गौतम भनी उल्लेखी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोत्र नाम व्यक्तिको नामको पछाडि प्रयोग गरिएबाट पनि उक्त तथ्य-को पुष्टि हुन्छ। फेरि, मानिसको नाम संगै तिनको सम्प्रदायलाई चिनाउने शब्दको पनि कहिं–कहिं प्रयोग गरिएको पाइन्छ। तर, यहाँ यस तथ्यलाई बिर्सनु हुंदैन कि उक्त प्रकारको शब्द तिनको नामको अगाडि प्रयोग गरिएको हुन्छ। संवत् ४९५को ल पु. सिकुवहि स्थित उमामहेश्वरको पादपीठलेखमा परमभागवत देशवर्म्मा भनी उल्लेखी देशवर्म्मा भागवत धर्मावलम्बी रहेको कुरा स्पष्टचाएको छ। त्यस्तै चन्द्रगुप्त द्वितीयको रजत मुद्रामा चन्द्रगुप्तलाई भागवत मतका भनी चिनाउने परमभागवत शब्द तिनको नामको अगाडि उत्कीर्ण छ। "परमभागवत–महाराजाधिराज–श्रीचन्द्रगुप्त–विक्रमादित्यः।" यी आधारहरुबाट कुनै पनि व्यक्तिको धार्मिक सम्प्रदायलाई चिनाउने शब्द त्यसको नामको अगाडि उल्लेख गरिएको हुन्छ, न कि तिनको नामको पछाडि। यसरी प्रस्तुत अभिलेखका कौशिक शब्द आचार्य भगवत्प्रनर्द्दनप्राणको धार्मिक मतलाई चिनाउने नभै उक्त शब्द खालि तिनको गोत्र नाम मात्र रहेको थियो भन्ने कुरा प्रमाणित हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

अभिलेख नं. ११३

१. ॐ सम्यग्धर्मपदानुरक्तमतिमद्वर्णाश्रमोद्वासितो
आचार्यो भगवत्प्रनर्दन इह श्रद्धान्वितोचीकरत्
२ ... ... गुणानुरञ्जितजने श्रीजिष्णुगुप्ते महीम्
शम्भोरावरणं सुरासुरगुरोस्संसारपाशच्छिदः ॥

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–११३

प्राप्तिस्थान–पशुपतिस्थित छत्रचण्डेश्वरको अभिलेख

मिति–X

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–श्रीजिष्णुगुप्ते महीम्

प्रशासनिक पद–X

अड्डा–X

शिलापत्र राख्नाको उद्देश्य–शिव मन्दिरमा पर्खाल लाएको

शिलापत्र राख्नेको नाम–आचार्य भगवत्प्रनर्दन

महानात्माहरुको समेत देवताहरुको नाम–शम्भु

विहार, मन्दिरको नाम–X

धर्म, धार्मिक कार्य–शैव धर्म, निष्काम कर्म

कुनमा प्रकाशित–आर. नोलीद्वारा LX संख्या

शिलापत्रको शीर्षचिह्न–X

लिपि–ब्राह्मी

स्थान–X

संक्षिप्त विवरण–गुणद्वारा दुनियाँलाई रक्षा गर्ने श्रीजिष्णुगुप्तको राज्यकालमा वर्णाश्रमबाट प्रब्रजित् भएका आचार्य भगवत्प्रनर्दनले देवता र दैत्यका गुरुस्वरूप, संसाररूपी पाशलाई चुँडाल्ने शिव मन्दिरमा पर्खाल लाएको कुरा प्रस्तुत पादपीठ लेखमा वर्णित छ ।

कैफियत–आचार्य भगवत्प्रनर्दनलाई वर्णाश्रमबाट प्रब्रजित् भएका भनी वर्णन गरिएबाट त्यस समयको समाज वर्णाश्रम धर्ममा आधारित रहेको कुरा जानिन्छ । उत्तरप्राचीनकालीन नेपालमा अन्य ऐतिहासिक सामग्रीहरुबाट पनि वर्णाश्रम धर्म प्रचलित रहेको कुरा प्रमाणित भए तापनि वर्णाश्रम शब्दकै स्पष्ट उल्लेख सर्वप्रथम प्रस्तुत अभिलेख मैं भएको लाग्दछ । यो पनि यस अभिलेखको एक खास विशेषता रहेको छ ।

औपनिषदिक समय देव र दानव दुवैका पिता प्रजापति तिनीहरुका गुरु पनि मानिन्थ्यो । बृहदारण्यकोपनिषद्मा यसबारे एक सुन्दर आख्यायिका प्रस्तुत गरिएको छ । जसमा प्रजापतिले देव, मनुष्य तथा दानव तीनै आफ्ना पुत्र शिष्यहरुलाई त्रि अमृतपदको शिक्षा दिएका थिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"एषा दैवी वागनुवदति स्तनयित्नुर्द द द इति दाम्यत दत्त दयध्वमिति। तदेतत् त्रयं शिक्षेत् दमं दानं दयामिति"[१]

—बृ. उ. ५।२।३

सम्पूर्ण उपनिषद्को सार उक्त त्रि अमृतपदमैं सन्निहित रहेको छ। त्यस शिक्षाको प्रभाव पछि सम्म पनि कायमनैं रह्यो। महाभारत तथा बौद्ध धम्मपदमा पनि त्यसको प्रभाव स्थापित भएको कुरा स्पष्ट

---

१. वृहदारण्यकोपनिषद्मा वर्णित उक्त सुन्दर आख्यायिका निम्न रूपले प्रस्तुत गरिन्छ–

"प्रजापतिका तीनैं वंशज–देवता, मनुष्य र राक्षस एक पटक आफ्ना पिताका शिष्य थिए। शिक्षण समाप्तिको उपरान्त देवताहरुले भने, "श्रीमान् हाम्रो आत्माकोलागि हामिलाई केही असल कुरा भनि दिनुस।" प्रजापतिले भने, "दा" औ फेरि तिनीहरुसंग त्यसको अभिप्राय सोधे।

तिनीहरुले त्यसको अभिप्राय "दमन गर" भनेको हो भनी जवाब दिए। "ठीक, तिमीहरुले राम्ररी बुझ्यौ," प्रजापतिले भने।

तव मनुष्यहरुले देवताहरुले जस्तै सोद्धा प्रजापतिले त्यही "दा" शब्द भने औ तिनीहरुसंग त्यसको अभिप्राय सोधे। तिनीहरुले त्यसको अभिप्राय "दान देउ" भनेको हो भनी जबावदिए। "ठीक, तिमीहरुले राम्ररी बुझ्यौ," प्रजापतिले भने।

तब राक्षसहरुले सोधे औ प्रजापतिले "दा" शब्दभने औ तिनीहरुसंग त्यसको अभिप्राय सोधे। तिनीहरुले त्यसको अभिप्राय "दया गर" भनेको हो भनी जवाब दिए। प्रजापतिले भने "ठीक, तिमीहरुले राम्ररी बुझ्यौ।"

औ बिजुलीको कडकडाहट सधैं "दा दा दा" दोहराउँछ जसको अर्थ हो इच्छाहरुको दमन गर, दान देऊ तथा दयावान् बन। यसर्थ दमन, दान र दयाको शिक्षा सधैं दिइनु पर्दछ"

—वृहदारण्यकोपनिषद्

हेर्नोस्–ए. एल. वाशम लिखित "अद्भुत भारत", शिवलाल अग्रवाल एण्ड कम्पनी, आगरा–३, १९६७ ई., पृ. २६१; पंडित बलदेव उपाध्याय लिखित "भारतीय दर्शन" १९६० ई., पृ. ६०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अवलोकन हुन्छ ।[२] द्वितीय शताब्दी ई. पू. को वेसनगर स्तम्भलेखमा पनि त्रिअमृतपदको उल्लेख आएको छ ।[३] यसरी औपनिषदिक समय प्रजापति देव र दानव दुवैंका गुरु रहेका थिए भन्ने कुरा जानिन्छ। तर, पछि गएर देवताहरुमा सर्वोच्च स्थान शिवले प्राप्त गरेका थिए। उनी महादेव कहलाइए, मोक्षसुखका जनक एवं प्रदाता पनि । यसको अतिरिक्त शिव देव र दानव दुवैंका गुरुको रूपमा पनि पूजित हुन गयो। यसबारे पूर्व अभिलेखको वर्णन क्रममा वर्णन गरि सकेको छुँ । जसको कारण यहाँ फेरि त्यसबारे उल्लेख गरिरहनु अनावश्यक सम्झेको छुँ।

प्रस्तुत अभिलेखमा श्रीजिष्णुगुप्तलाई गुणद्वारा दुनियांलाई रक्षा गर्ने भनी वर्णन गरिएको छ । जसले उनी राजनीतिका षद्गुण[४]मा पूर्ण दखल राख्ने भै पहिले देखि कायम हुँदै आएको नेपालको स्वतन्त्रतालाई अक्षुण्ण राख्न सफल भएका थिए भन्ने कुरा जानिन्छ। राजनीतिका षद्गुणको परिपालन गर्ने राजा कहिल्यै पराजित नहुने कुरा निश्चय छ। "मुद्रा राक्षस"को अध्ययनमा यसको स्पष्ट झल्को मिल्दछ ।[५]

---

२. "दमस्त्यागोऽप्रमादश्च एतेष्वमृतमाहितम् ।"

—महाभारत ५,४३,२२

"अप्पमादो अमतपदं पमादो मच्चुनो पदं
अप्पमत्ता न मीयन्ति ये पमत्ता यथा मता ।।१।।"

—धम्मपद, ।।,।

३. त्रिनि अमुत-पदानि[इअ]सु-अनुठितानि
नेयंति[स्वर्ग]दम चाग अप्रमाद ।।"

—वेसनगर स्तम्भलेख (द्वितीय शताब्दी ई. पू.)

द्रष्टव्य–डि.सि सरकारद्वारा संपादित "सेलेक्ट इन्स्क्रिप्सन्स" १९६५ ई., पृ. ८९

४. १. सन्धि २. विग्रह ३. यान ४. आसन ५. संश्रय ६. द्वैध

"संधिं च विग्रहं चैव यानमासनमेव च । द्वैधीभावं संश्रयं च षद्गुणांश्चिन्तयेत्सदा ।।१६०।।"

—मनुस्मृति ७.१६०

५. "जगतः किं न विजितं मयेति प्रविचिन्त्यताम् ।
गुरौ षाड्गुण्यचिन्तायामार्ये चार्ये च जाग्रति ।।१३।।"

—मुद्राराक्षसनाटकम्, सप्तमोऽङ्कः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ११४

१. ... ... र्य्या श्रीकलहाभिमानिनृपतिभ्रातृस्नुषा
२. ... ... किरणाङ्कीर्तिं वितत्याभवन्मृत्योयौ वन एव कण्ठवि
३. ...भट्टा...। याम्रिङ्ग्रामे स्थितवति रिपून्मूलनादीक्षितेच्छे कोशम्फैन्य (?)
४. भास्वद्गुणगणवति क्ष्मापतौ जिष्णुगुप्ते ॥ आपिप्यायायिषुस्त्व-मूर्जितगुणप्रोन्मीलिता
५. ...तेनात्मजम् भक्त्या सम्यगचीकरद्बुधमनः स्वच्छाम्प्रणाली-मिमां लक्ष्मीं सज्जनसंश्रया
६. ...पञ्चासन्मानिकामितपिण्डकम् वैद्यमद्गुदिवासिभ्यो भक्त्या लुन्श्रीप्रदेशजम्
७. ... ...क कं ट कं रविः ॥ दुम्रङ्ग्रामनिवासिभ्यो गौष्ठिकेभ्योर्थ मानिकाः
८. ... ... – ... .. तैः शीर्णा वेदयितव्या च वैद्यमद्गुदिवासिभिः
९. ... ...दिवा अयने ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं– ११४
प्राप्तिस्थान– भ. पु. ई. वोडेस्थित नीलवाराहीको अभिलेख
मिति– ×
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत– (१) श्रीकलहाभिमानिनृपति
(२) याप्रिङग्रामे स्थितवति
रिपून्मूलनादीक्षितेच्छे कोश-
स्फैन्त (?) भास्वद्गुणगण-
वति क्ष्मापतौ जिष्णुगुप्ते
प्रशासनिक पद– ×
अड्डा– ×
शिलापत्र राख्नाको उद्देश्य– आफ्नो दिवंगत पतिको भलो होस् ।
शिलापत्र राख्नेको नाम– श्री कलहाभिमानी राजाकी भाइ बुहारी
महानात्माहरुको समेत देवताहरुको नाम– ×
विहार, मन्दिरको नाम– ×
धर्म, धार्मिक कार्य– सकाम कर्म
कुनमा प्रकाशित– "पूर्णिमा" १३ पूर्णाङ्क, प्रकाशकः संशोधन मण्डल
शिलापत्रको शीर्षचिह्न– ×
लिपि– ब्राह्मी
स्थान– (१) याप्रिङग्राम (२) लुन्श्री प्रदेश (३) दुप्रङग्राम (४) वैंद्यमद्गुवि
संक्षिप्त विवरण– ठूला ठूला गुणहरुले युक्त भएका श्रीजिष्णुगुप्तले राज्य गरिरहेको वेलामा श्री कलहाभिमानी राजाकी भाई बुहारीले आफ्ना पति (?) को भलो होस् भन्ने इच्छाले प्रेरित भै भक्तिपूर्वक धारो बनाउन लाउनुको अतिरिक्त उक्त धारा बिग्रे, भत्केमा प्रतिसंस्कारकोलागि खेत प्रदान गरेको कुरा प्रस्तुत अभिलेखमा वर्णित छ ।
कैफियत– प्रस्तुत अभिलेखमा श्रीजिष्णुगुप्तको नामको अगाडि तिनको प्रशस्ति स्वरूप क्ष्मापतौ शब्दको प्रयोग गरिएबाट त्यसबेलासम्म भट्टारक महाराज श्रीभीमार्जुनदेवलाई सिंहासनबाट हटाई आभीर श्री जिष्णुगुप्तले नेपालको लिच्छवि सिंहासनलाई हत्याएको कुरा सुस्पष्ट हुन्छ । त्यसै समय तिनले आफ्नो नाममा मुद्रा पनि छाप्न लगाएका थिए । श्रीजिष्णु अंकित उत्तरप्राचीनकालीन ताम्र मुद्राको प्राप्तिले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उक्त तथ्यको पुष्टि हुन्छ। तर भट्टारक महाराज श्रीभीमार्जुन देवलाई हटाई श्रीजिष्णुगुप्तले स्थापना गरेको आभीर शासन धेरै समय सम्मन् टिकाउ भएर रहन सकेन। किनभने तिनको मृत्युको लगत्तै पछि तिनका छोरा विष्णुगुप्त उत्तरप्राचीनकालीन लिच्छवि शासनको शक्तिशाली व्यक्तित्वको रूपमा आसीन भएको देखिए तापनि तिनी स्वयंनैं सिंहासनासीन भएको कुनैपनि पुरातात्विक सामग्रीबाट प्रामाण्य हुन सकेको छैन। यसको विपरित श्रीजिष्णुगुप्तले हटाएका लिच्छवि राजा श्रीभीमार्जुनदेवनैं पुनः नेपालको राज्यासनमा आसीन भएको अभिलेखहरुको आधारबाट देखिन आएको छ।

अर्को, यस अभिलेखमा धारालाई विद्वानको मन जस्तै सफा भनी वर्णन गरिएबाट सकल क्लेश– १) अविद्या २) अस्मिता ३) राग ४) द्वेष ५) अभिनिवेश[१]– माथि विजय प्राप्त गरी हृदयलाई स्वच्छ नबनाई कुनैपनि व्यक्ति विद्वान अर्थात् बुद्ध नहुने यथार्थतातिर स्पष्ट इङ्गित गरेको लाग्दछ। अश्वघोष विरचित "बुद्धचरितम्" ले पनि यसै तथ्यतिर लक्ष गरेको छ।[२] अनुमानित सातौं शताब्दी ई. को ल. पु. पुल्चोक रक्षेश्वरी विहारको अभिलेख पनि उक्त तथ्यको पुष्टिको लागि सहायक स्वरूप छ[३]। यसरी प्रस्तुत अभिलेखको आधारमा विद्वान यथार्थतः कसलाई भन्ने वारे थाहा लिन मद्दत मिल्दछ।

प्रस्तुत शिलालेखबाट कुनै प्रकारको कीर्ति राख्ने क्रममा त्यसको

---

१. "अविद्याऽस्मितारागद्वेषाऽभिनिवेशाः पंच क्लेशाः ॥"

–यो द. द्वितीय पाद ३

"क्लेशकर्मविपाकाशयैरपरामृष्टः पुरुषविशेष ईश्वरः ।"

–पातञ्जलयोग

२. "जो जानना चाहिए उसे मैंने जाना है, जो कि दूसरे नहीं जान सकते। शत्रुकी तरह क्लेशोंको जीतलिया है। अतएव लोग मुझे बुद्ध कहते हैं ॥६॥"

–अश्वघोश विरचित "बुद्धचरितम्"को हिन्दी अनुवाद, पञ्चदशःसर्गः

३. "ॐस्वज्ञान किरणास्त सकल क्लेश संहतिम् बुद्धः स्यामिति वन्देहमिम-भक्त्या..."

–ल.पु रक्षेश्वरी महाविहारस्थित मण्डलाभिलेख, अनुमानित सातौं शताब्दी ई.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चिरस्थायित्वको लागि खेत वा अरु कुनै अक्षय निधि प्रदान गरी गोष्ठी निर्मित गर्ने चलन त्यस समय चलेको सिद्ध हुन्छ। त्यो खेत वा अक्षय निधिबाट आमदानी गर्नेहरुले त्यस कीर्तिको हेरचाह गर्नु पर्दथ्यो। यस प्रकारसंग खेत प्रदान गर्ने गोष्ठी निर्मित गर्ने चलनको प्रारूप संवत् ४५५ को पशुपति क्षेत्रस्थित भस्मेश्वरको अभिलेखदेखि नैं हुन लागेको स्पष्ट छ। जेहोस्, नेपालको सर्वप्राचीन स्वयंभूको शिलालेखमा विहारको लागि अक्षय खेत प्रदान गरेको उल्लेख आएबाट राजा शंकरदेवको समयमैं कुनै एक कीर्तिकोलागि भूमि या अक्षय निधि प्रदान गर्ने चलनको ठालनी भै सकेको विदित हुन्छ। यसै परम्पराको द्योतकस्वरूप नेवारहरुमा अद्यापि कुनै एक कीर्तिको लागि प्रदत्त खेतको उठ्तीबाट चलाइने गुठीहरुको प्राचुर्यलाई लिन सकिन्छ।

अंशुवर्माका भाईहरु पनि भएको तथ्य श्रीकलहाभिमानी राजाकी भाई बुहारी भनी यस अभिलेखमा वर्णन आएबाट ज्ञात हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ११५

१. (ॐ स्वस्ति) कैलासकूटभ (वनाद् ...)...
२. ... ...वय... ... ...
(३ पंङ्क्ति देखि ८ पंङ्क्तिसम्म पढ्न नसकिने)
९. ...मा...कारेण ... ...
१०. ... व केवलमि ...भिः... हित ...
११. --ण व्यवस्थेयमुपदा-- त--पत्यावुपरते नष्टे प्रव्रजितेपि वा पतितेपि--
१२. दृष्टे-योषितामपरः पति इत्येव... मादिभिः कारणैरपरैरपि का-
१३. रणान्तरैर्विवाहात्पतनकालं सङ्ग्रहणेनापरं पतिमुपयाता नि-
१४. रपत्या योषितो ज्ञातिभिः व...या ...यदि परिभ्रश्यान्यत्पत्यन्तर-
१५. मुपाददत एवं द्वितीयं सङ्ग्रह (मुप) याता नि (ःपु)त्रवत्यो भविष्यन्ति तासु मा-
१६. प्चोकाधिकारोयं यथाव्यवस्थम्प्रवर्तयितव्यस्तास्वप्यतीतासुयती-सारूप्य-
१७. कन्तन्नाम्ना परिभाषितश्च धनं तम्माप्चोकवृत्तिभुजा ग्राह्यं ततोपि पुरुषप-
१८. रितोषमभावयित्वा बहुशोपि व्यपेतलज्जाः प्रखलस्वभावाश्चारित्र धर्मापं (ग)
१९. ता युवत्यः सन्तोषहीनाः प्रथमे विरक्ता रागानुषक्ताः पुरुषं भजन्ते
२०. ता अपि यदि पुत्रवत्यो भविष्यन्ति नैव माप्चोकाधिकारभागधेया
२१. यस्त्वेतामतीतानेकनरपतिकृतव्यवस्थानुगामिनीमस्मद्व्यवस्थाम-
२२. न्यथा कुर्यात्तं वयमत्यर्थं न मर्षयिष्यामो भाविभिरपि भूपतिभिरिदमस्म-
२३. त्कृतं देशपीडापरिहारनिष्ठं शासनमात्मीयमिव पूर्वराजगुरुतया

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२४. सम्यगनुपालनीयमिति समाज्ञापना संवत् ५७ फाल्गुनशुक्ल-
२५. सप्तम्यां दूतकश्चात्र श्रीयुवराजश्रीधरगुप्तः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.--११५

प्राप्तिस्थान–मालिगाउँस्थित अभिलेख

मिति–संवत् ५७ फाल्गुनशुक्लसप्तम्यां

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) (ॐ स्वस्ति) कैलासकूट भ (वनाद्…) .. (२) दूतकश्चात्र श्रीयुवराजश्रीधरगुप्तः

प्रशासनिक पद–दूतक

अड्डा-माप्चोक

शिलापत्र राख्नाको उद्देश्य–राजाज्ञा जारी गरेको

शिलापत्र राख्नेको नाम–×

महानात्माहरुको समेत देवताहरुको नाम–×

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–×

कुनमा प्रकाशित–आर. नोलीद्वारा LVII संख्या; "पूर्णिमा" १६ पूर्णाङ्क, प्रकाशक: संशोधन मण्डल

शिलापत्रको शीर्षचिह्न–शिरोभागमा एउटा चक्र र दुइटा शंखको आकृति अङ्कित छ।

लिपि–ब्राह्मी

स्थान–×

संक्षिप्त विवरण–"लोग्ने मरेमा, हराएमा, सन्न्यासी भएमा, पतीत भएमा (स्त्रीहरुलाई दोस्रो विवाहको आज्ञा सन्तानोत्पत्तिको निमित्त दिइएको छ।) यदि तिनीहरु दोश्रो विवाह गरेर पनि निःसन्तान हुन्छन् भने तिनीहरुमाथि माप्चोक अड्डाले कानून लाउनु औ यदि तिनीहरुको सन्तान भएमा कारवाई गर्नु पर्दैन।" यिनैं कुराहरु मुख्यतया प्रस्तुत शिलालेखमा वर्णित छन्।

कैफियत–पुर्नविवाह (विधवा विवाह समेत) वैदिक समयमैं प्रचलित रहेको कुरा अथर्ववेदबाट स्पष्ट रूपले जानिन्छ।

"कुनै स्त्रीको विवाह ब्राह्मण बाहेक अन्य वर्णका दस पुरुष सित भैं सकेको छ तापनि यदि त्यसको अनन्तर तिनको विवाह कुनै एक ब्राह्मणसंग हुन्छन् भने त्यहीनैं खालि तिनका पति मानिन्छ।"

–अथर्ववेद ५,१७,८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथर्ववेदका उपरोक्त पंक्तिको अतिरिक्त कौटिल्य अर्थशास्त्र, वात्स्यायन कृत कामसूत्र, अमरसिंह विरचित अमरकोश, तथा नारद स्मृतिको अध्ययनमा तलाक, पुनर्विवाह एवं विधवा विवाहलाई पहिले देखिनैं धार्मिक मान्यता मिलेको कुरा प्रकटित हुन्छ । चन्द्रगुप्त द्वितीयको विवाहनैं तिनको विधवी भाउज्यू ध्रुवदेवीसित भएको कुरा विशाखदत्त रचित देवीचन्द्रगुप्तम् नाटकबाट जानिएर त्यस समय विधवा विवाहको रिवाज रहेको कुरा निर्णित हुन्छ । यसै तथ्यको सन्दर्भमा प्रस्तुत अभिलेखका लोग्ने हराएमा, मरेमा, संन्यासी भएमा वा पतीत भएमा भनी वर्णित पंक्तिलाई लिन सकिन्छ । धर्मशास्त्र अनुसार त्यस्तो अवस्थामा सन्तानोत्पत्तिको निमित्त स्त्रीले दोश्रो विवाह गर्न सक्ने हुँदा यहाँ पनि तिनीहरुलाई सोही अधिकार प्रदान गरिएका कुरा तिर इङ्गित हुन्छ । कुनै कारणवश दोस्रो विवाह गरेर स्त्रीहरु नि:सन्ताननैं रहे भने तिनीहरु माथि माप्चोक अड्डाले कानून लाउनु औ दोस्रो–दोस्रो लोग्ने लिएर सन्तान भएमा माप्चोक अड्डाले कारवाई गर्नु पर्दैन भन्ने उल्लेखले सन्तान प्राप्ति एक धार्मिक अत्यावश्यकता हुँदा आफ्नो पूर्व लोग्नेबाट सन्तान नहुने सिद्ध भए पछि मात्र सन्तान प्राप्तिको लागि स्त्रीहरुलाई त्यस समय पुनर्विवाहको लागि आज्ञा दिइएको हुनु धेरै सम्भव छ । यसरी त्यस समय समाजमा स्त्रीहरुको पुनर्विवाहको चलन चलेर पनि त्यसले त्यत्ति साह्रो लोक मान्यता प्राप्त नगरेको स्पष्ट हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ११६

१. ॐ अनन्तनागाधिपभोगभासुरे जलाशये शान्ततमम्मनोहरम्
२ मुरारिरूपं यदशेत देहिनां शिवाय तद्वो विदधातु मङ्गलम्
३. स्वस्ति मानगृह्ात्सकलजननिरुपद्रवोपायसम्विधानैक-
४. चित्तसन्तानो लिच्छविकुलकेतुर्भट्टारकमहाराजश्रीभीमार्जु न-
५. देवस्तत्सहितः श्रीमत्कैलासकूटभवनादपरिमिताभिमत-
६. नृपतिगुणकलापाविष्कृतमूर्तिरनवगीतावदातज्ञानमयू-
७. खापसारितसकलरिपुतिमिरसञ्चयो भगवत्पशुपतिभट्टार-
८. कपादानुगृहीतो बप्पपादानुध्यातः श्रीविष्णुगुप्तः कुशली भवि-
९. ष्यतो नेपालभूभुजो यथार्हम्प्रतिमान्यानुदर्शयति विदितम-
१०. स्तु भवतां सकलजगदवसानोदयैककारणस्योदारतरम-
११ हिमावाप्तिनिधानभूतस्य भगवतो विष्णोर्जलशयनरूपनि-
१२. ष्पादनयोग्यवृहच्छिलाकर्षणव्यापारपरितुष्टैरस्माभिर्दक्षिणको-
१३ लीग्रामस्य पूर्वमेव द्रङ्गचतुर्भागत्वेन प्रविभक्तस्यैतत्सीमनिवा-
१४ सिनाम्पदककेयूरनूपुरान् वर्जयित्वान्यैः प्रसादाभरणपरिभो-
१५ गैः प्रसादः कृतो येषाञ्चैतत्स्थाननिवासिनाम्प्रसादाभरणानि पूर्व-
१६. प्रभृत्येव विद्यमानानि तेषामयमधिकोस्मत्प्रसादो ये वा पुनरे-
१७. तद्द्रङ्गचतुर्भागसीमाभ्यन्तरवर्तिनश्चौरपरदारहत्याराजद्रोहका-
१८. पराधमवाप्नुयुस्तेषामेवामुनापराधेन दोषवतां यदात्मी-
१९. यमेव गृहक्षेत्रगोधनादिद्रव्यन्तदेव राजकुलामाव्यमेतद्दो-
२०. षाभिशस्तानां ये दायादास्तेभ्यो ...(ना) न्यायेनाल्पमपि क्र-
२१. ष्टव्यमित्येष च भवता ... ... मस्मत्कृतप्रसादोपकारा-
२२. र्थो भविष्यद्भिरपि भूप (तिभि) .. ...स्वकृतनिर्विशिष्टमिव-
२३. मन्यमानैस्तथैवानुपालनीयः र... तास्तैरपि नैषा-
२४. सल्पापि बा(धा) विधेया यदि पुनरेतदाज्ञातिक्रमणेनान्यथा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रवर्त्ति-

२५. ष्यन्ते नि (तरामे) व ते न मर्षयितव्या इति प्रतिमानना संवत् ६४

२६. फाल्गुनशुक्लद्वितीयायाम् दूतकश्चात्र श्रीयुवराजश्रीधरगुप्तः ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ११६
प्राप्तिस्थान–लगनटोलस्थित यङ्गालहिटीको अभिलेख
मिति–संवत् ६४ फाल्गुनशुक्लद्वितीयायाम्
राजा,दूतक वा कुनैको नाम प्रशस्ति समेत– (१) स्वस्ति मानगृहात्सकलजननि-
रुपद्रवोपायसम्विधानैकचित्तस-
न्तानो लिच्छविकुलकेतुर्भट्टार-
कमहराज श्रीभीमार्जुनदेव
(२) श्रीमत्कैलासकूटभवनादपरिमि-
ताभिमतनृपतिगुणकलापावि--
ष्कृतमूर्तिरनवगीतावदातज्ञानम-
यूखापसारितसकलरिपुतिमिर–
सञ्चयो भगवत्पशुतिभट्टारक
पादानुगृहीतोबप्पपादानुध्यातः
श्रीविष्णुगुप्तः (३) दूतकश्चात्र
श्रीयुवराजश्रीधरगुप्तः
प्रशासनिक पद–दूतक
मुद्रा–×
शिलापत्र राख्नाको उद्देश्य–स्थिति वन्धेजको उल्लेख गरी राजाज्ञा जारी गरेको
शिलापत्र राख्नेको नाम– (१) भट्टारकमहाराज श्रीभीमार्जुनदेव (२)
श्रीविष्णुगुप्तः
महानातमाहरुको समेत देवताहरुको नाम–(१) मुरारि (२) भगवतो विष्णोर्जल-
शयन (३) भगवत्पशुपति ।
विहार, मन्दिरको नाम–×
धर्म, धार्मिक कार्य–×
कुनमा प्रकाशित–आर. नोलीद्वारा LXI संख्या; "पूर्णिमा" १६ पूर्णाङ्क,
प्रकाशकः संशोधन मण्डल
शिलापत्रको शीर्षचिह्न–शिरोभागमा एउटा चक्र तथा दुइटा शंखको आकृति
अंकित भएकोछ ।
लिपि–ब्राह्मी
स्थान–(१) नेपाल (२) दक्षिणकोलीग्राम
संक्षिप्त विवरण– जलशायी विष्णुको मूर्ति बनाउन लायकको ढुङ्गा ल्याई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विएकोमा खुशीमै स्थानीय वासिन्दाहरुलाई विभिन्न प्रकारका निगाह गरेको कुरा प्रस्तुत राजाज्ञामा वर्णित छ।

कैफियत– विष्णुको जलशयन मूर्तिको कल्पना पौराणिक समय देखि भैसकेको देखिन्छ। आषाढ शुक्ल एकादशीदेखि कार्तिक शुक्ल एकादशी सम्म विष्णु क्षीर सागरमा शेषनागको शैय्यामा शयन गर्ने आख्यायिकामा विष्णुको उक्त रूपको स्पष्ट झल्को भेट्टिन्छ। स्कन्दपुराणका "शेते विष्णु सदाषाढे कार्तिके प्रतिबोध्यते" पंक्ति यसको लागि उदाहरण स्वरुप लिन सकिन्छ। विष्णुको उक्त शायनावधि चार महिनाको हुने हुंदा चातुर्मास्यको संज्ञा दिइएको हो। यस अवधिमा चातुर्मास्य व्रत लिइन्छ।

"आषाढ-शुक्ल-द्वादश्यां पौर्णमास्यामथापि वा।
चातुर्मास्यव्रतारम्भं कुर्य्यात् कर्कंत-संक्रमे ॥
अभावे तु तुलार्केपि मन्त्रेण नियमं व्रती।
कार्तिके शुक्ल द्वादश्यां विधिवत् तत् समापयेत् ॥"
–वराहपुराण

यो चतुर्मासको अवधि बौद्धमार्गीहरुले वर्षावासको रूपमा मान्छन्। अनि यस चतुर्मासलाई विभिन्न ऋतुहरुमध्ये एक ऋतुको रूपमा मानेर वर्ष भरिमा जम्मा ऋतु संख्या तीन मान्ने चलन पनि प्राचीन कालदेखि चल्दै आएको देखिन्छ। सम्राट् अशोकद्वारा प्रतिष्ठापित रामपुरवा पाँचौं स्तम्भलेखका "तीसु चातुं मा [सी]सु तिस्यं पुंनमासियं तिंनीं दिवसानि चावुदसं पंनडसं पटिपदं धुवाये च अनु–पोसथं मछे अवध्ये नो पि विकेतविये (।)" पंक्तिले वर्षभरिमा जम्मा तीन चतुर्मास हुने तिर इङ्गित गरेको छ। जसले एक वर्ष भरीमा जम्मा तीन ऋतु मान्ने परम्पराको ऐतिहासिकता जानिन्छ। यसरी पौराणिक काल-देखि विष्णुको जलशयन रूपको कल्पना भएर त्यसको प्रभाव स्वरूप पनि चार मासको एक ऋतुको हिसावले जम्मा तीन ऋतुको एक वर्ष मानिने परम्परा चलन लागेको स्पष्ट छ।

विष्णुको जलशायी मूर्तिको निर्माण चारौं, पाँचौं शताब्दी ई. देखिनै हुन लागेको थियो। भारतको देवगढमा गुप्तकालीन शेषशायी विष्णुको जलशयन मूर्ति पाइएको छ जसले उपरोक्त तथ्यको पुष्टि हुन्छ। मालव वर्ष ४८० (=४२३ ई.) को गङ्गधार शिलालेखका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पंक्तिले विष्णुको जलशायी रूपतिर इङ्गित गरेकोछ।

"निद्रा व्यपाय समये मधुसूदनस्य
काले प्रबुद्धकुमुदागर–शुद्ध–तारे ।।१५"

अनुमानित पाँचौं शताब्दी ई. को काम्वोजको एक अभिलेखमा पनि शेषशायी जलशयन विष्णुको वर्णन गरिएको छ।

"युञ्जन्योगमतर्कितङ्कमपि य(:) क्षीरोद शँ(श)य्या गृहे
शेते शेष भुजङ्ग भोग रचना पर्य्यङ्क पृष्ठाश्रितः (।)"

–काम्बुजको शिलालेख, पाँचौं शताब्दी ई.

तर उत्तरप्राचीनकालीन नेपालको अभिलेख एवं मूर्ति अध्ययनको आधारमा छैठौं शताब्दी ई. देखि मात्र नेपालमा जलशयन विष्णुको प्रचार भएको कुरा जानिन्छ। संवत् ३२ को हाडिगाउँको अभिलेखमा भुम्भुक्किका जलशयन नामले विष्णुको जलशयन मूर्तिको सर्वप्रथम उल्लेख आएको छ।

यद्यपि संवत् ५७ को थानकोटको अभिलेखमा मङ्गलाचरणको रूपमा विष्णुको जलशयन (?) मूर्तिको स्तुति गरिएको देखिएतापनि त्यसमा जलशयन रूपको स्पष्टत: चित्रण पाईंदैन। उत्तरप्राचीनकालीन नेपालका अभिलेखहरुमा सर्वप्रथम प्रस्तुत अभिलेखमैं विष्णुको जलशयन रूपलाई मङ्गलाचरणमा स्पष्टरूपले अभिव्यक्त गरिएको छ। यसमा जीवहरुको कल्याणको लागि क्षीर सागरमा अनन्तनागमा सुत्ने शान्त र मनोहर मुरारि रूप विष्णुबाट सवंको कल्याण कामना गरिएको छ। अर्को, यस अभिलेखमा जलशयन बिष्णुको मूर्ति निर्माण गर्न लायकको ढुङ्गा ल्याई दिए वापत स्थानीय जनताहरुलाई निगाह गरिएको कुरा वर्णित छन् जसले भट्टारकमहाराज श्रीभीमार्जुनदेवको समय यहाँ भव्य, विशाल विष्णुको जलशयन मूर्ति निर्माण भएको थियो भन्ने कुरा जानिन्छ। तर, त्यो मूर्ति कुन हो अहिले निश्चित हुन सकेको छैन। अहिले यहाँ प्राप्त उत्तरप्राचीनकालीन भव्य, विशाल जलशयन मूर्ति शिवपुरिस्थित शेषशायी जलशयन बुढानीलकण्ठको मूर्ति रहेको छ। तर, त्यो मूर्ति मूर्तिकलाको दृष्टिले छैठौं शताब्दी ई.को प्रारम्भमैं निर्माण भै सकेको देखिन्छ। संवत् ३२ को माथि वर्णित हाडिगाउँको अभिलेखमैं भुम्भुक्किका जलशयन नामले विष्णुको जलशयन मूर्तिको उल्लेख भैसकेकोले पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपरोक्त बुढानीलकण्ठको मूर्ति छैठौं शताब्दी ई. को प्रारम्भमैं निर्माण भैसकेको प्रामाण्य देखिएर प्रस्तुत अभिलेखमा वर्णित जलशयन विष्णु मूर्ति त्यो होइन भन्ने कुरा निर्णित भए जस्तो लाग्दछ ।

प्रस्तुत शिलालेखबाट उत्तरप्राचीनकालमा विशेषतः गहना लाउने अधिकार दुनियांहरुलाई नभएको स्पष्ट हुन्छ । राजाहरुको निगाहमा मात्र सो अधिकार तिनीहरुलाई प्राप्त हुन्थ्यो भन्ने कुरा यस अभिलेखले हामीलाई राम्रो थाहा दिन्छ ।

यसले उत्तरप्राचीनकालीन दण्डव्यवस्थाका विषयमा थोर वहुत जानकारी दिएर ज्यान मार्ने, राजद्रोहगर्नेहरु तकको पनि घर, खेत, गोधन मात्र जफत गर्ने भन्ने उल्लेख गरी त्यस समयको शासनमा ज्यान सजायँ नभएको तिर स्पष्ट रूपले औंल्याएको छ ।

अपराधीहरुको साथै तिनका दाज्यूभाईहरुलाई पनि दण्डगर्ने चलन त्यस समय यहाँ प्रचारित रहेको प्रस्तुत शिलालेखमा दक्षिण-कोलीग्रामका वासिन्दाहरुलाई निगाह स्वरूप उक्त प्रकारका अंशियार-हरुलाई दण्ड गर्ने प्रथा खारेज गरेको वर्णनले पुष्टयाईं गर्दछ ।

गोधन त्यस समयका मानिसहरुको एक मुख्य सम्पत्ति मानिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ११७

१. ॐ सम्यक्प्रभावगुणविस्तरमन्त्रभाजां न ज्ञेयतामुपगतो नृसुरासुराणाम्
२. तोयाशये भुजगभोगवरप्रसुप्तो विष्णुः स वो दिशतु दिव्यसुखानि नित्यम् ।
३. स्वस्ति मानगृहादमलिनकुशलविपाकोपनतसम्पल्लिच्छविकुलकेतुर्भट्टार-
४. कमहाराजश्रीभीमार्जुनदेवस्तत्सहितः कैलासकूटभवनादतिमात्रवस्तुपरि
५. प्रापणोत्सवोपगतहर्षाभिनमस्यमानचरणयुगलो भगवत्पशुपतिभट्टा-
६. रकपादानुगृहीतो बप्पपादानुध्यातः श्रीविष्णुगुप्तः कुशली भविष्यतो नेपाल :
७. (भूभु) जो यथार्हं प्रतिमान्यानुदर्शयत्यस्तु वः समधिगतमसुरासुरकसंस्कृतात्य
८. ... ... गुणसमधिरूढप्रसादवेगैरस्माभिराश्चर्यभूत
९. ... ... (रू) पनिष्पादनयोग्यशिलाकर्षणम्प्रतिनियुक्तैर्भृङ्गारग्रामपाञ्चा-
१०. (लिकै) ... ... परया तुष्टया कशष्ठीविष्टिभारानयनप्रति-रा
११. ... ... मप्रवेशेन प्रसादः कृतो माप्चोकवस्तुना य
१२. ... – त ... . द्यस्ततोपि-पाञ्चा ... प्रवि ... ... या-गृ- ...
१३. हीतव्य-न्य .. विचारणीयम्मत्वाधिकरण ... ... णान्त ... क्ता
१४. –मन्तरेण सर्वकार्याणामेवास्मरणमित्ये ... प्रसादो दत्तश्चौरपरदारह-;
१५. त्याराजद्रोहकापराधांश्च प्राप्नुवतो य दचिन्त्यङ्कर ... लीप्रतिबद्धगृहक्षेत्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१६. गवादिना स्वद्रव्येणैव-जयितव्यस्तद्दायादेभ्यो नात्रापहारः कर्तव्य इत्ययं
१७. वः प्रसादो दत्त एवंवेदिभिरेतेष्वधिकारेष्वधिकृतैर्नैषामल्पापि बाधा विधेया
१८. ये पुनरेतदाज्ञासमतिक्रमेण प्रवर्तिष्यन्ते तान्वयन्न मर्षयिष्यामो येपि मदू-
१९. र्ध्वम्भूभुजो भविष्यन्ति तैरप्येते धर्माधिकारोपयोगपरितोषकृताः प्रसादविशे-
२०. षाः स्वकृता इव मन्यमानैरस्माभिर्यथानुपाल्यन्ते तथैवानु-पालनीया इति प्रति-
२१. मानना संवत् ६५ फाल्गुनशुक्लद्वितीयायाम् दूतकश्चात्र श्रीयुवराज श्रीधरगुप्तः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.– ११७

प्राप्तिस्थान–सुनागुठी भृङ्गारेश्वरको अभिलेख

मिति–संवत् ६५ फाल्गुनशुक्लद्वितीयायाम्

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) स्वस्ति मानगृहादमलिनकुशल-विपाकोपनतसम्पल्लिच्छविकुलकेतु-भट्टारकमहाराजश्रीभीमार्जुनदेव (२) कैलासकूटभवनादतिमात्र-वस्तुपरिप्रापणोत्सवोपगतहर्षाभिन-मस्यमानचरणयुगलो भगवत्पशुपति भट्टारकपादानुगृहीतो बप्पपादानु-ध्यातः श्रीविष्णुगुप्तः (३) दूतक-श्चात्र श्रीयुवराजश्रीधरगुप्तः

प्रशासनिक पद–दूतक

अड्डा–माप्चोक

शिलापत्र राख्नाको उद्देश्य–राजाज्ञा जारी गरेको

शिलापत्र राख्नेको नाम–(१) भट्टारकमहाराज श्रीभीमार्जुनदेव (२) श्रीविष्णु-गुप्तः

महानाम्माहरुको समेत देवताहरुको नाम–(१) भगवत्पशुपति (२) भुजगभोग-वरप्रसुप्तो विष्णुः

विहार, मन्दिरको नाम– ×

धर्म, धार्मिक कार्य– ×

कुनमा प्रकाशित–आर. नोलीद्वारा LXII संख्या; "पूर्णिमा" १६ पूर्णाङ्क, प्रकाशकः संशोधन मण्डल

शिलापत्रको शीर्षचिह्न– ×

लिपि–ब्राह्मी

स्थान–(१) नेपाल (२) भृङ्गारग्राम पाञ्चालिक

संक्षिप्त विवरण–भट्टारकमहाराजश्रीभीमार्जुनदेवसहित श्रीविष्णुगुप्तले भृङ्गार-ग्रामका पाञ्चालिकहरुलाई विभिन्न प्रकारका निगाह गरेको कुरा प्रस्तुत राजाज्ञामा वर्णित छ ।

कैफियत– त्रिगुण (सत्त्व, रज, तम) को एकीकृत स्वरूप त्रिमूर्ति (ब्रह्मा, विष्णु, महेश) मा जहाँ शिव देव, दानवको बीच कुनै भेदभाव विना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समान रूपले कल्याणकारी हुनुको अतिरिक्त ब्रह्माण्डलाई प्रलयंकारी बिभीषिकाबाट रक्षा गर्न समुद्र मन्थनबाट निस्केका कालकूट बिषको पान गर्न समेत तत्पर रहेका थिए त विष्णु कूटनीति अर्थात् मन्त्रशक्तिमा वेजोड थिए। भस्मासुरले कुनै पनि कुरोलाई छुँदा त्यो भस्म भएर जाने वरदान महादेवले तिनलाई दिएका थिए। तर, जसै त्यसको परिक्षाको लागि भस्मासुरले महादेवलाई छुने प्रयास गर्दछ त महादेव त्यसबाट हुने परिणामलाई बिचारी भाग्न लाग्छन्। यसरी भस्मासुरद्वारा लखेटिएको शिवले विष्णुकै कूटनीतिको फलस्वरूप मात्र पाएका थिए। बलिको पाताल प्रवेश बिष्णुको कूटनीतिको परिणाम थियो। विष्णुको त्रिविक्रम मूर्तिलाई यसै सन्दर्भमा लिन सकिन्छ। अहिले सम्मन् प्राप्त त्रिविक्रम विष्णु मूर्तिहरुमध्ये सर्वप्राचीन मूर्ति संवत् ३८९ का लाजिम्पाट तथा पशुपतिक्षेत्रमा प्रतिष्ठापित गरिएका छन्। पाण्डव र कुरुको बीच भएको प्रख्यात महाभारत युद्धमा वासुदेव कृष्णले लिएको भूमिकामा तिनको मन्त्रशक्तिको स्पष्ट निदर्शन हुन्छ। यसको अतिरिक्त विष्णु (वासुदेव कृष्ण)को विश्वरूपमा विष्णुको महत्ताको यथार्थ ज्ञान देव, दानव या मनुष्य कसैबाट पनि हुन नसकेको कुरा सिद्ध छ। अनुमानित छैठौं, सातौं शताब्दी ई. को एक सुन्दर विश्वरूपको मूर्ति शाँखु चाङ्गुमा पाइएको छ। यी आधारहरुको परिप्रेक्षमा प्रस्तुत अभिलेखको आरम्भमा जलशायी विष्णुको स्तुती उत्कीर्ण गरिएकोलाई लिन सकिन्छ। यसमा विष्णुलाई महान् गुण प्रभाव मन्त्रशक्ति युक्त भनी वर्णन गर्नुको साथै विष्णुको बारे यथार्थ ज्ञान मनुष्य, देव, दानव, कसैमा पनि छैन भनी वर्णन गरिएको छ जुन विष्णुको महत्ताको एक संक्षिप्त, तर सुन्दरतम चित्रण स्वरूप छ। अर्को, यो स्तुती विष्णुको जलशायी रूपको छ। जलशायी विष्णुको बारे उल्लेख यसभन्दा अघिका अभिलेखको वर्णन क्रममा गै सकेको हुंदा यहाँ फेरि त्यसबारे धेरै गन्थन गरिरहनु अनावश्यक लाग्दछ। तर, यहाँ यत्ति सम्मन् उल्लेख गर्दा कुनै अत्युक्ति हुंदैन कि यद्यपि विष्णुका जलशायी रूपको अहिलेसम्मन् प्राप्त मूर्तिहरुमध्ये सर्वप्राचीन मानिएको मूर्ति शिवपुरिस्थित बुढानीलकण्ठको भव्य विशाल मूर्ति रहेको छ तापनि माथि वर्णित शांखु चांगुस्थित विष्णु विश्वरूप

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मूर्तिमा पनि शेषशायी विष्णुको आकृति अंकित गरिएको छ। विष्णुको एक नाम नारायण पनि हो जसले विष्णु पानीमा वस्ने भैं यो विश्वकै आधारस्वरूप मानिएको कुरा स्पष्टतः जानिन्छ। विष्णुको महानताको साङ्गोपाङ्ग वर्णन सहितको निम्न विष्णु स्तुतीमा पनि विष्णुको शेषशायी स्वरूपको स्पष्ट चित्रण हुन्छ।

"शान्ताकारं भुजगशयनं पद्मनाभं सुरेशम्
विश्वाधारं गगनसदृशं मेघवर्णं शुभाङ्गम्
लक्ष्मीकान्तं कमलनयनं योगीनांध्यानगम्यम्
वन्दे विष्णुं भवभयहरं सर्वलोकैकनाथम्"

यी आधारहरुबाट उत्तरप्राचीनकालीन नेपालमा विष्णुको जलशायी रूपको व्यापक प्रचार रहेको कुरा निर्णित हुन्छ। विष्णुको यस रूपको नेपालमा पछि सम्म पनि ज्यादै प्रचार रहेको तथ्य अनुमानित चौधौं शताब्दी ई. को एक भव्य जलशायी विष्णुको मूर्ति वालाजु उपवनमा प्रतिष्ठापित गरिएको पाइएबाट जानिन्छ। जलशायी विष्णुको एक मूर्ति पूर्व १ नं. पलाञ्चोक भगवतीको फेदीमा पनि प्रतिष्ठापित गरिएको छ।

प्रस्तुत अभिलेखमा स्थानीय वासिन्दाहरुलाई निगाह गर्ने क्रममा एक प्रकारको क्यारा रकम माफी गरिएको कुराको उल्लेखले सातौं शताब्दी ई. देखिनै नेपालमा क्यारा प्रथाको शुरूआत भैसकेको कुराको पत्तो हुन्छ।

प्रस्तुत शिलालेखबाट पनि यङ्गालहिटीको शिलालेखमा वर्णित न्याय तथा दण्ड व्यवस्थाका विषयमा थाहा पाउन सकिन्छ। भृङ्गार-ग्राम पाञ्चालीमा वस्ने मानिसहरुले कुनै अपराध गरेमा खास अपराधीको अतिरिक्त तिनका अरु अंशियारहरुबाट केही नहर्नु भन्ने उल्लेखले त्यस समय लिच्छवि दण्ड व्यवस्थामा अपराधीको साथै तिनका अंशियारहरुलाई पनि दण्ड गर्ने चलन चलेको स्पष्ट रूपले थाहा पाउन सकिन्छ। यस तथ्यलाई पशुपति वज्रधरको 'संवत् १०३ ज्येष्ठ शुक्ल दिवा त्रयोदश्याम्"को शिलालेखमा ज्यान मार्ने, अर्काको स्वास्नी हर्ने आदि अनुचित कार्यहरु गर्ने अपराधीको शरीर राजदरवार लाग्ने औ तिनका चल अचल सम्पत्तिको अतिरिक्त परिवार पनि श्रीशिवदेव विहारको आर्य भिक्षु संघले पाउने कुराले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुऱ्याइँ गरेको छ। राजतन्त्रात्मक परिपाटीमा यस्तो किसिमको दण्ड व्यवस्था स्थापित हुनु स्वाभाविक नै रहेको तथ्य नेपालको इतिहासको राम्रो अवलोकन गरेमा स्पष्टतया थाहा पाउन सकिन्छ।

अपराधीको घर, खेत, गोधन, शरीर आदि राजदरबार लाने भन्ने उल्लेखले त्यस समय राज्यशासनको मुख्य केन्द्र बिन्दु राजदरबार एवं राजा रहेर उत्तरप्राचीनकालीन नेपालमा पूर्ण राजतन्त्र व्यवस्था कायम भएको प्रमाणित हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ११८

१. ॐ निर्भेदं यद्विकारैः समनुगतमिवोपाधिभेदोपचारा-
१अ. दज्ञानभ्रान्तिभाजामविषयमबहिः साधनाधीनतृप्ति
२. भक्तिश्रद्धाप्रसादस्थिरकरणमनोभावनाभ्यासगम्य-
२अ. म्पायात्तद्भूतभर्तुः सकलगुणगणातीततत्त्वम्पदं वः ॥
३. याङ्कीर्तेः केतुभूतां सरितमिह पुरानीतवान्भोगवर्मा
३अ. द्वारे दोलासुरेन्द्र क्षितिधरशिखराध्यासिनः शार्ङ्गपाणेः
४. ... ... जीर्णां ... ... ष्वध्वनो विप्रकर्षा-
४अ. त्संस्काराधानवित्तव्ययविधुरतया छिन्नवारिप्रवाहाम् ॥
५. भूयः शैलेन्द्रकुक्षेरमृतरसपयोवाहिनीमापशान्ता-
५अ. माकृष्यातिप्रयत्नात्सकलजनहिताधाननिम्नात्तरात्मा
६. राज्ञे श्रीजिष्णुगुप्तक्षितिललशशिने कल्पयामास पित्रे
६अ. ...प्रणालीद्वितय ... ... विष्णुगुप्तः ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–११८
प्राप्तिस्थान–चाङ्गुनारायणको अभिलेख
मिति–×
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) भोगवर्मा (२) राज्ञेश्रीजिष्णुगुप्तः (३) विष्णुगुप्तः
प्रशासनिक पद–×
धर्म, धार्मिक कार्य–वैष्णव धर्म, सकाम कर्म
शिलापत्र राख्नाको उद्देश्य–आफ्ना पिता जिष्णुगुप्तको कल्याणको कामना
शिलापत्र राख्नेको नाम–विष्णुगुप्त
महानात्माहरुको समेत देवताहरुको नाम–(१) शाङ्गर्पाणि
विहार, मन्दिरको नाम–×
अड्डा–×
कुनमा प्रकाशित–श्रद्धेय गुरु टंकप्रशादशर्मा ढकालज्यूको सौजन्यबाट
शिलापत्रको शीर्षचिह्न–×
लिपि–ब्राह्मी
स्थान–×
संक्षिप्त विवरण–चाङ्गुनारायण स्थानमा पहिले भोगवर्माद्वारा निमित धारा विग्रेको हुंदा विष्णुगुप्तले क्षितितल समान आफ्ना पिता जिष्णुगुप्तको कल्याणको कामना साथ पुनः धारा निर्माण गरेको कुरा प्रस्तुत अभिलेखमा वर्णित छ ।
कैफियत–प्रस्तुत अभिलेखको अध्ययनमा वैष्णवधर्मको भक्तिमार्गको त्यस समय राम्रो स्फुटन भैसकेको कुराको पत्तो हुन्छ । विष्णुपदको प्राप्ति बाह्य साधनाले हुँन मनुष्य हृदयको गहीराईबाट उब्जेको भक्तिबाट मात्र सम्भव हुने कुराको वर्णन गरिएकोलाई यहाँ उदाहरणको रूपमा लिन सकिन्छ ।

फेरि, उत्तरप्राचीनकालीन अभिलेखहरुमा सर्वप्रथम प्रस्तुत अभिलेखमैं बुद्धपद भनिए जस्तै विष्णुपदको उल्लेख आएको छ।[१]

१. पाँचौं शताब्दी ई. को भारतको मेहरौली लौहस्तम्भलेखमा पनि विष्णुपदको वर्णन छ। "तेनायं प्रणिधाय भूमि–पतिना भावेन विष्णो मतिं प्रान्शुर्विष्णुपदे गिरौ भगवतो विष्णोर्ध्वजः स्थापितः (।।) ३"–मेहरौली लौहस्तम्भलेख। हेर्नोस्–डि. सि. सरकारद्वारा संपादित "सेलेक्ट इन्स्क्रिप्सन्स" १९६५ ई.पृ.२८५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी त्यस समय यहाँ बौद्धमार्गीहरु बुद्धपद प्राप्तिको लागि लालायित रहे जस्तै वैष्णव धर्मावलम्वीहरु विष्णुपदको लागि लालायित रहेको कुराको यथार्थता जानिन्छ। यसरी उत्तरप्राचीनकालीन नेपालका लिच्छवि शासकहरुका प्रायः जसो अभिलेखहरुमा बप्पपादानुध्यातः भनी उत्कीर्णन गरिएकोमा तत्समय यहाँ व्यापक रूपले प्रचारित रहेका धर्महरुको प्रभाव अत्यधिक मात्रामा रहेको कुरालाई विर्सन सकिँदैन।

माथि वर्णित बुद्धपद, विष्णुपद जस्तै शिवपदको लागि पनि मानिसहरु लालायित रहेका उदाहरणहरु भेट्टिन्छन्। उत्तरप्राचीनकालीन अभिलेखहरुमा पशुपतिभट्टारकपादानुगृहीतो भनी उल्लेख गरिएको पाइनु औ सातौं शताव्दी ई. का काम्बुजका राजा महेन्द्रवर्माको एक अभिलेखमा तिनले शिवपदको प्रतिष्ठापन साथ शिलालेख राखेको कुरा उत्कीर्ण गरिएको छ।[२] काम्बुजको अभिलेखमा स्पष्टरूपले शिवपदको वर्णन गरिएको पाइएबाट उत्तरप्राचीनकालमा विष्णुपद, बुद्धपदहरु जस्तै शिवपद पनि मनुष्यले आफ्नो अन्तिम आश्रयको रूपमा मानेको कुराको पत्तो हुन्छ।

यस अभिलेखका

"ॐ निर्भेदं यद्विकारैः समनुगतमिवोपाधिभेदोपचारा-
दज्ञानभ्रान्तिभाजामविषयमबहिः साधनाधीनतृप्ति
भक्तिश्रद्धाप्रसादस्थिरकरणमनोभावनाभ्यासगम्य-
म्पायात्तद्भूतभर्तुः सकलगुणगणातीततत्त्वम्पदं वः"

पंक्तिहरुले उत्तरप्राचीनकालका वैष्णव दर्शनबारे सोच्ने महत्त्वपूर्ण सामग्री प्रदान गरेका छन्।

---

१. हेर्नोस्-सत्यकेतु विद्यालंकार लिखित "भारतीय संस्कृति और उसका इतिहास" १९६८ ई., प. ३८१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ११६

१. रत्नत्रयं भगवदार्य्यसुदारवर्णा-
मुद्दिश्य सत्वपरिभोगनिमित्तमेतौ
कूपञ्जलद्रवणिका (ञ्च)शुभाय पित्रोः
शाक्यो यतिर्विहितवान् प्रियपालनामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. ११९
प्राप्तिस्थान-टेबहालको अभिलेख
मिति-×
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत-प्रियपाल शाक्यभिक्षु
प्रशासनिक पद ×
मड्डा-×
शिलापत्र राख्नाको उद्देश्य-रत्नत्रयको लक्ष गरी माता-पिताको कल्याण कामना
शिलापत्र राख्नेको नाम-प्रियपाल शाक्यभिक्षु
महानात्माहरुको समेत देवताहरुको नाम-×

विहार, मन्दिरको नाम-×
धर्म, धार्मिक कार्य-बौद्ध धर्म, सकाम कर्म
कुनमा प्रकाशित-आर. नोलीद्वारा LXIII संख्या; "संस्कृत-सन्देशः" द्वितीय वर्ष १,२,३ भाग
शिलापत्रको शीर्षचिह्न-×
लिपि-ब्राह्मी
स्थान-×
संक्षिप्त विवरण-प्रियपाल नामक शाक्यभिक्षुले रत्नत्रयको लक्ष गरी प्राणीको परिभोगको लागि जलद्रोणी निर्माण गरेको कुराको वर्णन प्रस्तुत अभिलेखमा गरिएको छ।
कैफियत- बौद्ध धर्मलाई त्रिपदिक पनि भनिन्छ।[१] किनभने यो धर्म बुद्ध, धर्म, संघयुत रत्नत्रयमैं आधारित छ। यसैले कुनै पनि व्यक्ति भिक्षु हुनु भन्दा पूर्व तिनले तीन प्रतिज्ञा गर्नु आवश्यक छ जुन उपरोक्त रत्नत्रय अर्थात् त्रिपदिकनैं रहेको छ। सम्राट अशोकद्वारा प्रतिष्ठा-

---

१. "ये [नै] दमुद्भव-निरोध-परंपरायां
मग्नं जगद्विविध-दुःख-निरन्तरायाम् (।)
तित्राणुना त्रिपदिरो (को) निरदेशि धर्म्म-
स्तस्मै नमो (ऽ) स्तु सुगताय [ग] ताय शान्तिम् (।) १"
—मन्दसोर शिलालेख, मालव वर्ष ५२४ (=४६७ ई.)
हेर्नोस्-डि. सि. सरकारद्वारा संपादित "सेलेक्ट इन्स्क्रिप्सन्स" १९६५ ई., पृ. ४०६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पित वैराट अभिलेखमा बुद्ध, धर्म, संघको वर्णन आएको छ।[२] प्रथम शताब्दी ई. को मथुरा अभिलेखमा सो रत्नत्रय (बुद्ध, धर्म, संघ)को पूजाको उल्लेख छ।[३] जसले उक्त रत्नत्रयको महत्ता पुरातात्त्विक आधारमा खिष्टाब्द भन्दा पूर्वनै स्थापित भैसकेको कुरा सिद्ध हुन्छ। पाँचौं शताब्दी ई. को काम्बुजको एक अभिलेखमा बुद्ध, धर्म, संघको उल्लेख आएबाट बौद्ध त्रिरत्नको व्यापक प्रचार हुन लागेको कुरा जानिन्छ।[४] तर, छैठौं शताब्दी ई. देखि बौद्ध धर्मको महायान सम्प्रदायबाट वज्रयानको उदय भएको थियो। निकाय संग्रहमा वज्रयानको उत्पत्ति विषयक एक रोचक कथा वर्णित छ।[५]

२. "विदिते वे भंते आवतके हमा बुधसि धंमसि संघसी ति गालवे चं (च)पं(प्र) सादे च (।)"

—वैराट अभिलेख, तृतीय शताब्दी ई. पू.

३. "सर्वबुधन पुय (।) धमस
पुय (।) सघस पुय (।)"
—मथुरा अभिलेख, प्रथम शताब्दी ई.

हेर्नोस्–डि. सि. सरकारद्वारा संपादित "सेलेक्ट इन्स्क्रिप्सन्स" १९६५ ई., पृ. ११८

४. "बुद्ध[ं]धर्म्ममथार्य्य-सङ्घमखिलैस्स्वैस्स्वैगु[ण]ैस्सङ्गतं
यश्श्रेष्ठं श ⏑ – ⏑ – ⏑ – ⏑ – – – ⏑ – – – ⏑ – (।)"

—काम्बोजको अभिलेख, पाँचौं शताब्दी ई.

हेर्नोस्–डि. सि. सरकारद्वारा संपादित "सेलेक्ट इन्स्क्रिप्सन्स" १९६५ ई., पृ. ५१४

५. "सिंहलमा कुमारदास (५१५–५२४ ई.) ले राज्य गरिरहेको समय दक्षिण मधुरामा श्रीहर्ष नामक राजा शासन गर्दथ्यो। त्यस समय सम्मितीय निकायका एक दुःशील भिक्षु नीलो कपडा लाएर राती वेश्या कहाँ गए। सूर्योदय भए पछि जब उ विहार फर्के, तिनका शिष्यहरुले तिनले लाएको वस्त्रको बारेमा सोधे। तिनले अनि आफ्ना शिष्यहरुलाई त्यसको महात्म्य बर्णन गरे। त्यस बेला देखि तिनका अनुयायीहरु नीलो वस्त्र लाउने भए। तर, पछि राजा हर्षले कुनै बहाना बनाई उनीहरुलाई एउटा घरमा भेला गराएर जिउँदै जलाई दिए।"

हेर्नोस्–राहुल सांकृत्यायन लिखित "पुरातत्त्व निबन्धावली" १९५८ ई., पृ. ११८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुह्यसमाजतन्त्रमा मद्य, मन्त्र, हठ्योग र स्त्री–यी चार नै वज्रयानका मुख्य रूप हुन् ।[६] वज्रयानको "नीलपट दर्शन" ग्रन्थमा रत्नत्रयको भिन्नै नाम वर्णित छ जुन निम्न पंक्तिवाट स्पष्टतया जानिन्छ ।

"वेश्यारत्नं सुरारत्नं रत्नं देवो मनोभवः ।
एतद्रत्नत्रयं वन्दे अन्यत् काचमणित्रयम् ।।"[७]
—नीलपट–दर्शन

यसरी छैठौं शताब्दी ई. को अनन्तर बौद्धधर्मको जुन सार रूप रत्नत्रय छ त्यसमा पनि विविधता देखिन लागेको थियो । सातौं शताब्दी ई. मैं नेपालमा वज्रयानको प्रचार भैसकेको कुरा गोकर्णको अभिलेखले थाहा दिएको छ । यी कारणले गर्दा खालि रत्नत्रय शब्दमा त्यसले इङ्गित गरेको कुरो यही नै हो भनी ठोकुवा गर्न नमिल्ने सिद्ध छ । यसै तथ्यको परिप्रेक्षमा प्रस्तुत अभिलेखमा उल्लिखित रत्नत्रयलाई लिन सकिन्छ । यसमा रत्नत्रय भनेर मात्र उल्लेखी तिनीहरुका नाम दिएका छैनन् जसको कारण यसले कतातिर लक्ष गरेको छ भनी सोच्नु पर्ने गराएको छ । यो निश्चय छ ।

यस अभिलेखको अध्ययनमा यसले वज्रयानको साटो महायानको भावतिरै वढ्ता झुकाव राखेको छ भन्ने लाग्दछ । यसमा वज्रयानको उपरोक्त चार रूपको कतै गन्ध पनि पाईंदैन । अर्को, सातौं शताब्दी ई. मैं नेपालमा वज्रयानको प्रारूप भएको देखिए तापनि गोकर्णको एउटा अभिलेख बाहेक त्यस समयका बौद्ध धर्मसित सम्बन्ध

---

६. "प्राणिनश्च त्वया घात्या वक्तव्यं च मृषा वचः
अदत्तं च त्वया ग्राह्यं सेवनं योषितामपि ॥
अनेन वज्रमार्गेण वज्रसत्त्वान् प्रचोदयेत् ।
एषो हि सर्वबुद्धानां समयः परमशाश्वतः ॥"
"दुष्करैर्नियमैस्तीव्रैः सेव्यमानो न सिध्यति ।
सर्वकामोपभोगांस्तु सेवयंश्चाशु सिध्यति ॥"
—गुह्य समाजतंत्र

हेर्नोस्–राहुल सांकृत्यायन लिखित "पुरातत्व निबन्धावली" १९५८ ई., पृ. ११६

७. हेर्नोस्–राहुल सांकृत्यायन लिखित "पुरातत्व निबन्धावली" १९५८ ई., पृ. ११८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राहने अभिलेखहरुमा महायान बौद्ध धर्मको वर्णन पाइन्छ। यी आधारहरुबाट यसमा वर्णित रत्नत्रयले बुद्ध, धर्म, संघ तिर इङ्गित गरेको छ भन्न सजिलैसंग सकिन्छ।

अर्को, यस अभिलेखमा आफ्ना माता–पिताको कल्याणको कामना साथ प्रियपाल नामक शाक्यभिक्षुले रत्नत्रयको लक्ष गरी प्राणीको परिभोगको लागि जलद्रोणीको निर्माण गरेको कुराको वर्णन छ। जसले सो रत्नत्रय निर्वाणको पर्यायको रूपमा रहेको कुरा निश्चित छ, रत्नत्रयको पूर्ण परिपालनमैं निर्वाण प्राप्त मानिने कुरो निर्णित हुन्छ। यसरी यसले निर्वाण यथार्थतः के हो भन्ने कुरालाई स्पष्ट्याएको छ।

फेरि, यस अभिलेखमा एक जना शाक्यभिक्षुले आफ्ना माता–पिताको कल्याणको कामनासाथ जलद्रोणी निर्माण गरेको उल्लेखले त्यस समय भिक्षुहरुको गार्हस्थ्य जीवनतिर पनि लगाव हुन लागेको देखिन्छ। यसको पुष्टि शाक्यभिक्षु बन्धु भद्रको चावहिल अभिलेखले पनि गरेको छ। जसको कारण आद्य शङ्कराचार्यले आठौं, नवौं शताब्दी ई. देखि नेपालका भिक्षुहरुलाई गार्हस्थ्य जीवनमा ल्याएको भन्ने कथनको खण्डन भएको लाग्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १२०

१. ॐ महाप्रतिहारवार्त्त सुजातप्रभु विहारस्य ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–१२०
प्राप्तिस्थान–ललितपुर यम्पिवहीस्थित करुणा चोकको आँगनको अभिलेख
मिति–×
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–महाप्रतिहारवार्त्त सुजातप्रभु
प्रशासनिक पद–महाप्रतिहार
अड्डा–×
शिलापत्र राख्नाको उद्देश्य–×
शिलापत्र राख्नेको नाम–महाप्रतिहार वार्त्त सुजातप्रभु
महानात्माहरुको समेत देवताहरुको नाम–×
विहार, मन्दिरको नाम–सुजातप्रभु विहार
धर्म, धार्मिक कार्य–बौद्ध धर्म
कुनमा प्रकाशित–आर. नोलीद्वारा LXIV संख्या
शिलापत्रको शीर्षचिह्न–×
लिपि–ब्राह्मी
स्थान–×
संक्षिप्त विवरण–महाप्रतिहार वार्त्त सुजातप्रभु विहारस्य
कैफियत–×

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १२१

१. ... ... — ...युद्धोत्सवमनुभूय... ...
२. ... ...भवितव्यश्चिरस्थितये च...एय
३. ... ...नामदनुत्तमतश्च क्षेत्रे पिण्डकसङ्ख्येति कर्तव्य...
४. ...ख्यते माथङ्ग्रामदक्षिणेन वाटिकापिण्डकं विंशतिकया मा
५. विंशतिकया... णाकार गुडशत १ पश्चिमेन वाटिका
६. ... ...क्षेत्रपिण्डकं विंशतिकया
७. ... ...विंशतिकया मा
८. ... ...न्यना... ...

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–१२१
प्राप्तिस्थान–काठे सिम्भूको अभिलेख
मिति– ×
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत– ×
प्रशासनिक पद– ×
अड्डा– ×
शिलापत्र राख्नाको उद्देश्य– ×
शिलापत्र राख्नेको नाम– ×
महानात्माहरुको समेत देवताहरुको नाम– ×
विहार, मन्दिरको नाम– ×
धर्म, धार्मिक कार्य– ×
कुनमा प्रकाशित–"अभिलेख संग्रह" भाग १, प्रकाशक: संशोधन मण्डल
शिलापत्रको शीर्षचिन्ह– ×
लिपि–ब्राह्मी
स्थान–माथङ्ग्राम
संक्षिप्त विवरण–लडाईंमा जित भएको उत्सव अनुभव गरी भविष्यमा पनि त्यसको चिरस्थायीत्वको लागि असल तरिकाबाट जगाहरुमा लाग्ने तिरो व्यवस्थाबारे यहाँ वर्णन गरिएको प्रतीत हुन्छ।
कैफियत–प्रस्तुत शिलालेखमा "युद्धोत्सवमनुभूय" भनी उल्लेख गरिएबाट श्री नरेन्द्रदेवको अभ्युदयको समय सायद कुनै युद्ध घटित भएको थियो कि भन्ने अनुमान हुन्छ। यिनको उत्थान संगै जिष्णुगुप्त, विष्णुगुप्तहरुको नामोल्लेख सम्म पनि नहुनु यसको सत्यतालाई अझ वढी पुष्टचाईं गर्दछ।

शक्खर पनि खेतवारीको तीरोको रूपमा त्यस समय लिइन्थ्यो। यसरी प्रस्तुत शिलालेखबाट उखुको खेती यहाँ प्रशस्त मात्रामा भएर शक्खरको उद्योग उन्नतावस्थामा रहेको ज्ञात हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १२२

१. ॐ स्वस्ति कैलासकूटभवनाच्छरदाप्यानशशाङ्कामलमयूखनिक-
रावभास्यमानहिमव-
२. दुत्तुङ्गशिखरावदातयशोमालावतंसिताशेषदिङ्मण्डलो य एष
शौर्य्यन्नीतिगुणैर्गु णै-
३. रकलितैरात्मानमुद्भासिभिः शक्त्या बाहुबलं मतिं स्मृतिमतीं
शास्त्रागमैर्भू रिभिः मर्य्यादाः स्थि-
४. तिभिर्दिशोपि यशसा राज्यश्रिया मेदिनीर्जात्या लिच्छविराज-
वंशमनघं योलङ्करोत्युच्चकैः ।।
५. भगवत्पशुपति भट्टारकपादानुगृहीतो बप्पपादानुध्यातो भट्टारक-
महाराजाधिरा-
६. जश्रीनरेन्द्रदेवः कुशली भविष्यतो नेपालराजान्सम्यक्प्रतिमान्या-
नुदर्शयति विदितम-
७. स्तु भवतां यथा दक्षिणकोलिग्रामद्रङ्गस्य सर्वतलग्रामैः सहितस्य
पूर्वराजभिर्मानेश्व-
८. रे भुवनेश्वरदेवकुलं यथाकल्पिताग्रहारादिप्रत्यायम्पालतोपभोगाय
प्रति (पा) दितं-
९. केनापि च हेतुना श्रीभूमगुप्तेनाक्षिप्तं राजकुलभोग्यमभूत्
तदिदमधुना पूर्वमर्य्यादा-
१०. स्थितिप्रवर्तनादृतमनोभिरस्माभिः सततञ्च प्रजानां श्रेयसेस्यैव
सर्वतलग्रामसहि-
११. तस्य दक्षिणकोलिग्रामद्रङ्गस्य तदेव भुवनेश्वरदेवकुलं यत्र
तत्रावस्थितक्षेत्रवा-
१२. टिकागृहपण्याकारैर्य्यथापूर्वभुज्यमानसीमभिस्त्रिभिः कोङ्कोबिल्व-
मार्गहुस्प्रिन्दुङ्ग्रामैरेभि-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१३. रग्रहारत्वेनोत्सृष्टैश्चाटभटाप्रवेश्यैः सर्वकोट्टमर्यादास्थितिमद्भिश्च सहितं प्रतिमुक्त-
१४. मित्येवञ्च विदितार्थैरप्येतदग्रहारत्रयनिवासिभिर्यथाकल्पितम्पिएड-कादिप्रत्यायम-
१५. स्योपनयद्भिरकुतोभयैराज्ञाश्रवणविधेयैर्भवितव्यम्भूयोप्यनेनैव न्या-येन शीताट्यां-
१६. शिवगल्देव (कुलं) यथापूर्व्वकल्पितच्चेत्रपिएडकादिप्रत्यायम्पालनो-पभोगायैत्र सर्वत-
१७ ल(ग्रा)मसहितस्यैवास्य द्रङ्गस्य (प्रतिमु) क्तमेवंविदितार्थैर्न हीनानवमन्यमानैरन्योन्य-
१८. प्रीतिदृढीकृतस्नेहानुबन्धै... पुरुषैस्तलसमेतैरेतदुभयमेव प्रति-
१९. पालयद्भिः सततमस्म ...वर्तितव्यन्न कैश्चिदस्मत्पादोपजीविभिर-न्यैर्वा स्वल्पा-
२०. पि पीडा कार्य्या यस्त्वेतामाज्ञामुल्लङ्घ्यान्यथा कुर्य्यात्कारयेद्वा तस्य वयं राजशासनव्यतिक्रम-
२१. कारिणस्तीव्रं दण्डम्पातयिष्यामो भाविभिरपि भूपतिभिरिह यशः कल्याणायुरारोग्यराज्य-
२२. श्रियां वृद्धिमीहमानैरमुत्र च स्वर्गे शाश्वतीं स्थितिमिच्छद्भिः पूर्वराजकृतेषु प्रसादेषु पा-
२३. लनादृतैर्भाव्यञ्चिरस्थितये चास्य प्रसादस्य शिलापट्टक (शासनेन प्रसादः) कृत इति
२४. समाज्ञापना दूतकश्चात्र कुमारामात्यप्रियजीवः संवत् ६७ भाद्रपदशुक्लद्वितीयायाम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[अभ]िलेख नं.–१२२

[प्र]ाप्तिस्थान–का. ई. यङ्गालहिटीको निकासमा राखेको अभिलेख

[मि]ति–संवत् ६७ भाद्रपदशुक्लद्वितीयायाम्

[र]ाजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) ॐ स्वस्ति कैलासकूटभवना- च्छरदाप्यानशशाङ्कामलमयूखनिक- रावभास्यमानहिमवदुत्तुङ्गशिखरा- वदातयशोमालावतंसिताशेषदिङ्म- ण्डलो य एव शौर्य्यन्नीतिगुणैर्गुणैर- कलितैरात्मानमुद्भासिभिः शक्त्या बाहुबलं मतिं स्मृतिमतीं शास्त्रागमै- भूरिभिः मर्य्यादाः स्थितिर्भिर्दिशोपि यशसा राज्यश्रिया मेदिनीर्जात्या लिच्छविराजवंशमनघं योलङ्करो- त्युच्चकैः।। भगवत्पशुपतिभट्टारकपा- दानुगृहीतो बप्पपादानुध्यातो भट्टा- रकमहाराजाधिराज श्रीनरेन्द्रदेवः (२) श्रीभूमगुप्त (३) दूतकश्चात्र कुमारामात्यप्रियजीवः

प्रशासनिक पद–(१) दूतक (२) कुमारामात्य

मुद्रा–×

शिलापत्र राख्नाको उद्देश्य–राजाज्ञा जारी गरेको

शिलापत्र राख्नेको नाम–भट्टारकमहाराजाधिराज श्रीनरेन्द्रदेवः

महानात्माहरुको समेत देवताहरुको नाम–(१) भगवत्पशुपति (२) भुवनेश्वर (३) शिवगल (४) मानेश्वर

विहार, मन्दिरको नाम–(१) भुवनेश्वरदेवकुल २) शिवगलदेवकुल

धर्म, धार्मिक कार्य–×

कुनमा प्रकाशित–आर. नोलीद्वारा LXVI संख्या; "पूर्णिमा" १८ पूर्णाङ्क, प्रकाशक: संशोधन मण्डल

शिलापत्रको शीर्षचिह्न–शिरोभागमा एउटा चक्र तथा दुइटा शंखको आकृति अंकित छन् ।

लिपि–ब्राह्मी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्थान–(१) नेपाल (२) दक्षिणकोलिग्रामद्रङ्ग (३) मानेश्वर (४) कोड्कोग्राम (५) विल्वमार्गग्राम (६) हुस्प्रिन्डुङग्राम (७) शीताटी

संक्षिप्त विवरण–भट्टारकमहाराजाधिराज श्रीनरेन्द्रदेवले पछि हुने नेपालका राजाहरुलाई राम्ररी सन्मान गरेर बाटो देखाउनु भएको छ। सर्वतलग्रामहरुले सहित दक्षिणकोलीग्रामद्रङ्गस्थित मानेश्वरमा पूर्व राजाहरुले जस्तो किसिमले स्थिति वन्धेज गरी अग्रहार (विर्त्ता) जग्गाहरुको आमदानीबाट पूजाको प्रवन्ध मिलाई भुवनेश्वरको मन्दिर निर्माण गरेकोमा पछि कुनै कारणवश श्रीभूमगुप्तले उक्त मन्दिरलाई आफ्नो अधीनमा राखी राजकुलहरुले मात्र भोग गरिने तुल्याएका थिए। त्यस मन्दिरमा अब फेरि पूर्व राजाहरुले बनाएको स्थिति वन्धेजलाई नै कायम राख्नको इच्छा र सधैं दुनियाँहरुको कल्याणको निम्ति पनि हामीबाट सर्वतलग्रामसहित दक्षिणकोलीग्रामको त्यस भुवनेश्वर मन्दिरको व्यवस्था औ शीताटीस्थित शिवगल्देवकुलको व्यवस्थाको लागि पनि जताततै रहेका खेत, वारी, घर, बजारले व्यवस्थित भएको सीमा भित्र रहेका तीन गाउँहरुलाई चाट-भटहरु प्रवेश गर्न नपाउने गरी सबै किल्लाको स्थिति वन्धेज पूर्वक दक्षिणकोलीग्रामद्रङ्गको जिम्मामा सुम्पेको वर्णन प्रस्तुत शिलालेखमा गरिएको छ।

कैफियत–प्रस्तुत अभिलेखमा भट्टारकमहाराजाधिराज श्रीनरेन्द्रदेवको प्रशस्ति-स्वरूप उत्कीर्ण गरिएका पंक्तिहरुबाट तिनका चारित्रिक विशेषताहरु माथि राम्रो प्रकाश पार्दछ। यिनी वीर, पराक्रमी, नीतिमान् तथा विद्वान् राजा रहेका थिए। यिनलाई अनेकौं शास्त्र आगम[१] ग्रन्थहरुको

---

१. पाशुपत एवं अन्य शैव वर्गहरुका प्रारम्भिक साहित्य आगम भनिन्छ। भगवान् शिवले आफ्ना भक्तहरुको उद्धारको लागि आफ्ना पाँच मुखले २८ तंत्रहरुको आविर्भाव गरेका थिए जुन निम्न छन्–

सद्योजात मुखबाट उत्पन्न आगम–(१) कामिक (२) योगज (३) चिन्त्य (४) कारण (५) अजित

वामदेव ,, ,, ,, –(६) दीप्त (७) सूक्ष्म (८) सहस्र (९) अंशुमान् (१०) सुप्रभेद

अघोर ,, ,, ,, –(११) विजय (१२) निश्वास (१३) स्वायम्भुव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि अध्ययन थियो । जसले यिनी शैवमार्गी रहेको कुरा प्रमाणित हुन्छ । लिच्छवि राजवंशको यश औ गरिमालाई यिनले फेरि उज्वल पार्नुको अतिरिक्त दुनियाँमा विभिन्न प्रकारका स्थिति वन्धेजद्वारा देशको मर्यादालाई भूषित गराएका थिए । यी आधारहरुबाट उत्तर-प्राचीनकालीन नेपालका लिच्छवि राजाहरुमा यिनले पनि अद्वितीय स्थान ओगटेको छ भनी सजिलैसंग भन्न सकिन्छ ।

यहाँ मानेश्वरको भुवनेश्वर देवमन्दिरलाई श्रीभूमगुप्तले आफ्नो

---

(१४) अनल (१५) वीर

तत्पुरुष " " " -(१६) रौरव (१७) मुकुट (१८) विमल

(१६) चन्द्रज्ञान (२०) बिम्व

ईशान " " " -(२१) प्रोद्‌गीत (२२) ललित (२३) सिद्ध

(२४) संतान (२५) सर्वोत्तर

(२६) परमेश्वर (२७)किरण (२८) वातुल

जयरथले "तन्त्रालोक"का टीकामा यी तन्त्रहरुका नाम दिएका छन् जुन माथिका नामसित केही भिन्न छन् ।

काश्मिरमा प्रचलित शैव आगमलाई प्रत्यभिज्ञा, स्पंद या त्रिक भनिन्छ । प्रत्यभिज्ञा तथा स्पंद नामकरण यस तंत्रको विशेष आध्यात्मिक तत्वको कारण हो । त्रिक या षडर्ध शास्त्र नाम दिएकोको कारण यो हो कि यस दर्शनमा पशु-पति-पाश तीन तत्त्वहरुको वर्णन प्रधानतया गरिएको छ अर्थात् ९२ आगमहरुमध्ये सिद्धा, नामक तथा मालिनी तन्त्र सबभन्दा बढी महत्त्वशाली छन् ।

आगमहरुका गुण, देश, काल, आम्नाय आदिको भिन्नताले अनेक भेद प्रदर्शित गरिएका छन् । सात्त्विक आगमलाई तन्त्र, राजसलाई यामल तथा तामसलाई डामर भनिन्छ । भगवान् शंकरका पाँच मुखबाट उत्पन्न भएको हुँदा आगमहरुका प्रधानतया पाँच आम्नाय हुन्छन्–पूर्वाम्नाय, दक्षिणाम्नाय, पश्चिमाम्नाय, उत्तराम्नाय तथा ऊर्ध्वाम्नाय । निम्नतर तथा गुप्तमुखले उत्पन्न अधाम्नाय छैठौं आम्नाय मानिन्छ। कुलार्णवतन्त्रका तृतीय उल्लासमा यो आम्नायहरुका वर्णन छन् । पूर्वाम्नाय सृष्टिरूप तथा मन्त्रयोग हो, दक्षिणाम्नाय स्थितिरूप औ भक्तियोग हो, पश्चिमाम्नाय संहाररूप औ कर्मयोग हो, उत्तराम्नाय अनुग्रहरूप औ ज्ञानयोग हो तथा ऊर्ध्वाम्नाय समयमत सित सम्वद्ध छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अधीनमा गरी (सरकारीकरण) राजकुमारहरुले मात्र भोग गरिने तुल्याएको वर्णनले दुनियाँलाई प्रदत्त अधिकारहरु त्यसबेला राजाहरु आफ्ना स्वेच्छामा पुनः फर्काउन सक्तथे भन्ने कुरा विदित हुन्छ।

यस अभिलेखको अध्ययनबाट भट्टारकमहाराजाधिराज श्रीनरेन्द्र-देवको समयदेखि उत्तरप्राचीनकालीन लिच्छविहरुले आफ्नो परम्परागत मानगृह राजप्रासादलाई छोडेर कैलासकूट भवनलाई आफ्नो आवास-गृह बनाउन लागेको देखिन्छ ।

अर्को, प्रस्तुत अभिलेखमा भट्टारकमहाराजाधिराज श्रीनरेन्द्र-देवको प्रशस्तिमा हिमवत्तुङ्ग शिखर भनेर पनि उल्लेख गरिएबाट त्यस समय नेपालको उत्तरी सीमा हिमालय रहेको कुरा प्रमाणित भएको छ। उत्तरप्राचीनकालीन नेपालको अनुमानित राज्य सीमा उत्तर हिमालयदेखि दक्षिण भित्री मधेश तथा पूर्व ३ नं. देखि पश्चिम ३ नं. सम्म फैलिएको थियो। यसबारे नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट सम्पन्न भएको नेपाली इतिहासको समस्या विषयक परिचर्चामा मैले बोली सकेको छु । मेरो उक्त प्रवचन त्यस प्रतिष्ठानबाट प्रकाशित भएको परिचर्चा पुस्तिकामा छापी सकेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १२३

१ (ॐ स्वस्ति) कैलासकूटभवनाद्भुवनप्रकाशाज्ज्योत्स्नावमृष्टहिम-
वच्छि –१
२. (खर प्रदी)प्तेः आसागरप्रसृतशुभ्रयशोध्वजानां राजाङ्
कुलाम्बरशशी भु–
३. (वि लिच्छ) वीनाम् ।। वल्गद्वीरपदातिकुन्तविशिखप्रोताश्वनागाकुले
शक्त्यान्या–
४. स्पृहणीयथा रणमुखे संज्ञावशेषान्द्विषः । कृत्वा लोकहितोद्यमप्रभ–
५. वया कीर्त्या दिशो भासयन्नन्योन्याविहतान्प्रजासु विदधद्धर्मार्थ-
कामान्मुदा ।।
६. भगवत्पशुपतिभट्टारकपादानुगृहीतो बप्पपादानुध्यातो भट्टारक-
७. महाराजाधिराजश्रीनरेन्द्रदेवः कुशली इहत्यान्भूमिभुजो वर्तमाना–
८. न्भविष्यतश्च प्रतिमान्यानुदर्शयति: विदितमस्तु भवतां कस्मिंश्चिद्व-
स्तुन्युप–
९. कृतमवेत्य तत्प्रत्युपकारोत्कण्ठितमतिभिरस्माभिर्यूपग्रामद्रङ्गस्य
स–
१०. वंतलसहितस्य भट्टमाप्चोकाधिकारयोः प्रा[बा]ल्यादवश्यं जनस्य
महती
११. पीडेत्यनयोरेवाधिकारयोरप्रवेशेन प्रसादः कृतस्तदेवं विदितार्थैरे–
१२ तदधिकारद्वयाधिकृतैरन्यैर्वास्मत्पादप्रतिबद्ध[जी]वनैरल्पापि बाधा
न का–
१३. र्या यस्त्वेतामाज्ञामनादृत्यान्यथा कुर्यात्कारयेद्वा तस्यावश्यमस्मत्त-
स्तीव्रतरो
१४. दण्डः पतिष्यत्यस्मादूर्ध्वम्भाविद्भिरपि भूपतिभिस्सुकृत[कर]–
णैकसाधना–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१५. पूजिताम्प्रतिजन्मराज्यश्रियमनुबुभूषद्भिरिह कीर्त्यायुरारोग्य कल्याण–

१६. राज्यश्रीसमुदयमीहमानैः प्रेत्य च शाश्वतन्दिप्यमिच्छद्भिः सुखमनु–

१७. भवितुं दिन्नू चाभितः शरदाप्यानोडुराजामलकिरणमालावभाष्य-मानप्रालेयम–

१८. ह्रीधरोत्तुङ्गशिखरामलं यशस्तन्वद्भिराचन्द्रार्कं स्वप्रतिपादितानां शासनानां स्थिति–

१९. मिच्छद्भिः पूर्वभूपतिषु सगौरवैर्भूत्वेयमाज्ञा सम्यक्प्रतिपालनीया अपि चैत–

२०. त्प्रत्युपक्रतन्न बहुमन्यमानैरस्माभिः पुनरप्येषां पीटाल्जाधिका-रम्प्रतिमुच्य

२१. प्रसादीकृतमेवमर्थं विदित्वैतदधिकृतैर्न कैश्चिदेतद्गवा पीडा कर्तव्या यस्तु कु–

२२. र्यात्सोस्माभिर्न मृष्यते तथैव भूपतिभिरप्यनुमोदनीयं चिरस्थितये चास्य

२३. प्रसादस्य शिलापट्टकशासनेन प्रसादः कृत इति स्वयमाज्ञा। दूतकश्चात्र

२४. [कुमारा] मात्य प्रियजीवः। संवत् ६७ पौषशुक्लपञ्चम्याम् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–१२३
प्राप्तिस्थान–ललितपुर दरवार लुंऊयालस्थित चोकको अभिलेख
मिति–संवत् ६७ पौषशुक्लपञ्चम्याम्
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) (ॐ स्वस्ति) कैलासकूटभवनाद्भुवनप्रकाशाज्ज्योत्स्नावमृष्टहिमवच्छि(खरप्रदी)प्तेः । आसागरप्रसृतशुभ्रयशोध्वजानां राजाङ्कुलाम्बरशशी भु (वि लिच्छ)वीनाम् ।। वलगद्वीरपदातिकुन्तविशिखप्रोताश्वनागा – कुले शक्त्या (न्याप्रतिका) यया रणमुखे संज्ञावशेषान् द्विषः कृत्वा लोकहितोद्यमप्रभ (वया) कीर्त्या दिशो भासयन्नन्योन्याविहतान् प्रजासु विदधद्धर्मार्थकामान् मुदा ।। (भग) वत्पशुपतिभट्टारक पादानुगृहीतो बप्पपादानुध्यातो भट्टारक (महा)राजाधिराज श्रीनरेन्द्रदेवः (२) दूतकश्चात्र (कुमारा)मात्य प्रियजीवः

प्रशासनिक पद–(१) दूतक (२) कुमारामात्य
अड्डा–(१) भट्ट (२) माप्चोक (३) पीटल्जा
शिलापत्र राखनाको उद्देश्य–राजाज्ञा जारी गरेको
शिलापत्र राख्नेको नाम–भट्टारकमहाराजाधिराज श्रीनरेन्द्रदेवः
महानात्माहरुको समेत देवताहरुको नाम–(१) शशी (२) भगवत्पशुपति
विहार, मन्दिरको नाम–×
धर्म, धार्मिक कार्य–×
कुनमा प्रकाशित–आर. नोलीद्वारा LXVII संख्या; "संस्कृत-सन्देशः" २०११ विजया दशमी
शिलापत्रको शीर्षचिह्न–शिरोभागमा एउटा चक्र तथा दुइटा शंखको आकृति अंकित छन् ।
लिपि–ब्राह्मी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्थान–(१) यूपग्रामद्रङ्ग (२) प्रालेयमधहीरोत्तुङ्गशिखर (३) हिमवच्छिखर

संक्षिप्त विवरण–भट्टारकमहाराजाधिराज श्रीनरेन्द्रदेव कुशलपूर्वक यहाँका वर्तमान र भावी राजाहरुलाई सम्मानसाथ अनुशासन दर्शाउनु हुन्छ । व्यासी सहित यूपग्रामद्रङ्गको जनतालाई भट्ट र माप्चोकका अधिकारको प्रवेशले ठूलो मर्का छ भनेर उक्त दुइटै अधिकारको प्रवेश हटाएर निगाह गरेको छ । यसलाई जानेर यी दुवै अधिकरणमा नियुक्त कर्मचारीहरु वा अरु कुनै हाम्रो निगाहबाट जीविका गर्नेहरुले यसमा अलिकति पनि बाधा नगर्नु । जसले यस आज्ञाको अन्यथा गर्ला तिनलाई म कदापि सहने छैन । पछि हुने राजाहरुले पनि यस आज्ञालाई राम्रो संग प्रतिपालन गर्नु होला । फेरि पनि यिनीहरुलाई पोटल्जा छुटाएर प्रसाद गरिएको छ । यसलाई जानेर उक्त तीनै अधिकरणका कारिन्दाहरुले पीडा नगर्नु । यसलाई भावी राजाहरुले पनि अनुमोदन गर्नु होला ।

कैफियत–सातौं शताब्दी ई. मा सम्पूर्ण जस्तो उत्तर भारतका सम्राट् हर्षवर्द्धन रहेका थिए । तिनले आफ्नो राजनैतिक सम्बन्धलाई विस्तृत क्षेत्रमा विस्तार गरी चीन सम्मन् पुऱ्याएका थिए । चीनमा पठाएको तिनका दौत्य सम्बन्धी परचामा तिनलाई मगधराजको संज्ञा दिइएको छ । तर, तिनको मृत्यु पछि तिनका विशाल साम्राज्य छिन्न भिन्न हुन गयो । तिनका मन्त्री अरुणाश्व स्वयंनै मगध साम्राज्यको सिंहासनमा आसीन भए । यसको अतिरिक्त तिनले चीनी राजदूत वाङ ह्व चे को नेतृत्वमा आएको चीनी शिष्टमण्डलको अपमान गर्नुको अतिरिक्त कयौंलाई समाते पनि । राजदूत वाङ ह्व चे अरुणाश्वको पञ्जाबाट फुत्केर तिब्बत पुगेका थिए । त्यस समय तिब्बत र नेपाल दुबैले अरुणाश्वको विरुद्धको प्रतिशोध कार्यमा चीनी राजदूतलाई सैनिक सहयोग प्रदान गरेका थिए । चीनी ऐतिहासिक सामग्री यसको विस्तृत विवरण प्रस्तुत गर्दछ । जसको आधारमा त्यस सैनिक अभियानमा नेपालका महाराजाधिराज श्रीनरेन्द्रदेव स्वयंनै सात हजार घोडचढी सैन्यको साथ सम्मिलित भएका थिए भन्ने कुरा थाहा हुन्छ । तिब्बतका राजा त्यस अभियानमा एक हजार सेनासाथ पुगेका थिए । नेपाल एवं तिब्बतको सैनिक सहायता पाई वाङ ह्व चे ले अरुणाश्वलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समातेर चीन लगेका थिए ।[१] यसरी दक्षिण बङ्गोपसागर सम्मन् आफ्नो विशाल साम्राज्य फैलिएको मगधको शक्तिलाई नेस्तनाबूद गर्ने कार्यमा नेपाली सैन्यले ठूलो वीरता देखाई महत्त्वपूर्ण भूमिकाको अदा

१. "In the twentieth year of the ching-kwan period (646), the emperor sent Wang-hiwen-tse, under the title of Yeu-wei-so-fu-chang-shi, on an embassy to the kingdom of Magadha, he associated with him Tsiang-shi-jin. Before he arrived king Siladitya died, and his kingdom fell into a state of anarchy. One of his ministers named Na-fo-ti-a-la-na-shun (Nava....?) usurped the supreme power, and sent soldiers to oppose Wang-hiwen-tse. At this time his suite consisted only of a few dozens of cavaliers, who struggled without success, and were all taken prisoners. Soon after the usurper used violence to make other kingdoms pay him tribute.

Hiwen-tse resolved upon action, and retired to a town on the western frontier of Tu-fan, from which he called the neighbouring kingdoms to arms. The king of Tu-fan came with a thousand soldiers and the king of Nepal with Seven thousand Cavaliers. Hiwen-tse divided them into several bodies, and marched against the town of Ta-po-ho-lo, which he took by storm at the end of three days. He beheaded three thousand people, and ten thousand more were drowned. A-la-na-shun abandoned his kingdom and fled; then he collected his scattered troops, and attempted a fresh fight, but the General jin (or Tsiang-shi-jin) took him alive, he also captured and beheaded a thousand men. The remains of theh os-tile army obeying the orders of the queen, tried to

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साथ नेपालको यश औ गरिमालाई विस्तृत क्षेत्रमा फैलाएका थिए। यसै तथ्यको परिप्रेक्षमा प्रस्तुत अभिलेखमा भट्टारकमहाराजाधिराज श्रीनरेन्द्रदेवको प्रशस्ति स्वरूप हिमालयको चुचुरो जस्तै टल्कने कैलासकूटभवनदेखि सागरसम्म कीर्तिरूपी ध्वजा फर्फराउने भनी उत्कीर्ण गरिएकोलाई लिन सकिन्छ। यसको अतिरिक्त यहाँ हात्ती घोडाहरुले युक्त ठूलो लडाईंको मोर्चामा असाधारण वीरता देखाई जनहितको कार्यमा लागेका भनेर पनि तिनलाई भनिएबाट सो लडाईं माथि वर्णित अरुणाश्वकै विरुद्ध संचालित रहेको कुरा जानिनुको साथै त्यस लडाईंमा नेपाली सैन्यको सञ्चालन स्वयं भट्टारकमहाराजाधिराज श्रीनरेन्द्रदेवबाट भएको कुरा निर्णित हुन्छ। यसरी प्रस्तुत अभिलेख-को प्रशस्तिबाट भट्टारकमहाराजाधिराज श्रीनरेन्द्रदेवको राज्यकालमा नेपालको यश औ गरिमा उत्तर हिमालयदेखि दक्षिण सागर अर्थात् सम्पूर्ण उत्तर भारतमा फैलिएको थियो भन्ने कुरा जानिन्छ।

सेनाका मुख्य अंगहरु चार मानिन्छ। जुन निम्न छन्- १) पदाति २) अश्व ३) गज ४) रथ। यसलाई महाभारतका पंक्तिबाट स्पष्टतया थाहा पाउन सकिन्छ।

"रथा नागा हयाश्चैव पादाताश्चैव पांडव।
विष्टिर्नाविश्चराश्चैव देशिका इति चाष्टकम्।"

—महाभारत १२.५९.४१

सेनाका उक्त चार अंगलाई चतुरंग वलको संज्ञा दिइन्छ। श्रृङ्गार तिलकले यसतिर निर्देश गरेको छ।

---

stop the way upon the banks of the river khien-to-wei (Gandhara); but Tsiang-shi-jin gave them battle and defeated them. He took the queen and the king's son prisoners, captured twelve thousand men and women, and twenty thousand head of cattle, and subdued five hundred and eighty towns, large and small."

—Thien-chu (INDIA)

Extract from Ma-Twan-Lin, Book CCCXXX-VIII. Fol.14

हेनौस्-जस. बुर्गेसद्वारा संपादित 'द इण्डियन एण्टिक्केरी' भोल. ६-१८८०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"एको हि खंजनवरो नलिनीदलस्थो
दृष्टः करोति चतुरंगबलाधिपत्यं ।"
–श्रृङ्गारतिलक ४

चतुरंगबलयुक्त राजा सदा विजयी भै जगतलाई वशमा गराउने हुन्छ।

"चतुरंगबलो राजा जगतीं वशमानयेत् ।
अहं पंचांगबलवानाकाशं वशमानये ॥"
–सुभाषित

यी सेना एक पटक संगठित र व्यूहबद्ध भए पछि त्यस बाहिनीको प्रगति रोक्नु शत्रु दलको लागि गाह्रै हुन्छ। यस कथनको सत्यता मध्य–एशिया, ग्रीस र मकदूनियाका दुर्द्धर्ष सैनिकहरुका नेता सिल्यूकसका पराभवबाट प्रमाणित हुन्छ। गुप्तकालीन भारतमा पनि चतुरंगसेनाको अस्तित्व रहेको कुरा गुप्त सम्राट् समुद्रगुप्तका नालन्दा ताम्रलेखका "महानौ–हस्त्यश्च–जयस्कन्धावारानन्दपुर" पंक्तिबाट विदित हुन्छ। यसै तथ्यको परिप्रेक्षमा प्रस्तुत अभिलेखका

"वलगद्वीरपदातिकुन्तविशिखप्रोताश्वनागाकुले
शक्त्या (न्यस्पृहणी) यया रणमुखे संज्ञावशेषान् द्विषः ।"

पंक्तिलाई लिन सकिन्छ। यहाँ पदाति, अश्व, गजको उल्लेख आएको छ। जसले उत्तरप्राचीनकालीन नेपालमा पनि चार किसिमका सेनाको अस्तित्व रहेको तिर इङ्गित हुन्छ। अर्को, त्यसले सैनिकहरु लडाईंमा धनुष–वाण तथा भाला लिई लड्दथे भन्ने कुराको पनि पत्तो हुन्छ।

भट्टारकमहाराजाधिराज श्रीनरेन्द्रदेव हिन्दुधर्मशास्त्रमा निर्दिष्ट बिधान बमोजिम शासन गर्दथे। यस तथ्यको पत्तो प्रस्तुत अभिलेखमा धर्म, अर्थ, काम (त्रिवर्ग) को सम्बन्धमा बाधा नपुऱ्याई आनन्दसंग शासन चलाउने यिनको प्रशस्तिमा उत्कीर्ण गरिएबाट विदित हुन्छ।

कुमारामात्य पद गुप्तकालदेखि सिर्जित हुन आएको देखिन्छ। यस पदको वारे विद्वानहरुका विभिन्न मत छन्। कतिपय विद्वानहरुले यसलाई राजकुमारहरुका अमात्यको रूपमा मात्र लिएका छन्। जुन यथार्थप्रद लाग्दैन। समुद्रगुप्तका प्रयाग स्तम्भलेख, कुमारगुप्तकालीन गुप्तवर्ष ११७ (= ४३६ ई.) का करमदण्डा अभिलेखहरुमा कुमारामात्य हरिषेण तथा कुमारामात्य शिखरस्वामिन्–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पृथ्वीषेण क्रमशः सम्राट् समुद्रगुप्त तथा कुमारगुप्त प्रथमका निजी स्टाफमा रही काम गर्ने पदाधिकारीको रूपमा वर्णित छन्। कुमारामात्यहरु जिल्लाधिकृत पदमा पनि नियुक्त गरिएका उदाहरणहरु देखिएका छन्। गुप्त वर्ष १२८ (=४४७ ई.) को दामोदरपुर ताम्रपत्रमा कुमारामात्य वेत्रवर्म्मा विषयपति (जिल्लाधिपति) को पदमा नियुक्त भएको कुरा वर्णित छ। बसाढको उत्खनन्मा प्राप्त एक प्रकारको मुहरमा "तीर-कुमारामात्याधिकरणस्य" अभिलेख अंकित छ जसले तीरभुक्ति प्रदेशका शासकको रूपमा कुमारामात्य रहेको तिर इङ्गित हुन्छ। यसैले यस पदलाई कुमारामात्य किन भनियो भन्ने कुरा विचारणीय हुन आएको छ जसको समुचित उत्तर अहिले सम्मन् कुनै ठोस रूपले पाउन सकिएको छैन। सम्भवतः गुप्तकाल देखिनैं सामन्ती व्यवस्थाको प्रारूप देखिएको हुँदा त्यस समय कुनै एक ग्राम या जागीरका स्वामी एवं चक्रवर्त्ति सम्राट् दुवैलाई राजानैं भनिने हुँदा[२] ती सामन्तका छोराहरुलाई पनि राजपुत्र अर्थात् कुमार भनिनु प्रकृति छ। संवत् ४५४ को बलम्बु चौकिटारको अभिलेखमा श्रीक्रमलीललाई महाराजमहासामन्त भनिएबाट सामन्तहरुलाई पनि त्यस समय महाराजनैं भनिने गरेको कुरा जानिन्छ। अनि ती सामन्त पुत्र कुमारहरुमध्ये शासनकार्यमा प्रवेश गर्ने कुमारहरुलाई कुमारामात्यको संज्ञा दिएकोमा सम्भावनाकै आधिक्य छ। यी आधारबाट यो एक उच्चस्तरीय पद रहेको कुरा निश्चय प्रतीत हुन्छ। बसाढको उत्खनन्मा प्राप्त गुप्तकालीन मुहरहरुमध्ये कुनैमा "श्रीपरमभट्टारकपादीय कुमारामात्याधिकरण" तथा कुनैमा "श्रीयुवराजभट्टारकपादीय कुमारामात्याधिकरण" अभिलेख अंकित छन्। जसले कुमारामात्य पद श्रीयुवराजभट्टारकसित सम्बन्धित हुनुको अतिरिक्त श्रीपरमभट्टारक राजा सित पनि सम्बन्धित छन्

२. "युक्तिकल्पतरु" ग्रन्थका नीतिकारको अनुसार आफ्नो क्षेत्रमा आफ्नो राजशासनलाई स्वीकार गराउन सक्ने व्यक्ति चाहे त्यो चक्रवर्ती सम्राट् होस् वा कुनै ग्राम या जागीरका स्वामी होस्, राजाको रूपमा पुकारिनु पर्दछ। राजाका यी लक्षण सामन्त-पद्धतिका राजाको बारे पूर्णतया लागु हुन्छ। हेर्नोस्-सत्यकेतु विद्यालंकार लिखित "भारतीय संस्कृति और उसका इतिहास" १९६८ ई., पृ. ४१८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने कुरा निर्णित हुन्छ । यसै तथ्यको परिप्रेक्षमा प्रस्तुत अभिलेखमा वर्णित कुमारामात्य पदलाई लिन सकिन्छ । यहाँ भट्टारकमहाराजाधिराज श्रीनरेन्द्रदेवका दूतकको रूपमा कुमारामात्य प्रियजीवको नाम उल्लेख गरिएको छ । जसको आधारमा उत्तरप्राचीनकालीन नेपालमा कुमारामात्य भट्टारकमहाराजाधिराजको निजी स्टाफमा रही काम गर्ने पदाधिकारी रहेको कुरा निर्णित हुन्छ ।

फेरि, यहाँ "कस्मिंश्चिद्वस्तुन्युपकृतमवेत्य तत्प्रत्युपकारोत्कण्ठितमतिभिरस्माभिर्यूपग्रामद्रङ्गस्य सर्वतलसहितस्य भट्टमाप्चोकाधिकारयोः प्रा (व) ल्यादवश्यं जनस्य महती पीडेत्यनयोरेवाधिकारयोरप्रवेशेन प्रसादः कृतस् ... ..." भनी उल्लेख गरिएबाट भट्टारक महाराजाधिराज श्रीनरेन्द्रदेवको अभ्युदयमा यूपग्रामद्रङ्गका वासिन्दाहरुको महत्वपूर्ण भूमिका रहेको कुरा अनुमान हुन्छ । चिनियां वृत्तान्त अनुसार नेपालबाट भागेर गै तिब्बतमा प्रवासी जीवन व्यतित गरिरहेका नरेन्द्रदेवले तिब्बतका शासकहरुको सहायता लिई नेपालको आफ्नो पैतृक शासनलाई पुनः हस्तगत गर्न समर्थ भएका थिए । तिब्बतबाट आई नेपालमा आक्रमण गरेकै समय तिनलाई यूपग्रामद्रङ्गका वासिन्दाहरुले सहयोग गरेको हुनु धेरै सम्भव छ जसको कारण पनि आफु सिंहासनारूढ भएको लगत्तै पछि तिनले यूपग्रामद्रङ्गका बासिन्दाहरुलाई तिनीहरुका उपकार कार्यको प्रत्युपकार स्वरूप विभिन्न प्रकारका निगाहहरु गर्ने जस्ता कार्यहरु गरेका थिए । यसरी भट्टारकमहाराजाधिराज श्रीनरेन्द्रदेवको नेपाल आक्रमण हुंदा यूपग्रामद्रङ्गका बासिन्दाहरुले तिनलाई सहयोग गरेको कुराको अनुमानले उत्तरप्राचीनकालमा यूपग्रामद्रङ्ग तिब्बतमा आवत जावत गर्ने मूल मार्गमा अवस्थित थियो भन्ने कुराको पनि पत्तो हुन्छ ।

प्रस्तुत अभिलेखको अध्ययनमा तत्समय मानिसहरु तिनीहरुद्वारा संपादित कर्ममैं तिनीहरुको भाग्य निर्धारित हुने कुरामा विश्वस्त देखिनुको साथै तिनीहरुलाई पुनर्जन्ममा पनि आस्था रहेको कुरा जानिन्छ ।

सहायक ग्रन्थहरु

१. जस. बुर्गेसद्वारा संपादित "इण्डियन एण्टिक्वेरी" भोल. ९–१८८०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. वि. एस. एप्ते लिखित "संस्कृत इङ्गलीस डिक्सनरी" १९६८ ई.
३. अ. स. अल्तेकर लिखित "स्टेट एण्ड गवर्नमेण्ट इन अनशण्ट इण्डिया" १९५८ ई.
४. डि. सी. सरकारद्वारा संपादित "सेलेक्ट इन्स्क्रिप्सन्स" १९६५ ई.
५. राहुल सांकृत्यायन लिखित "पुरातत्त्व निवन्धावली" १९५८ ई.
६. सत्यकेतु विद्यालंकार लिखित "भारतीय संस्कृति और उसका इतिहास" १९६८ ई.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १२४

१. संवत् ६९ ज्येष्ठकृष्णदिवासप्तम्यां परमभट्टारकश्रीनरेन्द्रदेवस्य साग्रं वर्षशतं समाज्ञापयेतः चुहुङ्गपेड्याय ....

२. नरप्रिंग्रामग्रामस्य दक्षिणतस्तिलमकस्य च दक्षिणपूर्वतः क्षेत्रं .., शालङ्का वास्तव्यब्राह्मणविश्वसेनस्य पत्न्या सुवर्ण--

३. गोमिन्या ७ प्रत्यायम्महाबलादूध्योत्तप्रसाद-लेख्यं रामस्वामिना दूतकेन दानपाशुपताचार्य्यदक्षिणतिलङुकस्य

४. तेनापि दानशृङ्खलिकपाशुपतानां ग्लानभैषज्यार्थं दत्तं वर्षकस्तत्रैव ग्रामे... पिण्डकं विंशतिकया धान्यमा

५. १४पु७ अस्य करणीयम्.... धान्यकुंडा १ गिच्छिजानामिलगतिवलं वाहिकगुप्त . शारिकावास्तव्य अमात्यभगवचन्द्र

६. तत्रैव निवासिन चन्दकस्य अत्र साक्षिका ज्ञेया चुहुंगपेडानियुक्तस्य धनवृद्धिसहितेन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–१२४
प्राप्तिस्थान– देवपाटनको अभिलेख
मिति– संवत् ६९ ज्येष्ठकृष्णदिवासप्तम्यां
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत– (१) परमभट्टारक श्रीनरेन्द्रदेव (२) ब्राम्हण विश्वसेन (३) सुवर्ण गोमिनी (४) महाबलादध्यक्ष प्रसाद ... ... (५) रामस्वामी (६) दानपाशुपताचार्य्य दक्षिण तिलडुक (७) वाहिकगुप्त (८) अमात्य भगवचन्द्र (९) चन्दक (१०) धनवृद्धि

प्रशासनिक पद–(१) महाबलाद्ध्यक्ष (२) अमात्य
अड्डा–×
शिलापत्र राख्नाको उद्देश्य–औषधोपचारको लागि खेत प्रदान गरेको
शिलापत्र राख्नेको नाम–(१) सुवर्ण गोमिनी (२) दक्षिणतिलडुक
महानात्माहरुको समेत देवताहरुको नाम–×
विहार, मन्दिरको नाम–×
धर्म, धार्मिक, कार्य–शैव धर्म, निस्काम कर्म
कुनमा प्रकाशित–आर. नोली द्वारा LXV संख्या
शिलापत्रको शीर्षचिन्ह–×
लिपि–ब्राह्मी
स्थान–(१) चुहुङगपेडच (२) नर्रप्रग्राम (३) ... ... शालङ्का
संक्षिप्त विवरण–परमभट्टारक श्रीनरेन्द्रदेवले शय वर्ष भन्दा बढी समयसम्म राज्य गरिरहेको बेला ब्राह्मण विश्वसेनकी पत्नी सुवर्ण गोमिनीले दानपाशुपताचार्य दक्षिणतिलडुकलाई भूमि दान दिएको औ तिनले पनि सो भूमि दानश्रृङ्खलिक पाशुपतहरुको औषधोपचारको लागि प्रदान गरेको कुरा प्रस्तुत अभिलेखमा वर्णन गरिएको छ।
कैफियत–हिन्दुधर्म ग्रन्थमा वर्णित एक कथन अनुसार परिवारकोलागि व्यक्ति, गणको लागि परिवार, देशको लागि गण औ आत्माको लागि सम्पूर्ण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देशकै पुर्पानो गर्नु पर्दछ ।[१] यसरी यस वर्णनले एकको साटो धेरैको भलाई हुने कार्यमा मनुष्यले प्रयत्नशील हुनु पर्ने अत्यावश्यकतातिर इङ्गित गरेको छ । आत्माको लागि सम्पूर्ण देशकै त्याग गर्नु पर्ने वर्णनले त उही एक आत्मा यस पृथ्वीका प्रत्येक कणमा अवस्थित रहेको पूर्ण विश्वास साथ यो पृथ्वी सहित सम्पूर्ण चराचर जगतको लागि मनुष्यले आफ्नो संसारलाई नै विर्सनु पर्ने तिर लक्षग रेको छ । यसरी यहाँनिर हिन्दूधर्मको कल्याण कामनाको चरमोत्कर्ष प्रकटित हुन्छ । भगवान बुद्धले पनि व्यक्तिलाई भन्दा समाजलाई प्राथमिकता दिएका छन् । कपिलवस्तुस्थित न्यग्रोधाराममा विहार गरिरहेको समय महाप्रजापति गौतमीले आफैले काटेर आफैले बुनेर तयार गरेको दुस्स लिएर भगवान्लाई चढाउन ल्याउँदा भगवान्बाट स्पष्ट रूपले संघविषयक दक्षिणा भन्दा व्यक्तिगत दक्षिणा बढी फलदायक नभएको कुरा आज्ञा भएका थिए ।[२] यसरी भगवान बुद्ध व्यक्ति र समाज दुईमा एकलाई चुन्नु पर्दा समाजलाई नै प्रधानता दिन्थे भन्ने कुरा थाहा हुन्छ । यसै तथ्यको परिप्रेक्षमा प्रस्तुत अभिलेखमा ब्राह्मण विश्वसेनकी पत्नी सुवर्णगोमिनीले दानपाशुपत सम्प्रदायका आचार्य दक्षिणतिलडुकलाई दान दिएको भूमि तिनले दानश्रृङखलिक पाशुपतहरुको औषधोपचारको लागि पुनः प्रदान गरेको वर्णनलाई लिन सकिन्छ । यसरी व्यक्तिलाई भन्दा समाजलाई प्रधानता दिने प्राचीनकालदेखि प्रचारित हुंदै आएको परम्परा त्यस समय पनि यहाँ कायमै रहेको विदित हुन्छ ।

यहाँ दानपाशुपतहरुको औषधोपचारको लागि भनी खेत प्रदान गरेको उल्लेखले त्यस समय पशुपति क्षेत्रमा आरोग्यशालाहरु स्थापित भएको कुरातिर इङ्गित हुन्छ । उत्तरप्राचीनकालीन नेपालमा आरो-

१. "For the family sacrifice the individual, for the community the family, for the country the community, and for the soul the whole world."
हेर्नोस्–जवाहरलाल नेहरु लिखित "ग्लिम्पसेस अव वर्ल्ड हिष्ट्री", लिण्डसे ड्रम्मोण्ड लि., लण्डन, १९४९ ई., पृ. ७

२. हेर्नोस्–"मज्झिम निकाय" ३.४.१२;
राहुल सांकृत्यायन लिखित 'महामानव बुद्ध' १९५६ ई., पृ. १०६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थ्यशालाहरुको अस्तित्व रहेको कुराको पहिलो उल्लेख संवत् ५२६को लेलेको अभिलेखले गरेको थियो ।

उत्तरप्राचीनकालीन नेपालमा शैवधर्मका अनेकौं शाखा, उपशाखाहरु स्थापित भएका थिए । यसबारे माथि अन्य अभिलेखहरुको वर्णन क्रममा वर्णित भै सकेको हुँदा यहाँ फेरि त्यसबारे अधिक वर्णन गरिरहनु परोईन । तैपनि यस अभिलेखबाट त्यस समय नेपालमा दानशृङ्खलिक पाशुपत सम्प्रदायको अस्तित्व पशुपति क्षेत्रमा विद्यमान रहेको कुरा जानिन्छ ।

अर्को, यस अभिलेखमा भट्टारकमहाराजाधिराज श्रीनरेन्द्रदेवका प्रशस्तिमा "महाराजाधिराज" शब्दलाई लोप गरी "परकभट्टारक" शब्दमात्र उत्कीर्ण गरिएको छ । जुन यस अभिलेखको वैशिष्टच छ । तर, गैर सरकारी अभिलेखहरुमा यस प्रकारका गल्तीहरु प्रायशः भै नै रहने हुँदा तिनीहरुमा उत्कीर्ण राजाहरुका प्रशस्तिमा पूर्णतः विश्वास गर्न नसकिने हुँदा यसबारे धेरै गन्थन गरिरहनु अनावश्यक जस्तो लाग्दछ । परमभट्टारकमहाराजाधिराज श्रीकुमारगुप्तको प्रशस्ति स्वरूप खालि महाराज मात्र उत्कीर्ण गरी भिक्षु बुद्धमित्रले गुप्त वर्ष १ ९ (=४४८ ई.) को मनकुवार अभिलेख प्रतिष्ठापित गरेका थिए ।[३] यसैले गैर सरकारी अभिलेखहरुलाई यी कुराहरुमा पूर्णतः विश्वास गर्न नसकिने कुरा सिद्ध छ ।

फेरि, यहां धान्यकुडा १ भनी उल्लेख गरिएबाट हिजो आज यहांको जनजीवनमा ज्यादातर नापो गर्ने कार्यमा प्रचलित दुई माने कुडवाको ऐतिहासिकता विषय थाहा लिने महत्त्वपूर्ण सामग्री प्राप्त हुन आएको छ ।

---

३. "१ँ नमो बुधान (।) भगवतो सम्यक्सम्बुद्धस्य स्व-मताविरुद्धस्य इयं प्रतिमा प्रतिष्ठापिता भिक्षुबुद्धमित्रेण
सम्वत् १००(+)२०(+)६ महाराज-श्रीकुमारगुप्तस्य राज्ये ज्येष्ठमास-दि १०(+)८ सर्व-दुःक्खप्रहानार्त्थम् (।।)"

—मनकुवार अभिलेख, गुप्त वर्ष १२६ (=४४८ ई.)

सुहेर्नों–डि. सि. सरकारद्वारा संपादित 'सेलेक्ट इन्स्क्रिप्सन्स' १९६५, पृ. २९५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.१२५

(पंक्ति १ देखि १० सम्म पढ्न नसकिने भएको छ ।)

११. ... ... भगवत्पशुपतिभट्टारकपादानुगृहीतो बप्पपादानु-

१२. ध्यातः परमभट्टारकमहाराजाधिराजश्रीनरेन्द्रदेवः कुशली सर्व...

१३. ...वृत्तिभुज ... धिकृत ... भविष्यतश्च यथार्हङ्कुशलमभिधाय

१४. समाज्ञापयति विदितम्भवतु भवतां ... ...

१५. ... ... नवगृह ... ... स्थितिमर्यादोपपन्नत्वश्चाटभटानाम-

१६. प्रवेशश्च प्रशादः कृतस्तदित्थम्भूतार्थवेदिभिर्भगवद्भिरन्यतरान्य-
तराधिका-

१७. राधिकृतैस्तथान्यैरस्मत्प्रसादानुबद्धजीवनैः कैश्चिदपि नव-
गृहम्प्रविष्या—

१८. ल्पतरापि बाधा न कर्तव्या यस्त्विवमामविलङ्घनीयामास्माकीना-
माज्ञामना-

१९. दृत्यान्यथा कुर्यात्कारयेद्वा तं वयं राजाज्ञाप्रतीपगामिनमत्यर्थन्न
मर्षयि-

२०. ष्यामो येपि चास्मदूर्ध्वम्भूपतयो भवितारस्तैरपि सम्यक् प्रजानु-
पालनार्जि—

२१. तसुचरित मभीष्टानां सम्पदां कारणम्मन्यमानैरिह कल्याणा-
युरारोग्य—

२२. राज्यश्रियामुपचयायामुत्रापि चाभ्युदयाय धर्मगुरुतया पूर्व्वराजप्र-

२३. सादानुवर्तनम्प्रति सततमवहितमनोभिर्भाव्यश्चिरकालस्थितये चास्य

२४. प्रसादस्य शिलापट्टकशासनञ्च प्रसादीकृतमिति स्वयमाज्ञापि चान्य-

२५. दिह यत्किञ्चिन्महत्कार्यमुत्पद्यते तच्च स्वयम्पाञ्चालिकैर्निर्णेतुन्न
शक्यते त—

२६. दा तदन्तरासनेन विचारयितव्यं याश्च गौष्ठ्यो नवगृहप्रतिबद्धास्ताश्च

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२७. चाटभटानामप्रवेश्या एव या च व्यवस्था ताम्रशासने लिखिता-
भूत्तयै—
२८. व व्यवस्थया वृजकरथ्यानिवासी मधुसूदनस्वामी पाञ्चालिकसामान्य
इति
२९. दूतकश्च दण्डनायको नृपदेवः संवत् ७१ कर्तिकशुक्लद्वितीयायाम्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.– १२५

प्राप्तिस्थान–पशुपति देउपाटन कसाईं टोलस्थित शिलाभिलेख

मिति–संवत् ७१ कार्तिकशुक्लद्वितीयायाम्

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) भगवत्पशुपतिभट्टारकपादानुगृहीतो बप्पपादानुध्यातः परमभट्टारक महाराजाधिराजश्रीनरेन्द्रदेवः
(२) मधुसूदनस्वामी
(३) दूतकश्च दण्डनायको नृपदेवः

प्रशासनिक पद–(१) दूतक (२) दण्डनायक

मुद्रा–×

शिलापत्र राखनाको उद्देश्य–राजाज्ञा जारी गरेको

शिलापत्र राख्नेको नाम–परमभट्टारकमहाराजाधिराजश्रीनरेन्द्रदेवः

महात्माहरुको समेत देवताहरुको नाम–भगवत्पशुपति

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–×

कुनमा प्रकाशित–आर. नोलीद्वारा LXVIII संख्या; "पूर्णिमा" ६ पूर्णाङ्क, प्रकाशकः संशोधन मण्डल

शिलापत्रको शीर्षचिह्न–शिरोभागमा एउटा चक्रको आकृति अंकित छ।

लिपि–ब्राह्मी

स्थान–नवगृह

संक्षिप्त विवरण–परमभट्टारक महाराजाधिराज श्रीनरेन्द्रदेवबाट नवगृहमा स्थितिवर्धेज बाँधी त्यहाँका बासिन्दाहरुलाई निगाह गरेका कुरा प्रस्तुत अभिलेखमा वर्णित छन्।

कैफियत–मन्दिरको एक नाम रथ पनि रहेको छ। पल्लव नरेश महेन्द्रवर्मा (६००–६२५ ई.) औ तिनका पुत्र नरसिंहवर्माद्वारा निर्मित काञ्चीनगरीको समुद्रतटस्थित मन्दिरलाई रथ भनिन्छ। यिनलाई संसारका अद्भुत वस्तुहरुमा गणना गर्नेहरु पनि छन्। यस प्रकारका रथ मन्दिरहरुमा सप्त रथ समूह सात पगोडाको नामले विश्वविख्यात छन्। यी आधारबाट मन्दिरको एक नाम रथ पनि हो भन्ने कुरा निश्चित हुन्छ। यसै तथ्यको परिप्रेक्षमा प्रस्तुत अभिलेखमा वर्णित पुजिकरथ्या निवासी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शब्दलाई अर्थ्याउन सकिन्छ । उक्त शब्दले वृजिकहरु[१] द्वारा निर्मित मन्दिर क्षेत्रमा वस्ने भन्ने कुरा बुझाउँछ । प्राचीनकालमा विशेषतः मन्दिरको वरीपरीनैं बस्तीहरु वस्तथे । पाठशाला, पञ्चायत घर आदि हरु मन्दिर इलाकामैं वनाइएका हुन्थे औ आवश्यकताको समय शत्रुको सामना गर्ने किल्लाको रूपमा पनि देवस्थल अर्थात् मन्दिरहरुको प्रयोग गरिन्थ्यो । यी पनि एक प्रमुख कारण हुँदा विदेशी आक्रान्ताहरुले मन्दिरहरुको ध्वंश गर्ने कार्यलाई प्राथमिकता दिएका थिए । चौधौं शताब्दी ई. मा बंगालका सुल्तान समसुद्दीनको नेपाल आक्रमण हुँदा तिनले मन्दिरहरुको ध्वस्त गर्ने कार्यमा देखाएको तत्परता अभिलेख एवं बंशावलीको अध्ययनबाट थाहा पाउन सकिन्छ । ल. पु. पिम्बहाल स्थित ठूलो चैत्य तथा स्वयम्भूका अभिलेखहरुले ती चैत्यहरु समसुद्दीनले भूमिसात् गरेका थिए भन्ने कुरा दर्शाएका छन् । पशुपतिनाथको मुखेलिङ्गलाई सुल्तान समसुद्दीनले त्रिखण्ड गरेको कुरा गोपाल वंशावलीले उल्लेख गरेको औ चौधौं शताब्दी ई. का महामन्त्राधिराज श्रीजयसिहराम वर्द्धनलाई पशुपतिनाथ स्थापना गर्ने भनी ने. सं. ५०२ को काठमाण्डू इटुम्बहालको अभिलेख, १४ औं शताब्दी ई. का पशुपतिको अभिलेख आदिमा वर्णित भएबाट उक्त आक्रामकद्वारा पशुपतिनाथ तीन टुक्रा पारिएको कुरा प्रमाणित हुन्छ । यी आधारहरुबाट प्राचीन-

१. अङ्गुत्तर निकाय ग्रन्थ अनुसार वृजि जनपद षोडश महाजनपदहरुमध्ये एक रहेको छ। तिनीहरुको संघ पद्धतिवाट भगवान बुद्ध ज्यादै प्रभावित भएका थिए। यस विषय माथि वर्णन गै सकेको छ । कौटिल्यले पनि आफ्नो अर्थशास्त्रमा वृजिकहरुको उल्लेख गरेको छ ।

"लिच्छविकवृजिकमल्लकमद्रककुकुरकुरुपाञ्चालादयो राजशब्दोपजीविनः"

— अर्थशास्त्र १ अधिकरण ११ अ.

यी आधारबाट वृजिकहरुको ऐतिहासिकता स्पष्टरूपले प्रकटित हुन्छ।

उत्तरप्राचीनकालीन नेपालमा भगवान् बुद्धकालीन गणतन्त्रात्मक व्यवस्थामा हुर्केका लिच्छवि, कोलीय, शाक्यहरुको वसोवास भै सकेको थियो। यस तथ्यलाई तत्कालीन विभिन्न पुरातात्विक सामग्रीहरुबाट सिद्ध गरिसकेका छन्। यसै सन्दर्भमा प्रस्तुत अभिलेखमा वर्णित वृजिक शब्दलाई लिन सकिन्छ। यस शब्दको वृजि जनपदवाट आएको भन्ने अर्थ हुन्छ। जसले तत्समय नेपालमा वृजिहरुको पनि अस्तित्व कायम भएको कुरा प्रामाण्य हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कालदेखिनैं देवस्थलहरुमा मानिसहरुको बस्ती वस्तै आएको कुरा जानिन्छ। संवत् ४५५ को पशुपति भस्मेश्वरको अभिलेखमा सो इलाका पशुपति क्षेत्र भनी बर्णन गरिएकोलाई संवत् ४६७ को पशुपति आर्य-घाटपारी मृगस्थली जाने बाटोको अभिलेखमा देवग्रामको संज्ञा दिइएको छ जुन यहाँ उदाहरण स्वरूप लिन सकिन्छ। यहाँनिर प्रस्तुत अभि-लेखमा बर्णित वृजिकरथ्या निवासी शब्दले वृजिकहरुद्वारा निर्मित मन्दिरक्षेत्रमा वस्ने भन्ने अर्थलाई पुष्टि गर्दछ।

तत्समय पाञ्चाली विषयक नियमहरु रहेका थिए। ताम्रशासनमा व्यवस्था गरिए अनुसार बृजिकरथ्या निवासी मधुसूदनस्वामीलाई पाञ्चालीको सदस्य तुल्याइएको भनी यस अभिलेखमा बर्णित भएबाट उपरोक्त तथ्यको पत्तो हुन्छ। अर्को, यहाँ ताम्रशासनमा वर्णित भए अनुसार राजाबाट वृजिकरथ्या निवासी मधुसूदनस्वामीलाई पाञ्चाली-को सदस्य तुल्याइएको वर्णनले पाञ्चालीको सदस्यतामा नियुक्ति अन्ततः राजाबाटै प्रदान गरिने तत्कालीन नियमको जानकारी मिल्छ।

यहाँ नवगृहमा कुनै प्रकारको विवाद उठेमा त्यसको फैसला गर्ने अधिकार त्यहींका पाञ्चालिकहरुलाई प्रदान गरिएको कुराको उल्लेखले तत्समय पञ्चालिकहरुलाई न्यायिक अधिकार पनि प्राप्त थियो भन्ने कुरा विदित हुन्छ। यस अभिलेखमा पाञ्चालिकहरुले छिन्न नसकेका मुद्दाहरुमात्र अन्तरासनवाट हेरिने कुराको वर्णनले नवगृहस्थित पाञ्चालिकहरुको निर्णय अन्तिम मानिने कुरा सिद्ध छ। औ तिनीहरुले छिन्न नमिल्ने तथा छिन्न नसकेका मुद्दाहरु मात्र अन्त-रासनमा पेश गरिने भै अन्तरासनद्वारा त्यसको टुङ्गो लगाइन्थ्यो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १२६

१. ॐ शौर्योत्साहपराक्रमाभयनयत्यागप्रतापादिभिः
श्लाघ्यैः स्वामिगुणैरनन्यसुलभैः संस्पर्धयेवान्विते
२. पृथ्वीं पाति नरेन्द्रदेवनृपतौ वङ्शक्रमाभ्यागतां
संत्यक्तस्वसुखोद्यमे परहितव्यापारनिन्मात्मनि
३. तत्पादाप्तप्रसादादुपनतविभवो विष्णुदेवः कृतात्मा
लोकस्य ब्राह्मणादेस्त्रिषवणविधिवन्मार्जनादिप्रपूर्त्यै
४. पाषाणद्रोणमेतं सुविहितसलिलोद्धारयन्त्रोदपानं
कृत्वा तत्पुण्यबीजाद्बहुतरसुकृतारम्भमाशस्तभूयः
५. संवत् ७८ कार्तिकशुक्लनवम्याम् प्रयुगादौ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–१२६

प्राप्तिस्थान–नक्साल भगवतीवहाल अगाडि जलधेनुको अभिलेख

मिति–संवत् ७८ कार्तिकशुक्लनवम्यां

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) ॐ शौर्योत्साहपराक्रमाचयनयत्यागप्रतापादिभिः श्लाघ्यैः स्वामिगुणैरनन्यसुलभैः संस्पर्धयेवान्विते पृथ्वीं पाति नरेन्द्रदेवनृपतौ वङ्श क्रमाभ्यागतां (२) विष्णुदेवः

प्रशासनिक पद–×

अड्डा–×

शिलापत्र राख्नाको उद्देश्य–पुण्यकर्मको विउबाट धेरै धर्मका कामको उत्पत्तिको आशा गरी

शिलापत्र राख्नेको नाम–श्रीविष्णुदेवः

महानात्माहरुको समेत देवताहरुको नाम–×

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–सकाम कर्म

कुनमा प्रकाशित–आर. नोलीद्वारा LXIX संख्या; "संस्कृत–सन्देशः" २०११ विजयादशमी

शिलापत्रको शीर्षचिह्न–×

लिपि–ब्राह्मी

स्थान–×

संक्षिप्त विवरण–शुरचाईं, उत्साह, पराक्रम, संचय, नीति, दान, प्रताप आदि प्रदर्शनीय गुणहरुले युक्त तथा आफ्नो सुख सयल्को धन्दालाई छोडेर अरुको उपकारकै काममा दिलोज्यान लाउने महाराजाधिराज श्रीनरेन्द्रदेवबाट कुलको क्रमैसंग आएकी पृथ्वीलाई पालना गरिरहनु भएको समयमा उहाँकै पाउको निगाहबाट ऐश्वर्य कमाएका आत्मवत्ता भएका विष्णुदेवले ब्राह्मण लगायत दुनियाँहरुको त्रिकाल स्नान र विधिपूर्वक नुहाई धुवाईको काम चलोस् भन्नाको लागि पानी झिक्ने यन्त्र तथा कुवा समेत बनेको यस ढुङ्गे धाराको निर्माण गरी त्यस पुण्यकार्यको वीजबाट धेरै धर्मका कामको उत्पत्तिको आशा राखे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कैफियत–प्रस्तुत शिलालेखका पंक्तिहरुले महाराजाधिराज श्रीनरेन्द्रदेवका चारित्रिक विशेषताहरु माथि महत्त्वपूर्ण प्रकास पारेका छन् । यसमा वर्णित भए अनुसार महाराजाधिराज श्रीनरेन्द्रदेव शुन्याईं, उत्साह, पराक्रम, निडरपन, नीति, दान, प्रताप आदि जस्ता प्रशंसनीय गुणहरुले युक्त हुनुको अतिरिक्त आफ्ना सुख सयलको कार्यलाई छोडेर पनि लोक कल्याणको कार्यमा सदा उद्यमशील रहने एक महान् सहृदयी शासक रहेका छन् ।

अनुमानित छैठौं शताब्दी ई. का पशुपति छत्रचण्डेश्वरको अभिलेखमा देवताको स्नान विषयक उल्लेख आएको छ जसले तत्समय मानिसहरुमा स्नान गर्ने चलन विद्यमान रहेको कुराको पुरातात्त्विक आधार भेटिन्छ । मानिसहरु देवताको लागि तिनै सामग्री एवं विधि अनुसार पूजाआजा गर्दछन् जुन तिनीहरुको दैनन्दिन जीवनमा व्यवहृत भै रहेका हुन्छन् । यसै तथ्यको सन्दर्भमा प्रस्तुत अभिलेखमा वर्णित त्रिकाल स्नानलाई लिन सकिन्छ । त्रिकाल स्नानको लागि पानी तान्ने यन्त्र र इनार समेत बनाई ढुङ्गे धारा निर्माण गरेको कुराको उल्लेखले त्यस समय नेपालमा त्रिकालस्नानको परम्परा ज्यादै प्रचलित रहेको कुराको जानकारी मिल्छ । काठमाण्डू मीननारायण स्थानको अभिलेखमा वर्णित त्रिसन्ध्या वन्दनको वर्णन उक्त तथ्यको अरु पुट्याईं स्वरूप छ । किनभने स्नानद्वारा शरिरलाई सुग्घर सफा पारेर मात्र सन्ध्यावन्दनको कार्य गरिन्छ । ब्रह्मचर्य जीवनमा पालन गर्नु पर्ने विधानको अध्ययनमा उक्त तथ्यको स्पष्ट फ्फल्को मिल्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १२७

१. ... ... सर्वसत्त्वहिताय ... ...
२. ... ... तस्य संस्कारपूजार्थम् भिक्षुणीसंघमर्पितपणाः पुराण-
सहिता ... ... प्रकल्प्य वत्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–१२७
प्राप्तिस्थान–कान्तिपुर मुसुंवहालको अभिलेख
मिति–×
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–×
प्रशासनिक पद–×
अड्डा–×
शिलापत्र राख्नाको उद्देश्य–×
शिलापत्र राख्नेको नाम–×
महानात्माहरुको समेत देवताहरुको नाम–×
विहार, मन्दिरको नाम–×
धर्म, धार्मिक कार्य–बौद्ध धर्म
कुनमा प्रकाशित–'अभिलेख संग्रह' भाग ९, प्रकाशक: संशोधन मण्डल
शिलापत्रको शीर्षचिह्न–×
लिपि–ब्राह्मी
स्थान–×
संक्षिप्त विवरण–सबै प्राणीको हितको निमित्त, तिनको संस्कार र पूजाको निमित्त भिक्षुणीहरुको संघलाई पुराण र पणहरु समर्पण गरिएका कुराहरु प्रस्तुत शिलालेखमा वर्णित छन् ।
कैफियत–भिक्षु आनन्दको अनुरोधमा अष्ट गुरुधर्मको पूर्ण परिपालन गर्ने प्रण गरेकी महाप्रजापति गौतमीलाई वैशालीमा भगवान् बुद्धले भिक्षुणीमा दीक्षित गराएका थिए । महाप्रजापति गौतमी भिक्षुणी भैसकेपछि सर्वप्रथम भिक्षुणी संघको स्थापना वैशालीमा भयो । यस दृष्टिले पनि बौद्धधर्मको इतिहासमा वैशालीको खास स्थान रहन गएको छ । नेपालको इतिहासमा सर्वप्रथम छैठौं शताव्दी ई. देखिनै भिक्षुणी संघ स्थापना भएको कुरा ल. पु. चपस्थित अभिलेखले थाहा दिएको छ। यसै तथ्यको परिप्रेक्षमा प्रस्तुत अभिलेखलाई लिन सकिन्छ । यहाँ सबै प्राणीको हितको निमित्त, तिनको संस्कार र पूजाको लागि भिक्षुणी संघलाई पुराण, पणहरु समर्पण गरिएका कुराहरु वर्णित छन् जसले तत्समय भिक्षुणी संघको पनि राम्रो समुन्नति रहेको कुरा जानिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १२८

१. ॐ स्वस्ति कैलासशृङ्गाभ्यान्नयनोत्सवकारिणः
कैलासकूट भवनात्

२ रम्याञ्जमति विस्त्र(श्रु)तात् ।
राज्ञां मणिर्लिच्छविवंस(श)जानां योभूद्गुणैस्सर्वजनातिसरण्यैः

३ शक्तित्रयापूरितमण्डलश्रीः शशीव संलक्ष्यतरो नृपाणाम् ॥
स विनयत्यप—

४. राक्रमालङ्कृतमूर्तिर्भगवत्पशुपतिभट्टारकपादानुगृहीतो बप्पपादा-
नुध्यातो भ—

५. ट्टारकमहाराजाधिराजश्रीनरेन्द्रदेवः कुशली नेपालसीमान्तःपातिनः
सर्वाधिकाराधिकृ

६. तान्वर्तमानान् भविष्यतश्च समाज्ञापयति विदितमस्तु भवतां
हंसगृहद्रङ्गस्य ... . पश्चिमको

७. ... .. ग्रामसहितस्य चाटभटाप्रवेशः शरीरकोट्टोभयानेक
मर्यादोपपन्नः कश्चित्प्रसा—

८. दशासनपट्टकोभूत्स च पूर्वराजविभ्रमतो(?)नष्टोधुनास्माभिश्चि-
रन्तनव्यवस्थानुपाल

९. नजातादरैः(:)स एव प्रसादश्चिरस्थितये शिलापट्टकाभिलेख्येन
प्रसादीकृतोत्र

१० च मर्यादा कुलपतिना देया कार्तिकशुक्लैकादश्याम्मार्गसंस्कारार्थन्त-

११. ण्डुलमानिका ४ द्वादश्याम्भगवतो लोकपालस्वामिनः प्रतिष्ठादिने
तत्रै-

१२. व ब्राम्हणजनस्य शान्त्युदकम्पणानां पुराणम् २५ द्रङ्गसीमा-
भ्यन्तरस्था--

१३. नाम्ब्राह्मणप्रमुखानाम्माचाण्डालेभ्यो घृताशनसमितादि भोजनम्;

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आनर-
१४ स्तम्भानामेकैकस्य संस्थापनार्थम् तण्डुलमानिका ५४ गोयुद्धपताका-
वस्तु—
१५. पुराण २५ क्रियाकरणम्भगवतो लोकपालस्वामिनः पावनार्थन्धा-
न्यमानिकाः
१६. ४० देवस्थापकस्य भुक्तिकाधान्यमानिका .. .. दकभुक्तिका
धान्यमानिकाः
१७. २४ देवभृत्यानान्दशानामेकतो भुक्तिकाधान्यमानिका १४० दासीनां
विसती-
१८. नामेकतो मानिकाशतत्रयं षष्ठ्युत्तर ... त ... मानिकाशतद्वयं
चत्वारिंशदूमा—
१९. निकाधिकं भासक्षेत्रेणैव ... च यत्पूरणीयं मानिका-
२०. शतं त्रिंशदुत्तरं तत्कुलपते .. . न्देवभृत्यानाम्पुराण १२०
२१. दासीनाम्पुराण ८० मृत्तिका ... . का ५ पण पुराण ६०
२२. अङ्गनशोधनार्थन्तण्डुलमा . .. ... शोधनार्थङ्कोङ्कोग्रामपाञ्चा-
२३. लिकानान्तण्डुलमानिका ... ... १ माघशुक्लद्वादश्याम्
२४. द्रङ्गसीमाभ्यन्तरस्थानां ... . यथाग्व्यफा—
२५. ल्गुनमासेन क्षेत्रमणि ... .. ज्येष्ठशुक्लैकाद-
२६. श्यां वराहयात्रायां सीमाभ्यन्तर ... .
२७. सीनान्तण्डुलमानिका ... ...
२८. मण्या तन्धि ... ...
२९. अर्चनानिमित्तम ... ...
३०. का: १२ इन्द्रो .. ..
३१. यजभवन ... ...
३२. दक्षिण ... .
३३. ... ...
३४. ... ...
३५. पालनीयं ... ...
३६. ... ...
३७. पूर्वराजप्र ... ... पालनपरैरेव ... ...
३८. शास्त्रानुशी ... .. यतः पूर्वदत्तां द्विजातिभ्यो य[त्नाद्रक्ष]

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

युधिष्ठिर

३९. महीं महीभुजां श्रेष्ठ दानाच्छ्रेयोनुपालनमिति संवत् ८० ...

४०. कृष्णादिवा दशम्याम् दूतकश्चात्र श्रीयुवराज ... (...) देवेति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–१२८

प्राप्तिस्थान–अनन्तलिङ्गेश्वरको शिलालेख

मिति–संवत् ८० (?) .. . कृष्णदिवा दशम्याम्

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–ॐ स्वस्ति कैलासशृङ्गाभाम्नयनोत्सवकारिणः कैलासकूटभवनात् रम्याज्जगति विस्रु (श्रु) तात् । राज्ञां मणिर्लिच्छविवंस(श) जानां योभूद्गुणैस्सर्वजनातिगण्यैः शक्तित्रयापूरितमण्डलश्रीः शशीव संलक्ष्यतरो नृपाणाम् ।। स विनयनयपराक्रमालङ्कृतमूर्तिर्भगवत्पशुपति भट्टारकपादानुगृहीतो बप्पपादानुध्यातो भट्टारकमहाराजाधिराज श्रीनरेन्द्रदेवः

प्रशासनिक पद–दूतक

अड्डा–×

शिलापत्र राख्नाको उद्देश्य–राजाज्ञा जारी गरेको

शिलापत्र राख्नेको नाम–भट्टारकमहाराजाधिराज श्रीनरेन्द्रदेवः

महानात्माहरुको समेत देवताहरुको नाम–(१) भगवत्पशुपति (२) भगवती लोकपालस्वामी (३) वराह (४) इन्द्र (५) युधिष्ठिर

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–×

कुनमा प्रकाशित–"अभिलेख संग्रह" भाग १, प्रकाशक: संशोधन मण्डल

शिलापत्रको शीर्षचिह्न–×

लिपि–ब्राह्मी

स्थान–(१) हंसगृहद्रङ्ग (२) भासक्षेत्र (३) नेपाल (४) शोधनार्थङ्कोङ्कोग्रामपाञ्चालिका

संक्षिप्त विवरण- चाटभटको प्रवेशलाई रोकेर हंसगृहद्रङ्गका विभिन्न विषयक खर्चहरु समेत शरिर, किल्ला दुवैको तथा अनेक स्थितिबन्धेज कायम गरी आएकोमा पूर्व राजाहरुको लापर्बाहीले गर्दा सो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नष्टप्राय: भएकोलाई फेरि स्थायित्व प्रदान गर्ने इच्छा हुँदा नेपाल सीमानाका वर्तमान औ भावी सबै अधिकृतहरुलाई आज्ञा दिंदै भट्टारकमहाराजाधिराज श्रीनरेन्द्रदेवले यो सनद शिलामा उत्कीर्ण गराई स्थापित गरेको कुरा यसमा वर्णित छ ।

कैफियत – प्रस्तुत अभिलेखमा हंसगृहद्रङ्गस्थित भगवान् लोकपालस्वामीको पूजा –आजा, विधि–विधान आदिको वर्णन गरिएको छ जसले तत्समय देव मन्दिरहरुको कार्य सुचारु रूपले सञ्चालन गर्नुको लागि नियमन खास निश्चित व्यवस्थाहरु थिए भन्ने कुरा जानिन्छ । यद्यपि यस अभिलेखमा अक्षरहरु ज्यादैनें मेटिई सकेका छन् तापनि यसका बाँकी अंशहरुले यसको महत्तालाई अझै दर्शाई रहेका छन् । भगवान लोकपालस्वामीको पूजा-आजा, यात्रा आदि जस्ता धार्मिक विधि विधानको राम्रो सञ्चालन गर्ने कार्यको जिम्मा एक जना कुलपतिको हातमा सुम्पेका थिए । यसरी देवप्रासादको व्यवस्थाको सुचारु सञ्चालनको जिम्मा लिई कार्य गर्ने व्यक्ति पनि कुलपतिनैं भनिन्थ्यो भन्ने कुराको पत्तो हुन्छ ।

यस शिलालेखमा वर्णित भगवान् लोकपालस्वामीको ऐतिह्य बारे निश्चित् रूपले केही भन्न सकिदैन तापनि लोकपालस्वामी नामको आधारमा यसले तत्समय अत्यधिक रूपले प्रचलित अष्ट दिक्पाल (लोकपाल) देवता सित साम्यता राखेको प्रतीत हुन्छ । अमरकोशमा आठ दिशाका रक्षकको रूपमा अष्ट दिक्पालका नाम वर्णित छन् जुन निम्न छन् — (१) इन्द्र (२) अग्नि (३) यम (४) नैर्ऋत (५) वरुण (६) मरुत् (७) कुबेर (८) ईशः । यी लोकपालहरुमध्ये उत्तर–पूर्व कोणका पालकको रूपमा महादेवलाई लिइएको कुरा स्पष्ट छ । जसले महादेव विभिन्न लोकपालहरुमध्ये एक रहेको कुरा सिद्ध भै प्रस्तुत लोकपालस्वामी भगवान् शिवनैं रहेको कुरा निश्चय प्रतीत हुन्छ । यी देवता नेपाल खाल्डोको उत्तर–पूर्व दिशामैं अवस्थित हुँदा पनि उक्त अनुमानको पुष्टि हुन्छ । यसको अतिरिक्त यस अभिलेखको शीर्षभागमा साँढेको आकृति अंकित छ जुन यसको पुष्टयाईंको लागि अझ बढी सहायक स्वरूप छ ।

कार्तिक शुक्ल एकादशीको दिन विष्णुको जस्तै महादेवको दर्शन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्न जाने एक पावन पर्वको रूपमा उत्तरप्राचीनकालदेखिनैं मान्यता मिल्दै आएको कुरा प्रस्तुत अभिलेखमा उक्त दिन भगवान् लोकपाल स्वामी (महादेव) को मन्दिरको मार्ग सफा गराउने चलन चलेको कुरा वर्णित भएबाट विदित हुन्छ। प्राचीन अनुश्रुति अनुसार विष्णुको दर्शन गर्न जाने व्यक्तिले महादेवको दर्शन गर्न जानु अनिवार्य छ। विष्णुको दर्शन गरेर महादेवको दर्शन नगरेमा त्यसलाई कुनै पुण्य नहुने कुरा केदारखण्डका निम्न पंक्तिबाट स्पष्ट रूपले जानिन्छ।

"अकृत्वा दर्शनं वैश्य केदारस्याघनाशिनः
यो गच्छेद् बदरीं तस्य यात्रा निष्फलतां व्रजेत् ।।"
—केदारखण्ड

उपरोक्त कथन कै आधारमा नेपालमा कुनै पनि वैष्णव पर्वहरुको अवसरमा शिव मन्दिरमा पनि मानिसहरु महादेवको दर्शन गर्न जान्छन्। आषाढ शुक्ल एकादशी तथा कार्तिक शुक्ल एकादशी वैष्णव धर्मसित खास सम्बन्धित तिथिहरु रहेर पनि ती दिनहरुमा शिवको दर्शनार्थ पशुपति जाने मानिसहरुको घुइँचो अत्यधिक मात्रामा हुने हुन्छ। साँच्चै भन्ने हो भने नेपालमा उत्तरप्राचीनकाल देखिनैं शिव र विष्णुलाई दुई भिन्न देवताको साटो एउटै देवताको रूपमा मान्ने परम्परा चल्दै आएको देखिन्छ। तत्समय देखिनैं हरिहर मूर्तिको प्रतिष्ठापन गर्ने परम्परा प्रचलित हुँदै आएकोलाई यहाँ उदाहरणको रूपमा लिन सकिन्छ।

अर्को, प्रस्तुत अभिलेखमा भगवान् लोकपालस्वामीको प्रतिष्ठा गरिएको कार्तिकशुक्ल द्वादशीको दिन विभिन्न विधि विधान गरिनु पर्नेकुरा वर्णित छ। यो दिन शिवपुरिस्थित भगवान् बुढानीलकण्ठको दर्शनगर्न मानिसहरुको ओईरो लाग्छन्। बुढानिलकण्ठ एकप्रकारको हरिशंकरको मूर्ति रहेको छ। यसबारे माथि वर्णन गै सकेको हुँदा यहाँ फेरि त्यही नैं कुरो दोहऱ्याई रहनु अनावश्यक लागेकोछ। जे होस्,यी आधारहरु बाट उत्तरप्राचीनकालीन नेपालमा शिव र विष्णु दुई भिन्नाभिन्नै देवता नभै एउटै देवताको रूपमा मानिएर प्रत्येकजसो वैष्णव प्रधान पर्व शैव पर्व पनि मानिने कुरा स्वीकार्य लाग्दछ। यसमा सत्यकै बाहुल्य छ।

त्रिविध शक्ति कुनै पनि राजामा हुनु पर्ने एक अत्यावश्यक शर्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ । यी तीन शक्तिको अभावमा राजलक्ष्मी संदिग्ध नैं हुने हुन्छ । यसैले यी शक्तिहरुलाई प्राचीन नीतिकारहरुले ज्यादैं महत्व दिएका छन् । अमरकोश अनुसार त्रिशक्तिका नामहरु निम्न छन्–
(१) प्रभु शक्ति (२) मन्त्र शक्ति (३) उत्साह शक्ति
शक संवत् ५५६को ऐहोल अभिलेखमा पनि त्रिविध शक्तिको वारे वर्णन छन् । यसै तथ्यको परिप्रेक्षमा प्रस्तुत अभिलेखका "शक्तित्रयापूरितमण्डल श्री ... ..." पंक्तिलाई लिन सकिन्छ । यसमा भट्टारकमहाराजाधिराज श्रीनरेन्द्रदेव उक्त त्रिशक्तिद्वारा मण्डलकी लक्ष्मीलाई परिपूर्ण पार्नेको रूपमा चित्रित गरिएको छ । यिनले उत्तरप्राचीनकालीन नेपालको राजनीतिवाट आभीरहरुको शक्तिलाई सदाको लागि चकनाचूर पारी लिच्छवि शक्तिलाई पुनः स्थापन गरेको घटनाले उनी त्रिशक्ति युक्त छ भनी माथि वर्णित कथन सत्यप्रदनैं लाग्दछ ।

उत्तरप्राचीनकालीन नेपालको जन जीवनमा प्रकाश पार्ने क्रममा तत्समयको दासप्रयाको वारे उल्लेख गरिनु अनिवार्य छ । याज्ञवल्क्य र नारद स्मृतिहरुमा दासहरुका वारे उल्लेख गरिनुको अतिरिक्त तिनीहरुका सम्बन्धमा अनेक प्रकारका नियमहरु दिइएका छन् । दास कयौं प्रकारका हुन्थे–लडाईंमा जितेका, स्वयं आफुलाई वेचेका, दासका सन्तान, किनिएका औ सजायँको रूपमा जसलाई दास वनाउने दण्ड दिइएको छ । दासहरु अलग कमाईद्वारा रुपैयाँ वचाएर स्वयं आफुलाई मालिक संग किनेर स्वतन्त्र हुन सक्थे । नारद स्मृतिका अनुसार जब कुनैं दास स्वतन्त्रता प्राप्त गर्दथे त उनी आफ्नो काँध माथि घडा राखेर खडा हुन्थे । तिनका स्वामी त्यस घडालाई दासको काँधवाट झिकेर फुटाई दिन्थे औ फेरि तिनका सिरमा जल छड्की दिन्थे । त्यस जलमा फूल र चना राखेको हुन्थ्यो । यसरी स्वतन्त्र भएका दासको अभिषेचन गरी तिनका भूतपूर्व स्वामी तीन वार घोषणा गर्दथे कि अव उनी स्वतन्त्र भएका छन् । यसरी ख्रिष्टाव्दको अनन्तर लिखित उक्त स्मृति ग्रन्थहरुमा दासहरुको वारे वर्णन गरिएका छन् भन्ने कुरा जानिन्छ । मानदेव प्रथमकालीन चावहिलको अभिलेखका "दासवत्तानि सन्धार्य्यं कृपया-परिपीड्य ता (:)" पंक्तिवाट उत्तरप्राचीनकालीन नेपालमा दास

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रथाको अस्तित्व रहेको तिर इङ्गित गरेको थियो। यसै कुराको सन्दर्भमा प्रस्तुत अभिलेखमा वर्णित दास, दासीहरुलाई लिन सकिन्छ। देव भृत्यको वर्णनले दासहरु खालि मनुष्यकै दासको रूपमा मात्र नरही देवप्रासादका दासको रूपमा पनि त्यस समय बनाइन्थ्यो भन्ने कुराको जानकारी मिल्छ।

यस अभिलेखमा वराह यात्रा औ गो युद्धको उल्लेखले उत्तर-प्राचीनकालमा देवताहरुको यात्रा गर्ने चलन चलेको कुरा थाहा हुनुको अतिरिक्त साँढे जुधाएर मनोरञ्जन लिने परम्परा चलेको थाहा हुन्छ। ती उत्सवहरुको लागि खर्च पनि नियत गरिएका थिए।

फेरि, यहाँ इन्द्रको नाम प्रयुक्त हुनुको साथै यज भवन (यज्ञशाला)को उल्लेख आएबाट इन्द्रको पूजा तथा याज्ञिक कर्म काण्डको त्यस समय व्यापक प्रचार रहेको कुरा ज्ञात हुन्छ। उत्तर प्राचीनकालीन नेपालको सर्वप्राचीन स्वयम्भू अभिलेखमा पनि इंद्र एवं याज्ञिक कर्म काण्डको बारे वर्णन गरिएको कुरा माथि उल्लेख भै सकेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १२६

१.. ... ... सर्व्वसत्त्वो

२. बुद्धो भवेत् चेत्रञ्च भूमि १० भगवतोस्यावलोकितेश्वरस्य धूपदीपेन मा २ आर्यसङ्घस्य च मा ५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.– १२९
प्राप्तिस्थान–बण्डाहिटीको शिलालेख
मिति–×
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–×
प्रशासनिक पद–×
अड्डा–×
शिलापत्र राख्नाको उद्देश्य-ईश्वरको लागि धूप, दीप, खेत आदि प्रदान गरेको उपलक्षमा
शिलापत्र राख्नेको नाम–×
महानात्माहरुको समेत देवताहरुको नाम–(१) बुद्ध (२) अवलोकितेश्वर
विहार, मन्दिरको नाम–×
धर्म, धार्मिक कार्य–बौद्धधर्म
कुनमा प्रकाशित–"अभिलेख संग्रह" भाग १, प्रकाशक: संशोधन मण्डल
शिलापत्रको शीर्षचिह्न–×
लिपि–ब्राह्मी
स्थान–×
संक्षिप्त विवरण–बुद्ध, अवलोकितेश्वर तथा आर्यसंघको लागि भूमि, धूप, दीप आदि प्रदान गरेको वर्णन प्रस्तुत शिलालेखमा गरिएको छ।
कैफियत–प्रस्तुत शिलालेखमा बुद्ध, अवलोकितेश्वर एवं आर्यसंघको वर्णन आएबाट त्यस समय बुद्ध धर्मको यथेष्ट प्रचार रहेर महाराजाधिराज श्रीनरेन्द्रदेवको समयदेखि आर्यावलोकितेश्वर (बुंगद्यो)को यात्रा चलेको भन्ने वंशावलीको कथनलाई पुष्ट्याई गरेको लागेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १३०

१. स्वस्ति कैलासकूट भवनाद ... ...
२. (वत्पशु)पतिभट्टारकपादानुगृहीतो बप्पपादानु (ध्यातः)
३. पर (मभ)ट्टारकमहाराजाधिराजश्रीनरेन्द्रदेवः कुशली
४ ... ... नः सर्वाधिकरणाधिकृतान् ... --
५. ... ... वर्तमानान्भविष्यतोपि यथार्हङ्कुशल-
६. म्पृष्ट्वा समाज्ञापयति विदितमस्तु भवतां यथा
७. महाप्रतिहारचन्द्रवर्मविज्ञापितैरस्माभिस्तत्प्रतिमान्य
८. .. .. पशुपतौ वाग्वतीपूर्वकूले भगवद्वज्रेश्वरमण्ड-
९. ल्यां ... - सर्वाधिकरणानामप्रवेशेनास्या .. .. प्र
१०. ... .. गणप्रसादीकृतमनेनास्याम्मदनु
११. ज्ञातेनात्मनः श्रेयोभिवृद्धये धार्मिकगणानामतिसृष्टम्
१२. प्रतिपालनम्प्रति ज्ञानयोगकर्मयोगरतैः शीलाचार-
१३ परैर्वस्तव्यन्तैरपि यथाकालमनतिक्रम्य देवानाम्
१४. स्नपनगन्धपुष्पधूपप्रदीपवर्षवर्धनवर्षाकाल -
१५. वादित्रजपकादिका कारणपूजा कर्तव्या मण्डल्याञ्च
१६. उपलेपनसम्मार्जनप्रतिसंस्कारादिकङ्कृत्वा यद्यस्ति
१७. परिशेषन्तेन द्रव्येण भगवन्तं वज्रेश्वरमुद्दिश्य
१८. पाशुपतानाम्ब्राह्मणानाञ्च यथासम्भवम्भोजनङ्कार-
१९. णीयन्तदन्यच्च कालान्तरेण यदि कदाचिद्दानपति-
२०. त्वेन प्रार्थयन्ते आपत्सु तत्कालम्बुध्वा दानपतीनां
२१. धान्यानाञ्चतुर्विंशतिर्मानिका देया अतोधिकन्दानप-
२२. तिभिर्न ग्राह्यं यदि चात्र कार्यमुत्पद्यते परमासने-
२३. न विचारमात्त्रङ्करणीयन्न तु द्रव्यस्याक्षेपस्तदेव-
२४. मपगत्य सर्वाधिकरणाधिकृतैरन्यैर्वा न कैश्चिदय-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२५. मस्मत्प्रसादोन्यथा कर्तव्यो ये त्वस्मदाज्ञां व्यतिक्रम्य वर्तन्ते
२६. वयन्तेषान्न मर्षयामो येप्यस्मदूर्ध्वम्भवितारो राजा-
२७. नस्तैरपि पूर्वनृपतिकृतप्रसादप्रतिपालनाद्द-
२८. तैर्नान्यथा करणीयो स्वयमाज्ञा दूतकश्चात्र भट्टारक
२९. श्रीयुवराजस्कन्ददेवः संवत् ८३ भाद्रपदशुक्लदिवा
३०. (ष)ष्ठ्याम ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.– १२०
प्राप्तिस्थान–ल.पु. गंल्लीधाराको अभिलेख
मिति–संवत् ८३ भाद्रपदशुक्लदिवा (ष) ष्ठ्याम्
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) स्वस्ति कैलासकूटभवनाद...
..(वत्पशु)पतिभट्टारकपादानुगृहीतो
बप्पपादानु(ध्यातः) पर(मभ)ट्टा-
रक महाराजाधिराजश्रीनरेन्द्रदेवः
(२) महाप्रतिहारचन्द्रवर्म
(३) दूतकश्चात्र भट्टारक श्रीयुवरा-
जस्कन्ददेवः
प्रशासनिक पद–(१) महाप्रतिहार (२) दूतक
अड्डा–×
शिलापत्र राख्नाको उद्देश्य–पशुपति वज्रेश्वरको मण्डलीमा सबै अड्डाहरुले पस्न नपाउने गरी राजाज्ञा जारी गरेको
शिलापत्र राख्नेको नाम–परमभट्टारकमहाराजाधिराजश्रीनरेन्द्रदेवः
महात्मात्माहरुको समेत देवताहरुको नाम–(१) पशुपति (२) भगवद्वज्रेश्वर
विहार, मन्दिरको नाम–×
धर्म, धार्मिक कार्य–शैवधर्म (पाशुपत सम्प्रदाय), सकाम कर्म
कुनमा प्रकाशित–बेण्डालद्वरा ३ संख्या; आर. नोलीद्वारा LXX संख्या; "पूर्णिमा" १४ पूर्णाङ्क, प्रकाशकः संशोधन मण्डल
शिलापत्रको शीर्षचिह्न–शिरोभागमा बसिरहेको साँढेको आकृति अंकित छ।
लिपि–ब्राह्मी
स्थान–वागवती (नदी)
संक्षिप्त विवरण–महाप्रतिहार चन्द्रवर्मालि बिन्ति चढाए अनुसार भगवान् बज्रेश्वरको मण्डलीमा सबै अड्डाहरुले पस्न नपाउने निगाह गरिएको छ। चन्द्रवर्मालि हाम्रो आज्ञा लिएर आफ्नो पुण्य बढोस् भनी उक्त मण्डलीका धार्मिक संघहरुलाई दान दिएको छ। ज्ञानयोग र कर्मयोगमा लागेकाहरुले सदाचारमा रही यसको हेरविचार गर्नु। देवतालाई गर्नु पर्ने पूजा आजाको सबै काम गरेर बाँकी रहेको पैसाले भगवद्वज्रेश्वरलाई लक्ष राखी पाशुपतहरु र ब्राह्मणहरुलाई भोजन गराउनु। पछि फेरि कसैले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आपत् परेको बेला दान माग्न आएमा तिनीहरुलाई पनि दान दिनु । अर्कोत, यस स्थानमा झगडा परेमा त्यसको छानबीन परमासनमा मात्र हुनेछ । मुद्दा मामिलामा पैसा जफ्त गर्नु हुंदैन ।

कैफियत– प्रस्तुत शिलालेखबाट त्यस समय पशुपति क्षेत्रमा पाशुपतहरुको मण्डली रहेको बोध हुन्छ । कुनै पनि सरकारी अड्डाहरुले त्यहाँ पस्न नपाउने औ त्यहांका आवश्यक कार्यहरु जम्मै त्यहींका धार्मिक संघद्वारा गराउने गरी ती संघहरुलाई अधिकार प्रदान गरिएको तथा त्यहां पूजा र आयस्ता सम्बन्धी व्यवस्था बाँधेको वर्णनले लिच्छवि राजाहरु तद् तद् विषयको कार्य तद् तद् संघहरुकै अधीन गराउन चाहन्थे भन्ने कुरा बोध हुन्छ ।

यहाँ महाप्रतिहार चन्द्रवर्माले आफ्नो मात्र पुण्यको लागि धार्मिक संघहरुलाई दान दिएको कुरा राजाज्ञामा वर्णित भएबाट विशेष आश्चर्य र विचारणीय कुरो हुन गएको छ ।

देवस्थलमा बाजा बजाउने, लिप्ने, बढार्ने आदि वर्णनले तत्कालीन धार्मिक रीतिरिवाजको पत्तो हुन्छ । प्रस्तुत शिलालेखको अतिरिक्त फर्पिङ्गबाट ल्याई ल. पु. भण्डारखालमा राखेको संवत् ४३ ज्येष्ठ कृष्णको अभिलेखमा पनि देवमन्दिरमा बाजा बजाउने चलनको उल्लेख आएबाट उक्त प्रकारको बाजा बजाउने आधुनिक परिपाटीको प्राचीनता स्पष्ट जानिन्छ ।

मुद्दा मामिलामा पैसा जफ्त नगर्नु भन्ने उल्लेखले तत्समय व्यापार मानिसहरुको एक मुख्य पेशा रहेर पैसा त्यसको लागि अत्यावश्यक कुरो हुंदा व्यक्तिको अपराधमा पैसाको जफ्तीले परिवारमा आंच पर्ने हुनाले त्यसको जफ्ती गर्नु निषेध गरिएको हुनु धेरै सम्भव छ । लगनटोल यङ्गालहिटी तथा सुनागुठी भृङ्गारेश्वरका संवत् ६४ र ६५ का शिलालेखहरुमा अपराधीको अतिरिक्त तिनका अरु अंशियारहरुलाई केही दण्ड नगर्ने भन्ने कुरा उल्लेखी दुनियाँहरुलाई प्रसादस्वरूप राजाज्ञा भएदेखि लिच्छवि दण्डनीतिमा देखिन लागेको परिवर्तनको सूचन प्रस्तुत अभिलेखको मुद्दा मामिलामा पैसा जफ्त नगर्नु भन्ने राजाज्ञामा स्पष्ट रूपले झल्किन्छ ।

वेद एक प्रकारले सागर समान छ असमा जीवनपथमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अग्रसर हुनुको लागि अत्यावश्यक विभिन्न प्रकारका मार्गहरुको प्रतिपादन गरिएका छन् । जसको कारण रुचीनाम् वैचित्र्यात्‌को सिद्धान्त अनुरूप वेदलाई भिन्न-भिन्न मानिसहरु भिन्न-भिन्न दृष्टिले हेर्नें हुन्छन् । यसै तथ्यलाई ध्यानमा राखी वेदप्रति मानिसहरुमा अनास्था उत्पन्न हुन नपाउन् भन्ने अभिप्रायले वेदलाई ज्ञान एवं कर्म गरी दुई काण्डमा द्वैपायन व्यासले विभाजन गरेका थिए । (अनुमानित छैठौं शताब्दी ई. को हाडिगाउँको स्तम्भलेखको अध्ययनमा यस तथ्यको स्पष्ट झल्को मिल्दछ ।) ज्ञानयोग (ज्ञानमार्ग) र कर्मयोग (कर्म मार्ग) का स्रोत यसरी वेदमैं भएको जानिएर उक्त दुई विभिन्न योगमा लाग्नेहरु प्राचीनकालदेखिनैं ज्यादै सक्रिय थिए भन्ने कुराको पत्तो हुन्छ । यसै तथ्यको सन्दर्भमा प्रस्तुत अभिलेखलाई लिन सकिन्छ । यसमा ज्ञानयोग र कर्मयोगमा लाग्नेहरुले सदाचारको पूर्ण परिपालन साथ भगवद्‌वज्रेश्वर मण्डली तथा भगवान् वज्रेश्वरका पूजा-आजा औ आवश्यक विधि विधानको सुचारु रूपले सञ्चालन एवं हेरविचार गरून् भनी राजाज्ञाद्वारा निर्देश दिइएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १३१

१. — — प्र — — सरङ्ग — — मौ पोतशि त्तौ — स. इभ —
२. — — — न — — — — वलै — म् स्थितं यस्य वः पायात्
३ — — रः — — सरङ्ग — — स्म — — दूराद — राजनि —
४. — धि — — — ल — — स — भां — द — स्थि — राज्य
५. भद्राधिवास शिल — — — वा — — — — — — — —
६. — पला — जि — ई — — — — — — — — — —
७. — — सम्यक् — — — — — — — — — — —
८. — पतिना — — — — — — — — — — — —
९. भट्ट — — — — — — — — — — — — — —
१०. — वे — — — — — — — — — — — — — — —

(पंक्ति ११ देखि १३ सम्म पढ्न नसकिने भएको छ।)

१४. — — — — — — — — — दोप — रिभि
१५. — — — — — त्तभ त्र — — —
१६ — — — — — — स्मदूद्ध्र्वं भ
१७. — — — पत — — — — एवं स्थितमित्यस्म —
१८. — — द्रत्तासंविधानं — — — शासनं पूर्वनृपतेः
१९. — ति — स्म महीपतिः — — — पुण्य — निष्ठानां स्थैर्यम्प्र
२०. — — द — — — दूतकश्चात्र राजपुत्र जनार्दनवर्मा
२१. संवत् ८९ — — — — त्रयोदश्याम् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–१३१

प्राप्तिस्थान–ललितपुर वटुक भैरवको मन्दिरस्थित अभिलेख

मिति–संवत् ८९ ... .. त्रयोदश्याम्

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) भद्राधिवास शिल ... .. (२) दूतकश्चात्र राजपुत्र जनार्दनवर्मा

प्रशासनिक पद–दूतक

मुद्रा–×

शिलापत्र राख्नाको उद्देश्य–राजाज्ञा जारी गरेको

शिलापत्र राख्नेको नाम–×

महानात्माहरुको समेत देवताहरुको नाम–×

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–बौद्ध धर्म

कुनमा प्रकाशित–आर. नोलीद्वारा LXXI संख्या

शिलापत्रको शीर्षचिह्न–शिरोभागमा दुईटा मृगको अतिरिक्त धर्म चक्रको आकृति अंकित गरिएको छ।

लिपि–ब्राह्मी

स्थान–×

संक्षिप्त विवरण–प्रस्तुत शिलालेखमा मृग सम्बन्धि वा बौद्ध धर्मको सम्बन्धमा चर्चा गरिएको अनुमान हुन्छ।

कैफियत–प्रस्तुत शिलालेखको अक्षर साह्रै नैं बिग्री सकेको हुनाले अर्थ राम्रो खुल्न सकेको छैन। तैपनि यसका शुरु-शुरुका बाँकी अक्षरहरुको आधारमा शिलालेखको शुभारम्भ मङ्गलाचरणद्वारा गरिएको अनुमान हुन्छ।

यसमा शारङ्ग शब्द प्रयुक्त भै मृग सम्बन्धि वा बौद्ध धर्मको सम्बन्धमा कुनै चर्चा रहेर त्यसको व्यवस्थाको लागि राजाबाट कुनै राजाज्ञा जारी गरिएको अनुमान हुन्छ। किनभने प्रस्तुत शिलालेखको शिरोभागमा बौद्ध धर्मचक्रको साथै दुईटा मृगको चित्र पनि अंकित गरिएका छन्।

उत्तरप्राचीनकालीन तीन मुख्य भवनहरु मध्ये भद्राधिवास एक रहेको छ जसको सर्वप्रथम उल्लेख प्रस्तुत शिलालेखमैं भएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १३२

१. इत्येवं विदितार्थैं [रस्म] त्पादोपजीविभि [रन्यैर्वायं प्रसादो नान्य]
२. था करणीयो यस्त्वेतामाज्ञामुत्क्रम्यान्यथा कुर्यात्कारयेद्वातमह
३. मत्यर्थन्न मर्षयिष्यामि ये वास्मदूर्ध्वम्भवितारो भूमिपतय
४. स्तैरपि पारम्पर्यमेवं स्थितमित्यस्मत्प्रसादप्रतिपालनसं
५. विधानपरैरेव भाव्यमिति स्वशासनचिरस्थित्यै लोक
६. द्वयविशुद्धये रक्षितव्यं नृपैर्यत्नात्पूर्वभूपतिशासन
७. मिति स्वयमाज्ञा दूतकश्चात्र रुद्रचन्द्रगोमीति
८. संवत् ६० वैशाखशुक्लदिवादशम्याम्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं– १३२

प्राप्तिस्थान–बलम्बु विहार भित्रको अभिलेख

मिति–संवत् ९० वैशाखशुक्लदिवादशम्याम्

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–दूतकश्चात्र रुद्रचन्द्रगोमो

प्रशासनिक पद–दूतक

अड्डा– X

शिलापत्र राख्नाको उद्देश्य–राजाज्ञा जारी गरेको

शिलापत्र राख्नेको नाम– X

महानात्माहरुको समेत देवताहरुको नाम– X

विहार, मन्दिरको नाम– X

धर्म, धार्मिक कार्य– X

कुनमा प्रकाशित–"अभिलेख संग्रह" ५ भाग, प्रकाशकः संशोधन मण्डल

शिलापत्रको शीर्षचिह्न– X

लिपि–ब्राह्मी

स्थान– X

संक्षिप्त विविरण–यस स्थिति वन्धेजलाई भविष्यमा हुने राजाहरुले पनि आपनो शासनको स्थिरता हुने सम्झेर परिपालन गर्नु आदि–आदि कुराहरु यसमा उल्लेख गरिएको छ :

कैफियत– प्रस्तुत शिलालेखको अक्षर सार्‍है नै विग्री सकेको हुनाले अर्थ राम्रो संग खुल्न सकेको छैन। अमेरिकी विद्वान व्यालिन्जरले प्रस्तुत संवत्को अंकलाई १९० भनी पढेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १३३

१. [ये धर्मा] हेतुप्रभवा हेतु [तेषां] तथागतो ह्यवदत् ।
२. तेषां [च यो नि] रोध एवं वादी महाश्रमणः ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं- १३३
प्राप्तिस्थान- काठमाण्डू हेणाकर महाविहारस्थित अभिलेख
मिति- ×
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत- ×
प्रशासनिक पद- ×
अड्डा- ×
शिलापत्र राख्नाको उद्देश्य- ×
शिलापत्र राख्नेको नाम- ×
महानात्माहरुको समेत देवताहरुको नाम- तथागत
विहार, मन्दिरको नाम- ×
धर्म, धार्मिक कार्य- बौद्ध धर्म
कुनमा प्रकाशित- आर. नोली द्वारा
शिलापत्रको शीर्षचिह्न- ×
लिपि- ब्राह्मी
स्थान- ×
संक्षिप्त विवरण- जत्ति पनि धर्म यस संसारमा छ ती सबै हेतुको उपज रही त्यसको निरोध पनि सम्भव रहेको तथ्य प्रस्तुत अभिलेखमा वर्णन गरिएको छ ।

कैफियत- प्रज्ञापारमिताको श्लोक उत्कीर्ण गरिएको प्रस्तुत शिलाभिलेखबाट उत्तरप्राचीनकालमा महायानी बौद्ध दर्शनको व्याप्ती प्रचार यहाँ रहेको जानिन्छ । भगवान् बुद्धले शील (सदाचार), समाधि (मनको एकाग्रता) औ प्रज्ञा (असाधारण ज्ञान) तीनै माथि विशेष जोर दिए तापनि तिनको खास झुकाव प्रज्ञामाथि अधिक मात्रामा भए-काको कारणनै तिनलाई एक महान् दार्शनिकको संज्ञा दिइएको छ । यसरी नै शून्यता औ प्रज्ञाको पर्याय स्वरूप प्रज्ञापारमिता ग्रन्थहरु महायानी बौद्ध सम्प्रदायमा अनेक संख्यामा लेखिन लागेको थियो । तर, ती सबै प्रज्ञापारमिताहरुको सार निचोड एउटै रहेको छ-सबै शून्य छ, सबै जगत माया र स्वप्न समान छ । अद्वैतवादी शंकर लाई परोक्ष बौद्धको संज्ञा दिइनाको खासकारण पनि उक्त शिक्षाको अनुरूपनै यिनको जगन्मिथ्या सिद्धान्त हुनाले हो ।

नेपालमा पनि प्राचीनकालदेखिनै प्रज्ञापारमिता ग्रन्थहरु लेखिन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लागेको थियो । ल. पु. महाबौद्धस्थित १० औं शताब्दी ई. को प्रज्ञापारमिता, का. पु. विक्रमशील महाविहारस्थित १२ औं शताब्दी ई. को प्रज्ञापारमिता औ ल. पु. हिरण्यवर्ण महाविहारस्थित १३ औं शताब्दी ई. का प्रज्ञापारमिता आदि–आदि ग्रन्थहरु यस सन्दर्भमा उल्लेख योग्य छन् । उत्तरप्राचीनकालकै कुनै पनि प्रज्ञापारमिता ग्रन्थ अहिले सम्मन् यहाँ प्राप्त हुन सकेको छैन । तर, प्रस्तुत अभिलेखको उक्त एक श्लोकी प्रज्ञापारमिता तथा १९३५ ई. को लुम्बिनी उत्खनन्मा प्राप्त प्रज्ञापारमिताको सोही श्लोक उत्कीर्ण गरिएको मुद्रामा तत्कालीन महायानी बौद्ध दर्शनको गहन अध्ययनको परिचय जानिन्छ ।

अर्कोत धर्म, तिनको हेतु औ तिनको निरोधको उल्लेख प्रस्तुत एक श्लोकी प्रज्ञापारमितामा गरिएबाट यथार्थतया बौद्धधर्म एवं दर्शनको सार उक्त कार्य, कारण औ निरोधको ज्ञानमैं निहीत रहेको विदित हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १३४

१. ॐ स्वस्ति भद्राधिवास भवनात् — — — — — — —
२. — — — — बप्प — — — — — — — — —
३. — — — ल — — — — — — — — — —
(पंक्ति ४ देखि ७ सम्म पढ्न नसकिने भएको छ)
८. — — — — — — लकरल — — — — — —
९. — — — — वर्तमानान्भविष्यतश्च — — — [कुश] —
१०. [ल] माभाष्य समाज्ञापयति विदितम्भवतु [भव] —
११. [तां य] थैषाङ्गणिगुल्मकोमालिहि — — माशि — —
१२. — — श्चाटभटानामप्रवेश्येन — - त्वनास — —
१३. — — — — तुष्टैः प्रसादः कृत्येवमधिगतार्थै —
१४ [र] स्मत्पादोपजीविभिरन्यैर्वा न कैश्चिदयम्प्रसा —
१५. [दो] न्यथाकरणीयो य इमामाज्ञामुल्लङ्घ्यान्यथा [कु] —
१६. र्यात्कारयेद्वा सोऽस्माभिर्नमर्षणीयो ये चास्मदू [र्ध्वं]
१७. [भ] वितारो भूमिपालास्तैरपि पूर्वराजप्रसादसं —
१८. रक्षणप्रवणमानसैरेव भाव्यमिति स्वयमाज्ञा
१९. दूतकश्चात्र श्रीयुवराजशौर्यदेवः संवत् ६५
२०. पौषशुक्लदिवा दशम्याम् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–१३४
प्राप्तिस्थान–ललितपुर च्यासलटोलस्थित गणेश मन्दिरको अभिलेख
मिति–संवत् ९५ पौषशुक्लदिवादशम्याम्
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) ॐ स्वस्ति भद्राधिवास भव-
नात्... ...(२) दूतकश्चात्र श्री-
युवराजशौर्यदेवः

प्रशासनिक पद–दूतक
अड्डा–×
शिलापत्र राख्नाको उद्देश्य–राजाज्ञा जारी गरेको
शिलापत्र राखनेको नाम–×
महानात्माहरुको समेत देवताहरुको नाम–×
विहार, मन्दिरको नाम–×
धर्म, धार्मिक कार्य–×
कुनमा प्रकाशित–आर. नोलीद्वारा LXXII संख्या
शिलापत्रको शीर्षचिह्न–शिरोभागमा बसिरहेको साँढेको आकृति अंकित छ।
लिपि–ब्राह्मी
स्थान–आङ्गणिगुल्मको मालिहि
संक्षिप्त विवरण–तिमीहरुदेखि खुशी भएर त्यस स्थानमा चाटभटहरुको प्रवेश हुन नदिने गरी तिमीहरुलाई निगाह गरिएको छ। यो कुरा थाहा पाउने हाम्रो पाउको निगाहाबाट जीविका गर्ने वा अरुहरु कसैले पनि यो हाम्रो आज्ञालाई उल्लङ्घन नगर्नू, गरेमा सहने छैन आदि-आदि कुराहरु प्रस्तुत शिलालेखमा वर्णित छ।
कैफियत–प्रस्तुत शिलालेखको अक्षर ज्यादैनै बिग्रेकोले अर्थ राम्ररी खुलेको छैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १३५

१. ... ... निश्शेषं सान्द्र ... ... सम्बुद्धञ्जगदेकगु(रु) ··· म
२. ... ... यत्पुण्यं सञ्चितम्मया
तेनेयञ्जनता कृत्स्ना बौद्धम्पदमवाप्नुयात्
३. ... ... न-र्द्ध स्य वलेपश्चिमप्रदेशे चेत्रमस्य पिण्डकं वर्त्तमान-
विंशतिक ... ... मा २६
४. चार्द्ध मा ... तण्डुलश्चार्द्ध मा ... मा ६ उपलेपनधूपदीपानाम्मा ३
५.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–१३५
प्राप्तिस्थान–स्वयम्भूको अभिलेख
मिति–×
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–×
प्रशासनिक पद–×
धर्म, धार्मिक कार्य–बौद्ध धर्म, सकाम कर्म
शिलापत्र राख्नाको उद्देश्य–सम्पूर्ण जनताले बुद्धपद प्राप्त गरुन्
शिलापत्र राख्नेको नाम–×
महानात्माहरुको समेत देवताहरुको नाम–बुद्ध
विहार, मन्दिरको नाम–×
अड्डा–×
कुनमा प्रकाशित–"अभिलेख संग्रह" १ भाग, प्रकाशक: संशोधन मण्डल
शिलापत्रको शीर्षचिह्न–×
लिपि–ब्राह्मी
स्थान–×
संक्षिप्त विवरण–बुद्धको चरण प्राप्तिको अभिलाषा लिई खेत र धूप, दीप, तण्डूल आदि पूजाका सामग्रीहरु चढाउनुको साथै त्यहाँ लिप पोत गर्ने जस्ता कुरा प्रस्तुत शिलालेखमा वर्णन गरिएको छ।
कैफियत–प्रस्तुत अभिलेखमा विष्णुपद भनिए जस्तै बुद्धपदको उल्लेख आएको छ। यसरी त्यस समय यहाँ वैष्णव धर्मावलम्बीहरु विष्णु पदको लागि लालायित रहे जस्तै बौद्धमार्गीहरु बुद्धपद प्राप्तिको लागि लालायित रहेको कुराको यथार्थता जानिन्छ। जसको कारण उत्तरप्राचीनकालीन नेपालका लिच्छवि शासकहरुका प्रायजसो अभिलेखहरुमा बप्पपादानुध्यातः भनी उत्कीर्णन गरिएकोमा तत्समय यहाँ व्यापक रूपले प्रचारित रहेका धर्महरुको प्रभाव अत्यधिक मात्रामा रहेको कुरालाई बिर्सन सकिदैन।

गयामा बोधिज्ञान प्राप्त गरि सकेपछि बुद्ध धर्मोपदेशको लागि मृगदाव सारनाथमा गएका थिए। त्यहाँ यिनले पञ्च भद्रवर्गीयलाई सर्वप्रथम धर्मोपदेश गरे जसलाई धर्मचक्रप्रवर्त्तनको संज्ञा दिइएको छ। त्यसको अनन्तर बुद्धले धर्मोपदेश दिने कार्यलाई चालूनै राखे। बुद्धका ती धर्मोपदेश यत्ति प्रभावोत्पादक थिए कि उनीद्वारा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिपादित बौद्धधर्म यिनको जीवनकालमैं एक सुप्रसिद्ध धर्मको रूपमा प्रतिष्ठापित हुन गयो । बुद्ध भगवान्को रूपमा पूजित भए । किनभने यिनमा भगवान्मा हुने "ईस्सरीय, धम्म, यस, सिरी, काम, पयतन" आदि गुणहरु सन्निहीत रहेका थिए ।[१] हिन्दुमार्गीहरुले यिनलाई विष्णुका विभिन्न अवतारहरुमध्ये एक माने, देवताहरुको पंक्तिमा यिनलाई एक महत्वपूर्ण स्थान प्रदान गरे । अनि घट, कलश र कुम्भ यो तीन शब्द एउटै अर्थका वाचक भए जस्तै मन्त्र, गुरु र देवता यी तीन शब्द पनि एउटै अर्थका वाचक हुँदा[२] बुद्धलाई जगद्गुरुको पनि संज्ञा दिइन लागेको थियो । छैठौं शताब्दी ई. को अजन्ता गुहाभिलेखमा बुद्ध लोकगुरुको रूपमा चित्रित गरिएको छ ।[३] यिनै तथ्यहरुको परिप्रेक्षमा प्रस्तुत अभिलेखमा वर्णित "सम्बुद्ध जगदेक गुरु......" पंक्तिलाई लिन सकिन्छ । यस अभिलेखको आधारमा उत्तरप्राचीनकालीन नेपालमा बुद्ध एवं बुद्धधर्मको ज्यादै प्रचार रहेर बुद्धलाई जगद्गुरुको रूपमा मान्यता मिलेको कुरा सिद्ध हुन्छ ।

---

१. हेर्नोस्-डि. सि. सरकारद्वारा संपादित "सेलेक्ट इन्स्क्रिप्सन्स" १९६५ ई., पृ. ६७

२. "यथा घटश्च कलशः कुम्भश्चैकार्थवाचकाः ।
तथा मन्त्रो देवता च गुरुश्चैकार्थवाचकाः ॥"
—सुन्दरीतापनीय

हेर्नोस्-"कल्याण"-शक्त्यङ्क, पृ. ११६

३. "⏑ ⏑ — ⏑ ⏑ — ⏑ — ⏑ — —
प्रति पुण्योपचयं परं चकार (।)
यत उद्‌मद [स्सहायधर्म्मा]
[परितो लोकगुरौ] चकार कारा [न् ?] (॥) २१"
—अजन्ता गुहाभिलेख, छैठौं शताब्दी ई.

हेर्नोस्- डि. सि. सरकारद्वारा संपादित "सेलेक्ट इन्स्क्रिप्सन्स" १९६५ ई., पृ. ४५४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १३६

१. (ॐ स्वस्ति) भद्राधिवासभवनादप्रतिहतशासनो भगवत्पशुपतिभ-ट्टारकपादानुगृही(तो)
२. (ब)प्पपादानुध्यातो लिच्छविकुलकेतुः परममाहेश्वरपरमभट्टारक-महाराजाधिरा(ज)
३. (श्री)नरेन्द्रदेवः कुशली गुल्लं तङ्ग्रामनिवासिनः प्रधानपुरस्सरान्स-र्वकुटुम्बिनः (कु)
४. शलमाभाष्य समाज्ञापयति विदितम्भवतु भवतां यथायं ग्रामो भगवत्पशुपतौ(स्व)
५. कारितमहाप्रणालीनामशाठ्येन सर्वेतिकर्तव्यानामनुष्ठानार्थं वि-ष्ट्याज्ञानुविधायि(त्वे)–
६. न चाटभटानामप्रवेश्येन शरीरकोट्टमर्यादोपपन्नः शरीरसर्वकरणी-यप्र (ति)
७. मुक्तः कुटुम्बी (?) बहिर्देशगमनादिसर्वविष्टिरहितो गुर्विणीमरणे गर्भोद्धरणा(य)
८. (प)णशतमात्रदेयेन ससवगोष्ठापमृगापचारे सपणपुराणत्रयमात्र-देयेन (च)
९. युक्तश्चौरपरदारहत्यासम्बन्धादिपञ्चापराधकारिणां शरीरमात्रं राजकुलभा
१०. व्यन्तद्गृहक्षेत्रकलत्रादिसर्वद्रव्याण्यार्यसङ्घस्येत्यनेन च सम्पन्नः श्रीशिवदेवविहा–
११. (रे) चतुर्दिशार्य्यभिक्षुसङ्घायास्माभिरतिसृष्टः सीमा चास्य पूर्वो-त्तरेण विहारा–
१२ –प्रणालीभ्रमस्ततो दक्षिणमनुसृत्य गोमिभूधश्च प्रदेशे वाग्वतीनदी-भा–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१३. -नुसृत्य गोन्तिलमकसंगमस्तत उत्तरङ्गत्वा श्रीमानदेवविहारखर्जुरिका(वि)

१४. (हा)रचेत्रयोः संधिस्ततः पश्चिमङ्गत्वा खारेवालगश्चो ततः पश्चिममनु(सृत्य)

१५. (मध)यमविहारस्य पूर्वदक्षिणकोणपार्श्वालिमार्गेणोत्तरङ्गत्वा प्रणाल्याः पूर्वो

१६. (त्त)रानुसारेण कुण्डलक्षेत्रस्य दक्षिणपूर्वकोणे महापथस्ततो मार्गानुसा(रे)

१७. णोत्तरङ्गत्वाभयरुचिविहारस्य पूर्वप्रा(कार)स्ततः पूर्वोत्तरमनुसृत्य वार्त (क)

१८. ल्याणगुप्तविहारस्य दक्षिणपूर्वप्राकारौ ततः पूर्वोत्तरमनुसृत्य चतुर्भा-

१९. लटसनविहारस्य पूर्वदक्षिणकोणस्तत उत्तरम्पश्चिमश्चानुसृत्योत्तरप-

२०. श्चिमकोणे वृहत्पथस्ततपूर्वोत्तरङ्गत्वा कम्बीलम्प्रा तत उत्तरपूर्वमनुसृत्य

२१. श्रीराजविहारेन्द्रमूलकयोः पानीयमार्गसंघात (खातकस्तस्योत्तरपूर्वेण)

२२. (वृ) हन्मार्गस्य दक्षिणवाटिकाया दक्षिणाल्यनुसारेण पूर्वदक्षिणश्चानुसृत्य प

२३. -थस्ततो यात्रत्स्वलप्रणाल्यां परिगेस्पुल्लीपार्श्वे मार्गस्ततस्तमेव मार्गन्दक्षिणे-

२४. (ना)नुसृत्य स एव विहारस्ततः प्रणालीभ्रम इत्येतत्सीमपरिक्षिप्ते-स्मिन्नग्र (हा)-

२५. (रे य)दि कदाचिदार्यसंघस्याशक्यं कार्यमुत्पद्येत तदा परमासनेन विचा (रणी)

२६. यमित्येवमवगतार्थैरस्मत्पादोपजीविभिरन्यैर्वायम्प्रसादोन्यथा न क (र)

२७. (णीयो यस्त्वेन्यथा कु) र्यात्कारयेद्वा सोस्माभिस्सुतरान्न मर्षणीयो

२८. (ये चास्मदूर्ध्वम्भवितारो भूमिपा)लास्तैरप्युभयलोकनिरवद्यसुखार्थिभिः पू-

२९. (र्वराजवि)हि (तोयं विशिष्टः प्रसाद इ)ति प्रयत्नत (स्सम्यक्परिपालनीय एव यतो ध-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३०. (मेशास्त्र)व(च)नं (बहुभि)र्वसुधा दत्ता (राजभि)स्स (गरादिभिः)।
यस्य यस्य यदा भूमिस्त
३१. स्य तस्य तदा (फलम्)... ...।—
३२. संवत् (१०)३ ज्यैष्ठ (शुक्) लसप्तम्याम्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.-१३६

प्राप्तिस्थान–ल. पु. यङ्गु बहाल टोलस्थित ताहा गल्लीको अभिलेख

मिति–संवत् (१०) ३ ज्यैष्ठ (शुक्)ल सप्तम्याम्

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत– (ॐ स्वस्ति) भद्राधिवास भवनादप्रतिहतशासनो भगवत्पशुपति भट्टारकपादानुगृही (तो) (ब) प्पपादानुध्यातो लिच्छविकुलकेतुः परममाहेश्वर परमभट्टारकमहाराजाधिरा(ज) (श्री)नरेन्द्रदेवः

प्रशासनिक पद–×

अड्डा–×

शिलापत्र राख्नेको उद्देश्य– आफुले निर्माण गराएको धारोमा गर्नुपर्ने सबै काम गराउनका लागि श्रीशिवदेवविहारस्थित आर्यभिक्षुहरुको संघलाई ग्राम प्रदान गरेको

शिलापत्र राख्नेको नाम– परमभट्टारकमहाराजाधिराज श्रीनरेन्द्रदेवः

महानात्माहरुको समेत देवताहरुको नाम– (१) भगवत्पशुपति (२) परममाहेश्वर (३) सगर

विहार, मन्दिरको नाम– (१) श्री शिवदेव विहार (२) श्री मानदेव विहार (३) खर्जुरिका विहार (४) मध्यम विहार (५) कल्याण गुप्त विहार (६) चतुर्भालटसन विहार (७) श्रीराज विहार (८) अभयरुचि विहार

धर्म, धार्मिक कार्य–×

कुनमा प्रकाशित– सिल्वां लेवी द्वारा २० संख्या, आर. नोलीद्वारा LXXIV संख्या; "पूर्णिमा"– १४ पूर्णाङ्क प्रकाशकः संशोधन मण्डल

शिलापत्रको शीर्षचिह्न–×

लिपि– ब्राह्मी

स्थान– (१) गुल्लंतङ्ग्राम (२) गोमिभूधश्चो प्रदेश (३) वाग्वती नदी (४) खारेवालगश्चो (५) कुण्डल क्षेत्र (६) कम्बीलम्प्रा (७) परिगेस्पुल्ली

संक्षिप्त विवरण– प्रस्तुत शिलालेखमा पनि संवत् १०३ ज्यैष्ठशुक्ल दिवात्रयोदश्याम्को पशुपति वज्रधरको अभिलेखको वर्णन नैं मुख्य रूपले वर्णित छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कैफियत–गोठमा घाइते मृगको हेरचाह नगरेमा भन्ने उल्लेखले त्यस समय यहाँ नजिक–नजिकनै वन जंगल प्रशस्त मात्रामा रहेर जङ्गली प्राणीहरु पनि पाल्ने चलन विद्यमान रहेको विदित हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १३७

१. ॐ स्वस्ति भद्राधिवास (भवनादप्रतिहतशासनो भगवत्प)शुपति भट्टारकपादानु–
२. गृहीतो बप्पपा(दानुध्यातो लिच्छविकुलकेतुः प)रममाहेश्वरपर–भट्टा–
३. रकमहाराजाधिरा(जश्रीनरेन्द्रदेवः कुशली)...ख्वगर्तग्रामे प्रधान-पुरस्सरा—
४. न्सर्वकुटुम्बिनः कुशल(माभाष्य समाज्ञाप)यति विदितम्भवतु भवतां यथाय–
५. ङ्ग्रामो भगवत्पशुपतौ स्वकारितमहाप्रणालीनामशाठ्येन सर्वेति-कर्तव्याना–
६. मनुष्ठानार्थं विष्ट्याज्ञानुविधायित्वेन चाटभटानामप्रवेश्येन शरीरकोट्टमर्या–
७. दोपपन्नः शरीरसर्वकरणीयप्रतिमुक्तः कुटुम्बी (?) बहिर्देशगमना-दिसर्ववि–
८. ष्टिरहितो गुर्विणीमरणे गर्भोद्धरणाय पणशत्रमात्रदेयेन सत्तत-गोष्ठापमृ–
९. गापचारे सपणपुराणत्रयमात्रदेयेन च युक्त श्चौरपरदारहत्या-सम्बन्धादि
१०. पञ्चापराधकारिणां शरीरमात्रं राजकुलभाव्यन्तद्गृहक्षेत्रकलत्रादि-सर्वद्रव्या–
११. एयार्यसंघस्येत्यनेन च सम्पन्नः श्रीशिवदेवविहारे चतुर्दिशार्यभिक्षु-सङ्घायास्मा–
१२. भिरतिसृष्ट सीमा चास्य पूर्वोत्तरेण श्रेष्ठिदुल्मूर्ध्नि प्रीतुव्रु मध्य-माली तस्याः किञ्चित्पू–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१३. वेंण वृहदाल्या दक्षिणमनुसृत्य चुह्वङ्ग भूमिम्पूर्वदक्षिणेन वेष्टयित्वा ह्यु प्रिङ्गामी
१४. मार्गस्तन्दक्षिणमनुसृत्य सरलवनगामी मार्गस्तम्पश्चिममनुसृत्य ह्यु प्रिम्पाञ्चा-
१५ लिकक्षेत्रपश्चिमकोणाद्दक्षिणपश्चिममनुसृत्य श्रीखर्जुरिकाविहारस्य सर्वो
१६. परिपक्षेत्रपश्चिमाल्या दक्षिणङ्गत्वा पृच्छित्र दक्षिणेश्वराम्बुतीर्थक्षेत्राणां सन्धिः
१७. ततश्च दक्षिणमनुसृत्य शशिक्षेत्रपूर्वदक्षिणकोणात्किञ्चित्पश्चिमङ्गत्वा मित्तम्त्र पू-
१८. र्वाल्या दक्षिणमनुसृत्य तत्सर्वदक्षिणाल्या पश्चिमङ्गत्वा किञ्चिदुत्तरञ्च ततः पश्चिम-
१९. मनुसृत्य च निम्त्र दक्षिणपश्चिमकोणाद्दक्षिणङ्गत्वा लोप्रिङ् ग्रामेन्द्रगौष्ठिकक्षेत्रपूर्व-
२०. दक्षिणकोणात्किञ्चित्पश्चिमङ्गत्वा न्हु प्रिम्पाञ्चालिकक्षेत्रपश्चिमाल्या दक्षिणमनुसृत्य
२१. ... भूमेरुत्तरपूर्वकोणे न्हु प्रिङ् गामी वृहत्पथस्तम्पश्चिममनुसृत्य न्हु प्रिलो—
२२. प्रि... स्तिस्रोतोधोनुसृत्य मेकण्डदुल्तिलमकसङ्गमस्तत्पश्चिमोर्ध्वमधिरुह्य कन्दर
२३. ... नुसारेणोत्तरपश्चिममनुसृत्य पानीयपातो यावल्लोप्रिङ्गामिनम्मार्गमु-
२४. ... शिखरक्षेत्रसर्वदक्षिणाल्या पश्चिमङ्गत्वा लोप्रिं तत्क्षेत्रन्ततः
२५. प(श्चिमम)नुसृत्योत्तरश्च वृहदारामस्य पूर्वमुखे महापथस्तत (उ)त्तरङ्गत्वा वृह-
२६ दा(राम)स्य पूर्वोत्तरकोणादधोवतीर्य वनपर्यन्तमुपादाय फंशिन्प्रल स्रोतस्तदु-
२७ त्तरमनुसृत्य स्रोत ... मसस्रोतोनुसारेण ब्रह्मतीर्थसंवेद्यन्नदीवाग्वतीपूर्व-
२८ मनुसृत्य (उत्त)रङ्गत्वा कन्दराग्रानुसारेण श्रेष्ठिदुल्मूर्ध्नि सैव श्रीतम्र मध्यमालीत्ये

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२९. (तत्सीमपरिच्छिप्तेस्मिन्)नग्रहारे यदि कदाचिदार्यसङ्घस्याशक्यङ् कार्यमु(त्प)द्येत

३०. तदा परमा(सनेन वि)चारणीयसापणकरोधिकमासतुलादण्डादिश्च सर्व एवा

३१. र्यभिक्षु (संघस्ये)त्येवमवगतार्थैरस्मत्पादोपजीविभिरन्यैर्वायम्प्रसा-दोन्यथा न

३२. कर(णीयो यस्त्वेता)माज्ञामुल्लङ्घ्यान्यथा कुर्यात्कारयेद्वा सोस्माभिः सुतरान्न मर्षणीयो

३३. ये चास(मदूर्ध्वम्भवि)तारो भूमिपालास्तैरप्युभयलोकनिरवद्यसुखा-र्थिभिः पूर्व-

३४ राजविहितोयं विशिष्टः प्रसाद इति प्रयत्नतस्सम्यक्परिपालनीय एव यतो

३५. धर्मशास्त्रवचनम्बहुभिर्वसुधा दत्ता राजभिस्सगरादिभिः यस्य यस्य यदा भूमि

३६. स्तस्य तस्य तदा फलमिति स्वयमाज्ञा दूतकश्चात्र भट्टारकश्रीशिव-देवः

३७. संवत् १०३ ज्यैष्ठशुक्लदिवात्रयोदश्याम् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–१३७
प्राप्तिस्थान–पशुपति वज्रघरको अभिलेख
मिति–संवत् १०३ ज्येष्ठशुक्लदिवात्रयोदश्याम्
राजा, दूतक वा कुनेको नाम प्रशस्ति समेत–(१) ॐ स्वस्ति भद्राधिवास (भवनादप्रतिहतशासनो भगवत्प) शुपतिभट्टारकपादानुगृहीतो बप्पपा (दानुध्यातो लिच्छविकुलकेतुः प) रममाहेश्वरपरमभट्टारकमहाराजाधिरा(ज श्रीनरेन्द्रदेवः (२) दूतकश्चात्र भट्टारक श्रीशिवदेवः
प्रशासनिक पद–दूतक
अड्डा–×
शिलापत्र राख्नाको उद्देश्य–आफुले निर्माण गराएको धारोमा गर्नु पर्ने सबै काम गराउनाको लागि श्रीशिवदेव विहारस्थित आर्य भिक्षु संघलाई ग्राम प्रदान गरेको
शिलापत्र राख्नेको नाम–परममाहेश्वरपरमभट्टारकमहाराजाधिराज श्रीनरेन्द्रदेवः
महानात्माहरुको समेत देवताहरुको नाम–(१) भगवत्पशुपति (२) परममाहेश्वर (३) सगर (४) दक्षिणेश्वर
विहार, मन्दिरको नाम–(१) श्रीशिवदेव विहार (२) श्रीखर्जुरिका विहार
धर्म, धार्मिक कार्य–×
कुनमा प्रकाशित–भगवान्लालद्वारा १३ संख्या; आर. नोलीद्वारा LXXIII संख्या; "पूर्णिमा"–१४ पूर्णाङ्क, प्रकाशकः संशोधन मण्डल।
शिलापत्रको शीर्षचिह्न–×
लिपि–ब्राह्मी
स्थान–(१) श्रेष्ठिदुल्मूर्ध्नि प्रीतुब्रु मध्यमाली (२) बृहदाल्या (३) चुह्वङ्ग भूमि (४) ह्यु प्रिङ (५) ह्यु प्रिम्पाश्वालिकक्षेत्र (६) सर्वोपरिपक्षेत्र (७) पृच्छिब्रू दक्षिणेश्वराम्बुतीर्थक्षेत्राणां सन्धिः (८) शशिक्षेत्र (९) मित्तम्ब्रू (१६) निम्ब्रू (११) लोप्रिङग्रामेन्द्रगौष्ठिकक्षेत्र (१२) ह्यु प्रिलोप्रि (१३) मेकण्डिदुल् (१४) शिखरक्षेत्र (१५) वृहदाराम (१६) फंशिन्ब्रल (१७) ब्रह्मतीर्थ (१८) वाग्वती (नदी) (१९) श्रेष्ठिदुल्मूर्ध्नि सैव प्रीतुब्रू मध्यमाली

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संक्षिप्त विवरण–प्रस्तुत शिलालेखमा पशुपतिक्षेत्रस्थित आफुले बनाएको धारोमा गर्नुपर्ने सबै काम गराउनुको लागि झारा लाउन खतन पतन गर्न पाउने गरी चाट भटले पस्न नपाउने, शरीरले गर्नु पर्ने सबैकाम गर्नु नपर्ने गरिएको, आवादी सहितको, विदेशमा जानुपर्दा लाग्ने विष्टि माफ गरिएको, गर्भिणीको मृत्यु हुँदा गर्भ झिक्नाको लागि सय पण मात्र दिए पुग्ने, गोठमा घाइते मृगको हेरचाह नगरेमा तीन पण पुराण मात्र दिए पुग्ने, चोरी गर्नु, अर्काकी स्वास्नी हर्नु, ज्यान मार्नु तथा यस्ता अपराध गर्नेहरुसंग सम्बन्ध राख्नु आदि पञ्चखत गर्ने अपराधीको शरीर चाहिं राजदरवार लाग्ने, तिनका घर, खेत जहान बच्चा आदि सबै धन सम्पत्ति आर्य संघलेनैं पाउने गरी यो ग्राम श्रीशिवदेव विहारमा चारैतिरबाट आई बसेका आर्यभिक्षुहरुको संघलाई महाराजाधिराज श्रीनरेन्द्रदेवले प्रदान गरेको कुरा वर्णन गरिएको छ।

पसलको कर तथा ढक, तराजू आदिको सम्बन्धमा जरिवाना गर्दा उठेको पैसा इत्यादि आर्य भिक्षु संघलाइनैं सुम्पिएको कुरा यहाँ वर्णित छ।

राजाद्वारा प्रदत्त ग्राममा उठेको मुद्दा मामिला यदि आर्यसंघद्वारा छिन्न नसकिएमा परमासनद्वारा छिनिने कुरा पनि यस राजाज्ञामा वर्णित छ।

कैफियत–प्रस्तुत शिलालेखमा पशुपति क्षेत्रस्थित आफुले निर्माण गराउन लगाएको धारोमा गर्नु पर्ने सबै काम गराउनको लागि महाराजाधिराज श्रीनरेन्द्रदेवले श्रीशिवदेवविहारस्थित भिक्षुहरुको संघलाई ग्राम प्रदान गर्नुको अतिरिक्त विशेषतः फौजदारी मामलाहरुलाई छोडेर अरु सबै कार्य गर्ने तथा राजकीय आम्दानीहरु पनि भिक्षु संघलेनैं पांउने व्यवस्था गरी राजाज्ञा भएबाट त्यस समय कुनै एक स्थानको शासन बौद्ध भिक्षुहरुको धार्मिक संघको जिम्मा लाएको कुरा प्रामाण्य भएर नेपालको इतिहासमा धर्म राज्यको प्रारूप भएको आभास हुन्छ।

पञ्चखत आदि अपराध गर्ने व्यक्तिहरुको घर, खेत, जहान बच्चा आदि सबै धन सम्पत्ति आर्य संघले नै पाउने भन्ने उल्लेखले एक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नौलो तथा अनौठो व्यवस्थाको आभास गरेको छ । किनभने अपरां- धीहरुको जहान बच्चा समेत अरु घर, खेत आदि सबै आर्य भिक्षुहरुको संघको अधिनस्थ हुने भनिएबाट एकातिर तिनीहरु घरको मुख्य थकालीको व्यक्तिगत सम्पत्ति सरी मानिएका थिए त अर्को तिर बौद्ध भिक्षुसंघको सदस्य वृद्धिको यो एक आश्चर्यप्रद तरिका रहेको थियो। फेरि, उक्त प्रकारको परिपाटीमा दासप्रथाको संकेत पनि प्राप्त हुन्छ। उत्तरप्राचीनकालमा दासहरुको अस्तित्व रहेको तथ्य संवत् ८० (?) को अनन्तलिङ्गेश्वरको अभिलेखले प्रमाणित गरेको छ।

बौद्ध भिक्षुहरुको संघले छिन्न नसकेका मुद्दा मामिलाहरु परमा- सनले हेर्ने भन्ने उल्लेखले उक्त संघलाई स्थानीय न्यायको पनि अधिकार प्राप्त भएको स्पष्ट हुन्छ ।

यहाँ परममाहेश्वर शब्दको प्रयोग भएबाट त्यस समयसम्म शिवको महत्व अरु देवताहरुको टुलनामा ज्यादै बढी सकेको जानिन्छ । फेरि, उक्त शब्द राजा नरेन्द्रदेवको प्रशस्तिमा प्रयुक्त भएको देखिएकोले यिनी एक धार्मिक संहिष्णुता सम्पन्न राजा रहेको थाहा हुन्छ । बौद्ध भिक्षु संघलाई विशेष अधिकार प्रदान गरेको वर्णनलाई यहाँ उदाहरणार्थ लिन सकिन्छ ।

प्रस्तुत अभिलेखमा विभिन्न तीर्थहरुको उल्लेख आएबाट उत्तर- प्राचीनकालदेखिनै नेपालमा अनेक तीर्थहरुको अस्तित्व कायम हुन लागेको विदित हुन्छ ।

प्रस्तुत अभिलेखमा गर्भिणीको मृत्यु हुंदा गर्भ समेत दाह नगरी गर्भको वच्चा झिक्नाको लागि संरकारले सय पण करको रूपमा लिने कुरा वर्णन गरिएको छ । यसले तत्समय गर्भिणी स्त्रीहरुको मृत्यु हुंदा गर्भको वच्चा जीवित नै रही रहने सम्भावना पनि हुने हुंदा तिनीहरुको गर्भ झिक्नु पर्ने व्यवस्था गरिएको हुनु धेरै सम्भव छ । वर्तमान कालमा गर्भिणी स्त्रीहरुको मृत्यु हुंदा सो लास उठाई घाटतिर लैजाने क्रममा घरको मूलढोका वाहिर पिखालखुमा लोग्ने चाहिले हाँसको फुल फुटालेर जानुपर्ने चलनले उत्तरप्राचीनकालीन उक्त गर्भ झिक्ने परम्परा अहिलेसम्म विकृत रूपमैं सही कायमैं रहेको विदित हुन्छ ।

यस अभिलेखमा आपणकर र अधिकमासतुलादण्ड आदि राजकीय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आम्दानीहरु आर्य भिक्षुसंघले पाउने व्यवस्था गरिएबाट तत्समय वेपारको राम्रो समुन्नति रहेको कुरा जानिनुको साथै त्यस समय नाप, तौल, ढक, तराजू आदिको पनि प्रचलन रहेको कुरा जानिएर चौधौं शताब्दी ई. देखि मात्र ढक, तराजू, माना, पाथीको चलन चलेको भन्ने कुरा असत्यप्रद रहेको प्रमाणित हुन्छ । मानाङ्क मुद्रामा श्रीभोगिनी अभिलेख र लक्ष्मीको आकृति जुन उत्कीर्ण छ सोही आकृति एकातिर अंकित औ अर्कोतिर अर्कै आकृति अंकित गरिएको करिव–करिव १ छटाकको ढक नेपाल म्यूजियम(राष्ट्रिय संग्रहालय) का कर्मचारी काठमाण्डू ठमेल निवासी श्रीअर्जुनबहादुर श्रेष्ठको संग्रहमा पाइएकोले पनि उपरोक्त तथ्यको अझ वढी पुष्टि हुन्छ ।

अर्को, त्यस समय वेपारमा पनि कर लाग्ने गरेको कुरा आपण कर शब्द प्रयोग गरिएबाट थाहा हुनुको अतिरिक्त वेपारीहरुले ढक, तराजूमा कुनै प्रकारको फरक पार्न नसकुन् भन्ना खातीर अधिक मासहरुमा तिनीहरुका ढक, तराजूहरुको जाँच गरि फरक परेमा तिनीहरुलाई दण्ड गर्ने चलन त्यस समय प्रचलित रहेको कुरा जानिन्छ । उत्तरप्राचीनकालमा अधिकमास आषाढ र पौषमा मात्र पर्दथ्यो । ती दुई महिनाको वीच ६ महिनाको फरक छ । यसरी त्यस समय मनुस्मृतिमा वर्णन गरिए अनुसार ६।६ महिनामा व्यापारीहरुको ढक, तराजूको जाँच गर्नु पर्ने नियमको पूर्ण परिपालन भएको कुरा निर्णित हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १३८

१. ... ... सप्तम्याम्भट्टारकमहारा ... ...
देवस्य राज्यम् ॥ संवत् १०६ वैशाखशुक्लदिव
द्वितीया
२. ... ... नालवर्मण ... ...
गीताद्या मा
३. ... ... रस्य वदति ... ...
प्रदेश –त्र पिण्डकं
४. ... ६ मानिका ... ...
मानिकात्रयम् ... ...

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–१३८
प्राप्तिस्थान–ल. पु. मच्छिद्र वहाल वाहिर बलरामको मन्दिर भित्र जलहरी स्थित अभिलेख
मिति-संवत १०९ वैशाख शुक्ल दिव ... ... द्वितीया
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–×
प्रशासनिक पद–×
अड्डा–×
शिलापत्र राख्नाको उद्देश्य- ×
शिलापत्र राख्नेको नाम–×
महानात्माहरुको समेत देवताहरुको नाम–×
विहार, मन्दिरको नाम–×
धर्म, धार्मिक कार्य–वैष्णव धर्म
कुनमा प्रकाशित–"अभिलेख संग्रह" भाग ५, प्रकाशक: संशोधन मण्डल
शिलापत्रको शीर्षचिह्न–×
लिपि- ब्राह्मी
स्थान–×
संक्षिप्त विवरण–भजन मण्डलीको व्यवस्थाको लागि जग्गा प्रदान गरी प्रस्तुत शिलापत्र राखेको आभास हुन्छ ।
कैफियत–प्रस्तुत शिलालेखको अक्षर साह्रै नै विग्रेको हुनाले अर्थ राम्ररी खुल्न सकेको छैन । तैपनि यसका वचेका केहि शब्दहरुले तत्समय देवस्थलहरुमा भजन मण्डलीहरु कायम रहेर भजन गर्ने चलन चलेको थाहा हुन्छ । यसरी देवताका पवित्र स्थलहरुमा भजन गर्ने आधुनिक परम्पराको श्रीगणेश उत्तरप्राचीनकालदेखिनैं भएको सत्यतालाई प्रमाणित गर्न प्रस्तुत शिलालेखले एक ठूलो सामग्री प्रदान गरेको छ, यसमा कुनै शंका छैन ।

यद्यपि प्रस्तुत अभिलेखको अक्षर साह्रै नैं विग्रेको हुनाले यसमा कुनै देवताको नाम देखिएको छैन तापनि सातौं शताब्दी ई. तिरकै वैष्णव देवता–वलरामको मूर्ति उक्त जलहरीमाथि प्रतिष्ठापित गरिएको देखिएबाट त्यस समय सम्म यहाँ वलरामको पूजा स्वतन्त्र रूपले चलन लागी सकेको विदित हुन्छ । आसाम राज्यस्थित उमाचल वृहत्सिलाभिलेखको प्राप्तिले ५ औं शताब्दी ई. देखिनैं भारतमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वलरामको स्वतन्त्ररूपले पूजा चलन लागेको जानिएर पनि उक्त तथ्यको पुष्टि नै भएको लाग्दछ ।

बलराम (सङ्कर्षण) वैष्णव सम्प्रदायका पाँच वृष्णी वीरहरुमध्ये एक मानिएको छ। "सङ्कर्षणो वासुदेवः प्रद्युम्नः साम्व एव च। अनिरुद्धश्च पञ्चैते वंशवीराः प्रकीर्तिताः ।।" भनी वायु पुराणमा वर्णन आएबाट यस तथ्यको पत्तो हुन्छ । प्रथम शताब्दी ई. को मथुरा शिलालेखमा उल्लिखित "भगवतां वृष्णीणां पञ्चवीराणां प्रतिमाः शैल-देवगृहे स्थापिता" वर्णनमा पनि उक्त वैष्णव सम्प्रदायको व्यूह सिद्धान्तको चरितार्थता यकीन हुन्छ । तर, प्रथम शताब्दी ई. पू. सम्म पनि मा.पि वर्णित व्यूह सिद्धान्त राम्ररी फलिभूत नभएको उक्त समयको नानाघाट गुहाभिलेखको "नमो सँकंसन-वासुदेवान" वर्णन औ विष्णु संहिता ग्रन्थको "वासुदेवाय सङ्कर्षणाय प्रद्युम्नायानिरुद्धाय" उल्लेखमा स्पष्ट रूपले झल्किन्छ । यसरी प्रथम शताब्दी ई. देखि वैष्णव सम्प्रदायको व्यूह सिध्दान्त राम्ररी फलिभूत भएर भारतमा ५ औं शताब्दी ई. देखि तथा नेपालमा ७ औं शताब्दी ई. देखिनै वलराम (सङ्कर्षण) को स्वतन्त्र रूपले पूजा चलन लागेको प्रामाण्य हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १३९

१. धेयधर्मोयं श्रीधार्मराजिकामात्यसु— — — —
२. सांघिकभिक्षुसघस्य— — — — — —

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–१३९

प्राप्तिस्थान–सांखु ग्रामस्थित अभिलेख

मिति - ×

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–×

प्रशासनिक पद–श्रीधर्मराजिकामात्य

अड्डा–×

शिलापत्र राख्नाको उद्देश्य–×

शिलापत्र राख्नेको नाम–×

महानात्माहरुको समेत देवताहरुको नाम–×

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–बौद्ध धर्म

कुनमा प्रकाशित–सिल्वां लेवीद्वारा १७ संख्या; आर. नोलीद्वारा LXXV संख्या

शिलापत्रको शीर्षचिन्ह–×

लिपि–ब्राह्मी

स्थान–×

संक्षिप्त विवरण–(महा) सांधिक भिक्षुसंघहरुको निमित्त बौद्ध विहार सम्वन्धि मामिलाका मन्त्रीले विचार गर्नु पर्ने धर्म भन्ने कुरा प्रस्तुत शिलालेखबाट झल्किन्छ ।

कैफियत– प्रस्तुत शिलालेखको अक्षर साह्रै नै बिग्री सकेकोले अर्थ राम्ररी खुल्न सकेको छैन । तैपनि यसका बाँकि अक्षरहरुले यसको महत्तालाई अर्थ दर्शाई रहेको छ । भारतको इतिहासमा सर्वप्रथम सम्राट् अशोकले विभिन्न धार्मिक सम्प्रदायहरुको बीच आपसी प्रेम स्थापित गराउनुको अर्थ धर्ममहामात्यहरुको नियुक्ति गरेका थिए । यसपछि नेपालमा सबभन्दा पहिले प्रस्तुत शिलालेखमैं श्रीधार्मराजिकामात्यसु भन्ने उल्लेख आएर लिच्छविहरुले बौद्ध विहार एवं धर्मको उन्नतिको खातिर बौद्ध विहार सम्बन्धि मन्त्री नियुक्त गरेको बोध हुन्छ । तर, यहाँ यस तथ्यलाई बिर्सनु छैन कि बौद्ध धर्मको अतिरिक्त हिन्दुधर्मको पनि त्यस समय नेपालमा प्रचूर लोकमान्यता थियो औ राजाहरु मुख्यतः यसै धर्मको सान्निध्यमा थिए । यसै अभिलेखको ताकाको संवत् ११९को लगन विष्णु मन्दिरको अभिलेखमा दृष्टि दिएमा यसको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यथार्थता खुलस्त हुन्छ । यसरी त्यस समय लिच्छविहरुले नेपालमा सबै धर्मको लागि एउटै मन्त्री नियुक्त गर्नुको साटो भिन्न-भिन्न धर्मको लागि एक–एक भिन्ना भिन्नै धर्म विषयक मन्त्री नियुक्त गर्न लागेको आभास हुन्छ ।

यहाँ यस तथ्यलाई उल्लेख गर्दा कुनै अत्युक्ति होवैन कि बुद्धको मृत्युको सय वर्ष पछि वैशालीको संगीतिको समय बुद्ध धर्म सबभन्दा पहिले महासांघिक र स्थविरवाद नामक दुई निकायहरुमा (सम्प्रदाय) विभक्त भएको थियो ।[१] यस महासांघिक सम्प्रदायको सर्वप्रथम शिलालेखमा उल्लेख प्रथम शताव्दी ई. को पूर्वार्द्ध को मथुराभिलेखमा भएको छ ।[२] यसै निकायको विकास हुंदै अन्ततोगत्त्वा महायान सम्प्रदायको जन्म प्रथम शताव्दी ई. तिर भएको थियो ।[३] प्रस्तुत अभिलेखमा पनि "(महा)सांघिकभिक्षुसंघस्य..." भनी उल्लेख आएबाट त्यस समय यहाँ उक्त महासांघिक बौद्ध भिक्षुहरुको संघ कायम रहेको जानिई महायान बौद्धधर्म उत्तरप्राचीनकालीन नेपालमा उन्नतावस्थामा रहेको बोध हुन्छ । यस तथ्यको पुष्टयाइँ ल. पु. चपटोलस्थित बुद्धको पादपीठ लेखको राम्रो अध्ययनमा पनि दृष्टिगत हुन्छ ।

१. द्रष्टव्-राहुल कृत "पुरातत्त्व निवन्धावली," १९५८, पृ. ९८
२. " -डि. सि. सरकार कृत "सेलेक्ट इन्सिक्रप्सन्स" १९६५
३. " -राहुल कृत "पुरातत्व निवन्धावली," १९५८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १४०

१. ॐ संवत् ११८ जेष्ठशुक्लदशम्याम् राजाधिराजश्रीशिवदेवस्य राज्यम्

२. उपरिमनालङ्ग्रामस्योपभो [गा]र्थम् तत्रैव ग्रामाधिवासी हूं ध्रुवशीलस्य,

३. तद्भ्राता हूं अएङ्गशीलसहितेन पुण्याधिकारप्रणाली कृतम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–१४०

प्राप्तिस्थान–नाला लगनटोल भगवती मन्दिरको अभिलेख

मिति–ॐ संवत् ११८ ज्येष्ठशुक्लदशम्याम्

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) राजाधिराज श्रीशिवदेव(२) हूं ध्रुवशील (३) हूं अणङ्गशील

प्रशासनिक पद–×

अड्डा–×

शिलापत्र राख्नाको उद्देश्य–ग्रामको भोगको निमित्त धारो बनाएकी उपलक्षमा

शिलापत्र राख्नेको नाम–(१) हूं ध्रुवशील (२) हूं अणङ्गशील

महानात्माहरुको समेत देवताहरुको नाम–×

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–×

कुनमा प्रकाशित–"अभिलेख संग्रह" भाग ५, प्रकाशकः संशोधन मण्डल

शिलापत्रको शीर्षचिह्न–×

लिपि–ब्राह्मी

स्थान–उपरिमनालङग्राम

संक्षिप्त विवरण–राजाधिराज श्रीशिवदेवको राज्यमा उपरिमनालङग्रामको भोगको निमित्त त्यहीँको ग्राममा बस्ने दुईजना दाज्यू भाईहरु मिलेर प्रणाली (ढुङ्गधारा) निर्माण गरेको कुरा प्रस्तुत शिलालेखमा वर्णन गरिएको छ ।

कैफियत–प्रस्तुत शिलालेखमा उल्लिखित दुईजना दाज्यू भाईहरुको नाममा प्रयुक्त गरिएको हूं अक्षरले त्यस समय महायानी बौद्ध जगतको षड्क्षरी महामन्त्र–"ॐ मणि पद्मे हूं" को व्यापक प्रचार रही व्यक्ति व्यक्तिको नाममा पनि त्यसले स्थान पाउन लागेको थाहा दिन्छ ।

यस अभिलेखको नालङ शब्द नेवारी भाषाको रहेको छ । उक्त ग्रामको आधुनिक नाला नाम सोही नालङ शब्दको परिवर्तित रूप छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १४१

१. ॐ स्वस्ति श्रीमत्कैलासकूट भवनाल्लक्ष्मीलतालम्बनकल्पपादयो
२. भगवत्पशुपति भट्टारकपादानुगृहीतो बप्पपादानुध्यातः परमभट्टार-
३. कमहाराजाधिराजश्रीशिवदेवःकुशली वैद्यग्रामके प्रधानाग्रेसरान् सकल—
४. निवासिकुटुम्बिनो यथार्हङ्कुशलमभिधाय समाज्ञापयति विदित-मस्तु भव—
५. तां यथायङ्ग्रामः शरीरकोट्टमर्यादो[पपन्न]श्चाटभटानामप्रवेश्येना-चन्द्रार्का—
६. वनिकालिको भूमिच्छिद्रन्यायेनाग्रहारतया मातापित्रोरात्मनश्च विपुलपु—
७. ण्योपचयहेतोरस्माभिः स्वकारित श्रीशिवदेवेश्वरं भट्टारकन्निमि-त्तीकृत्य
८. तद्देवकुलखण्डस्फुटितसंस्कारकरणाय वशपाशुपताचार्येभ्यः प्रति-
९. पादितः तदेवमवगतार्थैर्भवद्भिः समुचित देयभागभोगकरहिरण्यादि-
१०. सर्वप्रत्यायानेषामुपय(च्छ)द्भिरेभिरेवानुपाल्यमानैरकुतोभयैः स्वक-
११. र्मानुविधायिभिरितिकर्तव्यताव्यापारेषु च सर्वेष्वमीषामाज्ञा श्रव-णविधे-
१२. यैर्भूत्वा सुखमत्र स्थातव्यं सीमा चास्य पूर्वेण वृहन्मार्गो दक्षिण-पूर्वतश्च—
१३. शिवीप्रणाली तामेव चानुसृत्य स्वल्पः पन्था दक्षिणतश्च तेङ्खुः पश्चिमे—
१४. नापि तेङ्खुः उत्तरस्यामपि चिशिमण्डातिलमकः उत्तरपूर्वतश्चापि सहस्र—
१५. मण्डलभूमिस्ततो यावत् स एव बृहन्मार्ग इत्येवं सीमान्तभूतेस्मि-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अग्र—

१६. हारे भोट्टविष्टिहेतोः प्रतिवर्षं भारिकजनाः पञ्च ५ व्यवसायिभिर्ग्र-

१७. हीतव्या ये त्वेतामाज्ञां व्यतिक्रम्यान्यथा कुर्युः कारयेयुर्वा तेस्मा-
भिर्भृशन्न

१८. क्षम्यन्ते ये वास्मदूर्ध्वम्भूभुजो भ[विष्यन्ति तैरपि प]रस्वहितापे-
क्षया पूर्वराज—

१९. कृतीयं धर्म्मसेतुरिति तद[वगत्य]... ...र वा ... ...संरक्षणी—

२०. यस्तथा चोक्तं पूर्वदत्तां द्विजातिभ्यो यत्नाद्रक्ष युधिष्ठि[र महीम्म-
हीम]

२१. तां श्रेष्ठ दानाच्छ्रेयोनुपालनम् ॥ षष्टिं वर्षसहस्राणि स्वर्गे
मो[दति भू]

२२. मिदः। आक्षेप्ता चानुमन्ता च तान्येव नरके वसेत्। इति स्वयमा

२३. ज्ञा दूतकश्चात्र राजपुत्रजयदेवः संवत् ११९ फाल्गुन

२४ शुक्लदिवादशम्याम्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १४१

प्राप्तिस्थान–का. इ. लगन विष्णुमन्दिरको अभिलेख

मिति–संवत् ११९ फाल्गुनशुक्लद्विवादशम्याम्

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) ॐ स्वस्ति श्रीमत्कैलासकूट भवनाल्लक्ष्मीलतालम्बनकल्पपादपो भगवत्पशुपति भट्टारकपादानुगृहीतो बप्पपादानुध्यातः परमभट्टारक-महाराजाधिराजश्रीशिवदेवः (२) दूतकश्चात्र राजपुत्रजयदेवः

प्रशासनिक पद–दूतक

अड्डा–×

शिलापत्र राख्नाको उद्देश्य–माता पिता तथा आफ्नो पनि पुण्यको वृद्धि होस्।

शिलापत्र राख्नेको नाम–परमभट्टारकमहाराजाधिराज श्रीशिवदेवः

महानात्माहरुको समेत देवताहरुको नाम–(१) भगवत्पशुपति (२) श्रीशिव-देवेश्वर (३) चन्द्र (४) अर्क (५) अवनि (६) युधिष्ठिर

विहार, मन्दिरको नाम–शिवदेवेश्वर देवकुल

धर्म, धार्मिक कार्य–शैवधर्म, सकाम कर्म

कुनमा प्रकाशित–भगवान् लालद्वारा १२ संख्या; आर. नोलीद्वारा LXXVII संख्या; 'पूर्णिमा"–१४ पूर्णाङ्क, प्रकाशकः संशोधन मण्डल

शिलापत्रको शीर्षचिन्ह–शिरोभागमा बसीरहेको साँढेको आकृति अंकित छ।

लिपि–ब्राह्मी

स्थान–(१) वैद्यग्राम २) शिवीप्रणाली (३) तेङखु (४) चिशिमण्डातिलमकः (५) सहस्रमण्डलभूमि (६) स्वर्ग (७) नरक (८) मही

संक्षिप्त विवरण–वैद्यग्रामस्थित सम्पूर्ण गृहस्थिहरुलाई कुशलक्षेम सोधेर महाराजाधिराज श्रीशिवदेवले आज्ञा गर्नु भएको छ। शरीर, कोट्टको स्थिति बन्धेजले युक्त भएको, चाटभटले प्रवेश गर्न नपाउने गरिएको प्रस्तुत ग्राम माता–पिता तथा आफ्नो पनि पुण्य बढोस् भन्नाको लागि सरकारको कुनै आम्दानी नहुने जग्गा सरी गर्नुको अतिरिक्त आफु स्वयम्ले स्थापन गरेको शिवदेवेश्वरको लक्ष गरी सो देवताकोमनि दरबिग्रे, भक्तेमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुनः संस्कार गर्नुको निमित्त वश पाशुपत सम्प्रदायका आचार्यहरुलाई दिइएको छ । यसर्थ साविक बमोजिम तिमीहरुले तिर्दै आएका भाग, भोग, कर, हिरण्य आदि सबै राजकीय आम्दानी तिनीहरुलाई नै बुझाइ तिनीहरुको हेरचाहमा रहेर आफ्नो काम गर्नुको साथै तिनीहरुले अह्राए पह्राएका काम गरी आनन्दसंग रहनु । वरु भोट जाने काम पर्दा प्रत्येक वर्ष ५ जना भरिया त्यस विर्ता जग्गाबाट विष्टिको रूपमा तिमीहरुले बन्दोबस्त गरि दिनु ।

कैफियत–प्रस्तुत शिलालेखमा महाराजाधिराज श्रीशिवदेवले आफु स्वयम्ले प्रतिष्ठापन गरेका शिवदेवेश्वरको लक्ष गरि त्यस मन्दिरको टूट फूट भएमा प्रतिसंस्कारको लागि चन्द्र, सूर्य र पृथ्वी रहेसम्म वश पाशुपत सम्प्रदायका आचार्यहरुलाई सरकारलाई कुनै आम्दानी नहुने गरी जग्गा प्रदान गरिएबाट तत्समय यहाँ वश पाशुपत धर्मको प्राबल्य रहेको बोध हुन्छ ।

महाराजाधिराज श्रीशिवदेवले सबै गृहस्थीहरुलाई कुशल क्षेम सोधेर अब उप्रान्त तिनीहरुले तिर्दै आएका साविक बमोजिमको रकम माथि वर्णित वश पाशुपतहरुलाई नै तिर्ने गर्नु औ तिनीहरुको हेरचाहमा रहनु भन्ने आज्ञा गरेबाट तत्समय स्थानीय स्वायत्त शासनको परिपाटी कायम भएको दर्शाउंदै संवत् १०३ को पशुपति वज्रधरको शिलालेखमा वर्णित भए अनुसार प्रस्तुत ग्राममा पनि धर्मराज्यको प्रारूप भएको आभास हुन्छ ।

प्रतिवर्ष भोट जाने काम पर्दा त्यस जग्गाबाट ५ जना भरिया विष्टिको रूपमा लिनु भन्ने उल्लेखले एकातिर त्यस समय भोटमा नेपालको आवत जावत बढेको तथा अर्कोतिर केही दशाब्दि अघिसम्म नेपालमा लिईंदै आएको झारा रकमको ऐतिहासिकता थाहा हुन्छ ।

प्रस्तुत शिलालेखमा स्वर्ग र नरकको बारे पनि उल्लेख आएको छ ।

प्रस्तुत अभिलेखको अध्ययनमा उत्तरप्राचीनकालीन नेपालमा सरकारको आम्दानीका मुख्य स्रोत भाग, भोग, कर, हिरण्य रहेका थिए भन्ने कुरा जानिन्छ । गुप्तकालीन भारतका अभिलेखमा पनि सरकारको आम्दानीको स्रोतको रूपमा यी नामको उल्लेख भेटिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"तं यूयमेषां समुचित-भाग-भोग-कर-हिरण्यादि-प्रत्यायोपनयं करिष्यथाज्ञा-श्रवण-विधेयाश्च भविष्यथ (।)"

— खोह् ताम्रलेख, गुप्त संवत् १९३

उपरोक्त सरकारी आयका विभिन्न नामहरुको उल्लेख स्पष्टतः उत्तरप्राचीनकालीन नेपालका अभिलेखहरुमा पाइनुको अतिरिक्त तत्समयका अधिकांश अभिलेखहरुमा त्रिकर विषयक उल्लेख आएको छ। त्रिकर कुन-कुन हुन् भन्ने बारे यकीनन् कुनै निश्चित रूपले थाहा हुन नसके तापनि सम्भवतः त्रिकरले भागकर, भोगकर तथा करलाई बुझाएको छ। किनभने यी तीननैं तत्कालीन राज्यका आम्दानीको मुख्य स्रोत रहेको देखिन्छ। अब यहाँ उक्त भाग, भोग, कर, हिरण्यको बारे यथार्थ कुरो थाहा लिनु जरुरी भएको छ। डि. सि. सरकारले ती शब्दहरुलाई यसरी अर्थ्याएको छ। - भाग [पैदावारमा लाग्ने राजा (सरकार) को हिस्सा, भोग] [राजा (सरकार) लाई नियत रूपले बुझाउनु पर्ने फल, फूल, दाउरा], कर [अन्नको हिस्साको अतिरिक्त तिर्नु पर्ने कर], हिरण्य [पैदावारको सरकारी हिस्साको बदलामा तिरिने दाम]। तर, यहाँ डि. सि. सरकारले अर्थ्याएको उपयुक्त भए जस्तो लाग्दैन। उत्तरप्राचीनकालीन अभिलेखहरुले तिनीहरुका निम्न अर्थतिर इङ्गित गरेका छन्।

(१) भागकर-खेतीमा प्रयुक्त हुने जमीनबाट पैदावारको निश्चित भाग राज्य करको रूपमा लिइन्थ्यो। यो भागकर अक्सर पैदावरको रूपमैं लिइन्थ्यो औ यो भाग शब्दले राजाको सामाजिक अनुबन्ध सिद्धान्ततिर इङ्गित गरेको छ। उत्तरप्राचीनकालीन नेपालमा जग्गाको पैदावारमाथि सरकारबाट कर लिइने कुराको यथार्थता तत्समयका अभिलेखहरुको अध्ययनबाट स्पष्ट हुन्छ।

(२) भोगकर-व्यापारिक वस्तुहरुको आयात निर्यातमा लिइने राज्यकर (भंसार) लाई भोगको संज्ञा दिइएको छ। उत्तरप्राचीनकालीन नेपालमा आयात निर्यातका वस्तुहरुमा भंसार लिइने कुरोको यथार्थता भट्टारकमहाराज अंशुवर्माको टिस्टुङ्ग ग्रामस्थित अभिलेखबाट जानिन्छ। यसको अतिरिक्त त्यस समय अन्य उद्योग एवं त्यससित सम्बन्धित वस्तुहरुमाथि पनि कर लिइने चलन रहेको कुरा संवत् ३२ को सांगाको अभिलेख, संवत् ५९ को थानकोट अभिलेख आदिबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जानिन्छ । यसरी राजकीय आम्दानीमा यिनीहरु पनि मुख्य–मुख्य स्रोतका रूपमा लिन सकिन्छ । सत्यकेतु विद्यालङ्कार अनुसार मौर्यकालमा जुन चुंगीलाई शुल्क शब्द प्रयोग गरिन्थ्यो त्यसैलाई गुप्तकालमा भोगकर भनिन लागेको थियो ।

(३) कर–उत्तरप्राचीनकालमा बाटोघाटोको विकास पनि यथेष्ट मात्रामा भएको देखिन्छ । बाटोघाटोको विकासले त्यस समयको व्यापारिक उन्नतिमा महत्वपूर्ण सघाऊ पुऱ्याएको थियो । यसैले ती बाटोघाटोको समय समयमा मरम्मत गरिरहनु पर्नें हुंदा बाटोमा सवारी चलाइए वापत कर लिने चलन पनि रहेको देखिन्छ । यसको अतिरिक्त तत्समय सामन्ती व्यवस्था हुंदा सामन्तहरुले समय–समयमा सरकारलाई उपहारहरु बुझाउनु पर्नें आवश्यकता थियो । उत्तरप्राचीनकालीन अभिलेखहरुमा सामन्त, महासामन्त, महाराजमहासामन्त आदि-आदि पदहरु उत्कीर्ण गरिएको पाइएबाट पनि यस तथ्यको पुष्टि हुन्छ । फेरि राजा मानदेवले गण्डकी पारिका मल्लहरुलाई लडाईंमा हराई तिनीहरुबाट करमात्र लिने गरेर तिनीहरुको राज्य तिनीहरुलाइनैं फर्काएका थिए । यसरी त्यस समय राजकीय आम्दानीको एक प्रमुख स्रोत रोडसेस र उपहार पनि रहेका थिए भन्ने कुरा सिद्ध हुन्छ । एप्तेकृत संस्कृत इङ्ग्लीश डिक्सनरीमा करले रोडसेस र उपहारलाई पनि बुझाएको हुंदा उक्त तथ्यको अरुबढि पुष्टि हुन्छ ।

(४) हिरण्य उत्तरप्राचीनकालीन अभिलेखहरुको अध्ययनमा धार्मिक कर साथै मनोरञ्जन कर पनि लिइने परम्परा चलेको देखिन्छ । अंशुवर्माको टिस्टुङ्ग अभिलेखमा कुण्ड शुल्कको उल्लेख आउनुको साथै संवत ५९ को थानकोट अभिलेखमा गोयुद्ध, मल्लयुद्ध जस्ता मनोरञ्जनका साधनहरुमा लाग्ने करको उल्लेख आएकोले ती करहरु विशेषतः नगद रूपमैं लिइने हुंदा हिरण्य करको संज्ञा दिइएको हुनु धेरै सम्भव छ ।

प्रस्तुत अभिलेखमा भूमिच्छिद्र-न्यायले विर्ता गराई श्रीशिवदेवेश्वर महादेवलाई लक्ष गरी सो दिवमन्दिरको टूटफूट भएमा मरम्मत गर्नाको लागि वश पाशुपत सम्प्रदायका आचार्यहरुलाई ग्राम प्रदान गरेको कुरा वर्णित भएबाट उत्तरप्राचीनकालीन नेपालमा साधारण न्याय अर्थात प्रचलित लोकोक्तिको व्यापक प्रचार रहेको कुरा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जानिन्छ । कौटिल्य रचित अर्थशास्त्र अनुसार सरकारी आम्दानी त्याज्य भूमि भूमिच्छिद्र भनिनुको अतिरिक्त त्यस किसिमका भूमि ब्राह्मणहरूका यज्ञ-यागादि, अध्ययन, अध्यापन एवं तपस्वीहरुका तपस्याको लागि प्रदान गरिन्थ्यो । । यसै परम्परानुसार यहाँ वश पाशुपत सम्प्रदायका आचार्यहरुलाई भूमिच्छद्रन्यायले ग्राम प्रदान गरेको भनी वर्णन गरिएको लाग्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १४२

१. स्वस्ति श्रीमत्कैलासकूटभवनादव्याहतशासनस्सुविहितवर्ण्णाश्रम-स्थितिर्लिच्छविकुल-
२. केतुर्भगवत्पशुपतिभट्टारकपादानुगृहीतो बप्पपादानुध्यातः परम-भट्टारक-
३. महाराजाधिराजश्रीशिवदेवः कुशली नेपालान्तर्वर्त्तिनः सर्वाधिकरणानामस्मत्पाद
४. प्रसादोपजीविनोन्यांश्च यथार्हङ्कुशलमभिधाय समाज्ञापयति विदितम्भवतु भवतां
५. .. मपरिमितजलाशयोद्देशतया .. .. पाञ्चालिकानां .. ..
६. क्षेमजीवेन विज्ञापितैरस्माभिः प्रसादानुवर्तिभिर्धर्म्माधिकार ..
७ ...पयोगायासौ ब्राह्मणपुरस्सराणाञ्च पाञ्चालिकानां प्रकामोप भोगनिमि-
८. त्तमा .. .. य भृङ्गारेश्वरदेवकुलस्थितये सर्व .. ...स्य तिलमक ..
९. .. प्रवर्त्तनीयास्स्युरिति तद्देवकुलपाञ्चालिक .. .. काले-ग्राम-
१०. ... .. पानीय . प्रणालीतिलमक ... तालपत्र-
११. ... प्रसादेन भृङ्गारेश्वरपाञ्चा(लिकानां) ... दिक्षेत्र ..
१२. ... मुगभोगत्वादस्य तिलमकस्य .. ...
१३. ... भिरस्य निर्वा ...
१४. ... विचारयितव्यास्ते .. ...
१५. ... ... सद्विपणपुराणं ..
१६. ... .. कृत . .. ...
१७. ... ... पिण्डकमानिका .. ..
१८. ... .. पणं पुराणत्रयं दण्डनीया विदित्वैवं भवद्भिरपि
१९. ... ... कर्तव्यः कारयितव्यो वा ये त्विमामाज्ञामु(ल्लङ्घ्य) ...

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२०. ··· ···भृशन्न मर्षयितव्या··· भाविभिरपि···
२१. ·· भिः पुरातनराज··· ···यं··· ···प्रसाद
२२. ··· ···नीय · ···श्रूयते बहुभिर्वसुधा दत्ता राजभिः
२३ सगरादिभिः यस्य यदा भूमिस्तस्य तस्य यस्य तदा फलम् पूर्वदत्तां
२४. द्विजातिभ्यो यत्नाद्रक्ष युधिष्ठिर महीम्महीभुजां श्रेष्ठ दानाच्छ्रे-
योनुपालनम्
२५. ·· स्वयमाज्ञा दूतकश्चात्र राजपुत्रजयदेवः
२६. संवत् १२१ भाद्रपदशुक्लपञ्चम्याम्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–१४२

प्राप्तिस्थान–ल. पु. सुनागुठी भृङ्गारेश्वर मन्दिरको पश्चिम ढोकाको बायाँतिर ठड्याएको अभिलेख

मिति–संवत् १२१ भाद्रपदशुक्ल

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१)स्वस्ति श्रीमत्कैलासकूट भवनाद-व्याहतशासनस्सुविहितवर्णाश्रम-स्थिर्तिलिच्छविकुलकेतुर्भगवत्पशु-पति भट्टारकपादानुगृहीतो बप्पपा-दानुध्यातः परमभट्टारकमहाराजा-धिराज श्रीशिवदेवः (२)दूतकश्चात्र राजपुत्रजयदेवः

प्रशासनिक पद–दूतक

अड्डा–×

शिलापत्र राख्नाको उद्देश्य–राजाज्ञा जारी गरेको

शिलापत्र र ख्नेको नाम–परमभट्टारकमहाराजाधिराज श्रीशिवदेवः

महानात्माहरुको समेत देवताहरुको नाम–(१) भगवत्पशुपति (२) भृङ्गारेश्वर (३) वसुधा (४)सगर(५)युधिष्ठिर

विहार, मन्दिरको नाम–भृङ्गारेश्वर देवकुल (मन्दिर)

धर्म, धार्मिक कार्य–×

कुनमा प्रकाशित–आर. नोलीद्वारा LXXVIII संख्या

शिलापत्रको शीर्षचिह्न–शिरोभाग फूलहरुको आकृतिले सुशोभित गरिएको छ।

लिपि–ब्राह्मी

स्थान– (१) भृङ्गारेश्वर पाञ्चा(लिका) (२) वसुधा

संक्षिप्त विवरण–महाराजाधिराज श्रीशिवदेवले भृङ्गारेश्वर देवमन्दिरको वर-वन्दोवस्त तथा तिलमकको हेरचाहको अभिभारा भृङ्गारेश्वर पाञ्चालीलाई सुम्पेको वर्णन प्रस्तुत शिलालेखमा गरिएको छ।

कैफियत–प्रस्तुत शिलालेखको अक्षर साह्रैनै बिग्रेको हुनाले अर्थ राम्ररी खुल्न सकेको छैन। तैपनि यसका बचेका अंशहरुले त्यस समय देव मन्दिरहरु तथा कुलोको हेरचाहको कार्य विशेषतः स्थानीय संस्था,–पाञ्चाली, गोष्ठी, धार्मिक संघ आदिहरुद्वारा गराउने परिपाटी चलेको थाहा दिएका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १४३

१. ॐ स्वस्ति कैलासकूट (भवनाद्) ... .
२. ...(पादा) नुध्यात ... ... परम—
३. (भ)ट्टारकमहाराजाधिराज (श्रीशि) वदेवः कु (शली) ... .
४. ... . समाज्ञाप—
५. यति विदितम्भवतु भवतां ... ...
६. वज्रभैरवभट्टा(रक) ... ...
७. —कारणपूजा ... ...
८. ... . भूमि ... ...
९. समापन्न .. ..
१०. ... ... पण ... ...
११. वं भोग-दत्तं ... ...
१२. वादित्रञ्च प्रत्ये (क) ... ...
१३. .. .. .. चेत्र ... ...
१४. ३४ ... ...
१५. ... .. कृत ... . मतो-दान ... ...
१६. —प्रतिदिन .. ..
१७. —मिमूल्य पण ... ...
१८. पणद्वयं प्रत्येक ... ...
१९. ग्राहक ... ...
२०. ततो द्वादश ... ...
२१. मानिकाः पा ... ...
२२. स्फटिकञ्च ... ...
२३. द्वादश मानिका ... .. वादित्र ... ... पणपुराण
२४. पञ्चरङ्गचित्रकर्मण ... ... मानिकात्रयं ... ...

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२५. प्रतिमानिक्का ... ...

२६. पणपुराणा–पञ्च ... ... मानिक्का

२७. करण .. ..

२८. वेद्यानि भगवतो दत्तानि ... ...

२९. पूजासु जल ... ...

३०. हेतोः ... एकल्पना ... ...

३१. रिति संवत् १२२ ... ...

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–१४३
प्राप्तिस्थान– गोरखा गोरखनाथ गुफाको अभिलेख
मिति– संवत् १३२
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत– ॐ स्वस्ति कैलासकूट (भवनाद्)
... ... (पादा)नुध्यात ...
परम (भ)ट्टारकमहाराजाधिराज
(श्रीशि) वदेवः
प्रशासनिक पद–×
अड्डा–×
शिलापत्र राख्नाको उद्देश्य– राजाज्ञा जारी गरेको
शिलापत्र राख्नेको नाम– परमभट्टारकमहाराजाधिराज श्रीशिवदेवः
महानात्माहरुको समेत देवताहरुको नाम– वज्रभैरवभट्टारक
विहार, मन्दिरको नाम–×
धर्म, धार्मिक कार्य– शैवधर्म
कुनमा प्रकाशित– इतिहास प्रकाश, अङ्क १; जिशेप टुची लिखित "प्रिलिमिनरी रिपोर्ट"; गोरखाको ऐतिहासिक सामग्री
शिलापत्रको शीर्षचिह्न– शिरोभागमा साँढेको आकृति अङ्कित छ ।
लिपि–ब्राह्मी
स्थान–×
संक्षिप्त विवरण– भट्टारकवज्रभैरवको कारणपूजा आदिको लागि रकम छुट्याई व्यवस्था बाँधेको कुरा प्रस्तुत राजाज्ञामा वर्णित छ ।
कैफियत– प्रस्तुत अभिलेखका अक्षरहरु साह्रै नै खिई सकेको हुनाले यसको अर्थ राम्ररी खुल्न सकेको छैन तापनि यसका बचेका अंशहरुबाट यसमा वर्णित भावहरुको केही झलक मिलदछ । भट्टारक वज्रभैरवको कारणपूजा आदिको लागि रकम छुट्याई व्यवस्था बाँधेको कुरा यसमा वर्णित भएको छ । अभिलेखको वेहोराबाट कारणपूजा गर्दा बाजा बजाउने चलन रहेको कुरा जानिन्छ ।

यसमा वर्णित वज्रभैरवलाई वज्रयानका देवताको रूपमा मान्नेहरु पनि छन् । तर, वज्रभैरवले बौद्ध धर्मतिरै मात्र इङ्गित गरेको छ भन्न सकिन्न । किनभने रुद्रयामल ग्रन्थ अनुसार चतुषष्ठी भैरव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मध्ये एकको नाम वज्रहस्त रहेको छ १ जसले वज्रभैरवको शैवधर्मसित घनिष्टतम सम्बन्ध रहेको कुरातिर निर्दिष्ट गर्दछ। प्रस्तुत अभिलेखको शिरोभागमा साँढेको आकृति अङ्कित गरिएबाट पनि उक्त तथ्यको पुष्टि हुन्छ।

यो अभिलेख कैलासकूट राजप्रासादबाट जारी गरिएको परम भट्टारक महाराजाधिराज श्रीशिवदेवको राजाज्ञा हुंदा त्यस समय गोरखा भेक केन्द्र प्रशासित प्रदेश नैं रहेको कुरा जानिन्छ।

— — — — — — — — — — — — — —

— — — — — — — — — — — — — —

— — — — — — — — — — — — — —

— — — — — — — — — — — — — —

— — — — — — — — — — — — — —

१. चतुषष्ठी भैरवका नाम निम्न हुन्–

यस अभिलेखमा भट्टारकमहाराजाधिराज श्रीजयदेवले पशुपति-नाथलाई चाँदीको कमल चढाएको कुराको विस्तृत वर्णन गरिएको छ । कमलको वर्णन गरिएका यसका पंक्तिहरुमा पशुपतिको महत्त्वको सुन्दर अभिव्यक्ति भएको छ । यसमा वर्णित अष्टदल कमलले महादेवको अष्टमूर्तिको प्रतीकात्मकतातिर इङ्गित गरेको छ। महादेवलाई एउटै भएर पनि आठ जिउ भएका भनीं यहां वर्णन गरिएको छ जसले तत्समय महादेवका अष्टमूर्तिको कल्पना भैसकेको थियो भन्ने कुरा जानिन्छ । महादेवका अष्ट मूर्तिहरुका नाम माथि अन्यत्र अभिलेखहरुको वर्णन क्रममा गैसकेको हुंदा यहाँ फेरि ती नामहरु उद्धृत गरिरहनु अनावश्यक सम्झेको छु । तर, यहां यस कुरालाई उल्लेख गर्दा कुनै अत्युक्ति होवैन कि अष्ट मूर्तिको कल्पना वैदिक समय देखि नैं भैसकेको थियो । 'कल्याण'को शिवाङ्कमा आफ्नो 'शिवमहिमा' नामक लेखमा महामहोपाध्याय पण्डित गिरिधर शर्मा चतुर्वेदीले अष्टमूर्ति सदाशिवका वैदिक स्वरूपको सुन्दर विवेचन गरेको छ । उहाँ लेख्नुहुन्छ, 'सूर्य मण्डलबाट जुन मण्डलाकार आग्नेय प्राण निस्की रहन्छ, त्यसलाई संवत्सराग्नि भनिन्छ।..भूमण्डलका चारैतिर बाह्र योजन माथिसम्म एक'भूवायु'छ, जसमा भूमिको जस्तै आकर्षण छ । पंछीहरु त्यसैको आधारमा रहन्छन् । यसलाई ज्योतिषमा 'आवह वायु' र वैदिक परिभाषामा एमूष वराह या उषा भनिन्छ । त्यस उषा रूप पत्नीमा संवत्सराग्नि रूप पुरुष जब गर्भाधान गर्दछन्, तब दुवैको संयोगले कुमार नामक अग्निको उत्पत्ति हुन्छ ।... त्यस कुमाराग्निका आठ रूप छन्, जुन चित्राग्नि नामले प्रख्यात छन् । ती आठै रूपका विवरण, तिनका आठ नाम रुद्र, सर्व (शर्व), पशुपति, उग्र, अशनि (भीम), भव, महादेव र ईशान हुन् औ तिनका आठ स्थान अग्नि (भौतिक तेज),अप (जल),ओषधि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(पृथ्वी), वायु, विद्युत् (वैश्वानराग्नि, यजमानका आत्मा), पर्जन्य (आकाश), चन्द्र र सूर्य "शतपथ"मा स्पष्ट रूपले वर्णित छन्। पौराणिक निरूपणहरुका नामभेद कोष्ठकहरुमा प्रकट गरिएका छन्। यसै श्रुतिको संकेत गर्दै महिम्नस्तोत्रमा भनिएको छ।

"भवः शर्वो रुद्रः, पशुपतिरथोग्रः सह महां-
स्तथा भीमेशानाविति, यदभिधानाष्टकमिदम् ।
अमुष्मिन् प्रत्येकं, प्रविचरति देव ! श्रुतिरपि
प्रियायास्मै धाम्ने, प्रणिहितनमस्योऽस्मि भवते ।।"

शिवमहिम्नस्तोत्र

उक्त आठै स्थानहरुमा जुन आग्नेय प्राण छन्, ती रुद्र या शिव रूपले उपास्य छन्। शिवका आठ मूर्ति यहीनैं हुन्। यस कुमाराग्निबाट पांच पशुहरु-पुरुष, अश्व, गो, अज र अविको उत्पत्ति भएका छन्। यी पांचै अग्नि (प्राण विशेष) हुन्, जसलाई प्रधानताले आधिभौतिक पशुहरुका पनि यही नाम छन्। ती पशुहरुका पति (अधिनायक) भएको हुंदा पनि यी कुमाराग्निलाई रुद्र 'पशुपति' भनिन्छ।' यी आधारहरुबाट उत्तरप्राचीनकालमा वैदिक अष्टमूर्तिको राम्रो प्रचार रहेको कुरा जानिन्छ।

ऋग्वेदमा इन्द्रलाई नर्तकको रूपमा वर्णन गरिएको छ।

"श्रिये ते पादा दुव आ मिमिक्षुर्
धृष्णुर् वज्री शवसा दक्षिणावान् ।
वसानो अत्कं सुरभिं दृशे कं
स्व१र्ण नृतविषिरो बभूव ।।"

—ऋ. ६।२९।३

तर, पछि गएर इन्द्रको त्यो स्थान शिवले प्राप्त गरे। शिव नटराज, नृत्येश्वरको नामले प्रख्यात भए। सम्पूर्ण विश्वनै तिनको नृत्यशाला हो। शिव र तिनको शक्तिको मिलनले जुन स्पन्दन भएको थियो त्यहीनें सृष्टिको कारण भयो। यसैलाई नटराज शिवको ताण्डवनृत्य भनिन्छ। महाशिवरात्री भगवान् शिवको ताण्डव नृत्यको महापर्व हो। शिव ताण्डवका सात केन्द्र मानिन्छ-(१) आनन्द ताण्डव (२) सन्ध्या ताण्डव (३) कालिका ताण्डव (४) त्रिपुर ताण्डव (५) गौरी ताण्डव (६) संहार ताण्डव (७)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जस्ता तापवत ।

यो विश्व भगवान् सदाशिवका नृत्य र नादका परिणाम हुन्। जहाँ स्पन्दन हुन्छ, त्यहाँ शब्द पनि हुन्छ । यसरी शिवका डमरुका शब्दले व्याकरणका माहेश्वर सूत्रहरुको उत्पत्ति भयो । नृत्य ईशका पञ्च क्रियाहरु अर्थात् सृष्टि, स्थिति, संहार, तिरोभव तथा अनुग्रहका द्योतक छन्, ब्रह्मा, विष्णु, रुद्र, महेश्वर र सदाशिवका क्रियाहरु हुन् ।

स्कन्दपुराणमा शिवका प्रदोषकालीन नृत्यको बयान गर्दै भनिएको छ कि कैलाशमा जसै शिव नृत्यको लागि उद्यत हुन्छन्, पार्वती स्वर्ण खचित रत्नपीठ माथि बस्तछिन् । भगवान् शिवको नृत्यको समय अन्य देवताहरु पनि तिनका साथ दिन्छन् ।

"कैलासशिखरे त्रिजगज्जनित्रीं
गौरीं निवेश्य कनकांचितरत्नपीठे ।
नृत्ये विधातुमभिवांछित शूलपाणौ
देवाः प्रदोषसमयेऽनुभजंति सर्वे ।।"

यसरी प्राचीनकालदेखिनै नृत्येश्वरको रूपमा शिव पूजित हुंदै आएको कुरा देखिन्छ । यसै सन्दर्भमा प्रस्तुत अभिलेखमा शिवलाई नृत्येश्वरको रूपमा वर्णन गरिएकोलाई लिन सकिन्छ । यहाँ शिवलाई नाच्ने देवता भनिएबाट नेपालमा शिवको नृत्येश्वर रूपको उत्तर-प्राचीनकालीन पुरातात्विक आधार स्पष्टतः भेटिन्छ ।

त्यस समय वैवाहिक सम्बन्धहरुको माध्यम भारतका विभिन्न राजखान्दानसित नेपालको सम्बन्ध ज्यादै गहिरिएको बोध हुन्छ। महाराज शिवदेवको विवाह मौखरी वंशका 'श्रीवर्मचूडामणि' भोगवर्माबाट जन्मेकी, मगधका वडाराजा आदित्यसेनकी छोरीकी छोरी वत्सदेवीसित भएको थियो त प्रसिद्ध राजा जयदेवको विवाह गौड उड्र, कलिङ्ग र कोशलका राजा श्रीहर्षदेवकी छोरी भगदत्त राजाको वंशमा जन्मिएकी राज्यमतीसित भएको थियो । भारतका दूरस्थ इलाकाहरु तकको वर्णन यस अभिलेखमा आएबाट ती स्थान-हरुको राम्रो परिचय त्यस समय यहाँ रहेको सिद्ध छ ।

प्रस्तुत समय सेनहरुको अस्तित्व मगधमा भएको पनि यसले दर्शाएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

होमादिको उल्लेखले त्यस समय याज्ञिक कर्मकाण्डको उन्नति जानिन्छ ।

यसमा राजा जयदेवलाई परचक्रकाम भनी संज्ञा दिइएबाट यिनी एक पराक्रमी राजा रहेको औ आफ्नो गुणको वर्णन आफैंले गर्नु लाजलाग्दो भएकोले विद्वान् पण्डित रहेर पनि राजा जयदेवले खालि पाँच श्लोक लेखेको तथा बाँकी सम्पूर्ण श्लोक बुद्धकीर्तिले लेखेको भन्ने उल्लेखले यिनी एक ठूला कवि रहेको प्रामाण्य हुन्छ । यहाँ यो स्मरणीय छ कि राजा जयदेवका समसामयिक भारतीय कविहरु आत्मगुणको वर्णन गन चुक्तै नथे । यसको उदाहरणस्वरूप उत्तररामचरित नाटकका रचयिता महाकवि भवभूतिलाई लिन सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–१५६

[१ देखि ९ पंक्ति सम्म पढ्न नसकिने]

१०. ... ... पञ्च...
११. ... ... श्रवद ... ...
१२. ... ... मदुवे...
१३. ... ... धिकरण–ि र-
१४. ... ... दान... प्रयग ...
१५. ... ... दा ...ि नि...ि...
१६. त्त–र्ये ... स्य ... ... सं ...
१७.–प्र ... :प–ह ... शि ...ते ...
१८. त्र यथायुक्तविचारणीय – रणग ... दि ि...तत... दौ
१९. वारिकैर्यथायुक्तविचारणीय दश पण (पु) राणा ... मध्यकह–नि श्री पूर्व्वाधिकरणस्य देया
२० य.. वप पुत्रककार्येण श्री(पश्चि)माधिकरणस्य श्रीपूर्व्वाधिकरणस्य दक्षिणगत ..
२१. करणस्य चरण पुरो दौवारिकेणापि यथाशास्त्रानुगतं विचारणीयं ...
२२. क णेन .. ... भट्टाधिकारप्रभृतीनां सर्व्वाधिकाराणामप्रवेश-
२३. सीमनि समुपस्थितकार्याणां स्थान .. कार्याणां च स्वयं पाञ्चालिकानामेव न्यायावलोकनप–
२४. न–र्यकात्परि–ि र्यो कुस ... ... रि ... ...हारे–पणे प...
२५. कोदोलने पणपुराणाः पञ्च। निबन्धलंघने पणपुराणचतुष्टयम्। साक्षिनिर्देशे पणपुराण
२६. द्वयं सार्द्धं। मुद्रयाप्युद्गारे विंशतिपणाश्चात्रोपस्थितसाक्षिणां दण्डः पणशतचतुष्टयम्लिखित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२७. भावने पणशतम् । संप्रतिपत्तौ पणपुराणाः सद्विपणाः । श्री-श्रो पणपुराणाः पञ्चवि
२८. शतिः । अयत्तिकाङ्क्षा दशपणपुराणाः सार्द्धं च उत्तमकार्ये । मध्यमावरकायेषु च षट् पणपुराणाः
२९. सद्विपणाः सपणं पणपुराणत्रयमिति निर्णिणक्तव्यवहारभग्नस्य सपणं पुराणशतं पञ्चा ...
३०. ञ्चविंशतिश्च पणपुराणाः कल्पितो दण्डः । व्यवहारपरिनिष्ठितजातं द्रव्यस्य षड्भागं पाञ्चालिकानां दातव्यं
३१. यस्तु द्रव्यं न प्रयच्छेत्स्वस्थानवास्तव्यस्यान्यस्थानीयस्य च धारणकस्यात्रैव रोधोपरोधो भवेत् । यस्तु कुट्ट
३२. ष्टमिति कार्यमस्य ततो रोगमाचौ दौवारिकस्यावेदनीयं तेनापि श्रीमत्पादीयान्तरासनकरणे यथा
३३. मासं रोपणीयः । सगर्भनारीमरणे पणशतमेकम् । आत्मघातकानांच्छिष्टदत्ताघकलहमरणे
३४. दौवारिकस्यावेद्यं मृतशोधनम् । तदर्थमागतस्य तस्य सद्विपणाः षट् पणपुराणा देयाः । सत्तगोरूपवि –
३५ नाशे सपणपुराणत्रयं यथाधिकारिणां देयं । प्रासादरथचित्रणे सिन्द्रिरदौवारिकस्याशीतिः पण
३६. पुराणा देयाः । रथोत्तोलने प्रासादसंस्कारे च सर्व्वपरिच्छदने प्रतिवर्षं वेत्रदौवारिकस्याशीतिः पण-
३७. पुराणाः । एवञ्चेलकरस्य च षट् पणपुराणाः सद्विपणाः । २२ घटिका क्रये दौवारिकेण पञ्चभिः
३८. पणपुराणै देया । मण्डपीयात्रायां शाञ्चलपट्टयुगमुत्तमञ्च पञ्चाभरणकम् प्रतिवर्षं स्थानदौवा –
३९. रिकस्य पणपुराणसहस्रमेकं पाञ्चालिकैर्देयम् । ताम्रकुट्टशाला । मानेश्वर । शाम्भपुर । ह्मम्प्रिग ।
४०. पुठम्प्रिङ्ग । जमयम्बी पुंदट्टग्रामाणां द्रङ्गत्वमात्रमेव प्रसादीकृतमत्र शिलापट्टकोत्कीर्णाः श्रीस–
४१. (ह्वादि) प्रसादविशेषाः समादिष्टा इति । परिगतार्थैर्यथोपरिलिखितनियोगाधिकृतैस्तदधि–
४२. (कारिभिः)स्वव्यापारव्यपदेशेन मनसापि प्रसादातिक्रमसाह-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साध्यवसायी न कर्तव्य इत्यादि ज्ञा-
४३. (त्वा येन्य)थाकारिणस्तेषामतिदारुणं दण्डं पातयिष्यामो भावि-
भिरपि नराधिनाथैः पूर्व्वनृपक्ष-
४४. तप्रसादपालनपरैः प्रजाप्रमोददानज्ञैस्सुतरां न मर्षणीयास्तथा च
पालनानुशन्सा श्रू-
४५. यते । ये शीतांशुकरावदातचरिताः सम्यक्प्रजापालने नो जिह्माः
प्रथमावनीश्वरकृतां रक्षन्ति धर्म्यां स्थितिम्
४६. तेवज्ञाविजितारिचक्ररुचिरां संभुज्य राज्यश्रियं नाके शक्रसमान-
मानविभवास्तिष्ठन्ति धन्याश्चिरम् । सीमा
४७. चास्य स्थानस्योत्तरपूर्व्वस्यां दिशि अजिकाविहारपूर्व्वद्वाराद्र-
ङ्कण्ठको ततो दक्षिणाभिमुखेन महापथानु-
४८. सृत्य मणिनागग्राट्टिकस्योत्तरतो बृहद्ग्रामं यावत् ततोत्तरपश्चिमा-
भिमुखेन बलसोक्षिदेवकुलस्य दक्षि-
४९. णा तिरश्ची अनुसृत्य वोदविषय अरघट्टस्योत्तरेण मासानुसृत्य
पश्चि मा)भिमुखेन लंखुलं उट्टणि ततस्ता-
५०. -ट्टणकमनुसृत्य नडपटावाटिकामनुसृत्य पश्चिमाभिमुखेन महाप्र-
तिहारस्य गृहमण्डलस्य द-
५१. क्षिणस्य कण्ठानुसारेण महारथ्यायां स्तम्भितशिला ततस्तेन
रथ्यामूलस्य यद्दुद्वारं प्रविश्य पूर्व्वगृहोत्तरा-
५२. र्धभागमाक्रम्य दक्षिणगृहाग्रतः पश्चिममनुसृत्य द्वारगृहमण्डलं
प्रविश्य दक्षिणगृहमादाय पश्चिमक-
५३. च्छं लङ्घयित्वा यावीग्राममध्येन तवेचेखानुसारेण पश्चिमाभिमु-
खेन मार्गस्ततस्तन्मार्गेण उत्तरामुखा-
५४. नुसारेण छूमकुटी मार्गस्ततः पश्चिमाभिमुखेन परिक्रम्योत्तरामुख-
मनुसृत्य पोन्दिमण्डपिकासमी-
५५. पेन उडणेहुशस्ततस्तनपश्चिममवतीर्य ताम्रकुट्टशालागमनमार्गानु-
सारेण जम्रिखूसंक्रमाभिमुखेन
५६. ताम्रकुट्टशालालखमकस्ततोत्तराभिमुखेन मानेश्वरराजाङ्गणालीद-
क्षिणेन प्रे क्षणमण्डपीपृष्ठतः पूर्व्वो-
५७ त्तरं गत्वा पूर्व्वद्वारेण प्रविश्य राजाङ्गणमध्येन पश्चिमद्वारेण
त्तर गत्वा प्रवर्द्ध मानेश्वरस्याग्रतः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५८. पश्चिममार्गमनुसृत्य यावत्वोत्तरिनोकारितप्रणाल्यग्रतः – वि – य
मस्ता तद्दक्षिणेन साम्बपुर
५९. वाटिका(या)श्चार्धं ततः ... मार्गस्योत्तल्याः पश्चिम(म)नुसृत्य ...
दक्षिणमनुसृत्य दक्षिण–
६०. गामी पश्चिमद्वारेण .. जीववर्म्मविहारस्य दक्षिण–हद्वाटिकाया
दक्षिणाली
६१. पश्चिमा (तिल)मकादुत्तरपश्चिमेन .. .. मनुसृत्य कम्प्रोयम्त्री
६२. मार्गेणोत्तर – – भट्टारकप्रतिबद्धक्षेत्रखण्ड .. ... विहारभूमेः प–
६३. श्चिमाल्यावतीर्य – – बृहन्नदीमध्यानुसारेण ... मान – नतिभिर्हु डि-
खुमध्या–
६४. दुत्तरमनुसृत्य – दीपेका – ततो दक्षिणमार्ग ... ग्रामगामी मार्ग
६५. स्ततो .. ... थ मार्गानुसारेण विङ्त्रोचामण्डेपिपश्चिमे यकुरततो ...
स्वामिकार्ति–
६६. क .. करगोष्ठिभूमेः पूर्व्वत. तत्रैव सप्तमीगोष्ठिभूमेः पू(र्व) ... विहा-
रभूमेः
६७. पश्चिमालीमा .. रपाञ्चालिभूमेश्च पूर्व्वाली ततोनुसारेण श्रीतुकाण
.. पूर्व्वाली ततो
६८. नुसारेण तैत्तिरीशाखागोष्ठिभूमेः पश्चिमाली ततोनुसारेण पाकुशि
... मार्गदक्षिणा–
६९. नुसारेण अष्टा ... गर्त्त मेगस्ततः पूर्व्वानुसारेण कङ्कावत्तिखा ततो-
नुसा ..
७०. ..मार्गस्ततो नदीं प्रलंघ्य वातकुटीपूर्व्व रङ्कुटी प्रविश्य सर ... परि ...
...
७१. सारेण सामन्त ... गोष्ठिभूमेः पूर्व्वालीतिलमक
...
७२. पूर्व्वाली वतो ... ...
७३. –नुसारेण प ... ...

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–१५६

प्राप्तिस्थान–नक्साल नारायणचौरमा ठड्याइ राखेको शिलालेख

मिति–×

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–×

प्रशासनिक पद–(१) दौवारिक (२) बिन्दिर दौवारिक (३) वेत्र दौवारिक (४) स्थान दौवारिक (५) महाप्रतिहार

अड्डा–(१) श्रीपूर्व्वाधिकरण (२) श्रीपश्चिमाधिकरण

शिलापत्र राख्नुको उद्देश्य–राजाज्ञा जारी गरेको

शिलापत्र राख्नेको नाम–×

महानात्माहरुको समेत देवताहरुको नाम–(१) प्रवर्द्धमानेश्वर (२) स्वामीकार्तिक (३) मानेश्वर

विहार, मन्दिरको नाम–(१) अजिका विहार (२) जीववर्म विहार (३) वलसोक्षि देवकुल (मन्दिर)

धर्म, धार्मिक कार्य–×

कुनमा प्रकाशित–सिल्वां लेवीद्वारा २१ संख्या; आर. नोलीद्वारा LXXXIII संख्या; "पूर्णिमा"–१६ पूर्णाङ्क, प्रकाशक: संशोधन मण्डल

शिलापत्रको शीर्षचिन्ह–×

लिपि–ब्राह्मी

स्थान–(१) ताम्रकुट्टशाला (२) मानेश्वर (३) शाम्भपुर (४) हम्प्रिग (५) पुठम्प्रिग (६) जमयम्बी (७) पुदट्ट (८) मणिनागाट्टिका (९) लंखलं उट्टणे (१०) नडपटा वाटिका (११) यावीग्राम (१२) तन्नेखा (१३) छूमकुटी मार्ग (बाटोको नाम) (१४) पोन्दिमण्डपिका (१५) उडणेहुश (१६) जम्तिरम् (१७) प्रेक्षण मण्डपी (हेर्ने मण्डपी = डबली) (१८) हुडिखू (१९) विङ्वोचामण्डपी (२०) यङ्कु (२१) सप्तमी गोष्ठिभूमि (२२) तैत्तिरीशाखागोष्ठिभूमि (२३) कङ्कावत्तिका (२४) वातकुटी (२५) पङ्कुटी

संक्षिप्त विवरण–पूर्वाधिकरण र पश्चिमाधिकरण अड्डाहरुलाई पण र पुराण दौवारिकहरुले दिने कुरा प्रस्तुत शिलालेखमा उल्लेख गरिएको छ।

सबै अधिकरणहरुले पस्न नपाउने गरीकन आइपरेका कामहरु र ठाउँ–ठाउँका कामहरुको अभिभाराको अतिरिक्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

न्याय वितरण गर्ने अधिकार पाञ्चालिकहरुलाई सुपूर्द गरेको कुरा यहाँ वर्णित छ।

काम हेरीकन पण पुराणहरु दिने कुरा उल्लिखित हुनुको साथै विभिन्न अपराधहरुको निमित्त दण्डको रुपमा पनि पण पुराणहरु लिइने छ। मुद्दाहरु छिन्दा उठेका रकम मध्ये षष्ठांश पाञ्चालिकहरुलाई दिने कुरा पनि यहाँ परेको छ।

मुद्दाहरु छिन्दा चित्त नबुझेमा दौवारिककहाँ आवेदन गर्ने औ दौवारिकले पनि महिने पिच्छे राजाको भित्री इजलासमा जाहेर गर्नु अत्यावश्यक छ।

गर्भिणी मर्दाशय पण दिनु, आत्महत्या गरी मरेमा मुर्दा उठाउनाको लागि दौवारिकलाई आवेदन गर्नु औ त्यसको निमित्त दौवारिकलाई छः पण पुराण दिने व्यवस्था यहाँ उल्लेख गरिएको छ।

गाइ, साँढेहरु घाऊ लागेर मरेमा पणले सहित तीन पुराण दिनु, दरबारको रथ सजावटको लागि सिन्द्रिर दौवारिकलाई अस्सी पण र पुराण दिनु, दरबार सिंगानेलाई र छोना (सर्व परिच्छदन)हरु मरम्मत गर्न प्रतिवर्ष वेत्र दौवारिकलाई अस्सी पणपुराण दिनु, कपडा बनाउनेहरुलाई छः पणपुराण दिनु।

कैफियत– समस्त उत्तरप्राचीनकालीन अभिलेखहरुमा साँच्चै भन्ने हो भने तत्कालीन न्याय व्यवस्था माथि राम्रो प्रकाश पार्ने प्रस्तुत अभिलेखनै रहेको छ। तत्समय पाञ्चालीहरुलाई न्यायिक अधिकार प्रदान गरिएको थियो। पाञ्चाली एवं सरकारद्वारा गरिने न्याय सबैको लागि सुलभ होस् तथा त्यसमा एकरूपता आओस् भन्ने हेतुले तत्समय लिखित कानूनको व्यवस्था थियो। कानूनको अवहेलना गर्ने उपर दण्ड गरिन्थ्यो। स्मृति ग्रन्थहरुमा उत्तम साहस, मध्यम साहस, प्रथम साहस भनी तीन प्रकारका दण्ड वर्णन गरिएको यहाँ उत्तम काय, मध्यम काय, अवर काय गरी तीन किसिमका अपराधमा तीन भिन्न-भिन्नै दण्डको रकम तोकिएका छन्। दोषी साबित भै सकेपछि अभियुक्तले दण्डबाट उम्कने प्रयास गरेमा त्यसलाई कडा दण्ड दिइन्थ्यो। अपराधहरुका निमित्त दण्डको रूपमा उठाइने आर्थिक रकममध्ये षष्ठांश पाञ्चालिकहरुलाई प्राप्त हुने उल्लेखले पाञ्चालिकहरुका आर्थिक स्रोतका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्बन्धमा पनि केही ज्ञात हुन्छ । भो बाँकी रकम राजाको कुटीमा जान्थ्यो । यसैले बुझाउनु पर्ने रकम नबुझाएमा त्यसलाई छेकथुन गर्ने जस्ता अधिकार पनि पाञ्चालीलाई प्राप्त थियो । यसले तत्समय पाञ्चालीलाई प्रशासनिक अधिकार पनि प्राप्त रहेको कुरा थाहा हुन्छ ।

त्यस समय मुद्दा हेर्ने प्रक्रममा स्मृतिहरुमा वर्णन गरिए अनुरूप साक्षीको आवश्यकता महसुस गरिएको थियो । स्मृति ग्रन्थले साक्षी-द्वारा सत्य बोलिनु पर्ने कुरोमा जोर दिएझैं यहाँ पनि साक्षीले सत्य कुरो बोल्नु पर्ने औ साक्षीलाई सत्य बाहेक अन्य कुरो बोल्न लाउने चेष्टा गरेमा दण्ड गरिने कुरो वर्णित छ ।

प्रस्तुत अभिलेखको अध्ययनमा तत्समय पाञ्चालिकहरुको फैसलामा चित्त नबुझे दुतियाँहरु दौवारिक मार्फत परमासनमा उजूरी गर्न पाउँथे । लिच्छवि राजाहरु दुतियाँलाई रञ्जन गराउन खोज्ने हुँदा स्मृतिहरुमा वर्णित विधान अनुसार शासन गर्न भएर पाञ्चाली-हरुको फैसलामाथि असन्तोष जनाई आएको उजूरो एक महिना भित्र टुङ्गो लाउनु पर्ने नियम तिनीहरुले लागू गरेका थिए । यसरी त्यस समय न्याय दुतियाँलाई ज्यादै सुलभको साथै छिटो छरितो रहेको कुराको पनि पत्तो हुन्छ ।

झगडा गरी मरेमा, आत्महत्या गरी मरेमा प्रहरीद्वारा त्यसको छानबोन गराई सकेपछि मात्र सो लासलाई उठाउन पाइने हिजो आज प्रचलित नियमको प्राचीनता प्रस्तुत अभिलेखको अध्ययनमा प्रकटित हुन्छ । यस अभिलेखमा उक्त प्रकारसंग मरेकाहरुको दौवा-रिकद्वारा छानबीन भै सकेपछि मात्र उठाउन पाइने कुरो वर्णित छ ।

गर्भिणी आइमाईको मृत्यु भएमा दौवारिकलाई शय पुराण दिनु पर्ने कुरा वर्णित भएको छ । माथि पशुपति बज्रघरको अभिलेखमा पनि गर्भिणी आइमाईको मृत्यु हुँदा गर्भ झिक्नुको लागि सरकारलाई शय पण बुझाउनु पर्ने कुरा वर्णन गरिएको छ ।

घाइते गाईबस्तु मरेमा ३ पुराण ३ पण बुझाउनु पर्ने कुराको उल्लेखले तत्समय सरकार देशमा पशुपालन व्यवसायमा विशेष दिलचस्पी राख्ने भएर गाई बस्तुहरु राम्रो हेरचाह विना नमरुन् भन्ने कुरामा ज्याद सजग रहेको कुराको पत्तो हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तम कायमा दण्ड गर्दा अयक्षिकाङ्क पणपुराण दण्ड गर्ने कुराको उल्लेखले प्रस्तुत अभिलेखको प्रचारको समय उत्तरप्राचीन-कालीन नेपालमा मानाङ्क, गुणाङ्क नामक मुद्राहरु जस्तै अयक्षिकाङ्क नामक मुद्रा पनि प्रचलनमा आएको कुरा जानिन्छ। जसले तत्समयको मौद्रिक इतिहासको अध्ययनको लागि महत्वपूर्ण सामग्री प्रस्तुत गरेको छ। अयक्षिकाङ्क मुद्राको उल्लेखले मानाङ्क, गुणाङ्क मुद्राहरुको नामाकरण राजाहरुको नामानुसार राखिएको होइन भन्ने कुरालाई पुष्टी गरेको छ।

राजप्रासाद एवं राजप्रासादका रथ सिगार्ने कामको लागि विभिन्न दौवारिकहरुलाई केही रकम प्रदान गर्ने कुराको उल्लेखले तत्समय राजप्रासादको व्यवस्थाको लागि खास-ध्यान दिइएको कुराको पत्तो हुन्छ।

मण्डपी यात्रामा दुइटा असल पात वस्त्र, पांच गहना तथा एक हजार पणपुराण पाञ्चालिकहरुले स्थान दौवारिकलाई दिने भन्ने कुराको उल्लेखले यात्राहरुको सञ्चालन गर्ने कार्य पाञ्चालिक जस्ता स्थानीय संस्थाहरुको हातबाट झिकेर त्यस समय सरकार स्वयंलेनै गर्न लागेको आभास हुन्छ। यात्रादि देवताका कार्यहरुमा पात वस्त्र, गहना आदिको आवश्यकता अद्यापि रहेर प्रस्तुत अभिलेखले तिनीहरुको ऐतिहासिकतातिर स्पष्ट निर्देश गरेको छ।

विभिन्न ग्रामहरुलाई द्रङ्गमा परिणत गरेको उल्लेखले उत्तरप्राचीन-कालमा समय–समयमा देशका इलाकाहरुको पुनर्गठन एवं नयाँ-नयाँ द्रङ्गहरुको निर्माण गर्ने परम्परा चलेको बोध हुन्छ।

प्रस्तुत शिलालेखमा तैत्तिरी शाखा गोष्ठी भूमि भन्ने कुराको उल्लेखले त्यस समय नेपालमा तैत्तिरी विद्याको व्यापक प्रचारको अर्थ औपनिषदिक राजाहरुको दरबारमा गरिने दर्शन विषयक छलफलहरु सरी आध्यात्मिक छलफलहरु गर्न गोष्ठी कायम गरिएको थाहा दिन्छ। यस अभिलेखबाट पनि उत्तरप्राचीनकालमा कृष्ण यजुर्वेदीहरुको बहुतायत स्पष्ट रूपले यहाँ देखिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १५७

१. स्वस्ति श्रीमत्कैलासकूटभवना — -- - लिच्छविकुलाम्बरचन्द्र
२. भगवतपशुपतिभट्टारकपादानु (गृहीत) — — (महा)राजाधिराज परमेश्वर
३. श्रीजयदेवः कुशली — — — — जनपदलोकान् राज·
४. — — — — — — समाज्ञापयति
५. विदितम्भवतु भवतां — — — — सर्वदेव
६. — — — — — — — सर्वदा
७. — — — — — — — कर्ण
८. — — — — — — — —
९. — — — — — — — —
१०. भूमि ३० — — — — — —
११. भूमि ३० — — — — — — —
१२. मानिका — — — — — — —
१३. — — — — — — — —
१४. — — — — — — — —मा २०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–१५७
प्राप्तिस्थान–गोरखाको शिलालेख
मिति–×
राजा, दूतक वा कुमैंको नाम प्रशस्ति समेत–स्वस्ति श्रीमत्कैलासकूटभवना ... ..
लिच्छविकुलाम्बरचन्द्र भगवत्पशुपतिभट्टारकपादानु (गृहीत) (महा) राजाधिराज परमेश्वर श्रीजयदेवः
प्रशासनिक पद–×
धर्म, धार्मिक कार्य–×
शिलापत्र राख्नाको उद्देश्य–राजाज्ञा जारी गरेको
शिलापत्र राख्नेको नाम–महाराजाधिराज परमेश्वर श्रीजयदेवः
महात्माहरुको समेत देवताहरुको नाम–भगवत्पशुपति
विहार, मन्दिरको नाम–×
मुद्रा–×
कुनमा प्रकाशित–गोरखाको ऐतिहासिक सामग्री
शिलापत्रको शीर्षचिह्न–×
लिपि–ब्राह्मी
स्थान–×
संक्षिप्त विवरण–महाराजाधिराज परमेश्वरश्रीजयदेवले जानपदवासीहरुलाई कुशलमङ्गल सोधेर देवमन्दिरको व्यवस्था साथ भूमि प्रदान गरेको कुरा प्रस्तुत राजाज्ञामा वर्णित छ ।
कैफियत– प्रस्तुत अभिलेखका अक्षरहरु सारै नै बिग्रेको हुनाले यसमा उल्लिखित कुराहरु बारे ठीक–ठीक थाहा पाउन सकिएको छैन । तर, यसका बचेका केही अक्षरहरुले उत्तरप्राचीनकालीन नेपालको शासन व्यवस्था बारे महत्त्वपूर्ण जानकारी प्राप्त हुन्छ । यस अभिलेखमा जानपद शब्दको प्रयोग भएको छ जसले प्राचीनकालमा प्रचलित पौर जानपद व्यवस्थाको स्मरण गराउँछ । प्राचीनकालमा ठूला-ठूला साम्राज्यहरुको अन्तर्गत पनि अनेकौं जानपदहरु हुन्थे । साम्राज्यका अन्तर्गत यी जानपदहरुको शासन प्राचीन परम्परानुसार हुन्थ्यो । जानपदका धर्म कानून, व्यवहार र आचारलाई केन्द्रीय सरकार यथासि अक्षुण मात्र राख्तैनथ्ये, बल्कि तिनीहरुको ठीक-ठीक अनुसरण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरियुन भन्ने कुरामा पनि ध्यान दिन्थे । यी जानपदहरुबाट केन्द्रिय सरकार खालि कर उठाउँदथ्यो ।[१] जनपदको अन्तर्गत राजधानी स्वरूप एक नगर हुन्थ्यो जसलाई पुर भनिन्छ । जनपद (ग्राम) को शासन एक सभाद्वारा हुन्थ्यो जसलाई जानपदको संज्ञा दिइएको थियो जस्तो नगरको शासन पौर सभाद्वारा गरिन्थ्यो ।[२] शक रुद्रदामनले आफ्नो अभिलेखमा पौर जानपदको उल्लेख गरेको छ ।[३] प्रथम शताब्दी ई. पू. को हाथिगुम्फा अभिलेखमा खारवेलले पौर जानपद-हरुसित गरिएका अनुग्रहहरुको वर्णन गरेको छ ।[४] गोरखाको यस अभिलेखमा जानपद शब्दको प्रयोगले उत्तरप्राचीनकालीन नेपाल साम्राज्य अन्तर्गत अनेकौं जानपदहरुको अस्तित्त्व कायम भएको तिर इङ्गित गरेको छ । संवत् ४८ को ल. पु छिन्नमस्ताको अभिलेखको "समस्त पौरार्चितशासनो ... ..." पंक्तिमा पौर शब्दको पनि उल्लेख आएको छ ।

उत्तरप्राचीनकालीन नेपालका अभिलेखहरुको अध्ययनमा तत्समय यहाँ अनेकौं पाञ्चालीहरुको अस्तित्त्व कायम भएको कुरा जानिन्छ । ग्राम परिषद्हरुका नाम कहीं पाञ्चाली (पञ्चमण्डली) औ कहीं जानपदको रूपमा वर्णित छन् ।[५] गुप्तकालीन भारतमा पञ्चमण्डलीको अस्तित्त्व रहेको कुरा चन्द्रगुप्त द्वितीयको साँची शिलालेखबाट थाहा हुन्छ ।[६] बिभिन्न ग्राम परिषद् (जानपद)

१. हेर्नोस्–सत्यकेतु विद्यालंकार लिखित "भारतीय संस्कृति और उसका इतिहास" १९६८ ई., पृ. ३१३

२. हेर्नोस्–सत्यकेतु विद्यालंकार लिखित "भारतीय संस्कृति और उसका इतिहास" १९६८ ई., पृ. २५२

३. हेर्नोस्–डि. सि. सरकारद्वारा सम्पादित "सेलेक्ट इन्स्क्रिप्सन्स", १९६५ ई., पृ. १७६-१८०

४. हेर्नोस्–डि. सि. सरकारद्वारा सम्पादित "सेलेक्ट इन्स्क्रिप्सन्स", १९६५ ई., पृ. २१४-२१९

५. हेर्नोस्–अ. स. अल्टेकर लिखित "स्टेट अण्ड गवर्नमेन्ट इन अनशयण्ट इण्डिया" १९५८ ई., पृ. २२९

६. हेर्नोस्–डि. सि. सरकारद्वारा सम्पादित "सेलेक्ट इन्स्क्रिप्सन्स" कलकत्ता विश्व-विद्यालय, १९६५ ई., पृ. २८१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हरुका मुहरहरु असंख्य मात्रामा नालन्दामा पाइएका छन् । उक्त मुहरहरु सम्बन्धित ग्राम पाञ्चाली (जनपद) हरुसित सम्बद्ध थिए भन्ने कुरा तिनीहरुमा उत्कीर्ण अभिलेखहरुको अध्ययनमा जानिन्छ । उक्त मुहरहरुमा उत्कीर्ण अभिलेखहरु उदाहरणार्थ निम्न छन्– "पुरिकाग्रामजानपदस्य; वारकीयग्रामजानपदस्य; श्रीनालंदाप्रतिबद्धमंनयिकाग्रामजानपदस्य"[७]

उपरोक्त आधारहरुबाट उत्तरप्राचीनकालीन नेपालमा राजतन्त्र नैं कायम रहेको भए तापनि तत्समय नेपालका ग्राम या नगरको शासन कार्यमा स्थानीय जनताहरुले स्वायत्तताको उपभोग गर्न पाएका थिए भन्ने कुरा जानिन्छ । तत्समयका नेपालका अभिलेखहरुमा राजाहरुका सनदहरु पनि उत्कीर्ण छन् जसमा ग्राम पाञ्चाली आदि संस्थाहरुलाई स्थानीय इलाकाहरुको शासन कार्यको जिम्मा लगाएका थिए । यसले पनि उपरोक्त तर्कं कै समर्थन गर्दछ ।

प्रस्तुत अभिलेखमा राजाको प्रशस्तिस्वरूप परमेश्वर शब्दको प्रयोग भएको हुंदा राजाको दैविक सिद्धान्तले यहाँ जरो मजबूत पार्न लागेको कुराको संकेट दिन्छ ।

७. हेर्नोस्–अ. स. अल्टेकर लिखित "स्टेट अण्ड गवर्नमेन्ट इन अनशेयट इण्डिया" १९५८ ई., पृ. १५४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १५८

१. पौन् – .म् भिक्षुणी सु-क्या. ओ सदाया स्वयं (।)
२. दत्ता एषा शिलाद्रोण सत्वानां हितहेतवे ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.— १५८
प्राप्तिस्थान—ललितपुर वहिलि टोलस्थित अभिलेख
मिति—×
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत—×
प्रशासनिक पद—×
अड्डा—×
शिलापत्र राख्नाको उद्देश्य—जलधेनु निर्माण गरेको उपलक्षमा
शिलापत्र राख्नेको नाम—×
महानात्माहरुको समेत देवताहरुको नाम—×
विहार, मन्दिरको नाम—×
धर्म, धार्मिक कार्य—सकाम कर्म
कुनमा प्रकाशित—आर. नोलोद्वारा LXXXVI संख्या
शिलापत्रको शीर्षचिह्न—×
लिपि—ब्राह्मी
स्थान—×
संक्षिप्त विवरण—सत्त्वजनहरुको भलाईको लागि जन्हुं निर्माण गरेको कुरा प्रस्तुत शिलालेखमा वर्णन गरिएको छ।
कैफियत—प्ररतुत शिलालेखमा भिक्षुणी शव्द प्रयुक्त भएबाट भिक्षुणीहरुको यहाँ तत्समय अत्यधिकता रहेको जानिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १५६

१. स्वस्ति पर-कारण – – – – – – – – भगवतः [प्र]तिष्ठान
–स्ति परम् पुण्यमिति मत्वा भगवन्तं त्रैलोक्यगुरु[मू]
— — — —

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.– १५९

प्राप्तिस्थान–ल. पु. कुम्भेश्वरको अभिलेख

मिति–×

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–×

प्रशासनिक पद–×

अड्डा–×

शिलापत्र राख्नाको उद्देश्य–पुण्य प्राप्तिको लागि

शिलापत्र राख्नेको नाम–×

महानात्माहरुको समेत देवताहरुको नाम–×

बिहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–सकाम कर्म

कुनमा प्रकाशित- आर. नोलीद्वारा LXXXVIII संख्या

शिलापत्रको शीर्षचिह्न–×

लिपि–ब्राह्मी

स्थान–×

संक्षिप्त विवरण–पुण्य अभिवृद्धिको लागि तीनैं लोकका गुरु भगवान्‌को प्रतिष्ठापन गरेको वर्णन यहाँ गरिएको छ।

कैफियत- प्रस्तुत शिलालेखमा "भगवन्तम् त्रैलोक्यगुरु[म]" भनी उल्लेख गरिएबाट ईश्वर एक महान् शिक्षक छ भन्ने ऋग्वैदिक तथ्यको व्याप्ति प्रभाव उत्तरप्राचीनकालीन नेपालमा रहेको स्पष्ट हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १६०

(क)

(१) संवत् १७० कार्तिक ।

(२) ... .. दिवादशम्याम्

(३) ... ... णा

(४) ... ... णां

(ख)

(१) हिवाकरन दत्तम्

(२) हितम् धोलवास

(३) प्रदेशे महापथे

(४) दक्षिणस्य चुल्लंखूप

(५) छिम कलोपिग्राम (स्य)

(६) पाञ्चालिकाणाम्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.– १६०

प्राप्तिस्थान–ललितपुर मङ्गलवजारको अभिलेख

मिति–संवत् १७० कार्तिक ... ... दिवादशम्याम् ।

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–×

प्रशासनिक पद–×

अड्डा–×

शिलापत्र राख्नाको उद्देश्य–×

शिलापत्र राख्नेको नाम–×

महानात्माहरुको समेत देवताहरुको नाम–×

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–×

कुनमा प्रकाशित–"अभिलेख संग्रह" भाग ५, प्रकाशक: संशोधन मण्डल,

शिलापत्रको शीर्षचिह्न–×

लिपि–ब्राह्मी

स्थान–(१) धोलवास प्रदेश (२) चुल्लंखू (३) कलोपिग्राम पाञ्चालिक

संक्षिप्त विवरण–×

कैफियत–प्रस्तुत शिलालेखको अक्षर साह्रै बिग्री सकेकोले अर्थ स्पष्टसंग लाग्न नसकिने भएको छ । तर यो अभिलेख धारोको ढुङ्गे डूंडमैं उत्कीर्ण गरिएको हुंदा ढुङ्गे प्रामाणिक इतिहास पाहालिनुमा महती सहायक सिद्ध भएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १६१

१. — — – –१७२ दिवा — – — श्रीशिवदेव– –
लङ्खाग्रामनिवासि— — —रौ नश्य शुभमति किभस प्रति-
ष्ठापित— - प्रतिपालन– – —

२. — — — – देव— —ब्राह्मणस्य स्वामि-- — — —प्रद
— ण – — —.—महु श्रीभास्लच्चणभारितन. ।।
— — — — —

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–१६१

प्राप्तिस्थान–चाङ्गु नारायणस्थानको अभिलेख

मिति–... ... ... १७२ दिवा

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–श्रीशिवदेव

प्रशासनिक पद–×

अड्डा–×

शिलापत्र राख्नाको उद्देश्य–×

शिलापत्र राख्नेको नाम–×

महानात्माहरुको समेत देवताहरुको नाम–×

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–निष्कामकर्म

कुनमा प्रकाशित–आर. नोलीद्वारा LXXXIX संख्या

शिलापत्रको शीर्षचिन्ह–×

लिपि-ब्राह्मी

स्थान–लङ्खा ग्राम

संक्षिप्त विवरण–प्रस्तुत शिलालेखमा ब्राह्मणहरुका स्वामी चन्द्रमा (?) को प्रतिष्ठापन गरी त्यसको हेरचाहको लागि व्यवस्था बाँधेको प्रतीत हुन्छ ।

कैफियत– प्रस्तुत शिलालेखको अक्षर साह्रै नै बिग्रेकोले अर्थ राम्रोसंग खुल्न सकेको छैन । तर, यसमा ब्राह्मणस्य स्वामि भनी उल्लेख भएको कुराबाट त्यो देवता अरु कुनै नभै चन्द्रमा नै हुनु धेरै सम्भव छ । द्विजराजः शशधरो भनी अमरकोशमा स्पष्ट वर्णन भएकोले पनि यसको समर्थन हुन्छ । काम्बुजको एक अभिलेख पनि उक्त कुराको पुष्टिमा सहायक सिद्ध भएको छ । अभिलेखको आशय यस प्रकार छ– "उनी श्रीभववर्माकी बहिनी तथा श्रीवीरवर्माकी पुत्री थिइन्, जो आफ्ना पती र धर्मको भक्तिमा दोश्रो अरुन्धती थिइन् । तिनै हिरण्यवर्माकी मातालाई, जसले पत्नीको रूपमा ग्रहण गरे, त्यस ब्राह्मणहरुमा सोमसमान स्वामी ... ... सामवेदवित् अग्रणी श्रीसोमशर्माले पूजाविधि र अतुलदानका साथ सूर्य र त्रिभुवनेश्वरको प्रतिष्ठा गरे । प्रतिदिन अखण्ड पाठकालागि तिनले रामायण र पुराणका साथ सम्पूर्ण (महा)भारतलाई प्रदान गरे ।" यसरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रस्तुत अभिलेख उत्तरप्राचीनकालीन नेपालमा चन्द्रमाका पूजाको बारे थाहा लिने महत्त्वपूर्ण सामग्री स्वरूप छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १६२

१. ॐ संवत् १७२ आषाढशुक्लदिवाद्वादश्याङ्कादलकग्रामे श्रीहेतुजीव
-पति श्रीवस्त्रमित्र -

२. श्रीदेव ''' '''श्रीधरमित्र श्रीध्रुवमित्र श्रीसोममित्र श्री''' '''
श्रीजयदेव

३. श्रीनारायण-प्रभृतिभिः स्वपुण्याभिवृद्धये श्रीभगवद्नारायणदेवः
प्रतिष्ठा''' '''

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–१६२
प्राप्तिस्थान–नारायणमूर्तिको पादपीठ अभिलेख
मिति–संवत् १७२ आषाढशुक्लदिवाद्वादशी
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) श्रीहेतुजीव (२) श्रीवस्त्रमित्र (३) श्रीदेव''' (४) श्रीधरमित्र (५) श्रीध्रुवमित्त्र (६) श्रीसोम-मित्त्र (७) श्रीजयदेव (८) श्री-नारायण
प्रशासनिक पद–×
धर्म, धार्मिक कार्य–वैष्णव धर्म, सकाम कर्म
शिलापत्र राख्नाको उद्देश्य–आफ्नो पुण्य वृद्धिको लागि
शिलापत्र राख्नेको नाम–(१) श्रीहेतुजीव (२) श्रीवस्त्रमित्त्र (३) श्रीदेव''' (४) श्रीधरमित्त्र (५) श्रीध्रुवमित्त्र (६) श्रीसोम-मित्त्र (७) श्रीजयदेव (८) श्रीनारायण
महानात्माहरुको समेत देवताहरुको नाम–श्रीभगवद्नारायणदेवः
विहार, मन्दिरको नाम–×
अड्डा–×
कुनमा प्रकाशित–"आर्काइभ्ज अव एशियन आर्ट"–१९७१।७२
शिलापत्रको शीर्षचिह्न–×
लिपि–ब्राह्मी
स्थान–कादलक ग्राम
संक्षिप्त विवरण–कादलक ग्राममा आफ्नो पुण्य वृद्धिको लागि श्रीभगवद्नारायण देवको मूर्ति प्रतिष्ठापन गरेको कुरा प्रस्तुत अभिलेखमा वर्णित छ।
कैफियत–श्रीप्रतापादित्यपालले यस अभिलेखको चित्र प्रतिलिपि "आर्काइभ्ज अव एशियन आर्ट"मा प्रकाशित गरेको छ। यो अभिलेख श्रीभगवान् नारायणको ढलौटे मूर्तिको पादपीठमा कुँदिएको हुँदा उत्तरप्राचीन-कालीन नेपालका धातु मूर्तिकलाको अध्ययनमा सहायक स्वरूप छ। अहिले सम्मन् प्राप्त नेपालका प्राचीन धातु मूर्तिहरुमध्ये साँखु वज्रयोगिनीस्थित सुनको मोलमा लाएको बुद्ध मूर्ति सर्वप्राचीन प्रतीत हुन्छ। यो मूर्ति अनुमानतः सातौं शताब्दी ई. को छ। अनु-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानित नवौं, दशौं शताब्दी ई. को धातुको अर्को एक बुद्ध मूर्ति पनि त्यहींनें थियो जुन हिजो आज नेपाल म्यूजियममा राखिएको छ। धातुका बौद्ध मूर्तिहरु शैव एवं वैष्णव मूर्तिहरुको अनुपातमा प्रचूर मात्रामा छन्। वैष्णव मूर्तिहरुमा दस हात भएको एक प्राचीन विष्णु मूर्ति बोस्टन म्यूजियममा राखिएको छ। यो मूर्तिलाई नवौं, दशौं शताब्दी ई. का मानेका छन्। यसभन्दा पुराना वैष्णव मूर्तिहरु विशेषतः पाइएका थिएनन्। जुन अभावलाई प्रस्तुत अभिलेखयुत आठौं शताब्दी ई. को विष्णुमूर्तिले पूर्ति गरेको छ। सम्भवतः आज सम्मन् प्राप्त मिति समेत भएका नेपालका धातु मूर्तिहरुमध्ये यो अभिलेखयुत विष्णुमूर्ति सर्वप्राचीन ठहरिन्छ। यसरी नेपाली धातु-मूर्तिकलाको इतिहासमा अभिलेख सहितको यो विष्णुमूर्तिको महत्त्व-पूर्ण स्थान रहेको कुरा स्वीकार्न सकिन्छ। तर, अफशोच, श्री पालले यो मूर्तिको प्राप्ति स्थलको कुनै उल्लेख गरेको छैन जुन खट्किने भएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १६३

१. प्रभवा (हे)तुं तेषां तथागतो ह्यव — — —

२. — — एवंवादी महाश्रमणः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–१६३

प्राप्तिस्थान–ल. पु. त्यागलस्थित चैत्यको अभिलेख

मिति–×

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–×

प्रशासनिक पद–×

अड्डा–×

शिलापत्र राख्नाको उद्देश्य–×

शिलापत्र राख्नेको नाम–×

महानात्माहरुको समेत देवताहरुको नाम–तथागत

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–बौद्धधर्म

कुनमा प्रकाशित–मित्रवर श्रीहेमराज शाक्यको सौजन्यबाट

शिलापत्रको शीर्षचिन्ह–×

लिपि–ब्राह्मी

स्थान–×

संक्षिप्त विवरण–जत्ति पनि धर्म यस संसारमा छ ती सबै हेतुको उपज रही त्यसको निरोध पनि सम्भव रहेको तथ्य प्रस्तुत शिलाभिलेखमा वर्णन गरिएको छ ।

कैफियत–प्रस्तुत शिलाभिलेखको धर्म, तिनको हेतु औ निरोधको उल्लेखमा बौद्धधर्म एवं दर्शनको निचोड स्पष्ट झल्किन्छ । यहीन कारण छ छोटोनै भए पनि यो रचना ज्यादै विख्यात रहेको छ, महायान बौद्ध धर्मले यसलाई आत्मसात नै गरेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १६४

१. श्रीगणदे(व) ·· ··· ··· ··· ··· ··· ·· विष्णुवर्म्मा श्र-
२ द्धया जलद्रोणि··· ··· ··· ··· ·· मातापितृपूर्वङ्गमं कृत्वा
३. सकलसत्त्वपुण्याभिवृद्धये··· ··· ··· ··· ··· ··· ···
४. कल्पयति ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–१६४

प्राप्तिस्थान–ल. पु. गाबहालस्थित जलद्रोणीको अभिलेख

मिति–×

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–विष्णुवर्म्मा

प्रशासनिक पद–×

मुद्रा–×

शिलापत्र राख्नाको उद्देश्य–आमा बाबु लगायत सम्पूर्ण प्राणीको पुण्य वृद्धिको कामना

शिलापत्र राख्नेको नाम–विष्णुवर्म्मा

महानात्माहरुको समेत देवताहरुको नाम–श्रीगणदेव

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–हिन्दुधर्म, सकाम कर्म

कुनमा प्रकाशित–एपिग्राफिक सर्भे रिपोर्ट

शिलापत्रको शीर्षचिह्न–×

लिपि–ब्राह्मी

स्थान–×

संक्षिप्त विवरण–श्रीगणदेवमा श्रद्धा भक्ति राखी विष्णुवर्माले आमा बाबु लगायत सम्पूर्ण प्राणीको पुण्य वृद्धिको कामना साथ जलद्रोणी निर्माण गरेको कुरा प्रस्तुत अभिलेखमा वर्णित छ ।

कैफियत–उत्तरप्राचीनकालीन अभिलेखहरुमा सम्भवतः श्रीगणदेव (गणेश)को उल्लेख सर्वप्रथम प्रस्तुत अभिलेखमैं आएको छ । नेपालमा अहिले सम्मन् प्राप्त मूर्तिहरुमा गणेशको सर्वप्राचीन मूर्ति ल. पु. नःवहिल कोतलाछेंस्थित गणेशको मूर्ति रहेको छ । उक्त मूर्ति अनुमानित नवौं शताब्दी ई. को छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १६५

१. ··· ··· ··· ··· आषाढकृष्णसप्तम्याम् ··· ··· ··· ···
२. राजपरमेश्वरश्रीमानदेवराज्ये । ··· ··· ··· ··· ··· ···
३. ··· ··· ··· ··· ··· ··· ··· ··· ··· ··· ···
४. ··· ··· ··· ··· ··· ··· ··· ··· ··· ···

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भिलेख नं.–१६५
प्राप्तिस्थान–काठमाण्डू मखनटोल तानाबहालस्थित पादपीठलेख
मिति ''' ''' आषाढकृष्णसप्तम्याम्
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–''' '' राजपरमेश्वरश्रीमानदेव
प्रशासनिक पद–×
अड्डा–×
शिलापत्र राख्नाको उद्देश्य–×
शिलापत्र राख्नेको नाम–×
महानात्माहरुको समेत देवताहरुको नाम–×
विहार, मन्दिरको नाम–×
धर्म, धार्मिक कार्य–×
कुनमा प्रकाशित–कान्तिपुर शिलालेख सूची
शिलापत्रको शीर्षचिह्न–×
लिपि–ब्राह्मी
स्थान–×
संक्षिप्त विवरण–×
कैफियत–प्रस्तुत अभिलेखको अक्षर साह्रै नै बिग्रेको हुनाले यसमा वर्णित कुरो स्पष्टसंग थाहा हुन सकेको छैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १६६

१. ... लोकोत्तर ... ह षिगद्धराग ... कविकं ... महाभैरव-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–१६६
प्राप्तिस्थान–पशुपति क्याम्पभित्रको डबलीस्थित शिलाभिलेख
मिति–×
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–×
प्रशासनिक पद–×
अड्डा–×
शिलापत्र राख्नाको उद्देश्य–×
शिलापत्र राख्नेको नाम–×
महानात्माहरुको समेत देवताहरुको नाम–महाभैरव
विहार, मन्दिरको नाम–×
धर्म, धार्मिक कार्य–शैवधर्म
कुनमा प्रकाशित–कान्तिपुर शिलालेख सूची
शिलापत्रको शीर्षचिह्न–×
लिपि–ब्राह्मी
स्थान–×
संक्षिप्त विवरण–×
कैफियत–प्रस्तुत अभिलेखका अक्षर साह्रै नै बिग्रेको हुनाले यसमा वर्णित कुरोको यकीनन् जानकारी प्राप्त हुन सकेको छैन। तर, यहाँ महाभैरव शब्दको प्रयोग भएको छ जसले शैवधर्मसित यस अभिलेखको सम्बन्ध रहेको कुराको परिचय मिल्छ। शिवपुराण अनुसार शिवको पूर्ण रूप भैरव हो। पाँचौं शताब्दी ई. को चम्मक ताम्रपत्राभिलेखमा स्वामिमहाभैरवको वर्णन आएको छ। यसै तथ्यको सन्दर्भमा यस अभिलेखस्थित महाभैरव शब्दलाई लिन सकिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १६७

१. ॐ एतङ्गमलह्वग्वले प्रतिवसं (स्थ) धर्मजीवः स्वयम् प्राकाशीद्वलो-
किलेश ममलम्पाषाणमत्यद्भुतम् ।

२, सत्वानामविकल्पमुत्पथ सताम्प्राज्ञाद्भवितात्मनाम् संसारान्त्रिमल-
श्वकारगहनान्निर्मुक्तये सर्वदा ॥

३. राज्ये श्रीमानदेवस्य वर्षेशीत्युत्तरेशते । माघकृष्णद्वितीयायाम्प्रति-
ष्ठास्य गुणोदधेः ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–१६७

प्राप्तिस्थान– ल. पु. यङ्गुवहालस्थित अवलोकितेश्वरको पादपीठको अभिलेख

मिति–वर्षेशीत्युत्तरेशते माघकृष्णद्वितीयायाम् [संवत् १८० माघकृष्णद्वितीया]

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–(१) श्रीमानदेव (२) धर्मजीवः

प्रशासनिक पद–×

अड्डा–×

शिलापत्र राख्नाको उद्देश्य–सम्पूर्ण प्राणीको हीत होस्

शिलापत्र राख्नेको नाम–धर्मजीवः

महानात्माहरुको समेत देवताहरुको नाम–अवलोकितेश

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–बौद्धधर्म, सकाम कर्म

कुनमा प्रकाशित–डा. डि. आर. रेग्मीकृत "मेदिएवल नेपाल" भाग ३; श्री हेमराज शाक्यद्वारा संपादित "अभिलेख प्रकाश", करुणा प्रकाशन, १९६९

शिलापत्रको शीर्षचिह्न–×

लिपि–ब्राह्मी

स्थान–एतङ्गमलह्गवल

संक्षिप्त विवरण–राजा श्रीमानदेवको राज्यकालमा एतङ्गमलह्गवल बस्ने धर्मजीव आफैले त्रिमल (काम, क्रोध, लोभ) ले युक्त गहन संसारबाट दुःखित भएका प्राणीहरुको उद्धार गर्नको निमित्त अग्लो शिलाको अवलोकितेशको मूर्ति बनाउन लगाएको कुरा प्रस्तुत शिलालेखमा वर्णित छ ।

कैफियत–प्रस्तुत शिलालेखबाट त्यस समय अवलोकितेश्वरको महिमाको व्यापक प्रचार रहेको बोध हुन्छ । फेरि यहाँ त्रिमलश्चकारको उल्लेख आएबाट प्राणीहरुको मोक्षको मार्गमा सबभन्दा ठूलो बाधा काम, क्रोध, लोभनै रहेको तथ्य जानिन्छ ।

यस अभिलेखले तत्समय मानिसहरुमा आत्मज्ञान तिर अत्यधिक मात्रामा झुकाव रहेको कुरा दर्शाउँदै तिनीहरुमा सर्वजनहितायको भावना यथेष्ट मात्रामा रहेको थाहा हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १६८

१. ॐ संवत् १८७ माघशुक्लदिवा ५ पुण्याधारे जरें श्रीपंकेश

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–१६८
प्राप्तिस्थान–ल. पु. सुवहालस्थित जलद्रोणीको अभिलेख
मिति–ॐ संवत् १८७ माघशुक्लदिवा ५
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–×
प्रशासनिक पद–×
मुद्रा–×
शिलापत्र राख्नाको उद्देश्य–पुण्य प्राप्ति होस्
शिलापत्र राख्नेको नाम–×
महात्माहरुको समेत देवताहरुको नाम–श्रीपंकेश
विहार, मन्दिरको नाम–×
धर्म, धार्मिक कार्य–सकाम कर्म
जमा प्रकाशित–"अभिलेख संग्रह" भाग ९, प्रकाशकः संशोधन मण्डल
शिलापत्रको शीर्षचिह्न–×
लिपि–ब्राह्मी
दान–×
संक्षिप्त विवरण–पुण्यको आधारस्वरूप नारायण जलरूप (जलह्रद = जरों = जःहुं) मा भन्ने वर्णन छ ।

कैफियत–प्रस्तुत शिलालेखमा जरें शब्द प्रयुक्त भएको छ । नेवारी भाषामा जलह्रदलाई जःहुं भनिन्छ । यसरी नेवारी भाषाका शब्दहरुको प्रयोग पांचौं शताब्दी ई. को आरम्भदेखि नैं क्रमिक रूपले यहाँ हुँदै गरेको प्रमाणित भएर नेवारी भाषाको त्यस समय उन्नतावस्था नैं जानिन्छ ।

प्रस्तुत अभिलेखमा "पुण्याधारे जरें श्रीपंकेश" भनी उल्लेख गरिएबाट पृथिवी, वायु, आकाश, अप, ज्योति आदि पञ्चतत्त्वहरु मध्ये जललाई उत्तरप्राचीनकालीन नेपालमा विष्णुस्वरूप मानिएको कुरा सिद्ध छ । विष्णुलाई विश्वाधारको रूपमा मानिएको औ तिनको एक नाम नारायण पनि हुंदा उक्त तथ्यको प्रमाणीकरणमा अरू सहायक भएको छ ।

अर्को, पुण्यको आधारस्वरूप जलह्रद भनिएबाट षोडश महादानहरु[१] मध्ये जलदानलाई पुण्य प्राप्तिको दृष्टिकोणले सबभन्दा बढी

---

[१] षोडश महादानका नाम निम्न छन्–
(१) तुलापुरुष (२) हिरण्यगर्भ (३) ब्रह्माण्ड (४) कल्पवृक्ष (५) गोसहस्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महत्त्व प्रदान गरिएको छ।

(६) कामधेनु (७) हिरण्याश्व (८) हिरण्याश्वरथ (९) हेमहस्तिरथ (१०) पंचलाङ्गस (११) धरादान (१२) विश्वचक्र (१३) कल्पलता (१४) सप्तसागर (१५) रत्नधेनु (१६) महाभूतघट

—मत्स्यपुराण, अध्याय २७४–२८९; अग्निपुराण, अध्याय २१०; लिङ्गपुराण, अध्याय २८.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १६६

१. परमस्वामिनः
२. ॐ संवत् १६४ पशुपतिभट्टारकः
३. चन्द्रेश्वरकारिकमितिः णाप(य ?)कः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–१६९

प्राप्तिस्थान–सीतापाइला डांडोस्थित ठूलो शिलामा कुँदिएको अभिलेख

मिति–संवत् १९४

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–चन्द्रेश्वर

प्रशासनिक पद–X

धर्म, धार्मिक कार्य–शैवधर्म

शिलापत्र राख्नाको उद्देश्य–पशुपतिभट्टारकको लागि कुनै कुरो निर्माण गरेको उपलक्षमा

शिलापत्र राख्नेको नाम–चन्द्रेश्वर

महानात्माहरुको समेत देवताहरुको नाम–परमस्वामिनः पशुपतिभट्टारकः

विहार, मन्दिरको नाम–X

कुनमा प्रकाशित–आर. नोली द्वारा

स्थान–X

संक्षिप्त विवरण–परमस्वामि श्रीपशुपति भट्टारककोलागि चन्द्रेश्वरले कुनै कुरो निर्माण गराउन लगाएको कुरा प्रस्तुत शिलाभिलेखमा उल्लेख गरिएको छ।

कैफियत– प्रस्तुत अभिलेखका जम्मा खालि ३ पंक्ति छन्। उक्त ३ पंक्तिमा पनि लिपिको बिभिन्नता देखिएको छ। यसको पहिलो पंक्ति ब्राह्मीको तेस्रो रूपको छ जबकि दोश्रो औ तेश्रो पंक्ति चौथो रूपका छन्। यसरी उत्तरप्राचीनकालदेखि नै यहाँ एउटै अभिलेखमा पनि बिभिन्न लिपि समाविष्ट गर्ने प्रचलन चलेको कुरा बुझिन्छ।

बिभिन्न कालको प्रतिनिधित्व गर्ने लिपिको प्रयोग भएको हुनाले प्रस्तुत अभिलेख एउटै समयको हो भनी स्वीकार गर्न नसकिने स्पष्ट छ। तर, छैठौं शताब्दी ई. देखिनै थानकोट भेकमा सीटातिकातल द्रङ्ग कायम भै घना बस्ती बसेको त्यहाँ प्रचुर अभिलेखहरुको प्राप्तिले स्पष्ट दर्शाएको थियो। यसैले उक्त शताब्दी ई. मा परमस्वामिनः भनेर मात्र उत्कीर्ण गरी त्यसै छोडेको शिलामा पछि अन्य बाँकी पदहरु पनि समाविष्ट गरी सो शिलालेख राखेको कुराको अनुमान हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १७०

१. [श्री] प्र द्यु म प्रा ण स्य की र्तिः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–१७०

प्राप्तिस्थान–भुवनेश्वर मन्दिरको उत्तर पूर्वस्थित देवपाटनको अभिलेख

मिति–×

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–श्रीप्रद्युमप्राण

प्रशासनिक पद–×

अड्डा–×

शिलापत्र राख्नाको उद्देश्य–×

शिलापत्र राख्नेको नाम–×

महानात्माहरुको समेत देवताहरुको नाम–×

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–×

कुनमा प्रकाशित–श्रीहेमराज शाक्यद्वारा संपादित "अभिलेख प्रकाश", करुणा प्रकाशन, १९६९

शिलापत्रको शीर्षचिह्न–×

लिपि–ब्राह्मी

स्थान–×

संक्षिप्त विवरण–श्रीप्रद्युम प्राणको कीर्त्ति भनी प्रस्तुत एक पंक्तिको शिलाभिलेखमा वर्णन गरिएको छ।

कैफियत–उत्तरप्राचीनकालीन भवनहरुको पत्तो अहिले सम्म हुन सकेको छैन। त्यस समयको भवन निर्माण बारे थाहा लिने खास महत्वपूर्ण सामग्री आजतक चीनी रिकार्डनैं रहेको छ। सो बाहेक अरु कुनै सामग्रीले पनि विशेषतः त्यसबारे थाहा दिन सकिएको छैन। तर प्रस्तुत एक पंक्तिको शिलाभिलेख कुनै एक प्रासादको अंश स्वरूप रहेको शिलामैं उत्कीर्ण गरिएको पाइएबाट उत्तरप्राचीनकालीन भवन निर्माणबारे थाहा लिन ठूलो सहायता मिलेको छ, यो निर्विवाद सत्य छ। यसरी प्रस्तुत शिलाभिलेखले उत्तरप्राचीन समयको प्रासादबारे यकिन जानकारीको लागि पुरातात्त्विक सामग्री प्रदान गर्नें कार्यमा पहल गरेको जानिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १७१

१. ॐ अभय श्री
२. ये धर्मा श्रीश्र हेतुप्र
३. भवाहे शोक तुतेषा
४. तथागतो ह्यव(द)
५. तेषां च यो नि [रो]
६. ध एवं वा दी महा
७. श्रमणः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं.–१७१

प्राप्तिस्थान–जुम्लास्थित मृन्मय चैत्यको अभिलेख

मिति–×

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत–×

प्रशासनिक पद–×

अड्डा–×

शिलापत्र राख्नाको उद्देश्य–×

शिलापत्र राख्नेको नाम–×

महानात्माहरुको समेत देवताहरुको नाम–(१) तथागत (२) महाश्रमणः

विहार, मन्दिरको नाम–×

धर्म, धार्मिक कार्य–बौद्धधर्म

कुनमा प्रकाशित–श्रीहेमराज शाक्यद्वारा संपादित "अभिलेख प्रकाश" करुणा प्रकाशन, १९६९

शिलापत्रको शीर्षचिह्न–×

लिपि–ब्राह्मी

स्थान–×

संक्षिप्त विवरण–जत्ति पनि धर्म यस संसारमा छन् ती सबै हेतुको उपज रही त्यसको निरोध पनि सम्भव रहेको तथ्य प्रस्तुत शिलालेखमा वर्णन गरिएको छ।

कैफियत–प्रस्तुत शिलाभिलेखको धर्म, तिनको हेतु औ निरोधको उल्लेखमा बौद्ध धर्म एवं दर्शनको निचोड स्पष्ट झल्किन्छ। यही नै कारण छ छोटो नैं भए पनि यो रचना ज्यादै विख्यात रहेको छ, महायान बौद्ध धर्मले यसलाई आत्मसात्नैं गरेको छ।

प्रस्तुत एकश्लोकी प्रज्ञापारमिताको अन्तरमा अभय, श्री तथा श्रीअशोक आदि शब्दहरु उल्लिखित भएकोमा खास तवरले दुई सम्भावनाहरु रहेको हुनु धेरै सम्भव छ–यात तिनीहरु व्यक्तिका नाम स्वरूप छन् या तिनीहरु निर्व्वाण प्राप्त व्यक्तिको अवस्था वोध गर्दछन्। पद्य रचनाहरुमा खास गरी व्यक्तिको नाम पनि समावेश गर्ने चलन पहिले देखि चल्दै आएको छ। संवत् ४७२ को हाँडिगाउँको शिलालेख तथा भ. पु. दरवारस्थित कुमारी चोकको जितामित्र मल्लको शिलाभिलेखको निम्न पद्यांशमा उक्त कुराको यथार्थता स्पष्ट रूपले जानिन्छ।-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"तेनैवमाद्विगुणराशिसमन्वितेन श्रीमानवेवनृपतेर्दुहितुस्सुतेन
सुस्वादुशीतलविशुद्धजलाभिरामा कीर्तिः कृतेयमिह भारविना
(णा)न[वीना]"

—हाँडिगाउँको शिलालेख

"विनयनयमतिविनतिगोचर जननि तुअ पद अंबिके,
नृपजितामित्रभावभाषित भारतीपद चंडिके ॥"

—भक्तपुरको शिलालेख

यहाँनेर यस तथ्यलाई बिर्सनु छैन कि विशेषतः पद्य रचनाहरुमा समाविष्ट व्यक्तिका नामहरु त्यसैको अंशस्वरूप भएका हुन्छन्, तिनबाट तिनीहरुलाई पृथक् गराउन सकिदैन । तर यहाँ यसका वितरीत ती शब्दहरुको प्रयोग भएको देखिन्छ । यसरी ती शब्दहरु व्यक्तिको नामको रूपमा नरहेको स्पष्ट छ । यहाँ अभय, श्री, श्रीअशोक आदि शब्दहरु व्यक्तिको निर्वाण प्राप्तिको अवस्थाको द्योतक स्वरूप प्रयोग भएका छन् । कार्य, कारण औ निरोधको यथार्थ ज्ञानमैं वास्तविक रूपले अभय, ऐश्वर्य तथा आनन्द अवस्थित रहेर हिन्दुधर्मको सत्, चित्, आनन्दको अनुरूप निर्वाण (मोक्ष)को अवस्था यहाँ सांचो मानेमा व्यक्त भएको प्रतीत हुन्छ । अभिलेख कुँडिएको यस सानो मृन्मय चैत्यमा भगवान् बुद्धका सम्मुख सिंढीको आकृति पनि कुँडेको देखाइएबाट सोही तथ्यको यकीन जानकारी मिल्दछ । अनि प्रस्तुत पद्याभिलेखमा उक्त शब्दहरुको प्रयोग भएबाट यसले यस दिशामा एक प्रकारले विशेष स्थान ओगटेको जानिन्छ । किनकि नेपाल एवं बाह्य एशियाली देश—वर्मा, मलेशिया आदिहरुमा उत्कीर्ण गरिएका उक्त एकश्लोकी प्रज्ञापारमिताका अभिलेखहरुमा त्यसरी कुनै शब्दहरु समाविष्ट गरिएको देखिएको छैन ।

पुनश्चः यहाँ उल्लिखित ह्यवदत् शब्दको प्रयोग कहिं–कहिं आह शब्दको रूपमा औ कहिं सो सर्वथा लोपनै गरी उक्त प्रकारका अभिलेखहरुमा उत्कीर्ण गरिएका छन् । उदाहरणार्थ वर्मा तथा मलेशियाका निम्न अभिलेखहरुलाई प्रस्तुत गर्न सकिन्छ ।–

"ये धम्मा हेतु-पभवा तेस (') हेतु तथागतो आह (।)
तेसञ्च यो निरोधो एवं-वादि महासमनो ति (॥)"

—वर्माको अभिलेख

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"ये धर्म्मा हेतु-प्रभवा तेषा (ं) हेतु (ं) तथागतो (।)
तेषा(ं)च यो निरोध एव(ं)वादी महाश्रमण(:)(।।)"

— मलेशियाको अभिलेख

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेख नं. १७२

१. ॐ भक्त्या विष्णोः समुद्दिश्य ... ...
२. आषाढकृष्णसप्तम्याम् दत्तं अमृतवर्मणा
